
# नेपालका नेवारहरू

## पहिचान र पृष्ठभूमि

डा. तुलसी नारायण श्रेष्ठ



रवि शाक्य, इखाछैं, यल

# नेपालका नेवारहरू
## पहिचान र पृष्ठभूमि

डा. तुलसी नारायण श्रेष्ठ

अनुसन्धान तथा विकास संस्था (IFRD)
काठमाडौं, नेपाल

**पहिलो संस्करण** : २०६६ (२०१०)

**प्रकाशक** : अनुसन्धान तथा विकास संस्था (Institute for Research and Development, IFRD)

© : सर्वाधिकार लेखकमा सुरक्षित

**मुद्रण** : मोर्डन प्रिटिङ प्रेस, कान्तिपथ, काठमाडौं

**Note :**
All rights reserved. No part of this book may be reproduced or transmitted or translated in any form or by any means, electronic or mechanical including photocopying, recording or any information storage and retrieval system without permission in writing from the author. However, a reviewer or writer may refer or quote brief passage for his or her purpose with acknowledgement.

# भूमिका

हुन त म समाजशास्त्रको विद्यार्थी होइन र वर्तमान अवस्थामा पनि समाजशास्त्रको विषयवस्तुको बारेमा अध्ययन गर्नुपर्छ भन्ने सोच अहिलेसम्म पनि म मा यथेष्टमात्रामा आइसकेको छैन । वास्तवमा मैले हालसम्म अध्ययन गर्दै आएको विषय भनेको नै सार्वजानिक प्रशासन हो । मैले सो विषयमा नै पि.एच.डी. गरेको हुँ र सोही विषय सम्बन्धी नै पुस्तक एवं लेखहरू लेख्दै आएको छु । अतः विषयगत दृष्टिकोण (Disciplinary perspective) बाट भन्ने हो भने मैले नेवार समुदायको बारेमा कलम चलाउन खोज्नु त्यत्ति सार्थक कदम नहुन सक्दछ । साँच्चै भन्ने हो भने नेवार समुदायको बारेमा कलम चलाउनु म वास्तविक रूपमै सक्षम व्यक्ति चाहिँ पक्कै होइन । तथापि विषयगत दृष्टिकोणबाट मैले लेख्न नसकिने/नहुने हुँदाहुँदै पनि नेवार समुदायको बारेमा अध्ययन गर्ने प्रयास गर्न मुलतः निम्न ३ वटा कुराहरूले मलाई घच्घचाएको थियो भन्नु अत्युक्ति हुने छैन ।

- पहिलो, केहि वर्ष पहिले टोलको छिमेकी एकजना साथीको एउटा पसलमा बसी सामान्य कुराकानी गरिरहेको थिएँ । कुराकानी कै सन्दर्भमा नेवारहरूको कर्मकाण्डको बारेमा कुरा चल्यो । कुराकै सिलसिलामा मैले भनेको थिए: "हामी (नेवार) श्रेष्ठहरूको श्राद्धदेखि अन्य विभिन्न कर्मकाण्ड सम्बन्धी कार्यहरू राजोपाध्याय ब्राह्मणहरूले गर्दछन् र उनीहरू नै हाम्रो पुरोहित हुन्" । प्रतिकृया स्वरूप मित्रको श्रीमतीले आश्चार्य मान्दै भन्नुभयो "ए ... नेवारहरूमा पनि ब्राह्मण हुँदो रहेछ ? मलाई त थाहा नै थिएन ।" यस वाक्यबाट मेरो दिमागमा एक किसिमको तरङ्ग नै पैदा गरिदियो । मेरो दिमागले सोच्यो "यो के भएको ?" करिव तिन हजार वर्ष देखि नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) मा बस्दै आएका नेवारहरूको बारे गैर नेवार समुदायमा निकै कम मात्र जानकारी किन हुन गयो ? यस प्रश्नसित सम्बन्धित समस्यालाई समाधान गर्न नै नेपाली भाषामा नै गैर नेवार समुदायहरूलाई समेत लक्षित गरेर नेवारहरूको बारेमा एउटा पुस्तक नै लेख्नु पर्छ भन्ने सोचले मेरो दिमागमा डेरा जमायो । तत्पश्चात नै मैले यस अध्ययन कार्यको सुरूवाट गर्ने निर्णय गरेको थिए ।

- दोस्रो, २०६२।६३ को जनआन्दोलन पश्चात जारी गरिएको वर्तमान नेपालको अन्तरिम संविधान २०६३ मा नेपाललाई एउटा संघीय गणतन्त्रात्मक मुलुकको रूपमा स्वीकार गरिएको छ । यसै परिप्रेक्ष्यमा श्रृजना हुने राज्य/प्रदेशहरू मध्य नेवार समुदायको सन्दर्भमा पनि राज्य/प्रदेश श्रृजना हुनुपर्ने वा नपर्ने र पर्ने भए त्यस्को औचित्यता, उद्देश्य, अवधारणा इत्यादि बारेमा अध्ययन हुनुको साथै नेवार समुदायको पहिचान र पृष्ठभूमिको बारेमा सबैलाई (विशेषतः गैर नेवारहरूलाई) जानकारी गराउनु पर्ने जस्तो देखिएकोले नै मैले व्यक्तिगत हैसियतमा नै यस अध्ययन कार्य गर्ने प्रयास गरेको छु ।

- तेस्रो, नेवार समुदायको एक सदस्यको नाताले पनि मैले नेवार समुदायको पहिचान र पृष्ठमूमिको बारेमा जानकारी दिइ आफ्नो समुदायको लागि एउटा सानो किसिमकै भए पनि केहि योगदान गर्ने मेरो व्यक्तिगत चाहना र इच्छाबाट पनि अभिप्रेरित भएर पनि यस अध्ययन कार्य मैले गरेको हुँ ।

समग्रमा भन्ने हो भने वास्तवमा विषयगत विज्ञता भन्दा पनि माथि उल्लेखित कारणहरूबाट नै मैले यस अध्ययन कार्य गर्ने जमर्को गरेको हुँ । तसर्थ यसमा धेरै कमीकमजोरीहरू हुनु अस्वभाविक होइन । त्यस्ता कमीकमजोरीहरू औल्याइदिनु हुन म पाठकहरू समक्ष हार्दिक अनुरोध गर्दै त्यसरी औल्याइएका कमीकमजोरीहरू भविष्यमा अर्को संस्करणमा सुधार गर्दै जाने प्रतिबद्धता समेत जाहेर गर्दछु ।

यस अध्ययन कार्य गर्ने सन्दर्भमा मैले धेरै मित्र एवं महानुभावहरूबाट सहयोग एवं प्रोत्साहन पाएको छु । सवभन्दा पहिले त माथि उल्लेखित एउटा पसलका भएका सामान्य कुराकानीका सन्दर्भमा नेवार ब्राह्मणको बारेमा प्रतिकृया एवं कुराकानी गर्नु भइ मलाई अप्रत्यक्ष तर सार्थक रूपमा यस अध्ययन कार्य गर्न प्रोत्साहन गर्नु भएकोमा छिमेकी मित्र जगतप्रसाद पाण्डे र वहाँको श्रीमती मिठ्ठु पाण्डेप्रति सादर आभार व्यक्त गर्न चाहन्छु । वहाँहरूसँग त्यस दिन कुराकानी नभएको भए र नेवार ब्राह्मण सम्बन्धि प्रतिकृया नदिनु भएको भए सायद यस अध्ययन कार्य कहिल्यै गरिने थिएन होला ।

यस अध्ययन कार्य गर्न विभिन्न किसिमका अध्ययन सामग्रीहरू (पुस्तक, लेख, वंशावली इत्यादि) उपलब्ध गराइ मलाइ निरन्तर रूपमा प्रोत्साहन दिदै आउनु भएकोमा वरिष्ठ साहित्यकार मित्र इन्द्र मालीलाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यस्तै आफ्नो संकलनमा रहेको विभिन्न पुस्तक, पत्रपत्रिका, वंशावली इत्यादि अध्ययन गर्ने मौका दिइ फोटोकपी गर्ने समेत अनुमति दिनु भएको म मेरो मित्र पुस्कर प्रसाद राजभण्डारी प्रति पनि हार्दिक आभारी व्यक्त गर्न चाहन्छु । त्यस्तै मेरा परिवारको पुरोहित एवं वैदिक प्रतिष्ठान, काठमाडौंका संचालक श्री रवी राजोपाध्यायले पनि उक्त प्रतिष्ठानका प्रकाशनहरू उपलव्ध गराइ दिनु भइ यस अध्ययन कार्य गर्न प्रोत्साहन दिनु भएकोमा म उहाँप्रति पनि हार्दिक आभारी व्यक्त गर्न चाहन्छु । नेवारहरूको थर/जातहरूको विवरण प्रेम नारायण कर्माचार्यवाट प्राप्त गरी उपलब्ध गराइ दिनु भएकोमा मित्र रमणराज मिश्रप्रति हार्दिक आभारी व्यक्त गर्न चाहन्छु र वहाँ मार्फत कर्माचार्यजीप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

स्थलगत अध्ययन कार्य गर्ने सन्दर्भमा काठमाडौं उपत्यकाको विभिन्न स्थानहरूमा (विशेषत: चापागाउँको प्याङगाउँ, काठमाडौंको टोखा, भक्तपुरको भक्तपुर र मध्यपुर नगरपालिकाहरू र अन्य विभिन्न ठाउँहरू) मा जाँदा साथ दिइ मेरो यस अध्ययन कार्यलाई सहज वनाइ दिनु भएकोमा डा. रामेश्वर प्रसाद सिंह, तारामान जोशी र श्यामबहादुर श्रेष्ठ प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । त्यस्तै काठमाडौं उपत्यका बाहिर (विशेषत: चितवनको नारायणगढ, मकवानपुरको हेटौंडा, सर्लाहीको मलंगवा, अर्घाखाँचीको सन्धिखर्क, गुल्मीको तमघास र पाल्पाको तानसेन) स्थलगत अध्ययन गर्न जाँदा साथ दिनु हुने मित्र चन्द्रबहादुर श्रेष्ठ प्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

यसको अलावा स्थलगत अध्ययनकै सन्दर्भमा मसँग खुल्ला हृदयले छलफल गरी आ-आफ्नो विचार व्यक्त गरी अन्तर्वार्ता दिइ मेरो यस अध्ययन कार्य गर्न ठोस योगदान पुऱ्याउनु भएका विभिन्न महानुभावहरू (जसको नामावली परिशिष्ट १.५ मा दिइएको छ) प्रति पनि हार्दिक आभार व्यक्त गर्नुको साथै धन्यवाद दिन चाहन्छु ।

पुस्तकको पाण्डुलिपी अति मेहनतका साथ कम्प्यूटर सेटिङ्ग गरिदिनु हुने सुरेन्द्रकुमार महर्जनलाई पनि धेरैधेरै धन्यवाद दिन चाहन्छु ।

अन्तिममा यस अध्ययनको फलस्वरूप तयार भएको पुस्तकलाई प्रकाशन गर्ने कार्यमा सघाउ पुऱ्याउनु भएकोमा अनुसन्धान र विकास संस्था (इन्स्टीच्यूट फर रिसर्च आयण्ड डेभलपमेन्ट (IFRD) ) का अध्यक्ष डा. रविन्द्र शाक्य, उपाध्यक्ष सत्यबहादुर श्रेष्ठ, सचिव सुवर्ण लाल श्रेष्ठ र अन्य सदस्यहरू रमेश गौतम, कपिल जोशी र विनय धाख्वाप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्नुको साथै हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यस्तै सिमित समयावधी भित्रै पाण्डुलिपि छाप्ने कार्य समाप्त गरि पुस्तक प्रकाशन समयमानै गर्न सघाऊ पुऱ्याईदिनु भएकोमा मोडर्न प्रिन्टिङ्ग प्रेस परिवारप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस किसिमबाट धेरै मित्र एवं महानुभावहरूको सहयोगबाट तयार भएको यो पुस्तक पाठकहरू समक्ष प्रस्तुत गर्न पाउँदा मलाई निकै आनन्द एवं हर्षको अनुभूति हुनु स्वभाविकै हो । तथापि यस पुस्तकमा भएका सबै किसिमका कमीकमजोरीहरूको लागि व्यक्तिगत रूपमा म आफैं पूर्णरूपले जिम्मेवारी हुने भएको कुरा पनि म सहर्ष स्वीकार गर्दछु ।

धन्यवाद !

*२०६६ साल पौष*
*२०१० जनवरी*

**तुलसी नारायण श्रेष्ठ**
२२२, जनप्रभात मार्ग, ताहाचल बगैंचा,
कालिमाटी, काठमाडौं ।

**टेलिफोन** : ४२७६९९६
**मोवाइल** : ९८४१६०५५१३
**इमेल** : narayan12@ntc.net.np

# प्रकाशकको भनाइ

"नेवार" नेपालको एउटा अति प्राचिन जनसमुदाय हो । "नेवारहरू" नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) र वरपरका क्षेत्रहरूका आदिवासी, एवं भूमिपुत्र हुन् र जनजाति पनि हुन् । यसको अलावा साझा भाषा, साझा पुर्ख्यौली थलो, साझा आर्थिक सम्बन्ध, साझा साँस्कृतिक परम्परा र साझा मनोवैज्ञानिक भावना सहितको एउटा "राष्ट्र" नै हो नेवार । अठारौं शताब्दीको उत्तरार्धमा तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहबाट आफ्नो नियन्त्रणमा लिनु पूर्वसम्म नेपाल उपत्यका र वरपरका क्षेत्रहरूमा नेवारहरूको सार्वभौमसत्ता सहितको आफ्नै राष्ट्र-राज्य (Nation State) बिद्यमान रहेको थियो । फलस्वरूप तत्कालिन समयमा उनीहरूको भाषा, साहित्य, कला, संस्कृति, आर्थिक स्थितिमा अभुतपूर्वक विकास भएको थियो । तर गोरखाली विजय पश्चात सत्ताबाट विस्थापित भएका नेवारहरूले हरेक क्षेत्रमा क्रमशः पतनको बाटोतिर लाग्नुपर्ने विवशताको साथै "रैती" को रूपमा रहनु पर्ने बाध्यत्मक परिस्थितिको श्रृजना भयो । यस्तै बाध्यात्मक परिस्थितिको पृष्ठभूमिको साथै जाति प्रथाको परम्परा एवं सामाजिक संस्कारहरू र नेवारहरूको सवल र दुर्वल पक्षहरूको विश्लेषण गर्दै नेवार समुदायको पहिचानको बारेमा विस्तृत रूपमा चर्चा यस पुस्तकमा गरिएको छ । "राष्ट्र"को रूपमा छुट्टै पहिचान भएको नेवार समुदायको लागि प्रस्तावित संघीय व्यवस्था अर्न्तगत छुट्टै स्वशासित नेवार राज्यको औचित्यता, उद्देश्य, आधारहरू, समावेशीकरण जस्ता कुराहरूको बारेमा पनि विस्तृत रूपमा विवेचना गरिएको छ । यस दृष्टिकोणबाट नयाँ संविधानको तर्जुमा गर्ने कार्यको सन्दर्भमा पनि यस पुस्तंकले "नेवार दृष्टि" (Newar perspective) प्रस्तुत गर्दछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । समग्रमा यस पुस्तक सबै इच्छुक पाठकहरूको लागि लाभप्रद हुनेछ भन्ने विश्वासबाट प्रेरित भएर नै यसको प्रकाशन गर्ने सम्पूर्ण जिम्मेवारी यस संस्थाले लिएको हो भन्ने कुराको हामी सहर्ष जानकारी गराउन चाहन्छौं । साथै पुस्तक प्रकाशनको अवसर दिनु भएकोमा लेखकप्रति पनि हामी आभारी व्यक्त गर्न चाहन्छौं । धन्यवाद !

*२०६६ पौष*
*२०१० जनवरी*

**अनुसन्धान र विकास संस्था**
(Institute for Research and Development,IFRD)
बाफल, काठमाडौं
२०६६, पौष

# बिषय सूची


| परिच्छेद | विषय | पृष्ठ |
|---|---|---|
| | भूमिका | |
| | प्रकाशकको भनाइ | |
| १. | परिचय | १ |
| २. | पहिचान र पृष्ठभूमि | ६ |
| ३. | जाति प्रथाको विकास एवं पृष्ठभूमि | ४१ |
| ४. | वर्तमान जाति प्रथाको स्वरूप | ९७ |
| ५. | सामाजिक संस्कारहरू | १४१ |
| ६. | संघीय व्यवस्थाको सन्दर्भमा नेवार समुदाय | १६४ |
| ७. | सारांश र निष्कर्षहरू | १९० |
| | सन्दर्भ सामग्रीहरू | १९९ |
| | परिशिष्टहरू | २१३ |

# १

# परिचय

## १.१ बिषय प्रवेश

सन् २००१ को जनगणनाको तथ्याङ्कमां नेवार समुदायको जनसंख्या १२,४५,२३२ देखाइएको छ।[१] यो नेपालको जम्मा जनसंख्या २,२७,३६,९३४ को ५.५ प्रतिशत हुन आउछ। तीन लाख वा सो भन्दा बढि जनसंख्या भएका जातजातीहरू मध्ये नेवार समुदाय छैठौं स्थानमा पर्दछ।[२] विकास क्षेत्रको दृष्टिकोणबाट भन्ने हो भने मध्यमाञ्चल क्षेत्रमा सबभन्दा बढि ७,६१,८४८ (६१.१८) नेवारहरू छन् भने सुदूर पश्चिममाञ्चल क्षेत्रमा सवभन्दा कम ६,७९० (०.५५) नेवारहरूले बसोबास गर्दै आएको पाइन्छ। जिल्ला स्तरीय दृष्टिकोणबाट भन्ने हो भने काठमाडौंमा सबभन्दा बढी ३,२०,२४४ नेवारहरूको बसोवास रहेको छ भने हुम्लामा सवभन्दा कम (१४ जना मात्र) नेवारहरूको बसोवास रहेको पाइएको छ। कुल १२,४५,२३२ जनसंख्या मध्ये उनीहरूको आफ्नै पुर्ख्यौली थलो काठमाडौं उपत्यकामा (पहिलेको शब्दमा नेपाल उपत्यका) मा नेवारहरूको संख्या ५,८२,३७० (४६.४७) रहेको पाइएको छ र अरू ( करिव ५४.०) नेवारहरू नेपाल अधिराज्यको विभिन्न जिल्लाहरूमा छरिएर बसोवास गर्दै आएका छन्। विशेषत: विराटनगर, धनकुटा, धरान, राजविराज, चैनपुर, पोखरा, बन्दिपुर, नारायणगढ, बाग्लुङ्ग, डोटी, तानसेन, भोजपुर, त्रिशुली, हेटौडा, बीरगंज आदि नगर-गाउँहरूमा नेवारहरूको बाक्लो बस्ती विद्यमान रहेको पाइन्छ। अन्य समुदायहरूको तुलनामा शहरी क्षेत्रमा बसोबास गर्ने नेवारहरूको संख्या (प्रतिशतमा) बढी रहेको छ। यसरी विभिन्न नगर एवं ग्रामीण वस्तीहरूमा बस्दै आएका नेवारहरूको संख्यात्मक प्रभुत्व काठमाडौं उपत्यका भित्र अन्य जात जातीहरूको तुलनामा अझैं पनि बढि भएको पाइन्छ।[३] त्यस्तै इतिहासको कुनै कालखण्डमा धार्मिक द्वेषका कारण तत्कालिन शासकहरूबाट देश निकाला गरिएका नेवारहरूको बाक्लो बस्ती हालसम्म पनि भारतको विहार राज्यको बेतीया र रामनगरमा देख्न पाइन्छ।[४] त्यस्तै अन्य विभिन्न कारणहरूबाट विभिन्न समयमा नेपालबाट निर्वासित भइ गएका नेवारहरूको सन्तानहरूको बस्तीहरू भारतको सिक्किम, दार्जिलिङ्ग, कालिम्पोङ्ग, सिलगुढी जस्ता ठाउँहरूमा हालसम्म पनि विद्यमान रहेको पाइन्छ। सिक्किम राज्यको सरकारले त नेपाल भाषा र संस्कृतिको विकास गर्न एउटा छुट्टै सरकारी निकाय नै गठन गरेको छ र त्यस राज्यको लोकसेवा आयोगको परीक्षामा परिक्षार्थीहरूले

---

१ मल्ल के सुन्दरको विचारमा यो तथ्याङ्ग बास्तविकतामा आधारित नगरी बङग्याएर प्रस्तुत गरिएको छ। नेवार समुदायको संख्या उक्त सरकारी स्तरमा दिइएको संख्या भन्दा धेरै बढि हुनु पर्दछ। हेर्नुहोस्, मल्ल के सुन्दर, नेवा: म्हसिका, सेवा प्रिन्टिङ प्रेस, काठमाडौं, नेपाल सम्बत् (ने.सं.) ११२०, पृष्ठ ९१

२ हेर्नुहोस्, तीन लाख वा सो भन्दा बढि जनसंख्या भएको जातजातीहरूको विवरणको लागि, परिशिष्ट १.१

३ सन् २००१ को जनगणना अनुसार काठमाडौं, ललितपुर र भक्तपुरको जनसंख्या क्रमश: १०,८१,८४५, ३,३७,७८५ र २,२५,६४१ रहेको छ। यस अनुसार काठमाडौं उपत्यकाको जम्मा जनसंख्या केवल १५,४५,२७१ रहेको र त्यस मध्ये नेवार जातिको जनसंख्या ५,८२,३७० रहेको छ। र अन्य प्रत्येक जात जातिहरूको छुट्टाछुट्टै जनसंख्याको तुलनामा यस जातिको संख्या सरकारी तथ्यांक अनुसार पनि सापेक्ष रूपमा (relatively) अधिक नै पाइएको छ।

४ नेपाल उपत्यका विजय गरे पश्चात पृथ्वीनारायण शाहले तत्कालिन क्रिश्चियन नेवारहरूलाई देश छाड्न आदेश दिएका थिए। हाल बेतिया र रामनगरमा रहेका नेवारहरू उक्त आदेश अनुसार देश त्यागेर गएका क्रिश्चियन नेवारहरूका सन्तान हुन्। भनिन्छ, उक्त आदेश अनुसार देश नछाड्ने नेवार क्रिश्चियनहरूको पृथ्वीनारायणको आदेशानुसार हत्या गरिएका थिए।

चाहेमा नेपाल भाषा (नेवारी) मा समेत लेख्न पाउने कानूनी व्यवस्था गरिएको छ।[५] यसरी जहाँसुकै बसोवास गरेको भएतापनि जातीय दृष्टिकोणबाट नेवारहरू सबै एउटै जाति एवं भाषागत समूहका हुन् । जहाँ बसेको भएतापनि उनीहरू सबै नेवार हुन् । उनीहरूको पुर्ख्यौली थलो हो नेपाल मण्डल (काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरू)[६].

आफ्ना दुई ठूला छिमेकीहरू भारत र चीनको तुलनामा विश्व मानचित्रमा केवल १,४७,१८१ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको नेपाललाई एउटा सानो देश नै मान्न सकिने[७] भएता पनि सामाजिक एवं साँस्कृतिक विविधताको दृष्टिकोणबाट नेपाललाई एउटा ठूलै देशको रूपमा चित्रण गर्न सकिन्छ ।[८] कारण यस देशमा आ-आफ्नै छुट्टाछुट्टै सामाजिक एवं साँस्कृतिक परिवेश भएका करिव १०१ जातजाति एवं जनजातिका जन समूहहरूको बसोवास रहेको पाइन्छ । अत: स्वीस विद्धान टोनी हेगेनले नेपाललाई 'इथनीक टर्नटेवुल अफ एशिया (Ethnic turn table of Asia) भनेर नै चित्रण गर्नु भएको छ ।[९] वास्तवमा यस्तो विविधता नै नेपाली समाजको सुन्दरताको एउटा आर्कषक पक्ष रही आएको छ । टोनी हेगेनले भन्नु भएजस्तै वास्तवमा नेपाल विश्वमा नै एउटा अति सुन्दर र अधिक विविधतायुक्त देश हो ।[१०] यसको अतिरिक्त भौगोलिक दृष्टिकोणबाट हिमाल, पहाड र तराइ/मधेशमा विभाजित नेपालको उक्त प्रत्येक भौगोलिक क्षेत्रको आफ्नै सामाजिक, साँस्कृतिक एवं आर्थिक विशेषताहरू छन् । संक्षेपमा भन्ने हो भने नेपाल एउटा बहुजातिय, बहुभाषिक, बहु-साँस्कृतिक, बहु-सामाजिक, बहु-धार्मिक संरचनाहरूयुक्त देश हो भन्नु अत्युक्ति हुने छैन । यस्तो विविधताको परिवेशमा बसोवास गरिरहेका विभिन्न जातजाति एवं जनजातिहरू मध्य एउटा प्रमुख जाति हो नेवार ।

नेवार समाजको आफ्नै लामो ऐतिहासिक पृष्ठभूमि, आफ्नै विविधतापूर्ण आन्तरिक सामाजिक एवं साँस्कृतिक परिवेश (Environment of endogeneous/internal socio-cultural diversity) र समृद्ध साहित्य, कला र भाषा रहेको पाइन्छ । विश्व सम्पदा सूचीमा सूचिकृत गरिएका १० वटा सम्पदाहरू मध्य ७ वटा सम्पदाहरू नेवार समुदायको नै देनका रूपमा लिन सकिन्छ ।[११] यसको अतिरिक्त अठारौं शताब्दीको उत्तरार्धसम्म (तत्कालिन नेपाल मण्डल भित्रका नेवार राज्यहरू र नेपाल उपत्यका बाहिरका नेवार राज्य दोलखालाई

---

५ सिक्किमको ५ लाख ७५ हजार जनसंख्या मध्य जम्मा बीस हजार नेवारहरू छन् र ती नेवारहरूले आफ्नो भापा एवं संस्कृतिको पुनरूत्थान गर्न भगिरथ प्रयास गरिरहेका छन् । हेर्नुहोस्, त्यस्तो प्रयासको विवरण सम्बन्धी अमृत भादगाउँलेको एउटा संक्षिप्त तर रोचक लेखको लागि, परिशिप्ट १.२

६ हेर्नुहोस्, नेपाल मण्डल बारेको विस्तृत चर्चाको लागि, पछिल्लो परिच्छेदहरू

७ छिमेकी मुलुकहरूको दाँजोमा क्षेत्रफलको दृप्टिकोणबाट सानो भएतापनि नेपाल भन्दा साना देशहरू (उदाहरणको लागि इजराइल, स्वीट्जरल्याड, मोरिसस, फिजी, भूटान, सिंगापुर, श्रीलंका, माल्दिभ्स इत्यादि) पनि विश्वमा निकै संख्यामा रहेको पाइन्छ । यस दृप्टिकोणबाट भन्ने हो भने नेपाललाई सानो नभइ एउटा मध्यम स्तरीय देशको रूपमा मान्न सकिन्छ । हेर्नुहोस्, नेपालभन्दा ठूला र साना देशहरूको नामावली र क्षेत्रफलको लागि परिशिप्ट-१.३

८ नेपालभन्दा करिव २२ गुनाको ठूलो देश भारतमा करिव ५०० जातजातिका मानिसहरूको बसोवास गरिरहेका छन् भने भने भारतभन्दा २२ गुनाले मात्र सानो देश नेपालमा करिव १०१ जातजातिका मानिसहरूको बसोवास रहेको पाइन्छ । साथै प्रत्येक जातजातिका समूहहरूको आ-आफ्नै भापा, भेपभूपा, सामाजिक संस्कार एवं सांस्कृतिक परिवेश रहेको पाइन्छ । वास्तवमा यस किसिमले सीमित भौगोलिक क्षेत्र भित्र अधिक मात्रामा सामाजिक एवं साँस्कृतिक विविधताले युक्त नेपाल जस्तो देश कमै मात्र पाइन्छ ।

९ टोनी हेगेन, नेपाल दि किङदम इन दि हिमालयाज, अक्सफोर्ड आयण्ड आइवीएच पब्लिसिङ कम्पनी, नयाँ दिल्ली, १९७१, पृष्ठ ७५

१० ऐजन, पृष्ठ १६३

११ विश्व सम्पदामा सूचिकृत नेपालका १० वटा सम्पदाहरू मध्य नेवार समुदायका देनका रूपमा रहेका ७ वटा सम्पदाहरू हुन्: १) स्वयम्भूनाथ स्तुप, काठमाडौं २) पाटन दरवार स्क्वायर, ललितपुर ३) काठमाडौं दरवार स्क्वायर, काठमाडौं ४) भक्तपुर दरवार स्क्वायर, भक्तपुर ५) बौधनाथ स्तुप, काठमाडौं ६) चाँगुनारायण मन्दिर, भक्तपुर र ७) पशुपतिनाथ मन्दिर, काठमाडौं । यसको अतिरिक्त विश्व सम्पदा सूचिमा सूचिकृत अन्य ३ वटा सम्पदाहरू हुन् : १) चितवन नेशनल पार्क, चितवन २) भगवान बुद्धको जन्मस्थल लुम्बिनी, रूपन्देही र ३) सगरमाथा राप्ट्रिय निकुन्ज, सोलुखुम्बु

गोरखाको तत्कालिन राजा पृथ्वीनारायण शाहबाट विजय गर्नु अघिसम्म) यस समुदायले मुलुकको शासन संचालन गर्ने, राष्ट्रको आर्थिक व्यवस्थापन गर्ने, तत्कालिन समयको माग अनुसार विकास कार्यहरूको संचालन गर्ने, देशको सुरक्षा गर्ने र समाजमा शान्ति सुव्यवस्था कायम गर्ने जस्ता व्यवस्थापकीय कार्यहरूमा आफ्नो क्षमता प्रचुर मात्रामा दर्शाइसकेको कुरा इतिहासको अध्ययन एवं विश्लेषणबाट स्पष्ट हुन आउछ ।

जस्तो वर्तमान नेपाली समाज विविधतायुक्त रहेको पाइन्छ त्यस्तै नेवार समाज पनि माथि उल्लेख गरिए झैं आन्तरिक रूपमा विविधतायुक्त रहेको छ । वास्तवमा नेवार समाज भित्रका विभिन्न जातजातिहरूको पनि आफ्नै जीवन शैली, धार्मिक, सामाजिक एवं साँस्कृतिक संस्कारहरू रहेका छन् । यस्तो विविधताको बीचमा पनि आपसी सामाजिक सदभाव र सामाजिक सञ्जाल (Social network) समेत अझसम्म पनि केही मात्रामा विद्यमान रहेको पाइन्छ । सायद यस्तो विविधता एवं सामाजिक सद्भावयुक्त समाज भएकैले होला धेरै विदेशी[१२] एवं स्वदेशी[१३] विद्वान एवं लेखकहरूले नेवार समुदायको बारेमा धेरै अघिदेखि आ- आफ्ना पुस्तक/लेखहरूमा चर्चा गर्दै आएका छन् । यी सबै चर्चाहरू हुँदाहुँदै पनि मैले पनि नेवार समुदायको केही पक्षहरू बारेमा केही थप चर्चा गर्ने जमर्को गरेको छु । हुन त म समाजशास्त्रको विद्यार्थी नभएकोले विषयगत दृष्टिकोण (desciplinary perspective) बाट मैले नेवार समुदायको बारेमा कलम चलाउनु उपयुक्त नहुन सक्छ । तथापि नेवार समुदायको एउटा व्यक्तिको हैसियतमा मात्र यो अध्ययन कार्य गर्ने एउटा सानो प्रयास गरेको कुरालाई म सहर्ष स्वीकार गर्दछु ।

## १.२ अध्ययनको उद्देश्य :

नेवार समुदायको पहिचान र पृष्ठभूमिसित सम्बन्धित केही प्रमुख विषय वस्तुहरूको बारेमा संक्षिप्त रूपमा विवेचना, विश्लेषण एवं चर्चा गर्नु नै यस अध्ययनको समग्र उद्देश्य (Overall objective) रहेको छ । यसका खास (Specific) उद्देश्यहरू ४ वटा रहेका छन् ।

- पहिलो, नेवार समुदायको पहिचान एवं पृष्ठभूमिको विवेचना गर्ने,
- दोस्रो, नेवार समुदायको परम्परागत रूपमा विद्यमान रहेको जातिय परम्पराको विकास र यसको वर्तमान स्वरूपको विश्लेषण गर्ने, र
- तेस्रो, नेवार समुदायको सामाजिक संस्कारहरूको चर्चा गर्ने,
- चौथो, प्रस्तावित संघीय व्यवस्थाको सन्दर्भमा श्रृजना हुनुपर्ने नेवार राज्यको विभिन्न पक्षहरूको बारेमा संक्षिप्त रूपमा चर्चा गर्ने ।

---

१२ नेवार समुदायको बारेमा कलम चलाएका केही विदेशी विद्वानहरू हुन्:
क) कोलेनेल कर्कपाट्रिक, आयन एकाउन्ट अफ दि किङडम अफ नेपाउल, मन्जुश्री पब्लिसिङ हाउस, न्यू दिल्ली, १९६९
ख) फ्रान्सिस वुचानान ह्यामीलटन, आयन एकाण्डन्ट अफ दि किङडम अफ नेपाल, मन्जुश्री पब्लिसिङ हाउस, न्यू दिल्ली, १९७१
ग) एच आयमब्रोस ओल्डफिल्ड, स्केचेज फ्रम नेपाल, भोलुम १ र २, कस्मो पब्लिकेसन, दिल्ली, १९७४
घ) पर्सिभल लायनडन, नेपाल, भोलुम १ र २, रत्न पुस्तक भण्डार, काठमाडौं , १९७६
ङ) डेनियल राइट, हिष्ट्रि अफ नेपाल, रन्जन गुप्ता, कलकता, १९६६

१३ नेवार समुदायको बारेमा कलम चलाएका केही प्रमुख स्वदेशी विद्वानहरू हुन् :
क) डोरबहादुर विष्ट, पिपल अफ नेपाल, रत्न पुस्तक भण्डार, काठमाडौं, १९७२
ख) मल्ल के सुन्दर, नेवाः म्हसिका, सेवा प्रिन्टिङ प्रेस, काठमाडौं, ने.सं. ११२०
ग) नरेशवीर शाक्य, जि छु च्वया, इलोइ प्रकाशन, काठमाडौं, ने.सं. ११२७
घ) जगदीश चन्द्र रेग्मी, नेवारी संस्कृतिको रूपरेखा, अफिस अफ नेपाल एण्टीक्वेरी, काठमाडौं, २०३५
ङ) डी. आर. रेग्मी, आयन्सीयन नेपाल र मेडियभल नेपाल, पार्ट १ र २, फर्मा के मुखोपाध्याय, कलकत्ता, १९६५

## १.३ अध्ययन विधि (Methodology)

यस अध्ययन कार्य गर्नको लागि अपनाइएको विधिहरू निम्नानुसार छन् :-

### १.३.१ सान्दर्भिक अध्ययन सामग्रीहरूको समीक्षा

यस अध्ययन कार्यको लागि आवश्यक पर्ने पृष्ठभूमि सम्बन्धि जानकारी प्राप्त गर्न र सूचनाहरू (background Information) संकलन गर्न र नेवार समुदायको विभिन्न पक्षहरू सम्बन्धि आवश्यक सामग्रीहरू संकलन गर्ने दृष्टिकोणबाट विभिन्न सन्दर्भ ग्रन्थहरू, वंशावलीहरू, ऐतिहासिक दस्तावेज एवं अभिलेखहरू र सरकारी एवं गैर सरकारी प्रतिवेदनहरू र सम्बन्धित कानूनहरूको अध्ययन एवं समीक्षा गर्ने प्रयास गरिएको थियो ।

### १.३.२ स्थलगत अध्ययन

यस अध्ययनको सन्दर्भमा विशेषत: भक्तपुर जिल्लाको भक्तपुर र मध्यपुर नगरपालिका क्षेत्र, ललितपुरको चापागाउँ र प्याङगाउँ क्षेत्र, काभ्रेपलाञ्चोकको धुलिखेल र बनेपा नगरपालिकाका क्षेत्रहरू, चितवनको भरतपुर नगरपालिका, मकवानपुरको हेटौंडा नगरपालिका र सर्लाहीको मलंगवा नगरपालिकाका क्षेत्रहरूमा स्थलगत अध्ययन कार्य गरिएको थियो । त्यस्तै पश्चिमको अर्घाखाँचीको सन्धिखर्क, गुल्मीको तम्घास, रिडी र पाल्पाको तानसेनमा पनि स्थलगत अध्ययन गरिएको थियो र सो स्थलगत अध्ययन कार्य व्यवस्थित रूपले गर्नको लागि खुल्ला रूपको प्रश्नावली/छलफलको लागि निर्देशिका (open ended questionaire / checklist / guidelines for discussion) तयार गरिएको थियो । सो प्रश्नावलीको आधारमा नै उपरोक्त क्षेत्रहरूको बसोवास गर्ने नेवार समुदायका प्रवुद्ध एवं प्रतिस्थित व्यक्तिहरूसित छलफल गरिएको थियो ।[१४]

### १.३.३ संकलित सूचना एवं सामग्रीहरूको समीक्षा

सन्दर्भ सामग्रीहरूको अध्ययन एवं स्थलगत कार्यबाट प्राप्त सामग्री एवं सूचना र जानकारीहरूको समीक्षा गरिएको थियो । त्यस्तो समीक्षा पश्चात अध्ययन कार्यलाई लिपिवद्ध गरिएको थियो ।

## १.४ अध्ययनको संगठनात्मक स्वरूप

सात वटा परिच्छेदहरूमा विभाजित गरिएको यस अध्ययनको संगठनात्मक स्वरूप निम्नानुसार रहेका छन् ।

---

[१४] हेर्नुहोस्, प्रश्नावलीको लागि, परिशिष्ट १.४ र अन्तर्वार्ता लिइएका प्रबुद्ध व्यक्तिहरूको नामावलीको लागि, परिशिष्ट १.५

**परिच्छेद -१**
**परिचय**
यस परिच्छेदमा अध्ययनको विषय प्रवेश, अध्ययनको उद्देश्य एवं विधिहरू र अध्ययनको संगठनात्मक स्वरूपको संक्षिप्त रूपमा उल्लेख गरिएका छन् ।

**परिच्छेद -२**
**पहिचान र पृष्ठभूमि**
दोस्रो परिच्छेदमा नेवार समुदायको पहिचान एवं पृष्ठभूमिको बारेमा विवेचना गरिएको छ ।

**परिच्छेद -३**
**जाति प्रथाको विकास एवं पृष्ठभूमि**
नेवार समुदायमा परम्परागत रूपमा विद्यमान रहेको जाति प्रथाको परम्पराको विकास एवं पृष्ठभूमिको बारेमा विश्लेषण परिच्छेद ३ मा गरिएको छ ।

**परिच्छेद -४**
**वर्तमान जाति प्रथाको स्वरूप**
यस परिच्छेदमा नेवार समुदायको वर्तमान जाति प्रथाको स्वरूपको बारेमा चर्चा गरिएको छ ।

**परिच्छेद -५**
**सामाजिक संस्कारहरू**
पाँचौ परिच्छेदमा नेवार समुदायको केही प्रमुख परम्परागत सामाजिक संस्कारहरूको चर्चा गरिएको छ ।

**परिच्छेद -६**
**संघीय व्यवस्थाको सन्दर्भमा नेवार समुदाय**
यस परिच्छेदमा प्रस्तावित संघीय व्यवस्थाको सन्दर्भमा श्रृजना हुनु पर्ने नेवा राज्यको विभिन्न पक्षहरूको बारेमा चर्चा गरिएको छ ।

**परिच्छेद -७**
**सारांश र निष्कर्षहरू**
यस अन्तिम परिच्छेदमा अध्ययनको सारांश प्रस्तुत गर्नुको साथै केही प्रमुख निष्कर्षहरू संक्षेपमा प्रस्तुतिकरण गरिएको छ ।

# २

# पहिचान र पृष्ठभूमि

## २.१ विषय-प्रवेश

प्राचिन समयमा नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) एउटा ठूलो तलाउको रूपमा रहेको थियो भन्ने कुरा यसको भौगोलिक बनावटबाट नै स्पष्ट हुन आउछ । काठमाडौंको चोभारको गल्छी फुटी तलाउको पानीले निकास पाए पश्चात मात्र यहाँ मानवबस्तीको विकास भएको आभाष पाइन्छ ।[१] भनिन्छ ग्वाला/गोपालीहरू (मधेश/तराइको शब्दमा आभीर/ आहिर/यदुवंशी यादव)[२] ले पहिलो बस्ति बसाली उनीहरू मध्यबाट नै भुक्तमान भन्ने व्यक्तिले यस ठाउँको पहिला राजा भइ शासन गरेका थिए । यहि गोपालीहरूको वंशलाई नै वंशावलीहरूमा गोपालवंशी (गाइ पालकहरूको बंश) भनिएको पाइन्छ । सवभन्दा पहिला राजा भएका भुक्तमान सहित यस वंशका जम्मा ८ जना राजाहरूले राज्य गरेका थिए ।[३] गोपालवंश पछि अहिर वंशी/महिषपाल वंशी (भैंसी पालकहरूको वंश) ३ जना राजाहरूले[४] राज्य गरेका थिए । यी गोपाल र अहिर/महिषपाल वंशका सन्तानहरू नै नेवार समुदायका वर्तमान 'सापु' (गाई पालक) र 'मेपु' (भैंसीपालक) हुन भन्ने कुराको सजिलै विश्वास गर्न सकिन्छ ।

गोपाल र महिषपाल/अहिरवंशी राजाहरू पछि किरातहरूको एउटा शाखाले[५] नेपाल उपत्यकाको शासन आफ्ना हातमा लिए । किरात वंशको २९ जना राजाहरूले[६] राज्य गरेका थिए । त्यसपछि क्रमशः लिच्छवी, बैशठकुरी, मल्ल इत्यादि वंशका राजाहरूले तत्कालिन नेपालमा राज्य गरेका थिए । यी सवै वंशजहरू र तत्कालिन अन्य निवासीहरूको सन्तानहरू नै वर्तमान नेवार समुदायका अभिन्न अंगको रूपमा विद्यमान रहेको पाइन्छ । यसै विषय वस्तुलाई विस्तृत रूपमा चर्चा गरी नेवार समुदायको पहिचान र पृष्ठभूमि स्पष्ट गर्ने जमर्को यस परिच्छेदमा गरिएको छ । यस्तो पहिचान र पृष्ठभूमि स्पष्ट गर्न निम्न बुँदाहरूको आधारमा चर्चा गर्ने प्रयास गरिने छ :

- 'नेपाल' र 'नेवार' को अन्तर सम्बन्ध
- 'नेवार' शब्दको उत्पत्ति र विकास
- नेवार समुदायको बनावट र पृष्ठभूमि

---

१ हिन्दू धर्मावलम्वीहरूबाट विश्वास गरिएको जनश्रुति अनुसार भारतको द्वारिकाबाट भगवान कृष्णले आफ्ना ग्वालाहरूको समूह सहित उपत्यकामा आइ चोभारको गल्छी फुटालेका थिए भनिन्छ । त्यस्तै बौद्ध धर्मावलम्वीहरूद्धारा विश्वास गरिएको जनश्रुति अनुसार चीनबाट मन्जुश्री आइ उक्त गल्छी फुटालेका थिए भनिन्छ । जेसुकै भएता पनि चोभारको गल्छी फुटेपछि मात्र यस उपत्यकामा मानववस्तीको विकास भएको कुरामा धेरै हदसम्म सत्यता पाइन्छ । यस्तो मानव वस्ती बसाल्ने कार्य सवभन्दा पहिले ग्वाला/गोपालीहरूले गरेका थिए ।

२ हेर्नुहोस्, मोहनकुमार यादव, गोपालवंशी यादव, कान्तिपुर २०६५, श्रावण ३

३ गोपालवंशी राजाहरू हुन:- क) भुक्तमान ख) जयगुप्त ग) परमगुप्त घ) हर्प गुप्त ङ) भीम गुप्त च) मणि गुप्त छ) विष्णु गुप्त ज) यक्ष गुप्त

४ अहिर/महिपपाल वंशका ३ जना राजाहरू हुन् : क) नरसिंह ख) जयमती सिंह ग) भूवन सिंह

५ तत्कालिन समयमा वर्तमान नेपालको विभिन्न पहाडि इलाकाहरूमा पनि किरातीहरूको विभिन्न समूहहरूको बसोवास थियो । वर्तमान नेपालको पूर्वी पहाडमा तत्कालिन समयमा छुट्टै 'किरात प्रदेश' नामको किराती राज्य नै रहेका थिए ।

६ किरातीवंशको २९ जना राजाहरू हुन्: क) यलम्भर ख) पवि ग) स्कन्धरा घ) बलम्वा ङ) ऋति च) हुमति छ) जितेदस्ती ज) गली झ) पुपाक ञ) सुयर्भा ट) पर्ब ठ) बुन्का ड) स्वनन्दा ढ) स्थुन्को ण) गीधरी त) नाने थ) लुक द) थोर ध) थोको न)वर्मा प) गुजा फ) पुपाक ब) केसु भ) सुग म) सन्सा य) गुनान र) खिम्बु ल) पतुक व) गस्ति

- नेवार समुदायको नश्ल, सभ्यता र संस्कृति, भाषा एवं साहित्य र शासन व्यवस्था

## २.२ "नेपाल" र "नेवार" को अन्तर सम्बन्ध

'नेपाल' शब्दको बनावट र विकासको बारेमा विभिन्न विद्वानहरूद्वारा विभिन्न किसिमका सिद्धान्तहरू प्रतिपादन गरिएको पाइन्छ। त्यस्ता केही सिद्धान्तहरू निम्नानुसार छन् :-

- पहिलो, डिल्ली रमण रेग्मीको भनाइ अनुसार 'नीप' र 'आलम' दुई शब्दहरूको संमिश्रणबाट नेपाल शब्द बनेको हो। 'नीप' को अर्थ 'पानी' र 'आलम'को अर्थ हो 'ठाउँ'।[७] प्राचिन कालमा नेपाल उपत्यका एउटा ठूलो तलाउको रूपमा रहेको र पानीले भरिएको त्यस्तो तलाउको पानी सुकिसकेपछि मानववस्तीको विकास भएकोले नै त्यस्तो ठाउँलाई 'नेपाल' नामाकरण गरिएको हो।

- दोस्रो, क्रिस्तान लासेन (Christan Lassen) को विचारमा 'नीप'को अर्थ हो 'जंगलमुनि' र 'आलम' को अर्थ हो मानिसहरूको बस्ती।[८] प्राचिन कालमा नेपाल उपत्यकामा घना जंगल भएको र त्यसै जंगलमुनिको बस्ती नेपाल उपत्यकामा भएकोले नै यस ठाउँको नाउ नेपाल हुन गएको हो।

- तेस्रो, "ने" को अर्थ मध्य र "पा" को अर्थ देश हो र हिमश्रृङखलाको मध्य भागमा रहेको देश भएकोले "नेपा" (नेपाल भाषामा) नामाकरण भएको र "नेपा" को संस्कृतिकरण भइ "नेपाल" शब्दको विकास भएको हो।

- चौथो, 'ने' नामक मुनि (ऋषि) द्वारा पालित एवं पोषित देश भएकोले 'नेपाल' नाम रहेको हो भन्ने विचारधारालाई हिन्दूधर्मावलम्वीहरूले मान्दै आएका छन्। साथै 'ने' मुनिलाई आदि बुद्ध को रूपमा चित्रण गरी उनीद्वारा पालित एवं पोषित देश भएकोले 'नेपाल' नाउ रहन गएको हो भन्ने कुरामा विश्वास गर्ने बौद्ध धर्मावलम्बीहरू पनि रहेको पाइन्छ।

- पाँचौं, नेवार समुदायको पुर्खाहरूको प्राचिन भाषा (भोट-वर्मेली भाषिक परिवारको भाषा) मा गाईभैंसीलाई "ङहे" भनिने र पालन गर्ने व्यक्तिलाई 'पा' भनिने र ङेहपा ( गाईभैसी पालन गर्ने गोपाली र महिषपालवंशी समूह) शब्दबाट नै नेपा (संस्कृत रूप नेपाल) भएको हो। अर्को शब्दमा भन्ने हो भने गाई भैसी पाल्ने जाति (गोपाली र महिषपालीहरू) को भाषाको शब्द ङहेपाको अप्रभ्रंसित रूप "नेपा" र त्यसको संस्कृत रूप नै नेपाल हो। 'ङेहे'बाट 'ने' र 'पा' बाट पालमा रूपान्तर भई 'नेपाल' भएको हो।[९]

जे भएता पनि 'नेपाल' शब्द विभिन्न प्राचिन ग्रन्थहरू (स्वयम्भू पुराण, पशुपति पुराण, नेपाल महात्म्य इत्यादि) मा उल्लेख गरिएको पाइन्छ। र यो शब्द नेवार समुदायसित घनिष्ट रूपले सम्बन्धित रहेको पाइन्छ। "नेपाल" शब्दसित घनिष्ट रूपले सम्बन्धित समुदाय नेवारहरू मात्र हुन् भन्ने कुरा इतिहासकार डिल्लीरमण रेग्मीले स्वीकार गर्नु भएको

---

[७] उदधृत, मल्ल के सुन्दर, नेवा म्हसिका, सेवा प्रिन्टिङ्ग प्रेस, ११२०, पृष्ठ ५-६

[८] ऐजन ...

[९] ऐजन पृष्ठ ७

छ ।[१०] प्रसिद्ध इतिहासकार बाबुराम आचार्यको भनाइ अनुसार 'नेवार' शब्दको मुलरूपको शब्द 'नेपार' हो । 'नेपार' शब्द जातिवाचक र देश वाचक शब्दको रूपमा प्रयोग गरिन्थ्यो । 'नेपार' बाट अप्रभंस भई 'नेबाल' भएको र 'नेबाल'बाट पनि अप्रभंस भइ जातिवाचक शब्द 'नेवार' हुन आएको हो । उक्त नेपार शब्दबाट नै 'नेपाल' शब्दको श्रृजना भएको हो ।[११] यस अर्थमा 'नेवार' शब्दलाई 'नेपाल' शब्दकै समानार्थी शब्द मान्न पनि सकिन्छ ।

देशवाचक शब्दको रूपमा 'नेपाल' भन्ने शब्दको प्रयोग सवभन्दा पहिले स्पष्ट रूपमा भारतको मौर्य सम्राट चन्द्रगुप्त (ई.पूर्व. ३२१-२९७) को प्रसिद्ध मन्त्री आचार्य कौटिल्यद्वारा ई. पूर्व. ३ सय वर्ष जति पहिले लेखिएको 'अर्थशास्त्र' नामक ग्रन्थमा उल्लेख गरिएको थियो । त्यसबेला विहारको तत्कालिन बोलचालको मागधी समूहको प्राकृत भाषामा 'र' को सट्टामा 'ल' प्रयोग हुने भएकोले मगध राज्यको राजधानी पाटलीपुत्रमा लेखिएको उक्त ग्रन्थमा मागधी भाषाको उच्चारण अनुसार 'नेपार' को सट्टामा 'नेपाल' लेखिएको थियो । त्यस्तै सम्राट समुद्र गुप्त (ई.सं. ३३४-३४५) को इलाहावादको स्तम्भमा पनि देशवाचक शब्दको रूपमा 'नेपाल' शब्द किटानका साथ प्रयोग गरिएको पाइन्छ ।

जे भएतापनि 'नेपाल' शब्दको उत्पत्ति र विकासको प्रक्रियामा नेवार समुदायको गहिरो संलग्नता रहेको पाइन्छ । वास्तवमा 'नेपाल' र 'नेवार' शब्दहरू घनिष्ट रूपमा नै अन्तर सम्बन्धित छन् । त्यसैले इतिहासकार जगदीश चन्द्र रेग्मीले भन्नु भएको छ : "जातिवाचक नेवार नाम देश वा राष्ट्रवाचक नेपालकै व्यवहारिक रूप हो ।[१२]" अर्को इतिहासकार बालचन्द्र शर्माले पनि नेपाल र नेवार घनिष्ट रूपले अन्तरसम्बन्धित भएको कुरा स्वीकार गर्नुको साथै नेपालका निवासीहरूलाई नै 'नेवार' भनिएको कुरा उल्लेख गर्नु हुँदै[१३] भन्नु भएको छ : "नेवार शब्दको व्युत्पत्ति यस जातिको मूल निवास स्थल "नेपाल"बाटै गर्न सकिन्छ । इङ्गलैण्डका निवासी इंग्लिस र अफगानिस्तानका निवासी अफगान भएझैं नेपालका निवासी नेवार अथवा नेवा हुनुमा केही शंका गर्नु पर्दैन ।[१४] वास्तवमा प्राचिन नेपालको लिच्छवीकालमा 'नेपाल' शब्दलाई देशवाचक शब्दको रूपमा मात्र प्रयोग नगरी जातिवाचक शब्दको रूपमा समेत प्रयोग गरिएको पाइन्छ । यो कुरा हालको नेवार समुदायको पुर्खाहरू गोपालीहरूको मूलथलो मानिएको टिष्टुङमा ई.सं. ५१२ मा लिच्छवी राजा वसन्त देवले स्थापना गरेको शिलालेखमा प्रयोग गरिएको शब्द 'स्वस्ति नैपालभ्य' (नेपालहरूको भलो होस्) बाट स्पष्ट हुन्छ । स्थानीय जातिका व्यक्तिहरूलाई सम्बोधन गर्न नै उक्त शब्द (नैपालभ्य) प्रयोग गरिएको थियो ।[१५] त्यस्तै किसिमको सम्बोधन बसन्तदेव र अंशुवर्माको टिष्टुङ र भटुवल (टिष्टुङबाट १ किलोमिटर जतिको दूरीमा रहेको)

---

१० डी.आर. रेग्मी, आयनसीयन्ट नेपाल, फर्मा के.एल मुखोपाध्याय, कलकत्ता, १९६९, पृष्ठ १७-१९

११ बाबुराम आचार्यको भनाइमा "नेपार" शब्दको लागि उत्तरी भारतको मगध राज्यको पाटलिपुत्रमा "नेपाल" शब्द प्रयोग गरी बोल्ने गरेको र यसै शब्दलाई कौटिल्यले संस्कृत भापामा पनि प्रयोग गरेका थिए । हेर्नुहोस्, बाबुराम आचार्य, नेपाल, नेवार र नेवारी भापा, नेपाल साँस्कृतिक परिपद् पत्रिका, वर्प १, अंक २, वैशाप २००९, पृष्ठ २-३ । यसरी नै ज्ञानमणि नेपालले पनि "नेपाल" वा "नैपाल"बाट "नेवाल", "नेवार" हुन गएको विचार व्यक्त गर्नुको साथै नेवार शब्दले कुनै जाति विशेपलाई मात्र नजनाई समस्त देशवासीलाई नै जनाउछ भन्नु भएको छ । हेर्नुहोस्, ज्ञानमणि नेपाल, नेपाल निरूक्त, नेपाल राजकीय प्रज्ञा प्रतिप्ठान, काठमाडौं, २०४०, पृष्ठ ९-१८

१२ जगदिश चन्द्र रेग्मी, नेवारी संस्कृतिको रूपरेखा, अफिस अफ नेपाल एण्टीक्वेरी, काठमाडौं, पृष्ठ १

१३ बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, श्रीमती कृष्ण कुमारी देवी, वाराणसी, २०२७, पृष्ठ-३९

१४ ऐजन

१५ हेर्नुहोस, मल्ल के सुन्दर माथि उल्लेखित, पृष्ठ ७ र टिस्टुङ्गको वसन्तदेवको अभिलेख, धनबज्र बज्राचार्य, लिच्छवीकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर, काठमाडौं, पृष्ठ ११०-१११

मा पाइएको ई.सं. ६१६ तिरको दुइवटा शिलालेखहरूमा पनि उल्लेख गरिएको छ ।[१६] समग्रमा भन्ने हो भने 'नेवार' समुदाय नेपाल देशसित प्राचिनकालदेखि नै अति घनिष्ट रूपले सम्बन्धित हुँदै आएको कुरा स्पष्ट हुन्छ । वास्तवमा विष्टले भन्नु भएजस्तै देशको नाम "नेपाल" नै "नेवार" शब्दबाट आएको वा नेवार भन्ने शब्द नै देशको नाम (नेपाल) बाट आएको हो ।[१७] त्यस्तै फ्रेन्च इतिहासकार लेभीले पनि 'नेपाल' र नेवार बीचमा घनिष्ट रूपले अन्तरसम्बन्धित भएको कुरा स्वीकार गर्दै लेख्नु भएको छ : "Either Newar derives its origin from the word Nepala or that Nepala owes on the contrary her name to the Sanskrit adaptation of the local ethnic name (Newari)[१८] भारतीय इतिहासकार सुनीतिकुमार चटर्जीले पनि भन्नु भएको छ : "It would appear, however, that the name Nepala came from that of a Tibeto-Burman (language) speaking tribe the ancestors of the present day Newar people" ।[१९] वास्तवमा नेपाल र नेवार दुवै शब्दहरू नेपार शब्दको नै अपभ्रंमित रूपहरू भएकोले नेवार र नेपालको घनिष्ट रूपले अन्तर सम्बन्धित भएका हुन् ।[२०] अतः नेपाल उपत्यका र वरपरका क्षेत्रहरूमा अति प्राचिनकाल देखि नै नेवारहरूकै वस्ती रहँदै आएकोमा कुनै शंका गर्ने ठाउँ छैन । र नेवारहरू यस क्षेत्रका आदिवासी एवं भूमिपुत्र हुन भन्नु कुनै अत्युक्ति हुने छैन । ब्रुक नर्देले ठिकै भन्नु भएको छ : "नेपाल खाल्डोको जनता नेवार हो ।"[२१] त्यस्तै टोनी हेगेनले भन्नु भएको छ :-"नेपाल उपत्यकामा बस्ती बसाली बसोवास गर्ने पहिलो जनसमुदाय हो नेवार । (The Newars were the first people to settle there in the Nepal Valley) ।[२२] र त्यसबेला नेपाल भन्नाले हालको काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूलाई मात्र जनाउँथ्यो । जे भएता पनि नेवार समुदायसित घनिष्ट रूपले सम्बन्धित नेपाल शब्दले प्राचिनकाल देखि नै एउटा पृथक देशको पहिचान दिइआएकोमा कुनै शंका छैन । वास्तवमा तत्कालिन गोरखा राज्यको विस्तारिकरण पश्चात विस्तारित राज्यको नाम "गोरखा" राख्न गरिएको पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूको प्रयास[२३] असफल भएको कुरा इतिहासबाट नै पुष्टि हुन आउछ । 'नेपाल' सधैं नेपाल नै रहि रह्यो । बरू 'नेपाल मण्डल' (नेपाल राष्ट्र) भन्ने देशवाचक शब्द भने प्राचिनकालदेखि मध्यकालसम्म प्रचलनमा रहेको पाइछ । "नेपाल मण्डल" भन्ने शब्द लिच्छवी राजा जयदेव (इ.सं. ७१३-७३३) को अभिलेखमा सर्वप्रथम उल्लेख गरिएको पाइन्छ ।[२४] "नेपाल मण्डल" भन्नाले मल्लकालिन कान्तिपुर, भक्तपुर, ललितपुर र दोलखाको संयुक्त क्षेत्रलाई जनाउथ्यो र नेपाल मण्डल भित्रको प्रत्येक राज्यको आ-आफ्नै प्रभाव क्षेत्रहरू समेत रहेका थिए । यस्तो तत्कालिन नेपाल मण्डल क्षेत्र भित्र हालको १२ वटा

१६ धनवज्र बज्राचार्य र हेमन्त राणा, टिप्टुङ, चितलाङ भेकका ऐतिहासिक सामग्री, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं, पृष्ठ १५-१६

१७ डोरवहादुर विष्ट, पिपुल अफ नेपाल, रत्न पुस्तक भण्डार, काठमाडौं, १९७२, पृष्ठ १६

१८ उद्धृत, मल्ल के सुन्दर, माथि उल्लेखित, पृष्ठ ३

१९ सुनीति कुमार चटर्जी, किरात जनकृति, दि एशियाटिक सोसाइटी, कलकत्ता, १९७४, पृष्ठ ६४

२० हेर्नुहोस्, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, श्री कृष्ण आचार्य, काठमाडौं, २०५४, पृष्ठ १८१

२१ प्रधानद्वारा उदधृत, लवबहादुर प्रधान, न्हूच्छे प्रधान परिवारको वंशावली, लेखक, काठमाडौं, २०२५, पृष्ठ १५

२२ टोनी हेगेन, नेपाल दि किङ्गदम इन दि हिमालयाज, अक्सफोर्ड आयण्ड आइवीएच पब्लिसिङ्ग कम्पनी, नयाँ दिल्ली, १९७१, पृष्ठ ८०

२३ यस्तो प्रयासकै सन्दर्भमा 'गोरखा राज्य', गोरखाली राजा जस्ता शब्दहरू आधिकारीक दस्तावेजहरूमा प्रयोग गरिएको बुझिन्छ । उदाहरणको लागि हेर्नुहोस्, नेपाल सरकार, मुलुकी सवाल, काठमाडौं, १९९३, योगी नरहरि नाथ र नरेन्द्रमान सिंह बस्नेत, (संकलक), इतिहास प्रकाशमा संन्धिपत्र संग्रह, (प्रकाशक र प्रकाशन साल नभएको), काठमाडौं ।

२४ धनवज्र वज्राचार्य, लिच्छवीकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्व विद्यालय, काठमाडौं, २०३०, पृष्ठ ५७३

जिल्लाहरू[२५] पर्दछन् र ती जिल्लाहरूको क्षेत्रफलले करिव १८,७४२ वर्ग कि.मी. (वर्तमान नेपालको जम्मा क्षेत्रफलको १२.७० प्रतिशत) ओगटेको पाइन्छ ।[२६] समग्रमा "नेपाल" शब्दको उत्पत्ति र विकाससित नेवार समुदाय घनिष्ट रूपले सम्बन्धित रहेको कुरा स्पष्ट हुन आउछ ।

## २.३ नेवार शब्द : उत्पत्ति र विकास

'नेपाल' नामको श्रृजना एवं विकासको सन्दर्भमा माथि उल्लेखित गरिएका विभिन्न सिद्धान्तहरू प्रतिपादन गरिए झैं 'नेवार' शब्दको उत्पत्ति र विकासको बारेमा पनि विभिन्न सिद्धान्तहरू प्रतिपादन गरिएको पाइन्छ ।

- पहिलो, नेवारहरू दक्षिण भारतको मालवा समुद्री किनारामा अवस्थित 'नायर' भन्ने स्थानबाट नेपाल उपत्यकामा आएको र 'नायर' भन्ने स्थानवाचक शब्दको अपभ्रंस भई 'नेवार' भन्ने शब्दको श्रृजना भएको हो भन्ने भनाइ रहेको छ । साथै नायर निवासीहरू र नेवारहरूको केही रितिरिवाजहरूमा समेत केही समानता रहेको पाइन्छ ।[२७] यस्तै एउटा वंशावलीमा पनि "नायर भन्याको देश (को) निवासी नेवारहरू भया" भनि उल्लेख गरिएको पाइन्छ ।[२८] यो सिद्धान्त धेरै समय अघिदेखि वौद्धिक वर्गमा चर्चाको विषय बन्दै आएको छ ।

- दोस्रो, माथि उल्लेख गरिए झैं 'नेवार' भन्ने शब्द देशवाचक र जातिवाचक शब्द 'नेपार'बाट अपभ्रंस भइ क्रमश: नेबार र नेवार भएको र 'नेवार' शब्दले भने जातिवाचक शब्दको रूप लिएको पाइन्छ । तामाङ भाषाको 'न्यार्वा' शब्द 'नेवार' शब्द कै संक्षिप्त रूप हो ।[२९]

- तेस्रो, नेवारहरू (विशेषत: हिन्दु वर्ग) राजस्थानको 'निवाड' भन्ने स्थानबाट आएको[३०] र कर्णाटक वंशी नान्यदेव यिनीहरूको पुख्यौली पुरूष हो भन्ने विचार

---

[२५] यी १२ वटा जिल्लाहरू हुन् : १) काठमाडौं २) ललितपुर ३) भक्तपुर ४) धादिङ ५) रसुवा ६) दोलखा ७) रामेछाप ८) सिन्धुली ९) काभ्रे १०) सिन्धुपाल्चोक ११) नुवाकोट १२) मकवानपुर, हेर्नुहोस्, काशीनाथ तमोट, नेपाल मण्डल, नेपाल मण्डल अनुसन्धान गुठी, ललितपुर, २०६४, पृष्ठ १८-१९

[२६] नेपाल मण्डल शब्द मध्यकालमा व्यापक रूपमा प्रयोग भएको थियो । यस शब्दले केन्द्रद्वारा सोझै शासन गरिने प्रदेश र सामन्तहरूद्वारा शासन गरिने प्रदेशहरू गरी दुवै किसिमका प्रदेशहरूलाई जनाउन्थ्यो । हेर्नुहोस्, धनवज्र वज्राचार्य, गोपालराज वंशावलीको ऐतिहासिक विवेचना, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०६४, पृष्ठ १५

[२७] गोपाल सिंह नेपाली, दि नेवार्स आयन इथ्नो सोसियलजिकल स्टडी अफ ए हिमालयन कम्यूनिटी, यूनाइटेड एशिया पब्लिकेशन्स, न्यू दिल्ली, १९६५, पृष्ठ २८-२९ र मिचले एलेन, रिच्यूयल, पावर आयण्ड जेन्डर एक्स्प्लोरेसन्स इन दि इथ्नोग्राफी अफ भानुवाटु, नेपाल आयण्ड आयरलायण्ड, मनोहर पब्लिसर्स आयण्ड डिष्ट्रिव्यूटर्स, न्यू दिल्ली, २०००, पृष्ठ २११-२४८

[२८] पुस्कर प्रसाद राजभण्डारीको संकलनमा रहेको राजपुत क्षेत्रीय वंशावली, पृष्ठ २३

[२९] विभिन्न कारणहरूबाट नेपाल उपत्यकाबाट केही नेवारहरू निर्वासित भइ वरपरका तामाङ जातिमा समेत मिसिन गएका थिए । त्यस्ता व्यक्तिहरूलाई तामाङहरूले 'न्यार्वा' भन्ने गर्दथ्यो । त्यस्तै देश वाचक शब्दको रूपमा "नेपार" शब्द मध्यकालमा समेत प्रयोग गरिएको पाइन्छ । नेपाल सम्बत् ६२४ मा नेपाल भाषामा रचित एउटा गीतमा "नेपालको" भन्नलाई "नेपारको" भन्ने शब्द उल्लेख गरिएको पाइएको छ । त्यस्तै पाटन खोकना गाउँको लाछीटोल जितापुर देवतामा रहेको शिलालेखमा "नेपाल सम्बत" भन्ने शब्दको सट्टा "नेपार सम्वत" (८७९) भन्ने उल्लेख गरिएको पाइएको छ । हेर्नुहोस्, सुभाप राम प्रजापति, मल्लकालिन रणभूमि वाभू, नेवाटेक इन्कपोरेटेड, वाशिङ्टन (अमेरिका), ने.सं. ११२६, पृष्ठ १७-१८ र धनवज्र बज्राचार्य, मध्यकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५६ पृष्ठ ४५३ र बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, श्री कृष्ण आचार्य, काठमाडौं, २०५४, पृष्ठ ११-१२

[३०] शिवराज श्रेष्ठ मल्ल, मिथिलाका कर्णाटवंशीहरू र नेपाल मण्डलमा उनीहरूको प्रभाव, शैलेशराज श्रेष्ठ, ललितपुर, २००४, पृष्ठ 'घ'

श्रेष्ठ मल्लले व्यक्त गर्नु भएको छ ।[३१] त्यस्तै कुलचन्द्र कोइरालाले पनि नेवार राजा जयस्थिति मल्लका सन्तानहरू कर्णाटकवंशी नान्यदेव वंशजहरूको पुत्रिका पुत्रहरू भएको र उनीहरू रघुवंशी माण्डव गोत्रका भएको कुरा स्वीकार गर्नु भएको छ ।[३२]

- चौथो, कुनै समयमा नेपाल उपत्यकामा बस्ने जुनसुकै जातजातिका लागि प्रयोग गरिने शब्द थियो 'नेवार' । नेपाल उपत्यकाबाट सन् १६०५ मा राजा रामशाहको समयमा व्यापार गराउने उद्देश्यले गोरखा लागिएका नेवारहरूले नै सवभन्दा पहिले उपत्यका निवासीहरूलाई जातिवाचक शब्दको रूपमा नेवार शब्द प्रयोग गरेका थिए भन्ने मत पनि रहेको पाइन्छ । तत्पश्चात सन् १६५४ मा राजा प्रताप मल्लले आफ्नो लायकु (राजदरवार) मा राख्न लगाएको शिलालेखमा नेवार भाषा (नेपाल भाषा) को लिपिको सन्दर्भमा 'नेवार' भन्ने शब्द प्रयोग गरेका थिए । त्यसरी नेवार शब्द प्रयोग हुनु पूर्व तत्कालिन "नेपाल"का निवासीहरूलाई क्रमश: "नेपार" र "नेपाल" शब्दहरू नै जातिवाचक शब्दको रूपमा प्रयोग गरि सम्बोधन गरिन्थ्यो भन्ने कुराको अनुमान गर्न सकिन्छ ।

- पाँचौं, नेवार कुनै जात मात्र होइन । ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र जस्ता चारै वर्णहरू सहितको एउटा समुदाय हो नेवार । नेपाल राष्ट्रसित अति घनिष्ट रूपले प्राचिनकाल देखिनै सम्बन्धित रही आएको आदिवासी एवं भूमिपुत्र हो नेवार । यो जनजाति पनि हो ।[३३] यसको आफ्नै स्वतन्त्र पहिचान रहि आएको छ ।

- छैथौं एवं अन्तिममा 'नेवार' एउटा भूमिपुत्र/आदिवासी, जनजातिको समुदाय मात्र होइन । वास्तविक रूपमा यो आफैमा एउटा 'राष्ट्र' पनि हो । यस तथ्यलाई डिल्लीरमण रेग्मीले समेत स्वीकार गर्नु भएको छ ।[३४] यसलाई पुष्टि गर्न मुख्यतया तिनवटा कुराहरूलाई प्रस्तुत गर्न सकिन्छ ।
    - पहिलो, कुनै पनि समुदायलाई 'राष्ट्र' को रूपमा हेर्न सकिन्छ वा सकिदैन भन्ने कुराको निर्क्योल केही आधारभूत कुराहरूको आधारमा गर्न सकिन्छ । त्यस्ता आधारभूत कुराहरू हुन् :
        - साझा पुर्ख्यौली भूमि
        - साझा भाषा

---

३१ श्रेष्ठ मल्लको भनाइ अनुसार नेवारहरू राजस्थानको 'निवाड'/'नेवाड'बाट आएको कुराको पुष्ट्याइ हुने कुनै पनि वंशावली र दस्तावेजहरू राणा शासकहरूले सुरक्षित हुन नदिएको र चन्द्र शमशेरको शासनकालमा त त्यस्ता वंशावली एवं ऐतिहासिक दस्तावेजहरू नष्ट नै गरिएको थियो । हेर्नुहोस्, शिवराज श्रेष्ठ मल्ल, ऐजन, पृष्ठ 'क'

३२ श्रेष्ठ, 'मल्ल' द्वारा उद्घृछ, शिवराज श्रेष्ठ मल्ल, ऐजन, पृष्ठ ६

३३ यहाँ जनजाति भन्नाले यस्तो एउटा मानव समुदायलाई जनाउँछ,जसको आफ्नो खास पुर्ख्यौली भौगोलिक थलोसित घनिष्ट रूपले सम्बन्धित रहेको हुन्छ र जसले एउटा सर्वमान्य साँस्कृतिक परम्परा (common cultural heritage) मान्दै आएका हुन्छन् । भारतको सिक्किम, दार्जिलिङ्ग, आसामदेखि भूटान र नेपालकै विभिन्न भागहरूमा छरिएर रहेका सवै नेवारहरूले आफ्नो पुर्ख्यौली थलोको रूपमा नेपाल उपत्यकालाई नै मान्दै आएका छन् । त्यस्तै यो विभिन्न स्थानहरूमा बसोबास गर्दै आएका सबै नेवारहरूले एउटा सर्वमान्य साँस्कृतिक परम्परा (Common cultural heritage) ग्रहण गर्दै आएका छन् । यस सम्बन्धि अवधारणाको लागि, हेर्नुहोस्, किम्बाल योङ्ग र रेमण्ड डब्लु मायक, सिस्टेमेटिक सोसियोलोजी, एफिलियटेड इप्ट वेप्ट प्रेस प्राइभेट लिमिटेड, नयाँ दिल्ली, पृष्ठ ४८९-४९१ । विस्तृत विवरणको लागि, हेर्नुहोस्, परिशिप्ट २.१

३४ उदधृत, दिपकराज बराल, विविधतामा भित्रको समाज नेवार, तिलक प्रकाश र अन्य (सम्पादकहरू), नेवा: संस्कृति र संस्कार, जगत लक्ष्मी स्मृति समाज काठमाडौं, वि.सं. २०६३ पृष्ठ १४९

- साझा आर्थिक सम्बन्ध
- साझा संस्कृति र
- साझा मनोवैज्ञानिक भावना[३५]

नेवार समुदायमा राष्ट्र कहलिनको लागि आवश्यक पर्ने उक्त आधारभूत तत्वहरू सबै विद्यमान रहेको पाइन्छ । "नेपाल मण्डल" भनिएको नेपाल उपत्यका र वरपरका क्षेत्रहरू नेवार समुदायको साझा पुर्ख्यौली भूमि हो । यो उनीहरूको पुर्ख्यौली भौगोलिक थलो नै हो । नेपाल भाषा नेवारहरूको आफ्नो साझा मातृभाषा हो । भारत लगायत नेपालको विभिन्न भागहरूमा बसोबास गर्दै आएका नेवारहरू मध्य स्थानीय परिवेशबाट प्रभावित भई अधिकांशले नेपाल भाषा बोल्न छोडेको पनि पाइन्छ । तथापि नेवार भएको नाताले उनीहरूको मातृभाषा 'खस भाषा' (हाल नेपाली भाषा भनिएको) हुन सक्दैन ।[३६] वंशानुगत रूपले भन्ने हो भने नेपाल भाषा नै उनीहरू सबैको साझा मातृभाषा हो ।

पृथ्वीनारायण शाहबाट नेपाल उपत्यकाको विजय गरिए पश्चात नेवारहरूलाई सैनिक सेवाबाट अल्लग गरियो र शासन सत्ताबाट समेत विस्थापित गरियो । फलस्वरूप अधिकांश नेवारहरू व्यापार व्यवसाय र कृषि क्षेत्रमा नै कार्यरत रहन बाध्य भए । सिमित संख्याका नेवारहरूले सरकारी सेवामा कार्यरत रहने अवसर पनि पाएका थिए । तथापि अधिकांश नेवारहरूको व्यापार व्यवसाय र कृषि क्षेत्रको साझा आर्थिक सञ्जाल एवं सम्बन्धबाट बाँधिएर रहेको पाइन्छ । परम्परागत दृष्टिकोणबाट भन्ने हो भने नेवार समुदाय भित्रको विभिन्न समूहहरू बिचमा आर्थिक अन्तर सम्वन्ध समेत रहेको पाइन्छ । ब्राह्मणहरूको आफ्नो जजमानहरूमा आफ्नो जिविकोपार्जनको लागि निर्भर रहेका हुन्छन् । त्यस्तै कुश्ले, नापित एवं अन्य जातिय समूहहरू पनि अन्य समूहको सेवाको लागि आ-आफ्नो जातिगत कार्यहरू गरी आ-आफ्नो आय आर्जन गरिरहेको पाइन्छ । त्यस्तै नेवारहरूको विविधतायुक्त आफ्नै साझा साँस्कृतिक परम्परा रहेको पाइन्छ र उनीहरूमा 'हामी नेवार हौं' 'नेपाल उपत्यका (नेपाल मण्डल) हाम्रो साझा पुर्ख्यौली थलो हो' भन्ने साझा मनोवैज्ञानिक भावना प्रशस्त मात्रामा विद्यमान रहेको पाइन्छ ।

- दोस्रो, यस परिच्छेदको विभिन्न ठाउँहरूमा चर्चा गरिए जस्तै इतिहासको विभिन्न कालखण्डहरूमा दक्षिण र उत्तरतिरबाट आइ नेपाल उपत्यका र

---

[३५] नेपाल कम्युनिष्ट पार्टी (एमाले), जाति, भापा, धर्म र संस्कृति सम्बन्धी हाम्रो नीति, काठमाडौं, २०५४, पृष्ठ ४ । हेर्नुहोस, "राष्ट्र" को परिभापा बारेमा काउजरको विचारधाराको लागि, परिशिष्ट २.२

[३६] राष्ट्रिय जनगणनाको समयमा "नेपाल भापा" बोल्न छोडेको नेवारहरूको मातृभापा "खस भापा" भनि उल्लेख गरिएकोले नेवार समुदायको संख्यात्मक परिणाम वास्तविकता भन्दा फरक पाइएको छ । अत: नेवारहरूको संख्या जनगणनामा दिइएको संख्या भन्दा धेरै वढी हुनु पर्दछ भन्ने विचार बुद्धिजिवीहरूको रहेको छ । २००१ को जनगणनामा दिइएको जम्मा संख्या (१२,४५,२३२) मध्य केवल ८,२५,४५८ ले मात्र नेपाल भापालाई आधिकारिक रूपमा आफ्नो मातृभापा स्वीकार गरेको देखाइएको छ । हेर्नुहोस, बिनोद सायमी "आल: नेवा: तथ्याङ्क व नेपाल मण्डल लागा, इलोह प्रकाशन, काठमाडौं, ने.सं. ११२९, पृष्ठ २१, २६

वरपरका क्षेत्रहरूमा बसोवास गरेका मानव समूहहरू र यहाँका शासन सत्ता समेत आफ्नो हातमा लिन सफल भएका बंशजहरूका सन्तानहरू नै कालान्तरमा नेवार समुदायको रूपमा रूपान्तरण भएका थिए । अत: नेवार समुदाय कुनै जात होइन । वरू यसमा हरेक तप्का र तहका जातजाति, विभिन्न धर्म,[३७] नश्ल एवं वंशका मानिसहरू समाहित भएको पाइन्छ । जस्तो वर्तमान नेपालको पूर्व-मेची देखि पश्चिम महाकाली सम्मका भूभागमा बसोवास गर्ने सवै जातजाति, धर्म र नश्लका मानव समुदायहरूलाई सामूहिक रूपमा नेपाली भनिन्छ, त्यस्तै तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहद्वारा विजय हुनु पूर्व नेपाल उपत्यका र वरपरका क्षेत्रहरूमा बसोबास गर्ने सवै जातजाती, नश्ल, धर्मको मानव समूहहरूलाई सामूहिक रूपमा "नेवार" भनिन्थ्यो र उनीहरूले नै तत्कालिन नेपालका "नेपाली" थिए । नेपाल उपत्यकाका तिनवटा राज्यहरू– कान्तिपुर, भक्तपुर र ललितपुर र वरपरका क्षेत्रहरू र नेपाल उपत्यका बाहिरका दोलखा सहितको नेपाल मण्डल उनीहरूको राज्य थियो । त्यहाँका निवासीहरू नै नेवारको रूपमा चिनिन्थ्यो ।[३८] वास्तवमा उनीहरूको समुदायले नै तत्कालिन नेपालको राष्ट्रियताको प्रतिनिधित्व गर्दथ्यो । अत: नेवार कुनै खास जात नभइ वर्तमान नेपालको राष्ट्रियताको वास्तविक यथार्थताको विगतको व्यवहारिक रूपको प्रतिनिधित्व गर्ने समुदाय हो । ऐतिहासिक दृष्टिकोणबाट भन्ने हो भने नेवार नेपालको राष्ट्रियताको पुरातात्विक पहिचान हो ।

नेपाल उपत्यका र वरपरका क्षेत्रहरू मात्र नेपाल राष्ट्रको रूपमा परिचित भइरहेको समयमा नेवार समुदायले नै उक्त राष्ट्रको राष्ट्रियताको प्रतिनिधित्व गर्नु अस्वभाविक थिएन । अत: नेवार समुदाय र नेपाल राष्ट्रको राष्ट्रियताको बीचमा ऐतिहासिक दृष्टिकोणबाट घनिष्ट रूपले नै अन्तर सम्बन्धित हुँदै आएको छ भन्नु अत्युक्ति हुने छैन । वास्तवमा स्लेभेन लेभीले भन्नु भए जस्तै नेपाल उपत्यकाका जनता नै क्रमश: नेवार समुदायको रूपमा रूपान्तरण भएका हुन् । उनीहरूको भौगोलिक क्षेत्रलाई नै नेपाल भनियो र उनीहरूको भाषालाई नै नेपाल भाषा मानियो ।[३९]

---

१७ पृथ्वीनारायण शाहले विजय गर्नु पूर्व नेपाल उपत्यकामा हिन्दू, बौद्ध, इस्लाम, इसाइ धर्मावलम्वी नेवारहरू थिए । पृथ्वी नारायण शाहले क्रिश्चियन नेवारहरूलाई देश छोडेर जान आदेश दिएका थिए र त्यसरी देश छोडेर गएका क्रिश्चियन नेवारहरूका सन्तानहरूको बस्तीहरू भारतको विहार राज्यको बेतिया र केही मात्रामा रामनगरमा हालसम्म पनि विद्यमान छन् । देश छोड्न नचाहने क्रिश्चियन नेवारहरूलाई पृथ्वीनारायणको आदेशमा हत्या गरिएका थिए ।

१८ अपवादको रूपमा खस समुदायका केही व्यक्तिहरूले आफ्नो छुट्टै पहिचान कायम राखेका पनि थिए । तथापि अधिकांश खसहरू ( "खस" भन्नाले वास्तविक रूपमा के जनाउँछ र कसलाई जनाउँछ भन्ने बारेको विस्तृत विवरणको लागि हेर्नुहोस् परिशिष्ट २.३) समेत नेवार समुदायमा विलिन हुन पुगेका थिए । राणाकालमा समेत नेपाल उपत्यकाको अधिकांश वस्तीहरू नेवारहरूकै थिए । पहिलो राणा प्रधानमन्त्री जंगबहादुरले विक्रम सम्वत् १९१० मा जारी गरेको मुलुकी ऐनमा समेत नेवारहरूलाई तीन शहर ( कान्तिपुर, भक्तपुर र ललितपुर) का नेवार भनि उल्लेख गरिएको छ । हेर्नुहोस्, तत्कालिन श्री ५ को सरकार, मुलुकी ऐन, कानून तथा न्याय मन्त्रालय, काठमाडौं, २०२२, पृष्ठ ६४२-६४५

१९ रवर्ट आइ लेभी, मेसोकोजम: हिन्दूजम आयण्ड दि अर्गनाइजेसन अफ ए ट्रायडिसनल नेवार सिटी इन नेपाल, मोतीलाल वनारसी दास पब्लिसर्स प्राइभेट लिमिटेड, दिल्ली, १९९२, पृष्ठ ११

- तेस्रो, खस समुदायमा ब्राह्मण, क्षेत्री र शुद्र वर्णका मानव समुहहरू मात्र छन् । वैश्य वर्ण उक्त समुदायमा पाइदैन । तर नेवार समुदायमा ब्राह्मण,[४०] क्षेत्री,[४१] वैश्य[४२] र शुद्र[४३] चार वटै वर्णका मानव समूहहरू छन् । यसको अतिरिक्त गोपाली (सापु) महिषपाली (मेपु), ज्यापू जस्ता आदिवासी, श्रेष्ठ, थकु, प्रधान, अमात्य जस्ता मल्लकालिन भारदारहरूको समूह, राजोपाध्याय, गुरूवाचार्य, कर्माचार्य, जोशी जस्ता गुरूत्व र ब्रह्मत्वको प्रतिनिधित्व गर्ने वर्ग,[४४] बलामी, दुँइ, पहरी, पुतुवार जस्ता पिछडिएका वर्ग र पोँडे, च्यामे जस्ता हरिजनहरू समेत नेवार समुदायमा छन् । परम्परागत हिन्दू सामाजिक संरचनाको दृष्टिकोणबाट भन्ने हो भने यसरी विभिन्न जात-जातिका वर्ण र कर्म गरिरहेका समूहहरूबाट पूर्ण भएको समाजले राष्ट्रको रूप धारण गर्न सक्ने[४५] भएको भन्ने भनाइ श्रेष्ठको रहेको छ र यसै दृष्टिकोणबाट पनि नेवार समूदायलाई एउटा राष्ट्रको रूपमा हेर्न सकिन्छ ।

  समग्रमा भन्ने हो भने नेवार एउटा खास जात नभइ यो एउटा राष्ट्रको रूपमा विद्यमान रहेको समुदाय हो । वास्तवमा नेपालको राष्ट्रियताको सुरूआत नै 'किराँत नेवार' भनिएका नेवारहरूबाट भएको थियो ।[४६] अत: 'नेवार' समुदायले एक राष्ट्रको नै प्रतिनिधित्व गर्दछ । पृथ्वीनारायण शाहबाट नेपाल उपत्यकाको विजय गरिनु पूर्व यस समुदायको सार्वभौमसत्ता सहित आफ्नै राष्ट्र-राज्य[४७] थियो । तर हाल यस समुदाय केवल एउटा "राष्ट्र" (बढी स्पष्टताको लागि उपराष्ट्रियता पनि भनिएको) को रूपमा मात्र विद्यमान रहिआएको छ । संक्षेपमा भन्ने हो भने नेवार नेपाल उपत्यकाको आदिवासी एवं भूमिपुत्र पनि हो । यो जनजातिको समूह पनि हो । यी सबैको अतिरिक्त नेवार आफैमा एउटा राष्ट्र नै हो ।

## २.४ नेवार समुदायको बनावट एवं पृष्ठभूमि

नेवार समुदायको बनावटको पृष्ठभूमिको चर्चा निम्न बुँदाहरूको आधारमा गर्ने प्रयास गरिनेछ :

---

४० धर्म, कर्म, जोतिप, शिक्षा दिक्षा आदि सम्वन्धी गुरूत्व र ब्रह्मत्वबाट परिपूर्ण भएको मानव समूह ।

४१ देशको सुरक्षा, राजनीति र शासन/प्रशासन सम्बन्धी कार्य गर्न सक्ने क्षेत्रीयत्वको गुण भएका मानव समूह

४२ व्यापार, उद्योगधन्दा, कृपि जस्ता उत्पादनमुलक कार्यहरू गर्ने क्षमता भएको मानव समूह ।

४३ अन्य वर्णका मानिसहरूको सेवा गर्ने र सरसफाईको समेत कार्य गरी समाजको वातावरणलाई स्वच्छ गर्न सक्ने शुद्रत्वको गुण भएको मानव समुह

४४ हेर्नुहोस्, हरेराम जोशी, त्रिदेव स्वरूप ब्राह्मण, कर्माचार्य, जोशी, जोशी रिसर्च इन्स्टिच्यूड, ललितपुर, २०६१

४५ रेवतीरमणानन्द श्रेप्ठ, नेवा:, साहित्यमा मूलुखा:, ने.सं. ११२१, पाटन, पृष्ठ ४२

४६ आजभन्दा करिव अट्ठाईस सय वर्प पहिले नेपाल उपत्यकाका किराँत वर्गका एक विशिप्ट जाति "किराँत नेपार/नेवारहरू"ले भारतको आर्यवर्तीय सभ्यताको प्रकाश प्राप्त गरेका थिए । त्यसरी सभ्यताको प्रकाश प्राप्त भएपछि मात्र नेपाली राप्ट्रियताको आधार स्थापित भएको कुरा बाबुराम आचार्यले व्यक्त गर्नु भएको छ । हेर्नुहोस्, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित, पृष्ठ, ८०

४७ सार्वभौमसत्ता (internal and external supremacy of state को अर्थमा) सहितको राप्ट्रलाई राप्ट्र-राज्य (nation-state) भनिन्छ भने सार्वभौमसत्ता नभएको तर साझा पुर्ख्यौली भूमि, साझा भापा, साझा आर्थिक सम्बन्ध, साझा संस्कृति र साझा मनोवैज्ञानिक भावना भएको कुनै पनि समुदायलाई राप्ट्र भनिन्छ । यस दृप्टिकोणबाट वर्तमान अवस्थामा नेपाल एउटा राप्ट्र-राज्य (nation-state) हो । कारण नेपाल सार्वभौमसत्ता सहितको नेपाली समुदायको राप्ट्र हो । तर नेवार राप्ट्र-राज्य (nation-state) होइन कारण यसमा सार्वभौमसत्ता निहित रहेको छैन । तर नेवार एउटा राप्ट्र भने पक्कै हो ।

- आदिम पुर्खाहरू
- किरात नेवार/नेपारहरू
- लिच्छवीहरू
- वैश ठकुरी र थकुजुजुहरू
- मल्ल र सिंहहरू
- नेवार समुदायको बनावट र योगदान

### २.४.१ आदिम पुर्खाहरू

माथि उल्लेख गरिए जस्तै तलाउको रूपमा रहेको नेपाल उपत्यकाको पानीले चोभारको गल्छिबाट निकास पाए पश्चात करिव ३ हजार वर्ष पहिले यहाँ मावनवस्तीको विकास भएको थियो । त्यसरी मानववस्तीको विकास गर्ने गोपाली र महिषपालहरू नै (नेपाल भाषामा क्रमशः सापु र मे:पु भनिने)[४८] वर्तमान नेवार समुदायका आदिम पुर्खाहरू हुन् । यो ग्रोपाली र महिषापाली वंशका राजाहरूले नै नेपाल उपत्यकाको इतिहासको सुरूवाटको अवधिमा नै राज्य संचालन गरेका थिए । उनीहरूबाटै नेवार समुदायको बनावटको क्रमको सुरूवाट पनि भएको थियो भन्न सकिन्छ ।

### २.४.२ किरात नेवारहरू

प्राचिनकालमा गोपाली र महिषपालीहरूबाट किराँतीहरूले[४९] शासनभार आफ्नो हातमा लिएका थिए । काठमाडौं उपत्यकाका किराँतहरूले आर्यावर्तका आर्यहरूबाट सभ्यताको प्रकाश प्राप्त गर्न सफल भएकोले अन्य किराँती समूहहरूको तुलनामा उनीहरू निकै सभ्य र विकसित अवस्थामा पुगेका थिए । यी किराँतहरूलाई नै बाबुराम आचार्यले "किरात नेवार" भन्नु भएको छ ।[५०] उनीहरू पनि नेपालको आदिम जाति हुन् भन्ने विचार बाबुराम आचार्यले व्यक्त गर्नु भएको छ ।[५१] किराँतवंशका २९ जना राजाहरूले राज्य गरेका थिए । उनीहरूले गोकर्णमा राजधानी बनाई सोही ठाउँबाट देशको शासन संचालन गरेका थिए ।

किरात शासकहरूले आफूले विस्थापित गरेका गोपाली र महिषपालीहरूको जमिन आफ्नो हात पारे र उनीहरूलाई आफ्नो जमिनमा कृषक मजदूरको रूपमा कार्य गर्न बाध्य पारे । फलस्वरूप

---

४८ केहि दशक अघिसम्म पनि सा:पु र मे:पुहरूको बाक्लो वस्ती काठमाडौंको किलागल टोलमा थियो । तिनीहरूको परम्परागत पेशा गाईभैंसी पाल्ने र दूध बेच्ने रहेको थियो । हाल यी सा:पु र मे:पुहरू शहरका विभिन्न भागहरूमा छरिएर रहेका छन् । यिनीहरू ज्यापू समुदायका अभिन्न अंगको रूपमा रहेका छन् ।

४९ प्राचिनकालमा हिमालय पर्वत-श्रृंखलाको दक्षिणतिरको पहाडि एवं समथल मैदानहरूमा आवादी फैलाइरहेका एक विशिष्ट जनसमुदायलाई आर्यहरूले "किरात" (शाब्दिक अर्थमा छेउछेउ लागेर हिड्ने) नामाकरण गरेका थिए । यी किरातीहरूको एक समूहले नेपाल उपत्यकामा बसोवास गरी आर्यहरूबाट प्राप्त सभ्यताको प्रकाशलाई सदुपयोग गरी सभ्य र विकसित अवस्थामा पुग्न सफल भएका थिए । यिनीहरूले अप्ट्रो एशियन वा आग्नेय देशी भापा परिवारको भापा बोल्दथ्ये । हेर्नुहोस्, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित २०५४, पृष्ठ ९

५० बाबुराम आचार्य, ऐजन, पृष्ठ १५

५१ ऐजन, पृष्ठ ९

उनीहरूको सन्तान वर्तमान ज्यापू/महर्जन वर्गमा समाहित हुन पुगे । साथै नेपाल उपत्यका बाहिर सुनकोशीको किनारसम्म पनि किराँत नेवारहरूको बस्ती फैलिएको थियो ।[५२]

किरातकालमा अधिक संख्यामा रहेका गोपाली र महिषपालीहरूले बोल्ने आभीर भाषालाई नै किरातहरूले अंगिकार गरेका थिए । तथापि उक्त भाषामा किरातीहरूको आफ्नै भाषाको पनि प्रभाव गर्न गएको फलस्वरूप गोपाली/महिषपाली र किरातीहरूको भाषाहरूको संमिश्रणबाट एक प्रकारको नयाँ भाषाको श्रृजना भएको आभाष पाइन्छ । यसै नयाँ भाषालाई पछि कालान्तरमा नेपाल भाषा (नेवारी भाषा) भनिएको हो । सो भाषा बोल्ने किरातहरू पनि नेवार समुदायमा समाहित हुन गएको थियो ।[५३]

### २.४.३ लिच्छवीहरू

विक्रम सम्बत पूर्वको दोस्रो शताब्दीतिर नेपाल उपत्यकामा बौद्ध धर्मको निकै मात्रामा प्रचार प्रसार भएको थियो । यो बुद्ध धर्मको पहिलो प्रवाह थियो । यसबाट तत्कालिन किरात नेपार/नेवारहरूको संस्कृति शान्तिमय हुन गएको थियो । फलस्वरूप बैशालीबाट पलायन भइ नेपाल उपत्यका प्रवेश गरेका लिच्छवीहरूले "किराती नेवार/नेपारहरू"लाई सजिलैसित पराजित गरी शासन सत्ता आफ्नो हातमा लिन सफल भएका थिए । यी लिच्छवीहरूसँग अन्य समूहरूहरू (विशेषत: विदेहहरू) पनि उनीहरूकै सहयोगीका रूपमा आएका थिए । लिच्छवीहरू क्षेत्रीय थिए भने विदेहहरू (विदेह/ मिथिलाका विदेहहरू) विशेषत: ब्राह्मण वर्गका थिए ।[५४] जे भएता पनि अल्पसंख्यामा रहेका लिच्छवीहरूले बहुसंख्यामा रहेका स्थानीय किरात नेवार/नेपारहरूको भाषा बोल्न र उनीहरूको संस्कृतिलाई अपनाउन बाध्य भएका थिए । फलस्वरूप कालान्तरमा यी लिच्छवीहरू पनि नेवार समुदायमा विलिन हुन पुगे ।[५५]

### २.४.४ बैश ठकुरी र थकुजुजुहरू

लिच्छवीकालको अन्तिम समयमा पुन: एक पटक बौद्ध धर्मको प्रचार प्रसार निकै मात्रामा भयो । यस धर्मको शान्तिवादी नीतिबाट लिच्छवीहरू पनि प्रभावित भए । फलस्वरूप उनीहरूको क्षेत्रीयत्वमा

---

[५२] ऐजन,

[५३] वावुराम आचार्यको भनाई अनुसार नेवारहरू मुलत: आर्य जातिका थिए र उनीहरूले आफ्नो मूल भापा परित्याग गरी किरातवर्गको भापालाई ग्रहण गरेका थिए । हेर्नुहोस्, ऐजन, पृष्ठ ११-१२

[५४] मगधका राजा अजातशत्रुवाट पराजित भएका वृजि संघ अर्न्तगतका लिच्छवीहरू बैशालीबाट पलायन भइ व्यापार र व्यवसायको खोजीमा नेपाल उपत्यका भित्र प्रवेश गरेका थिए । आर्यवर्तका यी आर्य लिच्छवीहरूले नेपाल उपत्यकामा प्रवेश गरे पश्चात करिव सय डेढ सय वर्प भित्रमा यहाँका शासन सत्ता आफ्नो हातमा लिन सफल भएका थिए ।

[५५] आर्य लिच्छवीहरूले किरात नेवार/नेपारहरूको भापा र संस्कृति अपनाएतापनि सो भापा र संस्कृतिमा उनीहरू (लिच्छवीहरू) को आफ्नै भापा र संस्कृतिको प्रभाव पनि केही हदसम्म कायम रहन गयो । यस किसिमले एक किसिमको गिश्रित संस्कृतिको विकास हुन गयो । र यस संस्कृतिले भारतीय संस्कृतिबाट अल्लगिएर आपनै छुट्टै पहिचान सहितको अस्तित्व प्रदान गरेका थिए । हेर्नुहोस्, बावुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, ऐजन, पृष्ठ, ८१-८२

ह्रास हुन गयो । यस्तो अवस्थामा नवौं शताब्दीमा उत्तरी भारतबाट व्यापार व्यवसायको खोजीमा नेपाल उपत्यकामा प्रवेश गरेका वैश ठकुरीहरूले सैनिक सेवामा प्रवेश गरी क्रमशः क्षेत्रीयत्वका गुणको विकास गरी क्षेत्रीय नै बने । यी वैश ठकुरीहरूले बौद्ध धर्मको शान्तिवादी नीतिबाट प्रभावित लिच्छवीहरूलाई हराइ शासन सत्ता आफ्नो हातमा लिन सफल भएका थिए ।[५६] यसै वंशका पहिलां राजा राघवदेवको शासनकालमा नै शंखधर साख्वाले नेपाल सम्वत चलाएका थिए ।[५७]

सत्ता प्राप्त गरिसकेपछि वैश ठकुरीहरूले लिच्छवीहरूलाई शासन व्यवस्थाबाट पूर्ण रूपमा विस्थापित गर्नुको साथै सवै किसिमका राजनैतिक अधिकारबाट समेत बञ्चित गरेका थिए । उनीहरूलाई केवल शिल्प, व्यापार व्यवसाय र खेतीपाती सम्बन्धि क्षेत्रहरूमा मात्र कार्यरत रहन बाध्य बनाइयो । फलस्वरूप ती लिच्छवीहरू पनि कालान्तरमा ज्यापू वर्गमा समाहित हुन पुगे । बौद्ध धर्मावलम्वी लिच्छवीका सन्तानहरू भने आजका उदासहरूमा सम्मिलित हुन पुगेको आभाष पाइन्छ । त्यस्तै सनातन धर्मको पाशुपत सम्प्रदायका लिच्छवीहरू भने गृहस्थ र सन्यासी गरी दुई वर्गमा विभाजित थिए । गृहस्थहरू नेवार समाजको विभिन्न समूहहरूमा मिसिन गए । सन्यासीहरूले भने आफ्नो आचार, व्यवहार र मर्यादा विपरित गृहस्थ नै बन्न पुगेको फलस्वरूप यिनीहरू समाजमा तिरस्कृत भए । यिनीहरूका सन्तानहरू नै वर्तमान पोडे[५८] वर्गमा रूपान्तरण भए । त्यस्तै केही लिच्छवीहरू कपालिक सम्प्रदायक अनुयायी थिए र उनीहरूका सन्तान नै वर्तमान कपाली/कुश्लेमा रूपान्तरण हुन आएको छ । यस किसिमले प्राचिनकालका लिच्छवीहरूले नेवार समाजको सामाजिक संरचनाको निर्माणमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

मध्यकालको सुरूबाट नै वैश ठकुरीहरूको शासनकाल प्रारम्भ हुन्छ । यिनीहरूको शासनकालमा दुईवटा राजवंशहरू “देव” र “मल्ल” देखा परे । देववंशको राजा हुँदा मल्लवंशको युवराज हुने र मल्ल वंशका राजा हुँदा देववंशको युवराज हुने एक किसिमको अनौठो प्रचलन चलेको थियो । त्यस्तै वैश ठकुरीहरूको शासनकालमा केन्द्रिय सरकार कमजोर भएकोले कान्तिपुर, भक्तपुर र ललितपुरको टोल-टोलमा पुस्तौनी शासकहरूको बोलवाला चलेको थियो । ‘थुकजुजु’ (ठकुरी

५६ कुनै कुनै इतिहासकारहरूले यी वैश ठकुरीहरूलाई नुवाकोटबाट नेपाल उपत्यकामा प्रवेश गरेका नुवाकोटे वैश्य ठकुरी हुन भनेका छन् ।

५७ शंखधर साख्वालाई २०५६ सालमा कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा रहेको सरकारले राष्ट्रिय विभुती घोषणा गरेका थिए भने माओवादीको नेतृत्वमा रहेका सरकारले २०६५ सालमा नेपाल सम्वतलाई राष्ट्रिय सम्वतको रूपमा मान्यता दिएका थिए ।

५८ नेवार समुदायको पोंडे समूह वर्तमान भारतको वंगाल राज्यको “पौंड” भन्ने स्थानबाट आएको र पौंडबाट अपभ्रंस भई “पोंडे” भएको भन्ने रेग्मीको भनाइ पनि रहेको छ । हेर्नुहोस्, जगदीश चन्द्र रेग्मी, नेवारी संस्कृतिको रूपरेखा, अफिस अफ नेपाल एण्टीक्वेरी काठमाडौं, २०३५, पृष्ठ ११

राजा, ठक्कु मल्ल) भनिने यस्ता टोलीया राजाहरू कान्तिपुरमा मात्र १२ जना थिए । यी थकुजुजुहरू नै नुवाकोटबाट नेपाल उपत्यकामा प्रवेश गरेका वैश्य ठकुरीहरू हुन भन्ने भनाइ पनि रहेको छ । यस्तै किसिमका स्थानीय शासकहरू भक्तपुर र ललितपुरमा पनि थिए ।[५९] कालान्तरमा थकुजुजु लगायत वैश ठकुरीहरूले पनि नेपाल भाषा र नेवारी संस्कृति अंगिकार गरी नेवार समाजमा मिसिन पुगे र उनीहरू वर्तमान नेवार समाजका अभिन्न अंग बन्न पुगे । 'थकु जुजु' (ठक्कु मल्ल) भन्ने समूह वर्तमान नेवार समाजमा अहिले पनि विद्यमान रहेको पाइन्छ ।

### २.४.५ मल्ल र सिंहहरू

बाह्रौ शताब्दिको अन्त्यतिर बैश ठकुरीहरूलाई मल्ल वंशका राजाहरूले शासन सत्ताबाट विस्थापित गरी सम्पूर्ण शासनाधिकार आफ्नै हातमा लिए । भारतबाट नै नेपाल उपत्यका प्रवेश गरेका यी मल्ल वंशका राजाहरूले अठारौं शताब्दीका उत्तरार्धसम्म नेपालमा शासन गरेका थिए । यी मल्ल राजाहरू राजपुत/क्षेत्री/ठकुरी नै हुन् । तथापि यिनीहरूले नेपाल भाषा र नेवारी संस्कृति अंगिकार गरी नेवार राजपुत क्षेत्री/ठकुरी भए र यिनीहरू नेवार राजाको रूपमा रूपान्तरण भए । यी मल्ल राजाहरूका सन्तानहरू वर्तमान नेवार समुदायको उच्च स्तरीय जातिको नेवारमा गणना हुन्छ । समग्रमा भन्ने हो भने पृथ्वी नारायण शाहले नेपाल उपत्यकाको विजय गर्नुपूर्वसम्म पनि नेपाल राष्ट्रको खास निवासीहरूको प्रतिनिधित्व उपत्यका र वरपरका क्षेत्रहरूमा बसोवास गरेका नेवारहरूले गर्दै आएको कुरामा कुनै शंका छैन ।[६०]

पूर्व मध्यकालमा नेपाल उपत्यका र वरपरका क्षेत्रहरू- नुवाकोट, धुलिखेल, बनेपा, दोलखा इत्यादि एउटै राज्यको रूपमा अस्तित्वमा रहेका थिए । उत्तर मध्यकालमा[६१] कान्तिपुर, भक्तपुर र ललितपुर गरी तिनवटा स्वतन्त्र राज्यहरू उदय भएको थियो । प्रत्येक राज्य अर्न्तगत वरपरका केही गाउँ एवं क्षेत्रहरू रहेका थिए । त्यस्तै दोलखा पनि इतिहासको कुनै कालखण्डमा एउटा स्वतन्त्र नेवार राज्यको रूपमा

---

५९ हेर्नुहोस्, ललितपुरका स्थानीय शासकहरूको सन्दर्भमा, रवि शाक्य, यलया माहापाल जुजुपिनी इतिहास, न्ह्रूहिसु पुचः तहाहिती, ललितपुर, ने.सं. ११२८

६० बाबुराम आचार्यको भनाइ अनुसार किरातवर्गका गुरूङ्ग, खम्वु, लिम्वु आदि अन्य विभिन्न जातजातिका जनसमुदायहरू पनि नेपाली नै थिए । उनीहरू सवैको सांस्कृतिक केन्द्र पनि नेपाल उपत्यका नै थिए । तथापि उनीहरूले नेवारहरूबाट सभ्यता र संस्कृतिको खास प्रकाश प्राप्त गर्न सकेन । फलस्वरूप मुर्मी, गुरूङ्ग जस्ता किरात वर्गका अन्य जनसमुदायहरू तिब्वततिरवाट नै बौद्ध धर्म ग्रहण गर्न बाध्य भए । सभ्यताको विकासमा उनीहरू किरात नेवार/नेपारहरू भन्दा धेरे पछि पर्न गयो । नेवारहरूले भने नेपाल उपत्यका भित्र आफ्नै विशिप्ट किसिमको सभ्यता, भापा र संस्कृतिको विकास गरे । यसै सभ्यता, भापा र संस्कृतिको जन्मथलो नेपाल भए र यस्तो सभ्यता, भापा र संस्कृति अंगिकार गरेका विभिन्न जातजाति एवं समूहका सवै मानव समुदायहरू नेवार समुदायमा रूपान्तरण भएका थिए । हेर्नुहोस्, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, २०५४ र नेपाल, नेवार र नेवारी भापा, नेपाल साँस्कृतिक परिपद पत्रिका, बर्प १, अंक १, २००९

६१ पूर्व मध्यकालको अवधि सुन् ७५० देखि १५३० रहेको र उत्तर मध्यकालको अवधि सन् १५३० देखि १७६८ रहेको थियो ।

अस्तित्वमा रहेको थियो । "सिंह" थर भएका त्यहाँका राजपरिवार र तिनका सन्तानहरू पनि नेवार समुदायमा नै बिलिन भएका थिए ।

### २.४.६ नेवार समुदायको बनावट र योगदान

माथि उल्लेख गरिएजस्तै मल्ल र सिंह शासकहरू लगायत अन्य विभिन्न वंशजका शासकहरू सबैले नेपाल भाषा र नेवार संस्कृति एवं सभ्यतालाई अंगिकार गरेका थिए । अर्को शब्दमा भन्ने हो भने विभिन्न वंशज र जातिका मानव समुदायहरू- गोपाली, महिषपाली, किरात, लिच्छवी, देव, मल्ल, सिंह वंशका सन्तानहरू र तत्कालिन समयमा नेपाल उपत्यका र वरपरका क्षेत्रहरूमा बसोबास गरी बसेका विभिन्न ज़ातजातिका सन्तानहरूको सामुहिक रूप नै वर्तमान नेवार समुदाय हो । यिनीहरू सवै नेपाल भाषा बोल्ने, र नेपाल उपत्यकामा विकास भएको विशिष्ट किसिमको संस्कृति एवं सभ्यतालाई अंगिकार गर्ने भएकाले नै उनीहरू सवै नेवार समुदायमा रूपान्तरित भएका थिए । अफ संक्षेपमा भन्ने हो भने नेपाल उपत्यका र वरपरका क्षेत्रहरूमा विकास भएको नेपाल भाषा, संस्कृति र सभ्यतालाई अंगिकार गरेका सवै वंशज एवं जातिहरूको मानव समूहहरूको सामुहिक रूप नै वर्तमान नेवार समुदाय हो । अत: नेवार समाज नेपाल उपत्यका र वरपरका क्षेत्रहरूको विशेष उपज हो । अफ बढी स्पष्ट रूपमा भन्ने हो भने नेपाल उपत्यका एउटा ठुलो तलाउबाट मानव वस्तीको रूपमा परिणत भएको समयदेखि अठारौं शताब्दीको उत्तरार्धमा तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहबाट नेपाल उपत्यकाको विजय गरिएको समयसम्ममा यस उपत्यका र वरपरका क्षेत्रहरूको नेपाल भाषा, संस्कृति र सभ्यतालाई अंगिकार गरी यहाँको शासन व्यवस्था संचालन गर्ने वंशजहरू र तत्कालिन निवासीहरूका सवै सन्तानहरूको सामुहिक रूप नै आजको नेवार समुदाय हो भन्नु अत्युक्ति हुने छैन ।[६२]

यसको अतिरिक्त दक्षिणको भारतबाट विभिन्न समयमा आएका विभिन्न जातजातिको मानव समूहहरू बृजि,[६३] राठौर, चौहान, हाडा, शाक्य, कोली, तिरहुते ब्राह्मण, भट्ट ब्राह्मण वंगाली ब्राह्मण इत्यादि पनि यहाँको नेवार समुदायमा मिसिन गइ नेवार भएका थिए । खस समुदायका केही जातका समूहहरू (थापा, खत्री, कार्की, पाल, राउत, रावल इत्यादि) पनि नेपाल उपत्यकामा प्रवेश गरी यहाँको समुदायमा

---

६२ सिमरौनगढबाट नेपाल उपत्यकामा प्रवेश गरेका कर्णाटक वंशका राजा हरिसिंह देव र उनीसित आएका उनका भारदारहरू महाजु (अमात्य) पमा: (प्रधान), भँडेल (भण्डारी), जोशी इत्यादि पनि पूर्ण रूपमा नेवार समाजमा बिलिन भएका थिए । भनिन्छ सिमरौनगढबाट आउँदा हरिसिंहदेवले आफ्नो इप्ट देवता- तलेजु भवानी पनि ल्याएका थिए । जोशी समुदायका भारदारले तलेजु भवानी बोकेर ल्याएका थिए । त्यसै जोशी परिवारको सदस्यले नै हालसम्म पनि तलेजु मन्दिरको नाइके (प्रवन्धक) को रूपमा कार्यरत रहेका छन् । तलेजु बोकेर ल्याउने जोशी परिवारलाई भक्तपुरको थांछे (दरवारसँगैको इलाका) मा वसोवास गराइएको थियो । सो जोशी परिवारलाई अहिले पनि थांछे जोशी भनिन्छ ।

६३ मध्यकालमा काठमाडौंमा बृजिहरूको छुट्टै टोलको समेत अस्तित्व रहेको कुरा मध्यकालिन एक शिलालेखमा उल्लेख भएको "बृजिक रथ्या" (बृजिहरूको मार्ग) भन्ने शब्दहरूबाट अनुमान गर्न सकिन्छ । हेर्नुहोस्, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित, पृष्ठ १०१

बिलिन भइ नेवार थापा, खत्री, कार्की, पाल, राउत, रावल इत्यादिमा रूपान्तरण भएको पाइन्छ । त्यसरी नै चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपाल उपत्यका प्रवेश गरेका केही मंगोल जातिका बौद्ध धर्मालम्वीहरू पनि स्थानीय समाजमा समाहित भएको पाइएको छ । उनीहरू पनि नेवार समुदायको अभिन्न अंगको रूपमा रूपान्तरित भए । फलस्वरूप नेवार समाजमा हिन्दू र बौद्ध धर्मावलम्वीहरू दुवैको अस्तित्व रहेको पाइन्छ । त्यस्तै नेपाल भाषालाई आफ्नो मातृभाषाको रूपमा अगिंकार गरेका मुसलमानहरू र क्रिस्चियनहरू समेत नेवार भएका थिए । यस्ता सामाजिक, साँस्कृतिक विविधताको बिचमा नेवार समुदायका विभिन्न समूहहरूको एकता कायम गर्न नेपाल भाषाले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । इसा पूर्वको एक हजार वर्ष र इसा पश्चातको एक हजार वर्ष भित्र पूर्व-पश्चिम, दक्षिण पश्चिमबाट आएका तिब्वती बर्मेली र आर्य भाषा भाषीको समिश्रणबाट एउटा नयाँ समुदायको जन्म हुन पुग्यो । दोस्रो सहशताब्दीको आसपासमा यसको स्पष्ट पहिचान हुन थाल्यो र नेपाल संस्कृति एवं सभ्यता नेपाल कला, नेपाल सम्बत, नेपाल भाषा, नेपाल लिपि आदिको पनि विकास भयो । यसरी जन्मिएको समुदायलाई नेपाल शब्दको प्राकृत रूप "नेपार"/नेबाल भनियो र पछि नेवार कहलियो । नेपाल मण्डल मूलत: यही समुदायको आदि भूमि हो ।[६४]

समग्रमा भन्ने हो भने नेपाल उपत्यका र वरपरका क्षेत्रहरूको आदिवासी नै नेवार हुन् । अधिकांश नेवारहरू पूर्व ऐतिहासिक कालदेखि नै नेपाल उपत्यकामा बसोवास गर्दै आएका हुन् । कुनै समयमा नेपाल उपत्यकामा शासन गर्ने गोपाल, महिषपाल, किराँती र लिच्छवीहरू नै नेवार समुदायका सुरू सुरूको पुर्खाहरू (early Newars) हुन् । नेवारहरू नै नेपाल उपत्यका र वरपरका क्षेत्रहरूको मूल निवासी हुन्, आदिवासी हुन्, भूमिपुत्र हुन् । आफ्नो क्षेत्रको विकासमा उनीहरूले निम्नानुसारका केही महत्वपूर्ण योगदान पुऱ्याएका छन् :

- पहिलो, नेपाल उपत्यका र वरपरका क्षेत्रहरूमा मानववस्ती बसाल्ने जनसमूह र त्यस बेला नै उक्त क्षेत्रमा शासन संचालन गर्ने शासक वर्ग नै वर्तमान नेवार समुदायको आदि पूर्खा हुन्,

- दोस्रो, नेवारहरूले नै नेपाल उपत्यका र वरपरका क्षेत्रहरूमा सर्वप्रथम सभ्यताको विकास गर्नुको साथै यहाँको भाषा, साहित्य, संस्कृति, कला र संगीतको विकास गरेका थिए,

[६४] काशीनाथ तमोट, माथि उल्लेखित पृष्ठ ९

- तेस्रो, नेवारहरूले नै नेपाल उपत्यका र वरपरको क्षेत्रहरूमा कृषि, उद्योगधन्दा, व्यापार व्यवसाय आदिको विकास गरी यहाँको आर्थिक अवस्थालाई मजबूत पार्ने कार्यको थालनी गरेका थिए ।[६५]

- चौथो, नेवारहरूले नै आफ्नै किसिमको शासन व्यवस्थाको सुत्रपात एवं विकास गरी व्यवस्थित ढंगले शासन संचालन गरी तत्कालिन समाजमा अमनचयन कायम गरी समाजको संवृद्धि एवं विकास गर्ने कार्यको सुरूआत गरेका थिए । साथै समय समयमा भएको बाह्य आक्रमणहरूबाट समेत आफ्नो भूमिलाई सुरक्षित राख्न नेवारहरू सफल भएका थिए ।[६६]

## २.५ नश्ल, सभ्यता एवं संस्कृति र भाषा एवं साहित्य

### २.५.१ नश्ल

बाबुराम आचार्यको भनाइ अनुसार नेवार समुदाय मुलत: आर्य नश्लका समुदाय हो ।[६७] नेपाल उपत्यकाको पहिलो शासक वर्ग (गोपाल र महिषपाल वंशहरू) आर्यमूलका नै थिए भन्ने विचार राम निवास पाण्डेले पनि व्यक्त गर्नुभएको छ ।[६८] यस समुदायको मूल भाषा पनि सुरूमा इन्दो आर्यन भाषिक परिवारको भाषा नै थियो । तर पछि उनीहरूले आफ्नो मूल भाषा परित्याग गरी तिब्बती बर्मेली भाषिक परिवारको भाषालाई ग्रहण गरेका थिए । वास्तवमा माथि उल्लेख गरिए जस्तै प्राचिनकालको गोपाली र महिषपालीहरू र किराँतीहरूको भाषाहरूको संमिश्रणबाट एउटा नयाँ भाषाको जन्म भयो र त्यही भाषाले नै कालान्तरमा नेपाल भाषा (नेवारी भाषा) को रूप लिएको हो । तसर्थ मूलत: आर्य जातिका नेवारहरूको भाषा भने अनार्थ वर्गको हुन गएको छ । जे भएतापनि नेवारहरू मूलत: आर्य जातिका हुन् भन्ने कुराको पुष्ट्याइ गर्ने मुख्यत निम्न ३ वटा आधारहरू छन् :

- पहिलो, नेवार समुदायको रूपरंग आर्य जातिको जस्तो देखिएको,
- दोस्रो, मध्यकालिन मनुस्यकृतिको मूर्तिहरूमा देखिने शारिरीक बनावट आर्यहरूको शारिरीक बनावटसित मिल्दोजुल्दो देखिएको, र

---

६५ हेर्नुहोस, विस्तृत विश्लेपणको लागि, रमेश ढुंगेल र ऐश्वर्यलाल प्रधानाङ्ग, काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५६

६६ हेर्नुहोस, यस्तो आक्रमणहरूको विस्तृत विवरणको लागि, कविताराम श्रेष्ठ, के नेवारहरू साँच्चै काँतर हुन् त ? समकालिन साहित्य, वर्प १० अंक ३, पृष्ठ १३७-१४०

६७ बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित, पृष्ठ १०

६८ उदधृत, सुरेन्द्र के.सी., नेवार जाति : पहिचान र इतिहास,गरिमा, पृष्ठ ३७

- तेस्रो, आर्य जातिमा[६९] पाइने जातीय छुवाछुटको भेदभाव नेवार समुदायमा प्रशस्त पाइएको ।

माथि उल्लेख गरिए जस्तै नेवारहरू मूलतः आर्य जातिको भएता पनि तिब्बतबाट विभिन्न समयमा आएका मंगोलियन जातिका जन-समुदायहरू पनि नेवार समुदायमा मिसिन पुगेका छन् । तिनीहरूको संख्या अधिक नभएपनि तिनीहरूले नेवार समुदाय भित्र मंगोलियन नश्लको अस्तित्वको पनि विकास गरेका छन् । अतः नेवार समुदायमा आर्य र मंगोलियन नश्ल दुवै पाइने भएकोले यस समुदायलाई बहुनश्लीय समुदायकै रूपमा स्वीकार गर्नुपर्ने हुन्छ । वर्तमान नेवार समुदायका मल्ल, थकुजुजु, मैथिल ब्राह्मण, मैथिल धोवी, उपाध्याय/ राजोपाध्याय ब्राह्मण, श्रेष्ठ इत्यादि आर्य वर्गका सन्तान हुन भने तण्डुकार, रन्जितकार, पहरी, उदास एवं उराय (तुलाधर, स्थापित, शिलाकार, सिंचुकार, कंसाकार, शिल्पकार, ताम्राकार आदि) मंगोलियन नश्लका सन्तान हुन् ।

### २.५.२ सभ्यता र संस्कृति

सभ्यता र संस्कृतिको चर्चा निम्न बुँदाहरूको आधारमा गर्ने प्रयास गरिएको छ :

- सभ्यता र संस्कृति विकासका पूर्वाधारहरू
- भारतीय सभ्यता र संस्कृतिबाट अल्लगिएको सभ्यता र संस्कृति
- धर्म
- भारतीय जीवन पद्धतिबाट अल्लगिएको जीवन पद्धति
- शहरी सभ्यताको विकास
- नेवार सभ्यता र संस्कृतिको केही मौलिक गुणहरू

### २.५.२.१ सभ्यता र संस्कृति विकासका पूर्वाधारहरू

कुनै पनि सभ्यता र संस्कृतिको विकासमा मुख्यतया दुइवटा पूर्वाधारहरूले प्रभाव पारेका हुन्छन् । ति हुन् :

[६९] उत्तरी भारतको समथल क्षेत्रलाई आर्यावर्त भनिन्थ्यो । र त्यहाँ बसोवास गर्ने जनसमूहलाई नै आर्य जाति भनिन्थ्यो । साधारतया यस जातिको अग्लो शरिर, गोरो वर्ण, र सुलुत्त परेको लामो नाक हुन्छ । आर्यहरूका तिनवटा शाखाहरू छन् :- आर्य, ऐर्य र ऐड । आर्यहरू फैलिने क्रममा गंगा नदिको वरपरका मैदानी क्षेत्रका दनुवार/दरै, कुम्हाल/कुमाले र थारूले उनीहरूको दासत्व स्वीकार गरी उनीहरू (आर्यहरू) सितै मिसिन पुगी उनीहरूकै भापा बोल्ने गरेका थिए । तर उनीहरूको रूपरंग भने आर्यहरूको रूपरंग सित मेल खाँदैनथ्यो । यिनीहरू (विशेपतः दनुवार र कुम्हाल) हरूकै माध्यमबाट नै इशापूर्व ७५० तिर नेपाल उपत्यकाका नेवार/नेपारहरूले आर्य सभ्यताको प्रकाश प्राप्त गरेका थिए । यस किसिमले नेवारहरू मूलतः आर्यहरू नै हुन् । तथापि पछि तिब्बतबाट आएका मंगोलिन नश्लका केही जनसमुदाय पनि यस नेवार समुदायमा मिसिन पुगे । आर्यहरूको दासत्व स्वीकार नगरेका गंगा नदिका वरपरका मैदानी क्षेत्रका स्थानीय मूल निवासीहरू मध्य केही उत्तर छेउतिर पलायन भए र ती आर्यतर जनसमुदाय नै पछि किराँत वा आग्नेयदेशी कहलिएका पाइन्छ । आर्य भापा परिवारको भापा बोल्ने दनुवार/दरै, कुम्हाल र थारूहरूको रूपरंग आर्यहरूको जस्तो नभएको र तिब्बती बर्मेली भापिक परिवारको भापा बोल्ने नेवार/नेपारहरू मूलतः आर्य हुन आएको पाइन्छ । हेर्नुहोस, विस्तृत विवरणको लागि, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित, पृष्ठ १०-११, ५०-५५

- पहिलो, प्राकृतिक एवं भौतिक साधन तथा सुविधाहरूको उपलब्धता र
- दोस्रो, कुनै पनि सभ्य जातिसितको संसर्ग एवं सम्पर्क[७०]

प्राचिन समयमा नेपाल उपत्यकाका निवासीहरूलाई उक्त दुवै पूर्वाधारहरू उपलब्ध भएको थियो । वास्तवमा तत्कालिन समयमा नेपाल उपत्यकाको उत्तम हावापानी, मलिलो माटो, कम जनसंख्या, प्रचुर मात्रामा उपलब्ध भएको वनजंगल जस्तो प्राकृतिक एवं भौतिक साधन सुविधाहरू उपलब्ध थियो । त्यस्तै माथि उल्लेख गरिए जस्तै इसा पूर्व ७५० तिर नेपाल उपत्यकाका निवासीहरूले दनुवार/दरै र कुम्हाल/कुमाले जस्ता जनसमूहहरू मार्फत आर्यावर्तीय आर्य सभ्यताको प्रकाश प्राप्त गर्न सफल भए । पशुपालन (विशेषत: भेंडा र भैसींपालन) क्षेत्रमा मात्र अभ्यस्त भएका नेपाल उपत्यकाका निवासीहरू (नेवार/नेपारहरू) ले आर्यहरूसितको संसर्ग पश्चात फलामका उपकरणहरू बनाउन र प्रयोग गर्न थाले । फलस्वरूप कृषि क्षेत्रमा पनि उनीहरूले निकै प्रगति गरे । त्यस्तै वाणिज्य व्यवसायको क्षेत्रमा पनि उनीहरूले निकै प्रगति गरे । उनीहरूले तिरहुत, मगध, कोशल र काशीसम्म पनि आवतजावत गर्न थाले । र आर्यहरूसित प्रत्यक्ष रूपमा नै सम्पर्क कायम गरे ।[७१] यसरी "किराँत नेवार/नेपारहरू"मा आर्य सभ्यताको प्रकाशलाई ग्रहण गरी आफ्नो सभ्यताको विकास गर्न सक्ने क्षमता पाइनुलाई बाबुराम आचार्यले "विस्मयकारक घट्नाको" रूपमा लिनु भएको छ ।[७२] वास्तवमा वर्तमान अवस्थामा पनि ब्रुकनर्देले भन्नु भए जस्तै तत्कालिन किरात नेवारहरूको सन्तान वर्तमान नेवारहरूमा सभ्य जातिको पुरापुर छाप पाइन्छ । यिनीहरूको आफ्नै साहित्य छ । नेपालका अन्य जातिहरूको तुलनामा यिनीहरू बढी सभ्य छन् । व्यापार यिनीहरूको हातमा रहेको पाइन्छ । यिनीहरूको शिल्पकला संसारमा नै बेजोड छ ।[७३] आर्यहरूको संसर्गबाट सभ्यताको खुड्किलो चढ्न सफल भएतापनि तत्कालिन किरात नेवारहरूमा पनि जातिय भेदभावको सञ्जालले भने बिजारोपन गरेको आभाष पाइन्छ । यस्तो सञ्जालको विजारोपन पनि आर्यहरूको प्रभावबाट हुन गएको थियो ।

---

७० बाबुराम आचार्य, ऐजन, पृष्ठ १३

७१ किरातहरूको विभिन्न समूहहरू नेपाल उपत्यकाको अतिरिक्त अन्य पहाडि इलाकाहरूमा पनि छरिएर रहेका थिए । तर उपत्यकाको "किराँत नेवारहरू" मात्र आर्यहरूको संसर्गवाट आफ्नो सभ्यताको विकास गर्न सफल भएका थिए र अन्य ठाउँका किराँती समूहहरूले भने सभ्यताको खासै विकास गर्न सकेका थिएनन् । जुन समयमा "किराँत नेवारहरूले" आफ्नो सभ्यताको विकास गरिरहेका थिए । त्यसै समयमा वर्तमान नेपालको बुटवल क्षेत्रमा शाक्यहरूका गणराज्य सम्बृद्धशाली भएर त्यस क्षेत्रमा आफ्नो प्रभाव फैलाइ रहेका थिए । त्यसै गणराज्यको राजधानी कपिलवस्तु थियो जहाँ अहिले तिलौराकोट रहेको छ । सिद्धार्थ गौतम यसै गणराज्यका राजकुमार थिए । हेर्नुहोस्, बाबुराम आचार्य, ऐजन, पृष्ठ १५-१६

७२ ऐजन, पृष्ठ ९२

७३ प्रधानद्वारा उद्धृत, लव बहादुर प्रधान, माथि उल्लेखित, पृष्ठ ८१

**२.५.२.२ भारतीय सभ्यता र संस्कृतिबाट अल्लगिएको सभ्यता र संस्कृति**

प्राचिनकालमा लिच्छवीहरूको आगमन पश्चात एकातिर बहुसंख्यामा रहेको किरात नेवार/नेपारहरूको भाषा, चालचलन र रीतिरिवाजहरू अंगिकार गर्न नवआगन्तुक लिच्छवीहरू बाध्य भए भने "किराती नेवार/नेपारहरू"मा पनि लिच्छवीहरूको प्रभाव कुनै न कुनै रूपमा पर्न गएको पाइन्छ। वास्तवमा यसै समयमा नै नेपाली संस्कृतिमा भारतीय संस्कृतिको प्रभाव पर्न सुरू भएको हो। आजको नेवार समुदायको जातिय भेदभावको सुरूवाट यसै समयमा भएको थियो। बाबुराम आचार्यले भन्नु भए जस्तै लिच्छवीहरूको आर्य संस्कृति र तत्कालिन किराँत नेवारहरूको आफ्नै संस्कृतिको समिश्रणबाट एउटा विशेष किसिमको संस्कृतिको जन्म भयो र त्यही संस्कृति नै वर्तमान नेवार समुदायको संस्कृतिको मूल रूप हो भन्न सकिन्छ।[७४] एकातिर तत्कालिन किरात नेवारहरूले लिच्छवीहरूको जातीय संरचना एवं प्रथालाई अंगिकार गरे भने अर्को तर्फ लिच्छवीहरूले किरात नेवारहरूको भाषा, रीतिरिवाज, केही सकारात्मक सामाजिक नियमहरू (विधवा विवाह र विवाह सम्बन्ध विच्छेद)[७५] लाई पनि स्वीकार गरेका थिए। शारिरीक रूपरंग र बनावटको दृष्टिकोणबाट आर्य देखिने लिच्छवीहरू भाषा र साँस्कृतिक दृष्टिकोणबाट अर्ध किरातको रूपमा देखिन पुगेको थिए। यसबाट त्यसैबेला देखि नेपाली सभ्यता र संस्कृतिले भारतीय सभ्यता र संस्कृतिबाट अलग्गिएर एउटा छुट्टै सभ्यता र संस्कृतिको पहिचान दिन सफल भएका थिए।[७६]

त्यस बेला किरात वर्गका विभिन्न समूहहरू वर्तमान नेपालको पहाडि इलाकाहरूमा पनि छरिएर रहेका थिए। तथापि लिच्छवीहरूको आगमन पश्चात उनीहरूको सभ्यता र संस्कृतिबाट केवल नेपाल उपत्यकाका "किरात नेवार/नेपारहरू" मात्र प्रभावित भएका थिए। फलस्वरूप "किरात नेवार/नेपारहरू" बाहेक अन्य किरातहरू त्यसबेलासम्म पनि पशुपालन र सामान्य कृषि कार्यहरूमा नै अव्यस्त रहिरहेका थिए।[७७]

**२.५.२.३ धर्म**

"किरात नेवार/नेपारहरू" बाहेक अन्य कुनै पनि किराती समूहले कुनै पनि धर्म अपनाएका थिएनन्। केवल किरात नेवार/नेपारहरूले मात्र धर्मलाई पनि आफ्नो सभ्यता र संस्कृतिको अभिन्न अंगको रूपमा विकास गरेका थिए। फलस्वरूप प्राचिनकाल देखि नै नेवार समुदायमा क्रमशः विभिन्न धर्महरूले स्थान पाउँदै आएको पाइन्छ। सुरूमा

---

७४ बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित, पृष्ठ १०२

७५ यी सामाजिक नियमहरू भारतीय आर्यहरूको नजरमा हेयको नियमहरू थिए र उनीहरूमा त्यस्ता नियमहरूलाई स्वीकार गर्ने मानसिकता थिएन। तर नेपालमा आएका लिच्छवीहरूले त्यस्तो मानसिकता परिवर्तन गरेको पाइन्छ।

७६ हेर्नुहोस, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित पृष्ठ, १०२-१०३

७७ ऐजन, पृष्ठ ८२

यिनीहरूमा केही "उपासनामुलक" धार्मिक प्रवृत्ति देखा परेका थिए । सुरू सुरूमा अधिकांश नेवारहरू बौद्ध धर्मावलम्वी थिए । तर पछि दक्षिणतिरबाट प्रवेश गरेका ब्राह्मण, राजपुत, क्षेत्री र अन्य आर्यहरूको सम्पर्कबाट यिनीहरूमा हिन्दू धर्मको प्रभाव पनि पऱ्यो । फलस्वरूप अधिकांश नेवारहरू हिन्दू धर्ममावलम्वी हुन पुगे । तथापि हिन्दू र बौद्ध धर्मावलम्बीहरूमा खास भेदभाव थिएन र छैन ।

लगभग इस्वी सम्वतको दोस्रो शताब्दीको आरम्भतिर नेपालमा बौद्ध धर्मको प्रभाव पर्न सुरू भयो ।[७८] यसै गरी क्रमशःइस्लाम[७९] र इसाई[८०] धर्मले पनि तत्कालिन नेवार समाजमा प्रभाव पार्दै लगेका थिए । फलस्वरूप आजसम्म पनि नेवार समुदाय बहु नश्लीय मात्र नभइ बहुधार्मिक पनि हुन गएको पाइन्छ । तथापि नेवार समुदायमा धार्मिक भेदभावको प्रवृत्ति नभइ धार्मिक सहिष्णुताको प्रवृत्ति प्रचुर मात्रामा मध्यकालदेखि अहिलेसम्म पनि विकास भइ आएको पाइन्छ । कान्तिपुरका अन्तिम राजा जयप्रकाश मल्लको समयमा आएका एक जना पश्चिमेली विदेशी चिकित्सकले राजासँग उनको धर्म कुन हो भनि प्रश्न गरेका थिए । जवाफमा राजाले भनेका थिए "मेरो कुनै धर्म छैन । मेरा प्रजाहरू हिन्दु, बौद्ध, इसाइ र इस्लाम धर्मावलम्वीहरू भएकोले मैले कुनै पनि धर्मप्रति खास चासो देखाउन मिल्दैन ।"[८१] वास्तवमा नेवार सभ्यता नेपाल मण्डलमा चारैतिरबाट आएका समुदायहरूका संस्कृति मिसिन पुगी बनेको अष्टधातु हो ।[८२] आर्य सभ्यताको सन्दर्भमा भन्ने हो भने धार्मिक पद्धति आर्य संस्कृतिको

---

७८ इशापूर्व ७५० तिर नेपार/नेवारहरूको सभ्यताको सुरूवात भएको अनुमान गरिएको छ । आर्यहरूको संसर्गबाट उनीहरूले आफ्नो परम्परागत "उपासनामुलक" धर्मको साथै हिन्दू धर्म पनि अपनाउन पुगेका थिए । ततपश्चात् नै उनीहरूको सभ्यताले प्रथम चरण प्रवेश गरेका थिए । त्यसपछि क्रमशः बौद्ध धर्मबाट पनि उनीहरू प्रभावित हुँदै गएका थिए । सुरूमा सम्रात अशोकबाट प्रचार प्रसार गरिएको सदाचारमुलक "हिनयान" सम्प्रदायबाट उनीहरू प्रभावित भएका थिए । यसरी बौद्ध धर्मको प्रवेश पछि सभ्यताको दोस्रो चरणमा उनीहरू प्रवेश गरेको कुराको अनुमान बाबुराम आचार्यले गर्नु भएको छ । जसरी सम्रात अशोकले बौद्धधर्मको "हिनयान" सम्प्रदायको प्रचारप्रसार गरेका थिए त्यस्तै ऋपिक राजा कनिप्कले (इ.सं. ७८-१००) पनि बौद्धधर्मको उपासनामुलक महायान सम्प्रदायको प्रचार प्रसार गरेका थिए । हिनयान सम्प्रदायमा गौतम बुद्धलाई केवल एउटा माहात्माको रूपमा मात्र हेरिन्थ्यो भने "महायान" सम्प्रदायमा गौतम बुद्धलाई अलौकिक दैवी पुरूप वा अवलोकितेश्वरको रूपमा हेरिन्थ्यो र सम्मानित हुन्थ्यो । आफ्नो राज्यको राजधानी पेशावर भए पनि कनिप्कले काश्मीरलाई नै "महायान" सम्प्रदायको केन्द्रको रूपमा विकास गरिरहेका थिए । यसै समयमा, (इस्वी दोस्रो शताब्दी) नै नेपालमा यसै सम्प्रदायको प्रभाव पनि परेको थियो । हेर्नुहोस्, बाबुराम आचार्य, ऐजन, पृष्ठ २१

७९ नेवार समुदायमा हिन्दु र बौद्ध धर्मावलम्वीहरूले प्राचिनकालदेखि नै आफ्नो अस्तित्व कायम गर्दै आएको पाइन्छ । इस्लाम र इसाइ धर्मावलम्वीहरू भने मध्यकालदेखि मात्र यस समुदायमा देखा परेका थिए । नेपाल सम्वत ४७० मंसिर महिनामा बंगालका सुल्तान शम्मुदिनले नेपाल उपत्यकामा हमला गरी पशुपतिनाथको मूर्तिलाई तिन टुक्रा पार्नुको साथै स्वयम्भु विहार समेत भत्काइ दिएका थिए र पाटनको पिंवहाल समेत ध्वप्ट पारेका थिए । तत्पश्चात् नै चौधौं शताब्दी देखि मुसलमानहरूले नेपाल उपत्यकामा बसोवास सुरू गरेका थिए । उनीहरूले आफ्नो धर्म र संस्कृतिलाई हालसम्म पनि जोगाइ राखेका छन् । तथापि उनीहरूले नेपाल भापालाई आफ्नो मातृभापाको रूपमा अंगिकार गरेका छन् । र त्यसरी नेपाल भापालाई आफ्नो मातृभापाको रूपमा अंगिकार गरेका मुसलमानहरूलाई नै नेवार मुसलमान भनिन्छ । हेर्नुहोस्, काशीनाथ टमोट, माथि उल्लेखित, पृष्ठ १०-११

८० इस्लाम धर्मावलम्वीहरू जस्तै इसाइ धर्मावलम्वीहरू पनि मध्यकालमा नेपाल उपत्यकामा प्रवेश गरेका थिए र यहाँका केही नेवारहरूले पनि इसाई धर्म अपनाएका थिए । पृथ्वीनारायण शाहले नेपाल उपत्यकाको विजय गरे पश्चात् इसाइ धर्मावलम्वी नेवारहरूलाई धपाइएको थियो र यस्ता नेवारहरूको वस्तीहरू अहिलेपनि भारतको विहार राज्यको बेतिया र रामनगरमा पाउन सकिन्छ भन्ने कुरा माथि उल्लेख भइसकेको छ ।

८१ माणिक लाल श्रेप्ठ, राजतन्त्रले धर्म र जातिको आडमा गरेका अन्यायहरू, मूल्याङ्कन, २०६५, भदौं-असोज, पृष्ठ २६

८२ काशीनाथ तमोट, माथि उल्लेखित, पृष्ठ ९

एउटा अभिन्न एवं महत्वपूर्ण अंगको रूपमा सधैं रही आएको पाइन्छ । यस धार्मिक पद्धतिको शैव, वैष्णव, शाक्त, सौर र बौद्ध गरी विभिन्न सम्प्रदायहरू नेवार समुदायमा रहेका छन् । अति प्राचिनकाल देखिको यस्तो धार्मिक प्रवृत्ति नेवार समाजमा कुनै न कुनै रूपमा आज पनि विद्यमान रहेको पाइन्छ । उपत्यकामा अस्तित्वमा रहेको अधिक संख्याको चाडपर्व, जात्रा, तीर्थ, मठ मन्दिरहरूबाट यसको पुष्टि हुन आउछ ।

धार्मिक कर्मकाण्डहरूको ज्यादै संश्लिष्ट रूप पनि नेवार समुदायमा पाइन्छ । प्राचिनकालमा आर्य परम्परा वास्तवमा नेपाल उपत्यकामा मात्र कायम थियो । इन्द्रजात्राको परम्परा यस्तै एउटा उल्लेखनीय तथ्य हो ।[८३] आज पनि नेवार समुदायलाई अत्यन्त धार्मिक एवं भक्त समाजको रूपमा हेरिन्छ । त्यस समाजले आफ्नो शिल्पका सबै पक्षहरू समेत धार्मिकताकै लागि प्रयोग गर्दै आएको पाइन्छ । रेग्मीको शब्दमा "यति श्रद्धालु समाज संसारमा अन्यत्र कहिँ छ जस्तो लाग्दैन" [८४] । शासन/प्रशासन संचालन एवं देशको सुरक्षादेखि बिरामी हुँदा गरिने औषधी उपचारको सन्दर्भमा समेत नेवार समुदायले धार्मिक आस्थामा विश्वास गरेको पाइन्छ । त्यसैले त होला दात दुखेमा "वास्यादय" (दाँत दुखेको निको पार्ने देवता), कान दुखेमा "न्हायप स्या दय" (कान दुखेको निको पार्ने देवता) र पेट दुखेमा "प्वा स्या दय" (पेट दुखेको निको पार्ने देवता) को पूजा गर्ने चलन समेत रहेको पाइन्छ । त्यस्तै वंश एवं देश रक्षाको लागि अष्टमातृकागणको मन्दिरहरू मुख्य मुख्य ठाउँहरूमा निर्माण गर्ने चलन रहेको थियो । यी प्रवृत्तिहरू त धार्मिक आस्थाको केही उदाहरण मात्र हुन् । त्यसैले नेवार संस्कृतिको मूल आधार धार्मिक प्रवृत्ति रहेको छ ।

मध्ययुगको प्रारम्भमा उत्तरतर्फको हिमालय पर्वतका घाटीहरू खुली तिब्बतको अतिरिक्त चीनमा समेत नेपालीहरूको आवतजावतमा बृद्धि हुन गएको थियो । फलस्वरूप बौद्ध, शैव, शाक्त आदि तान्त्रिक सम्प्रदायहरूको पनि प्रचार प्रसार हुन गएको थियो । यसबाट तत्कालिन नेपाली संस्कृतिको स्वरूप र प्रकृतिमा पनि परिवर्तन भएको थियो । लिच्छवीकालको अन्त्य भइ वैश वंशको शासनको आरम्भ हुँदा स्थानीय लिच्छवीहरू जति प्राय: बौद्ध तान्त्रिक सम्प्रदायबाट प्रभावित हुनुको साथै सवर्ण हिन्दूहरू जति शैव तान्त्रिक सम्प्रदायबाट प्रभावित

---

[८३] महाकवि कालिदासद्वारा गुप्तकालमा रचिएको रघुवंश महाकाव्यमा गरिएको इन्द्रध्वजोत्थानको वणर्नबाट त्यसबेला नै भारतमा इन्द्रध्वजोत्थान गर्ने परम्परा चलेको कुरा थाहा पाइन्छ । यसैको प्रभावमा परेर नै राजा शंकरदेवले पनि "इन्द्रगृह" राजभवन आसपास नै इन्द्रध्वजोत्थान गर्ने परम्परा बसालेका थिए । सो परम्परा अहिलेसम्म पनि नेवार संस्कृतिको एउटा अभिन्न अंगको रूपमा कायमै रहिरहेको पाइन्छ । तर भारतमा भने सो परम्परा बिलिन भइसकेको छ । हेर्नुहोस्, बाबुराम आचार्य, माथि उल्लेखित, पृष्ठ २९-३०

[८४] जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ १४

भइसकेको देखिन्छ ।[८५] यसरी नेवार संस्कृतिमा तान्त्रिक पद्धतिको पनि विकास हुन गएको थियो भन्न सकिन्छ ।

### २.५.२.४ भारतीय जीवन पद्धतिबाट अल्लगिएका जीवन पद्धति

आर्यहरूको आर्यावर्त उत्तरी भारतको समथल उर्वरभूमि थियो भने तत्कालिन नेवार/नेपारहरूको भूमि पहाडि भौगोलिक क्षेत्र भएकोले यी दुवै भौगोलिक इलाकाहरूको प्राकृतिक वातावरण, हावापानी, पैदावर इत्यादिमा फरक हुनु अस्वभाविक थिएन । फलस्वरूप आर्यहरूको आगमनबाट प्रभावित हुँदाहुँदै पनि नेवार/नेपारहरूले आफ्नै किसिमको रितिरिवाज खानपिन, रहन सहन, भेषभूषा र आध्यामिक चिन्तनको विकास गरेका थिए । फलस्वरूप उनीहरूको जीवन पद्धति भारतीय आर्यहरूको जीवन पद्धति भन्दा धेरै हदसम्म पृथक हुन गएको थियो । यस किसिमको पृथकपनाको झलक निम्न सामाजिक-साँस्कृतिक पक्षहरूबाट पनि स्पष्ट हुन आउछ :

- डोलाजी प्रथाको प्रचलन
- कलाको विकास
- उद्योग र उद्यमशीलता
- पारिवारिक जीवन र कौटुम्विक भावना

– **डोलाजी प्रथाको प्रचलन**

"डोलाजी" शब्दको मूलरूप हो दुलाहाजी । आर्यावर्तीय आर्यहरूको विवाह विधान अनुसार दुलाहाले दुलहीलाई विवाह पश्चात आफ्नो कुल र गोत्रमा समाहित गराउछ । दुलहीको आफ्नो माइतीको कुल र गोत्रसँग सम्बन्ध टुट्न जान्छ । यसकारण नै दुलहीले आफूलाई जन्म दिने बाबु र आमाको आशौच तिन दिन मात्र बारे पनि पुग्ने र सासु र ससुराको आशौच भने एक वर्षसम्म नै बार्नु पर्ने सामाजिक नियम रहेको पाइन्छ । नेवार समुदायमा पनि आर्यहरूको यहि परम्परा आजसम्म पनि विद्यमान रहेको पाइन्छ । साथै छोरा नभएका र छोरीहरू मात्र भएकाहरूले पनि आफ्नो वंश परम्पराको रक्षा गर्नको लागि धर्मपुत्र लिने प्रचलन भारतीय आर्यहरूमा जस्तै नेवारहरूमा पनि पाइन्छ । यस्तो धर्मपुत्र लिनुको साथै भारतीय आर्यहरूमा प्रचलनमा नरहेको दुलहालाई नै दुलहीको कुल र गोत्रमा समिश्रण गराउने 'डोलाजी' विवाह प्रथाको पनि नेवार समाजमा विद्यमान रहेको पाइन्छ । वास्तवमा यो प्रथा किरातहरूमा पनि प्रचलनमा थिएन । वरू खस आर्यहरूमा भने यो प्रथा प्राचिनकालदेखि नै प्रचलनमा रहदै आएको पाइन्छ । नेवारहरूले यस किसिमको विवाह पद्धति भने खस आर्यहरूबाट नै ग्रहण गरेका थिए भन्न सकिन्छ ।[८६] भारतीय हिन्दू

---

[८५] बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित पृष्ठ ८१-८२

[८६] बाबुराम आचार्य, ऐजन, पृष्ठ १०४

संस्कृतिमा नरहेको तर वर्तमान नेपाली संस्कृतिमा रहेको यस विवाह पद्धति पनि नेवार संस्कृतिको एक अभिन्न अंगको रूपमा रहिआएको पाइन्छ ।

- **कलाको विकास**

तत्कालिन नेपालमा दुई किसिमका कलाको विकास भएको थियो । ति हुन् : १) अमूर्त कला र २) मूर्तकला[८७] । अमूर्त कला अर्न्तगत साहित्य कला, संगीतकला र नृत्य कला पर्दछन् भने मूर्तकला अर्न्तगत बास्तुकला, मूर्तिकला र चित्रकलाहरू पर्दछन् । लिच्छवीकालदेखि मध्यकालसम्ममा नेपालमा प्रशस्त मात्रामा सवै किसिमका कलाहरूको विकास भएको पाइन्छ । नेवार समाजमा विभिन्न किसिमका कलात्मक काम गर्ने छुट्टाछुट्टै वर्गहरू नै विद्यमान छन् । ढलोटका मूर्ति र भाँडाकुडा बनाउने काममा त नेवार शिल्पकारहरू अर्न्तराष्ट्रिय स्तरमा नै प्रख्यात नै छन् । काष्ठ शिल्पको सन्दर्भमा पनि नेवारहरू प्रख्यात नै छन् । यसै परम्पराको फलस्वरूप नै मध्यकालमा नै अरनिको जस्तो महान उद्यमशिल कलाकारको समेत जन्म भएको थियो ।[८८] यस किसिमको कलाको विकास गर्नमा नेवार समाजको उद्यमशिलताको ठूलो योगदान रहेको थियो भन्नु अत्युक्ति हुने छैन ।

- **उद्योग र उद्यमशीलता**

उद्योग र उद्यमशिलता नेवार समुदायको अर्को बडो राम्रो र चहकिलो भूषणको रूपमा रहेको छ ।[८९] आर्थिक अवस्था कमजोर भएकाहरू समेत अरूसँग साधारणतया मागेर लिन मन पराउदैन । बरू सानो तिनो नै केही न केही काम गरेर नै आफ्नै जीवन निर्वाह गर्न रूचाउँछन् । जातैले भिक्षुक हुन पुगेका कुश्ले आदि समेत कुनै न कुनै पेशा अपनाइ आफ्नो परिवारको आर्थिक स्तर उकास्न निरन्तर प्रयत्नशिल रहेका हुन्छन् ।[९०] फलस्वरूप मध्यकालमा साना साना घरेलु उद्योग एवं कृषि क्षेत्रमा प्रशस्त विकास भइ आर्थिक अवस्था समेत सुदृढ हुन गएको थियो ।[९१] वास्तवमा तत्कालिन समयका जनताको जीवनस्तर निकै उच्चस्तरको हुनुको साथै जीवन सुखपूर्ण रहेको थियो भन्न सकिन्छ ।

- **पारिवारिक जीवन र कौटुम्विक भावना**

नेवार समाजमा साधारणतया पारिवारिक शान्ति नै भएको पाइन्छ । संयुक्त परिवारको परम्परागत प्रचलन अझसम्म पनि अधिकांश रूपमा

---

[८७] ऐजन, पृष्ठ ३१

[८८] हेर्नुहोस्, विस्तृत विवरणको लागि, तत्कालिन श्री ५ को सरकार, नेपालको मध्यकालिन कला, सूचना तथा प्रसार मन्त्रालय, काठमाडौं, २०२७

[८९] जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ १४

[९०] ऐजन

[९१] हेर्नुहोस्, विस्तृत चर्चाको लागि, रमेश ढुंगेल र ऐश्वर्यलाल प्रधानाङ्ग, माथि उल्लेखित

कायम रहेको पाइन्छ । यसको साथै विधवा विवाह, सम्वन्ध विच्छेद र पुनरविवाह जस्ता सामाजिक प्रचलनहरू पनि यस समुदायमा विद्यमान रहेको तथ्यबाट यस समुदायको ग्राहस्थ जीवन प्रतिको विशेष चाहना स्पष्ट हुन आउछ । पार पाचुकेको प्राचिनतम रूप वि.सं. १९१० को मुलुकी ऐनमा पनि झल्कन्छ ।[९२] यद्यपि माथिल्लो वर्गमा यो प्रचलन कम मात्रामा मात्र विद्यमान रहेको पाइन्छ ।

नेवार समाजमा विद्यमान रहेको कौटुम्विक भावना यस समाजको गुठी व्यवस्थामा प्रतिविम्बित भएको पाइन्छ । विभिन्न किसिमका गुठीहरू सीँ गुठी (दाह संस्कारसित सम्बन्धित गुठी), देउपुजा गुठी (कुलदेवता सम्बन्धि गुठी) इत्यादि अझ पनि धेरै हदसम्म अस्तित्वमा नै रहेका छन् ।

समग्रमा माथि चर्चा गरिएका विभिन्न पक्षहरू (डोलाजी प्रथा, कलाको विकास, उद्योग र उद्यमशीलता, पारिवारिक जीवनको स्वरूप र कौटुम्बिक भावना) को विश्लेषणबाट तत्कालिन नेवारी/नेपाली समाजको जीवन पद्धति भारतीय जीवन पद्धतिबाट धेरै हदसम्म अलग्गिएको थियो । यसबाट नै कालान्तरमा नेपाली समाजको एक किसिमको आफ्नै मौलिक जीवन पद्धतिको विकास हुन गएको थियो भन्नु अत्युक्ति हुने छैन  र यसरी आफ्नै किसिमको मौलिक जीवन पद्धतिको विकास गर्ने कार्यमा नेवार समुदायले ठोस रूपमा योगदान गरेका थिए ।

### २.५.२.५ शहरी सभ्यताको विकास

आर्यावर्तका आर्यहरूको सभ्यता मूलत: ग्रामीण सभ्यतामा आधारित रहेको थियो भने दक्षिण भारतको द्रविदहरूको सभ्यता मूलत: नगर सभ्यतामा आधारित थियो । तथापि द्रविदहरूसितको सम्पर्कबाट आर्यहरूले नगर सभ्यताको पनि विकास गरेका थिए । फलस्वरूप तक्षशिला, पाटलीपुत्र, साकेत र वैशाली जस्ता नगरहरूको आर्यवर्तीय क्षेत्रमा विकास भएको थियो । यस्तै नेपाल उपत्यकाका नेवारहरूले आर्यहरूको सम्पर्कको आधारमा ग्रामीण र नगर सभ्यता दुवैको विकास गरेका थिए । आर्यहरूको साथै केही मात्रामा दक्षिण भारतको द्रविदहरूको सम्पर्कमा पनि यहाँका निवासीहरू आएका थिए ।[९३] लिच्छवीकालिन "कोलिग्राम" र "दक्षिणकोलीग्राम" जस्ता राजधानी नगरहरू किरातकालमा नै विकास भएको थियो ।[९४]

नगरहरूमा दरवारहरूको पनि निर्माण गरिएको थियो । लिच्छवीकालिन राजा शंकरदेवको समयमा "इन्द्रगृह" नामक दरवारको निर्माण

[९२] हेर्नुहोस, तत्कालिन श्री ५ को सरकार, श्री ५ सुरेन्द्र विक्रम शाहदेवको शासनकालमा बनेको मुलकी ऐन, कानून तथा न्याय मन्त्रालय, काठमाडौं, २०२२, पृष्ठ ६४२-६४३

[९३] मध्यकालमा नै नेपाल उपत्यकामा दक्षिण भारतीय भट्ट व्राह्मणहरू आएका थिए । उनीहरूले शिलालेखहरू समेत राखेका थिए ।

[९४] बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित पृष्ठ २३ र हेर्नुहोस्, गौतम बज्र बज्राचार्य, हनुमानढोका राजदरवार, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०३३, पृष्ठ १-७

गरिएको थियो । त्यस्तै अंशवर्माले "कैलाशकुट भवन" नामक भव्य दरवार बनाएका थिए । "भद्रादिवास" नामको अर्को दरवार पनि लिच्छवीकालमा निर्माण गरिएको थियो ।

नेवारहरूले नेपाल उपत्यकाबाट बाहिर पनि (विशेषत: पृथ्वीनारायण शाहले उपत्यकाको नियन्त्रण गरे पश्चात) बसाई सराई गरेका थिए । उपत्यकामा तत्कालिन समयमा उनीहरूले अन्य कार्यहरूको अलावा विशेषत: खेतीपातीको कार्य समेत गर्ने गरेको भएतापनि उपत्यका बाहिर भने उनीहरूले धेरै जसो व्यापार व्यवसायमा नै संलग्न रहेका थिए । उनीहरूले उपत्यकामा जस्तै जोडिएर गुच्मुच्च किसिमले घरहरू निर्माण गरिबसेको र कालान्तरमा त्यस्ता बस्तीहरूले नै शहर बजारको रूपमा रूपान्तरण भएको थियो । तानसेन, डोटीको सिलगढी, धनकुटा जस्ता नगरहरू नेवारहरूले निर्माण गरेको बस्तीहरूको फलस्वरूप विकास भएका हुन् । वास्तवमा नेपालमा अन्य समुदायहरूको दाँजोमा शहरी सभ्यताको विकासमा नेवार समुदायको निश्चय पनि बढी योगदान रहेको पाइन्छ ।

### २.५.२.६ नेवार सभ्यता र संस्कृतिका केही मौलिक गुणहरू

नेवार समुदायका सभ्यता र संस्कृतिका केही मौलिक गुणहरू निम्नानुसार छन् :

- सामाजिक प्रतिष्ठा कायम गरी छुट्टै सभ्यताको विकास
- मौलिक संस्कृतिको विकास
- नेवार समुदायको देनको रूपमा साँस्कृतिक उपलब्धता

**– सामाजिक प्रतिष्ठा कायम गरी छुट्टै सभ्यताको विकास**

आर्यहरूको सभ्यताको प्रकाश नेवार/नेपारहरूको अतिरिक्त थारू, दनुवार/दरै, कुम्हाल/कुमालेहरूले पनि प्राप्त गरेका थिए । तर थारू, दनुवार/दरै कुम्हाल/कुमालेहरूले आर्यहरूको सभ्यतालाई यथावत स्वीकार गरी उनीहरूको दासत्व र शुद्रत्व समेत स्वीकार गरेका थिए । तर नेवारहरूले यस्तो दासत्व र शुद्रत्व स्वीकार नगरी उनीहरूले आर्यहरूबाट केवल ज्ञान आर्जन गरी कृषि, वाणिज्य, उद्योग धन्दाको क्षेत्रमा विकास गरी आफूलाई बढी सभ्य बनाए । साथै उनीहरूले आफ्नो पहाडि हावापानी र वातावरण अनुरूप विकास भएको भेषभूषा, रितिरिवाज, भाषा र परम्परा यथावत नै कायम गर्दै आफ्नो सामाजिक सद्भावको परम्परालाई पनि यथावत कायम राखेका थिए । फलस्वरूप उनीहरूले आफ्नो सामाजिक प्रतिष्ठा कायम गरी आफ्नो छुट्टै सभ्यताको विकास गर्न सफल भएका थिए । उनीहरूले विकास गरेको सभ्यताको सार नै संस्कृति हुन गएको पाइन्छ ।

**– मौलिक संस्कृतिको विकास**

मगधदेश राजा अजातशत्रुबाट पराजित भएका वृजिसंघ अर्न्तगतका लिच्छवी गणराज्यबाट पलायन भएका लिच्छवीहरू व्यापार

र व्यवसायको खोजिमा नेपाल उपत्यका प्रवेश गर्दा[९५] उनीहरूको साथमा विदेह, शाक्य जस्ता आर्यहरू र धोवी, तेली, चमार, डुम आदि शुद्रहरू र पौराणिक सम्प्रदायका अनुयायी "सवर्ण सनातनी भारतीय आर्यहरू" पनि आएका थिए । फलस्वरूप खासै सामाजिक भेदभाव नभएका किरात नेवार/नेपारहरू[९६] मा जातीय भेदभावको सुरूवात भयो र नेपाल उपत्यकाको तत्कालिन समाजमा चार वर्ण, १८ जातका सामाजिक संजालको विकास हुन पुग्यो । अर्कोतिर माथि उल्लेख गरिए झैं तत्कालिन किरात नेवार/नेपारहरूमा प्रचलनमा रहेको विधवा विवाह, सम्बन्ध विच्छेद र पुर्नविवाह जस्ता सामाजिक नियमहरू ( जसलाई भारतीय आर्यहरूले हेयको दृष्टिकोणबाट हेर्ने गर्दथ्यो) र अन्य स्थानीय रितिरिवाज एवं अन्य स्थानीय साँस्कृतिक पक्षहरूलाई नवआगन्तुक लिच्छवीहरूले अंगिकार गर्न पुगे । फलस्वरूप एक किसिमको नेपालको आफ्नै प्रकारको मौलिक संस्कृतिको विकास भयो जुन भारतीय संस्कृतिबाट फरक थियो । यस्तो संस्कृति स्थानीय नेवार/नेपारहरूको साँस्कृतिक परम्पराबाट अधिक मात्रामा प्रभावित भएको थियो ।[९७]

- **नेवार समुदायको देनको रूपमा साँस्कृतिक उपलब्धता**

गोपालकाल, किरातकाल र लिच्छवीकालदेखि नै नेपाल उपत्यकामा अधिक संख्यामा हालका नेवार समुदायका पूर्वजहरू नै रही आएकोले गोपालकालदेखि आजसम्म नेपाल उपत्यकामा भएका साँस्कृतिक उपलब्धिका धेरैजसो कार्यहरू पनि नेवार समाजबाट नै गरिएको देखिन्छ । यहाँ प्रवेश गरेका आर्य समुदायहरू पनि क्रमश: स्थानीयकृत भइ नेवार समाजमा नै सम्मिलित हुन गइ संश्लिष्ट संस्कृतिको निर्माण र विकास हुन गएको हो । आदिमकालको किरात चरित्र यसमा केहि मात्रामा रहिरहे पनि आर्य संस्कृतिले पनि यस समाजमा सर्वोपरि स्थान पाउँदै आएको छ । यस्तो संमिश्रण नै नेवारी संस्कृतिको एउटा महत्वपूर्ण तथ्य हो र नेपाल उपत्यकाको अधिकांश

---

९५ प्राचिन भारतमा राजतन्त्रात्मक र लोकतान्त्रिक गरी दुई किसिमका साना साना राज्यहरू अस्तित्वमा रहेका थिए । लोकतान्त्रिक राज्यहरू आपसमा मिलेर संघराज्य/संघीय राज्यको रूपमा पनि रहने गर्दथ्यो । "वृजिसंघ" नामक संघीय राज्य अर्न्तगत मात्र लिच्छवी, विदेह, ज्ञातक जस्ता साना साना ८ वटा गणराज्यहरू संगठित भएका थिए । यस संघराज्य वर्तमान उत्तरी विहारमा रहेको थियो । वर्तमान मज्जाफापुर जिल्लाको "वापाढ" नामक स्थानमा ने लिच्छवीहरूको प्रसिद्ध नगर "वैशाली" रहेको थियो । यो नगर लिच्छवी गणराज्य र बृजिसंघ दुवैको राजधानीको रूपमा रहेको थियो । मगधका राजा अजातशत्रुबाट पराजित भए पश्चात यसै नगरबाट पलायन भई नेपाल प्रवेश गरेका लिच्छवीहरूले नै करिव एक डेढ सय शताब्दी भित्र किराती नेवार/नेपारहरूबाट सत्ता आफ्नो हातमा लिन सफल भएका थिए । यस्तो राजनैतिक परिवर्तनको बावजुद पनि साँस्कृतिक दृष्टिकोणबाट लिच्छवीहरूले "किरात नेवार"लाई पूर्णरूपमा नै पराजित गर्न असमर्थ रहे । फलस्वरूप उनीहरू "किरात नेवार/नेपार" समुदायमा मिसिन पुगी कालान्तरमा नेवार समुदायकै एक अंगको रूपमा प्रस्तुत गर्न बाध्य भएका थिए । हेर्नुहोस्, बाबुराम आचार्य, ऐजन, पृष्ठ २४-२५

९६ तत्कालिन युरोपका ग्रीस, यथेन्स, स्पार्टा जस्ता साना साना नगर राज्यहरूमा समेत दासहरूलाई सामाजिक रूपले भेदभाव गरिन्थ्यो । उनीहरूलाई नागरिक अधिकार समेत दिइएको थिएन । तर तत्कालिन नेवार/नेपाली समाजमा कुनै सामाजिक भेदभाव विना नै सवैलाई समान नागरिक अधिकार उपभोग गर्न अवसर दिइएको थियो । हेर्नुहोस्, ऐजन, पृष्ठ १७ -१८

९७ यस्तो संस्कृतिलाई अनार्यमूलक सम्झी यस संस्कृतिलाई अपनाउने नेपाल उपत्यकाको लिच्छवी, विदेहहरूलाई आर्यावर्तिय आर्यहरूले हेयको दृप्टिकोणले हेर्न थालेका थिए । यसबाट नै स्थानीय समाजमा मिसिन पुगेका लिच्छवी, विदेह मुलका नेवार/नेपारहरू र भारतीय आर्यहरूको बीचमा राजनैतिक एवं साँस्कृ ाक दृप्टिकोणबाट भिन्नता देखा पर्‍यो र त्यसै समय देखि नै नेपाल राजनैतिक एवं साँस्कृतिक दृप्टिकोणबाट भारतीय आर्यावर्तव ट अल्लगिए र यस प्रक्रियामा नेवार समुदायको महत्वपूर्ण योगदान रहेको थियो भन्नु अत्युक्ति हुने छैन ।

साँस्कृतिक उपलब्धिहरू नेवार समुदायको देनको रूपमा हालसम्म पनि रहिआएको पाइन्छ ।

### २.५.३ भाषा एवं साहित्य

#### २.५.३.१ भाषा

बाबुराम आचार्यको भनाइ अनुसार वर्तमान नेवार समुदायका पुर्खाहरू ( गोपाल र महिषपाल बंशीहरू) सुरूमा अनार्य भएता पनि राज्य सत्ता प्राप्त गरे पश्चात् आर्य सरह नै भएका थिए ।[९८] उनीहरूको आभीर भाषा नै वर्तमान नेपाल भाषा (नेवारी भाषा) को प्रारम्भिक रूप हुनु पर्दछ । पछि किरातहरूले शासन सत्ता आफ्नो हातमा लिए पश्चात उक्त भाषामा किरात भाषाको पनि प्रभाव पर्न गयो । किरातहरूबाट शासन सत्ता हत्याउन सफल भएका लिच्छवीहरूको शासनकालमा संस्कृत भाषा नै आधिकारिक रूपमा राजकीय भाषाको रूपमा रहेकोले उक्त भाषामा संस्कृत भाषाको पनि प्रभाव पर्न जानु अस्वभाविक होइन ।

इस्वी सम्वतको प्रारम्भतिर कुती र केरूङ्गतिरका घाटीहरू खुले पश्चात् नेपालीहरूको तिब्बततिर आवतजावत बढ्न गएकोले नेपाल भाषामा तिब्बती भाषाको पनि प्रभाव पर्न गयो ।[९९] त्यस्तै इतिहासको विभिन्न कालखण्डहरूमा नेपाल उपत्यकामा प्रवेश गरी बसोबास गरेका विभिन्न जातजातिका मानव समूहहरू (शाक्य, कोली, देब, मल्ल, विदेह, धोवी, दनुवार, थारू इत्यादि) ले बोल्ने भाषाका शब्दहरू पनि नेपाल भाषामा समाहित भएको हुनु पर्दछ । यसरी विभिन्न मानव समूहरूको भाषाहरूको प्रभावमा रही नेपाल उपत्यकामा विकास भएको एउटा मौलिक भाषा हो नेपाल भाषा । वास्तवमा चित्तधर हृदयज्यूले भन्नु भए जस्तै यो भाषा तिब्बत बर्मेली भाषिक समूहको मात्र नभइ यो भाषा आफ्नै भाषिक परिवारको भाषा हो । यो भाषिक परिवार भित्र “खोप भाय” (भक्तपुरे नेवारी भाषा), बलामी भाय (वलामी नेवारी भाषा), दोलखा भाय (दोलखाली नेवारी भाषा) आदि पर्दछन् ।[१००]

माथि उल्लेख गरिए झैं “नेपाल” शब्द सुरू सुरूमा जातिवाचक शब्दको रूपमा पनि प्रयोग हुने गर्दथ्यो । जातिवाचक नेपालकै पर्याय रूपमा मध्यकालको चौधौं शताब्दितिर नेपाल भाषा (नेपालहरूले बोल्ने भाषा) को नामाकरण भएको र पछि पृथ्वीनारायण शाहले नेपाल उपत्यकाको विजय गरे पश्चात सायद नेवारी भाषा पनि भन्ने

---

९८ बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित पृष्ठ ९-१३

९९ साधारतया नेपाल भापालाई तिब्बत-बर्मेली भापिक परिवारको भापा भनिन्छ । यसरी तिब्बती बर्मेली भापिक परिवारको भापा बोल्ने नेवारहरूको रूपरंगमा अधिक मात्रामा आर्य जातिको लक्षणहरू पाइन्छ । अत: उनीहरूको मूल भापा पनि इन्दो आर्यन भापिक परिवारको नै हुनु पर्दछ र उनीहरूले आफ्नो मूल भापालाई परित्याग गरी तिब्बती वर्मेली भापिक परिवारको भापा अंगिकार गरेको हुनु पर्दछ भन्ने बाबुराम आचार्यको विचार रहेको छ । हेर्नुहोस् बाबुराम आचार्य, ऐजन, पृष्ठ ३०-३१

१०० उदधृत, रेवतीरमानन्द श्रेप्ठ, माथि उल्लेखित पृष्ठ ८१

प्रवृत्तिलाई बढी प्रोत्साहन गरेको हुनु पर्दछ । यो भाषालाई जुनजुन जाति वर्गले आफ्नो मातृभाषाको रूपमा अंगिकार गरे ती ती जाति/वर्गहरूले नै नेवार समुदाय/समाजको संरचना गरेका हुन् । नेपाल भाषा बोल्ने विभिन्न जात/जातिहरूले सामुहिक रूपमा नेवार नाम पाएका हुन् । समग्रमा भन्ने हो भने वर्तमान नेवार समुदायका पुर्खाहरू गोपाली र महिषपालीहरूको आभीर भाषामा तिब्बती वर्मेली भाषिक परिवारको किराँती भाषाको पनि प्रभाव बढ्दै गएको र आभिर र किराती भाषाहरूको संमिश्रणबाट एउटा मौलिक भाषाको विकास भयो र यही भाषा नै आजको नेपाल भाषा (नेवारी भाषा) को मूल रूप हो भन्न सकिन्छ । यस भाषाको आफ्नै लिपि छ जसलाई रञ्जना लिपि भनिन्छ ।[१०१]

नेपाल उपत्यका प्रवेश गरेका आर्यहरू (लिच्छवी, विदेह, कोली, शाक्य आदि) ले नेपाल भाषालाई राष्ट्र भाषाको रूपमा स्वीकार गरी यसमा आफ्नो आर्य भाषिक परिवारको भाषाका शब्दहरू मिसाउन थाले र यसबाट नेपाल भाषा क्रमश: श्रुतिमधुर हुँदै गयो । तथापि यसमा साहित्यको भने विकास हुन सकेको थिएन । तसर्थ लिच्छवीकालमा नेपाल भाषालाई बोलीचालीको भाषामा मात्र सिमित गरी संस्कृत भाषालाई नै राजकीय एवं सम्पर्क भाषाको रूपमा प्रयोग गरिएको थियो । फलस्वरूप संस्कृत भाषाको अध्ययन गर्न स्थानीय निवासीहरू (नेवार/नेपारहरू) बाध्य भए र नेपाल भाषामा संस्कृत भाषाको प्रभावमा अझ वृद्धि भयो । फलस्वरूप तिव्वेती-वर्मेली भाषिक परिवारको अन्य भाषाहरूको तुलनामा नेपाल भाषा बढी परिस्कृत र लोकप्रिय हुन गयो ।[१०२]

प्राचिनकालमा मात्र होइन, मध्यकालमा समेत संस्कृत भाषाको प्रयोग सरकारी स्तरमा समेत निकै मात्रामा भएको थियो । सर्वसाधारणले समेत संस्कृत भाषामा नै शिलालेखहरू समेत लेखाउन लगाएको पाइन्छ । समग्रमा भन्ने हो भने नेपालको इतिहासको लामो कालखण्डसम्म पनि संस्कृत भाषाको स्थिति निकै राम्रो अवस्था रहेको थियो । यही अवस्था इसाइ सम्वतको तेह्रौ शताब्दीको प्रारम्भसम्म कायम रहेको थियो ।[१०३]

राजा जयस्थिति मल्लको शासन कालमा नेवारीमा अनुवाद गरिएको अमरकोशको पुस्तकमा नै नेवारी भाषालाई सर्वप्रथम "नेपाल भाषा" भनिएको थियो ।[१०४] साथै मातृभाषामा अध्ययन अध्यापन गर्ने कार्य

[१०१] हेर्नुहोस, विस्तृत विवरणको लागि, शंकरमान राजवंशी, नेपाली लिपि विकास, श्याम सुन्दर राजवंशी, काठमाडौं, २०५९ । भनिन्छ, संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्नको लागि नेपालले यसै लिपिलाई आफ्नो राष्ट्रिय लिपिको रूपमा प्रस्तुत गरेका थिए ।

[१०२] वाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित, पृष्ठ ३०

[१०३] जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित पृष्ठ, ४९

[१०४] डिल्लीरमण रेग्मी, मेडियभल नेपाल, पार्ट १, पृष्ठ ३३९ र ऐजन, पृष्ठ ५१

पनि त्यसै समयबाट सुरू भएको मान्नु पर्दछ ।[१०५] त्यस्तै त्यस समयमा दक्षिण भारतबाट बसाइ सरी आएका भट्ट बाहुनहरूले समेत संस्कृतको साथै नेपाल भाषालाई अंगिकार गरेका थिए । त्यस्तै संस्कृत मिसिएको नेपाल भाषामा पनि शिलालेखहरू लेखाइने गरिन्थ्यो । ई.सं. १४१० को भक्तपुरको तवमाघि टोलको शिलालेखमा "नेपाल भाषा" भन्ने शब्द सर्वप्रथम (शिलालेखहरूको सन्दर्भमा) गरिएको थियो । इ.सं. १४७१ मा नारायण भट्टद्वारा स्थापना गरिएको अभिलेखमा नेपाल भाषालाई "देश भाषा" भनि उल्लेख गरिएको पनि पाइन्छ ।[१०६]

यस किसिमले तेह्रौ शताब्दीका राजा अभय मल्लको समयदेखि पन्ध्रौं शताब्दीका राजा यक्ष मल्लको शासनकाल सम्मको करिव २०० वर्षको अवधि भित्र नेपाल भाषाको विशेष विकास भएको पाइन्छ । वास्तवमा यसै समयमा (विशेषत: जयस्थिति मल्लको शासनकालमा) लोकभाषाको रूपमा प्रचलित नेपाल भाषालाई राष्ट्रिय मान्यता दिइएको कुराको ऐतिहासिक महत्व रहेको छ । संक्षेपमा मध्यकाल नेपाल भाषाको विकासको दृष्टिकोणबाट स्वर्णयुग मान्न सकिन्छ । साथै आर्यवर्गका जनसमूहहरूले आर्यतर वर्गका भाषा स्वीकार गरी यसको विकासमा ठोस योगदान गरेको कुरा पनि ऐतिहासिक दृष्टिकोणबाट अति महत्वपूर्ण मान्न सकिन्छ ।

### २.५.३.२ साहित्य

लिच्छवी राजा शंकरदेवको[१०७] नाति मानदेव प्रथमको शासनकालमा नेपालमा सर्वप्रथम शिलालेख लेखाउन लगाएका थिए । यसको साथै प्राचिनकालमा नेपालको तिन पटकसम्म भ्रमण गरेका चिनियाँ यात्री वाङ चु आन चे को यात्रा विवरणमा उल्लेख भए अनुसार त्यस बेला नै नेपालमा गणित र फलित दुवै किसिमको ज्योतिषशास्त्रको विकास भएको थियो ।[१०८]

प्राचिनकालमा नेपाल भाषाको साहित्यको खास विकास हुन नसकेतापनि मध्यकालमा भने सो भाषाको साहित्यमा प्रशस्त विकास भएको पाइन्छ । वंशावली, शिलालेख लेखन, अनुवाद, गीत, कविता, नाटक, ज्योतिषशास्त्र जस्ता साहित्यको विभिन्न विधाहरूको विकास भएको थियो । मल्ल राजाहरू स्वयंले पनि विभिन्न किसिमका नाटक[१०९], कविता, गीत लेख्ने गरेका थिए । नाटकको मञ्चनमा समेत

१०५ जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ४८-४९

१०६ ऐजन, पृष्ठ ५१

१०७ प्राचिन समयमा हुणहरूको आक्रमणबाट गुप्त साम्राज्यमा निकै आपतविपत पर्न गएको थियो । त्यस्तो आपतविपतबाट बच्न अनेकौं विद्धान कलाकारहरू एवं साहित्यकारहरू शंकरदेवको समयमा नेपाल प्रवेश गरेका थिए । यी विद्धानहरूको सहयोगबाट नै मानदेवले नेपालमा सर्वप्रथम शिलालेख लेखाउन लगाएका थिए ।

१०८ उद्धृत, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, माथि उल्लेखित, पृष्ठ ३०-३१

१०९ भक्तपुरका अन्तिम राजा रणजीत मल्लले "कृष्ण चरित्र" शिर्पकको एउटा नाटक लेखेका थिए । हेर्नुहोस्, शान्ताहर्प बज्राचार्य ( सम्पादक),जुजु रणजित मल्लया कृष्ण चरित्र, विमला बज्राचार्य, काठमाडौं, नेपाल सम्वत् ११०३

उनीहरू सहभागी हुन्थ्ये । भानुभक्तले रामायण लेख्नु भन्दा धेरै समय अगावै दुखीराम भारोले राजा भूपतिन्द्र मल्लको शासनकाल (वि.सं. १७५३-१७७९) मा नै रामायण लेख्ने कार्य गरिसकेका सकेका थिए ।[११०] मध्यकालदेखि नै मौलिकताका गुण नेपाल भाषाको साहित्यमा आइसकेको थियो । इस्वीको पन्ध्रौ शताब्दीको प्रारम्भदेखि नै (राजा यक्ष मल्ल (१४२८-१४८२) को शासनलकालदेखि) राजकीय अभिलेखहरूमा सुमेत नेपाल भाषामा गद्यको प्रयोग हुन थालेको थियो । पाटन मोतिटारको जलद्रोणीमा उल्लेखित इस्वी सम्वत् १२३९ को शिलालेखमा सर्वप्रथम नेपाल भाषाको सानो वाक्य प्रयोग भएको थियो । जयस्थिति मल्लका छोराहरू धर्म मल्ल, ज्योतिर मल्ल र कीर्ति मल्लको संयुक्त शासनकालमा दामोदर भट्टका छोरा कृष्ण भट्टले योगश्वर महादेवको नाउमा जग्गा दान दिइ अभिलेख राख्न लगाएका थिए । सो अभिलेखको अन्तिम चार हरफ जति नेपाल भाषामा लेखिएको थियो । दक्षिण भारतबाट बसाई सरी आएका भट्ट ब्राह्मणहरूले समेत त्यसै बेला नेपाल भाषा अंगिकार गरिसकेको कुरा यस अभिलेखबाट स्पष्ट हुन आउछ । त्यस्तै इ.सं. १४०८ (ने.सं. ५२८) मा दक्षिण भारतबाट नै बसाइ सरि आएका भट्ट ब्राह्मण परिवारका श्री राजभट्ट भन्ने ब्राह्मणले पशुपति क्षेत्रको राजेश्वरी मन्दिरमा देवीको मूर्ति स्थापना गरी शिलालेख समेत राख्न लगाएका थिए । उक्त शिलालेखको बिचको ८ हरफ संस्कृत मिसिएको नेपाल भाषामा लेखिएको र सुरूको ७ हरफ र अन्तिम दुई हरफ संस्कृत भाषामा लेखिएको थियो [१११] विदेशबाट बसाइ सरी आएका परिवारहरूले समेत स्थानीय भाषालाई अंगिकार गर्ने गरेको प्रवृत्ति उक्त दुई शिलालेखहरूबाट स्पष्ट हुन आउने भएकोले नेपालको सामाजिक इतिहासमा ति शिलालेखहरूको महत्वपूर्ण स्थान रहेको छ । राजा ज्योतिर मल्लको समयमा कर्माचार्य ज्योतिचन्द्र मास, सहस राम मास आदिले आचार्य जसचन्द्रद्वारा यक्ष गराइ मन्दिर स्थापना गरेका थिए । यसै उत्सवको सम्झनाको लागि भक्तपुरको तवमाधिटोलमा इ.सं.१४१० (ने.सं. ५३०) मा शिलालेख स्थापना गरेका थिए । सोही शिलालेखमा 'अत्: पर नेपाल भाषा' भन्ने वाक्यांशमा नै "नेपाल भाषा" भन्ने शब्द प्रयोग गरिएको थियो ।[११२]

ज्योतिर मल्लका छोरा यक्ष मल्लले स्थापना गरेको ई.सं. १४२८ को शिलालेखमा मात्र पहिलो पटक राजाले स्थापना गरेको शिलालेखमा "नेपाल भाषा" प्रयोग गरिएको थियो । ज्योतिर मल्लको शासनकालको इ.सं.१४१० (ने.सं ५३०) को पाटनको अभिलेखमा संस्कृत मिसिएको

---

११० हेर्नुहोस्, विस्तृत विवरणको लागि,जनकलाल वैद्य, सिद्धाग्नि कोटयाहुति देवल प्रतिष्ठा, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, २०६१

१११ जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ५१-५६

११२ ऐजन

नेपाल भाषा प्रयोग गरिएको थियो । त्यस्तै इ.सं.१४१५ (ने.सं. ५३५) को पाटन दरवारको भण्डारखालको अभिलेखमा आधा जतिमा नेपाल भाषा प्रयोग गरिएको पाइन्छ ।[११३] उपरोक्त अभिलेखहरूको अतिरिक्त नेपाल भाषा प्रयोग गरिएको केही प्रमुख अभिलेखहरू निम्न छन् :

- पाटन चिकं बहिलको इ.सं.१४१६ (ने.सं. ५३६) को अभिलेख
- इ.सं. १४२३ (ने.सं. ५४३) को ज्योतिर मल्लको शासनलकालमा स्थापना गरिएको काष्ठमण्डप मन्दिरको ताम्रपत्र जसको करिव आधा भाग नेपाल भाषामा लेखिएको छ ।
- इ.सं. १४२७ (ने.सं. ५४७) को पाटन राजदरवारको भण्डारखालको अभिलेख जसको अन्तिम दुई हरफ नेपाल भाषामा लेखिएको छ ।
- इ.सं. १४२७ (ने.सं. ५४७) को पाटन इटंबहालको ताम्रपत्र जसको १४ हरफ मध्य सुरूको ३ हरफ राजा ज्योतिर मल्ल र पाटनका तत्कालिन मुख्य पात्र राजासिंह मल्लदेव वर्मनको नाउ र लामो उपाधि संस्कृतमा नै लेखिएको र त्यसपछि राजासिंह मल्लदेव वर्मन र उनका चार भाइ पात्रहरूको नाउ र उपाधि नेपाल भाषाको विभक्तको प्रयोग सहित संस्कृतमा नै लेखिएको र त्यसपछि आठौंदेखि चौधौं हरफसम्म पारिभाषिक शब्दहरू बाहेक अरू सवै नेपाल भाषामा नै लेखिएको पाइएको ।[११४]

त्यस्तै राजा यक्ष मल्लले इ.सं. १४४१ (ने.सं. ५६१) मा राख्न लगाएको ताम्रपत्रको २२ हरफ मध्य सुरूको ६ हरफ संस्कृतमा र अन्य सवै नेपाल भाषामा लेखिएको र राजाले नै स्थापना गरेको ताम्रपत्रमा पहिलो पटक नेपाल भाषाको प्रयोग गरिएकोले यो ताम्रपत्रको ऐतिहासिक महत्व रहेको छ ।[११५] यस ताम्रपत्रमा राजा यक्ष मल्लले आफ्नो आमा संसार देवीको मृत्यु पछि पशुपतिमा उनको शालिक स्थापना गरि विभिन्न किसिमको धार्मिक कार्यहरू गर्नुपर्ने व्यवस्था गरेका थिए । यक्ष मल्लले नै राखेका अन्य निम्न ३ वटा शिलालेखहरूमा पनि नेपाल भाषा नै प्रयोग गरिएको पाइन्छ ।[११६]

- पहिलो, भादगाउँ तवमाधिटोलको इ.सं. १४४१ (ने.सं. ५६१) को ४५ हरफको शिलालेखमा ३४ हरफ पछि नेपाल भाषा प्रयोग गरिएको पाइन्छ ।
- दोस्रो, भक्तपुरको राजदरवारमा राखिएको इ.सं. १४५३ (ने.सं. ५७३) को ताम्रपत्रमा भक्तपुरलाई किल्लाको रूपमा विकास गरिए पश्चात् त्यसको सुरक्षाको लागि आवश्यक व्यवस्था गरिएकोले यो

[११३] ऐजन, ४८
[११४] ऐजन, पृष्ठ ५५-५७
[११५] ऐजन, पृष्ठ ५८-६७
[११६] ऐजन

ताम्रपत्र विशेषत: प्रशासकीय कार्यसित सम्बन्धित छ र यसको आफ्नै महत्व छ । यसको ३७ हरफ मध्ये सुरूको २१ हरफ संस्कृतमा र बाँकी नेपाल भाषामा लेखिएको छ । लिच्छवीकालिन राजा जयदेव द्वितीय (इ.सं. ७१३-७२३) को शासनकाल पश्चात् पाइएको पहिलो प्रशासकीय कार्य सम्बन्धि ताम्रपत्र हो यो । त्यसैले यसको ऐतिहासिक महत्वको रहेको छ ।[११७]

- तेस्रो, राजा यक्ष मल्लकै शासनकालमा राखिएको भक्तपुरको इ.सं. १४६८ (ने.सं. ८५५) को अभिलेखमा संस्कृतको अतिरिक्त नेपाल भाषा पनि प्रयोग गरिएको पाइन्छ । आफ्नो स्वर्गवासी छोरा राज मल्लको सम्झनामा छोराको शरिर जतिकै ठूलो विष्णुको मूति स्थापना गरि सो अभिलेख राखिएको हो ।

यस किसिमले मध्यकालको धेरै शिलालेखहरूमा धेरै वा थोरै मात्रामा नेपाल भाषाको प्रयोग गरिएको पाइन्छ । मध्यकालमा नै दैवज्ञ ज्योतिषराजले "ज्योतिषराजकरण" नामक ज्योतिषशास्त्र सम्बन्धी एउटा मौलिक ग्रन्थ लेखेका थिए ।[११८] यस्तै राजा यक्ष मल्लको शासनकालमा "स्वरोदयदशा" नामक एउटा ज्योतिष ग्रन्थको पनि रचना गरिएको थियो । .यो ग्रन्थ पनि नेवारी मिसिएको संस्कृत भाषामा लेखिएको थियो ।[११९] यस किसिमले यक्ष मल्लले नेपाल भाषा प्रति सकारात्मक नीति लिएकोले उनको शासनकालमा स्थापना गरिएको ९ वटा अभिलेखहरूमा धेरै वा थोरै मात्रामा नेपाल भाषा प्रयोग गरिएको पाइन्छ । साथै ज्योतिषशास्त्र सम्बन्धी ग्रन्थहरूमा समेत नेपाल भाषाको पनि प्रयोग भएको पाइन्छ ।

राजा जयस्थिति मल्लको शासनकालमा पनि नेपाल भाषालाई साहित्य लेखनको माध्यमको रूपमा प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइ नेपाल भाषालाई राष्ट्रिय मान्यता नै दिइएको थियो । त्यस्तै जयस्थिति मल्लका नाति एवं ज्योतिर मल्लका छोरा यक्ष मल्लको समयमा नेपाल भाषाले राजकीय अभिलेखहरूमा स्थान पाउनुको साथै यस भाषालाई "देश भाषाको" रूपमा पनि मान्यता दिइएको थियो ।

यक्ष मल्ल पछि इ.सं. १७६८ सम्म सवै मल्ल राजाहरूले शिलालेखमा नेवारी भाषालाई नेपाल भाषा र देश भाषाको रूपमा मान्यता दिइ यस भाषाको प्रयोग गरेका थिए । साथै साहित्य श्रृजनाको माध्यम पनि यसै भाषालाई बनाएका थिए । वास्तवमा तिब्बती बर्मेली भाषिक परिवारका भाषाहरू मध्य साहित्य श्रृजनाका माध्यम बन्न सफल भएका भाषा नै नेपाल भाषा हो । भारतमा इन्दो आर्यन भाषिक परिवारमा भाषाहरू-

[११७] ऐजन
[११८] ऐजन
[११९] ऐजन, पृष्ठ

हिन्दी, मराठी, बंगाली, गुजराती र नेपालको नेपाली भाषाको जतिकै करिव करिव नेपाल भाषाको पनि साहित्यक स्थान रहेको पाइन्छ र शाहकालमा समेत राजा रणबहादुर शाहले नेपाल भाषामा गीतहरू लेखका थिए।[१२०]

राजा जयस्थिति मल्लको मन्त्री जयत वर्माको छोरालाई अध्ययन गराउन अमरकोषको नेवारी भाषामा अनुवाद गरिएको र यस पुस्तकमा नेवारी भाषालाई नेपाल भाषा भनि उल्लेख गरिएको छ। यस्तै मन्त्री जयत वर्मा स्वयमको अध्ययन मननको लागि "मानव न्याय शास्त्र" नामक ग्रन्थको पनि नेपाल भाषामा अनुवाद गरिएको थियो। नेपाल भाषामा न्याय विकासीनी नामाकरण गरिएको उक्त मानव न्यायशास्त्र ग्रन्थ हालै मात्र पुस्तककै रूपमा प्रकाशित गरिएको छ।

यसरी माथिल्लो स्तरको सरकारी पदमा रहेका भारदार वर्गले समेत संस्कृत ग्रन्थहरूको अर्थ बुझ्न नेपाल भाषा प्रयोग गर्ने प्रवृत्तिको विकास भएको पाइन्छ। त्यस्तै लोक भाषा वा मातृभाषामा अध्ययन र अध्यापन गर्ने परम्परा पनि त्यसै समयमा सुरू भएको मान्न सकिन्छ। साथै नेपाल भाषाको साहित्यको श्रृजनाको सुरूवाट अनुवाद विधाबाट भएको पनि थाहा पाइन्छ।

माथि उल्लेखित ग्रन्थहरूको अतिरिक्त नेपाल भाषा साहित्यको प्राचिनतम ग्रन्थ हो गोपाल वंशावली। चौधौं शताब्दीतिर लेखिएको यस ग्रन्थको पछिल्लो आधा भाग नेपाल भाषामा लेखिएको छ। ऐतिहासिक घटनाहरूको टिपोटको रूपमा तयार गरिएको यो ग्रन्थको पहिलो आधा भागमा विशेषतः राजकीय पक्षको बारेमा चर्चा गरिएको छ।[१२१] अन्य भागमा ऐतिहासिक घटनाहरूको टिपोट समावेश गरिएका छन्। समग्रमा यो पनि एउटा मौलिक ग्रन्थ नै हो। प्रताप मल्लका मठ्याहा छोरा माधान्ताले वि.सं. १७२७ मा 'गीत केशव' शिर्षकको काव्य लेखेका थिए। मल्ल राजाहरूले नेपाल भाषालाई राष्ट्र भाषामा रूपान्तरण गर्ने ध्ययले साहित्य र शिलालेखहरू समेत नेपाल भाषामा लेख्न लगाउने कार्य गरेका थिए। साथै उनीहरू आफैले पनि धेरै कृतिहरू श्रृजना गरेका थिए भन्ने कुराको चर्चा माथि नै भइसकेको छ।

## २.६ शासन व्यवस्था

उत्तरी भारतको बृजिसंघका आर्यहरूबाट सभ्यताको प्रकाश प्राप्त गरेका "किरात नेवार/नेपारहरू" पनि सुरूमा लोकतान्त्रिक (कुनै न कुनै किसिमको गणतन्त्रात्मक व्यवस्था)

---

१२० हेर्नुहोस्, मध्यकालको साहित्य, गीत इत्यादि बारेको चर्चाको लागि, सुभाप राम प्रजापति, पुलांगु नेपाल भापा नाटकया संगीत पक्ष, नासःद्यः परम्परा र दर्शन, संस्कृति भित्र, नेवाटेक इन्कर्पोरेटेड, वाशिङ्गटन, ने.सं. ११२६ र वि.सं. २०६३, र छत्रबहादुर कायस्थ (संकलक), श्री ५ रणबहादुर शाहया म्ये मुनां, साहित्यया मूलुखा, यल (ललितपुर), नेपाल सम्वत् ११०५

१२१ जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ३

शासन व्यवस्थाबाट प्रभावित भएका थिए । किरातकालको सुरूको करिव दुई सय वर्ष जति यस्तै लोकतान्त्रिक व्यवस्था अर्न्तगतको शासन व्यवस्था चलेको आभाष पाइन्छ । यसै समयमा नै माथि उल्लेख गरिए झैं उत्तरी भारतमा पनि बृजि, मल्ल, विदेह र शाक्य जस्ता अनेक साना साना लोकतान्त्रिक राज्यहरू अस्तित्वमा थिए र उनीहरूको संसर्गमा रहेका "किरात नेवार/नेपारहरू" पनि उनीहरूको शासन व्यवस्थाबाट प्रभावित हुनु स्वभाविकै थियो । तर एउटा कुरामा भने उत्तरी भारतको उक्त राज्यहरू र किरातकालिन नेपालको राज्यको विचमा फरकपना रहेको पाइन्छ । उत्तरी भारतको उक्त राज्यहरूमा थारू, दनुवार, र कुम्हाल जस्ता स्थानीय शुद्रहरूलाई राज्यस्तरबाट नागरिक अधिकार प्राप्त थिएन । तर तत्कालिन नेपालमा "किरात नेवार/नेपारहरूमा" जातपात र उचनिचको खासै भेदभाव नभएकोले सवै निवासीहरूलाई समान रूपमा समान नागरिक अधिकार प्राप्त थियो । वास्तवमा बाबुराम आचार्यले भन्नु भए जस्तै तत्कालिन किरात नेपालको लोकतान्त्रिक शासन व्यवस्था निकै व्यवस्थित एवं दरिलो किसिमको थियो ।[१२२]

गौतम बुद्धले निर्वाण प्राप्त गर्नु भन्दा अगावै मगधका राजा अजात शत्रुले बृजिसंघलाई पराजित गरि उक्त संघलाई आफ्नो राजतन्त्रात्मक राज्यमा विलिन गरेका थिए । तत्पश्चात राजतन्त्रात्मक राज्य व्यवस्थाको प्रभाव नेपालमा पनि पर्न जानु अस्वभाविक थिएन । तथापि निर्वाचित राजाबाट नै शासन हुने व्यवस्था धेरै अवधिसम्म ( लिच्छवीकालको पनि केही शताब्दीसम्म)[१२३] कायम रहेको थियो । यस्तो लोकतान्त्रिक राजतन्त्रात्मक राज्य व्यवस्थाको अन्तिम राजा वृषदेव थिए । लिच्छवीहरूका साथै गुप्त भनिने आभीरहरूले पनि त्यसबेला नेपालमा प्रवेश गरेका थिए । यी आभीरहरूको नेता रवी गुप्तले बसन्तदेवलाई नाम मात्रको राजा बनाइ आफू वास्तविक शासक भएका थिए । तत्कालिन समयको प्रचलित मान्यता अनुसार गुप्त आभीरहरू महाशुद्र भएकाले त्यस्ता महाशुद्रहरूलाई राजमुकुट धारण गर्ने अधिकार थिएन । त्यसैले लिच्छवी राजकुमारलाई नै नाम मात्रको भए पनि राजा बनाइ रवी गुप्त र अरू आभीरहरूले आफू वास्तविक शासक भएका थिए । करिव दुइ शताब्दीसम्म (राजा बसन्तदेव देखि राजा नरेन्द्र देवको शासनकाल सम्म) आभीरहरूले वास्तविक शासक भइ राज्य गरेका थिए ।[१२४] र इ.सं. ६४२ मा राजा नरेन्द्र देवको राज्यारोहण पश्चात आभीरहरूको प्रभाव करिव करिव समाप्त भयो र तत्पश्चात नेपालको राजनैतिक एवं प्रशासनिक व्यवस्थामा व्यापक परिवर्तन भयो ।

लिच्छवीकाल पश्चात मध्यकालमा पनि राज्य व्यवस्था व्यवस्थित रूपले संचालित भएको पाइन्छ । राज्यलाई केन्द्र र स्थानीय तहमा विभाजन गरिएको थियो । केन्द्रिय स्तरमा राजा, राजकुमार, मन्त्री र अन्य भारदाहरूले आ-आफ्ना भूमिका खेल्ने गर्दथ्यो भने स्थानीय तहमा प्रमान भनिने जिल्ला प्रशासक, दुवार भनिने स्थानीयस्तरका प्रशासक, पंच समुदाय आदि पदाधिकारीहरूले शासन/प्रशासन संचालनमा महत्वपूर्ण भूमिका खेल्दथ्यो । समग्रमा तत्कालिन समयको व्यवस्थित शासन/प्रशासन व्यवस्थाबाट धेरै

---

१२२ बाबुराम आचार्य, माथि उल्लेखित, पृष्ठ १७-१८

१२३ इस्वी सम्वतको चौथौं शताब्दीसम्म पनि प्रजातान्त्रिक/लोकतान्त्रिक लिच्छवी शासन व्यवस्था कायम रहेको थियो । प्रजातान्त्रिक/लोकतान्त्रिक लिच्छवी शासन व्यवस्थाको अन्तिम राजा बृपदेव हुन् । उनी निर्वाचित राजा थिए । उनी बौद्ध धर्मावलम्वी थिए ।

१२४ आभीर शासक भौम गुप्तको शासनकालमा "मौखरी" हरूले आक्रमण गरेका थिए । र उनको सैनिक पराजित भएका थिए । तथापि अंशुवर्माले मौखरी आक्रमणकारीहरूलाई भगाइ पठाउन सफल भएका थिए । यसै उत्सवमा इ.सं ५७६ मा राजा अंशुवर्माले "नयाँ सम्वत" चलाएका थिए । यसै सम्बतलाई बाबुराम आचार्यले "पुरानो नेपाल सम्बत" नामाकरण गर्नुभएको छ । हेर्नुहोस, बावुराम आचार्य, माथि उल्लेखित, पृष्ठ ३१

हदसम्म समाजमा शान्ति सुव्यवस्था कायम हुनुको साथै सामाजिक आर्थिक अवस्थामा पनि सुधार हुन गएको थियो भन्न सकिन्छ।[१२५]

## २.७ उपसंहार

यस परिच्छेदमा नेपाल र नेवार शब्दको उत्पत्ति र विकाससित सम्बन्धित केही प्रमुख सिद्धान्तहरूको बारेमा चर्चा गर्दै नेवार समुदायको नेपालसित रहेको गहिरो अन्तरसम्बन्धको विश्लेषण गरिएको छ । त्यस्तै नेवार समुदायको बनावटको क्रम र पृष्ठभूमिको बारेमा पनि विस्तृत रूपमा विश्लेषण गरिएको छ। तत्पश्चात् नेवार समुदायको नश्ल, सभ्यता र संस्कृति, भाषा एवं साहित्यको चर्चा गरिनुको साथै नेवार सभ्यता र संस्कृतिका केही मौलिक पक्षहरूको बारेमा विश्लेषण गरिएको छ। साथै तत्कालिन नेवार राज्यहरूको शासन व्यवस्थाको संक्षिप्त रूपरेखा पनि कोर्ने प्रयास गरिएको छ । समग्रमा यस परिच्छेदमा नेवार समुदायको पहिचानको बारेमा विस्तृत विश्लेषण एवं चर्चा गर्नुको साथै नेवार समुदायको बनावटको पृष्ठभूमि र सभ्यता एवं संस्कृतिको विभिन्न पक्षहरू माथि प्रकाश पार्ने प्रयास गरिएको छ। अर्को परिच्छेदमा नेवार समुदायको जाति प्रथाको विकास एवं पृष्ठभूमिको बारेमा विश्लेषण एवं चर्चा गरिनेछ।

१२५ हेर्नुहोस, विस्तृत विवरणको लागि, तुलसी नारायण श्रेष्ठ, नेपलिज एडमिनिष्ट्रेशन ए हिस्टोरिकल परस्पेक्टीभ, रत्न पुस्तक भण्डार, काठमाडौं, सन् २००५

# ३
# जाति प्रथाको विकास एवं पृष्ठभूमि

## ३.१ भूमिका

आजको एक्काइसौं शताब्दीमा पनि जाति प्रथाको (Caste System) को बारेमा चर्चा गर्नु त्यतिको सान्दर्भिक नहुन सक्दछ । कारण, आजको युग मानव मानव बिचको समानताको युग हो । र जाति प्रथाले यस्तो समानताको अवधारणालाई सधैं चुनौती नै दिइरहेको हुन्छ । हुनत: तुलनात्मक रूपमा अरू समुदायभन्दा अलि बढी परम्परागत सोचाइमा लिप्त रहिरहेको नेवार समुदायमा पनि जाती प्रथा र छुवाछुटको भावनाको परम्परागत संस्कारहरूमा केही हदसम्म भए पनि क्रमश: कमी हुँदै आइरहेको आभाष पाइन्छ । कानूनी रूपमा भन्ने हो भने पनि जाति प्रथालाई स्पष्ट रूपमा नै उन्मूलन गरिएको नभएतापनि यसलाई स्पष्ट रूपमा मान्यता पनि दिइएको पाइदैन ।[1] तथापि धेरै हदसम्म अझैं पनि नेवार सामाजिक व्यवहार पद्धति पूर्ण रूपमा परम्परागत जाति पद्धतिबाट मुक्त भइसकेको पाइदैन । वास्तवमा हालसम्म पनि कुनै न कुनै रूपमा नेवार समुदायमा जाति प्रथाको परम्परा प्रचलनमा रहिआएको पाइन्छ । यस परिच्छेदमा उक्त जाति प्रथाको विकासको पृष्ठभूमिको बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## ३.२ जाति प्रथाको विकासको पृष्ठभूमि.

नेवार समुदायको जाति प्रथाको विकासको पृष्ठभूमिको चर्चा निम्न बुँदाहरूको आधारमा गर्ने जमर्को गरिएको छ ।

- प्राचिनकाल
- मध्यकाल
- पृथ्वीनारायण शाहको नेपाल उपत्यकाको विजय पश्चातको स्थिति
- राणाकाल
- २००७ देखि २०४५ साल सम्मको स्थिति र
- २०४६ साल पश्चातको स्थिति

### ३.२.१ प्राचिनकाल

प्राचिनकालमा जाति प्रथाको विकासको चर्चा मूलत: निम्न बुँदाहरूको आधारमा गर्न सकिन्छ ।

- चार वर्ण अठार जातको विकास
- बौद्ध धर्माम्वलीहरूमा विकास भएको "उदास समाज"

#### ३.२.१.१ चार वर्ण अठार जातको विकास

वर्तमान नेवार समुदायको प्रारम्भिक पुर्खाहरू गोपाल, महिषपाल र किरात वंशी राजाहरूको समयमा नेपालमा जाति· व्यवस्था (caste System) को खासै विकास भइसकेको थिएन । फलस्वरूप तत्कालिन समाजमा खास सामाजिक

[1] हेर्नुहोस, तत्कालिन श्री ५ को सरकार, नयाँ मुलुकी ऐन, कानून तथा न्याय मन्त्रालय, काठमाडौं, २०६०

भेदभावको श्रृजना भइनसकेकोले सबै मानिसहरूलाई समानताको भावनाले व्यवहार गरिन्थ्यो ।

लिच्छवीकालिन[२] राजा सुपुष्पदेवको[३] समयमा मात्रै तत्कालिन समाजमा वर्ण व्यवस्था[४] लागू गरिएको थियो । सुरू सुरूमा कर्मको आधारमा तत्कालिन समाजलाई वर्गिकरण गरिएको भएतापनि पछि यस व्यवस्थामा विकृति आइ जन्मको आधारमा नै वर्ण[५] छुट्याउने परम्पराको विकास भएको पाइन्छ । फलस्वरूप ब्राह्मणको सन्तान ब्राह्मण हुने, क्षेत्रीको सन्तान क्षेत्री हुने, वैश्यको सन्तान वैश्य हुने र शुद्रको सन्तान शुद्र नै हुने परम्पराको विकास भएको पाइन्छ । हुनत: राजा सुपुष्पको शासनकाल भन्दा पहिले पनि वर्ण व्यवस्था नेपालमा प्रचलनमा थियो । तथापि विकृत किसिमको वर्ण व्यवस्था भने राजा सुपुष्पको समयमा नै प्रचलनमा आएको थियो । तत्पश्चात राजा बसन्तदेव (सन् ५०६-५३२) को शासनकालदेखि नेपालमा वर्ण व्यवस्थाको अतिरिक्त जाती प्रथाको पनि सुरूआत भएको थियो । भनिन्छ तत्कालिन समाज चार वर्ण १८ जातमा विभाजित रहेको थियो ।[६] यी १८ वटा जातहरू कुन कुन हुन् ? यो प्रश्न जटिल छ । धनबज्र बज्राचार्यले यी १८ वटा जातहरू मध्य ७ वटा जातहरूको पहिचान गर्नु भएको छ । ती हुन् :

- किरात
- लिच्छवी
- बृजिक
- मल्ल

---

२ उत्तरी भारतको वैशालीबाट लिच्छवीहरू नेपाल प्रवेश गरेका थिए । आर्य नश्लको हिन्दूधर्मावलम्वी यी लिच्छवीहरू आफूलाई सूर्यवंशी ठान्दथ्ये र यिनीहरूले "किरात नेवारहरू"बाट नेपालको शासन सत्ता आफ्नो हातमा लिइ आफै पनि तत्कालिन नेवार समाजमा मिसिन पुगी नेवार भएको कुरा अघिल्लो परिच्छेदमा चर्चा भइसकेको छ र पछि पौराणिक सम्प्रदायका अनुयायी "सुवर्ण सनातनीहरूको" पनि आवादी बढ्दै गएको थियो । तत्पश्चात् लिच्छवीहरूबाट विकास गरिएको वर्णको साथै जातपात र छुवाछुटको भावना क्रमश: कठोर हुँदै गएको आभाप पाइन्छ । लिच्छवी, सवर्ण सनातनीहरू, विदेह र अरू नवआगन्तुक आर्यहरूको संस्कृति र नेपाल उपत्यकाका मूल निवासी (किरात नेवार/नेपारहरू) को संस्कृतिको समिश्रण भइ एउटा विशिष्ट संस्कृतिको विकास हुन गएको थियो भन्ने कुराको माथि चर्चा भइसकेको छ । यस्तो संस्कृति "किरात नेवार/नेपारहरू"बाट प्रभावित भएकोले भारतीय आर्यहरूले यसलाई अनार्यमुलक संस्कृतिको रूपमा हेरी हेयको दृप्टिकोणले हेर्न थालेका थिए भने "किरात नेवार/नेपार" बाहेक अन्य किरातीहरूलाई लिच्छवी, विदेहहरूले यस संस्कृतिमा समाहित गराएका थिएनन् । यस्ता किरातहरूबाट नै "न्यार्वा" समुदायको विकास भएको भन्ने बाबुराम आचार्यको ठहर रहेको छ । हेर्नुहोस्, परिच्छेद-२

३ राजा सुपुष्पले नै पशुपतिनाथको मन्दिर बनाएका थिए । यिनले आफ्नो राज्यमा नगर क्षेहरूको समेत विकास गरी विभिन्न किसिमको मर्यादाहरू (नियमहरू) समेत जारी गर्नुको साथै जनतालाई निजी भूमिको हक प्रदान गरेका थिए । साथै उनीहरूलाई न्याय दिने व्यवस्था समेत गरेका थिए ।

४ बैदिककालदेखि नै हिन्दू समाज वर्ण व्यवस्थामा आधारित हुँदै आएको पाइन्छ ।

५ वर्ण भन्नाले व्यक्तिको स्वभाव अनुसार निर्धारण गरिएको कर्मलाई जनाउछ । विस्तृत रूपमा भन्ने हो भने "वर्ण" भन्नाले निम्न कुराहरूलाई जनाउँछ :

- स्वभावत: ब्रह्म सम्बन्धी ज्ञान, धर्म, शिक्षा जस्ता क्षेत्रहरू सम्बन्धी ज्ञान आर्जन गरी त्यस्तो ज्ञान अरूलाई प्रदान गर्ने र त्यससित सम्बन्धित क्रियाकलापहरूमा संलग्न रहेका व्यक्तिहरूलाई "ब्राह्मण" वर्णमा वर्गिकरण गरिएको;
- स्वभावत: आफ्नो भौगोलिक क्षेत्र र त्यहाँ बसोबास गर्ने निवासीहरूलाई आन्तरिक रूपमा सुरक्षा प्रदान गरी बाह्य आक्रमणबाट समेत रक्षा गर्नुको साथै शासन/प्रशासन संचालन गर्ने कार्यहरूसित सम्बन्धित कर्म गर्ने व्यक्तिहरूको समूहलाई क्षेत्री वर्णमा बर्गिकरण गरिएको ।
- स्वभावत: खेतीपाती, उद्योगधन्दा, व्यापार व्यवसाय जस्ता कार्यहरूसित सम्वन्धित कर्म गर्ने व्यक्तिहरूको समूहलाई वैश्यमा वर्गिकरण गरिएको र
- स्वभावत: ब्राह्मण, क्षेत्री, वैश्यहरूको सेवा गर्ने र समाजलाई आवश्यक पर्ने अन्य सरसफाइहरू-सित सम्बन्धित कार्य गर्ने व्यक्तिहरूको समूहलाई शुद्र वर्णमा वर्गिकरण गरिएको छ ।

६ यस भनाइको पुष्ट्याइ थानकोट आदित्यनारायणको बसन्तदेवको लिच्छवीकालिन अभिलेखबाट हुन आउछ । हेर्नुहोस्, धनबज्र बज्राचार्य, लिच्छवीकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०३०, पृष्ठ ९१-१०७

- शाक्य
- कोली र
- आभीर गुप्त[७]

त्यस्तै रेवती रमणानन्द श्रेष्ठले उक्त ७ वटा जातहरूको अतिरिक्त अन्य ४ वटा जातहरू पनि पहिचान गर्नु भएको छ । ती हुन् :

- वर्मा
- श्रेष्ठ[८]
- गोपाल र
- महिषपाल

बाबुराम आचार्यले पनि अरू थप ७ वटा तत्कालिन जात/थरहरू पहिचान गर्नु भएको छ । ती हुन् :

- ब्राह्मण
- वन्जा (व्यापारी)
- किसान (ज्यापू)
- डुम (पोडे)
- दुसाद (च्यामखल)
- कुम्हाल
- धोवी[९]

समग्रमा भन्ने हो भने लिच्छवीकालमा श्रृजना भइ प्रचलनमा रहेका १८ वटा जात/थरहरू निम्न हुन् :

- किरात
- लिच्छवी
- बृजिक
- मल्ल
- शाक्य
- कोली

---

७ हेर्नुहोस्, पशुपतिको आभीरी गोमिनीको अभिलेख, ऐजन पृष्ठ १७०- १७४

८ "श्रेप्ठ" भन्ने जात/थर पनि लिच्छवीकालिन १८ जातहरू मध्य एक हुन् भन्ने कुरा पशुपति वज्रधर राजा नरेन्द्रदेवको सम्वत् १०३ को शिलालेखमा उल्लेखित "श्रेप्ठीदुल" भन्ने शब्दबाट पुष्टयाइ हुन्छ । उक्त शिलालेखमा शिवदेव विहारको लागि प्रदान गरिएको जग्गाको सीमाना तोक्दा "श्रेप्ठीदुल" भन्ने ठाउँबाट सुरू भइ सोही ठाउँमा अन्त्य हुने कुरा उल्लेख गरिएको छ । श्रेप्ठीदुलको अर्थ हो श्रेप्ठहरूले बसोवास गरेको डोल । उनीहरूको एउटा वस्ती नै त्यसबेला पशुपति क्षेत्रमा रहेको बुझिन्छ । वास्तवमा श्रेप्ठहरू शाक्य, मल्ल लिच्छवी जस्तै उत्तर भारतको बुद्धकालिन एउटा पुरानो जाती हो । भारतमा अहिले पनि "कुलश्रेप्ठ" भन्ने थर प्रचलनमा रहेको पाइन्छ । यहि थर नेपालमा श्रेप्ठ भएको हुनुपर्दछ । हेर्नुहोस्, पशुपति बज्रधरको नरेन्द्रदेवको अभिलेख, ऐजन, पृष्ठ ४९९-५०६ र रेवती रमणानन्द श्रेप्ठ, नेवाः (नेवार), साहित्यया मुलूखा, ललितपुर, नेपाल सम्वत् ११२१, पृप्७ २७-२८

९ लिच्छवीकालको सुरूवाटको समयमा भारत र नेपाल बिचमा आवातजावत गर्ने मुख्य बाटो विदेहको राजधानी मिथिला नै थियो र त्यहाँवाट कमला नदिको किनारैकिनार भएर नेपाल उपत्यका भित्र प्रवेश गर्नु पर्दथ्यो । यसरी मिथिला भएर आउँदा लिच्छवीहरू आउनुभन्दा अगावै वा सँगै त्यहाँका ब्राम्मणहरू पनि आएका थिए । अधिकांश लिच्छवीहरू क्षेत्रीय वर्गका थिए भने मिथिलाबाट आएकाहरू मध्ये अधिकांश ब्राम्मणहरू र अरू धोवी, दुसाद, डुम आदि शुद्रहरू थिए । साथै पौराणिक सम्प्रदायका अनुयायी "सुवर्ण सनातनीहरू" पनि आएका थिए । यी सवै नवआगन्तुकहरू स्थानीय निवासीहरूसित मिसिन पुगे र फलस्वरूप तत्कालिन नेपालको समाजमा छुवाछुट र जातीय प्रथाको श्रृजना हुन गयो । हेर्नुहोस्, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, श्री कृष्ण आचार्य, काठमाडौं, २०५४, पृष्ठ २५-२६

- आभीर गुप्त
- गोपाली
- महिषपाली
- वर्मा
- श्रेष्ठ/श्रेष्ठी
- ब्राह्मण
- वन्जा (व्यापारी)
- किसान (ज्यापू)
- डुम (पोडे)
- दुसाद (च्यामखल)
- कुम्हाल
- धोवी

**३.२.१.२ बौद्ध धर्मावलम्वीहरूमा विकास भएको "उदास समाज"**

माथि विवेचना गरिएको वर्णकरण र जातकरणबाट नेवारी समाजमा सामाजिक भेदभावको प्रचलनको सुरूवात भएको स्पष्ट हुन आउछ । यसको साथै नेपाल उपत्यकामा अरू मानव समूहहरूको प्रवेशले पनि निरन्तरता पाइनै रहयो । यसै क्रममा बौद्ध धर्मावलम्वीहरूले पनि नेपाल प्रवेश गरे । फलस्वरूप लिच्छवीहरूले पनि बौद्धधर्म अंगिकार गर्न थाले । यी बौद्ध धर्मावलम्वीहरूले नै गृहस्थ जीवन अपनाउन सुरू गरे र यिनीहरू मध्यबाट नै वर्तमान नेवार समुदायको उदास[१०] समाजको विकास हुन गएको थियो । यस समुदाय भित्र पनि विभिन्न थरहरूको श्रृजना भयो । ती हुन् :

| | |
|---|---|
| - तुलाधर | तराजुमा जोखेर व्यापार गर्ने |
| - कसा (कंसाकार) | पित्तल (कैयं) सम्बन्धी काम गर्ने |
| - तब : (ताम्राकार) | ली सम्बन्धी काम गर्ने |
| - स्थापित | सिकर्मीको रूपमा काम गर्ने |
| - शिल्पकार | लोह (ढुंगा) सम्बन्धि काम गर्ने |
| - वानिया | व्यापार व्यवसाय गर्ने |

यी सवै जात/थरहरूमा परम्परागत रूपमा "तुलाधर" लाई माथिल्लो श्रेणीको मानिन्छ र "बानीया" यस समुदायमा सवभन्दा पछि मिसिन पुगेको समूह हुन् ।

**३.२.२ मध्यकाल**

मध्यकालमा जाति प्रथाको परम्पराको विकासको विश्लेषण एवं चर्चा निम्न बुदाँहरूको आधारमा गर्न सकिन्छ :

- वैश ठकुरीहरूको आगमन र लिच्छवीहरूको ज्यापूकरण

---

१० यी बौद्ध धर्मावलम्वीहरू सुरू सुरूमा गृहस्थ जीवन प्रति उदास रहने प्रवृत्ति देखा परेको थियो । यसै प्रवृत्तिको कारण उनीहरूलाई गृहस्थ जीवनमा प्रवेश गरे पश्चात पनि "उदास" भनिएको हो ।

- मल्ल वंशको उदय र जयस्थिति मल्लको सुधार
- ज्योतिर मल्लद्वारा गरिएको सामाजिक व्यवस्थाको पुर्नसंरचना
- सिद्धिनरसिंह मल्लको स्थिति
- मध्यकालिन नेवार समाजका केही जात/थरहरू र तिनका केही विशेषताहरू

### ३.२.२.१ वैश ठकुरीहरूको आगमन र लिच्छवीहरूको ज्यापूकरण

माथि उल्लेख गरिए झैं नवौं शताब्दीको अन्त्यतिर उत्तर भारतबाट नै नेपाल प्रवेश गरेका वैश ठकुरीहरू[११] लिच्छवीहरूलाई शासन व्यवस्थाबाट विस्थापित गरी आफ्नो हातमा सत्ता लिन सफल भए । तत्पश्चात् लिच्छवीहरूलाई खेतिपातीको काममा मात्र संलग्न हुनुपर्ने बाध्यात्मक परिस्थितिको श्रृजना गरियो । फलस्वरूप यिनका सन्तानहरू ज्यापू समुदायमा रूपान्तरण भए । यस किसिमले लिच्छवीहरूलाई वैश ठकुरीहरूले ज्यापूकरण गरेका थिए ।[१२] बैश ठकुरी वंशका पहिला राजा राघवदेवको शासनकालमा नै शंखधर साख्वाले तत्कालिन नेपालका सवै निवासीहरूलाई ऋण मुक्त गरी नेपाल सम्वत चलाएका थिए ।[१३] यी वैश ठकुरीहरूले नेपाल भाषा एवं नेवार संस्कृतिलाई अंगिकार गरी नेवारी समाजको एक अभिन्न अंगको रूपमा आफूलाई प्रस्तुत गरेका थिए । "देव" थर भएका केही परिवारहरू अझसम्म पनि नेवार समुदायमा पाइन्छ र यी देवहरू मध्य अधिकांशले अर्कै थर अपनाइ आफ्नो पुर्ख्यौली थरलाई परित्याग गरिसकेको पनि आभाष पाइन्छ ।

### ३.२.२.२ मल्ल वंशको उदय र जयस्थिति मल्लको सुधार

**- मल्ल वंशको उदय**

बाह्रौ शताब्दीको अन्त्यतिर नेपालको राजनीतिक आकाशमा मल्ल वंशको उदय भयो । यस वंशका पहिला राजा थिए- अरि मल्ल । उत्तरी भारतबाट नै नेपाल उपत्यकामा प्रवेश गरेका यी मल्लहरू पनि वैश ठकुरीहरूलाई शासन सत्ताबाट विस्थापित गरी सम्पूर्ण शासन सत्ता आफ्नो हातमा लिन सफल भएका थिए । पूर्णरूपले राजपुत/क्षेत्री वर्गका यी मल्लहरू नेपाल उपत्यकामा प्रवेश गरी यहाँको भाषा, संस्कृति र सभ्यतालाई अंगिकार गरी यहाँको नेवार समाजको क्षेत्रीय वर्गको रूपमा रूपान्तरित भएका थिए ।

मल्ल वंशको उदय पश्चात वैश ठकुरीहरूको शासन अन्त्य भएतापनि माथि उल्लेख गरिए जस्तै केन्द्रीय सरकार अझसम्म पनि कमजोर नै रहेकोले

---

११ "वैश" भन्नाले उत्तर भारतबाट नेपाल उपत्यकामा प्रवेश गरेका ठकुरीहरूलाई जनाउछ भन्ने विचार बाबुराम आचार्यले व्यक्त गर्नुभएको छ । त्यस्तै एउटा वंशावलीमा उल्लेख भए अनुसार नुवाकोटबाट बैश्य ठकुरीहरू आइ टोलटोलको शासन आफ्नो हातमा लिएका थिए । जे भएतापनि केन्द्र सरकार कमजोर अवस्थामा रहेका तत्कालिन समयमा नुवाकोटबाट पनि नेपाल उपत्यका प्रवेश गरेका वैश्य ठकुरीहरूले स्थानीय स्तरमा शासन आफ्नो हातमा लिइ पुस्तौनी शासन चलाएको कुरामा विश्वास गर्न सकिन्छ । कान्तिपुरमा मात्र १२ वटा ठकुरी राजाहरू (नेवारीमा थकु जुजु भनिने) ले आ-आफ्नो क्षेत्र/टोलहरूमा शासन गर्दथ्ये । ललितपुरमा २४ टोलहरूमा माहा पात्रहरूले मनोमानी ढंगबाट शासन चलाएका थिए ।

१२ हेर्नुहोस, बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, श्रीकृष्ण आचार्य, काठमाडौं, २०५४, पृष्ठ ४५-४६

१३ २०५६ सालमा तत्कालिन सरकारले शंखधर साख्वालाई राष्ट्रिय विभूतिको रूपमा मान्यता दिएका थिए । त्यस्तै २०६५ कार्तिकमा उनले चलाएको नेपाल सम्वतलाई राष्ट्रिय सम्बतको रूपमा मान्यता दिइएको थियो । हेर्नुहोस, विस्तृत विवरणको लागि, काशीनाथ तमोट, शंखधरकृत नेपाल सम्बत, नेपाल मण्डल अनुसन्धान गुथि, पाटन, ने.सं. १९२९

थकुजुजुहरूको [१४] स्थानीय स्तरको पुस्तौनी शासन कान्तिपुर, भक्तपुर र ललितपुरका टोल टोलहरूमा कायमै रहेको थियो । सन् १४८५ मा मात्र यक्ष मल्लका माइला छोरा रत्न मल्लले थकुजुजुहरूलाई पराजित गरी कान्तिपुरलाई स्वतन्त्र राज्य घोषणा गरी आफैं राजा भएका थिए ।[१५]

- **जयस्थिति मल्लको सुधार**

मल्ल वंशका एक प्रख्यात राजा जयस्थिति मल्ल (वि.सं. १४३७-१४५३) ले तत्कालिन नेवार समाजमा प्रचलनमा रहेको सामाजिक संरचनालाई आधिकारीक रूपमा नै मान्यता दिने गरी एउटा "स्थिति" (code) बाँधी दिएका थिए । त्यस "स्थिति"मा सामाजिक संरचनाको अतिरिक्त आर्थिक एवं न्यायिक प्रकृतिका कार्यहरूको[१६] बारेमा पनि व्यवस्था गरिएको थियो । मोटामोटी रूपमा जयस्थिति मल्लको सुधारहरूलाई निम्न पाँच भागमा बाँड्न सकिन्छ ।

- घरखेत सम्बन्धी सुधार
- सामाजिक सुधार : समाजलाई चार वर्ण, ६४ जातमा विभाजन र जात अनुसार पेशा अपनाउनु पर्ने व्यवस्था
- अपराध सम्बन्धी दण्ड जरिवानाको व्यवस्था
- नापतौलको व्यवस्था र
- विविध

सामाजिक सुधारको नाउमा बाँधिएको "स्थिति"को व्यवस्था गर्ने कार्यमा जयस्थिति मल्ललाई तत्कालिन मन्त्री जयत वर्मा, राजगुरू किर्तिनाथ उपाध्याय, मैथिल ब्राह्मणहरू रघुनाथ झा र रामनाथ झा, दक्षिण भारतीय ब्राह्मणहरू श्री नाथ भट्ट र मदीनाथ भट्टले सल्लाह र सुझाव दिएका थिए । वास्तवमा तिन किसिमका ब्राम्हणहरू (उपाध्याय ब्राह्मण, मैथिल झा ब्राह्मण र दक्षिण भारतीय भट्ट ब्राह्मण) र एक जना प्रभावशाली भारदार जयत वर्माको सल्लाह र सुझावमा नै उक्त सामाजिक सुधार सम्बन्धी "स्थिती" बाँधिएको थियो ।[१७]

जयस्थिति मल्लले तयार गरी लागू गरेको "स्थिति" अनुसार तत्कालिन नेवार समुदायलाई ४ वर्ण र ६४ जातमा विभाजन गरिएको थियो । यस्तो

---

१४ नुवाकोटबाट आएका वैश्य ठकुरीहरू र उत्तर भारतबाट आएका वैश ठकुरीहरू एउटै वंशको नभएको आभाप मिल्दछ । सायद भारतवाट आएका वैश ठकुरीहरूले केन्द्रीय शासन आफ्नो हातमा लिन सफल भएका थिए । स्थानीय स्तरको शासन नुवाकोटे वैश्य ठकुरीहरूले आफ्नो हातमा लिएको अनुमान गर्न सकिन्छ ।

१५ देवीप्रसाद लम्साल (सम्पादक), भापाको वंशावली, भाग २, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं, २०२३ पृष्ठ ४

१६ आर्थिक एवं न्यायिक प्रकृतिका कार्यहरू सम्बन्धी व्यवस्थाको संक्षिप्त रूप निम्नानुसार छन् :
- गुणस्तरको आधारमा जग्गाजमीनलाई क्रमश: अवल, दोयम, सीम र चाहारमा विभाजन गरिएको;
- जमीनको खरिद-बिक्री गर्ने र बन्धक राख्ने व्यवस्था गरिएको;
- "लाछी" (खुल्ला ठाउँ) भएको गल्ली र गल्ली भित्रको चोकको घरको मूल्याङ्कन एउटै गरिएको;
- पाथि, माना, ढक, तोला, धार्नी इत्यादिको व्यवस्था गरी व्यापार व्यवसायको कार्यमा सहजता हुने व्यवस्था गरिएको;
- अपराधीहरूलाई कुट्ने, गाली गर्ने जस्ता व्यवहार गर्नुको सट्टामा नगद जरिवाना गर्ने व्यवस्था गरी राजश्वमा वृद्धि गर्ने व्यवस्था गरिएको । हेर्नुहोस्, विस्तृत विवरणको लागि, चन्द्र विक्रम बुढाथोकी, जयस्थिति मल्लको सुधार, साझा प्रकाशन, ललितपुर, २०३९

१७ उक्त "स्थिति" बाँध्नको लागि जयस्थिति मल्लले तत्कालिन दिल्लीका बादशाहको पनि सहमती लिएका थिए भन्ने कुरा एउटा वंशावलीमा उल्लेख गरिएको पनि पाइन्छ । हेर्नुहोस्, पुस्करप्रसाद राजभण्डारीको संकलनमा रहेको राजपुत क्षेत्रीय वंशावली ।

विभाजन विशेषतः पारिवारिक/व्यक्तिगत/वंशानुगत पेशा (Hereditary profession/ Occupation) र पारिवारिक वंशावलीहरू (geneologies) को आधारमा गरिएको थियो।[१८] यी विभिन्न जातहरूको उल्लेख लिलाभक्त मुनंकर्मी[१९] र चन्दविक्रम बुढाथोकीको[२०] पुस्तकहरूमा पनि गरिएको पाइन्छ। साथै भाषा वंशावलीमा पनि जयस्थिति मल्लले गरेको जातीय व्यवस्थाको बारेमा यसरी उल्लेख गरिएको छ :

"नेपाललाई ३६ जात बनाइ श्रेष्ठ भनी जातको नाम प्रख्यात गराया। जैसीका जात ८ आचारको जात ८ र वैद्यको जात ४ श्रेष्ठको जात ३६ मध्य तागाधारी १३ जात चन्देरी, सुवेदी, भण्डारी, आचार, दैवज्ञ आदि १३ जात तागाधारी हुन्। ब्राह्मणका जात जति भयाका पञ्चगौड र पञ्चद्राविद यति १० मूल जात हुन्। यसै मूलबाट ब्राह्मणका जातका नाम धेरै हुन गया। जैशी ब्राह्मणलाई अपुज्य गराया। ज्यापूको जात ३२ कुम्हाल जात ८, कसाइले नङ्ग काट्न्या जात ७२, खसका जात ६४, बाँडाको जात ४ ठहर्‍या। कुसल्याका जात ४, पोढ्याका जात ४, चर्मकार कुलु यति सव गरी जम्मा जात ७२५ ठहर्‍या। साना जातका हातबाट कुलनाश आयुर्दा क्षय होला। ठूला जातका छोरी नीच जातसँग जान्या साना जातका मानिस उत्तम जातका स्त्रीसँग संसर्ग गर्न्‍याहरूको स्थिति बाँधी दिया"[२१]

- **सामाजिक सुधारका प्रमुख विशेषताहरू**

जयस्थिति मल्लको "स्थिति" मा व्यवस्था गरिएका सामाजिक सुधारका केहि प्रमुख विशेषताहरू निम्नानुसार छन् :-

- पहिलो, अन्य हिन्दू समाज जस्तै नेवार समाज पनि चार वर्ण- ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र र ६४ जातहरूमा विभाजन गरिएको थियो। उक्त जातहरू अर्न्तगत पनि विभिन्न ७२५ उपजातहरू/थरहरूको समेत व्यवस्था गरिएको कुरा थाहा पाइन्छ। वर्तमान समयमा पनि नेवार समाजमा धेरै वा थोरै मात्रामा उक्त स्थितिमा आधारित भइ जातीय तहगत श्रृखंलाको विकास हुन गएको पाइन्छ। हिन्दूवर्गको प्रभावमा परि बौद्ध धर्मावलम्वीहरूमा समेत केही मात्रामा जाति प्रथाको विकास भएको पाइन्छ। तर हिन्दूहरूको तुलनामा बौद्ध धर्मावलम्वीहरूको जाति व्यवस्था साधारण किसिमको पाइएको छ। जे भएता पनि वर्तमान सन्दर्भमा पनि नेवार समाजको सामाजिक तहगत श्रृंखला (Social Hierarchy) को प्रमुख आधार नै जाति प्रथा रहेको छ। "खसका जात ६४" भन्ने कुरा भाषा वंशावलीमा उल्लेख गरिएकोले तत्कालिन नेवार समाजमा विभिन्न जातका खसहरू पनि रहेको संकेत पाइन्छ।

---

१८ माला मल्ल, नेवार्स अफ नेपाल भ्याली : कल्चरल स्टडीज, रोलम्वा, २१ न. १,२ र ३ जनवरी-सेप्टेम्वर, २००१, पृष्ठ १.

१९ हेर्नुहोस, परिशिष्ट, ३.१

२० हेर्नुहोस परिशिष्ट ३.२ र ३.३

२१ उद्धृत, जगदीश चन्द्र रेग्मी, नेवारी संस्कृतिको रूपरेखा, अफिस अफ नेपाल एण्टीक्वेरी, काठमाडौं, २०३५ पृष्ठ ४

- दोस्रो, चार वर्ण (ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र) र विभिन्न जातहरूको व्यवस्था गरी प्रत्येक जातको भेद छुट्याई जात अनुसारको कर्मकाण्ड र कार्य क्षेत्रहरू स्पष्ट गरिएको थियो । अर्को शब्दमा भन्ने हो भने प्रत्येक जातका व्यक्तिहरूले आफ्नो जातका लागि निर्धारण गरिएको कार्य मात्र गर्नुपर्ने व्यवस्था गरिएको थियो र आ-आफ्नो जात अनुसार गर्नुपर्ने कार्य नगर्ने र अर्कोको जातको व्यक्तिले गर्नुपर्ने कार्य गर्नेलाई अपराधी सरह दण्ड सजाय गर्नुपर्ने व्यवस्था गरिएको थियो । त्यस्तै व्यक्तिको जात थाहा पाउने गरी जात अनुसार पहिरन लगाउनु पर्ने र घर बनाउनु पर्ने व्यवस्था[२२] समेत गरिएको थियो । तल्लो जातका व्यक्तिले माथिल्लो जातका व्यक्तिसँग नम्रताकासाथ बोल्नु र व्यवहार गर्नुको साथै आदर गर्नुपर्ने मान्यतालाई स्वीकार गर्नु पर्ने कुरा "स्थिति" मा उल्लेख गरिएको थियो । ब्राह्मण, क्षेत्रीले ब्राह्मणबाट र वैश्य र शुद्रले दैवज्ञबाट जातक (चिन्हा/जन्मकुण्डली) लेखाउनु पर्ने व्यवस्था पनि गरिएको थियो । श्रेष्ठ भन्ने प्रसिद्ध जातको ३६ जात/थर मध्ये तागाधारी १३ पर्दछन् । जसमा चन्देरी, सुवेदी, आचार, दैवज्ञ पनि पर्दछन् । "कर्माचार्य" भनिने आचारहरू तलेजु भवानी,[२३] अष्टमातृका, नवदुर्गा जस्ता देवी देवताहरूमा मन्दिरहरूको पुजारी हुनुको साथै उनीहरूले आफ्नो जजमानहरूको कर्मकाण्ड सम्बन्धी[२४] कार्यहरू पनि गर्नुपर्ने व्यवस्था गरिएको थियो ।
- तेस्रो, माथिल्लो जातका स्त्रीले तल्लो जातका पुरूषसँग र माथिल्लो जातका पुरूषले तल्लो जातका स्त्रीसँग विवाह गरेमा वा यौन सम्पर्क कायम गरेमा जात भ्रष्ट हुने व्यवस्था गरिएको र नेवार समाजका अन्य विभिन्न सामाजिक विधि व्यवहार र कर्मकाण्ड सम्बन्धि व्यवस्था पनि गरिएको [२५] थियो ।
- चौथों, नेपालमा लिच्छवीकालदेखि नै प्रचलनमा रहँदै आएको वर्ण एवं जाती प्रथालाई जयस्थिति मल्लले पुर्नसंरचना गरी आधिकारिक रूपमा कानूनी मान्यता दिएका थिए । उक्त कानूनी मान्यता प्राप्त सामाजिक संरचना सहितको कानूनी "स्थिति" (legal Code) लाई न्याय विकासिनी (नेपाली भाषामा मानव न्यायशास्त्र) नामाकरण गरिएको र

---

२२ कसाइहरूले बाहुला नभएको लामो लवेदा लगाउनु पर्ने, पोडेहरूले भिगट्टीवाला घर बनाउन नपाउने, सुनको गहना, टोपी, जुत्ता इत्यादि लगाउन नपाउने व्यवस्था गरिनुको साथै देश (शहर) भित्र आउनु पर्दा पोडेहरूले कपालमा जाल ढाकेर (छोपेर) आउनु पर्ने जस्ता नियमहरू बनाइएको थियो । साथै माथिल्लो जातको महिलाले तल्ला जातका पुरूपसँग पोइलो गएमा ति महिलाको जात तल्लो जातमा भर्ने र भोज भतेर, विवाह, खानपान, छुवाछुट सम्बन्धित व्यवहार पद्धतिको समेत व्यवस्था गरिएको थियो । मुर्दा पोल्दा समेत जात अनुसार पोल्नु पर्ने गरी ठाउँ-ठाउँमा मसानहरू बनाइएका थिए ।

२३ तलेजु भवानीको सन्दर्भमा पुस्कर प्रसाद राजभण्डारीको संकलनमा रहेको राजपुत क्षेत्रीय वंशावलीमा यसरी उल्लेख गरिएको पाइन्छ । "नेपाल सम्वत् ४४४ साके सम्वत १२४५ मा यस सहकालमा प्रारम्भ गरि हरिसिंह देवले श्री तुलजा भवानी सहित गरी बाटामाको थेकं मधुवन मार्गमा जंगलको पुछार पुग्दा रात पऱ्या । इश्वरीको रखवारी निमित्त क्या क्या जात भऱ्या भडेल-१, आचार-१, जोशी-१, ज्यापू-१, कसाई-१, यति मिलि हरिसिंहदेव राजाले श्री तलेजु भवानी भागलेपुर (भक्तपुर) नाउ गऱ्याको शहरमा पुग्याको मिति पौप शुदी ९ रोज २ दिनमा रात पुऱ्यो (पुग्यो) ।" हेर्नुहोस, पुस्कर प्रसाद राजभण्डारीको संकलनमा रहेको राजपुत क्षेत्रीय वंशावली, पृष्ठ, २३

२४ विशेपत: कर्मचार्यहरूले तान्त्रिक विधि अनुसार गर्नुपर्ने पुजापाठ एवं कर्मकाण्ड सम्बन्धि कार्यहरू ( जूठो लागेका चोख्याउने, कुलदेवता र इप्टदेवताका पुजापाठ गर्ने, दशैघरको पूजा गर्ने जस्तो कार्यहरू) गर्दछन् ।

२५ हेर्नुहोस, विस्तृत विवरणको लागि, चन्द्र विक्रम बुढाथोकी, जयस्थिति मल्लको सुधार, साभा प्रकाशन, ललितपुर, २०३९

न्याय विकासिनीको एक ठाउँमा ब्राह्मण, क्षेत्री, बैश्य, शुद्र वर्णको पुरूषहरूको निमित्त आ-आफ्नै वर्ण/जातका पत्नी श्रेयस्करी हुन्छिन् । स्त्रीका निमित्त पनि आ-आफ्नै वर्ण/जातका पति श्रेयस्कर हुन्छन् भन्ने उल्लेख गरिएको र यसबाट सामाजिक संरचनाको कानूनी/आधिकारिक मान्यताको झलक दिन्छ ।[२६]

- पाँचौं, उपरोक्त संरचनालाई पालना गर्ने राजा र प्रजाहरूलाई पुण्य प्राप्त हुने र उलंघन गर्नेलाई पाप लाग्ने मनसाय सहितको श्लोक/कविता लेखाइ प्रचार प्रसार समेत गरिएको थियो । समग्रमा बौद्धधर्मको अभिवृद्धि एवं विस्तार पश्चात केही हदसम्म कमजोर स्थितिमा रहन पुगेको सनातनी हिन्दू धर्मलाई जयस्थिति मल्लले राज्य शक्तिको सहायताबाट पुनरूत्थान गर्ने प्रयास स्वरूप नै उक्त सामाजिक संरचना कार्यान्वयन गरिएको थियो र यसबाट समाजमा विभिन्न तह र तप्काका मानिसहरूमा एक किसिमको पेशागत विशिष्टीकरण (professional specialization) को विकास हुन गएको थियो । यस किसिमको पेशागत विशिष्टिकरणबाट समाजका आवश्यकताहरू (needs) को परिपूर्ति गर्ने कार्यमा सहजता देखिएको थियो । ब्राह्मण र राजा महाराजादेखि डोम, पोडे, नाय, कुलु जस्ता तथाकथित तल्लो जातसम्मको जातिगत व्यवस्था गर्नुको साथै प्रत्येक जातको पेशागत हकको समेत सुरक्षित राखिएकोले एकातिर सामाजिक स्थितिको व्यवस्था हुन गएको र अर्कोतिर श्रम विभाजन (division of labour) को व्यवस्था पनि हुन जानुको साथै उत्पादन कार्यको विशिष्टिकरण हुन गएको र यसबाट विभिन्न क्षेत्रहरूमा उत्पादनमा बृद्धि समेत हुन गएको थियो ।[२७] उत्पादन सम्बन्धी कार्य क्षेत्रहरूमा संलग्न केही जात/थर र उत्पादन क्षेत्रहरूको केही उदाहरणहरू तालिकामा ३.१ दिइएका छन् :

**तालिका नं. ३.१**

**उत्पादनमूलक प्रमुख जात/थरहरू र उत्पादन क्षेत्र**

| उत्पादन मुलक केही प्रमुख जात/थर | उत्पादन क्षेत्र |
|---|---|
| कसल | काँसका भाडावर्तन बनाउने |
| बाँडा | सुनचाँदीका गहना, ढलोट आदिको भाँडावर्तन बनाउने |
| हलुवाइ | विभिन्न प्रकारका मिठाइ रोटी आदि बनाउने |
| बढै | काठको काम र चर्खा, धूप आदि उत्पादन गर्ने |
| बैद्य | औषधिमूलो बनाउने र उपचार गर्ने |
| टमोट | ताँवा, कांसा आदि धातुका भाँडा बनाउने र सुनचाँदीको |

[२६] हेर्नुहोस, प्रकाश वस्ती (सम्पादक), मानव न्याय शास्त्र, कानून सम्बन्धी केही ऐतिहासिक अभिलेख, कानून व्यवसायी क्लव, काठमाडौं, २०६३, पृष्ठ १-७०

[२७] हेर्नुहोस, मध्यकालिन नेपालको कृपि, उद्योग जस्ता क्षेत्रहरूमा भएको उत्पादन बृद्धिको चर्चाको लागि, रमेश ढुंगेल र ऐश्वर्यलाल प्रधानाङ्ग, काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५६

| | |
|---|---|
| | जलप लगाउने आदिको समेत काम गर्ने |
| टटी | जनै, पारिवन्तु आदि बनाइ बेच्ने र कात्रो बुन्ने । |
| उदास | व्यापारिक सामग्री बटुल्ने र व्यापार गर्ने, कोठी समेत राख्ने |
| कुमाल | माटाका भाँडा बनाउने |
| ग्वाला | गाईबस्तु पाल्ने, ध्यू, दही, दुग्ध उत्पादन गरी बेच्ने । |
| लुकमी | सुनचाँदीका गहना बनाउने |
| सिकर्मी | काठको काम गर्ने |
| टेपोच | कहालवाजा बज़ाउनुको साथै पालुङ्गोको सागको खेती गर्ने |
| साल्मी | तेल पेल्ने र बेच्ने |
| चित्रकार | विभिन्न देवी देवताको चित्र र अन्य चित्रहरू लेख्ने/तयार गर्ने । |
| महाब्राह्मण/भाट | पाखी पटुका रंगाउने र खेती गर्ने |
| नकर्मी | फलाम सम्बन्धी व्यवसाय गर्ने |
| छिपा | पंचरगले धागो रंगाउने |
| माली | फूलको खेती गरी उत्पादन र बेचबिखन गर्ने । |
| गढ | वनबाट विभिन्न फलफूल बटुलेर बेच्ने |
| भरी | भित्ते चित्र लेख्ने र अन्य चित्र लेख्ने |
| कसाइ | राँगा काट्ने तथा मासु बेच्ने |
| कुलु | छाला सम्बन्धी काम गर्ने ।[२८] |

- छौंथौं, मध्यकालको पूर्वाधकालदेखि भिक्षुहरू गृहस्थ जीवनमा प्रवेश गरेको र तत्पश्चात जीविकोपार्जनको निमित्त कुनै उत्पादनमुलक पेशा अपनाउनु अनिवार्य हुन गएको थियो । विहारमा भिक्षुहरूले आफ्ना आवश्यकताका सामग्रीहरू आफै उत्पादन गर्नुको साथै कलाकौशलको ज्ञान समेत आर्जन गरिरहने हुँदा तिनै शिपलाई उपयोग गरेर गृहस्थ जीवनमा प्रवेश गरेपछि आफ्नो घरपरिवार चलाउने आर्थिक श्रोत बौद्धमार्गीहरूले परिचालन गर्न थाले । जयस्थिति मल्ल जस्ता सुधारवादी राजाले सामाजिक व्यवस्था कायम गर्दा पेशागत बाँडफाँड समेत गर्नु परेको कारण मध्य एउटा मुख्य कारण यो पनि थियो ।
- सातौं, आधिकारिक/कानूनी रूपमा नै व्यवस्था गरिएको सामाजिक संरचनाको व्यवहारिक एवं कार्यान्वयन पक्षमा समेत यथेष्ठ मात्रामा ध्यान पुऱ्याइएको थियो । यसको लागि मुख्यतया निम्न व्यवस्थाहरू गरिरहेको थियो :
  - "स्थिति" (code) मा गरिएको सामाजिक संरचनाको उल्लंघन गर्नेहरूलाई गरिने दण्ड र दिइने सजायको व्यवस्था गरिएको;

२८ ऐजन, पृष्ठ १३५-१३९

- अर्न्तजातिय कार्यगत संजाल (inter-caste working network) र व्यवहार पद्धति (behavioural pattern) को समेत व्यवस्था गरिएको; र
- त्यस्तो संजाल र व्यवहार पद्धति अर्न्तगत कार्य गर्ने विभिन्न जातका व्यक्तिहरूको एक अर्काप्रतिको उत्तरदायित्व (लिनु पर्ने कार्य र दिनु पर्ने संरक्षण, दस्तुर इत्यादि) समेत स्पष्ट गरिएको ।

- आठौं एवं अन्त्यमा, समग्रमा भन्ने हो भने, जयस्थिति मल्लद्वारा प्रतिपादित गरि कार्यान्वयन गरिएको उक्त "स्थिति"बाट नेवार समाजमा कालान्तरमा सामाजिक विभाजनका रेखाहरू गहिरो किसिमले कोरिनुको साथै आपसी सद्भावनामा कमी आएको महसूस गरिएको छ । तथापि तत्कालिन समाजमा यसले सकारात्मक प्रभाव पारेको थियो भन्ने कुरालाई नकार्न सकिदैन । वास्तवमा तत्कालिन समयमा जयस्थिति मल्लको स्थितिमा व्यवस्था गरिएको सामाजिक सुधारहरू पनि एउटा ठूलै परिवर्तन नै थियो ।

**३.२.२.३ ज्योतिर मल्लद्वारा गरिएको सामाजिक संरचनाको पुर्नगठन**

ज्योतिर मल्ल (वि.सं. १४६५-१४९६) सुर्यवंशी राजा जयस्थिति मल्लका उत्तराधिकारी एवं छोरा हुन् । जयस्थिति मल्ल "वैश सामान्त" का दोलाजी (घर ज्वाई) भएको नाताले राजा भएका थिए । उनलाई राजा बनाउने भारदारहरू र वैश मन्त्रीहरूलाई नै उनले पनि आफ्नो मन्त्री बनाएका थिए । त्यस बेलासम्ममा "वैशहरू" नेपाल भाषा र नेपाल उपत्यकाको संस्कृति अंगिकार गरी नेवार समाजमा पूर्णरूपमा बिलिन भइसकेका थिए । जयस्थिति मल्लका छोरा ज्योतिर मल्लले पनि आफ्ना जनताको जात एवं वर्णको पुर्नसंचरना गरेका थिए । विशेषत: हिन्दू र बौद्ध दुवै किसिमका धर्मावलम्वीहरूको समाजको नै सामाजिक संरचनाको पुनरसंरचना राजा ज्योतिर मल्लले गरेका थिए ।

**– हिन्दू समाजमा गरिएको सामाजिक पुनसंरचना**

हिन्दू समाजमा गरिएको सामाजिक पुनरसंरचना निम्नानुसारका थिए:

- ज्योतिर मल्लले आफ्नो परिवारलाई क्षेत्रीय वर्गमा राख्नुको साथै आफ्नो परिवारसित नेपाल प्रवेश गरेका गुरू पुरोहितहरूलाई ब्राह्मण वर्गमा राखेका थिए ।
- क्षेत्रीयको प्रतिक "सिंह" थर प्रयोग गर्ने वैशहरू र उनीहरूको गुरू पुरोहितहरू (जोशी र कर्माचार्यहरू) लाई भने अमिल्दो किसिमले ज्योतिर मल्लले वैश्य वर्गमा समावेश गरि दिएका थिए । तथापि वैशहरूलाई हराइ मल्लहरूले शासन हत्याएको हुनाले सामाजिक दृष्टिकोणबाट उनीहरू (वैशहरू) वास्तविक रूपमा नै क्षेत्रीय वर्णका भएतापनि "क्षेत्रीय" भन्दा पनि निम्न स्तरमा उनीहरूलाई राखिएको कुरालाई उनीहरूले स्वीकार गर्नुपर्ने बाध्यात्मक परिस्थितिको श्रृजना भएको थियो । पछि पछि विस्तारै यी "सिंह" थर भएकाहरू पनि भारदार वर्गमा समावेश हुँदै गए र तत्पश्चात यी "सिंह"हरूले आफूहरूलाई उच्चवर्गको सम्झी आफूहरूमा मात्र विहावारी र

खानपान हुने चलन चलाए । तर भारदार वर्गमा समावेश हुन नसकेका र व्यापार गर्न थालेका वैशहरूलाई भने तल्लो वर्गको जस्तो नै व्यवहार गरियो र यिनीहरू "मल्ल" वा सिंह नभेइ यिनीहरू श्रेष्ठ वा श्रेष्ठीमा रूपान्तरण भए ।

- आचाजु (कर्माचार्य) र जोशीहरू मध्य पनि लायकु (दरवार) मा पुजा गर्नेहरू माथिल्लो स्तरको ठानियो भने अरूलाई तल्लो स्तरको मानियो । यो चलन मल्लकालको अन्त्यसम्म पनि प्रचलनमा रहयो ।
- मल्ल राजाहरू विशेषत: ज्योतिर मल्ल र उनका उत्तराधिकारीहरूले भारतको उत्तर प्रदेश र विहारका राजपुत परिवारहरूसित विहावारी गर्ने चलन चलाएका थिए । यसै सन्दर्भमा विवाहिता पट्टिबाट जन्मेका सन्तालने मात्र "मल्ल" थर प्रयोग गर्न पाउने र अन्य (ल्याइते पट्टिबाट जन्मेका) ले "सिंह" भन्ने थर मात्र प्रयोग गर्नु पर्ने नियम बनाइयो ।
- लिच्छवीहरू समाहित भएका ज्यापू वर्गलाई पनि नमिल्ने किसिमले शुद्र वर्गमा समावेश गरिएको थियो । शिल्पकलाको काम गर्ने माली, चित्रकार, नाउ, नकर्मी आदिलाई भने "ज्यापू" भन्दा पनि तथाकथित तल्लो वर्गमा राखिएको थियो ।[२९]

**– बौद्ध समाजमा गरिएको सामाजिक पुनरसंरचना**

हिन्दू समाजमा जस्तै मुलत: निम्न दुईवटा कारणहरूबाट बौद्ध समाजको सामाजिक संरचनामा पनि केही परिवर्तन गर्नुपर्ने परिस्थितिको श्रृजना भएको थियो ।

- पहिलो, बंगालको सुल्तानद्वारा हिन्दू मन्दिरहरूको अतिरिक्त कैयौं बौद्ध विहारहरू पनि ध्वस्त पारिएको थियो । फलस्वरूप त्यस्ता बहालहरूमा बसिरहेका भिक्षु भिक्षुणीहरू आफ्नो ध्वस्त भएका बहालहरू छोडी गृहस्थ जीवन विताउन थाले ।
- दोश्रो, बाँकी रहेका बहालहरूका भिक्षु भिक्षुणीहरूको अवैध सम्बन्धबाट जन्मेका बालबच्चाहरूको संख्या निकै बढ्न गएको थियो ।

यस्तो परिस्थितिबाट श्रृजित समस्यालाई समाधान गर्न नै बौद्ध समाजको सामाजिक संरचनामा केही परिवर्तनहरू ज्योतिर मल्लले गरेका थिए । त्यस्ता परिर्वतनहरू मूलत: निम्न चारवटा थिए;

- पहिलो, बहालहरूमा बसिरहेका भिक्षु भिक्षुनीहरूले विवाह गरि गृहस्थ जीवन अपनाउन पाउने व्यवस्था गरियो ।
- दोस्रो, भिक्षु भिक्षुणीहरूको बिचमा शिष्य परम्पराको अन्त्य हुन गइ सन्तान जन्माइ त्यसको पालनपोषण गर्नुपर्ने गृहस्थ जीवनको परम्पराको विकास गर्ने परिस्थितिको श्रृजना गरिएको,

[२९] हेर्नुहोस्, विस्तृत विवरणको लागि, बाबुराम आचार्य, माथि उल्लेखित, पृष्ठ ७६

- तेस्रो, यस्तो गृहस्थ जीवन पद्धतिको विकासको सन्दर्भमा बौद्ध धर्मावलम्वीहरूको (उराय, बरे, ज्यापू इत्यादि) को एउटा छुट्टै पुरोहित वर्गको विकास भयो । त्यस्तो वर्ग हुन् : गुरूभाजु (गुभाजु/बज्राचार्य वर्ग)
- चौथो, बरे (शाक्य) हरूलाई भने पुरोहित्याइ गर्ने अवसर दिइएन र उनीहरूलाई केवल पुजारीको रूपमा मात्र कार्यरत रहने अवसर मात्र दिइयो ।

यस किसिमले हिन्दू समाजको साथै बौद्ध धर्मावलम्वीहरूको समाजमा पनि केही सामाजिक परिवर्तनहरू ज्योतिर मल्लले गरेका थिए । साथै तत्कालिन समयमा भिक्षु भिक्षुनी भइ बिहारहरूमा बसिरहेका मंगोलियन वर्गका भोटे, गुरूङ्ग, शेर्पा, मुर्मीहरू जस्ता समूहहरूसितको नेवार भिक्षु भिक्षुनीहरूको संसर्गबाट जन्मेका सन्तानहरूमा मंगोलिन नश्लको केही लक्षणहरू पनि देखा पर्न थाले । यसको फलस्वरूप नै सम्पूर्ण नेवार समुदायलाई नै गलत तरिकाले मंगोलिन नश्लका समुदाय भनि भ्रमपूर्ण तरिकाले विश्लेषण गर्ने प्रयास समेत केही विदेशी लेखकहरूबाट गरिएको पाइएको छ ।[३०]

समग्रमा भन्ने हो भने ज्योतिर मल्लबाट गरिएको सामाजिक संरचनाको पुनसंरचना पूर्णरूपले पक्षपात रहित भन्न सकिदैन । कारण, उनले गरेको पुर्नसंरचनामा विशेषत: सत्ताबाट विस्थापित भएका लिच्छवीहरू र उनीहरू समाहित भएका ज्यापू वर्गप्रति निष्पक्ष व्यवहार गरिएको थिएन । वास्वतमा ज्यापू वर्ग शुद्र वर्गको नभइ वैश्य वर्गका नै थिए । त्यस्तै वैशहरूका पुरोहित जोशी र कर्माचार्यहरू प्रति पनि पक्षपातपूर्ण व्यवहार नै गरिएको थियो । वास्तवमा उनीहरू कहिले पनि वैश्य वर्गका थिएनन् । साच्चै भन्ने हो भने सुरू-सुरूमा उनीहरू ब्राह्मण वर्गका नै थिए र पछि विशेष कारणवस ब्राह्मण भन्दा मुनी तर उच्चस्तरीय क्षेत्रीय वर्ग सरहका व्यवसायी वर्गमा रूपान्तरित भएका थिए । यस दृष्टिकोणबाट भन्ने हो भने ज्योतिर मल्लबाट गरिएको सामाजिक पुर्नसंरचना केही हदसम्म तत्कालिन राजनैतिक परिस्थितिबाट प्रभावित पक्षपाती व्यवहारमा आधारित थियो भन्न सकिन्छ ।

### ३.२.२.४ सिद्धिनरसिंह मल्लको "स्थिति"

जयस्थिति मल्लको मृत्यु भएको २२३ वर्ष पछि ललितपुर राज्यको राजा भएका सिद्धिनरसिंह मल्लले पनि आफ्नो राज्यको सन्दर्भमा नेवार समाजको एउटा सामाजिक "स्थिति" (code) बाँधिदिएका थिए । यो "स्थिति"मा ब्राह्मण, श्री ५ राजा, ठाकुर र ठकुर जाति, भारो श्रेष्ठ, कायस्थ, कसजु, जोशी, राजलवट, पात्र वंश, ठाकुर वंश, देवाचार्य, गुरूवाचार्य, कर्माचार्य, शिवाचार्य, पीठाचार्य, गुवाहाल, हलुवाइ इत्यादि ४८ वटा विभिन्न जात/थरहरूको बारेमा व्यवस्था गरिएको पाइन्छ । प्रत्येक जात/थरका व्यक्तिहरूको कार्यक्षेत्र (पेशा), पालना गर्नुपर्ने कर्तव्य, मन्त्र सुनाउने र सुन्नेको व्यवस्था, सुतक र आशौच बार्ने अवधि जस्ता

[३०] ऐजन, पृष्ठ ७४-७५

कुराहरूको बारेमा संक्षिप्त रूपमा उल्लेख गरिएको पाइन्छ ।[३१] त्यस "स्थिति"का प्रमुख विशेषताहरू निम्न छन् :

- पहिलो, तल्लोदेखि माथिल्लोसम्मका विभिन्न जात/थरहरू (राजा र भारदारहरूको जात/थर लगायत) उल्लेख गरिएको पाइन्छ ।
- दोस्रो, "वर्ण व्यवस्था" भनेर किटानका साथ स्पष्ट रूपमा उल्लेख गरिएको पाइदैन । तथापि नेवार समाजको ब्राह्मणको स्पष्ट रूपमा उल्लेख गरिएको पाइन्छ । ठाकुर, ठकुर, अमात्य, भारो श्रेष्ठ इत्यादिलाई क्षेत्रीको रूपमा चित्रण गरिनुको साथै बैश्य र शुद्रका जात/थरहरू समेत उल्लेख गरिएका छन् ।
- तेस्रो, विभिन्न जात/थरका मानिसहरूको जीवनपालनको श्रोत (source of livelihood) उल्लेख गर्नुको साथै उनीहरूले पालना गर्नु पर्ने कर्तव्य, मन्त्र सुनाउने र सुन्ने कामहरू, सुतक र आशौच बार्ने अवधि समेत उल्लेख गरिएको पाइन्छ ।
- चौथो, राजा सिद्धि नरसिंह मल्लको "स्थिति" राजा जयस्थिति मल्लद्वारा बाँधिएको "स्थिति"को तुलनामा निकै संक्षिप्त रूपको थियो भन्न सकिन्छ । वास्तवमा जयस्थिति मल्लद्वारा बाँधिएको "स्थिति" विस्तृत रूपको सुधार योजना (Comprehensive reform plan) नै थियो । यसमा सामाजिक स्थितिको अतिरिक्त आर्थिक, अन्तर वैयक्तिक व्यवहार, धार्मिक र अपराधिक क्रियाकलाप जस्ता विविध पक्षहरू सम्बन्धी व्यवस्था पनि गरिएको पाइन्छ । सिद्धिनरसिंह मल्लको स्थितिमा केवल सामाजिक पक्ष मात्र संक्षिप्त रूपमा समेटिएको पाइन्छ ।
- पाँचौं र अन्तिममा जयस्थिति मल्लको "स्थिति" विश्वको नै पहिलो कानूनको रूपमा समेत चर्चित भएको छ ।[३२] वास्तवमा यो एउटा विस्तृत रूपको आधिकारिक एवं कानूनी दस्तावेज नै हो भने सिद्धिनरसिंह मल्लको "स्थिति" केवल राजाको निर्देशनहरूको संकलित रूपको एउटा कार्यकारी आदेश (Executive order) को रूपमा जारी गरिएको एक किसिमको सामाजिक नियम मात्र हो भन्न सकिन्छ ।

**३.२.२.५ मध्यकालिन नेवार समाजका केही प्रमुख जात/थरहरू र तिनका केही विशेषताहरू**

प्राचिन लिच्छवीकालिन समाज ४ वर्ण १८ जातमा विभाजित भएको कुराको बारेमा माथि चर्चा भइसकेको छ । त्यस्तै मध्यकालमा राजा जयस्थिति मल्ल ( वि.सं. १४३७-१४५३) ले पेशा र वंशको आधारमा तत्कालिन नेवार समाजलाई चार वर्ण, चौसाठी जात र ७२५ थरहरूमा विभाजन गरेको कुराको विश्लेषण माथि भइसकेको छ । त्यस्तै राजा ज्योतिर मल्ल (वि.सं. १४६५-१४९६) र राजा सिद्धि नरसिंह मल्ल (वि.सं. १६७९-१७१४) ले तत्कालिन नेवार समाजको सामाजिक संरचनामा केही पुर्नगठन र परिवर्तन गरेको बारेमा पनि माथि चर्चा

---

[३१] हेर्नुहोस, विस्तृत विवरणको लागि, परिशिष्ट ३.४

[३२] वि.सं. १४३७ तिर यो स्थितिको तर्जुमा गरि लागू गरिएको थियो ।

भइ सकेको छ । यहाँ मध्यकालिन नेवार समाजमा व्यवहार नै प्रचलनमा रहेका केही प्रमुख जात/थरहरू उल्लेख गर्दै तिनका केही प्रमुख विशेषताहरूका बारेमा संक्षिप्त रूपमा विश्लेषण गर्ने प्रयास गरिने छ । यस तात्पर्यको लागि मुलत: दुईवटा श्रोतहरूबाट जात/थरहरू संकलन गरिएका छन् :

- तत्कालिन धर:पौ
- तत्कालिन अभिलेखहरू

**- तत्कालिन धर:पौमा आधारित प्रमुख जात/थरहरू**

मध्यकालिन भक्तपुरका राजा जितामित्र मल्ल (वि.सं. १७३०-१७७६) को समयको एउटा धर:पौ (विस्तृत विवरणात्मक सूची) मा बौद्धमार्गी र शिवमार्गी (हिन्दू धर्मावलम्वी) नेवारहरूको जात/थरहरूको सूची दिइएको छ ।[३३] उक्त जात/थरहरूको धर:पौ[३४] को केही विशेषताहरू निम्न छन् :

- बौद्धमार्गी नेवारहरूको जात/थर र जातीय पेशाहरू समेत उल्लेख गरिएको छ भने हिन्दू धर्मावलम्वी नेवारहरूको हकमा केवल जात/थरहरूको सूची मात्र दिइएको छ ।
- राजदरवारमा गरिएका विभिन्न धार्मिक एवं सामाजिक कार्यहरू (देवदेवीहरूको लागि तोरण बनाउन लगाउने, विवाह, व्रतबन्धको समयमा भोज तयार गर्ने, रोटी बनाउने इत्यादि) को सन्दर्भमा नै विभिन्न जात/थरहरूको उल्लेख गरिएको पाइएको छ ।
- केही अनौठो किसिमको जात/थर/जातिहरू (कस्त, मौचि, राजा, पहिल, साज, वाला, वुढा इत्यादि) पनि उल्लेख गरिएका छन् । तिनीहरूको अर्थ नै बुझ्न गाह्रो पर्दछ ।
- खस समुदायका केही जात/थरहरू (खनाल, अधिकारी, कुमायी, थापा, कार्की, खत्री, क्षेत्री), मैथिल समुदायका जात/थरहरू (उझा, मिश्र) र दक्षिण भारतीय ब्राह्मण थरहरू (भट्ट) पनि उल्लेख गरिएका छन् र त्यसबेला दुय ब्राह्मण, वेहावल ब्राह्मण जस्ता ब्राह्मणहरूको थरहरू पनि उल्लेख गरिएका छन् । हाल यस किसिमका ब्राह्मणहरूको अस्तित्व थाहा पाइएको छैन ।
- लामा, मगर र गुजराती जस्ता विशेष जातिपरक थरहरू पनि उल्लेख गरिएका छन् ।
- हाल नेवार समुदायमा प्रख्यात जात/थरहरू (मल्ल, जोशी, श्रेष्ठ, राय, वैद्य, गोंगल (ग्वंग:) जस्ता थरहरू पनि किटानका साथ उल्लेख गरिएका छन् ।
- समग्रमा उक्त धर:पौले तत्कालिन नेवार समाजमा नेवारहरूको अतिरिक्त खसहरू, केही भारतीयहरू (गुजराती, राजपुत, भट्ट) केही मैथिल, मगर र लामा समुदायहरूको थरहरू पनि समावेश गरिएबाट कालान्तरमा ती सबै

---

[३३] चुन्दा बज्राचार्य, जितामित्र मल्लकालिन धर:पौ, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५३, पृष्ठ १७-२०

[३४] हेर्नुहोस, परिशिष्ट ३.५

समुदायहरूका अधिकांश थरहरू नेवार समाजभित्र बिलिन भइ नेवार थरहरूमा रूपान्तरण भएको कुरा स्पष्ट हुन आउँछ।

- **तत्कालिन अभिलेखहरूमा आधारित केही प्रमुख जात/थरहरू**

मध्यकालिन नेवार समाजमा व्यवहारमा नै प्रचलनमा रहेको केही प्रमुख जात/थरहरू निम्न तालिकामा दिइएका छन्।

तालिका ३.२

**मध्यकालिन नेवार समाजका व्यवहारमा नै प्रचलनमा रहेका केही प्रमुख जात/थरहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| १) | ब्राह्मण | २) | जोशी | ३) | कर्माचार्य |
| ४) | मल्ल | ५) | ठाकुर | ६) | देव |
| ७) | थकु | ८) | महापाल | ९) | पात्रवंश |
| १०) | पाल | ११) | रावत | १२) | वर्मा |
| १३) | राजवंशी | १४) | अमात्य | १५) | कुम्हर |
| १६) | सिंह | १७) | लवटभाजु | १८) | भारो श्रेष्ठ |
| १९) | मुल्मी भारो | २०) | भारो | २१) | भावो |
| २२) | भण्डेल | २३) | भण्डारी | २४) | थरपा |
| २५) | थलपाजु र थपाजु | २६ | जुवार | २७) | प्रमान भारो |
| २८) | प्रधान | २९) | देश प्रधान | ३०) | मुल्मी |
| ३१) | दुवार, (दुवा/द्वारे) | ३२) | परमान | ३३) | थरी |
| ३४) | रावल | ३५) | लेवा | ३६) | सयाजु |
| ३७) | कुतु | ३८) | धुजु | ३९) | धनवन्तरी |
| ४०) | गथा | ४१) | मयी | ४२) | गोपालिक |
| ४३) | ज्यापू | ४४) | वनमालाकार | ४५) | साल्मी |
| ४६) | प्रजापति | ४७) | धोवी | ४८) | कसाही |
| ४९) | कुश्ले | ५०) | जोगी | | |

*श्रोतः मध्यकालका विभिन्न अभिलेखहरूमा उल्लेखित नाम एवं जात/थरहरूबाट संकलित, धनबज्र बज्राचार्य, मल्लकालका अभिलेख, माथि उल्लेखित*

- **केही प्रमुख विशेषताहरू**

मध्यकालिन नेवार समाजमा व्यवहारमा नै प्रचलनमा रहेका केही प्रमुख जात/थरहरूका केही विशेषताहरूको चर्चा निम्न बुँदाहरूको आधारमा गर्ने प्रयास गरिएको छ :

- वर्णमा विभाजित जात/थरहरू
- विभिन्न किसिमका ब्राह्मणहरू
- व्यवसायी समूहको रूपमा जोशी, कर्माचार्य, धनवन्तरी/वैद्य
- राजपरिवारका सदस्यहरू र स्थानीय पुस्तौनी शासक परिवारहरूको सामाजिक स्तर
- सिंह, कुम्हर, रावल थर भएका उच्चस्तरका नेवार क्षेत्रीय परिवारहरू

- भारो र भावो: सामूहिक थरहरू
- राजनैतिक एवं प्रशासकीय पदबाट श्रृजना भएका केहि खास किसिमका थरहरू
- महिलाहरूको विशेष थर: मयी
- अन्य विविध थरहरू

- **वर्णमा विभाजित जात/थरहरू**

मध्यकालिन नेवार समाज पनि प्राचिन लिच्छवीकालमा जस्तै जन्ममा आधारित ४ वर्णहरू (ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र) मा विभाजित रहेको थियो। तत्कालिन सामाजिक संरचनाको सवभन्दा उच्च स्तरमा बाह्मण वर्ग थिए र यस वर्गको आफ्नै विभिन्न थरहरू थिए।[३५] क्षेत्री वर्णमा राजपरिवारका जात/थरहरू-मल्ल, ठाकुर, सिंह इत्यादि पर्दथ्यो। त्यस्तै थकु, पात्रवंश, राउत, पाल जस्ता स्थानीय पुस्तौनी शासकहरूको थरहरूको अतिरिक्त भारो, श्रेष्ठ, अमात्य, प्रधान जस्ता विभिन्न थर/जातहरू) पनि क्षेत्री वर्गमा पर्दथ्यो। वैश्य वर्गमा ज्यापू, प्रजापति, बन्जा, साल्मी, माली जस्ता थरहरू पर्दथ्यो भने शुद्रमा कुश्ले, जोगी, कसाही, धोवी जस्ता जात/थरहरू पर्दथ्यो।

- **विभिन्न किसिमका ब्राह्मणहरू र तिनीहरूको भूमिका**

तत्कालिन नेवार समाजमा मुलत: पाँच किसिमका ब्राह्मणहरू थिए भन्ने कुरा तत्कालिन अभिलेखहरूबाट थाहा पाउन सकिन्छ।[३६] ती पाँच किसिमका ब्राह्मणहरू थिए:

- उपाध्याय ब्राह्मण
- द्रविद भट्ट ब्राह्मण
- मैथिल ब्राह्मण
- बंगाली ब्राह्मण
- खस ब्राह्मण

तत्कालिन समाजमा ब्राह्मण वर्गले विशेषत: निम्न क्षेत्रमा भूमिका खेल्ने कार्य गर्दथ्यो :

- राजगुरूको हैसियतमा राजपरिवारमा सदस्यहरूलाई मन्त्र सुनाउने, दिक्षा दिने जस्ता कार्यहरू गर्नुको साथै अन्य धार्मिक अनुस्थान सम्बन्धी कार्यहरू गर्ने;
- राजपुरोहितको रूपमा पुरोहित्याइ एवं कर्मकाण्ड सम्बन्धी कार्यहरू गर्ने;
- राजाको सल्लाहकारको रूपमा सामाजिक नियमहरू बनाउने, आदेशहरू जारी गर्ने कार्यमा उचित सल्लाह दिने।

---

३५ हेर्नुहोस्, विस्तृत विवरणको लागि, तलका पृष्ठहरू

३६ हेर्नुहोस्, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५६। साथै माथि उल्लेख गरिएको धर:पौमा अन्य किसिमका ब्राह्मणहरूको पनि उल्लेख गरिएको पाइएको छ।

- आधिकारिक आदेशहरू जारी गर्न वा अन्य उद्देश्यका लागि अभिलेखहरू/शिलालेखहरू लेख्ने वा लेख्ने कार्यमा सघाउ पुऱ्याउने ।
- राजाबाट जारि गरिने आदेश/नियमहरू सहितको अभिलेखहरूमा दृष्टि साक्षी बस्ने ।
- उच्च वर्गमा परिवारहरूका पुरोहितको रूपमा कार्य गर्नुको साथै अन्य धार्मिक अनुस्थानहरू सम्बन्धि कार्यहरू गर्ने ।

संक्षेपमा भन्ने हो भने उक्त कार्यहरूको सन्दर्भमा ब्राह्मण वर्गले तत्कालिन नेवार समाजमा सामाजिक नेतृत्व (Social leadership) प्रदान गरी शासन व्यवस्थामा अप्रत्यक्ष रूपमा निकै प्रभाव पार्न सक्दथ्यो । साथै ब्राह्मण वर्गले नै ठूलठूला सरकारी पदहरूमा रही कार्य गरी प्रत्यक्ष रूपमा नै शासन/प्रशासनमा सहभागी भइ शासन व्यवस्थामा प्रभाव पारेको उदाहरण पनि पाइन्छ । जसको चर्चा तलका पृष्ठहरूमा गरिएको छ ।

यस किसिमले महत्वपूर्ण भूमिका समाजमा खेल्ने क्षमता भएका बाह्मणहरू माथि उल्लेख गरिए झैं विभिन्न किसिमका थिए र उनीहरू मध्य सवभन्दा बढी प्रतिष्ठित एवं सम्मानित थिए- तत्कालिन समाजका उपाध्याय थर भएका नेवार ब्राह्मणहरू ।[३७] उनीहरूले समाजमा अति प्रभावशाली भूमिका खेल्ने गरेको आभाष पनि पाइन्छ । कारण मूलतः राजगुरूको भूमिका ति नेवार उपाध्याय ब्राह्मणहरूले नै खेल्ने गरेका थिए । विश्वम्भर उपाध्याय कान्तिपुर राज्यका प्रख्यात राजगुरू थिए भने विद्याचन्द उपाध्याय ललितपुर राज्यका प्रख्यात राजगुरू थिए । वर्तमान राजोपाध्याय ब्राह्मणको "उपाध्याय" पुर्खाहरूले तत्कालिन समयमा नै "शर्मा" र "पण्डित" भन्ने थरहरू पनि प्रयोग गर्ने गर्दथ्यो । ललितपुरका एक जना शक्तिशाली चौताराले विश्वनाथको मन्दिर बनाएको[३८] र सो मन्दिरमा राखिएको अभिलेखको पद्य भाग संस्कृत भाषामा राम्रो ज्ञान भएको र दरवारमा मान प्रतिष्ठा पाएका ब्राह्मण हरिवंश पण्डितले लेखेका थिए र यसबाट ब्राह्मणहरू ( विशेषतः उपाध्यायहरू) ले पण्डित[३९] थर पनि प्रयोग गरेको कुरा थाहा पाइन्छ । उनीहरूले विशेषतः सामाजिक नियमहरू बनाउन [४०] ताम्रपत्र राख्ने,

---

[३७] पृथ्वीनारायण शाहका छोरा प्रताप सिंह शाहले मात्र नेवार ब्राह्मणहरूलाई थर परिवर्तन गर्न लगाइ आफ्नो पुर्ख्यौली "उपाध्याय" थर परित्याग गर्न लगाइ राजोपाध्याय (राजाको उपाध्याय, यहाँको सन्दर्भमा मल्ल राजाहरूको उपाध्याय) भन्ने नयाँ थर लेख्न लगाइएको थियो । हेर्नुहोस्, गेरार्ड टोफिन, दि सोसियल अर्गनाइजेसन अफ राजोपाध्याय ब्राह्मणस्, डायभीद एन, गेलनर र डिक्कान क्वीग्ले, (सम्पादकहरू), कन्टेस्टेड हायारकीज, अक्सफोर्ड युनिभरसिटीज प्रेस, कलकत्ता १९९९, पृष्ठ १९१-१९२

[३८] विश्वनाथको मन्दिरको प्रतिप्ठा गर्दा १२ जना राजाहरूको उपस्थिति रहेको थियो । उनीहरूलाई त्यसवेला नै वनाइएको १२ वटा नै कोठाहरू भएको "लामो पाटी" नामक भवनमा बस्ने व्यवस्था गरिएको थियो । सो मन्दिरको हेरचाह गर्न वनाइएको गुठीमा माहात चौताराको अतिरिक्त भारोहरू (भारदारहरू) पनि राखिएको थियो । तत्कालिन समाजमा मन्दिरको अलावा सडक, शहर भित्र पर्स्ने ठूलठूला ढोकाहरू जस्ता सार्वजानिक स्मारकहरूको मर्मत एवं सम्भार र हेरचाह गर्न पनि साधारतया भारोहरू सहितको गुठी वनाउन चलन रहेको थियो ।

[३९] उपाध्याय ब्राह्मणको अतिरिक्त केही भट्ट ब्राह्मणहरूले पनि "पण्डित" र शर्मा थर लेख्ने गरेको कुरा तत्कालिन अभिलेखहरूबाट थाहा पाइन्छ ।

[४०] मल्लकालिन नेपालमा सामाजिक नियमहरू ब्राह्मणहरूको सल्लाह अनुसार बनाइन्थ्यो भन्ने कुराको यहाँ एउटा उदाहरण दिइएको छ । तीर्थ यात्रा गर्न गएका कान्तिपुरका तत्कालिन राजा भुपालेन्द्र मल्लको यात्राको क्रममा नै मृत्यु भएको थियो । राजाको मृत्युको खवर दुई महिना पाँच दिन पछि मात्र आइपुगेको थियो । तसर्थ जन्म पत्रिकाको अग्नी दाहासंस्कारको कार्य गरिएको र सती जाने कार्य पनि भएको थियो । यसको १६ दिन पछि यज्ञ गरेर यक्ष आहुती गर्न उपाध्याय पूर्णानन्द शर्मा, वीरेश्वर शर्मा,

अभिलेख/शिलालेख लेख्ने, लेख्न लगाउने [४१] जस्ता कार्यहरूमा राजाको प्रमुख सल्लाहकारको रूपमा कार्य गर्दथ्यो ।

मध्यकालिन नेपालमा नै केही द्रविद भट्ट ब्राह्मणहरू दक्षिण भारतबाट बसाई सरी आएका थिए र ति भट्ट ब्राह्मणहरू पनि निकै प्रभावशाली भइसकेका थिए । नारायण भट्ट नामक द्रविद भट्ट ब्राह्मण राजा शिवसिंह मल्लका अति विश्वास पात्र भइ सकेका थिए । नारायण भट्टका पनाति हरि शंकर भट्टले [४२] ने.सं. ८२५ (वि.सं. १७६२) मा ललितपुरका चापागाउँमा महादेवको मन्दिर बनाइ शिलालेख समेत राख्न लगाएका थिए । यस्ता भट्ट ब्राह्मणहरूको खुट्टा समेत राजाहरूले ढोग्ने गर्दथ्यो ।[४३] यसबाट तत्कालिन नेवार समाजका भट्ट ब्राह्मणहरूले पनि निक्कै सम्मानजनक स्थान प्राप्त गरिसकेका थिए भन्ने कुरा स्पष्ट हुन आउछ । यी भट्ट ब्राह्मणहरू पूर्णरूपले नेवार समाजमा बिलिन (assimilation) भइ नेवार ब्राह्मणमा नै रूपान्तरण भएका थिए । केही नेवार भट्ट ब्राह्मणहरू हालसम्म पनि मन्दिरहरूको पुजारीको रूपमा कार्यरत रहेको पाइन्छ ।[४४]

मध्यकालिन नेवार समाजमा "चक्रवर्ती", "भट्टाचार्य" र "राय" थर भएका केही बंगाली ब्राह्मणहरू पनि थिए भन्ने इतिहासबाट थाहा पाउन सकिन्छ । कान्तिपुर, भक्तपुर र ललितपुरको राजाहरू (क्रमशः नृपेन्द्र मल्ल, जितामित्र मल्ल र श्रीनिवास मल्ल) ले संयुक्त रूपमा आसौच बार्ने र सूतक बार्ने सम्बन्धि सामाजिक नियमहरू ने.सं. ७९५ (वि.सं. १७३२) चैत्र महिनामा जारी गरि ताम्रपत्र राखेका थिए । र सो ताम्रपत्र राख्ने कार्यमा तिनवटै राज्यका उपाध्याय राजगुरूहरूको अतिरिक्त "चक्रवर्ती", "भट्टाचार्य" र "राय" थर भएका बंगाली ब्राह्मणहरू र "झा" थर भएका मैथिल ब्राह्मणहरूको भेला गराइ उनीहरूको समेत राय सुझाव लिइएको थियो ।[४५] यी वंगाली ब्राह्मणहरू पनि नेवार समाजमा पूर्णरूपले विलिन भइसकेका छन् । उनीहरूले पनि सायद राजोपाध्याय थर नै प्रयोग गरी आफ्नो मौलिक पहिचान गुमाइसकेको आभाष पाइन्छ ।

---

विद्यानन्द र ईश्वरानन्द शर्माहरूको सल्लाहमा धर्मशास्त्र अनुसार आ-आफ्नो जात अनुसारको आशोच दिन वितिसके पछि तीन रात मात्र आशोच वार्नु पर्ने, वर्प दिन वितिसके पछि तत्काल शुद्ध हुने, खण्ड आशोच चाहि सवै जातका लागि वरावर हुने र वर्प दिन वितिसकेपछि गोत्रियाहरूले स्नान मात्र गरे पुग्ने गरी ने.सं. ८२१ (वि.सं. १७५०) मा व्यवस्था गरिएको थियो र माघ कृष्ण पक्ष सोमवारका दिन अग्नी स्थापना गरी कोटिहोम यक्ष गरिएको थियो । हेर्नुहोस्, धनबज्र वज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ ३२४-३२६

४१ विद्याचन्द उपाध्याय ताम्रपत्र राख्ने कार्यका लागि राजा योगनरेन्द्र मल्लका प्रमुख सल्लाहकार थिए । ने.सं. ८०५ (वि.सं. १७३७) को पाटन बुङमति यता टोल मत्सेन्द्र बहाल भित्रको अमरापुरका देवलको शिलालेख लेख्ने कार्य "असल ब्राह्मण" गंगाधरले गरेका थिए । हेर्नुहोस्, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ २०६-२०७

४२ नारायण भट्टका छोरा थिए महादेव भट्ट । महादेव भट्टका छोरा र नारायण भट्टका नाति थिए लक्ष्मी नारायण भट्ट । लक्ष्मी नारायण भट्टका छोरा र नारायण भट्टका पनाति थिए हरि शंकर भट्ट

४३ हेर्नुहोस्, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ ३५३-३५५

४४ सायद यी भट्ट ब्राह्मणहरू मध्य अधिकांशले "राजोपाध्याय" थर लेखी आफ्नो पहिचान गुमाइसकेको पनि हुन सक्दछ ।

४५ त्यसरी ताम्रपत्र राख्ने कार्यका प्रमुख सल्लाहकारमा राजगुरू उपाध्याय ब्राह्मणहरूको नामको अतिरिक्त सल्लाह दिने बंगाली र झा ब्राह्मणहरूको नाम समेत अभिलेखहरूमा उल्लेख गरिएको पाइन्छ । त्यसरी उल्लेखित उपाध्याय ब्राह्मणहरू हुन् : श्री देवेन्द्र उपाध्याय, श्री हरिनाथ उपाध्याय, श्री मधुसूदन उपाध्याय, र श्री सुदर्शन उपाध्याय । त्यस्तै वंगाली ब्राह्मणहरू हुन् : श्री यादव भट्टाचार्य, श्री श्रीमुख भट्टाचार्य, श्री सदाशिव भट्टाचार्य, श्री रूद्र नारायण चक्रवर्ती, श्री वीरंश्वर चक्रवर्ती र श्री वैद्यनाथ राय । मैथिल झा ब्राह्मण हुन् : श्री वछापि उझा । हेर्नुहोस्, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ १८४-१८७

"झा" थर भएका मैथिल ब्राह्मणहरूको मध्यकालिन नेवार समाजमा बाक्लो उपस्थिति थियो । उनीहरूको तत्कालिन नेवार मल्ल राजाहरूको दरवारहरूमा निकै प्रभाव रहेको थियो । वास्तवमा मल्ल राजाहरू मैथिल भाषा, संगीत र साहित्यबाट निकै प्रभावित भएका थिए । यी मैथिल ब्राह्मणहरू पनि पूर्ण रूपले नेवार समाजमा मिसिइ सकेका थिए र हालसम्म पनि यिनीहरू नेवार झा/मिश्र ब्राह्मणको हैसियतमा विभिन्न मन्दिरहरूको पुजारीको रूपमा कार्यरत रहिरहेको पाइन्छ ।

"पन्थ" र "ओझा" थर भएका केही खस ब्राह्मणहरूको प्रभाव पनि तत्कालिन नेवार समाजमा निकै मात्रामा रहेको थियो । एक "पन्थ" थर भएका खस ब्राह्मण काजी समेत भएका थिए[४६] भने "ओझा" थर भएका दुइ जना खस ब्राह्मणहरू- महादेव ओझा र कान्तु ओझा (यिनीहरू क्रमशः बाबु छोरा थिए) कान्तिपुरको राजदरवारमा विशेष प्रभावशाली भएका थिए र यिनीहरूको राजनैतिक षड्यन्त्रबाट श्रृजित नकारात्मक प्रभावबाट बच्नको लागि कान्तिपुर, भक्तपुर र ललितपुरका तिनवटै राज्यका राजाहरूले संयुक्त रूपमा नै प्रयास गर्नु परेको थियो ।[४७] यी तत्कालिन "पन्थ" र "ओझा" खस ब्राह्मणहरू पनि नेवार समाजमा पूर्णरूपले मिसिन पुगेका थिए भन्ने कुराको अनुमान गर्न सकिन्छ ।

समग्रमा यी सबै किसिमका नेवार ब्राह्मणहरूलाई तत्कालिन नेवार समाजले एउटा पुज्य वर्गको रूपमा हेर्ने गरेका थिए । ने.सं. ८३९ (वि.सं. १७७६) मा शिवशंकर नामका एकजना व्यक्तिले "पापबाट मुक्ति पाइयोस्" भन्ने मनसायले ब्राह्मणहरूलाई पुजा नै गरी पाटीको प्रतिष्ठा गरेका थिए ।[४८] यसको साथै अभिलेखहरू समेत लेख्ने क्षमता भएका बुद्धिजीवी वर्ग भएकोले पनि ब्राह्मण वर्ग समाजको नजरमा उच्च श्रेणीमा पर्दथ्यो र उनीहरूलाई "असल ब्राह्मण" भनी सम्मानित दृष्टिकोणबाट हेरिन्थ्यो ।[४९] यसको अलावा ब्राह्मणहरूलाई ताम्रपत्र, अभिलेख आदिमा दृष्टि साक्षी[५०] को रूपमा राख्ने चलन पनि थियो[51] र यसबाट पनि ब्राह्मण वर्गको सामाजिक एवं राजनैतिक प्रतिष्ठामा निकै अभिवृद्धि हुन गएको थियो भन्न सकिन्छ । धार्मिक दृष्टिकोणबाट पनि ब्राह्मणहरूलाई पवित्र वर्ग मानिन्थ्यो र देवता र ब्राह्मणलाई दानको रूपमा दिइएको जग्गा हरण गर्ने व्यक्ति साठी हजार वर्ष सम्म नरकमा किरा भएर रहने छन् भन्ने समेत

४६ ने.सं. ८८६ (वि.सं. १२८६) मा हर्षपन्थ काजी र गोविन्द पन्थ्ले जिर्ण भएको पाटी बनाइ प्रतिष्ठा गरेका थिए । हेर्नुहोस्, पाटन बुलुगाउँ लाछीटोल पाटीमा टाँसिएको अभिलेख, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, पृष्ठ ४६८-४६९

४७ हेर्नुहोस्, विस्तृत विवरणको लागि परिशिष्ट ३.६

४८ धनबज्र बज्राचार्य, मल्लकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ, ४२१

४९ ने.सं. ८०८ (वि.सं. १७३५) को पाटन बुङ्गमति यताटोल मत्सेन्द्र बहाल भित्रको अमरापुरको देवलको शिलालेखमा "असल ब्राह्मण" गंगाधरले लेखेका थिए भन्ने कुरा उक्त शिलालेखमा नै उल्लेख गरिएको पाइन्छ । ऐजन, पृष्ठ २०६-२०७

५० युवराज, राजपरिवारका सदस्य र भारदारहरूलाई पनि दृप्टी साक्षीको रूपमा राखिने चलन थियो ।

५१ पाटन दरवार मुलचोकमा रहेको योगनरेन्द्र मल्लको अभिलेखको दृप्टि साक्षीको रूपमा राजपरिवारका सदस्यहरू (उग्रमल्ल, जय भास्कर मल्लदेव) र भारदारहरू (वमी सिंह भा, ग्वगल भा) को अतिरिक्त ब्राह्मणहरू विश्वम्भर उपाध्याय, विद्यानन्द उपाध्याय, कृष्ण भट्ट भाजु, महेश्वर भट्ट भाजु र हरिशंकर भट्ट भाजुलाई पनि राखिएको थियो । हेर्नुहोस, ऐजन, पृष्ठ ३०३-३०९

जनविश्वास रहेको हुन्थ्यो ।[५२] साथै ब्राह्मणहरूको नामको पुछारमा "भाज्" भन्ने सम्मानजनक शब्द समेत प्रयोग गर्ने चलन रहेको थियो ।

हिन्दूवर्गमा ब्राह्मणहरूको जुन सम्मानजनक स्थान थियो, त्यस्तै स्थान बौद्धधर्मावलम्वी नेवारहरूको समाजमा गुरूभाजु/गुरूजु/ बज्राचार्यहरूको पनि हुन्थ्यो । उनीहरू पनि बौद्ध ब्राह्मणहरू थिए र छन् । उनीहरूको अलावा "बाँडा"हरू पनि नेवार बौद्ध धर्मावलम्वी समाजमा माथिल्लो स्तरको वर्गमा पर्दछन् र उनीहरूको संख्या पनि निकै भएको अनुमान गर्न सकिन्छ ।[५३]

- **व्यवसायीको रूपमा जोशी, कर्माचार्य र धनवन्तरी/वैद्य**

जोशी र कर्माचार्यहरू नेवार समाजको सामाजिक संरचनामा माथिल्लो स्तरमा नै पर्दछन् । तथापि मध्यकालमा यिनीहरूले उत्तरी भारतबाट नेपाल उपत्यकामा प्रवेश गरेका वैश ठकुरीहरूको पुरोहित्याइ गरेकोले राजा ज्योतिर मल्लले नेवार समाजको सामाजिक संरचनाको पुर्नगठन गर्दा उनीहरूलाई अमिल्दो किसिमले वैश्यको रूपमा मात्र मान्यता दिएको कुरा माथि उल्लेख भइसकेको छ । तर वास्तविक रूपमा भन्ने हो भने जोशी र आचार्य (कर्माचार्य) हरू ब्राह्मण स्तरका समूह नै थिए भन्ने कुरा माथि चर्चा भइसकेको छ ।[५४] उनीहरूलाई विभिन्न धार्मिक कार्यहरूमा दक्षिणा दिने, भोजन गराउने चलन समेत थियो ।[५५] पाटनका राजा विष्णु मल्लले ने.सं. ८५२ (वि.सं. १७८९) मा धर्मशाला बनाइ प्रतिष्ठा गर्दा ब्राह्मणहरू (विश्वानन्द उपाध्याय र नीलकण्ठानन्द उपाध्याय) को अतिरिक्त जोशी र आचार्य (कर्माचार्य) हरूलाई पनि दक्षिणा दिइ भोजन गराएका थिए ।[५६] त्यस्तै ने.सं. ८०४ मा थानकोटको उमामहेश्वरको मन्दिरको प्रतिष्ठा गर्दा ब्राह्मण, ब्राह्मणीको अतिरिक्त जोशीलाई पनि दक्षिणा दिइएको थियो ।[५७] यस दृष्टिकोणबाट भन्ने हो भने जोशी र कर्माचार्यहरू ब्राह्मण नै थिए, वैश्य थिएनन् । तथापि कालान्तरमा ब्राह्मणभन्दा मुनि र वैश्य भन्दा माथि क्षेत्री सरहका सामाजिक स्तरमा रहेका "व्यावसायिक समूह"को रूपमा जोशी र कर्माचार्यहरूलाई समाजबाट मान्यता दिइयो ।[५८] समग्रमा भन्ने हो भने मध्यकालमा जोशी र कर्माचार्यहरूले आ-आफ्नै व्यवसायिक कार्यहरू गर्दथ्ये । जोशीले मुलत: निम्न कार्यहरू गर्दथे ।

- ज्योतिषशास्त्र अध्ययन गर्ने र गराउने;
- जन्मकुण्डली लेख्ने, कुण्डली अनुसार ग्रहदशाको बारेमा फलादेश गर्ने;
- विभिन्न कार्यहरू गर्न शुभ साइतको समय निर्धारण गर्ने इत्यादि

---

[५२] हेर्नुहोस, ने.सं. ८५२ (वि.सं.१७८९) को शंखमुलको विष्णुमल्लको अभिलेख, ऐजन, पृष्ठ ४३२-४३७

[५३] हेर्नुहोस, विस्तृत विवरणको लागि, ऐजन

[५४] हेर्नुहोस, हरिराम जोशी, त्रिदेव स्वरूप ब्राह्मण, कर्माचार्य, जोशी, जोशी रिसर्च इन्स्टीच्यूद कुसुन्ती, ललितपुर, २०६१

[५५] हेर्नुहोस धनवज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ ३५-३७, ७२-७३, २११-२१२, २५८-२६० र २७३-२७५

[५६] ऐजन

[५७] ऐजन

[५८] आजकाल नेवार समाजका जोशीहरूले नै आफूलाई ब्राह्मण ठान्दैनन् र स्यस्य/श्रेष्ठ वर्गका एउटा समूह मात्र ठान्दछन । हेर्नुहोस, उलराइक मुलर, ठिमी: सोसियल आयण्ड इकोनोमिक स्टडिज अफ ए नेवार सेटलमेन्ट इन दि काठमाडौं भ्याली, जिसन, १९८१, पृष्ठ २८

यी व्यवसायिक कार्यहरूको अतिरिक्त जोशीहरूले राजनीतिक एवं शासन/ प्रशासनको क्षेत्रहरूमा समेत सक्रिय रूपले भाग लिने गरेका थिए । गंगाधर र जगन्नाथ मध्यकालका प्रख्यात जोतिष थिए । तथापि गंगाधर जोशी "छे भडेल" (निर्माण कार्य गर्ने सरकारी कार्यालय) का हाकिम पनि थिए । त्यस्तै जगन्नाथ "जोशी" हुनुको साथै वैद्यको रूपमा पनि कार्य गर्दथे । त्यस्तै लक्ष्मी नारायण जोशी कान्तिपुर राज्यका शक्तिशाली चौतारा (प्रधानमन्त्री) नै थिए । उनले तत्कालिन कान्तिपुर राज्यका राजगुरू विश्वम्भर उपाध्यायलाई एउटा ठूलो घर नै दान दिएका थिए । त्यस्तै जोशीहरूले अभिलेखहरू पनि लेखेको उदाहरणहरू पनि पाइन्छ ।[५९] जोशी जस्तै आचार्य/आचाजु (कर्माचार्य)हरू पनि विशेषत: तान्त्रिक विधिमा आधारित धार्मिक एवं कर्मकाण्ड सम्बन्धि कार्यहरू गर्ने व्यवसायिक समूह थिए । विशेषत: कर्माचार्यहरूले निम्न कार्यहरू गर्दथे ।

- तलेजु भवानी लगायत देवदेवीका मन्दिरहरूको पुजारी भइ कार्य गर्ने[६०]
- श्रेष्ठ समूहका जात/थरहरूका परिवारहरूको केही धार्मिक अनुस्थान सम्बन्धि कार्यहरू (विशेषत: देवाली पुजा, दशैं पुजा इत्यादि) गर्ने र कारन्जीत वा त्यस्तै स्तरका जात/थरका परिवारहरूको व्रतबन्ध, विवाह जस्ता संस्कारहरू सम्बन्धि कार्यहरू गर्ने र
- श्रेष्ठ समूहका परिवारहरूको आसौच पर्दा घसु (घर शुद्धि) सम्बन्धी कार्यहरू गर्ने गराउने ।

साधारणतया अधिकांश अभिलेखहरूमा कर्माचार्यहरूलाई "आचार्य" (नेपाल भाषामा आचाजु) भनि उल्लेख गरिएको पाइन्छ । कुनै कुनै अभिलेखहरूमा मात्र थरको रूपमा नै "कर्माचार्य" भन्ने शब्द उल्लेख गरिएको पाइन्छ ।[६१] त्यस्तै ब्राह्मण, जोशी लगायत आचार्यहरू (कर्माचार्यहरू) लाई पनि दक्षिणा दिने चलन थियो । जोशी र कर्माचार्य जस्तै क्षेत्री सरहका अर्को व्यवसायिक समूह पनि रहेको थियो । त्यो हो धनवन्तरी थर भएका परिवारहरूको समूह । धनवन्तरीहरूले मूलत: निम्न दुईवटा कार्यहरू गर्दथ्ये ।

- बिरामी जाँच्ने र औषधी उपचार गर्ने र
- विभिन्न किसिमका औषधीहरूको उत्पादन गर्ने ।

---

५९ बलम्वु महालक्ष्मी मन्दिरको श्रीनिवास मल्लको पालाको ने.सं. ७८७ (वि.सं. १७२४) को अभिलेख दैवज्ञ (जोशीको अर्को नाम) श्री हरिकृष्णले लेखेको कुरा उक्त अभिलेखमा नै उल्लेख गरिएको छ । त्यस्तै पाटन बलम्बु देवलाछीटोलको महालक्ष्मी मन्दिरको ने.सं. ७८७ (वि.सं. १७२४) को शिलालेख पनि दैवज्ञ (जोशी) हरिकृष्णले लेखेका थिए । हेर्नुहोस्, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ १४५-१४६ र १४९-१५०

६० ललितपुर चापागाउँ निवासी बासुदेव कर्माचार्यको पूर्खालाई उक्त गाउँमा रहेको बज्रवाराही मन्दिरका पुजारीको रूपमा कार्य गर्न तत्कालिन ललितपुरका मल्ल राजाले खटाएर पठाएका थिए । हाल पनि औपचारिक रूपमा भन्ने हो भने बासुदेव कर्माचार्यका परिवारको सदस्यहरूले नै पुजारीको रूपमा कार्य गर्दै आएका छन् । त्यस्तै मध्यपुर निवासी बाबुकाजी कर्माचार्य र हरिमान कर्माचार्यका पुर्खालाई उक्त ठाउँमा रहेका बालकुमारी मन्दिरको पुजारीको रूपमा कार्य गर्न तत्कालिन भक्तपुरका मल्ल राजाले खटाइ पठाएका थिए । औपचारिक रूपमा हाल पनि उक्त कर्माचार्य परिवारका सदस्यहरूले पुजारीको रूपमा कार्य गर्दै आएका छन् । अर्न्तवार्तामा आधारित

६१ शाक्यमुनि मन्दिर (सिंहदुवाल लोहं देवल) को ने.सं. ७६९ (वि.सं. १७०५) को शिलापत्रमा बुबहालका "श्रीदेव कर्माचार्य" भन्ने नाउ उल्लेख भएको पाइन्छ । हेर्नुहोस्, धनबज्र बज्राचार्य, माथि उल्लेखित, पृष्ठ ४९४-४९५

ती धनवन्तरी थर नै कालान्तरमा "वैद्य" थरमा रूपान्तरण भएको थियो । मध्यकालमा नै "वैद्य" भन्ने थर नै प्रचलनमा आइसकेको थियो ।[६२] त्यस्तै धनवन्तरी/वैद्य थर भएका परिवारहरू पनि भारो वर्गमा नै पर्दथ्यो ।

- **राजपरिवारको सदस्यहरू र स्थानीय पुस्तौनी शासक परिवारको सामाजिक स्तर**

मध्यकालिन नेपालको शासनको केन्द्र बिन्दू राजदरवार नै हुन्थ्यो । यसको अलावा करिव २ शताब्दीसम्म केन्द्रिय सरकार कमजोर भएको समयमा स्थानीय स्तरमा पुस्तौनी शासकहरूले पनि शासन गर्ने गरेका थिए । उनीहरूले आफूलाई स्थानीय स्तरका राजा जस्तै ठान्दथे । यी दुवै समूहका शासकहरूको सामाजिक स्तर उच्च नै थियो । उनीहरू नेवार ठकुरी नै थिए ।

- **राजपरिवारका सदस्यहरूको सामाजिक स्तर**

राजपरिवारका सदस्यहरूले विशेष गरी मल्ल, ठाकुर,[६३] देव जस्ता थरहरू प्रयोग गर्दथ्यो । पूर्वमध्यकालमा "देव" र "मल्ल" थरहरू प्रयोग गर्ने दुई किसिमका राजपरिवारहरू थिए भन्ने कुरा माथि नै चर्चा भइसकेको छ । बाह्रौं शताब्दीको अन्त्यतिरदेखि पूर्णरूपले मल्लवंशको नै शासन सुरूवाट भए पश्चात शासकवंशको थर "मल्ल" मात्र हुन गएको थियो ।

विधिवत विवाह गरी ल्याएको पत्नीको तर्फबाट जन्मेका सन्तानहरू ( चलनचल्तिको भाषामा थ्या पट्टीका सन्तानहरू) ले मात्र "मल्ल" "ठाकुर", "देव" जस्ता राजपरिवारसित सम्बन्धित उच्चस्तरीय थरहरू प्रयोग गर्न पाइन्थ्यो । र विधिवत विवाह नगरिकन ल्याएको पत्नीको (चलनचल्तीको भाषामा ल्याइते) को तर्फबाट जन्मेका सन्तानहरू (चलन चल्तिको भाषामा मथ्या पट्टिका सन्तानहरू) ले केवल "सिंह" थर मात्र लेख्न पाउने नियम नै राजा ज्योतिर मल्लले बनाएको कुरा माथि उल्लेख नै भइसकेको छ । तर यो नियम धेरै अवधिसम्म कार्यान्वयनमा रहेको देखिदैन । कारण नेवारहरूकै दोलखा राज्यका राजपरिवारहरूको सदस्यहरूको थर नै "सिंह" रहेको थियो । यसबाट "सिंह" थरलाई पनि उच्चस्तरीय एवं प्रतिष्ठित थरको रूपमा नै समाजले मान्यता दिएको थियो भन्ने बुझिन्छ ।

त्यसबेला प्रचलनमा रहेको "लवट भाजु" भन्ने थर पनि राजपरिवारका सदस्यहरूको मठ्याहा पट्टीका सन्तानहरूले प्रयोग गर्ने गर्दथ्यो । वास्तविक थर "लवट" भएता पनि राजपरिवारका मठ्याहरू पट्टीका सन्तानहरूले सो थर प्रयोग गर्ने भएकोले त्यसमा सम्मानजनक शब्द "भाजु" थप गरी "लवट भाजु" गरिएको हो । नोग्ल, स्वथर र यंछे यी तिन घर (ठाउँ) का लवटभाजुहरूले राजकुमार, राजा लगायत अन्य राजपरिवारका सदस्यहरूको

[६२] पाटन गा:वहाल टोल मिल्कु बहाल भित्र क्वापाल देवलको घरमा रहेको ने.सं. ८१५ (वि.सं. १७५२) को अभिलेखमा धनवन्तरी भागि सिंह वैद्य भारोले श्री ३ भैरव ... श्री ३ पंचवका चैत्य भट्टारकमा ढुंगाको एउटा तोरण चढाएको कुरा उल्लेख गरिएको छ । हेर्नुहोस्, धनबज्र बज्राचार्य, ऐजन, पृष्ठ २९०

[६३] महिलाहरूको लागि "ठाकुरनी", ठकुरानी" भन्ने शब्दहरू प्रयोग गरिन्थ्यो ।

मृत्यु हुँदा डेढ महिना आशौच बार्नु पर्ने र राजाले भने (दरवार बाहिर गएकाहरूको मृत्युको सन्दर्भमा) १२ दिन मात्र आशौच बार्नुपर्ने गरी राजा योगनरेन्द्र मल्लले विद्याचन्द उपाध्याय आदि पण्डितहरूको सल्लाहमा नियम बनाइ ताम्रपत्र ने.सं. ८१९ (वि.सं. १७५५) मा राखिदिएका थिए । साथै वनिम्ह, बाहरलुखाको "अधिमा लवट" जति सबैले दशैंमा दरवारमा खड्ग लिन जानुपर्ने नियम पनि उक्त ताम्रपत्रमा उल्लेख गरिएको पाइन्छ ।[६४] यसबाट तिनवटा कुराहरू स्पष्ट हुन आउछ :

- पहिलो, माथि भनिए जस्तै राजपरिवारका सदस्यहरूको मथ्याह पट्टीका सन्तानहरूले मात्र "लवट भाजु" भन्ने थर प्रयोग गर्न सक्ने र वास्तविक थर "लवट" भएता पनि राजपरिवारसितको रगतका नाताको कारण सम्मानजनक शब्द "भाजु" को थप गरिएको पाइएको र यसबाट तत्कालिन समाजमा राजपरिवारको प्रभुत्व एवं प्रभावको झलक स्पष्ट हुन आउँछ;
- दोस्रो, लवट भाजुहरूले बार्नुपर्ने आशौच (राजदरवारको सदस्यहरूको मृत्युको सन्दर्भमा) को बारेमा नियम नै बनाइएकोबाट उनीहरूको र राजपरिवारको घनिष्ट रूपको आपसी रगतको नाता सम्बन्ध स्पष्ट हुन आउछ ।
- तेस्रो, "अधिका लवट" भनेर धेरै पुस्ता अघिका राजपरिवारका मथ्याहा सन्तानहरूलाई संकेत गरिएको आभाष पाइन्छ । त्यस्ता लवटहरूको हकमा "भाजु" भन्ने सम्मानजनक शब्द प्रयोग गरिएको पाइदैन । तथापि दशैंको समयमा दरवारमा उनीहरूले खड्ग लिन जानुपर्ने नियमबाट उनीहरूको राजदरवारसितको पारिवारिक सम्बन्ध झल्कन्छ ।

राजपरिवारका सदस्यहरूको वैवाहिक सम्बन्ध आफ्नै जात मिल्ने उच्च सामाजिक एवं राजनीतिक स्तरका परिवारहरूसित हुने गर्दथ्यो । भारतका राजघराना र राजपुत परिवारहरूसित पनि वैवाहिक सम्बन्ध नेपालका तत्कालिन राजपरिवारहरूले कायम गरेका थिए ।[६५] साथै देश भित्रका सामाजिक, राजनैतिक दृष्टिकोणबाट उच्चस्तरीय ठहरिएका परिवारहरूसित पनि राजपरिवारका सदस्यहरूले वैवाहिक सम्बन्ध कायम गरेका थिए । त्यस्ता खास खास परिवारहरू थिए- सिंह, कुम्हर, राउत, पाल, पात्रवंश, महापात्र इत्यादि । कहिलेकाँही मल्ल-मल्ल बिचमा पनि वैवाहिक सम्बन्ध कायम भएको पाइएको छ ।[६६] राजपरिवारसित वैवाहिक सम्बन्ध भएका पुरूषहरूलाई आफ्नो नामको अन्तिममा

---

६४ पाटन मूलचोकको योगनरेन्द्र मल्लको ने.सं. ८१९ (वि.सं. १७५५) को अभिलेख, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ ३१३-३१४

६५ प्रताप मल्ल र ज्योतिर मल्लजस्ता राजाहरूले भारतको राजपुत र राजघराना परिवारहरूसित वैवाहिक सम्बन्ध राखेका थिए । यी राजाहरूको सन्दर्भ केवल उदाहरणको रूपमा प्रस्तुत गरिएको हो ।

६६ सायद धेरै पुस्ताहरू (खास गरेर ७ पुस्ता फरक भइसकेको) फरक भइसकेकोले यस्तो वैवाहिक सम्बन्ध कायम गरिएको हुन सक्दछ । साधारणतया एउटै पारिवारिक थर भएका परिवारहरूको बीचमा वैवाहिक सम्बन्ध कायम हुने परम्परा थिएन र हाल पनि छैन ।

सम्माजनक शब्द "बाबु" प्रयोग गर्न पाउने विशेष सुविधा (Privilege) दिइएको थियो ।[६७] समग्रमा भन्ने हो भने भारतका राजपुत एवं राजघरानाका परिवारहरूसित समेत वैवाहिक सम्बन्ध कायम गर्नुको साथै स्वदेशमा पनि उच्चस्तरीय जातका परिवारहरूसित[६८] मात्र वैवाहिक सम्बन्ध राख्ने गरेको तथ्य बाट मध्यकालिन नेपालका नेवार राजपरिवारको सदस्यहरूको सामाजिक स्तर निक्कै उच्च रहेको थियो भन्ने कुरा पुष्टि हुन आउछ ।

- **स्थानीय स्तरका पुस्तौनी शासकहरूको सामाजिक स्तर**

  पूर्व मध्यकालिन नेपालमा केही अवधिको लागि स्थानीय स्तरमा केही प्रभावशाली परिवारहरूले पुस्तौनी शासकको रूपमा शासन गरेको कुरा अघिल्लो परिच्छेदमा चर्चा भइसकेको छ । स्थानीय स्तरमा विभिन्न टोल/बहालहरूको आधारमा छुट्याइएको इलाकाहरूमा स्थानीय पुस्तौनी शासकको हैसियतमा उनीहरूले शासन गर्दथ्यो । काठमाडौं र भक्तपुरमा त्यस्ता शासकहरूलाई "थकुजुजु" (ठकुरी राजा) भनिथ्यो । कालान्तरमा "थकुजुजु" बाट नै "थकु" भन्ने हालको स्यस्य/श्रेष्ठ समूहको एउटा थरको[६९] विकास भएको थियो ।[७०] त्यस्तै पाटनका स्थानीय शासकहरूको परिवारहरूलाई पात्रवंश, महापात्र, राउत, पाल, बर्मा[७१] इत्यादि भनिन्थ्यो । ति परिवारहरू पनि स्थानीय स्तरका राजपरिवारहरू नै थिए । उनीहरूले स्थानीय स्तरमा प्रधानमन्त्रीसमेत नियुक्ति गर्दथ्यो ।[७२] कालान्तरमा स्थानीयस्तरका राजपरिवार/शासक परिवार भन्ने जनाउने उपरोक्त सबै शब्दहरू नै ति ति परिवारहरूका थरहरूको रूपान्तरण भएको आभाष पाइन्छ ।[७३] यी स्थानीय शासकहरूको परिवारहरूको वैवाहिक सम्बन्ध राजपरिवारका सदस्यहरूसित हुन्थ्यो भन्ने कुरा राउत पात्रवंश जस्ता थरहरू भएका व्यक्तिहरूको नाउको पुछारमा "बाबु" भन्ने सम्मानजनक (राजपरिवार सितको नाताको संकेत दिने) शब्द प्रयोग गरिएबाट थाहा हुन आउछ ।[७४] समग्रमा भन्ने हो भने पात्रवंश, राजवंशी, महापात्र, राउत, पाल, थकु जस्ता विभिन्न थरहरू भएको

---

६७ पात्रवंश राउत भवानी शंकर बाबु, उनको भाइ शिव शंकर बाबुले वैष्णवीदेवीको मन्दिर बनाइ सुनको गजुर चढाएको कुरा पाटन सतुंगल देउननी टोल वैष्णवी मन्दिरको शिलालेखमा उल्लेख गरिएको छ र ति व्यक्तिहरूको नामका अन्तिममा सम्मानजनक शब्द "बाबु" थपिएको पाइएको छ । हेर्नुहोस्, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लखित, पृष्ठ १३८-१३९

६८ यस्ता परिवारहरू विशेपत: निम्न थिए ।
- स्थानीय स्तरका शासक परिवारहरू- पात्रवंश, महापात्र, पाल, राउत, राजवंशी, थकु इत्यादि
- कुम्हर, सिंह, जस्ता क्षेत्रीय थर भएका भारदार वर्गका परिवारहरू

६९ पाटन र मध्यपुरमा प्रजापति समूहमा पनि थकु थर भएको बुझिएको छ  र भक्तपुरमा "थकुवन्जा" थर पनि रहेको छ ।

७० हेर्नुहोस्, "मल्ल" थर प्रयोग गर्दै आएको "थकुजुजु" (कसै कसैले "थकु" भन्ने थर नै प्रयोग गर्दै आएको पनि पाइएको) बारेका विस्तृत विवरणको लागि, कमल प्रकाश मल्ल, पूर्वज लुमंका, थ: नेया थकुजुजु खल:, काठमाडौं, ने.सं. ११००

७१ पाटन दरवार क्षेत्रको उमामहेश्वरको ने.सं. ८१० (वि.सं. १७४७ को अभिलेखमा कवनिम्ह गृहका पात्रवंश राउत गंगा शंकर बाबुले एउटा खेत/जग्गा र सुनका कलश ध्वजा चढाएको र जग्गाका आयस्ताबाट प्रत्येक वर्ष "बुसाधन" गर्नुपर्ने व्यवस्था गरिएको थियो । हेर्नुहोस्, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ २७३-२७५

७२ पाटन पिंविहारका शासक मेघपालले जगतपति अमात्यलाई प्रधानमन्त्री नियुक्ति गरेका थिए । हेर्नुहोस्, कीर्तिपुर बाघभैरव मन्दिरको अभिलेख, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ, ४७२

७३ यि थरहरू तत्कालिन नेवार समाजमा प्रचलनमा नै रहेको थियो भन्ने कुरा ने.सं. ८२५ को पाटन च्यासेल टोल इकुवसु क्यापालदेवको सिढीको शिलालेख र पुल्चोक वैष्णवी देवीको ने.सं. ८३६ को शिलालेखबाट थाहा पाउन सकिन्छ । हेर्नुहोस्, ऐजन, पृष्ठ ३९८-४०४

७४ कीर्तिपुर उमामहेश्वर स्थानको विष्णुको मूर्तिका पादपिठमा रहेको ७९८ (वि.सं. १७३५) को शिलालेख मा पात्रवंश राउत विश्वेश्वर बाबुको मृत्यु भएकोले उनको भाइ रामेश्वर बाबुले सो मूर्ति स्थापना गरेको कुरा उल्लेख गरिएको छ । हेर्नुहोस्, ऐजन पृष्ठ ५२८

पुस्तौनी शासकहरूको परिवारहरूको सामाजिक स्तर उच्चस्तरको नै रहेको थियो ।

- **सिंह, कुम्हर र रावल थर भएका उच्चस्तरीय नेवार क्षेत्रीय परिवारहरू**

"सिंह" र "कुम्हर" थरहरू पनि मध्यकालिन नेवार समाजका उच्चस्तरीय प्रख्यात थरहरू थिए । हुन त माथि उल्लेख गरिए जस्तै राजपरिवारका सदस्यहरूको "मथ्या" पट्टिका सन्तानले "सिंह" थर मात्र लेख्न पाउने गरी राजा ज्योतिर मल्लले नियम बनाएका थिए । तथापि दोलखाका राजपरिवारका थर नै "सिंह" हुनुको साथै राजपरिवारका सदस्यहरूको वैवाहिक सम्बन्ध समेत "सिंह" थर भएका परिवारहरूसित पनि हुने भएकोले "सिंह" थर पनि उच्च सामाजिक स्तरका नै थिए । कैयौं प्रशासकीय पदहरू थरमा रूपान्तरण हुनु अघिको पुर्ख्यौली थर समेत "सिंह" भएका परिवारहरू पनि थिए । "दुवार" पद हुनेहरूको पुर्ख्यौली थर "सिंह" पनि भएको पाइएको छ ।[७५] "सिंह" जस्तै "कुम्हर" परिवारहरूको पनि वैवाहिक सम्बन्ध नै राजपरिवारका सदस्यहरूसित हुन्थ्यो । यसबाट नै यो थर भएका परिवारहरू नेवार समाजमा उच्च स्तरमा पर्दथ्यो भन्ने कुरा स्पष्ट हुन आउछ । सायद खस समुदायको हालको "कुँवर" थरको पुरानो रूप "कुम्हर" हुनु पर्दछ र ति कुम्हरहरू पनि नेपाल उपत्यकामा बसाइ सरी यहाँका नेपाल भाषा र संस्कृति अंगिकार गरी नेवार कुम्हर भएको हुनु पर्दछ ।

त्यस्तै तत्कालिन नेवार समाजका "रावल" भन्ने थर पनि प्रचलनमा रहेको थियो । यो कुरा सम्वत ८७५ को पाटन बडेगाउँ प्यथाख्याटोल विमुगलेश्वर महादेवको देवलको शिलालेखमा उल्लेखित मन्दिरको प्रतिष्ठाको कार्य गर्नेहरू मध्य महादेव रावल भन्ने एक जना व्यक्तिको नाउमा उल्लेख भएको "रावल" भन्ने थरबाट पुष्टि हुन आउछ ।[७६] तर यो थरको[७७] बारेमा अरू विस्तृत कुराहरू भने थाहा पाउन सकिएको छैन । सायद खस वर्गको क्षेत्रीय समूहको "रावलहरू" नेवार समाजमा मिसिन गइ नेवार रावल थर बनेको हुन सक्छ र यस दृष्टिकोणबाट पनि रावलहरू उच्चस्तरीय जातका हुन भन्न सकिन्छ ।

- **भारो र भावोः सामुहिक थरहरू**

हाल नेपाल भाषामा "स्यस्य" भनिने नेवार समाजको माथिल्लो स्तरको सामुहिक थर श्रेष्ठ (नेवार क्षेत्री) जस्तै "भारो" र "भावो". पनि अधिक मात्रामा प्रयोग गरिएका मध्यकालिन सामुहिक थरहरू थिए । वास्तवमा आजकालको स्यस्य/श्रेष्ठ थर कुनै खास परिवारिक थर नभइ ब्राह्मणभन्दा मुनि र अरूभन्दा माथिल्लो स्तरका क्षेत्री स्तरको सामुहिक थर भए जस्तै "भारो" र "भावो" पनि मध्यकालिन नेपालमा कुनै खास पारिवारिक थर नभइ सामुहिक थरको रूपमा रूपान्तरण गरिएका एक किसिमका थरहरू नै थिए ।

---

७५ दुवार पदमा आसीन भएका व्यक्तिहरूले "सिंह" थर प्रयोग गरेको कुराको उदाहरणको लागि हेर्नुहोस्, पाटन संखमोल क्वाक्व टोल गणेश देवलको ने.सं. ८०५ (वि.सं. १७४२) को अभिलेख, ऐजन, पृष्ठ २५३- २५४

७६ ऐजन, माथि उल्लेखित, पृष्ठ, ४४८-४४९

७७ हालसम्म पनि स्यस्य/श्रेष्ठ समूहका केही उच्चस्तरीय नेवार परिवारहरूको थर "रावल" रही आएको बुझिएकोले पनि त्यसबेला पनि सामाजिक संरचनामा यो थर माथिल्लो स्तरको नै थियो भन्न सकिन्छ ।

- **भारो**

  "भारदार" शब्दको संक्षिप्त रूप हो "भारो" । मध्यकालिन नेवार समाजको उच्च सामाजिक स्तरमा रहेको यस भारो समूहमा चौतारा (प्रधान मन्त्री), अमात्य (मन्त्री), देश प्रधान (केन्द्रीय स्तरको प्रधान या मन्त्री), प्रमान (जिल्ला स्तरको प्रशासक), दुवार (छोटकरीमा द्वारे पनि भन्ने गरिएको स्थानीय स्तरको प्रशासक) जस्ता उच्च स्तरका राजनीतिक एवं प्रशासकीय पदाधिकारीहरू सम्मिलित गराइएको थियो । त्यस्तै क्वाथनाइके (किल्लाको प्रमुख) र टोल नाइकेहरू पनि भारोहरू मध्यबाट नै नियुक्ति गरिन्थ्यो ।[७८] महत्वपूर्ण सार्वजनिक स्मारकहरू (मठ मन्दिर, पाटी, सत्तल, शहर प्रवेश गर्ने ठूलो ढोका इत्यादि) हेरचाह गर्ने चिताइदारको जिम्मेवारी पनि भारोहरूलाइ नै दिइएको हुन्थ्यो ।[७९] उच्च सामाजिक स्तरका कुम्हर, सिंह जस्ता थरहरू भएका परिवारहरू पनि भारो वर्गमा नै पर्दथ्यो । समग्रमा देशको शासन/प्रशासन संचालनको प्रक्रियामा सहभागी हुने अवसर प्राप्त गरी राज्य संचालनमा कुनै न कुनै किसिमको जिम्मेवारी वहन गरेका व्यक्तिहरूको समूह नै भारो हो ।

  पुरूष प्रधान भएर पनि मध्यकालिन नेवार समाजमा अपवादकै रूपमा भए पनि केही महिलाहरूलाई पनि भारोको रूपमा मान्यता दिइएको कुरा अति महत्वपूर्ण मान्नु पर्दछ । साथै उनीहरूलाई मठ मन्दिरहरूको हेरचाह गर्न बनाइएको गुठीहरूमा समेत सदस्य बनाउने प्रथाको पनि केही मात्रामा विकास भएको थियो ।[८०] त्यस्तै केही अपवादकै रूपमा भए पनि शुद्रवर्गको व्यक्तीलाई पनि भारदार बनाइएको पाइएको छ । सिद्धीराम नामको एक जना शुद्र वर्गको व्यक्तिले मन्दिर बनाइ उच्च जात/थरका ब्राह्मण, जोशी र आचार्य (कर्माचार्य) हरूलाई भोजन गराएका थिए । उनको नामको अन्तिममा "भारो" थर उल्लेख भएकोले उनी पनि भारदार भएका थिए[८१] भन्ने कुरा थाहा पाउन सकिन्छ । समग्रमा साधारणतया भारदार वर्गका भारोहरूले मुख्यतया निम्न कार्यहरूमा संलग्न हुने गर्दथ्यो ।

  - माथि उल्लेख गरिए झैं राजनीतिक एवं प्रशासकीय पदाधिकारीहरूको रूपमा देशको शासन/प्रशासन व्यवस्थामा महत्वपूर्ण भूमिका खेल्ने;
  - सार्वजनिक स्मारकहरू (मठ मन्दिर, शहरमा प्रवेश गर्ने द्वार, सडक इत्यादि) को मर्मत संभार र हेरचाहमा जिम्मेवारी निर्वाह गर्ने र त्यस्तो स्मारकहरू सम्बन्धी गुठीहरूमा रही कार्यरत रहने;

---

७८ हेर्नुहोस, कीर्तिपुर पालफल टोलका गणेशपाटी ने.सं. ६६७ (वि.सं. १६०४) को शिलालेख, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ ४८४-४८५

७९ पाटन तापाहिटी तिनधारामा रहेको ने.सं. ८१५ (वि.सं. १७५२) को शिलालेखमा उक्त शिलालेख अमात्य सिद्धि रामले लेखाएको र त्यसको चिताइदारी गर्ने जिम्मेवारी हरिराम, नन्दराम र रामेश्वर भारोहरूलाई दिइएको थियो । त्यस्तै इप्टदेवताको रूपमा रहेको गणेश मन्दिर प्रतिप्ठा गरी सो को मर्मत संभार गर्न भारोहरूको छुट्टै गुठी बनाइएको थियो । पाटन खोकनागाउँको लाछीटोलको देवलको हेरचाह गर्ने जिम्मेवारी पनि भारोहरूको गुठीलाई दिइएको थियो । त्यस्तै कीर्तिपुर खासी बजारको शिव मन्दिर मानसिंह भारो, हरिहर सिंह भारो, दुर्गादास भारो, विष्णु सिंह भारो महात र जमानसिंह भारोका समूहले बनाएको र सो मन्दिरको नाममा जग्गा राखी गुठी बनाइ दिएको कुरा ने.सं. ७८१ (वि.सं. १७१७) को अभिलेखमा उल्लेख गरिएको छ । हेर्नुहोस्, ऐजन, पृष्ठ २०९, २५४, ५०१ -५०३

८० हेर्नुहोस, पाटन मंगलबजारको शिवदेवलको मन्दिरको शिलालेख, ऐजन

८१ ने.सं. ८३८ (वि.सं. १७७५) को कीर्तिपुर वटुटोल बाघभैरवको बहाल भित्रको शिलालेख, ऐजन, पृष्ठ ५५४-५५६

- आधिकारिक रूपमा राखिने राजकीय अभिलेख/ शिलालेखहरू राख्न र नियमहरू जारी गर्न आवश्यक सल्लाह दिनुको साथै त्यस्ता अभिलेख एवं नियमहरूमा दृष्टि साक्षीको रूपमा रहने[८२]
- बाह्य आक्रमण विरूद्ध हुने लडाई वा अन्य देशको विरूद्ध आक्रमण गर्न जाँदा लडाईको मोर्चाको नेतृत्व गर्ने[८३]

यसरी राज्य संचालनसित सम्बन्धित विभिन्न कार्यहरू सम्बन्धि जिम्मेवारी वहन गरेका भारदार वर्गको लागि प्रयोग गरिने भारो (कहिलेकाँहि छोटकरीमा "भा" पनि भन्ने गरिएको) शब्द नै कालान्तरमा एउटा सामुहिक थरको रूपमा रूपान्तरण हुन गएको थियो । "भारो" थर भएका समूहको सामाजिक स्तर उच्च रहेको थियो । उनीहरू तत्कालिन नेवार क्षेत्रीयहरू थिए र वर्तमान ६ थरी श्रेष्ठहरूको मध्यकालिन रूप नै भारो वर्ग थिए भन्न सकिन्छ । आजकाल भँडेल श्रेष्ठ, व्याजु श्रेष्ठ जस्ता पारिवारिक एवं सामुहिक थर लेख्ने चलन भए जस्तै मध्यकालिन नेपालमा पनि मुल्मी भारो, सिंह भारो, दुवार भारो जस्ता थरहरू ( सामुहिक र पारिवारिक दुवै) लेख्ने चलन पनि रहेको थियो ।

- **भावो** :

"भारो" जस्तै "भावो" पनि मध्यकालिन नेपालमा निकै मात्रामा प्रचलनमा रहेको सामुहिक थर थियो । तर "भावो" सित सम्बन्धित निम्न प्रश्नहरू निकै महत्वपूर्ण छन् :

- "भावो"को वास्तविक अर्थ के हो ?
- "भावो" भन्ने थर कसरी विकास हुन गयो ?
- "भावो" भन्ने थर कुन समूहको थियो ?

यी तिनवटै प्रश्नहरूको स्पष्ट उत्तर पाउन निकै गाह्रो छ । "भावो" को अर्थ के हो ? भन्ने बारेमा मुलतः दुईवटा अवधारणाहरू रहेको पाइन्छ :

- पहिलो, "भावो" भन्ने शब्द "ज्यापू" समुदायको लागि प्रयोग गरिने सम्मानजनक शब्द थियो[८४] र कालान्तरमा यो शब्द ज्यापू समुदायको सामुहिक थर बन्न गयो ।
- दोस्रो, कृषि र कृषिसित सम्बन्धित कार्यहरूमा संलग्न रहेका "ज्यापू" समूहलाई नै मध्यकालमा "भावो" भनिन्थ्यो ।[८५]

यस किसिमको फरक फरक विचारधाराहरू पाइएता पनि भारो जस्तै "भावो" पनि मध्यकालिन नेपालको एउटा सामुहिक थर थियो भन्ने कुरामा कुनै शंका

---

[८२] ने.सं. ८८० मा राजा विश्वजीत मल्लद्वारा जारी गरिएको आदेश (जंगलको रूख काट्ने र दाउरा लिन नपाइने सम्बन्धी) को साक्षीको रूपमा चौतारा देवी दास भारोलाई राखिएको थियो । हेर्नुहोस्, ऐजन, पृष्ठ ४५३

[८३] वि.सं. १७४४ मा गोरखा विरूद्ध कान्तिपुरले आक्रमण गर्दाको लडाईको मोर्चाको नेतृत्व गर्नेहरू मध्य एकजना थिए नवमी सिंह भा । उनी वि.सं. १७५५ मा कान्तिपुरका चौतारा थिए । काठमाडौं नघलटोलमा यिनले स्थापना गरेको आगन देवीको ठूलो मन्दिर अहिले पनि यथावत रहेको छ । त्यस्तै ने.सं. ८०३ (वि.सं. १७४०) मा मकवानपुर आक्रमण गर्दा चौतारा भगीरथ मैया (भागजु पनि भन्ने गरिएको) आफैले पनि लडाईका मोर्चा सम्हालेका थिए । हेर्नुहोस्, ऐजन, माथि उल्लेखित, पृष्ठ १३३

[८४] रेवतीरमणानन्द श्रेप्ठ, नेवा, साहित्यया मूलुखा, ललितपुर, नेपाल सम्वत् ११२१, पृष्ठ १४

[८५] ज्यापू, पंच, भावो, कुतः पिकाक, भक्तपुर, २०५७, पृष्ठ १

गर्नुपर्ने आवश्यकता छैन । तर "भावो" थर कृषि सम्बन्धि कार्य क्षेत्रमा संलग्न रहेको "ज्यापू" समूह नै थियो वा थिएन भन्ने कुराको उत्तर किटानीका साथ भन्न गाह्रो छ । यस सम्बन्धमा अरू बढी अनुसन्धान एवं खोजी गर्नु आवश्यक छ । तथापि मोटामोटी रूपमा "भावो"थर भएकाहरू पूर्णरूपले "ज्यापू" समूहका मात्रै थिए भन्न सकिदैन । कारण भावोहरूले पनि भारोहरूले जस्तै कुनै न कुनै किसिमको शासन/प्रशासनसित सम्बन्धित केही कार्यहरू पनि गर्ने गरेका थिए । त्यस्तै व्यापार व्यवसायमा पनि संलग्न रहेका थिए । मूलतः त्यस्ता कार्यहरू निम्न किसिमका थिए :

- पहिलो, मठ मन्दिर र चैत्यहरूको निर्माण, जिर्णोद्धार एवं प्रतिष्ठा गर्ने गराउने ।
- दोस्रो, भावोहरूले भारोहरूसित मिलेर संयुक्त रूपमा मन्दिर, पाटी, जस्ता सार्वजनिक स्मारकहरूको निर्माणको साथै "चिताइदारी" पनि गर्दथे ।[८६]
- तेस्रो, भावोहरूले सार्वजनिक स्थलहरूमा तेलिया ईटा छाप्ने र त्यस्तो ठाउँको हेरविचार गर्ने कार्य गर्दथ्यो ।
- चौथो, राजकीय अभिलेख/शिलालेख र ताम्रपत्ररूमा कहिलेकाहीँ भावोहरू पनि साक्षीको रूपमा रहने चलन थियो ।
- पाँचौं "भावो"हरू कृषि क्षेत्रको अतिरिक्त व्यापार व्यवसाय र साना साना उद्योगधन्दा सम्बन्धि कार्य क्षेत्रहरूमा पनि संलग्न रहेका थिए ।

जे भएता पनि समग्रमा "भारो" जस्तै "भावो" शब्द पनि कालान्तरमा एउटा सामुहिक थरको रूपमा प्रयोग गर्ने चलनको विकास भयो । सायद यस थरको प्रयोग तुलनात्मक रूपमा केही निम्न स्तरका भारदार वर्गले गरेको हुनु पर्दछ । अर्को शब्दमा भन्ने हो भने यदि "भारो" वर्तमान ६ थरी श्रेष्ठको मध्यकालिन रूप थियो भने "भावो" वर्तमान ५ थरी श्रेष्ठको तत्कालिन रूप थियो भन्ने कुराको अनुमान गर्न सकिन्छ । सायद "भावो" शब्दले "ज्यापू" समुदायलाई मात्र जनाउँछ भन्ने कुरा सत्यताबाट धेरै टाढा रहेको छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

- **राजनैतिक एवं प्रशासकीय पदबाट श्रृजना भएको केही खास किसिमका थरहरू**

माथि उल्लेख गरिए झैं "भारो" र "भावो" भन्ने थरहरू शासन संचालनको भार वहन गर्नुपर्ने वर्ग भारदारबाट श्रृजना हुन गएको थियो । यी "भारो" र "भावो" भन्ने थरहरू सामुहिक किसिमका थिए । यसको अलावा तत्कालिन समयमा केही प्रमुख पारिवारिक थरहरू पनि राजनैतिक एवं प्रशासकीय पदहरूबाट वन्न गएको थियो जुन निम्नानुसार छन् :

**(क) अमात्य र कुतु**

प्राचिन लिच्छवीकालिन नेपालमा मन्त्रीको पदलाई नै "अमात्य" भनिन्थ्यो । मन्त्रिपरिषदलाई "अमात्यपरिषद" भनिन्थ्यो । मध्यकालमा पनि केन्द्रीय

[८६] ने.सं. ८३४ (वि.सं. १७७०) को पाटन कुम्भेश्वर टोल कुतिवहिलको शिलालेखमा अमात्य किरणराम भारो, धर्मराम भावो, मणीराम भावो, मोहान सिंह भावो सहित १८ जनाको समूहले कोमतीको पाटी बनाइ प्रतिष्ठा गरिएको कुरा उल्लेख गरिएको छ । त्यस्तै पाटन खोकना गाउँ लाछीटोलका देवलको हेरचाह गर्ने जिम्मेवारी पनि "भारो" र "भावो" दुवै वर्गका भारदारहरूलाई दिइएको थियो । त्यस्तो भारदारहरू थिए: चन्दसिंह भारो, सिद्धिसिंह भावो, जीवराज भारो, दात्यम्ह भारो । यो कुरा पाटन खोकना गाउँको लाछीटोलको देवलमा रहेको ने.सं. ८७९ को शिलालेखमा उल्लेख गरिएको छ । हेर्नुहोस्, धनबज्र बज्राचार्य, मध्यकालका **अभिलेख**, माथि उल्लेखित, पृष्ठ ३९३, ४५२

स्तरको उच्च पदको रूपमा "अमात्य" भन्ने ओहदा कायमै रहेको र कालान्तरमा यस पद उच्च स्तरीय पारिवारिक थरमा रूपान्तरण भएको थियो । नेपाल भाषामा अमात्यलाई महाजु भनिन्थ्यो र भनिन्छ । राजा ऋद्धि नरसिंह मल्ले आफ्नो इष्टदेवतालाई प्रशन्न पार्न तोरण चढाई त्यसको हेरचाहको लागि तीन जना पदाधिकारीहरूको गुठी राखेका थिए । ती पदाधिकारीहरू थिए अमात्य लक्ष्मी नारायण, भण्डारनाइके अमात्य ध्वकस्त र कुतु पूर्णदास ।[८७] यसबाट निम्न कुराहरू स्पष्ट हुन आउछ :

- पहिलो, माथि उल्लेख गरिए झैं मन्त्री पदको रूपमा प्रयोग गरिएको "अमात्य" शब्द कालान्तरमा थरको रूपमा रूपान्तरण भएको थियो ।
- दोस्रो, अमात्य (मन्त्री) लाई भण्डारनाइकेको रूपमा पनि काम गर्न लगाइएको थियो ।
- तेस्रो, कुतु दुर्गादास "भारदार" भएको र "कुतु" शब्द नामको अगाडी प्रयोग गरिएकोले सो शब्दले तत्कालिन समयको उच्च स्तरको पदलाई जनाएको थियो भन्न सकिन्छ र कालान्तरमा यस पदले पनि पारिवारिक थरको रूप ग्रहण गरेको कुरा सजिलै अनुमान गर्न सकिन्छ ।[८८]

### (ख) दुवार र प्रमान

मध्यकालमा स्थानीय स्तरमा दुईवटा अति महत्वपूर्ण प्रशासकीय पदहरू थिए । ति हुन् दुवार (छोटकरीमा दुवा/द्वारे पनि भनिने)[८९] र प्रमान । प्रमान जिल्ला स्तरीय पदाधिकारी (वडाहाकिम वा प्रमुख जिल्ला अधिकारी जस्तै) थिए भने "दुवार" ग्रामीण इलाकाको स्थानीय स्तरका पदाधिकारी थिए । दुवैले आ-आफ्नो क्षेत्रमा शान्तिसुरक्षा कायम गर्ने, सेवा शुल्क/कर उठाउने र स्थानीय स्तरमा केन्द्रीय सरकार (वास्तविक रूपमा राजा) को प्रतिनिधिको रूपमा कार्य गर्नु पर्दथ्यो । समग्रमा प्रमान र दुवार दुवै किसिमका पदाधिकारीहरू स्थानीय स्तरमा निकै प्रभावशाली थिए । दुवै किसिमका पदाधिकारीहरू भारदार (भारो) वर्गमा पर्दथ्यो ।[९०]

ने.सं. ७८८ (वि.सं. १७२५) मा "बैकुण्ठ बास होस्" भन्ने इच्छा गरी भगवान नारायणलाई प्रशन्न पार्न ढुंगाको स्तम्भ राख्ने कार्य तत्कालिन दुईजना दुवार भारोहरू (बाबु छोरा) शिवराम दुवार भारो (बाबु) र मोतिराज भारो (छोरा) ले गरेका थिए ।[९१] ने.सं. ७९० (वि.सं. १७२६) मा दुवार सत्यराम र निजको पत्नि विमलाले संयुक्त रूपमा दुईवटा सिंह श्री वैष्णवीदेवी र इन्द्रायणी देवीलाई

---

८७ पाटन मुलचोकको ऋद्धि नरसिंह मल्लको ने.सं. ८३६ (वि.सं. १७७३) को अभिलेख, धनबज्र बज्राचार्य, माथि उल्लेखित, पृष्ठ ४०४

८८ नेपाल सम्बत ८३६ (वि.सं. १७७३) मा बनाइएको दुईवटा ढुंगाको सिंहको हेरचाह गर्ने जिम्मा एक जना "सिंह थर भएका व्यक्तिको अतिरिक्त "कुतु" थर भएका पदाधिकारीलाई पनि दिइएको थियो । हेर्नुहोस्, ऐजन, पृष्ठ ४०४ । हाल "कुतु" भन्ने थर मध्यपुरको प्रजापति समूहको एउटा थरको रूपमा रहेको पनि पाइएको छ ।

८९ थानकोट महालक्ष्मीको ने.सं. ८०४ को शिलालेखमा पाण्डव "दुवा" भारो भन्ने एकजना भारदारको नाम उल्लेख भएको पाइएकोले दुवारलाई छोटकरीमा "दुवा" पनि भनिन्थ्यो भन्ने कुरा थाहा हुन आउछ । त्यस्तै दुवार र दुवाको लागि द्वारे भन्ने शब्द पनि प्रयोग गरिन्थ्यो । हेर्नुहोस्, ऐजन, पृष्ठ २४७-२४८, १५५-१५६ र २५३-२५४

९० "दुवार" र "प्रमान"हरू भारो वर्गका थिए भन्ने कुरा धेरै शिलालेख/अभिलेखहरूबाट थाहा पाइन्छ । हेर्नुहोस्, ऐजन, पृष्ठ २४७-२४८, २६४, ४४१

९१ हेर्नुहोस्, थानकोट शिखछेटोल आदिनारायणको शिलालेख, ऐजन, पृष्ठ १५५-१५६

चढाएका थिए ।[९२] त्यस्तै पाटन गोपराटेश्वर क्वावहाल भित्रको सम्वत् ८०१ को शिलालेखमा भाँगी सिंह दुवारलाई भारोको रूपमा उल्लेख गरिएको पाईन्छ ।[९३] त्यस्तै थानकोट देकेटोल महालक्ष्मीको सम्वत् ८०४ को शिलालेखमा दुवार भारोहरूले उमा महेश्वरको प्रतिष्ठा गरिएको कुरा उल्लेख गरिएको पाइन्छ ।[९४]

दुवार परिवारलाई "दुवा खलक" पनि भन्ने गरिएको पाइएको छ । पाटन किसिपुरी गाउँको गणेश देवल भित्रको भुँइमा रहेको ने.सं. ८०६ (१७३२) को अभिलेखमा "दुवार खलक" भन्ने उल्लेख गरिएको पाइन्छ ।[९५] यसबाट "दुवार" पदबाट थरमा रूपान्तरण भएको कुरा थाहा पाइन्छ । यसरी रूपान्तरण हुनु अघि दुवारहरूले "सिंह" भन्ने भारदार वर्गको अर्को थर पनि प्रयोग गर्ने गरेका थिए ।[९६] त्यस्तै दुवारहरूले विभिन्न किसिमका स्मारकहरू (मठमन्दिर, तोरण, शहर प्रवेश गर्ने मुलद्वार, इत्यादि) को व्यवस्था गर्न बनाइएका गुठीहरूमा रही ति स्मारकहरूको चिताइदारको हैसियतमा समेत कार्य गर्दथे ।[९७]

भारदार वर्गमा नै पर्ने र "दुवार" पद भन्दा एक तह माथिका पदाधिकारीको रूपमा थिए प्रमान । दुवारबाट बढुवा भइ प्रमान भएको उदाहरणहरू पनि पाईन्छ ।[९८] त्यस्तै हालका मध्यपुर अर्न्तगतको बोडेमा पनि तत्कालिन समयमा छुट्टै "प्रमान" नियुक्ति गरिएको थियो ।[९९] प्रमान लघुनाथ भारोका कार्यकालमा गुजसिंह भारो भन्ने एकजना भारदारले ने.सं. ७८७ (वि.सं. १७२४) मा एउटा ढुंगाको सिंह महालक्ष्मी देवतालाई चढाएको थियो ।[१००] यसबाट "प्रमान" भारो वर्गका हुनुको साथै स्थानीय स्तरमा अति प्रतिष्ठित पदाधिकारी थिए भन्ने कुरा बुझिन्छ । "देश प्रमान" भन्ने पद पनि मध्यकालमा रहेको थियो । यो केन्द्रिय स्तरको मन्त्री सरहको पद थियो । विष्णु मल्लको शासनकालमा देश प्रमान धनदेव भारोको रेखदेखमा सतुंगल कोट (किल्ला) को जिर्णोद्धार गरिएको थियो ।[१०१] साथै स्थानीय स्तरका दुवार/द्वारे र "भावो" हरू मिलेर वर्षको एक पटक उक्त कोट मर्मत गर्नुपर्ने व्यवस्था समेत गरिएको थियो ।[१०२]

---

९२ पाटन मत्स्य गाउँ वैष्णवी मन्दिरको ने.सं. ७९० (वि.सं. १७२६) को शिलालेख, ऐजन, पृष्ठ १६७

९३ ऐजन, पृष्ठ ४५५

९४ ऐजन, पृष्ठ २४७

९५ हेर्नुहोस, ऐजन, पृष्ठ, २५७

९६ "सिंह" थर प्रयोग गरेका दुवारहरू सम्बन्धी शिलालेखहरू पनि पाइन्छ । हेर्नुहोस, धनबज्र बज्राचार्य, माथि उल्लेखित । त्यस्तै "दुवार" खलकहरूको पुर्ख्यौली थर जोशी भएको पनि थाहा पाइएको छ । अर्को शब्दमा भन्ने हो भने "जोशी" थरका व्यक्तिले क्रमशः "दुवार" र "प्रमान" भएको र कालान्तरमा दुवार खलकको रूपमा प्रख्यात भएको पाइएको छ । हेर्नुहोस, नरसिंह जोशी परिवार कुल देवता प्रवन्ध समिति, नरसिंह जोशी परिवारको संक्षिप्त वंशावली, काठमाडौं, २०६१

९७ हेर्नुहोस, धनबज्र बज्राचार्य, माथि उल्लेखित, पृष्ठ २०७

९८ भक्तपुरका अन्तिम राजा रणजीत मल्लको समयमा मध्यपुरका तत्कालिन दुवार भाजु नरसिंह जोशीले प्रमानमा बढुवा पाएका थिए । हेर्नुहोस, नरसिंह जोशी परिवार कुलदेवता प्रवन्ध समिति, माथि उल्लेखित,

९९ मध्यपुर बोडेको कालिका मन्दिरको अभिलेखमा परमान रामेश्वरजुको उल्लेख गरिएको छ । त्यस्तै परमान मेरूजुको उल्लेख नीलवाराहीको ने.सं. ८०५ र पाँचो गणेश मन्दिरको ने.सं. ८०६ को शिलालेखहरूमा उल्लेख गरिएको छ । हेर्नुहोस, सुर्यराम श्रेष्ठ, (सम्पादक), ऐतिहासिक शहर बोडे एक परिचय, भ्री पुचः सफु धुकु, बोडे, मध्यपुर, २०५७, पृष्ठ ४

१०० हेर्नुहोस, बलम्वु महालक्ष्मी मन्दिरको श्री निवास मल्लको पालाको ने.सं. ७८७ (वि.सं.१७२४) को अभिलेख, धनबज्र बज्राचार्य, माथि उल्लेखित, पृष्ठ १४९-१५०

१०१ हेर्नुहोस, पाटन शंखमुल क्वाक्वाटोल गणेश देवताको ने.सं.८०५ को अभिलेख, धनबज्र बज्राचार्य, माथि उल्लेखित, पृष्ठ २५३-२५४

१०२ ऐजन,

यसको अलावा खास खास कामको सन्दर्भमा खास खास पदाधिकारीहरूलाई प्रमानको रूपमा मान्नु पर्ने गरी स्वयं राजाबाट नै आदेश समेत जारी हुने पनि गर्दथ्यो । ने.सं. ८७० (वि.सं. १८०६) मा पाटनका राजा राज्य प्रकाश मल्लबाट कीर्तिपुरमा राजा बाहेक अरू कसैले पनि रूख काट्न नपाइने गरी जारी गरिएको आदेश लागू गराउने जिम्मेवारी मूलतः त्यहाँका तत्कालिन प्रमान भारदार ध्वकम्हको हुने भएतापनि उक्त आदेश कार्यान्वयनकै सन्दर्भमा अन्य भारदारहरू काजि चिकुटी र भाजुदेवलाई पनि प्रमानको रूपमा मान्नु पर्ने व्यवस्था गरिएको थियो ।[१०३] यसबाट प्रमानको जिम्मेवारी काजि र भारदारहरूलाई समेत दिने गरिन्थ्यो भन्ने कुरा पुष्टि हुन्छ । यसबाट पनि यस पदको महत्व झल्किन्छ ।

विभिन्न किसिमका "स्थिति"हरू बाध्ने सन्दर्भमा प्रमानहरूलाई पनि साक्षीको रूपमा राखिन्थ्यो र यसबाट उनीहरूको राजासँग नजिकको सम्बन्ध हुन्थ्यो । फलस्वरूप उनीहरूले माथिल्लो स्तरका पदहरू पाउन पनि सफल हुन्थ्ये । त्यसरी "स्थिति" बाँध्ने सन्र्दभमा साक्षी बसेका एकजना प्रमान भगीरथ भैया पछि चौतारा (प्रधान मन्त्री) समेत हुन सफल भएका थिए ।[१०४] तत्कालिन समयका केही प्रख्यात भारोहरू (विश्वम्भर भारो, धनदेव भारो आदि) ले आफ्नो सरकारी सेवाको सुरूको चरणमा नै प्रमान भएका थिए ।[१०५] यस किसिमले तत्कालिन समयको स्थानीय प्रशासनको अति महत्वपूर्ण पद प्रमानले पनि कालान्तरमा थरको रूप लिनुको साथै "प्रमान खलक" भन्ने पारिवारिक खलकको रूप समेत लिएको हुनु पर्दछ । तथापि जसरी आजसम्म पनि "दुवार" भन्ने थर सजिलै पाइन्छ त्यस्तै "प्रमान" भन्ने थर चाहिँ सजिलै पाइदैन । सायद यस थरका परिवारहरूले अन्य थरहरू (विशेषतः भारो, श्रेष्ठ) प्रयोग गरी आफ्नो पहिचान गुमाएको हुनु पर्दछ ।

### (ग) लेवा, धंजु र जुवा

"लेवा" भन्ने थर मध्यकालिन नेवार समाजमा प्रचलनमा रहेको थियो भन्ने कुरा ने.सं. ८५२ (वि.सं. १७८९) को शंखमूलको बिष्णु मल्लको अभिलेखमा "लेवा" थर भएका एक जना मन्त्री (अमात्य) लक्ष्मीनारायण "लेवा" को नाम उल्लेख गरिएको कुराबाट थाहा पाउन सकिन्छ ।[१०६] उनी "अमात्य" (मन्त्री) हुनुको साथै भारदार पनि भएकोले उनको थर पनि माथिल्लै स्तरको हुनु पर्दछ । सायद सुरूमा "लेवा" भन्ने कुनै उच्चस्तरको प्रशासकीय पदबाट नै यो थरको श्रृजना भएको हुनु पर्दछ ।

"धंजु" भन्ने थर पनि तत्कालिन समयमा प्रचलनमा रहेको कुरा जयप्रकाश मल्लको ने.सं. ८८१ (वि.सं. १८१६) को अभिलेखबाट थाहा पाइन्छ । भगवान पशुपति नाथमा चढाइ राखेको "बुल्हुदेश" नामक गाउँको बारेमा किचोला उठ्दा

---

१०३ हेर्नुहोस, बाघभैरव मन्दिरको राज्यप्रकाश मल्लको ने.सं. ८७० (वि.सं. १८०६) को अभिलेख, धनबज्र बज्राचार्य, ऐजन पृष्ठ ५५९-५६०

१०४ हेर्नुहोस, बुङ्गमती गाउँ यताटोल मत्स्यन्द्र बहालको ने.सं. ७९६ (वि.सं १७३२) को शिलालेख, ऐजन, पृष्ठ १९१-१९४

१०५ हेर्नुहोस, ऐजन, पृष्ठ २०४, २२७, २५३-२५४

१०६ ने.सं. ८५२ (वि.सं. १७८९) मा राजा विष्णु सिंहले बनाएको धर्मशालाको हेरचाह गर्नको लागि बनाइएको गुठीमा ध्वकम्ह भारो, लक्ष्मी धर भारो लगायत लक्ष्मीनारायण "लेवा" पनि रहेको थियो । हेर्नुहोस, ऐजन, पृष्ठ ४३२-४३७

सो गाउँ पशुपति नाथ कै हुने गरी धंजु लगायतको गाउँका सबै निवासीहरूको नाउँमा राजा जयप्रकाश मल्लले ताम्रपत्र गरिदिएको कुरा उक्त अभिलेखमा उल्लेख गरिएको पाइएको छ ।[१०७] थरको रूपमा रूपान्तरण भएको "धंजु" पनि तत्कालिन समयको उच्चस्तरीय पद नै हुनु पर्दछ । कारण राजाले समेत उनीहरूलाई सम्बोधन गरि अभिलेख नै राखेका थिए । सायद "धंजु" थर वर्तमान समयको "ध्वंजु" को पूर्व रूप पनि हुन सक्दछ ।

"जुवा" (जुवार र जुवाल पनि भनिने) भन्ने राजाको सल्लाहकारको पद थियो भन्ने कुरा एउटा श्रोतमा उल्लेख गरिएको छ ।[१०८]यदि यो भनाइ सत्य भएमा जुवार/जुवाल (छोटकरीमा जुवा) भन्ने पद पाएका व्यक्ति पनि भारदार वर्गमा नै पर्ने भएको कुरा स्वत: स्पष्ट हुन आउछ र "जुवार भन्ने पद उच्च स्तरीय नै भएको र कालान्तरमा सो पदले नै थरका रूप ग्रहण गरेको थियो भन्न सकिन्छ । ने.सं. ७८७ (वि.सं. १७२३) माघ महिनामा बुङ्गमती कोलाखु टोलमा तेलिया ईंटा छाउनको लागि काठ लगायत अन्य सामानहरू उपलब्ध गराउने जिम्मा पाएका पूर्णिमा गुठीका सदस्यहरू[१०९] मध्य एकजना थिए - किराम भारो जुवार ।[११०] त्यस्तै "देशजुवाल" भन्ने पदको उल्लेख पनि पाटन खोकना गाउँको लाछिटोल जितापुर देवतामा रहेको नेपार सम्वत ८७९ (नेपाल सम्वतको सट्टा नेपार सम्वत उल्लेख गरिएको) को शिलालेखमा उल्लेख गरिएको र यसबाट उक्त पदले केन्द्रिय स्तरको उच्च पद (मन्त्री स्तरको) लाई जनाउने देखिन्छ ।[१११] जे भएता पनि "जुवार" थर उच्चस्तरीय राजनीतिक/प्रशासकीय पदबाट श्रृजित भएको कुरामा पूर्णरूपले विश्वास गर्न सकिन्छ ।[११२]

### (घ) मुल्मी, मुल्मीभारो र मयी

"मुल्मी" मध्यकालिन नेवार समाजको उच्चस्तरीय प्रशासकीय पदबाट रूपान्तरित भएको थर नै थियो । ने.सं. ७८० (वि.सं. १७१७) मा कीर्तिपुर गुल्पु खुसी टोलमा क्वाथनायक जचेराज भारोले स्थापना गरेको नारायणको मूर्तिको मन्दिरमा राखिएको झ्यालढोका तोरण इत्यादिको रेखदेख गर्ने जिम्मेवारी पाएका गुठीका एक जना गुठियार थिए हाकुदेव मुल्मी ।[११३] त्यस्तै पाँचजना मुल्मीहरू (पाहानजु मुल्मी, लक्ष्मीनारायण मुल्मी, चिकातिजु मुल्मी, गंगाधर मुल्मी र घंचा

---

१०७ हेर्नुहोस, मूलचोकको जयप्रकाश मल्लको ने.सं. ८८१ (वि.सं. १८१६) को अभिलेख, ऐजन, पृष्ठ ४५६-४५८

१०८ वीकिपेडिया (दिफ्रिइन्साइक्लोपेडिया), दि नेवार काप्ट सिप्टम, विकीपेडिया अर्क, वीकी, नेवार काप्ट, २००९

१०९ पूर्णिमा गुठीमा अन्य सदस्यहरू थिए- बज्राचार्य श्री गुणसागर, श्रीमजि सिंदेव, ज्यत श्री हनादेव, कर्मचन्द्र श्री जयचन्द्र र श्री निरञ्जन दैवज्ञ

११० हेर्नुहोस, वुङ्गमतीको लाखुटोल आगम घरको ने.सं. ७८७ (वि.सं. १७२३) को शिलालेख, धनवज्र बज्राचार्य, मध्यकालिन अभिलेख, माथि उल्लेखित, पृष्ठ १४६-१४७

१११ हेर्नुहोस, ऐजन, पृष्ठ ४५३-४५४

११२ पाटन बडेगाउ दथुननीमा ने.सं. ८२२ (वि.स. १७५८) फागुनमा ढुंगा छाप्ने कार्य गराउने र ननीमा गाइभैंसी ल्याउन, फोहरमैला डोरी फाल्न, गहुँ सुकाउन, निफन्ने र किल्ला ठोकी कपडा बुन्ने जस्ता कार्यहरू निपेध गराउने जिम्मा लिएका व्यक्तिहरू मध्य एक जना थिए जुवा बासुरामजु । अन्य ६ जना व्यक्तिहरू थिए- प्रमान देवमुनिजु, पूर्णरामजु, शिव हरिजु, मधुरामजु, हरिगोविन्दजु, मोहन ओसिजु । हेर्नुहोस, पाटन बडेगाउँ दथुननी भगवानको घरको भित्तामा रहेको ने.सं. ८२२ (वि.सं. १७५८) को शिलालेख, ऐजन, पृष्ठ ३३०-३३१

११३ कीर्तिपुर गुल्पुखुसी टोलको ने.सं. ७८० (वि.सं. १७१७) को शिलालेख, ऐजन, पृष्ठ ५००-५०१

मुल्मी) ले ने.सं. ८८४ (वि.सं. १८२१) चैत्रमा गणेश, विष्णु जस्ता देवताहरूलाई घण्टा चढाएका थिए।[११४]

तत्कालिन समयमा मुल्मीहरूले आफू भारदार वर्गका हुन भन्ने संकेत दिन ( आजकाल खस बाहुनहरूले शर्मा ढकाल लेखे जस्तै वा श्रेष्ठहरूले व्याजु श्रेष्ठ, थापा श्रेष्ठ लेखे जस्तै) मुल्मी भारो [११५] भन्ने थर पनि लेख्ने गरेका थिए। केशवराज मुल्मी भारो भन्ने एक जना भारदार ने.सं. ८०१ (वि.सं. १७३८) श्रावण महिनामा स्थापना गरिएको उमामहेश्वरको मन्दिरको चिताइ गर्ने गुठियारहरू [११६] मध्ये एक जना थिए।[११७] त्यस्तै पाटन क्वावहालको ने.सं. ८३३ को शिलालेखमा मुल्मी भारोहरूको नाम[११८] उल्लेख गरिएको पाइएको छ। रामकृष्ण मुल्मी भारो नामका एकजना भारदारले ने.सं. ८०२ (वि.सं. १७३९) भाद्र महिनामा, नारायण, लक्ष्मी, सरस्वती जस्ता विभिन्न देवदेवीहरूको मूर्ति स्थापना गरी यज्ञ गरी प्रतिष्ठा गराएका थिए।[११९] मुल्मीहरूसित सम्बन्धित माथि उल्लेखित अभिलेख/शिलालेखहरूबाट मुलत: तिनवटा कुराहरू स्पष्ट हुन आउछ :

- पहिलो, तत्कालिन नेवार समाजमा मुल्मी जात/थर उच्च श्रेणीमा पर्दथ्यो। र
- दोस्रो, मुल्मीहरू भारदार वर्गमा पर्दथ्यो। उनीहरू मध्ये कैयौले आफ्नो उच्च सामाजिक स्तर दर्शाउन "मुल्मी भारो" भन्ने थर पनि प्रयोग गर्ने गरेका थिए।
- तेस्रो, "मुल्मी" थर उच्च स्तरीय प्रशासकीय पदबाट रूपान्तरित थर थिए।

### (ङ) थपाजु, थलपाजु र थरपा

थपाजु, थलपाजु र थरपा तिनवटा थरहरू भएतापनि उनीहरू एक अर्कासित अन्तरसम्बन्धित जस्तो देखिन्छ र केवल उच्चारणबाट मात्र फरकपन देखिन गइ एउटै थर हो कि जस्तो पनि भान पर्दछ। तथापि थपाजु र थलपाजु थर भएका परिवारहरू कुनै न कुनै रूपमा धार्मिक कार्यहरूमा संलग्न रहेको थियो भन्ने कुरा निम्न अभिलेखहरूबाट थाहा पाइन्छ :

- ने.सं ८११ (वि.सं. १७४७) फागुन महिनामा सुर्यमणी ज्योति, श्रीनमोसिंजु, पत्नी रन्हावंती, छोरा श्री धनसिंह ज्योति आदिको सहयोगले चैत्य भट्टारकको प्रतिष्ठा गरि आयस्ता समेत राखी अन्यहरू (गुरू भाजु रजना, नकीजु एक जना, जोगी एकजना) को अतिरिक्त थपाजु एकजनालाई दान दिनु पर्ने व्यवस्था गरिएको।[१२०]

---

[११४] हेर्नुहोस, ठैव गाउँ अन्तरी टोल चिवहालमा रहेको ने.सं. ८८४ (वि.सं. १८२१) को अभिलेख, ऐजन, पृष्ठ ४६३-४६४

[११५] हेर्नुहोस पाटन कुम्भेश्वर वहालको ने.सं. ९९३ को अभिलेख, ऐजन, पृष्ठ १८३

[११६] अन्य गुठियारहरू थिए- न्हवण सिं भारो, माधवराज भारो, श्री चिन्ता मुनिज र दन्दराज भारो

[११७] हेर्नुहोस, पाटन क्वावहाल टोल चोवुननीको ने.सं. ८०१ (वि.सं. १७३८) को शिलापत्र, धनवज्र बज्राचार्य, माथि उल्लेखित, पृष्ठ २२२-२२३

[११८] यी नामहरू हुन् : महेश्वर मुल्मी भारो, विश्वेश्वर मुल्मी भारो, शिवहरि मुल्मी भारो, आदि।

[११९] हेर्नुहोस, कीर्तिपुर खासीबजारको ने.सं. ८०२ (वि.सं. १७३९) को अभिलेख, धनबज्र बज्राचार्य, माथि उल्लेखित, पृष्ठ ५२९

[१२०] हेर्नुहोस, पाटन बुङ्गमती चोलटोल चिवहालको ने.सं. ८११ (कि.नं. १७४७) को अभिलेख, ऐजन, पृष्ठ २७७-२७८

- ने.सं. ८१८ (वि.सं. १७५५) मा रामहरि भारो र विश्वेश्वर भारोले पाटी बनाई बुद्धधर्म र संघ स्थापना गरि आयस्ता (गुठी) राखी अन्यहरू ( गुरूभाजु, उपाध्याय, र जोशी) को अतिरिक्त थलपाजुलाई पनि दक्षिणा दिनुपर्ने व्यवस्था गरिएको थियो ।[१२१]

यस किसिमले थपाजु र थलपाजुहरू कुनै न कुनै किसिमले धार्मिक कार्यहरूमा संलग्न रहेको थियो भन्न सकिन्छ । तर "थरपा" थरका परिवारहरू भने यसरी प्रत्यक्ष रूपमा धार्मिक कार्यमा संलग्न भएको थिएन । देव सिंहजु थरपा भन्ने एकजना व्यक्तिले एउटा सनागुठीका अन्य सदस्यहरू[१२२] सित मिलेर केवल एउटा धार्मिक स्मारकको प्रतिष्ठा गरेको कुरा मात्र एउटा अभिलेखमा उल्लेख गरिएको पाइन्छ ।[१२३] माथि उल्लेख गरिएको थपाजु, थलपाजु र थरपाजुमा मुलत: निम्न २ वटा बुँदाहरूमा भिन्नता थियो भन्न सकिन्छ :

- पहिलो, थपाजु र थलपाहरू दुवै बौद्धधर्मावलम्वीहरू थिए भने थरपाजुहरू हिन्दूधर्मावलम्वी थिए ।
- दोस्रो, थपाजु र थलपाजुहरूलाई ब्राह्मण गुरूभांजु/जोशी र कर्माचार्यहरूलाई जस्तै धार्मिक कार्यहरूको सन्दर्भमा दक्षिणा दिने, भोजन गराउने जस्तो कार्यहरू गरिन्थ्यो । तर "थरपा"हरूलाई त्यस्तो दक्षिणा दिने, भोजन गराउने गरिएको थिएन ।

यी दुवै किसिमको भिन्नताहरूको दृष्टिकोणबाट भन्ने हो भने "थपाजु" र "थलपाजु" भन्ने एकै किसिमको थर थिए र केवल उच्चारणको फरकपनबाट मात्र उक्त शब्दहरूमा फरकपना देखिएको हो भन्न सकिन्छ । तर "थरपा" भने बेग्लै थर थियो भन्न सकिन्छ । कारण यस थरको व्यक्तिहरू धार्मिक विधि व्यवहारमा संलग्न थिएनन् । उनीहरूले केवल हिन्दू धार्मिक स्मारक बनाइ प्रतिष्ठा मात्र गरेकोले उनीहरू भारदार वर्गका नै थिए भन्ने कुराको अनुमान गर्न सकिन्छ । वास्तवमा यो "थरपा" शब्दको नै अपभ्रंस भइ नेवार समुदायका वर्तमान "थापा" थर बन्न गएको र ती थापाहरू श्रेष्ठहरूसित मिसिन पुगेकोले तिनीहरू आजकाल "थापा श्रेष्ठ" भन्ने थरबाट चिनिएका हुन । अत: पाटनका तत्कालिन थरपाहरू नै वास्तवमा आजकालको मध्यपुरका थापा श्रेष्ठहरूका पुर्खाहरू हुन भन्ने कुराको अनुमान गर्न सकिन्छ । साथै कुनै समयमा पाटनका मध्यकालिन "थरपा"हरू खस समुदायका थापा क्षेत्री नै थिए भन्ने कुराको पनि अनुमान गर्न सकिन्छ । उनीहरू नेवार समुदायमा मिसिन पुगी उनीहरूले नेपाल भाषा र नेवारी संस्कृति अपनाएका थिए । खस थापा नै नेवार थरपा (थापा) भएका थिए भन्न सकिन्छ ।

---

[१२१] हेर्नुहोस्, कीर्तिपुर इताछेटोलको पाटीको ने.सं. ८१८ (वि.सं. १७५५) को अभिलेख, ऐजन, ५३६-५३८

[१२२] सनागुठीका अन्य सदस्यहरू थिए - तिनपालजु, चन्दजु, गंगा देवजु, सयाजु सत्यरामजु

[१२३] हेर्नुहोस्, पाटन चोवहाल आदिनाथको ने.सं. ७८५ (वि.सं. १७२२) को शिलालेख, धनबज्र बज्राचार्य, मध्यकालको अभिलेख, माथि उल्लेखित, पृष्ठ १३५

### (च) कायस्थ र थरी

मध्यकालमा कायस्थहरूको प्रमुख पदीय दायित्व थियो-सरकारी लेखापढी गर्ने र सो कार्यको सन्दर्भमा राजदरवारमा रही आफ्नो कर्तव्य पालना गर्ने । त्यसैले कायस्थहरूलाई राजदरवारको कर्मचारी पनि भनिन्थ्यो । साथै सरकारी कामको सर्न्दभमा लेखापढ़ी गर्ने कर्मचारी भएकोले उनीहरूलाई तत्कालिन सरकारी लेखनदासको रूपमा पनि चित्रण गर्न सकिन्छ । ने.सं. ७४८ (वि.सं.१६८५) आषाढ महिनामा "सिंह" थर भएका भारदारका छोरा नरसिंह भारो (कायस्थ माधव सिंहका छोरा) ले पत्नी कमला लक्ष्मी मयीसित मिली वंतबहालका श्री ३ देवताको द्वारमा झ्यालढोका राखी "विलंपती" चढाएका थिए ।[१२४] यसबाट त्यसबेला "कायस्थ" भन्ने पद रहेको र कालान्तरमा सो पद नै थरको रूपमा रूपान्तरण भएको थियो भन्ने कुरा बुझिन्छ । त्यसरी रूपान्तरण हुनु अघि कायस्थ पदधारीहरूको थर "सिंह" पनि थियो भन्ने कुरा माथि उल्लेखित माधव सिंह (भारो)को नामबाट थाहा पाउन सकिन्छ ।

"थरी" मध्यकालिन नेपालमा प्रचलित अर्को थर थियो भन्ने कुरा ने.सं. ७७८ को पाटन लुभु भगलाछी टोल महालक्ष्मी देवलको शिलालेखबाट थाहा पाउन सकिन्छ । उक्त सालकी मार्ग महिनामा गुणराज थरी र विराज राज थरी नामक व्यक्तिहरूले माधवराज भन्ने व्यक्तिसित मिलि श्री महालक्ष्मी र महाभैरवको "घर" (मन्दिर) को ढोकाको दायाँ-बायाँ सिंह बनाइ प्रतिष्ठा गरेका थिए ।[१२५] यसबाट त्यसबेला "थरी" भन्ने पनि थर नै थियो भन्ने बुझिन्छ । थरीको अर्थ दरवारिया कर्मचारीहरू हुन् भन्ने कुरा राइटको वंशावलीमा उल्लेख गरिएको पाइन्छ ।[१२६] यदि यो कुरा सत्य भएमा थरमा रूपान्तरण हुनु पूर्व "थरी"हरू पनि दरवारका कर्मचारीहरूको पदमा नै आसीन थिए भन्न सकिन्छ ।

### (छ) सयाजु, भण्डारी र राजवंशी

मध्यकालिन नेवार समाजमा "सयाजु" भन्ने थर प्रचलनमा थियो भन्ने कुरा ने.सं. ७८५ (वि.सं. १७२२) को पाटन चोवहाल आदिनाथको शिलालेखबाट पुष्टि हुन आउछ ।[१२७] त्यसबेलाको एउटा सनागुठीमा एकजना "सयाजु" थर भएका गंगादेवजु नामक व्यक्ति पनि थिए । यो "सयाजु" कुनै प्रशासकीय पदबाट बनेको थर हो वा होइन थाहा पाउन सकिएको छैन । तथापि नामको अगाडि "सयाजु" उल्लेख गरिएको पाइएकाले (हेर्नुहोस् फुटनोट नं. १२२) सायद "सयाजु" भन्ने शब्दले सुरूमा कुनै उच्च स्तरीय पदलाई नै जनाउने कुराको अनुमान गर्न सकिन्छ र पछि पदबाट थरमा रूपान्तरण भएको हो पनि भन्न सकिन्छ । जे भएपनि तत्कालिन "सयाजुहरू" नै वर्तमान "सैंजु"हरूका पुर्खा हुन् भन्ने कुरामा कुनै शंका गर्नु आवश्यक छैन । यो पनि तत्कालिन नेवार समाजको उच्च स्तरीय

---

१२४ हेर्नुहोस, बलखुटोल वंवहाल भित्रको ने.सं. ७४८ (वि.सं. १६८५) को शिलालेख, ऐजन, पृष्ठ ७०-७१

१२५ हेर्नुहोस, पाटन लुभु भगलाक्षी टोल महालक्ष्मी देवलको ने.सं. ७७८ को शिलालेख, ऐजन, पृष्ठ ११३

१२६ डेनियल राइट, हिस्ट्री अफ नेपाल, रन्जन गुप्ता, कलकत्ता, १९६६, पृष्ठ १५२

१२७ हेर्नुहोस, पाटन चोवहाल आदिनाथको ने.सं. ७८५ (वि.सं. १७२२) को शिलालेख, धनबज्र बज्राचार्य, मध्यकालको अभिलेख, माथि उल्लेखित, पृष्ठ १३५

वर्गका परिवारहरूको नै थर थियो र हाल पनि यो थर ६ थरी श्रेष्ठहरूकै रहेको छ ।

मध्यकालिन नेवार समाजमा भण्डारी थर पनि प्रचलनमा रहेको कुरा पाटन न्हुफले टोल उकुवहिलको ने.सं. ७८८ (वि.सं. १७२५) को शिलालेखबाट पुष्ट्याइ हुन आउछ । उक्त सालको आषाढ महिनामा "भण्डार"/भण्डारी थर भएका दुईजना दाजुभाइले पाटन न्हूफले टोलको इन्द्रमूर्तिको जिर्णोद्धार गरी प्रतिष्ठा गराएका थिए ।[१२८] तत्कालिन समयमा मल्ल राजाहरूको दरवारमा विभिन्न किसिमका भण्डारहरूको जिम्मेवारी लिने कर्मचारीहरूलाई भंडेल/भण्डारी भनिन्थ्यो । तसर्थ यो भंडेल/भण्डारी भन्ने पद नै कालान्तरमा थरको रूपमा परिणत भएको थियो भन्न सकिन्छ । जे भएतापनि उनीहरू नै आजका राजभण्डारी/भण्डारीहरूका पुर्खा थिए भन्ने कुराको सजिलै अनुमान गर्न सकिन्छ ।

ने.सं. ८८६ (वि.सं. १८२३) वैशाखमा राजवंशी घंचा भारो, उनका पत्नी, छोरा, भाइ र भाइबुहारीको समूहले दिवंगत बाबुआमाको नाममा श्री उमामहेश्वरका प्रतिमा बनाइ प्रतिष्ठा गरेका थिए ।[१२९] यसबाट तत्कालिन "राजवंशी" थर भएका व्यक्ति भारदारको रूपमा कार्यरत रहेको बुझिन्छ । र राजवंशीहरू कुनै राजखलकका वंशका सन्तानहरू हुन भन्ने कुराको आभाष पनि पाइन्छ । राजाखलकका कुनै वंशका सन्तान भएकोले नै उनीहरूको थर नै राजवंशी हुन गएको हो । वास्तवमा यो थर सरकारी पदबाट रूपान्तरित भइ बनेको भने होइन, वंशजको आधारमा बनेको हो भन्न सकिन्छ ।

**(ज) महिलाहरूको विशेष थर:मयी**

मध्यकालिन नेवार समाजको महिला वर्गमा "मयी" भन्ने थर लेख्ने चलन प्रचुर मात्रा रहेको थियो । ने.सं. ७६४ (वि.सं. १७००) मा गोपी भारो र बलिराम भारोले आ-आफ्ना पत्नीहरू क्रमश: लक्ष्मीमयी, मणिकार्णिका मयी, दिवंगत छोरी मघनामयी र दिवंगत हरिराम भारोको नाउमा शाक्यमुनि भट्टारकको जिर्णोद्धार गरी देवताहरू समेत स्थापना गरेका थिए ।[१३०] त्यस्तै ने.सं. ८०१ ( वि.सं. १७३७) मा ओवा (चापागाउ) का रत्नमान भारो र निजका पत्नी चंपावती मयीले ढुंगेदेवल बनाइ प्रतिष्ठा गरेका थिए ।[१३१] ने.सं. ८०१ (वि.सं. १७३७) मा नै चाखबहालका प्रमान विश्वम्भर भारोको पत्नी महालक्ष्मी मयीले मण्डप (पाटी) बनाइ उमामहेश्वरको मूर्ति स्थापना गरी प्रतिष्ठा गरेका थिए ।[१३२] त्यस्तै "मयी" थर भएका दुइ जना महिलाहरू (शिदेश्वरी र महेश्वरी) र बलम्वु देशका प्रमान रामचद्रजु, दुवार रामचद्र भारोले समेतले ने.सं. ८०८ (वि.सं.१७४५) मा महालक्ष्मी देवीमा सालिक बनाइ चढाएका थिए ।[१३३]

---

[१२८] हेर्नुहोस, पाटन न्हुफले टोल उकुवहिलको ने.सं. ७८८ (वि.सं. १७२५) को शिलालेख, ऐजन, पृष्ठ १५३

[१२९] हेर्नुहोस, फर्पिङ्ग उमामहेश्वरको आसनको ने.सं. ८८६ (१८२३) को शिलालेख, ऐजन, पृष्ठ ४६८

[१३०] हेर्नुहोस, पाटन यखाछें टोल पिंथवहालको ने.सं. ७६४ (वि.सं. १७००) को शिलालेख, ऐजन, पृष्ठ ९१

[१३१] हेर्नुहोस, पाटन चापागाउ वखुटोल नारायणको देवलमा रहेको ने.सं. ८०१ (वि.सं. १७३७) को शिलालेख, ऐजन, पृष्ठ २२४-२२६

[१३२] हेर्नुहोस, पाटन बडेगाउँ ढोकासिटोलको ने.सं. ८०१ (वि.सं. १७३७) को अभिलेख, ऐजन, पृष्ठ २२७

[१३३] बलम्वु लाछीटोल महालक्ष्मी देवलको ने.सं. ८०८ (वि.सं. १७४५) को अभिलेख, ऐजन, पृष्ठ २६५

ने.सं. ८८४ (वि.सं. १८२०) मा धनलक्ष्मी मयी र उनकी पति रूद्रशंकर शर्मा र पिथुंवहालका भाजुदेव भारोले थथुंदेवको ठाउँमा रहेको जिर्ण अवस्थाको जलद्रोणीको जिर्णोद्धार गरेका थिए ।[१३४] त्यस्तै ने.सं. ७९७ (वि.सं. १७३३) माघ महिनामा देवकी मयी, निजका पति नरसिंह भारो र छोरा लक्ष्मी सिंहबाट दुईवटा पंचवुद्ध स्थापना गरिनुको साथै सुनको छाता समेत चढाइएको थियो ।[१३५] उपरोक्त सवै शिलालेखहरूको अध्ययनबाट "मयी" थरको बारेमा निम्न टिप्पणीहरू गर्न सकिन्छ :

- पहिलो, विशेषत: "मयी" थर महिलाहरूले मात्र प्रयोग गर्ने गरेको पाइएको छ । यसको कारण थाहा पाउन सकिएको छैन ।
- दोस्रो, मयी थर भएका महिलाहरूको पतिहरूको थर "भारो" को अतिरिक्त शर्मा समेत भएको पाइएको छ ।
- तेस्रो, पति र पत्नीहरूबाट अलग्ग अलग्ग थरहरू प्रयोग गरिनु त्यस बेलाको नेवार समाजको एउटा महत्वपूर्ण विशेषताको रूपमा लिन सकिन्छ ।
- चौथो, "मयी" को अर्थ के हो ? थाहा पाउन सकिएको छैन । सायद यो थर पनि हो कि होइन छुट्याउन गाह्रो समेत भएको छ । कारण पुरूषहरूले यो थर प्रयोग गरेको अभिलेखहरू भेटिएको पनि छैन । त्यसैले महिला वर्गले तत्कालिन समयमा प्रयोग गर्ने उपनाम पनि हुन सक्दछ मयी शब्द ।

**(झ) अन्य विविध थरहरू**

**- गथा र शिल्पकार**

ने.सं. ८०२ (वि.सं. १७३९) मा "गथा" थर भएका चार जना व्यक्तिहरू (केशराम, केशसिंह, देवसिं र माधव) ले संयुक्त रूपमा श्री भवानीलाई केही कुरा (शिलालेख टुटफुट भइसकेको कारण स्पष्ट नभएको) चढाएका थिए ।[१३६] यसबाट त्यसबेला "गथा" थर प्रचलनमा रहेको थाहा पाइन्छ । तर "गथा" को अर्थ के हो ? गथाहरूको सामाजिक स्तर कस्तो थियो ? यी प्रश्नहरूको उत्तर पाउन अरू थप अनुसन्धानको आवश्यकता पर्दछ । तथापि हालका "गथु" (माली)हरूले नै मध्यकालिन गथां हुन कि भन्ने अनुमानसम्म गर्न सकिन्छ ।

हाकुदेव भारो र उनका पत्नीहरू मंगल र सुमंगलाले ने.सं. ७९३ (वि.सं.१७२९) मार्ग महिनामा प्रतिष्ठा गरेको धर्म भट्टारक तारादेवी बनाउने शिल्पकार थिए - राघव भारो)[१३७] । यहाँ माधव भारोको थर शिल्पकार थिएनन् । उनको थर भारो नै थियो । तर तारादेवीको मूर्ति बनाउने व्यक्तिको हैसियतमा उनको नामको अगाडि नै "शिल्पकार" भन्ने शब्द राखिएको र यही शिपवाचक शब्द "शिल्पकार" नै

[१३४] हेर्नुहोस, पाटन पिंवहाल भित्र पूर्वपट्टि सानो देवलको ने.सं. ८८४ (वि.सं. १८२०) को शिलालेख, ऐजन, पृष्ठ ४६२

[१३५] हेर्नुहोस, चिलंचो चैत्यको पश्चिमतिरको ने.सं. ७९७ (वि.सं. १७३३) को शिलालेख, ऐजन, पृष्ठ ५२६-५२७

[१३६] हेर्नुहोस, पाटन बल्खु सरस्वतीदेवी मुनि बैष्णवीको ने.सं. ८०२ (वि.सं. १७३९) को शिलालेख, ऐजन, पृष्ठ २३३

[१३७] हेर्नुहोस, चिलांचो चैत्य आग्नेयकोणको ने.सं. ७९३ (वि.सं. १७२९) को शिलालेख, ऐजन, पृष्ठ ५२२-५२३

कालान्तरमा थरका रूपमा रूपान्तरित भएको आभाष मिल्दछ । यसरी कुनै व्यक्ति विशेषको शिपको आधारमा पनि थर बन्न गएको थियो भन्न सकिन्छ ।

- **सिजंकर्मी, गोपारिक, प्रजापति, भरी र वनमालाकार**

ने.सं. ७८७ (वि.सं. १७२४) श्रावण महिनामा भएको सम्यक पूजाका उत्सवमा राजा श्रीनिवास मल्ललाई पाटन वकुबहालका शाक्य वंशका श्री जोधाजुले चढाउनु भएको "सुनको सिंहासन" पछि पछिका समयमा गरिने सम्यक पूजामा राजालाई राख्न वहालमा दिन पाउने व्यवस्था गरिएको र त्यसरी वहालमा दिंदा आउने रकमबाट सिंहासन मर्मत संभार गर्ने सिजंकर्मी र सिकर्मीलाई दुई रूपैयाँ दिनुपर्ने व्यवस्था गरिएको थियो ।[१३८] यसबाट निम्न तिनवटा कुराहरू स्पष्ट हुन आउछ :

- पहिलो, त्यसबेला एउटा सर्वसाधारण व्यक्तिले समेत सम्यक पूजाको आयोजना गरी राजालाई सुनको सिहांसन नै चढाउन सक्ने कुराबाट त्यस बेला देशको आर्थिक स्थिति निकै सुदृढ थियो भन्ने कुराको झलक पाउन सकिन्छ ।
- दोस्रो, हाल पनि हरेक वर्ष प्रदर्शन गरिने सो कलात्मक सिंहासन बनाउने/मर्मत गर्ने शिप भएका जात/थर "सिजंकर्मी" त्यस बेलाको समाजमा विद्यमान थियो ।
- तेस्रो, "सिजकर्मी" भन्ने थर शिपको आधारमा बनेको थियो भन्न सकिन्छ ।

गोपारिक (गोपालिक शब्द पनि प्रयोग गरिएको) थर भएका केही व्यक्तिहरूले[१३९] मक्ष नारायण बैष्णवीदेवीलाई मुकुट र अन्य सामानहरू चढाएको थियो भन्ने कुरा तत्कालिन दुईवटा शिलालेखहरूबाट थाहा पाउन सकिन्छ ।[१४०] गोपारिक/गोपालिक शब्द "गोपाल" (गाइ पाल्ने व्यक्तिहरू) बाट बन्न गएको बुझिन्छ । यस दृष्टिकोणबाट भन्ने हो भने प्राचिन नेपालमा शासन गर्ने पहिलो वंश "गोपाल वंश" को सन्तानहरूलाई नै गोपारिक/ गोपालिक भनिएको हुनु पर्दछ र मध्यकालमा यो एउटा जात/वर्गको थरको रूपमा नै प्रयोग गरिएको थियो भन्न सकिन्छ ।

ने.सं. ७३५ (वि.सं. १६७२) वैशाख महिनामा प्रजापति[१४१], भावो[१४२] र भरी[१४३] थर भएका व्यक्तिहरूको समूहले पाटन कपिदोटोलको प्रत्येक लाछी लंविमा "रायव"

---

१३८ हेर्नुहोस्, श्री निवास मल्लको पालाको सिंहासनको ने.सं. ७८७ (वि.सं. १७२४) को अभिलेख, ऐजन, पृष्ठ १५१-१५२

१३९ ति व्यक्तिहरू थिए : धनराम गोपारिक, चिकुति गोपारिक, तेकन सिं गोपारिक, पूर्णसिंह गोपारिक, सर्जुराम गोपारिक, शजर गोपालिक, वसिघल गोपारिक, क्षत्रसिंह गोपारिक, विद्याराम गोपालिक इत्यादि ।

१४० हेर्नुहोस्, पाटन मक्षगाउँ मक्षनारायण वैण्णवी देवी देवलको ने.सं. ८४० को शिलालेख र सोही ठाउँको पोखरीको सिढीको ने.सं. ८७२ को शिलालेख, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, पृष्ठ ४२५ र ४४७

१४१ "प्रजापति" थर भएका व्यक्तिहरू थिए- ङयाविशंस प्रजापति, शुरकाँछ्रा प्रजापति, चकसिं प्रजापति, मछिन्द्र प्रजापति, क्वछ्रय प्रजापति, लक्ष्मी शंङ्ख प्रजापति, घसख प्रजापति र तधि प्रजापति

१४२ भावो थर भएका व्यक्तिहरू थिए- चखाउद्य कजी भावो, रत्न सिंह भावो, विखत सिं भावो, पुनसिं भावो, त्यापलतं भावो, भागीवोत भावो, सुध भावो, चेजसिं भावो, शिव भावो, सिसमासिं भावो र तग्नी भावो

१४३ भरी थर भएका व्यक्ति थिए-बिखत सिं भरी

(अर्थ स्पष्ट नभएको) बनाइ प्रतिष्ठा गरेका थिए ।[१४४] यसबाट निम्न कुराहरू स्पष्ट हुन आउँछ :

- पहिलो, प्राचिनकालमा उत्तरी भारतबाट आर्य सभ्यताको प्रकाश नेपाल उपत्यकामा भित्र्याउन सघाउ पुऱ्याउने कार्य गरेका थोरै मानव समुदायहरू मध्य एक कुम्हाल जातिका सन्तान नै मध्यकालका प्रजापति भएका थिए । र त्यसै प्रजापति जात/थरका सन्तानहरूको बाक्लो वस्ती हालसम्म पनि भक्तपुर र मध्यपुरमा पाइन्छ ।[१४५]
- दोस्रो, धार्मिक कार्यहरू गर्ने सन्दर्भमा तत्कालिन समयमा माथिल्लो वा तल्ला जात/थरहरूको बिचमा खासै भेदभाव नगरी सामुहिक रूपमा आपसी सद्भावका साथ कार्य गर्ने प्रवृत्ति प्रशस्त मात्रामा विकास भएको थियो भन्ने कुराको झलक भावो, प्रजापति र भरी थरहरूको व्यक्तिहरूले मिलेर गरेको माथि उल्लेख गरिएको धार्मिक कार्यबाट झल्किन्छ ।
- तेस्रो, भरी भन्ने थर भएका परिवारहरू पनि मध्यकालिन नेवार समाजमा थिए र आजकालका श्रेष्ठ समुदाय भित्रका "भारी" भन्ने थर भएका व्यक्तिहरू नै उक्त "भरी" हरूका सन्तान हुन भन्ने अनुमान गर्न सकिन्छ । "भरी"बाट नै "भारी" शब्द बन्न गएको कुरामा विश्वास गर्न सकिन्छ ।

"वनमालाकार"[१४६] थर भएका व्यक्तिहरूले "भावो"[१४७] थरका व्यक्तिहरूसित मिलेर ने.सं. ८७९ (वि.सं. १८१५) कार्तिक महिनामा कीर्तिपुर नगरचोमा पाटी बनाइ गणेश देवताको स्थापना गर्नुको साथै जलद्रोणी समेत बनाएका थिए । यस समूहका नाइके थिए हरिदेव बनमालाकार[१४८] यसबाट दुइवटा कुराहरू स्पष्ट हुन आउछ :

- पहिलो, वनमालाकारहरू को थिए ? यसको उत्तर किटान साथ भन्न सकिदैन । तथापि हालको मालाकार (माली) हरूको पुर्ख्यौली नै वनमालाकार हुनु पर्दछ । कारण "मालाकार" र "वनमालाकार" थरहरूको बीचमा शाब्दिक दृष्टिकोणबाट धेरै सामिप्यता पाइन्छ ।
- दोस्रो, माथि भनिए झैं यहाँ पनि वनमालाकार र भावोहरूले आफ्नो जातीय भेदभावको कुनै मतलव नराखी आपसी सद्भावका साथ संयुक्त रूपमा धार्मिक अनुस्थानका कार्यहरू सम्पन्न गरेको कुराको झलक पाइन्छ ।

---

१४४ हेर्नुहोस्, पाटन कपिदोटोल कालभैरव मन्दिरको ने.सं. ७३५ (वि.सं. १६७२) को शिलालेख, धनवज्र बज्राचार्य, माथि उल्लेखित, पृष्ठ ५१-५२

१४५ माटोको भाँडाकुँडा बनाइ देशको उत्पादकत्व बृद्धि गर्ने कार्यमा युगौयुगदेखि प्रजापति समुदायले महत्वपूर्ण योगदान दिइआएका छन् । आजकाल प्लाष्टिकको भाडाकुँडाको प्रयोगले एकातिर यस प्राचिन समुदायको व्यवसायमा नकारात्मक असर परि गरिव वर्गलाइं अझ बढी गरिव बनाउने प्रवृत्तिको विकास भइरहेको छ भने अर्कोतिर प्लाष्टिकको सामानहरूको उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थको पैठारीबाट देशको पैसा बाहिर जानुको साथै धनी वर्गलाइं अरू धनी बनाउने प्रवृत्तिको विकास पनि भइरहेको छ ।

१४६ वनमालाकारहरू थिए-हरिदेव वनमालाकार, धनदेव वनमालाकार, सुराम वनमालाकार, नसिंह वनमालाकार, गृदेव वनमालाकार र पाण्डव वनमालाकार

१४७ सुर्यराम "भावो", भागीदेव भावो, घसिंह भावो, पर्च्यराय भावो, ज्ञानदेव भावो र धर्म्मदेव भावो,

१४८ हेर्नुहोस, कीर्तिपुर तवचटोलको पाटीको ने.सं. ८७९ (वि.सं. १८१५) को शिलालेख, धनबज्र बज्राचार्य, मध्यकालको अभिलेख, माथि उल्लेखित, पृष्ठ ५६४-५६७

समग्रमा सिजकर्मी, गोपरिक, प्रजापति र वनमालाकारहरूको पेशागत कार्यक्षेत्रहरूको [१४९] दृष्टिकोणबाट भन्ने हो भने उनीहरू सबै वैश्य वर्गमा पर्दछन् । तथापि देशको उत्पादकत्वको अभिवृद्धि गर्ने सन्दर्भमा यिनीहरूको शिपको अति महत्वपूर्ण स्थान रहेको थियो भन्न सकिन्छ । यस्तो जात/थरहरू भएका परिवारहरूले देशको उत्पादकत्व अभिवृद्धिमा गरेको अमूल्य योगदानको कारणबाट नै वास्तवमा मध्यकालिन नेपालको अर्थ व्यवस्था निकै सबल हुन गएको थियो भन्नु अत्युक्ति हुने छैन । तथापि यस्तो अमूल्य योगदान दिएका समुदायहरूलाई नै सामाजिक दृष्टिकोणबाट केही हदसम्म तुलनात्मक (धार्मिक कार्यहरूमा संलग्न रहेका ब्राह्मणहरू र राज्य संचालन सम्बन्धी कार्यमा संलग्न रहेका क्षेत्रीय वर्गका शासक एवं भारदारहरूको तुलनामा) रूपमा निम्न मध्यम स्तरमा नै राख्ने प्रवृत्ति तत्कालिन समयमा पनि विद्यमान रहेको थियो । तथापि उनीहरू शुद्रहरूको तुलनामा सामाजिक दृष्टिकोणबाट धेरै उच्च स्तरमा नै पर्दथ्यो ।

– **जोगी/कुश्ले**

तथाकथित शुद्र वर्गमा रहेका जोगी/कुश्लेहरूले मध्यकालमा "दर्शनधारी" भन्ने थर पनि प्रयोग गर्ने गर्दथ्यो र यस्ता ५ जना जोगी/कुश्ले/दर्शनधारीहरूले[१५०] "आरोग्य होस्, सन्तान बृद्धि होस र गंगा नाथ जोगीको शुभ होस्" भन्ने कामना सहित गोरखनाथ र भैरवनाथ देवताको स्थापना ने.सं. ७८७ (वि.सं. १७२३) को फागुन महिनामा कीर्तिपुर क्वाचोटोलमा गरेका थिए ।[१५१] यसबाट निम्न कुराहरू स्पष्ट हुन आउँछ :

- पहिलो, जोगी/कुश्लेहरूले मध्यकालमा "दर्शनधारी" भन्ने थर प्रयोग गर्ने गरेको थियो भन्ने कुरा थाहा पाइन्छ ।
- दोस्रो, जोगी/कुश्लेहरूलाई तत्कालिन समाजले वैश्य भन्दा तल्लो स्तरको वर्गमा राखेको कुरा थाहा पाउन सकिन्छ ।
- तेस्रो, शुद्र वर्गका भएतापनि अन्य उच्च वर्गहरूले जोगी/कुश्लेहरूलाई खास हेयको दृष्टिकोणले हेर्ने गरेको थिएन । यस्तै दृष्टिकोणको फलस्वरूप नै उनीहरूले पनि अन्य उच्च वर्गको समुदायहरूले जस्तै मठ मन्दिरहरू बनाउने र देवताहरू स्थापना गर्ने जस्ता कार्यहरू स्वतन्त्र रूपले नै गर्न सक्दथ्यो । साथै उनीहरू मध्य कोही कोही त ( अपवादको स्वरूप) भारदार समेत पनि भएको थियो भन्ने कुरा माथि उल्लेख भइसकेको छ ।

---

१४९ सि:ज (पित्तल) को भाँडाकुँडा बनाउने सिंजकर्मी, गाइ पाल्ने, दुध उत्पादन गर्ने र दुध बेच्ने कार्य गर्ने गोपाल/गोपारिक (नेपाल भाषामा सापु), बनजंगलबाट फूल टिपेर ल्याउने, फूल बेच्ने र उत्पादन गर्ने काम गर्ने वनमालाकार र माटोको भाँडाकुँडा उत्पादन गने प्रजापति भन्ने जनाउँछ ।

१५० यि पाँचजना थिए - यडा दर्शनधारी, धर्म जोगी, देवीदास जोगी, श्रीराम जोगी र रत्नदास जोगी

१५१ हेर्नुहोस्, कीर्तिपुर क्वाचोटोल गोरखनाथ मन्दिरको ने.सं.७८७ (वि.सं. १७२३) को शिलालेख, धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, माथि उल्लेखित, पृष्ठ ५१०-५११

### ३.२.२.६ केही निष्कर्षहरू

मध्यकालिन नेपालमा भएको जाति प्रथाको विकासको पृष्ठभूमिको बारेमा मुलतः दुईवटा विशेषताहरू छन् :

- **सामाजिक स्तर उकास्ने प्रवृत्ति**
- **सति जाने ऐच्छिक प्रथा**

- **सामाजिक स्तर उकास्ने प्रवृत्ति**

मध्यकालिन नेवार समाजका विभिन्न तह एवं तप्काका परिवारहरूमा आ-आफ्नो सामाजिक स्तर उकास्ने प्रवृत्ति रहेको थियो । यसको लागि साधारणतया निम्न उपायहरू अपनाउने गर्दथ्यो :

- पहिलो, स्थानीय शासकहरू (माहापत्र, राउत, पात्रवंश, थकु इत्यादि) ले मल्ल राजाहरूले प्रयोग गर्ने राजर्सि बोध गराउने विशेषणहरू- श्री श्री जयदेव, समस्त सुप्रशस्त्यलत्यप्र (सात असल प्रशस्तिले सुहाएको), देव इत्यादि आफ्नो नाममा प्रयोग गर्दथ्यो । ललितपुरको माहापात्रहरूमा यस्तो प्रवृत्ति प्रशस्त मात्रामा थियो । कीर्तिपुरका पुरन्दर सिंहले वि.सं. १६४३ मा मल्ल राजाहरूले जस्तै आफ्नो नामको अगाडि श्री श्री जयदेव भन्ने विशेषण प्रयोग गरेका थिए । विष्णुसिंहले पनि पाटनको राजा हुनु अघि नै "देव" "ठाकुर" जस्ता विशेषणहरू प्रयोग गर्नुको साथै आफ्नो पारिवारिक थर "महापात्र" पनि प्रयोग गर्दै रहेका थिए । तर उनका छोराहरूले पारिवारिक थर "महापात्र" परित्याग गरी पुरै राजपरिवारका सदस्यको रूपमा आफूलाई परिचित गराएका थिए ।[१५२] उनीहरूले आफ्ना पत्नीहरूलाई "थकुरानी" (रानीको लागि प्रयोग हुने) थरहरू पनि प्रयोग गराउने गर्दथ्यो ।

- दोस्रो, राजपरिवारसित वैवाहिक सम्बन्ध कायम गरेर पनि आफ्नो स्तर उकास्ने प्रवृत्ति रहेको थियो । कल्यान सिंहका छोरा वंशीधर (जो योगनरेन्द्र मल्लको शासनकालमा मन्त्री भएका थिए) को दिदी योगलक्ष्मी राजा (योगनरेन्द्र मल्ल) को रानी थिइन । यस्तो वैवाहिक सम्बन्धबाट पनि सामाजिक स्तर उकास्न सघाउ पुग्दथ्यो ।

- तेस्रो राजपरिवारका छोरीहरूसित विवाह गर्ने व्यक्तिहरू (ज्वाईहरू र उनीहरूको सन्तानहरू समेत) ले सम्मानजनक शब्द "बाबु" प्रयोग गरी आ-आफ्नो सामाजिक स्तरको अभिवृद्धि गर्ने चलन थियो । ललितपुरका राजा सिद्धिनरसिंह मल्लका छोरी भीमलक्ष्मीका छोरा चक्रसिंहले आफ्नो नामको अन्त्यमा बाबु शब्द प्रयोग गरेका थिए । उनका चारजना छोराहरू प्रताप सिंह, वीरसिंह, जयनन्द सिंह र आनन्द सिंहहरूले पनि आ-आफ्नो नाम पछाडी "बाबु" शब्द प्रयोग गरेका थिए ।[१५३]

---

[१५२] हेर्नुहोस, कीर्तिपुरको पुरन्दर सिंहको पालाको ने.सं. ७०७ (वि.सं. १६४३) को अभिलेख, ऐजन, माथि उल्लेखित, पृष्ठ ४८६-४८७

[१५३] हेर्नुहोस, ने.सं. ८२१ (वि.सं. १७५७) को पाटन सुनधाराको अभिलेख, धनबज्र बज्राचार्य माथि उल्लेखित, पृष्ठ ३२६-३२७

समग्रमा यस्तो आफ्नो सामाीजक स्तर उकास्ने प्रवृत्ति केवल माथिल्लो स्तरको सिमित प्रभावशाली परिवारहरूमा मात्र विद्यमान रहेको थियो । तुलनात्मक रूपमा तल्लो स्तरका परिवारहरूमा यस्तो प्रवृत्ति विद्यमान थिएन भन्न सकिन्छ ।

- **सति जाने ऐच्छिक प्रथा**

  नेवार समाजमा मध्यकालमा नै सती जाने प्रथा प्रचलनमा रहेको बुझिन्छ । तर यो सबै सामाजिक स्तरका परिवारहरूको लागि अनिवार्य थिएन । साधारणतया उच्च सामाजिक स्तरका परिवारहरूमा सती जाने प्रचलन रहेको बुझिन्छ । राजा योगनरेन्द्र मल्लको मृत्यु हुँदा उनका ३१ जना रानीहरू सती गएका थिए । त्यस्तै कीर्तिपुरको हाकु जोशीको मृत्यु हुँदा उनका पत्नी सति गएका थिए ।

### ३.२.३ पृथ्वी नारायण शाहबाट नेपाल उपत्यकाको विजय गरिए पश्चातको स्थिति (सन् १७७०-१८४६)

अठारौं शताब्दीको उत्तरार्धमा तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यकाका तिनवटै नेवार राज्यहरू कान्तिपुर, भक्तपुर र ललितपुर विजय गरी[१५४] विस्तृतिकरण गरिएको नेपालको राजधानीको रूपमा कान्तिपुरलाई घोषणा गरी त्यहीबाट उनले आफ्नो नयाँ शासन संचालन गर्न थालेका थिए ।[१५५] यस किसिमको नयाँ शासन सत्ताको प्रादुर्भावबाट नेवार समुदायमा विभिन्न किसिमका नकारात्मक असरहरू पर्न गएको थियो जुन निम्नानुसार छन् :

- सत्ताबाट विस्थापन
- खस समुदायको दवाव
- वैश्यकरणको प्रयास

### ३.२.३.१ सत्ताबाट विस्थापन

नेवारहरू शासनसत्ताबाट पूर्णरूपमा विस्थापित हुन पुग्यो । उनीहरू शासक स्तरबाट केवल शासित जनसमूह हुन पुगे । नेवारहरूलाई सैनिक सेवाबाट पूर्णरूपमा विस्थापित गरिनुको साथै कार्यकारी अधिकारयुक्त निजामती सेवाको पदहरूबाट पनि धेरै हदसम्म विस्थापित गरिएको थियो । अपवादको रूपमा नेपाल उपत्यकामा हमला गर्दा पृथ्वीनारायण शाहको पक्ष लिइ आफ्नो राजालाई एक किसिमले धोका दिएका मल्ल राजाहरूको केही भारदारहरूलाई मात्र सरकारी

---

[१५४] सवभन्दा पहिले कान्तिपुर, तत्पश्चात ललितपुर र अन्तिममा सन् १७७० मा भक्तपुर विजय गरिएको थियो । सवभन्दा बढी धनजनको क्षति भक्तपुर आक्रमणमा भएको थियो । धेरै मानिसहरूले सो आक्रमणको सन्दर्भमा आ-आफ्नो जीवन आहुति दिनु परेको थियो । साथै पृथ्वीनारायण शाहबाट आक्रमण हुँदा ठूलो आगलागी समेत भइ धेरै घरहरू नष्ट भएका थिए । भक्तपुरका राजा रणजित मल्ल (जो पृथ्वीनारायण शाहका मित बाबु पनि थिए) ले समेत अति दयनीय अवस्थामा बस्नु परेको थियो । यसको एक झलक एउटा वंशावलीमा उल्लेख गरिएको निम्न वाक्यांशबाट थाहा पाउन सकिन्छ ।

"...... तहापछि (राजा रणजित मल्लले) मानिस कति मऱ्याछन् भनी हेर्दा सोध्दा (भक्तपुर) दरवारका चोकहरूमा छानाबाट हान्याको गोली लागि ठाउँ ठाउँमा धेरै मानिसहरू मरिरह्याको थियो । इन्द्रायणी ढोकासंगको काठमा आगो लगाइ दिंदा धेरै मानिस पनि मऱ्याका थिया । चतुर्दशिका दिन तेस्रो यहम राजा रणजीत मल्लराजालाई भारी ज्यूनारको सराजाम जो चाहिएको विछौना यो साक भाडा वर्तन सुवेदार अतिवल विष्टले साथै बोकाई पुऱ्याउन आइ सुवेदारले विन्ती गऱ्या" । हेर्नुहोस्, पुस्करप्रसाद राजभण्डारीसँगको संकलनमा रहेको राजपुत क्षेत्रीय वंशावली, पृष्ठ ९१

[१५५] एउटा वंशावलीमा वर्णन गरिए अनुसार पृथ्वीनारायण शाहको सोचमा मल्लकालमा ललितपुरमा भारदारहरूको प्रभाव निक्कै बढी भएको र भक्तपुरमा राजामाथि जनताको दवाव निक्कै पर्ने गरेको र कान्तिपुरमा भने राजाको प्रभुत्व निकै बढी रहेको थियो । यसरी राजाको प्रभुत्व एवं प्रभाव बढी भएको राज्य भएकोले नै कान्तिपुरलाई पृथ्वीनारायण शाहले आफूले विस्तृतीकरण गरेको नयाँ नेपालको राजधानी घोपणा गरेका थिए ।

सेवामा रही रहने मौका दिइएको थियो । कीर्तिपुर विजय गर्ने कार्यमा पृथ्वीनारायण शाहलाई सघाउ पुऱ्याउने मल्ल राजाका भारदार धनवन्त काजीलाई[१५६] ललितपुर विजय पश्चात तत्कालै त्यहाँका "अमालीदार" (वडाहाकिम/ प्रमुख जिल्ला अधिकारी) पदमा नियुक्ती गरिएको थियो । त्यस्तै भक्तपुर आक्रमण हुँदा पृथ्वीनाराण शाहको पक्ष लिइ उनलाई सघाउ पुऱ्याएका तत्कालिन मध्यपुरका प्रमान (हालका बडाहाकिम/प्रमुख जिल्ला अधिकारी जस्तो पद) भाजु नरसिंह जोशीलाई पनि पृथ्वीनारायण शाहले निजको आफ्नै पदमा थमौती गरि दिएका थिए ।[१५७] समग्रमा भन्ने हो भने गोरखालीको विजय पश्चात नेवारहरूले आफ्नै देशको राजनैतिक एवं सैनिक शक्तिको संरचनाबाट अल्लगिनु पर्ने चुनौतिको सामना गर्नु पऱ्यो र उनीहरूको लागि व्यापार, खेतीपाती सम्बन्धि केही क्षेत्रहरूमा कार्यरत रहने सिमित अवसर मात्र बाँकी रह्यो ।[१५८] तथापि आफूले जितेका नेवार राज्यहरूको शासन संचालन गर्न आवश्यक सूचना एवं जानकारीहरू नयाँ शासकहरूसँग पर्याप्त मात्रामा नभएकोले त्यस्ता जानकारीहरू प्राप्त गर्न पनि केही सीमित नेवार भारदारहरूलाई प्रशासकीय कार्यहरूमा संलग्न गराउनु पर्ने बाध्यता पनि गोरखाली शासकहरूलाई परेको थियो । फलस्वरूप केही साधारण किसिमको प्रशासकीय कार्यहरूमा मात्र केहि नेवारहरूलाई पनि संलग्न गराइएको थियो ।

### ३.२.३.२ खस समुदायको दवाव

कान्तिपुरलाई राजधानी घोषणा गरिए पश्चात पृथ्वीनारायण शाहसँग गोरखाली भारदारहरू र "खस" समुदायको अन्य विभिन्न जनसमूहहरू पनि कान्तिपुरमा बसाइ सरी यही नै बस्न थाले । यसरी बसाइ सरी आएका खस समुदायले छोटो समयमा नै काठमाडौं उपत्यकाका आदिवासी एवं भूमिपुत्र नेवारहरू माथि विभिन्न किसिमको दवाव श्रृजना गरि खस ब्राह्मण र क्षेत्रीयहरूले नेपाल उपत्यकामा आफ्नै प्रभुत्व छोटो समयमा नै स्थापित गरे ।[१५९] कैयौं नेवारहरूको घरजग्गाहरू समेत जफत गरी त्यस्ता घरजग्गाहरू नयाँ खस भारदारहरूलाई दिइएको थियो । यस किसिमको नवआगन्तुक खस समुदायको प्रभुत्व र दवावबाट नेवार समुदायमा तिव्ररूपमा असन्तोषका भावना श्रृजना हुन जानु स्वभाविकै थियो । फलस्वरूप चित्रपुर (तत्कालिन नाम चोपुर) गाउँका नेवारहरूले नयाँ शासनको विरूद्धमा सबभन्दा पहिले विद्रोह समेत गरेका थिए ।

---

१५६ कीर्तिपुर विजय गर्ने कार्यमा सघाउ पुऱ्याउने धनवन्तकाजीका छोरा त्रिभुवन प्रधान रणबहादुर शाहको समयमा प्रख्यात भारदार थिए । धनवन्तका छोरी मनमयजु पृथ्वीनारायण शाहका छोरा प्रताप सिंह शाहका अति प्रिय रानी थिइन् । उनै रानीका तर्फबाट शेरबहादुर शाहको जन्म भएको थियो । हालको रणमुक्तेश्वर मन्दिर (आर.वी कम्प्लेक्स रहेको स्थानमा) रहेको स्थानमा त्रिभुवन प्रधानको घरमा बसेको भारदारी सभामा आफ्नो दाजु रणबहादुर शाहसित वादविवाद भएको समयमा जोसमा आइ शेरबहादुर शाहले तत्कालिन राजा रणबहादुर शाहको तरवारले हानी हत्या गरेका थिए । राजा रणबहादुर शाहका अंग रक्षक वाल नरसिंह कुँवर (जंगबहादुरको बुवा) ले तत्कालै शेरबहादुर शाहको हत्या गरेका थिए । रणबहादुर शाहको हत्या गरिएको स्थान भएकोले नै निजको सम्झनामा मन्दिर बनाइ रणमुक्तेश्वर नामाकरण गरिएको हुनु पर्दछ ।

१५७ हेर्नुहोस्, नरसिंह जोशी परिवार कुलदेवता प्रवन्ध समिति, माथि उल्लेखित, पृष्ठ ९-११

१५८ यस सन्दर्भमा होफरले ठिकै तरिकाले यस्तो विचार व्यक्त गर्नु भएको छ : "With the Gorkhali conquest the Newars had to face the challenges of their exclusion from the process of political and military powers. Trade and adminitration are the only channels left to them." See Andras Hofer, The Caste Hierarchy and the State in Nepal: A Study of Muluki Ain of 1854, Himal Books, 2005 (AD), P.115

१५९ डोरबहादुर विष्ट, पिपुल अफ नेपाल, रत्न पुस्तक भण्डार, काठमाडौं, पृष्ठ १६

उक्त विद्रोहलाई निर्ममतापूर्वक दवाइयो र विद्रोहीहरूको हात नाक कातिएको थियो ।[१६०]

### ३.२.३.३ वैश्यकरणको प्रयास

सामाजिक दृष्टिकोणबाट नेवार समुदायलाई गिराउने प्रक्रिया सशक्त रूपमा सुरू गरियो । बाहुन, क्षेत्री भन्नाले खस बाहुन र क्षेत्रीलाई मात्र जनाउछ भन्ने भ्रमपूर्ण प्रचार प्रसार आधिकारीक रूपमा नै गरियो । नेवार ब्राह्मण र क्षेत्रीहरूलाई मान्यता दिइएन ।[१६१] त्यस्तै नेवार क्षेत्रीहरूको क्षेत्रीयत्वको गुणलाई समाप्त गर्ने ध्ययले उनीहरूलाई माथि उल्लेख गरिए झैं सैनिक सेवाबाट पूर्णरूपमा निषेधित गरियो । सम्पूर्ण नेवार समुदायलाई नै एउटा जातको रूपमा व्यवहार गरिन थालियो । वास्तवमा ४ वर्ण ६४ जात ७२५ थरहरू सहितको सम्पूर्ण नेवार समुदायलाई नै व्यापार व्यवसाय र कृषि सम्बन्धी कार्यमा मात्र संलग्न हुनु पर्ने बाध्यात्मक परिस्थिति तत्कालिन गोरखाली शासकहरूबाट श्रृजना गरियो । र सम्पूर्ण नेवार समुदायको अमिल्दो किसिमले नै बैश्यकरण गर्ने अथक प्रयास गरियो ।

समग्रमा गोरखालीहरूबाट हारिएका नेवारहरू विजित नयाँ गोरखाली शासकहरूबाट राजनैतिक, आर्थिक एवं सामाजिक क्षेत्रमा उत्पीडनको सिकार हुनु परेको थियो भन्नु अत्युक्ति हुने छैन ।

### ३.२.४ राणाकाल

सन् १८४६ को कोत पर्व पश्चात सत्ता हत्याउन सफल भएका जंगबहादुर कुँवरले नेपालमा एकतन्त्रीय जहाँनीय राणा शासनको सुत्रपाट गरी आफू पहिलो राणा प्रधानमन्त्री भएका थिए । सो राणा शासन १०४ वर्ष सम्म नेपालमा कायम रहेको थियो । राणा शासनको लामो अवधिमा पनि नेवार समुदायले शासन संचालनको प्रक्रिया र सैनिक सेवाबाट अलग्गिनु परेको थियो । यस अवधिमा नेवार समुदायसित सम्बन्धित केही आधिकारिक र व्यक्तिगत रूपमा चालिएका कदमहरू निम्न बुँदाहरूको आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ :

- मुलुकी ऐनमा गरिएको नेवार समुदाय सम्बन्धि व्यवस्था
- श्यामलदासको दृष्टिकोणमा नेवार समुदाय
- चन्द्र शमशेर र जुद्ध शमशेरबाट चालिएका नेवार समुदाय सम्बन्धि केही कदमहरू
- केही विशेषताहरू

### ३.२.४.१ मुलुकी ऐनमा गरिएको नेवार समुदाय सम्बन्धी व्यवस्था

राजा सुरेन्द्र विक्रम शाहको शासनकालमा प्रथम राणा प्रधानमन्त्री जंगबहादुरले बनाइ जारी गरेको विक्रम सम्वत १९१० को मुलुकी ऐनमा नेवार समुदाय

---

[१६०] मल्ल राजाहरूको भारदार काजी भीम मल्लको घर जफत गरि खस भारदारलाई दिइएको थियो । त्यस्तै भीमसेन थापाका निमित्त बनाइएको बाघदरवार (हाल काठमाडौं महानगरपालिका रहेको भवन) बनाउन लिइएको अधिकांश घरजग्गाहरू नेवारहरूकै थिए । कीर्तिपुरेहरूबाट हरण गरिएका बिर्ता जग्गा मिश्र गुरूजूहरूलाई दिइएको थियो । हेर्नुहोस्, धनबज्र बज्राचार्य, (सम्पादक), पण्डित सुन्दरानन्द विरचित त्रिरत्न सौन्दर्य-गाथा, नेपाल साँस्कृतिक परिषद, काठमाडौं, २०१९, पृष्ठ ३६,३८ र ७१

[१६१] नेवार ब्राम्मणहरूलाई राजपुरोहित र राजगुरू जस्ता पदहरूबाट विस्थापित गरियो । र गोरखाबाट आएका खस ब्राम्मणहरूलाई नै सो पदहरूमा आसीन गराइयो ।

सम्बन्धी विभिन्न व्यवस्थाहरू गरिएको पाइन्छ । ती व्यवस्थाहरूका केही प्रमुख विशेषताहरू निम्न छन् :[१६२]

- **दोस्रो दर्जाको ब्राह्मण : नेवार ब्राह्मण**

  मुलुकी ऐनमा "देवभाजु" नामाकरण गरी नेवार ब्राह्मणहरूको उल्लेख गरिएको पाइन्छ । तथापि केवल मैथिल र भट्ट ब्राह्मणहरूको उल्लेख गर्ने सन्दर्भमा मात्र नेवार ब्राह्मणहरूको नाम पनि उल्लेख गरिएको पाइन्छ । तथाकथित दोस्रो दर्जाको ब्राह्मण ठानिने भारत र तराइबाट आएका ब्राह्मणहरूको स्तरमा मात्र नेवार ब्राह्मणलाई राखी खस क्षेत्री भन्दा पनि मुनि राखिएको थियो । वास्तवमा मल्लकालमा नेवार ब्राह्मणहरू पूर्णरूपले उपाध्याय ब्राह्मण नै भएको कुरा माथि उदृत गरिएको विभिन्न तत्कालिन शिलालेख एवं अभिलेखहरूबाट स्पष्ट हुन आउछ । र उनीहरू मल्ल राजाहरूबाट अति सम्मानित हुनुको साथै तत्कालिन नेपालको राजपुरोहित र राजगुरू नै थिए । उनीहरू पनि भारतबाट नै धेरै समय अघि बसाइ सरी नेपाल आएका उपाध्याय ब्राह्मणहरू नै थिए र नेवार समुदायमा मिसिन गइ नेवार उपाध्याय ब्राह्मण भएका थिए । मल्ल वंशको अन्त्य भएपछि मात्र उनीहरूलाई "राजोपाध्याय" भन्ने थर लेखाउन लगाइएको थियो । विशेषत: पृथ्वीनारायण शाहका छोरा प्रताप सिंह शाहको शासनकालदेखि मात्र "राजोपाध्याय" थर लेख्न सुरू गरिएको थियो ।[१६३]

- **श्रेष्ठहरूप्रति पक्षपातपूर्ण व्यवहार**

  जयस्थिति मल्लले बाँधिदिएको "स्थिति" (legal code) ले आधिकारिकता प्राप्त गरिए पश्चात करिव ४५० वर्ष पछि जारी गरिएको उक्त मुलुकी ऐनमा वर्तमान श्रेष्ठहरूको एउटा समूहलाई "असल श्रेष्ठ" (खस समुदायको थरघर जस्तै) भनि उल्लेख गरिएको पाइन्छ । उनीहरूलाई जनै लाउने र नमासिने (दास बनाउन नहुने) जनसमूह र मध्यपान गर्ने जनसमूहको बीचमा राखिएको छ । वास्तवमा यो व्यवस्था पनि भ्रमपूर्ण रहेको छ । कारण माथिल्लो स्तरको (ऐनको शब्दमा असल श्रेष्ठ र हाल प्रचलनमा रहेको ६ थरी श्रेष्ठ) श्रेष्ठहरू मध्य अधिकांशले जनै लाउने गर्दछन् । साथै उनीहरूले (जोशी बाहेक) परम्परा अनुसार मध्यपान पनि गर्दछन् । अर्को शब्दमा मध्यपान गर्ने भएतापनि जनै पनि लाउने असल श्रेष्ठहरूलाई अनुपयुक्त किसिमले खस क्षेत्री भन्दा मुनि राखिएको छ ।[१६४] साथै श्रेष्ठहरूको सन्दर्भमा दिक्षा लिने मतवाली जात भनेर पनि उल्लेख पनि गरिएको छ । समग्रमा श्रेष्ठहरूप्रति पक्षपातपूर्ण व्यवहार गरिएको पाइन्छ ।

- **पहरी र बलामीलाई नेवार समुदायबाट अलग्याएको**

  नेवार समुदायमा मिसिन पुगेका र नेवार समुदायको एउटा अभिन्न अंगको रूपमा रही सकेका "पहरी" (बाँसको बास्केट/ टोकरी बनाउने र काठ चिर्ने काम गर्ने)

---

[१६२] हेर्नुहोस, विस्तृत विवरणको लागि, परिशिष्ट ३.७ र ३.८

[१६३] गेरार्ड टोफिन, दि सोसियल अर्गनाइजेशन अफ राजोपाध्याय ब्राह्मणस, डाभीड एन गेलनर र डि क्लान क्वीगली, (सम्पादकहरू) कन्टेस्टेड हायरकी, अक्सफोर्ड यूनिभरसिटी प्रेस, कलकत्ता, १९९९, पृष्ठ १९१-१९२

[१६४] मल्लकालका नेवार क्षेत्रीहरूलाई मान्यता दिइएन । उनीहरू गोरखालीहरूबाट हारिएको समुदाय भएकोले नै बाध्य भएर यस्तो पक्षपातपूर्ण व्यवहारलाई पनि उनीहरूले सहनु परेको थियो । हेर्नुहोस्, उल्रीक मुलर, ठिमी : सोसियल आयण्ड इकोनोमिक स्टडीज अन ए नेवार सेटलमेन्ट इन काठमाडौं भ्याली, जिसेन, १९८१, पृष्ठं २४

र बलामी जस्ता समूहहरूलाई मुलुकी ऐनमा नेवार समुदाय भित्र समावेश गरिएको थिएन । यो पनि अनुपयुक्त व्यवस्था नै मान्नु पर्दछ ।

समग्रमा मुलुकी ऐनले नेवार समुदायलाई आफ्नै जातीय व्यवस्था भएको एउटा सामाजिक दृष्टिकोणबाट स्वशासित जातको रूपमा मात्र स्वीकार गरेको छ । यसलाई चार वर्ण सहितको विभिन्न जातहरू भएको एउटा छुट्टै जनसमुदायको रूपमा स्वीकार गर्न तत्कालिन शासकहरूले हिच्किचाहत गरेको देखिन्छ । यस अर्थमा मुलुकी ऐनले नेवार समुदायप्रति पक्षपातपूर्ण दृष्टिकोणबाट व्यवहार गरेको स्पष्ट हुन आउछ ।

### ३.२.४.२ श्यामलदासको दृष्टिकोणमा नेवार समुदाय

भारतको तत्कालिन मेवाड राज्यका महाराजा सज्जनसिंह (सन् १८७४-१८८८) को दरबारिया कवि थिए श्यामलदास । उनी नेपालका तत्कालिन राणा प्रधानमन्त्री वीर शमशेरको समकालिन व्यक्ति थिए । उनले "बीर विनोद" शिर्षकको राजस्थानको बारेमा २८०० पृष्ठको एउटा विस्तृत ग्रन्थ लेखेका थिए । सो ग्रन्थमा "नयपालका इतिहास"नामक एउटा खण्ड पनि समावेश गरिएको थियो । सो खण्डमा वीर शमशेरको प्रधानमन्त्रीत्वकालमा नेपालका नेवार समुदायको जातिय व्यवस्था बारेमा पनि चर्चा गरिएको पाइन्छ । श्यामलदासले चर्चा गर्नु भएको नेवार समुदायको जातिय व्यवस्थाको विवरणहरू परिशिष्ट ३.९, ३.१०, ३.११ र ३.१२ मा दिइएका छन् । उक्त विवरणहरू अनुसार श्यामलदासको विचारमा नेवार समुदायको जातिय व्यवस्थाको प्रमुख विशेषताहरू निम्नानुसारका छन् :

- ब्राह्मणहरूको वर्गिकरण
- जोशी, कर्माचार्य र भन्नीको अमिल्दो वैश्यकरण
- हाल लोप भइसकेका केहि जातहरूको पहिचान
- "स्यस्य" भनिने श्रेष्ठहरूमा क्षेत्रीयत्वको झलक पाइने
- तिन किसिमका धर्मावलम्वीहरूको अस्तित्व र विभिन्न जातजातिहरू
- सामाजिक अन्तरसम्बन्धको झलक
- जात र पेशा/शिपको अन्तरसम्बन्ध

#### - ब्राह्मणहरूको वर्गीकरण

उन्नाइसौं शताब्दीको अन्त्यतिर वीर शमशेरकालिन नेपालमा नेवार समुदायलाई धार्मिक दृष्टिकोणबाट मोटामोटी रूपमा हिन्दू र बौद्धमार्गीहरू गरी मूलत: दुई वर्गमा विभाजित गरिएको कुरा थाहा पाइन्छ । हाल नेवार ब्राह्मणहरू ( राजोपाध्यायहरू) मुख्यतया एकै किसिमको मात्र भएको कुरा थाहा पाइन्छ । तर आजभन्दा करिव १३० वर्ष पहिलेको नेपालमा भने श्यामलदासले तिन किसिमका नेवार ब्राह्मणहरू- उपाध्याय, लवरजु र देवभाजु ब्राह्मणको[१६५] पहिचान गरेका

[१६५] हुनत: मल्लकालमा नै नेपालमा बसाई सरी आएका मैथिल ब्राह्मणहरू, झा र मिश्रहरू र दक्षिण भारतका द्रविद कुलका भट्ट ब्राह्मणहरू पनि नेवार समाजमा समाहित भइ नेपाल भाषा बोल्ने गरेकोले उनीहरूलाई पनि नेवार ब्राह्मणमा गणना गर्ने प्रचलन रहेको छ । तर यस विपयमा एकै किसिमको विचारधारा रहेको पाइदैन । नेवार समाजमा धेरै हदसम्म समाहित भइसकेका झा, मिश्र र भट्टहरू समेत खुला रूपमा आफूलाई नेवार ब्राह्मणकों रूपमा पहिचान गराउन केही हदसम्म आजकाल संकोच मान्ने गरेको पाइन्छ । उनीहरूलाई नेवार समुदायको अभिन्न अंगको रूपमा श्यामलदासले पनि स्पप्ट रूपमा उल्लेख गरेको पाईदैन ।

थिए । ति मध्ये २ किसिमको ब्राह्मणहरूको अस्तित्व समाप्त भइ केवल राजोपाध्याय/देवभाजु ब्राह्मण (पहिलेको उपाध्याय) को अस्तित्व मात्र रहेको छ ।

- **जोशी, कर्माचार्य र भन्नीको अमिल्दो वैश्यकरण**

  जोशी र आचार्य/कर्माचार्यलाई गलत किसिमले वैश्यको रूपमा चित्रण गरिएको छ । वास्तवमा उनीहरू (जोशी र आचार्य/कर्माचार्य) ले वैश ठकुरीहरूको पुरोहितको रूपमा पनि काम गर्ने भएकोले उनीहरूलाई "वैश जोशी र वैश आचार्य/कर्माचार्य (वैशहरूको जोशी र आचार्य/कर्माचार्य) भनिएको हुनु पर्दछ । वास्तवमा परम्परागत रूपमा भन्ने हो भने उनीहरू पनि ब्राह्मण वर्गका नै हुन् । तर कालान्तरमा नेवार क्षेत्रीय श्रेष्ठहरूको वर्गमा मिसिन पुगी एक व्यवसायी समूहको रूपमा रूपान्तरण भएका हुन भन्ने कुरा माथि उल्लेख भइसकेको छ । "भन्नी" हरू पनि आजकालका भंडेल (भण्डारी/राजभण्डारी) को पुर्खाहरू हुन् र यस अर्थमा उनीहरूलाई पनि बैश्यमा गणना गर्न मिल्दैन । उनीहरू ६ थरी श्रेष्ठ हुन् र उनीहरू नेवार क्षेत्रीको वर्गमा पर्दछन् ।

- **हाल लोप भइसकेका केही जातहरूको पहिचान**

  श्यामलदासले प्रस्तुत गर्नुभएको नेवार समुदायको सामाजिक संरचनाको चित्रणबाट उन्नाइसौं शताब्दीको अन्त्यतिर हाल लोप भइसकेका हिन्दू धर्मावलम्वीहरूको कैयौं जातहरू (गावक आचार्य, माखी शुद्र, लखीपट शुद्र, बोधासा शुद्र आदि) अस्तित्वमा रहेका थिए भन्ने कुरा थाहा पाउन सकिन्छ । यी जातहरू के कुन स्तर र तहका थिए सो सम्बन्धी विस्तृत जानकारी पाउन अरू थप अध्ययन गर्नु जरूरी छ ।

- **"स्यस्य" भनिने श्रेष्ठहरूमा क्षेत्रीयत्वको झलक पाइने**

  श्यामलदासले उल्लेख गर्नुभएको सियासु क्षेत्री र शारिस्ता क्षेत्री पनि हाल यथावत रूपमा पाइदैन । तथापि ति शब्दहरूको उच्चारणको ध्वनीबाट नेपाल भाषामा स्यस्य भनिने आजका श्रेष्ठहरू नै ति सियासु क्षेत्री र शारिस्ता क्षेत्री हुन् भन्ने कुरा सजिलै अनुमान गर्न सकिन्छ । यसबाट तिनवटा कुराहरू स्पष्ट हुन आउछ :

  - पहिलो सियासु क्षेत्री र शारिस्ता क्षेत्री नै आजकालका ६ थरी र ५ थरी श्रेष्ठहरूका पूर्व रूप हो भन्न सकिन्छ ।
  - दोस्रो, नेवारहरूमा पनि क्षेत्री वर्गको अस्तित्व भएको तथ्यलाई श्यामलदासले पनि स्वीकार गर्नु भएको कुरा थाहा पाउन सकिन्छ ।
  - तेस्रो, हालको श्रेष्ठहरू नै श्यामलदासको सियासु क्षेत्री र शारिस्ता क्षेत्री हुन भन्ने कुरा सजिलै अनुमान गर्न सकिन्छ । श्यामलदासले उल्लेख गर्नुभएको निकखु क्षेत्री हाल कुन श्रेष्ठमा पर्दछन् थाहा पाउन सकिएको छैन ।

- **तिन किसिमका धर्मावलम्वीहरूको अस्तित्व र विभिन्न जातजातिहरू**

  तत्कालिन नेवार समाजमा पनि ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरि चार वर्ण, अनेक स्तर र किसिमका जातहरू अस्तित्वमा रहेको कुरा थाहा पाउन सकिन्छ ।

---

तथापि व्यवहारमा यस्तो नकारात्मक वा सकारात्मक मनोवैज्ञानिक प्रवृत्ति सत्ताको स्वरूपको आधारमा धेरै हदसम्म निर्धारण हुने गरेको पाइन्छ ।

श्यामलदासले हिन्दूधर्मावलम्वीहरूको उच्च र मध्यस्तरका १४ वटा जातहरू उल्लेख गर्नुको साथै तल्लोस्तरका विभिन्न जातहरू समेत उल्लेख गर्नुभएको छ । त्यस्तै बौद्धधर्मावलम्वीहरूको विभिन्न जातहरू पनि वहाँले उल्लेख गर्नु भएको छ । साथै हिन्दू र बौद्ध दुवै धर्मलाई विना कुनै भेदभाव मान्दै आएका ३८ किसिमका जातहरू पनि श्यामलदासले उल्लेख गर्नु भएको छ । यसबाट हिन्दू र बौद्ध धर्मावलम्वीहरू बीचको सामन्जस्यता नेवार समाजमा तत्कालिन समयमा पनि विद्यमान रहेको कुरा स्पष्ट हुन्छ । संक्षेपमा भन्ने हो भने हिन्दू र बौद्ध धर्मावलम्वीहरू र हिन्दू र बौद्ध दुवै धर्महरू मान्ने गरी तिन किसिमका नेवारहरूको जम्मा ६८ जातहरू श्यामलदासले उल्लेख गर्नुभएको छ ।

- **सामाजिक अन्तरसम्बन्धको झलक**

  विभिन्न जातहरूको बीचमा सामाजिक अन्तरसम्बन्ध एवं व्यवहार (खानपिन, पानी चल्ने नचल्ने, वैवाहिक सम्बन्ध हुने र नहुने कुराहरू) को बारेमा पनि श्यामलदासको कृतिमा विवेचना गरिएको पाइन्छ । क्षेत्री वर्गमा थकु/मल्ल, निक्खु क्षेत्री, शियासु क्षेत्री र शरिस्ता क्षेत्रीहरूको बीचमा एक आपसमा खानपिनको भेदभाव नहुनुको साथै वैवाहिक सम्बन्ध समेत रहेको कुरा पनि श्यामलदासले उल्लेख गर्नुभएको छ । यसबाट त्यसबेला सम्म ६ र ५ थरी श्रेष्ठहरू (शियसु क्षेत्री, शरिस्ता क्षेत्री) र निकखु क्षेत्रीहरूमा सामाजिक भेदभाव नरहेको कुरा स्पष्ट हुन आउछ र हाल विभिन्न किसिमका स्यस्य/श्रेष्ठहरूको बीचमा देखिएका सामाजिक भेदभाव पछि मात्र सुरू भएको थियो भन्न सकिन्छ । यसरी नेवार समुदायको क्षेत्रीहरूमा कुनै किसिमको सामाजिक भेदभाव नभएतापनि ३ किसिमको ब्राह्मण, ३ किसिमका क्षेत्री, ४ किसिमका वैश्य र ३ किसिमका शुद्रहरूको बिचमा भने खानपिन र वैवाहिक सम्बन्ध आपस आपसमा नभएको कुरा पनि थाहा पाइन्छ । अर्को शब्दमा भन्ने हो भने विभिन्न वर्णहरू (ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र) का समूहहरूको बिचमा मात्र सामाजिक विधिव्यवहारको अभाव भएको कुरा स्पष्ट हुन आउछ।

- **जात र पेशा/शिपको अन्तरसम्बन्ध**

  जात र व्यवसाय/शिप त्यसबेला पनि अन्तर सम्बन्धित रहेको थियो । प्रत्येक जातका मानिसहरूले आफूलाई तोकिएको कार्य क्षेत्रमा मात्र संलग्न हुने प्रवृत्तिले गर्दा व्यवसाय/शिपको दृष्टिकोणबाट कार्यहरूको विशिष्टिकरण (Professio-nalization) को विकास हुन गइ समाजलाई आवश्यक पर्ने सामानहरूको उत्पादन र उपलब्धता हुने वातावरणको श्रृजना भएको थियो । तथापि जसले समाजको लागि आवश्यक पर्ने सामानहरूको उत्पादन गर्नुको साथै आपूर्ति गरी समाजको सेवा गर्नमा कठोर शारिरीक परिश्रम गर्दछ उनीहरूको सामाजिक स्तर भने तल्लो स्तरमा राखिनुको साथै उनीहरूलाई हेप्ने प्रवृत्तिको समेत विकास भएको थियो । यसलाई सामन्ती संस्कारको उपज नै मान्न सकिन्छ र यस संस्कारलाई विकास विरोधी संस्कारको रूपमा लिन सकिन्छ ।

समग्रमा श्यामलदासको कृतिबाट नेवार समुदायको सामाजिक संरचनाको विकासक्रमको बारेको तथ्यहरूको बारेमा थाहा पाउन धैरै हदसम्म सघाउ

पुऱ्याउछ भन्नु अत्युक्ति हुने छैन । साथै तत्कालिन नेवार समाजको परम्परागत संस्कारहरूको बारेमा पनि प्रकाश पाउन सकिन्छ । एउटा चाखलाग्दो संस्कार हो दाहसंस्कार । अधिकांश हिन्दू र बौद्ध धर्मावलम्वीहरूले त्यसबेला पनि मृतकको लासलाई जलाउने परम्परा भएतापनि सन्यासी, कुश्ले (जोगी र योगी) र कंवर जातको मानिसहरूले मृतकको लास गाडेर दाहसंस्कार गर्ने परम्परा त्यसबेला रहेको थियो र यो कुरा श्यामलदासको कृतिबाट स्पष्ट हुन आउछ ।

### ३.२.४.३ चन्द्रशमशेर र जुद्ध शमशेरबाट चालिएका नेवार समुदाय सम्बन्धि केही कदमहरू

राणा प्रधानमन्त्री चन्द्र शमशेर (सन् १९०१-१९२९) को शासनकालमा नेवार समुदायको भाषा, साहित्य, संस्कृति र इतिहासलाई नष्ट गर्ने सशक्त रूपमा प्रयास गरिएको थियो भन्ने कुरा माथि चर्चा भइसकेको छ । नेपाल सम्वतको सट्टामा बिक्रम सम्वतलाई आधिकारिक सम्वतको रूपमा मान्यता दिइयो । तथापि नेवार समाजमा विद्यमान रहेका सामाजिक विधिव्यवहार सम्बन्धि तडक भडकपना हटाउन भने चन्द्र शमशेरले वि.सं. १९५८ मा एउटा इस्तिहार नै जारी गरेका थिए ।[१६६] अर्को राणा प्रधानमन्त्री जुद्ध शमशेर (सन् १९३२-१९४५) ले जारी गरेको विक्रम सम्वत १९९३ को इस्तिहारमा[१६७] "द्योभाजु ब्राह्मण र क्षेत्री श्रेष्ठ जातहरू" भन्ने समेत उल्लेख गरिएबाट जुद्धशमशेरले नेवार समुदायमा वर्ण व्यवस्था रहेको कुरा स्वीकार गरी राजोपाध्याय र श्रेष्ठहरूलाई क्रमशः ब्राह्मण र क्षेत्रीको रूपमा कानूनी मान्यता नै दिएको थियो भन्ने कुरा स्पष्ट हुन आउछ । अतः नेवार समुदायलाई केवल एउटा जातको रूपमा मात्र व्यवहार नगरी सबै वर्ण र जातजातीहरूको समग्र रूप नै नेवार समुदाय हो भन्ने कुरा जुद्धशमशेर जस्ता राणा शासकहरूले पनि स्वीकार गरेको कुरा प्रमाणित हुन आउछ ।

### ३.२.४.४ केहि विशेषताहरू

सन् १८४६ देखि १९५१ सम्म कायम रहेको राणा शासन अर्न्तगत नेवार समुदायको सामाजिक स्थितिको सम्बन्धमा संक्षेपमा निम्न विशेषताहरू थिए भन्न सकिन्छ :

- सत्ताबाट अलगिगएको परिस्थिति
- नेवार समुदायको सामाजिक विधिव्यवहार सम्बन्धि निर्णय गैरनेवारहरूबाट गरिने व्यवस्था
- धर्म र जातिय व्यवस्था सत्ताको लागि प्रयोग गर्ने प्रवृत्ति

**- सत्ताबाट अलग्गिएको परिस्थिति**

राणाशासन कालमा राजनैतिक दृष्टिकोणबाट नेवारहरूले सत्ताबाट अल्लगै रहनु पर्ने बाध्यात्मक परिस्थितिको सामना गर्नुपर्ने र तिनीहरू सत्ताबाट दवाइएको एउटा समूहको रूपमा रहनु परेको थियो । राणा शासकहरूको विभिन्न माध्यमहरूबाट चाकरी गरी उनीहरूको सम्पर्कमा आएका केही परिवारहरूले मात्र

---

[१६६] यस इस्तिहारमा नेवार समुदायलाई स्पष्ट रूपमा एउटा जातको रूपमा चित्रण गरिएको पाइन्छ । हेर्नुहोस्, प्रकाश वस्ती, (सम्पादक), कानून सम्बन्धी केही ऐतिहासिक अभिलेखहरू, कानून व्यवसायी क्लव, २०६३, पृष्ठ ४०७-४१६

[१६७] हेर्नुहोस, १९९३ सालको इस्तिहारको लागि, परिशिष्ट ३.१३

निजामती सेवा तर्फका केही सानातिना पदमा रही सरकारी जागीर खाने मौका पाएका थिए । केहीले अपवादको रूपमा माथिल्लो स्तरको निजामती सेवाको पद ( काजी र वडाकाजी लगायत) मा रहन पनि समर्थ भएका थिए ।[१६८] तथापि शासन सत्ता संचालनको प्रक्रियामा भने उनीहरूको पनि खासै भूमिका रहेको थिएन ।

- **नेवार समुदायको सामाजिक विधि व्यवहार सम्बन्धि निर्णय गैर नेवारबाट गरिने व्यवस्था**

  नेवार समाजको अन्तरजातीय विधि व्यवहार र अन्य सामाजिक विधि व्यवहार राणा शासकहरूले बनाएको कानूनबाट निर्धारित गरिएको हुन्थ्यो र यस्तो कानूनी व्यवस्था खस ब्राह्मण वर्गका गैर नेवार राजपुरोहित र राजगुरूहरूको सल्लाह अनुसार बनाइएको हुन्थ्यो र नेवारहरूलाई यस सम्बन्धमा कुनै निर्णय गर्ने अधिकार दिइएको थिएन । यस्तो कानूनको उल्लंघन भएमा भने राणा शासकहरूबाट कडा सजाय गरिने व्यवस्था गरिएको हुन्थ्यो ।

- **धर्म र जातिय व्यवस्था सत्ताको लागि प्रयोग गर्ने प्रवृत्ति**

  राणा शासकहरूले आफ्नो राजनैतिक सत्ता र अधिकारको संरक्षण गर्न र निरन्तरता दिन र उनीहरूको एकतन्त्रिय जहानीय शासनमा हस्तक्षेप हुन नदिन धर्म र जातीय व्यवस्था (Ideology of Caste) लाई प्रयोग गरी राजनैतिक लाभ उठाएका थिए । हिन्दू धर्मका कट्टर अनुयायी राणा शासकहरूले नेवार हिन्दूहरू (विशेषत: श्रेष्ठ वर्ग) लाई सरकारी सेवा र अन्य क्षेत्रहरूमा बौद्ध धर्मावलम्वी नेवारहरूको दाँजोमा विशेष प्राथमिकता दिने गरेकोले नेवार बौद्ध ब्राह्मणहरू (बज्राचार्यहरू) को दाँजोमा नेवार हिन्दू ब्राह्मणहरू (उपाध्याय/राजोपाध्यायहरू) ले विशेष महत्व पाउन थालेका थिए । फलस्वरूप बज्राचार्यहरूको जजमानहरू घट्दै जान थाल्यो र अधिकांश नेवारहरूले ( विशेषत: श्रेष्ठहरूले) हिन्दू ब्राह्मणहरूलाई आफ्नो पुरोहितको रूपमा स्वीकार गर्न थाले । यस किसिमले नेवार समुदायका दुइ धार्मिक समुदायका ब्राह्मणहरूमा विभाजन ल्याइएको थियो । यो फुटाउ र राज गर (Divide and Rule) भन्ने राणाहरूको अघोषित नीतिको कार्यान्वयनको रूप हो ।

कलिन रोजरको भनाइ अनुसार तत्कालिन नेवार समाज आन्तरिक रूपमा २६ वटा जातहरूमा विभाजित रहेको थियो । प्रत्येक जातको आफ्नै परम्परागत पेशा रहेको थियो । तहगत श्रृखंलामा सामाजिक दृष्टिकोणबाट उच्च र निम्न स्तरका जातहरू थिए । जुन परम्परागत रूपमा चोखोपनको (purity) मात्रामा निर्भर गर्दथ्यो । तथापि व्यवहारमा त्यस्तो स्तर मानिसले आर्जन गरेको सम्पत्ति, शिक्षा, पेशा इत्यादि कुराहरूबाट पनि प्रभावित हुन्थ्यो ।[१६९] त्यस्तै राणा शासनको मध्यकालतिर पनि नेवार समुदायका श्रेष्ठहरू ६ थरी र पाँच थरी गरी जम्मा दुई

[१६८] सिद्धिमान सिंह राजभण्डारी बडाहाकिम हुनुको साथै बेलायत भ्रमणमा जंगबहादुरको टोलीमा सामेल समेत भएका थिए । त्यस्तै नारायण भक्त माथेमा काजी भएका थिए । नारायण भक्त श्रेष्ठ मीर सुब्बा भएका थिए । चन्द्र शमशेरको शासनकालमा मरिचमान सिंह प्रधान मुन्सीको रूपमा कार्यरत थिए ।

[१६९] कलिन रोजर, सोसियल मोविलिटी इन नेवार काप्ट सिप्टम, क्रिस्टोफर भोन फुरर हेमेन्डर्फ (सम्पादक), काप्ट एण्ड किन इन नेपाल, इन्डिया एण्ड सिलोन, एशिया पब्लिसिङ्ग हाउस, बम्बे, १९६६, पृष्ठ ८२-८४ र ९२

श्रेणीमा विभाजित नै रहेको थियो । साथै कलिन रोजरले चार थरी र साढे तिन थरीका श्रेष्ठहरू पनि छन् भनेका छन् ।[१७०] वास्तवमा यी चार थरी र साढे तीन थरी जस्तो वर्गिकरण व्यवहारमा भ्रमपूर्ण रहेको छ । जे भएतापनि नेवार समाजमा धार्मिक एवं जातीय विभाजनहरूलाई बढावा दिइ उनीहरूमा एकताको भावनामा नकारात्मक असर पारी उनीहरूलाई राणाहरूको सत्ताको विरोध गर्न असमर्थ बनाउने राणा शासकहरूको अघोषित उद्देश्य रहेको थियो । यस उद्देश्य प्राप्त गर्नमा उनीहरू तत्कालिन समयमा धेरै हदसम्म सफल पनि भएका थिए भन्न सकिन्छ ।

समग्रमा पृथ्वीनारायण शाहबाट मल्ल वंशको अन्त्य गरी नेपाल उपत्यकालाई आफ्नो नियन्त्रणमा लिएको समयदेखि सन् १९५१ सम्म (जव राणा शासनको अन्त्य भयो) पनि राजनैतिक सत्ता नेपाल उपत्यकामा अधिक संख्यामा रहेको नेवारहरूको हातमा नरही अल्पसंख्यामा रहेका खस समुदायसित नै रहेको थियो । यसबाट नेवार समुदायको साँस्कृतिक, राजनैतिक, सामाजिक, आर्थिक जीवनमा नकारात्मक असर पर्न गएको थियो । वास्तवमा लामो समयसम्म नेवार समुदायले शासकहरूबाट उत्पीडन र दवाव सहनु पर्ने बाध्यात्मक परिस्थितिमा रहनु परेको थियो ।

### ३.२.५ २००७ सालदेखि २०४५ सालसम्मको स्थिति

२००७ सालको सफल क्रान्ति पश्चात एक सय चार वर्षसम्म अटूट रूपमा चलिआएको एकतन्त्रीय जहानीय राणा शासनको अन्त्य भई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको प्रादुर्भाव भयो । यसरी राणा शासनको अन्त्य गर्ने कार्यमा नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) का नेवारहरूले महत्वपूर्ण भूमिका खेलेका थिए । वि.सं. १९९७ सालमा भएको राणा विरोध अभियानको नेतृत्व गर्ने शहिद हुनेहरू[१७१] मध्य अधिकांश नेवारहरू नै थिए । त्यसपछि नेवारहरूले २००७ सालसम्म विभिन्न राणा विरोधी राजनैतिक क्रियाकलापहरूमा सक्रिय रूपले भाग लिएका थिए । वास्तवमा यस्तो क्रियाकलापको फलस्वरूप नै २००७ सालमा राणा शासनको अन्त्य भयो । २००७ सालदेखि २०१७ सालसम्ममा अधिक राजनैतिक अस्थिरताबाट प्रभावित बहुदलीय व्यवस्था अर्न्तगतको शासन व्यवस्था संचालनमा रह्यो । २०१७ सालदेखि २०४६ सालसम्म राजाको प्रत्यक्ष नियन्त्रणमा निर्दलीय निरंकुश शासन व्यवस्था कायम रह्यो । जे भएता पनि यस अवधिमा नेवार समुदायको स्थितिको केही विशेषताहरू निम्न छन् :

- नयाँ परिवेशमा प्राप्त अवसर
- निर्दलिय निरंकुश पंचायत व्यवस्था अर्न्तगत नेवार समुदायको स्थिति

#### - नयाँ परिवेशमा प्राप्त अवसर

राणाशासनको अन्त्य भएपश्चात अन्य समुदायहरूमा जस्तै नेवारहरूमा पनि सामाजिक एवं राजनैतिक चेतनाको अभिवृद्धि भयो । साथै अधिकांश

[१७०] ऐजन, १०५

[१७१] शहिद भएका ४ जना मध्य ३ जना नेवारहरू (गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज जोशी/शास्त्री र एक जना ठकुरी (दशरथ चन्द) थिए

नेवारहरू राजधानी शहर भएको नेपाल उपत्यकाका निवासी भएको नाताले उनीहरूले शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विभिन्न सुविधा प्राप्त गर्ने अवसर पनि पाउनु स्वभाविकै रह्यो । शिक्षित जनसंख्याको प्रतिशत ज्यादै कम भएको तत्कालिन समयमा नेवारहरूले सरकारी सेवामा रोजगारी प्राप्त गर्ने अवसर प्राप्त गर्न सफल भए । खस ब्राह्मण, क्षेत्री जस्तै नेवारहरूको संख्या पनि निजामती सेवामा कम थिएन । त्यस्तै विभिन्न प्राविधिक शिक्षा प्राप्त गर्ने नेवारहरू पनि कम थिएनन् । यस किसिमबाट २००७ साल पश्चात नेवारहरूले विभिन्न क्षेत्रहरूमा ( सरकारी सेवा, व्यापार व्यवसाय इत्यादि) आफ्नो प्रभुत्व कायम राख्न केहि हदसम्म सफल भएका थिए । उनीहरूको जाति प्रथामा आधारित सामाजिक संरचना २००७ सालपछि पनि केहि लचकता सहित अधिक मात्रामा पहिलेकै स्वरूपमा निरन्तरता पाइनै रहेको थियो ।

**– निर्दलीय निरंकुश पंचायती व्यवस्था अन्तरगत नेवार समुदायको स्थिति**

२०१७ सालमा निर्दलीय निरंकुश पंचायत व्यवस्थाको प्रादुर्भाव भएपछि विस्तारै देशका विभिन्न भागबाट अन्य समुदायका मानिसहरू नेवारहरूको आफ्नो आदिभूमि/पुर्ख्यौली थलो (नेपाल उपत्यका र वरपरका क्षेत्रहरू) मा बसाई सर्न थाले । यस्तो बसाई सर्ने प्रवृत्तिमा क्रमशः अभिवृद्धि हुँदै गयो । फलस्वरूप एकातिर नेवारहरूको आफ्नो आदिभूमिको भूस्वामित्वमा न्यूनिकरण हुने प्रवृत्तिको सुरूवाट भयो भने अर्कोतिर काठमाडौं उपत्यकाले विस्तारै एउटा विविध जाति र संस्कृतिहरूको संगम स्थलको (cosmopolitan) क्षेत्रको रूप ग्रहण गऱ्यो । यस्तो स्थितिमा नेवारहरू र अन्य नवआगन्तुक समूहहरूका बिचमा अन्तरसम्वन्ध अभिवृद्धि हुनु अस्वभाविक होइन । तथापि आफ्नो भूस्वामित्वमा कमी हुने प्रवृत्तिले निरन्तरता पाइनै रहेपनि नेवारहरूको प्रभुत्वमा त्यति कमी भने आएको थिएन । नेवारहरूको प्रभाव देशको राजनीति, निजामती सेवा एवं व्यापार व्यवसायमा धेरै वा थोरै मात्रामा कायमै रहेको थियो । पंचायत व्यवस्था भित्र रही कार्यरत रहेका नेवारहरू मन्त्री र प्रधानमन्त्री समेत भएका थिए । त्यस्तै निजामती सेवा, शिक्षा, स्वास्थ्य लगायत अन्य विभिन्न क्षेत्रहरूमा उनीहरूको उल्लेखनीय प्रभाव रहेको थियो । त्यस्तै पंचायत व्यवस्थाको विरोधी खेमाको राजनीतिमा पनि उनीहरूको उपस्थिति प्रभावशाली नै थियो । पुष्पलाल श्रेष्ठ, गणेशमान सिंह, तुलसीलाल अमात्य जस्ता नेताहरू पंचायत विरोधी राजनीतिमा सक्रिय थिए । अन्त्यमा नेपाली काँग्रेसका सर्वोच्च नेता गणेशमान सिंहकै नेतृत्वमा २०४६ सालमा सशक्त सफल आन्दोलन भयो र पंचायत व्यवस्थाको अन्त्य भयो । सो आन्दोलनमा निर्णायक भूमिका नेपाल उपत्यकाका नेवारहरूले नै खेलेका थिए । सो आन्दोलनमा शहिद हुनेहरू मध्य अधिकांश नेवारहरू नै थिए ।

माथि उल्लेख गरिएझैं राजनीतिमा मात्र नभइ निजामती सेवामा पनि पंचायती व्यवस्थाको तीस वर्षको अवधिमा नेवारहरूको प्रभाव उल्लेखनीय नै थियो । सो सेवाको विभिन्न तहहरूमा नेवारहरूको उपस्थिति संख्यात्मक दृष्टिकोणबाट कमी थिएन । व्यापार व्यवसायको क्षेत्रमा केही मात्रामा अन्य समुदायहरूले पनि विस्तारै आ-आफ्नो प्रभाव फैलाउदै गएको भएतापनि नेवारहरूको प्रभाव पनि कायमै रहेको थियो । यस किसिमले समग्रमा २००७ सालदेखि २०१७ सालसम्म

र २०१७ सालदेखि २०४६ सालसम्म नेवार समुदाय राष्ट्रिय जीवनको महत्वपूर्ण क्षेत्रहरूमा आफ्नो प्रभाव कायम राख्न केहि हदसम्म सफल नै भएको थियो भन्नु अत्युक्ति हुने छैन । तथापि पंचायती व्यवस्थाको अवधिमा पनि राणाकालमा जस्तै नेवारहरूमा विभाजनका रेखाहरू कोर्ने कार्य भने गरिएको थियो । ७५ जिल्लाहरूको श्रृजना गर्दा नै काठमाडौं उपत्यकाको नजिकको नेवार वस्तीहरूलाई काठमाडौं उपत्यकाका जिल्लाहरूबाट अल्लग्याइएको थियो । यसबाट नेवार समुदायको एकतामा नकारात्मक असर पर्न जानु स्वभाविकै थियो । त्यस्तै आफ्नै भूमिमा नेवारहरूको भूस्वामित्वमा कमी हुने क्रमको सुरूवाट ( विशेषत: २०३६ सालको जनमत संग्रह पश्चात) पनि पंचायती शासनकालमा नै भएको थियो । साथै जातिय परम्परा पनि नेवार समाजमा धेरै हदसम्म उक्त अवधिमा पनि कायम रहँदै नै आएको पाइन्छ । यस सम्बन्धमा विस्तृत चर्चा अर्को परिच्छेदमा गरिने छ ।

३.२.६ **२०४६ साल पश्चातको स्थिति**

२०४६ सालको राजनैतिक परिवर्तनपछि नेपाल उपत्यकामा देशको विभिन्न भागहरूबाट जनसमूहहरूको बसाई सर्ने प्रवृत्तिमा पहिलेको तुलनामा अति तिव्रगतिमा विकास भयो । फलस्वरूप अन्य क्षेत्रहरूमा धेरै हदसम्म प्रभाव कायम रहे पनि आफ्नै भूमि माथिको प्रभूत्वमा न्यूनिकरण हुने क्रममा तिव्रता हुन गएको पाइएको थियो । नवआगन्तुक विभिन्न समुदायहरू र नेवारहरूको बिचका अन्तरसम्बन्धमा अभिवृद्धि हुन गएको पाइन्छ । यसबाट निम्न प्रभावहरू पर्न गएको आभाष पाइन्छ ।

- साँस्कृतिक एवं सामाजिक अन्तरसम्बन्धको विकास
- नेवार समुदायको भूमिकामा न्यूनिकरण

\- **साँस्कृतिक एवं सामाजिक अन्तरसम्बन्धको विकास**

नेवारहरूको मूल थलो नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) र वरपरका क्षेत्रहरूमा तराईको छठ पर्व, पश्चिम नेपालको देउडा पर्व, थारूको माझी पर्व, गुरूङ्ग र तामाङ्ग लगायत अन्य विभिन्न जात जातिहरूका विभिन्न पर्वहरू पनि मनाउने प्रवृत्तिको विकास हुन गएको छ । यी पर्वहरूसित नेवारहरू पनि विस्तारै परिचित हुन थालेका छन् । त्यस्तै नेवारहरूको साँस्कृतिक पर्वहरू (आमाबाबुको मुख हेर्ने, म्हपूजा गर्ने लगायत विभिन्न चाडपर्वहरू) र नेवार समुदायको परम्परागत देवीदेवताहरूलाई अन्य नवआगन्तुक समुदायहरूले पनि विस्तारै अंगिकार गर्न थालेको पाइन्छ । यस किसिमले विभिन्न समुदायहरू र नेवारहरूको साँस्कृतिक पर्वहरूको बीचमा सामन्जस्यतामा अभिवृद्धि हुन जाने सम्भावना बढ्न गएको पाइन्छ । नेवारहरू र अन्य समुदायहरूको बीचमा केही मात्रामा भएपनि वैवाहिक सम्बन्ध कायम समेत हुन थालेको छ । यसबाट कालान्तरमा राष्ट्रिय एकतामा अभिवृद्धि गर्न सघाउ नै पुऱ्याउने आशा गर्न सकिन्छ ।

२०६२/६३ सालको जनआन्दोलन पश्चात नेपाल गणतन्त्रात्मक युगमा प्रवेश गर्नुको साथै २४० वर्ष पुरानो पृथ्वीनारायण शाहको वंशजको राजतन्त्रको अन्त्य भएको र गणतन्त्र नेपालको प्रथम राष्ट्रपति तराई मूलका रामवरण यादवले

राष्ट्राध्यक्षको हैसियतमा नेवारी संस्कृतिको अभिन्न अंगको रूपमा रहेको जीवित देवी कुमारीको दर्शन गर्न जानु भएको थियो । त्यस्तै राष्ट्राध्यक्षको हैसियतमा नै वहाँले नेवारी संस्कृतिको भोटो जात्रा, इन्द्र जात्रा जस्ता पर्वहरूमा उपस्थिति जनाउनु भइ रातो मच्छेन्द्रनाथ, मीननाथ, पाटनको जीवित देवी कुमारीको समेत पूजा गर्नु भएको थियो । त्यस्तै वहाँले नै भक्तपुरको नवदुर्गाको मन्दिरमा समेत पूजा गर्नु भएको थियो । यसबाट नेवारी संस्कृतिको प्रभाव एवं व्यापकताको अभिवृद्धि भएको छ । अन्य समुदायहरूमा पनि नेवारी संस्कृतिलाई मान्यता दिने प्रवृत्तिको विकास भएको छ । नेवार समुदाय र अन्य समुदायहरूको बीचको अन्तरसम्वन्धको अभिवृद्धिबाट परम्परागत नेवार जातिय प्रथामा केही मात्रामा खुकुलोपना पनि देखा परेको छ । तथापि व्यवहारमा जातीय कट्टरपना नेवारहरूमा अझै पनि धेरै हदसम्म कायमै रहेको पाइन्छ । यस सम्बन्धि विस्तृत चर्चा अर्को परिच्छेदमा गरिएको छ ।

- **नेवार समुदायको भूमिकामा न्यूनिकरण**

गणतन्त्रात्मक नेपालमा समावेशी राष्ट्रिय चरित्रमा जोड दिइएको पाइएको छ । तर यो सिद्धान्तको व्यवहारिकरणमा नै धेरै हदसम्म सिमितता पाइएको छ । व्यवहारमा एउटै समुदायको मात्र प्रभुत्व नेपालको राजनीति, प्रशासन, लगायत अन्य विभिन्न क्षेत्रहरूमा निकै मात्रामा अभिवृद्धि भइ नेवार लगायत अन्य विभिन्न समुदायहरूको प्रभुत्वमा कमी आएको पाइन्छ । नेवारहरूको सन्दर्भमा भन्ने हो भने त २०४६ साल पश्चात नै नेपालको राजनीति, प्रशासन, व्यापार व्यवसाय लगायत विभिन्न क्षेत्रहरूमा नेवार समुदायको भूमिकामा उल्लेखनीय रूपमा न्यूनिकरण भएको महसूस गरिएको छ । आफ्नै आदिभूमिमा उनीहरूको बहुसंख्याको स्थितिमा नकारात्मक असर पर्दै गएको पाइन्छ । त्यस्तै निजामती सेवा, राजनीति र व्यापार व्यवसायबाट उनीहरू तिब्रगतिमा विस्थापित भइरहेका छन् । त्यस्तै उनीहरूको जग्गा जमीनको स्वामित्वमा उल्लेखनीय मात्रामा घट्न गइरहेको छ । यही प्रवृत्ति कायम रहेमा नेपाल उपत्यकाका र वरपरका क्षेत्रहरूका नेवारहरूको स्थिति पश्चिम नेपालका थारूहरूको स्थिति जस्तै हुन गएमा कुनै आश्चर्य मान्नु पर्ने छैन ।

समग्रमा भन्ने हो भने करिव पाँच हजार वर्षदेखिको सामाजिक इतिहासको प्रतिनिधित्व गर्न[१७२] र अटूटरूपले प्राचिनकालदेखि हालसम्म पनि साँस्कृतिक एवं सभ्यताको विकास गर्दै आउन सफल भएको समुदाय हो नेवार । यस समुदायले अपनाउदै आएको वर्ण व्यवस्था र विविध संस्कार एवं कर्मकाण्डहरूबाट पनि यस समुदायको प्राचिनता स्पष्ट हुन आउछ । त्यस्तै यस समुदायमा कुनै समयमा प्रचलित रहेको सती प्रथा (हाल निषेधित) ले यसको प्राचिनताको पुष्ट्याई गर्दछ ।[१७३] तथापि विशेषत: २०४६ सालको राजनैतिक परिवर्तन पश्चात देशको सामाजिक, राजनैतिक, आर्थिक एवं प्रशासनिक क्षेत्र लगायत राष्ट्रिय जीवनका

[१७२] जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ११

[१७३] चित्तरञ्जन नेपालीले आफ्नो पुस्तकमा प्रस्तुत गर्नु भएको वि.सं १८८८ को सरकारी रूक्कामा नेवार समाजमा सती जाने चलन रहेको कुरा उल्लेख गरिएको छ । हेर्नुहोस, चित्तरञ्जन नेपाली, भीमसेन थापा र तत्कालिन नेपाल, नेपाल साँस्कृतिक संघ, काठमाडौँ, २०१३, पृष्ठ ३२२-३२७

अन्य विभिन्न क्षेत्रहरूमा यस समुदायको स्थिति एवं प्रभावमा न्यूनिकरणको प्रवृत्ति तड्कारो रूपमा देखिएको छ । र त्यस्तो अवान्छीत प्रवृत्तिमा द्रुततर गतिमा अभिवृद्धि भइरहेको महसूस गरिएको छ । यस्तो स्थिति प्रति नेवारहरू विशेष रूपले सचेत र चनाखो हुनु नितान्त आवश्यक छ ।

## ३.३ उपसंहार

यस परिच्छेदमा नेवार समाजको जाति प्रथाको विकास एवं पृष्ठभूमिको विश्लेषण गर्ने प्रयास गरिएको र त्यस्तो प्रयासबाट नेवार समुदायमा जातिय व्यवस्थाको विकास प्राचिनकालदेखि नै हुँदै आएको तथ्य स्पष्ट हुन आउँछ । प्राचिनकालमा नेवार समाजको लिच्छवीहरूले चार वर्ण १८ जातको विकास गरेका थिए भने मध्यकालमा नेवार समाजमा ४ वर्ण ६४ जात र ७२५ थरहरूको विकास भएको थियो । साथै संस्कृति, सभ्यता, भाषा र साहित्य, कला, धर्म, उद्योग व्यवसायको विकासको दृष्टिकोणबाट मध्यकाललाई "स्वर्णयूग" नै भन्न सकिन्छ । यस कालमा नेवार (तत्कालिन नेपाली) सभ्यताले जुन गति हासिल गऱ्यो त्यो दक्षिण एशियामा नै विशिष्ट थियो ।[१७४] त्यसपछि गोरखा राज्यको विस्तारिकरण भयो र तत्पश्चात् राष्ट्रिय जीवनको विभिन्न क्षेत्रहरूमा नेवार समुदायको भूमिकामा न्यूनिकरण हुन गयो र उनीहरू सत्ताबाट पूर्ण रूपमा बिस्थापित भए । उनीहरूको भाषा, संस्कृति, साहित्यलाई महत्व दिइएन । त्यस्तै स्थिति २००७ सालसम्म कायमै रह्यो । साथै जाति व्यवस्थाले पनि निरन्तरता पाइनै रह्यो । २००७ सालमा राणा शासन अन्त्य भए पश्चात् नेवार समुदायको भूमिका (राजनैतिक, प्रशासकीय, उद्योग व्यवसाय इत्यादि क्षेत्रमा) अभिवृद्धि हुँदै रह्यो । निरंकुश निर्दलीय पंचायत व्यवस्थाको अवधिमा नेवारहरूको भूस्वामित्वको न्यूनिकरण हुने प्रवृत्तिको विकास भयो र २०४६ सालमा निरंकुश पंचायत व्यवस्थाको अन्त्य भइ प्रजातन्त्रको पुर्नस्थापना भए पश्चात् शासन/प्रशासन, राजनीति, उद्योग, व्यापार, संचार जस्ता राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरूमा नेवार समुदायको भूमिकामा न्यूनिकरणको प्रवृत्ति तड्कारो रूपमा देखा पर्दै गएको महसूस हुन्छ । उनीहरूको आफ्नै आदिभूमिका उनीहरूको बाहुल्यता केवल सापेक्षित रूपमा (Relatively) मात्र रहेको पाइएको छ र उनीहरूको भूस्वामित्वमा पनि अधिक मात्रामा न्यूनिकरण हुँदै गइरहेको महसूस गरिएको छ । यस्तो स्थितिप्रति नेवारहरू अति चनाखो हुनुपर्ने कुराप्रति समयमै ध्यान पुऱ्याउन नितान्त आवश्यक छ भन्नु अत्युक्ति हुने छैन । अर्को परिच्छेदमा नेवार समाजको वर्तमान जातिय प्रथाको स्वरूपको बारेमा चर्चा गरिने छ ।

---

[१७४] प्रेम कुमार खत्री, भूमिका, चुन्दा बज्राचार्य, जितामित्र मल्लकालिन धरःपौं, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५३, पृष्ठ क

# ४
# वर्तमान जाति प्रथाको स्वरूप

## ४.१ पृष्ठभूमि

वर्तमान समयमा पनि नेवार समुदाय वर्ण व्यवस्था र जाति प्रथामा धेरै हदसम्म आधारित रहेको पाइन्छ । विशेषत: नेवार समुदायको हिन्दू वर्ग चार वर्ण र अनेक थरीका जातजातीहरूमा विभाजित रहेका छन् । वास्तवमा वैदिककाल देखि नै हिन्दू समाज वर्ण व्यवस्थामा आधारित हुँदै आएको पाइन्छ । र आजभन्दा करिव ६ शय वर्ष पहिले मध्यकालिन नेपालका राजा जयस्थिति मल्लले हिन्दू नेवार समाजलाई चार वर्ण, ६४ जात र ७२५ थरहरूमा विभाजन गरेका थिए र यस विषय वस्तुको विश्लेषण अघिल्लो परिच्छेदमा भइसकेको छ । हालसम्म पनि धेरै वा थोरै मात्रामा नेवार समाजको सामाजिक संरचना र तहगत श्रृंखला जयस्थिति मल्लबाट प्रतिपादित जातीय व्यवस्थामा आधारित रहेको पाइन्छ । हिन्दू नेवारहरू मात्र होइन बौद्ध धर्मावलम्वी नेवारहरूमा समेत केही मात्रामा जाति व्यवस्थाको विकास भएको पाइन्छ ।

## ४.२ वर्ण

प्राचिनकालदेखि विद्यमान जातिय व्यवस्थाको पहिलो रूप वर्ण व्यवस्था हो । यस वर्ण व्यवस्थाको सिद्धान्तलाई आर्यहरूले समाजमा आफ्नो अस्तित्व एवं प्रभुत्व दर्शाइ राख्न जातीय र साँस्कृतिक आधारमा प्रतिपादन गरेका थिए । शताब्दीयौ पुरानो यो व्यवस्था सम्पूर्ण हिन्दूहरूको सामाजिक व्यवस्थाको मूल आधार हो । खस समुदायमा ब्राह्मण, क्षेत्री र शुद्र वर्गहरू मात्र रहेका छन् । परम्परागत रूपमा भन्ने हो भने यस समुदायमा वैश्य वर्गको अभाव रहेको छ । तर नेवार समुदायमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चारै वर्णका मानव समूहहरू अझसम्म पनि विद्यमान रहेको पाइन्छ ।

### ४.२.१ ब्राह्मण :

प्राचिन लिच्छवीकालदेखि नै नेपाल उपत्यकामा ब्राह्मण वर्गको बसोवास हुँदै आएको कुरा इतिहासबाट थाहा पाइन्छ । मध्यकालमा कान्यकुन्ज वर्गका विभिन्न थरीका ब्राह्मणहरू उपाध्याय, मिश्र, झा, आदि भारतबाट नेपाल उपत्यका भित्र बसाई सरी बसोवास गर्न आएका थिए । द्रविद बर्गका भट्ट ब्राह्मणहरू पनि दक्षिण भारतबाट नेपाल प्रवेश गरेका थिए । त्यस्तै चक्रवर्ती, भट्टाचार्य, राय जस्ता थरहरू भएका बंगाली ब्राह्मणहरूले समेत नेपाल उपत्यकामा प्रवेश गरी यही बसोवास गरेका थिए भन्ने कुरा अघिल्लो परिच्छेदमा चर्चा भइसकेको छ । यी ब्राह्मणहरू मध्य जस जसले नेपाल भाषा बोल्ने र नेपाल उपत्यकाका संस्कृति अपनाएका थिए ती सवै नेवार ब्राह्मणको रूपमा रूपान्तरण भएका थिए । माथि उल्लेख गरिए झैं नेवार उपाध्याय ब्राह्मणहरूलाई शाहकालमा मात्र राजोपाध्याय थर लेख्न लगाएको थियो । उनीहरूले तत्कालिन मल्ल राजाहरूको राजपुरोहित र राजगुरूको रूपमा कार्य गर्नुको साथै माथिल्लो स्तरका हिन्दू नेवारहरूको पुरोहितको रूपमा समेत कार्यरत रहेका थिए र छन् । नेवार समुदायका झा, मिश्र, भट्ट बाहुनहरूले विशेषत मन्दिरहरूको पुजारीको रूपमा

कार्य गरिरहेका छन् । वंगाली ब्राह्मणहरू सायद अन्य किसिमका ब्राह्मणहरूमा विलिन भइसकेको आभाष पाइन्छ । कारण हाल ती ब्राह्मणहरूको छुट्टै अस्तित्व कायम रहेको देखिदैन ।

बौद्ध धर्मावलम्वीहरूमा सबभन्दा उच्च स्तरमा पर्ने बज्राचार्यहरूले पुरोहितको रूपमा कार्य गर्दछन् भने शाक्यहरूले विशेषत: मन्दिरहरूका पुजारीको रूपमा कार्य गर्दछन् । जे भएतापनि नेवार समुदायको ब्राह्मण वर्गले नेपालमा ज्ञान र विज्ञानको परम्परा कायम राख्नुको साथै सांस्कृतिक क्षेत्रमा समेत महत्वपूर्ण देनहरू दिएका छन् भन्नु अत्युक्ति हुने छैन ।[१]

## ४.२.२ क्षेत्री :

नेपाल भाषामा "स्यस्य" भनिने विभिन्न किसिम र अनगिन्ति थरहरू सहितका "श्रेष्ठ" वर्गलाई नेवार समुदायको "क्षेत्री" भनिन्छ । खस समुदायमा ब्राह्मण भन्दा मुनि र अन्य भन्दा माथिल्लो स्तरको बर्गलाई क्षेत्री भनिए झैं नेवार समुदायमा पनि नेवार ब्राह्मणभन्दा मुनि र अन्य भन्दा माथिल्लो वर्गका "स्यस्य"/श्रेष्ठलाई क्षेत्री भनिन्छ । श्यामलदाशले पनि श्रेष्ठहरूलाई क्षेत्री हुन भनेका छन् भने[२] जगदीश चन्द्र रेग्मी जस्ता विद्वानहरूले पनि श्रेष्ठहरूलाई क्षेत्रीको रूपमा स्वीकार गरेका छन् ।[३] "श्रेष्ठ" (स्यस्य) पनि कुनै पारिवारिक थर नभइ सामुहिक थर हो । "श्रेष्ठ" समूह भित्रका सवै थरहरूको परिवारहरूमा ब्रतबन्ध/उपनयनको संस्कार अनिवार्य रूपले गर्नुको साथै धेरै श्रेष्ठहरू (विशेषत: ६ थरी श्रेष्ठहरू) ले जनै लगाउनुको[४] साथै दिक्षा लिने पनि चलन रहेको पाइन्छ । बाबुआमाको मृत्यु हुँदा छोराहरूले अनिवार्य रूपमा क्रिया वस्नु पर्ने परम्परा यिनीहरूमा रही आएको पाइन्छ ।

नेवार समुदायको सामाजिक तहगत श्रृंखलामा माथिल्लो स्तर (ब्राह्मण भन्दा मात्र मुनि) मा पर्ने श्रेष्ठहरूले सांस्कृतिक परम्परा कायम गर्ने र अभिवृद्धि गर्ने कार्यमा ठूलो योगदान दिइ आएको पाइन्छ । ब्राह्मणपछि सवभन्दा बढी शिक्षित र उद्यमी वर्ग हो श्रेष्ठ र मल्लकालमा यिनीहरूले भारदारको रूपमा कार्य गर्ने भएकोले यिनीहरूलाई "भारो" भनिन्थ्यो र यही भारदारी हैसियतको कारण यिनीहरूलाई हालसम्म पनि "काजी" भनि सम्मानजनक रूपमा सम्बोधन गर्ने चलन पनि रही आएको पाइन्छ ।[५] यिनीहरूले तत्कालिन समयमा राजनीतिमा सक्रिय रूपले भाग

---

१ जगदीश चन्द्र रेग्मी, नेवारी संस्कृतिको रूपरेखा, अफिस अफ नेपाल एण्टीक्वेरी, काठमाडौं, २०३५, पृष्ठ ६

२ हेर्नुहोस्, परिशिष्ट ३.९

३ जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ६-८

४ भक्तपुरमा ६ थरी श्रेष्ठहरूलाई मात्र सच्चा स्यस्य (श्रेष्ठ)को रूपमा मान्यता दिने मानसिकता रहेको पाइन्छ । पाँचथरी श्रेष्ठलाई खास मान्यता दिने मानसिकताको अभाव देखिन्छ । तर काठमाडौंमा ६ थरी र पाँच थरी दुवै किसिमका श्रेष्ठहरूलाई मान्यता दिने प्रचलन रहेको पाइन्छ । केवल तिनीहरूको सामाजिक स्तरमा मात्र परम्परागत दृष्टिकोणबाट केही फरक गरिएको पाइन्छ । पनौतीको सन्दर्भमा टोफिनले ६ थरी श्रेष्ठहरूलाई श्रेष्ठ समूहमा राखेका छैनन् । कारण उनीहरूले अरू श्रेष्ठहरूसँग समिश्रण गरेका छैनन् । ब्राह्मणको अतिरिक्त उनीहरूले मात्र जनै लगाउने अधिकार पाएका छन् । हेर्नुहोस्, डेक्कान क्वीग्ले, श्रेष्ठज: हैरेटोजिनीति एमोङ्ग हिन्दू पायट्रोन लाइनेजंग, डायभीड एन. गेलनर आयण्ड डेक्कान क्वीग्ले (सम्पादकहरू), कन्टेस्टेड हायरकी, अक्सफोर्ड यूनिभरसिटी प्रेस, कलकत्ता, १९९९, पृष्ठ ८५

५ जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ८

लिनुको साथै शासन/प्रशासन संचालन गर्ने, देशको सुरक्षा गर्ने[६] जस्तो गहन अभिभाराहरू लिइ जिम्मेवारी वहन गर्ने गरेको कुरा इतिहासबाट नै स्पष्ट हुन्छ। इस्वी सम्वत् १९३६ (वि.सं.१९९३) मा जारी गरिएको एउटा इस्तिहारमा पनि श्रेष्ठ समूहलाई "क्षेत्री" भनी स्पष्ट किटानका साथ उल्लेख गरिएको कुराको चर्चा अघिल्लो परिच्छेदमा भइसकेको छ। नेपाल भाषामा "स्यस्य" भनिने यस श्रेष्ठ वर्गमा विभिन्न पारिवारिक थरहरू (प्रधान, अमात्य, राजभण्डारी, जोशी, राजलवट, ग्वंग, वैद्य, दुवार, साहु, चिपालु इत्यादि) भएका सवै परिवारहरू पर्दछन्।

### ४.२.३ वैश्यः

खास गरी व्यापार, उद्योगधन्दा, कृषि जस्ता कार्य क्षेत्र र सुन, धातु, काठ, काँस, तामा ढुंगा आदि वस्तुहरूसित सम्बन्धित कार्य गर्ने मानिसहरूको समूहहरू वैश्य वर्गमा पर्दछन्। धेरै पहिलेदेखि गृहस्थ जीवन विताइ आएका बौद्धमार्गीहरू ( तुलाधर, उदास, इत्यादि) र कृषि क्षेत्रमा संलग्न रहेका महर्जन, डंगोल इत्यादि "ज्यापू" (सापु र मेपु लगायत)[७] समूहका व्यक्तिहरू सामूहिक रूपमा वैश्य वर्गमा पर्दछन्। भक्तपुरका कायस्थहरूलाई पनि जगदीश चन्द्र रेग्मीले वैश्य वर्गमा समावेश गर्नु भएको छ।[८] वास्तवमा यो सत्य होइन। कायस्थ (कसजु) हरू ६ थरी स्यस्य/श्रेष्ठ हुन्। मल्लकालमा उनिहरू सरकारी लेखनदासको रूपमा कार्यरत रहेका थिए। जे भएता पनि समग्रमा नेपाल उपत्यकामा कलाकौशल, कृषि, उद्योगधन्दा एवं व्यापार व्यवसायको विकास गर्ने कार्यमा यस वैश्य वर्गको ठूलो योगदान रहेको छ र विस्तारित नेपालमा समेत यिनीहरूको उक्त क्षेत्रहरूमा उल्लेखनीय योगदान रहिआएको पाइन्छ।

### ४.२.४ शुद्र वर्ग

परम्परागत दृष्टिकोणबाट भन्ने हो भने हेलु (पहिलेको आभीर जाति)[९] कसाई, पोडे[१०], कुसले, कुलु, च्यामे, हाराहुरू इत्यादि जातका व्यक्तिहरू परम्परागत रूपमा शुद्र वर्गमा पर्दछन्। परम्परागत सिद्धान्त अनुसार शुद्रहरू पनि दुई वर्गमा विभाजित छन्। सत् र असत्। यस समूहका व्यक्तिहरूले पनि समाजमा सरसफाई गरी स्वच्छ वातावरण श्रृंजना गर्ने र अन्य वर्गहरूको लागि अति

---

६ नेपाल सम्बत् ८५१ मा गोरखा, काठमाडौं र ललितपुर मिलि संयुक्त रूपमा भक्तपुर अर्न्तगतको वांभु इलाका (हाल दधिकोटको डोल तिर पर्ने अनुमान गरिएको) हमला गरी कब्जा जमाएका थिए। त्यसपछि तत्कालिन राजा रणजित मल्लको आव्हानमा मध्यपुर, नगदेश, बोडे र चोपुर (हाल चित्रपुर) को जनता मिलेर शत्रु माथि आक्रमण गरी धेरै शत्रुहरूको हत्या गरी आफ्नो इलाका पुनः फिर्ता लिएका थिए। राजा रणजित मल्ल खुशी भइ उक्त गाउँहरूको जनतालाई नगद र जिन्सी पुरस्कार दिनुको साथै एउटा गीत (वाभुः प्रत्याक्रमण र फिर्ता लिएको बारे) समेत उपहार दिएका थिए। मध्यकालमा यसरी आक्रमण गर्न आएका शत्रुहरूसित नेपाल उपत्यकाका राजा, भारदार र जनताहरूले सफलताका साथ धेरै पटक मुकाविला गरेका थिए। हेर्नुहोस्, विस्तृत विवरणको लागि, सुभास राम प्रजापति, मल्लकालिन रणभूमि वाभु, नेवाटेक इन्कर्पोरेटेड, वाशिङ्गटन, (अमेरिका) सन् २००७ र कविताराम श्रेप्ठ, के नेवारहरू साँच्चै कातर हुन् त ?, समकालिन साहित्य, वर्ष १०, अंक ३

७ जगदीश चन्द्र रेग्मीले "ज्यापू समूहलाई शुद्र वर्गमा राख्नु भएको छ। वास्तवमा यो सत्यताबाट टाढाको वर्गीकरण हो। हेर्नुहोस्, जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ९

८ ऐजन, पृष्ठ ९

९ प्राचिनकालका शासक वर्गका जिष्णु गुप्त र विष्णु गुप्त जस्ता शासकहरू यही आभीर खलकमा हुन्। साथै गोपाल र महिपपाल वंशी राजाहरूलाई पनि आहिरवंशी वा आभीर वंशी राजाहरू भनिन्छ।

१० कसाई, पोडे, माथिल्लो स्तरबाट तल्लो स्तरमा झरेका वा झारिएका जात बुझिन्छ। वर्तमान वंगाल क्षेत्रको पौण्ड्र भन्ने ऐतिहासिक नाउबाट पोडे कहलिएका हुन भने एक थरीको भनाइ रहेको छ। कुनै बाध्यात्मक परिस्थितिमा "अर्ना" (राँगो) काट्ने काम गर्नु परेकोले कसाई भइ माथिल्लो स्तरबाट तल्लो स्तरमा झारिएका जात कसाइ हो भनिन्छ।

आवश्यक पर्ने सेवाहरू प्रदान गर्ने जस्ता कार्यहरू गरि समग्र समाजको विकासमा ठोस योगदान पुऱ्याउँदै आएका छन् ।

## ४.३ जातिय विभाजन

### ४.३.१ जाति प्रथाको विकासको आधारहरू

सिद्धान्ततः जाति प्रथाको विकास मुख्यतया ७ वटा आधारहरूमा आधारित रहेको विद्धानहरूको मत रहेको पाइन्छ । त्यस्ता आधारहरू हुन् :

- जनजाती
- व्यवसाय परक जाति
- सम्प्रदाय आश्रित जाति
- वर्णशंकर जाति
- राष्ट्रिय भावना प्रेरित जाति
- प्रादेशिक परक जाति र
- रितिरिवाज परक जाति[११]

वैदिककालदेखि नै हिन्दू सम्प्रदायको समाजमा विभिन्न जातहरू विद्यमान रही आएका छन् । यस्तो जातीय व्यवस्थाले मानिसहरूलाई आचरणवद्ध गर्दछ । वास्तवमा समाज भित्रको सवै मानिसहरूलाई तिनिहरूको वंशज, वैवाहिक सम्बन्ध, खानपिन सम्बन्धी आचरण र पेशाको आधारमा समूहगत रूपमा विभाजन गरिएको पाइन्छ । धेरै वा थोरै मात्रामा प्रत्येक व्यक्तिले आफू जुन वर्ण, वंशज र जातिमा जन्मेका हुन्छन, सोही वर्ण, वंश र जातिको संस्कार अनुरूप आचरण गरिरहेका हुन्छन् । वास्तवमा, ऋगवेदमा पनि वप्र (नाउ), तष्टा (यनिर्माता), वस्टा (सिकर्मी), भिषक (वैद्य) कर्माट (कामी) आदि पेशापरक जातहरू उल्लेख गरिएको पाइन्छ ।[१२]

हुनतः जाति प्रथाले समाजको गतिमा जटिलता ल्याएको हुन्छ । एक अर्काको परम्परा, रितिरिवाज, र नियमहरूले जातीगत भिन्नता प्रदर्शन गरेको हुन्छ । तथापि नेपाल उपत्यकाको नेवार समुदायमा यस जातीय व्यवस्थाले अहिले पनि महत्व राखेको पाइन्छ । माथि उल्लेख गरिए झैं मल्लकालिन राजा जयस्थिति मल्लले जातीय विभाजनलाई व्यवस्थित गर्न "स्थिति" (code) नै बाँधि दिएका थिए र सोही "स्थिति" अनुरूपको जातीय विभाजन धेरै वा थोरै मात्रामा वर्तमान अवस्थामा पनि विद्यमान रहेको पाइन्छ ।

तत्कालिन जाति विभाजन सहितको पुस्तक जातिमाला पनि प्रकाशित भएको छ ।[१३] डेनियल राइटले पनि उक्त जाति विभाजनको बारेमा उल्लेख गर्नुभएको छ ।[१४] नेवार समाज भित्रको वंशज, खानपिनको आचरण, वैवाहिक सम्बन्ध र पेशागत पृष्ठभूमिको आधारमा नेवारहरूलाई जातिगत रूपमा विभाजन गरिएको छ । दही उत्पादन गरी बिक्री वितरण गर्ने परिवारलाई अहिले पनि धौवंजा भनिन्छ । तत्कालिन मल्ल राजाहरूको

[११] तारानन्दन मिश्र, रोलम्वा, २१ नं. १,२ र ३ जनवरी सेप्टेम्वर २००१

[१२] जनकलाल शर्मा, हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, पृष्ठ ६२

[१३] हरिराम जोशी, रोलम्वा, भोलुम १ नं. १, जनवरी-मार्च, १९८१, पृष्ठ ७०

[१४] हेर्मुहोस, डेनियल राइट, हिस्ट्री अफ नेपाल, रन्जन गुप्ता, कलकत्ता, १९६६

दरवारमा दही पुऱ्याउने कार्य यही धौवंजा थर भएको परिवारले गर्दथ्यो । त्यस्तै पशुपंक्षी र कृषि उत्पादनसित सम्बन्धित जातहरू पनि छन् । माछाको टाउको जस्तो देखिएको व्यक्तिलाई "न्याछ्यो" भनियो र निजको परिवारको थर नै "न्याछ्यो" रहन गयो । त्यस्तै ग्वंगजु, माकजु र मुस्याजु आदि थर/जातहरूलाई पनि उदाहरणको रूपमा लिन सकिन्छ । समग्रमा नेवार समुदायका विभिन्न वर्णहरू अर्न्तगतका जात/थरहरूको विकास पेशा, बस्ने ठाउँको नाम, बस्ने घरको आकार-प्रकार, शारिरीक विशिष्टता, जनावरहरूको नाम, व्यक्तिगत स्वभाव, खाद्य पदार्थ इत्यादि आधारहरूमा आधारित रहेको पाइन्छ ।[१५] काठमाडौं रविभवन निवासी प्रेमनारायण कर्माचार्यले भक्तपुरको सन्दर्भमा सबै किसिमका जात/थरहरू (ब्राह्मण देखि शुद्रसम्मका जात/थरहरू) लाई अंकको आधारमा छुट्याएको) को विवरण तयार गर्नु भएको छ ।[१६] उहाँले विभिन्न जात/थरहरूलाई ३,४,५,६ जस्ता अंकहरू दिइ छुट्याउनु भएको छ । ६ अंकको जति ६ थरी र ५ अंकको जति पाँच थरी श्रेष्ठमा पर्ने बुझिन्छ । त्यसपछि क्रमशः ४ र ३ नम्वरहरूमा अन्य जात/थरहरू पर्दछन् । तुलनात्मक रूपमा ४ अंकमा पर्ने जात/थरहरू अलि माथिल्लो स्तरमा पर्दछन् र ३ अंकमा पर्नेहरू उनीहरूभन्दा अलि मुनि पर्दछन् । करिव यस्तै प्रारूप (Model) सित मेलखाने किसिमको भक्तपुरकै सन्दर्भमा लेभीले पनि जात/थरहरूको विवरण तयार गर्नु भएको छ । उहाँले स्पष्ट रूपमा ६ थरी र पाँच थरी छुट्याउनु भएको छ र अन्य समूहहरूको थरहरूलाई समूह "ए","वी" र "सी" समूहकृत गर्नु भएको छ ।[१७]

### ४.३.२ प्रमुख जातहरू

#### ४.३.२.१ राजोपाध्याय र अन्य ब्राह्मणहरू

नेवार समुदायको सामाजिक तहगतं श्रृंखलामा सवभन्दा माथिल्लो स्तरमा राजोपाध्याय र अन्य ब्राह्मणहरू पर्दछन् । सुरूमा उपाध्याय नै थर भएका ब्राह्मणहरूलाई शाहकालमा खस ब्राह्मणबाट अलग्ग हुने गरी स्पष्ट गर्नको लागि राजोपाध्याय (नेवारीमा जुजुबाजे/राजाको ब्राह्मण) लेखाउन लगाएको हुनु पर्दछ । यी राजोपाध्यायका साथै नेवार समुदायमा अरू किसिमका ब्राह्मणहरू (भट्ट, झा, मिश्र आदि) पनि छन् । नेपाल भाषालाई आफ्नो मातृभाषाको रूपमा ग्रहण गरेका र नेपाल उपत्यकाको संस्कृतिलाई अपनाएका[१८] यी सवै किसिमका नेवार ब्राह्मणहरू धेरै अगाडि खस समुदायका ब्राह्मणहरू जस्तै भारतबाट नेपाल आइ यही बसोबास गरेका थिए भन्ने कुराको चर्चा परिच्छेद ३ मा नै भइसकेको छ ।[१९] नेवार भट्ट, मिश्र र झा बाहुनहरूले मल्लकालदेखिनै मठमन्दिरहरूका पुजारीको रूपमा कार्यरत रही आएका छन् भने राजोपाध्यायहरूले उच्च स्तरीय हिन्दू

---

१५ हेर्नुहोस्, विस्तृत चर्चाको लागि, सुभाष राम प्रजापति, संस्कृति भित्र ..., नेवाटेक इन्करपोरेटेड, वाशिङ्गटन (अमेरिका), २०६३, पृष्ठ ४६-४७

१६ हेर्नुहोस्, विस्तृत विवरणको लागि, परिशिष्ट ४.१ । यसमा दिइएको विवरणहरू कर्माचार्यको आफ्नो निजी अवधारणामा आधारित छन् । यसलाई यस ग्रन्थकारको सहमती/असहमतीको रूपमा सम्झनु मिल्दैन ।

१७ हेर्नुहोस्, विस्तृत विवरणको लागि, रवर्ट आइ.लेभी, मेसोकोजमः हिन्दूज्म आयण्ड दि अर्गनाइजेशन अफ ए ट्रायडिशनल नेवार सिटी इन नेपाल, मोतीलाल वनारसी दास पब्लिसर्स प्राइभेट लिमिटेड, दिल्ली, १९९२, पृष्ठ ६२५-६२९

१८ नेवार समुदायमा समाहित नभइ आफ्नो छुट्टै पहिचान कायम राखेर बसेका भट्ट, मिश्र र झा ब्राह्मणहरू पनि अहिलेसम्म पनि नेपाल उपत्यकामा पाइन्छ । तर यिनीहरू गोरखाली विजय पश्चात मात्र नेपाल उपत्यकामा प्रवेश गरेको हुनु पर्दछ ।

१९ दक्षिण भारतको असल ब्राह्मण नारायण शर्मा नेपाल आइ राजा शिव सिंहका गुरू बन्नुको साथै यहाँ नै बसोबास गरेका थिए । उनको र उनको परिवारको बारेको चाखलाग्दो वर्णन पाटन सुनागुठी भृङ्गारेश्वर महादेव मन्दिरको शिलालेखमा उल्लेख गरिएको छ । यो शिलालेख नारायण शर्माको छोरा महादेवले राख्न लगाएको थियो । हेर्नुहोस्, धनवज्र वज्राचार्य, **मध्यकालको अभिलेख**, नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाडौं, २०५६, पृष्ठ, ५२

नेवारहरूको पुरोहितको रूपमा कार्यरत रहेका हुन्छन् । यी सवै किसिमका ब्राह्मणहरूले बैदिक विधि अनुसार नै आ-आफ्नो कार्यहरू गर्दछन् । यिनीहरूले अनिवार्य रूपले जनै धारण गर्नुको साथै परम्परा अनुसार मध्यपान गर्न नहुने र माछा, मासु, गोलभेंडा र प्याज समेत खान नहुने व्यवस्था गरिएको छ । यसको अतिरिक्त माथि उल्लेख गरिए अनुसारको श्यामल दासको विभाजन अनुसारका लवरजु ब्राह्मण[२०] हाल अस्तित्व रहेको पाइदैन । सायद यिनीहरू राजोपाध्याय वा अन्य नेवार ब्राह्मणहरूमा बिलिन भइसकेको हुनु पर्दछ । त्यस्तै मध्यकालमा अस्तित्वमा रहेका बंगाली नेवार ब्राह्मणहरू पनि हाल अन्य नेवार ब्राह्मण बा श्रेष्ठ समूहमा नै बिलिन भइसकेको आभाष पाइन्छ ।

### ४.३.२.२ श्रेष्ठ : नेवार क्षेत्रीहरू

माथि उल्लेख गरिए जस्तै नेवार समुदायको क्षेत्री वर्णका रूपमा परिचित नेपाल भाषामा स्यस्य भनिने श्रेष्ठहरूको विवेचना साधारतया निम्न बुँदाहरूको आधारमा गर्न सकिन्छ :

- सामुहिक थरको रूपमा श्रेष्ठ
- भारदार वर्गको रूपमा श्रेष्ठ समूह
- ६ थरी र ५ थरी श्रेष्ठहरू
- क्षेत्रगत (Area Specific) रूपमा पाइने जातिय समूहकरण

**- सामुहिक थरको रूपमा श्रेष्ठ**

श्रेष्ठहरू नेवार समुदायका क्षेत्री हुन् भन्ने कुरा माथि चर्चा भइसकेको छ । नेपाल भाषामा "स्यस्य" भनिने श्रेष्ठको शाब्दीक अर्थ हो उत्तम, सर्वोच्च, अतिराम्रो । तर ऐतिहासिक दृष्टिकोणबाट भन्ने हो भने यो भारदारहरूको वर्ग हो । नेवार समुदाय अर्न्तगतका स्यस्य/श्रेष्ठ समूह अति विशाल छ । माथि उल्लेख गरिए जस्तै यो कुनै पारिवारिक थर नभइ नेवार ब्राह्मण भन्दा मुनि र अरूहरू भन्दा माथिल्लो स्तरका वर्गलाई सामुहिक रूपमा "स्यस्य" (श्रेष्ठ) भनिएको हो । यो वास्तवमा एउटा सामुहिक थर (Collective Surname) हो । खस बाहुनले "शर्मा" र खस क्षेत्रीले "क्षेत्री" थर लेखे जस्तै नेवार ब्राह्मणभन्दा मुनि र अरूभन्दा माथिल्लो जातका सवै किसिमका पारिवारिक थरहरू भएका परिवारहरूले प्रयोग गर्न हुने र प्रयोग गर्न सक्ने थर हो स्यस्य ( श्रेष्ठ) । श्रेष्ठ वर्ग अर्न्तगत असंख्य पारिवारिक थरहरू-प्रधान, मास्के, राजभण्डारी, भँडेल, व्याजु, साहु, चिपालु, साखः इत्यादि पर्दछन् ।[२१] यी थरहरू खस

---

२० हेर्नुहोस, विस्तृत विवरणको लागि, परिच्छेद -३

२१ ६ थरी कहालिएका श्रेष्ठहरूले साधारणतया आफ्नै पारिवारिक थरहरू लेख्ने गर्दछन् । तथापि कयौं ६ थरी परिवारहरूले पनि आफ्नो पारिवारिक थर नलेखी सामुहिक थर "श्रेष्ठ" नै लेख्ने गरेको पनि पाइएको छ । उदाहरणको लागि, पारिवारिक थर राजभण्डारी भएपनि सो थर नलेखी श्रेष्ठ थर नै प्रयोग गर्दै आएका छन् काठमाडौं भीमसेनथान निवासी पद्म श्रेष्ठले । त्यस्तै काठमाडौं चिकंमुगल टोल निवासी द्वारिकामान श्रेष्ठको पारिवारिक थर पनि राजभण्डारी नै हो । तथापि निजको परिवारले पनि "श्रेष्ठ" थर नै प्रयोग गर्दै आएका छन् । कीर्तिपुर निवासी चन्द्रबहादुर श्रेष्ठको पुर्ख्यौली थर पनि राजभण्डारी नै हो । तर उहाँको परिवारले पनि "श्रेष्ठ" थर नै प्रयोग गर्दै आएका छन् । वरिष्ठ चार्टड एकाउन्टेन्ट शिवचन्द्र श्रेष्ठको पारिवारिक थर "जोशी" हो तर निजले पनि "श्रेष्ठ" थर नै लेख्दै आएका छन् । बन्दिपुर निवासी राजकुमार श्रेष्ठ को पारिवारिक थर पनि "शुलप्या जोशी" हो । तर निजले श्रेष्ठ थर नै प्रयोग गर्दै आउनु भएको छ । त्यस्तै यस पुस्तकका लेखकको पुर्ख्यौली थर पनि "जोशी" नै हो । तर धेरै पुस्ता अघिदेखि निजको परिवारले श्रेष्ठ थर नै लेख्दै आएका छन् ।

ब्राह्मणहरूको खनाल, घिमिरे, नेपाल जस्ता पारिवारिक थरहरू वा खस क्षेत्रीहरूको खड्का, थापा, भण्डारी जस्ता पारिवारिक थरहरू हुन् । नेवार समुदायको स्यस्य/श्रेष्ठ वर्गमा खस समुदायका थापा, खत्री, जस्ता थरहरू र राठौर/ राइठोर, चौहान, हाडा, जस्ता राजपुतहरूका थरहरू पनि हालसम्म विद्यमान रहेको पाइन्छ । "श्रेष्ठ" भन्ने थरको अस्तित्व लिच्छवीकालमा पनि रहेको थियो भन्ने कुरा माथि उल्लेख भइसकेको छ ।[२२] जे भएतापनि नेवार समुदायका श्रेष्ठहरू अन्य आर्यहरू जस्तै इतिहासको कुनै कालखण्डमा भारतबाट नै नेपाल आएका थिए । भारतमा अहिले पनि "कुलश्रेष्ठ" भन्ने थर पाइन्छ । भारतमा उक्त थर ब्राह्मण वर्गमा पर्दछ ।

- **भारदार वर्गको रूपमा श्रेष्ठ समूह**

माथि उल्लेख गरिए झैं श्रेष्ठ[२३] शब्दको सम्बन्ध भारदारको[२४] अर्थमा प्रयोग गरिएको "शिष्ट" भन्ने शब्दसित सम्बन्धित रहेको छ । इ.सं १५५९ को एउटा ताम्रपत्रमा भारदारलाई श्रेष्ठको रूपमा प्रयोग गरिएको छ । साथै मध्यकालमा भारदारको अर्थमा "भारो" र "भावो"[२५] शब्दहरूको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । मध्यकालका भारो र भावो नै आजका ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठ हुन् । आजकाल पनि पारिवारिक अभिलेखहरू (चिना, जन्मकुण्डली आदिमा) श्रेष्ठको सट्टा "भारो" शब्द प्रयोग गर्ने चलन रहेको छ ।[२६] वास्तवमा स्यस्य/श्रेष्ठ कुनै खास थर नभइ थरहरूको समूह हो । टोफिनले लेखेका छन् : Shresthas one of the most numerons groups in Newar society deserving less and less to be described as a caste[२७] । उहाँले फेरी लेख्नु भएको छ : Shresthas are an aggregation of groups rather than a single group and the differences between these groups are fundamental to the way in which Shresthas perceive themselves[२८]। यसको साथै क्षेत्रगत आधारमा पनि स्यस्य/श्रेष्ठहरू समूहकृत भएका छन् । यसरी विभिन्न समूहहरूमा विभाजित श्रेष्ठहरूको बिचमा एकरूपता ल्याउने मुख्यतया निम्न तिनवटा कारक तत्वहरू छन् :

- पहिलो, अन्य जातहरूका समूहहरूलाई संरक्षण प्रदान (patronge) गर्ने सवै किसिमका स्यस्य/श्रेष्ठहरूको परम्परागत कार्यबाट उनीहरूमा मनोवैज्ञानिक रूपले "हामी सबै उच्चस्तरीय सामाजिक समूहका हौं" भन्ने भावना श्रृजना गरेको हुन्छ । यसरी संरक्षकत्वको

२२ हेर्नुहोस्, विस्तृत विवरणको लागि, परिच्छेद-३

२३ जगदीश चन्द्र रेग्मीले श्रेप्ठ र श्रेप्ट भन्ने दुई किसिमका शब्दहरू प्रयोग गर्नुभएको छ । यी दुई मध्य मुल शब्द श्रेप्ठ हो र यो शब्द नै "शिप्ट" भन्ने शब्दसित सम्बन्धित छ । हेर्नुहोस्, जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ७

२४ गोपाल वंशावलीमा भारदारको अर्थमा "शिप्ट" शब्द प्रयोग गरिएको छ ।

२५ हेर्नुहोस्, विस्तृत चर्चाको लागि, परिच्छेद-३

२६ जगदीश चन्द्र रेग्मी, माथि उल्लेखित, पृष्ठ ७-८

२७ Quoted in Declan Quigley, Shrestha, Heterogeniety among Hindus Patron Lineages, in David N. Gellner and Declan Quigley (eds), Contested Hierarchy, Oxford University Press, Calcutta, 1999

२८ ऐजन

परम्परागत कार्य सम्पादन गर्ने सन्दर्भमा एकातिर उनीहरूले राजोपाध्याय ब्राह्मणहरू जस्तै कर्मकाण्ड एवं अन्य धार्मिक कार्यहरू सम्बन्धि विशेषज्ञहरू, ज्यापूवर्ग (महर्जन) जस्ता शिपयुक्त जातिय समूह र अन्य शिप भएका जातहरूको समुहहरूको सेवा प्राप्त गर्ने गर्छ भने अर्कोतिर त्यस्तो सेवा प्राप्त गरे वापत दानदक्षिणा वा पारिश्रमिक दिइ आर्थिक रूपले उनीहरूको संरक्षण गरेको हुन्छ ।

- दोस्रो, गैर श्रेष्ठहरूको लागि सबै किसिमका स्यस्य/श्रेष्ठहरूको वंशज एउटै वंशज जस्तो भान हुन्छ । यसबाट गैर श्रेष्ठहरूको नजरमा सवै किसिमका स्यस्य/श्रेष्ठहरूले समाजमा सम्मानजनक स्थान प्राप्त गरेका हुन्छन् । कारण, गैर श्रेष्ठहरूको सेवा माथि परम्परागत रूपमा सबै किसिमका स्यस्य/श्रेष्ठहरूले प्रभुत्व स्थापना गरेका हुन्छन् । यस्तो प्रभुत्व स्थापना गर्ने क्षमताबाट नै सवै किसिमका स्यस्य/श्रेष्ठहरूमा एक किसिमको उच्च स्तरीय बंशजको भावनाको विकास भएको पाइन्छ ।

- तेस्रो, सबै किसिमका स्यस्य/श्रेष्ठहरूको सामाजिक संस्कारहरूमा धेरै हदसम्म एकरूपता पाइन्छ । तर यस्तो सामाजिक संस्कारहरूका कैयौं पक्षहरू अन्य गैर श्रेष्ठ संमूहहरूका सामाजिक संस्कारहरूसित भने मेल नखाएको पनि पाइन्छ ।[२९] जे भएता पनि विभिन्न किसिमका स्यस्य/श्रेष्ठहरूको सामाजिक संस्कारहरूमा पाइने समानताबाट उनीहरूमा भावनात्मक एकरूपता पनि ल्याउन सघाउ पुऱ्याउन सक्दछ ।

- **६ थरी र पाँच थरी श्रेष्ठहरू**

माथि उल्लेख गरिए झैं स्यस्य/श्रेष्ठहरू आन्तरिक रूपले विभिन्न वर्ग एवं श्रेणीहरूमा विभाजित छन् । कुन बंशजका श्रेष्ठहरू कुन श्रेणीमा पर्ने वा नपर्ने हुन भन्ने बारेमा श्रेष्ठहरू आफैंमा अटूट रूपले मतमतान्तर भइ आएको पाइन्छ । श्रेष्ठ भएमा पनि ति श्रेष्ठहरू कुन श्रेणी वा वर्गका श्रेष्ठ हुन् भन्ने प्रश्न उठाइन्छ । ती श्रेष्ठहरू भारदार वर्ग, सर्वसाधारण वर्ग, तल्लो वर्गमा झरिसकेका श्रेष्ठ वर्ग वा तल्लो जातले आफूलाई श्रेष्ठ हौ भनी दावी गरी श्रेष्ठ भएकाहरूको वर्ग सम्ममा पनि पर्न सक्दछन् । तथापि मोटामोटी रूपमा श्रेष्ठहरूलाई दुई श्रेणीहरूमा विभाजन गरिएको पाइन्छ । ती हुन् : ६ थरी स्यस्य/श्रेष्ठ र पाँच थरी स्यस्य/श्रेष्ठ । यहाँ ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठहरूको बारेमा निम्न बुँदाहरूको आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ :

---

२९ भापागत रूपमा समेत श्रेप्ठहरू र गैर श्रेप्ठहरूमा केही भिन्नताहरू रहेको पाइन्छ । उदाहरणको लागि "भाउजु" शब्दको लागि श्रेप्ठहरूले "तताजु" शब्द प्रयोग गर्दछन् भने बज्राचार्यहरूले "पीत:" शब्द प्रयोग गर्दछन् । त्यस्तै "थाल" शब्दको लागि श्रेप्ठहरूले "भू" शब्द प्रयोग गर्दछन् भने बज्राचार्यहरूले "देमा" शब्द प्रयोग गर्दछन् । त्यस्तै श्रेप्ठहरूको संस्कार अनुसार माटोको भाँडोमा खाना (भुजा/भात) पकाइएमा खाना खाइसकेपछि त्यस्तो भाँडो नै फ्याक्नु पर्दछ । तर बज्राचार्यहरूको संस्कार अनुसार त्यस्तो माटोको भाँडो पखालेर सफा गरी पुन: प्रयोग गर्न सकिन्छ । त्यस्तै श्रेप्ठहरूको परम्परा अनुसार काठको पिड्कामा बसेर मात्र खाना खानु पर्दछ, सुकुलमा बसेर त्यस्तो खाना खानु हुँदैन भन्ने मान्यता रहिआएको छ । तर बज्राचार्यहरूको संस्कार अनुसार सुकुलमा बसेर पनि खाना (भुजा/भात) खान हुन्छ भन्ने मान्यता रहिआएको पाइन्छ ।

- सामान्य परिचय
- ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठहरूको समुहकरण सम्बन्धि केही सैद्धान्तिक पक्षहरू
- ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठहरूको समूहकरणको व्यवहारिक आधारहरू

**क) सामान्य परिचय**

साधारणतया मल्लकालिन दरवारमा कार्यरत भारदारहरूको वंशजका सन्तानहरू नै आजका ६ थरी स्यस्य/श्रेष्ठ हुन् र भारदारी वर्गका बंशजमा नपरेका र ६ थरी र अन्य केही निम्न स्तरको जातको बिचको अन्तरजातीय वैवाहिक सम्बन्धबाट जन्मेका व्यक्तिहरूको समुह नै आजको पाँच थरी स्यस्य/श्रेष्ठमा रूपान्तरण भएका हुन भन्ने मान्यता रहेको छ।[३०] यस्तै पाँच थरी स्यस्य/श्रेष्ठहरू नै मध्यकालमा सायद "भावो" (कमसलको भारदार) को रूपमा परिचित भएका थिए भन्ने कुराको अनुमान अघिल्लो परिच्छेदमा गरिएको छ । उच्च स्तरीय गनिएका स्यस्य/श्रेष्ठ समूहको पारिवारिक थरहरूको प्रयोग नै श्रेष्ठहरूको विभाजनको एउटा प्रमाण हुन् । उदाहरणका लागि, मल्ल, प्रधान, अमात्य, जोशी, राजलवट, राजवंशी, भंडेल (हाल भण्डारी/राजभण्डारी) इत्यादि थरहरू भएका ६ थरी स्यस्य/श्रेष्ठहरूको परिवारहरूले आफ्नै पारिवारिक थर प्रयोग गर्ने प्रवृत्ति बढि रहेको पाइन्छ र पाँच थरी स्यस्य/श्रेष्ठहरूमा भने पारिवारिक थर वा सामुहिक थर वा दुवैको प्रयोग गर्ने प्रवृत्ति रहेको पाइन्छ । तथापि माथि उल्लेख गरिए झैं अपवादको रूपमा कहिलेकाहिँ ६ थरी स्यस्य/श्रेष्ठहरूले पनि सामुहिक थर नै लेख्ने गरेको पनि पाइएको छ ।

पाँचथरी भन्ने समूह तुलनात्मक रूपमा नयाँ मान्न सकिन्छ । यसले श्रेष्ठहरूको एउटा यस्तो वर्गलाई जनाउछ जसको वंशानुगत शुद्धता नरहेको मानिन्छ । श्रेष्ठ भाजु, दियाजु, नायजु, श्यावजी, पाँयवजी, हाकुमुस्या, धौवंजा आदि पाँच थरी श्रेष्ठहरूको समूहमा पर्ने केहि थरहरू हुन् ।[३१] ६ थरी र पाँच थरीको विभाजनको प्रतिविम्वित हुने गरी प्रथम राणा प्रधानमन्त्री जंगबहादुरद्वारा बनाइ जारी गरिएको मुलुकी ऐनमा समेत "थरघर र असल श्रेष्ठ"[३२] भन्ने शब्द प्रयोग गरी त्यस्ता श्रेष्ठहरूलाई ६ थरी र अन्य श्रेष्ठहरूलाई पाँच थरी (कमसल श्रेष्ठ) मा विभाजन गरिएको पाइएको छ ।

त्यस्तै मल्लकालमा पनि अघिल्लो परिच्छेदमा चर्चा गरिए झैं शारिरीक बल प्रयोग गर्नुपर्ने काम नगरी राजनीति र शासन/प्रशासन, ज्योतिषशास्त्र, औषधी मुलो इत्यादि सम्बन्धी कार्यहरूमा संलग्न रहेका भारदारहरूलाई भारो[३३] भनिने र

---

३० कोलिन रोजर, सोसियल मोविलिटी इन दि नेवार काप्ट सिप्टम, क्रिप्टोफर भौन फुरर हेमन्दर्फ (सम्पादक), काप्ट आयण्ड कि इन नेपाल, इण्डिया आयण्ड सिलोन, एशिया पब्लिशिङ्ग हाउस, १९६६, न्यू दिल्ली, पृष्ठ ८४-१०४

३१ माला मल्ल, नेवार्स अफ नेपाल भ्याली: कल्चरल स्टडीज, रोलम्वा, अंक १,२ र ३, जनवरी-सेप्टेम्वर, २०६५, पृष्ठ १०

३२ Certain Newar families were seen to have close connection with the Malla kings and those are referred to the code as 'Tharghar Ra Asal Shrestha'. हेर्नुहास, आयन्ड्रास होफर, दि काप्ट ह्यारर्की आयण्ड दि स्टेट इन नेपाल, ए स्टडी अफ दि मुलुकी ऐन अफ १८५४, हिमाल बुक्स, ललितपुर,पृष्ठ १३७

३३ यी भारदार वर्गका केही परिवारहरूलाई व्यापार व्यवसायमा संलग्न हुन पनि छुट दिइएको थियो ।

केही हदसम्म शारिरीक बल प्रयोग गर्नुपर्ने कृषि, निर्माण, उद्योग, व्यापार व्यवसाय जस्ता सम्बन्धी कार्यहरूमा संलग्न रहेकाहरूलाई "भावो" भनिन्थ्यो ।[३४] तथापि त्यस समयमा छ थरी र पाँचथरीको रूपमा स्पष्ट विभाजन भएको थिएन र खास सामाजिक भेदभाव पनि थिएन । यस्तो खास सामाजिक भेदभाव रहितको "भारो" र "भावो"लाई तत्कालिन ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठको रूपमा हेर्न सकिन्छ । तर कालान्तरमा ६ थरी श्रेष्ठहरूले आफूलाई स्वघोषित रूपमा नै माथिल्लो स्तरका स्यस्य/श्रेष्ठ सम्झन थाले र पाँच थरी स्यस्य/श्रेष्ठलाई आफूभन्दा तल्लो स्तरको ठानी उनीहरूसितको सामाजिक सम्बन्धहरू (वैवाहिक सम्बन्ध, खानपिनको व्यवहार, हुक्काको प्रयोग इत्यादि) बाट टाढा रहे । "फुटाउ र राजगर" (Divide and Rule) को अघोषित नीति अपनाएका राणा शासकहरूले कानूनी रूपमा नै श्रेष्ठहरूलाई माथि उल्लेख गरिए झैं "असल श्रेष्ठ" र कमसल श्रेष्ठ[३५] मा गरी दुई श्रेणीमा विभाजन गरि ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठहरूको अवधारणालाई आधिकारीक रूपमा नै मान्यता दिने प्रयास गरेका थिए ।

अब प्रश्न उठ्छ यो ६ थरी र पाँच थरीका श्रेष्ठहरूको समूहकरण कसरी हुन गयो? यस प्रश्नको उत्तर खोज्नु अति रोचक हुन्छ । सर्वप्रथम यस विषयबस्तुसित सम्बन्धित केही सिद्धान्तहरूको बारेमा विचार गर्नु आवश्यक हुन्छ ।

### ख) ६ थरी पाँच थरी स्यस्य/श्रेष्ठहरूको समूहकरण सम्बन्धि केही सैद्धान्तिक पक्षहरू

नेवार समुदायको स्यस्य/श्रेष्ठहरू भित्र आन्तरिक रूपमा विद्यमान ६ थरी र पाँच थरीको रूपको समूहकरण सम्बन्धि केहि सिद्धान्तहरू निम्नानुसारका छन् :

- भारतबाट धेरै पहिले आएका उच्चस्तरीय क्षेत्रीहरूको मानसिकताको उपज
- मल्ल राजाहरूको उच्च स्तरीय भारदारहरूको मानसिकताको उपज
- "क्षेत्री" शब्दको अपभ्रसित शब्दको रूपमा विकास भएको शब्द "छ थरी"
- कर्णाटकवंशीय राजाहरूको भारदारहरूको छ थरीको रूपमा रूपान्तरण
- तत्कालिन गोरखा राज्यको "थरघर" संस्थाको नेवारी संस्करण

- **भारतबाट धेरै पहिले आएका उच्चस्तरीय क्षेत्रीहरूको मानसिकताको उपज**

  भारतबाट धेरै पहिले आएका जातीय दृष्टिकोणबाट तुलनात्मक रूपमा उच्च स्तरीय क्षेत्रीहरूको ६ वटा परिवारहरूले आफूलाई उच्चस्तरीय ठानी ६ थरी स्यस्य/श्रेष्ठ भन्न थाले र तुलनात्मक रूपमा केही निम्न स्तरका क्षेत्रीयहरूको परिवारहरूलाई ५ थरी स्यस्य/श्रेष्ठ भनी नामाकरण

---

३४ दिपक बराल, विविधताको समाज नेवार, तिलक प्रकाश र अन्य (सम्पादकहरू), नेवा: संस्कृति र संस्कार, जगतलक्ष्मी स्मृति समाज, भक्तपुर, पृष्ठ १५२

३५ मल्लकालिन समयमा तत्कालिन मल्लराजाहरूसित घनिप्ट रूपले सम्बन्ध भएका केहि भारदारहरूका परिवारलाई थरघर र असल श्रेप्ठको श्रेणीमा राखिएको र अन्य साधारण भारदारहरूको परिवारलाई कमसल श्रेप्ठ वर्गमा राखिएको आभाप पाइन्छ ।

गरियो ।[३६] तत्पश्चात नेवारहरूको जातीय व्यवस्थाको बारेमा अध्ययन गर्ने सर्न्दभमा केही विद्वानहरूले चार थरी, तीन थरी र साढे दुई थरी जस्ता एक किसिमको कृत्रिम थरीहरूका स्यस्य/श्रेष्ठहरूको पनि उल्लेख गर्न पुगे ।[३७] वास्तविक रूपमा यी थरीहरूको विभाजन भ्रमपूर्ण छन् र जातीय तहगत श्रृंखलाको प्रतिस्पर्धात्मक (Contested Hierarchy) प्रवृत्ति मात्र यसमा प्रतिविम्वित भएको पाइन्छ । यस्तो प्रवृत्तिको भावनाबाट प्रेरित भइ एक किसिमका स्यस्य/श्रेष्ठहरूले अनुसन्धानकर्ताहरूलाई अन्य किसिमका स्यस्य/श्रेष्ठहरूलाई निम्न स्तरको जस्तो गरि होच्याउने सन्दर्भमा उक्त थरीहरू उल्लेख गरेको हुनुपर्छ । सोही आधारमा नै विशेषत: विदेशी अनुसन्धानकर्ताहरूले तिनीहरूको उल्लेख गरेका हुन् । वास्तवमा व्यवहारमा तिनीहरूको अस्तित्व रहेको पाइदैन । परम्परागत रूपमा तल्लो सामाजिक स्तरका केही व्यक्तिहरूले श्रेष्ठ थर प्रयोग गरी आफ्नो सामाजिक स्तर उकास्ने प्रयास गरे पनि व्यवहारमा उनीहरूले तत्काल "स्यस्य/श्रेष्ठ" स्तरको मान्यता अरू स्यस्य/श्रेष्ठहरूबाट प्राप्त गर्न सक्दैन । "श्रेष्ठ" थर प्रयोग गर्ने त्यस्ता परिवारहरूमा आफ्नै सामाजिक समूहमा रहनु पर्ने बाध्यात्मक परिस्थितिको श्रृजना हुन्छ । केही पुस्तासम्मको प्रयास वावजूद उच्चस्तरका स्यस्य/श्रेष्ठहरूसित कायम भएको वैवाहिक सम्बन्धबाट मात्र उनीहरूले "स्यस्य/श्रेष्ठ" स्तरको मान्यता अरू स्यस्य/श्रेष्ठहरूबाट प्राप्त गर्न सक्ने हुन्छन् । त्यसरी मान्यता प्राप्त भएपछि उनीहरू ६ वा पाँच थरी श्रेष्ठमा गणना हुन्छन् । जे भएता पनि आजका ६ थरी स्यस्य/श्रेष्ठहरूको समूह सुरू-सुरूमा भारतबाट नेपाल प्रवेश गरेका उच्च स्तरीय ६ वटा क्षेत्रीय परिवारहरूको मानसिकताको उपज हो भन्ने सोच धेरै अघिदेखि रहिआएको छ ।

- **मल्ल राजाहरूको उच्च स्तरका भारदारहरूको मानसिकताको उपज**

  साधारणतया ६ थरी भन्नाले मल्ल राजाहरूको ६ जना पदाधिकारी/सल्लाहकारहरू (Officials / Councillers) को परिवारलाई जनाउँछ ।[३८] उनीहरूले आफूलाई उच्च स्तरको भारदार/पदाधिकारी ठानी अन्य स्यस्य/श्रेष्ठहरूलाई पाँच थरी "स्यस्य/श्रेष्ठ" भनी नामाकरण गरिएको भान हुन्छ । त्यसबेलाका ती ६ थरी र पाँच थरी भनिएका स्यस्य/श्रेष्ठहरूको सन्तानहरू नै वर्तमान ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठहरू हुन् । वास्तवमा सुरू सुरूमा स्यस्य/श्रेष्ठहरूको लागि प्रयोग गरिने शब्द थियो "शिष्ट" जसको अर्थ हो भारदार (noble/nobility) । यहि "शिष्ट" शब्द शिष्टिमा रूपान्तरण भइ अन्त्यमा नेवारी शब्द "स्यस्य"को विकास हुन गएको हो भन्ने भनाइ पनि रहेको छ । चौधौं शताब्दिमा जयस्थिति मल्लको समयमा लेखिएको

[३६] डिल्लीरमण रेग्मी, मेडियभल नेपाल, भाग १, फर्मा के एल मुखोपाध्याय, २०६५ कलकत्ता, पृष्ठ ६९९

[३७] कलिन रोजर, माथि उल्लेखित

[३८] माला मल्ल, माथि उल्लखित

गोपाल वंशावली र नारदस्मृति (नेपाल भाषामा अनुवादित) मा "स्यस्य" शब्द प्रयोग गरिएको पाइन्छ । "स्यस्य" शब्दको संस्कृतिकरण/नेपालीकरण नै "श्रेष्ठ" हो । यस दृष्टिकोणबाट भन्ने हो भने "स्यस्य/श्रेष्ठ" शब्दको सम्बन्ध भारदार वर्गसित सम्बन्धित रहेको पाइन्छ र ६ थरी स्यस्य/ श्रेष्ठको समूह केही उच्चस्तरीय भारदारहरूको मानसिकताको उपज हो भन्ने सोच रहेको छ ।

- **क्षेत्री शब्दको अप्रभ्रंसित शब्दको रूपमा विकास भएको शब्द "छ थरी"**
  क्षेत्री शब्दलाई नेवारहरूले "छथरी" भनि उच्चारण गरेको र सोही अप्रभ्रंसित नेवारी "छथरी" शब्दबाट "छः थरी" शब्द बन्न गएको हो भन्ने एउटा सिद्धान्त रहेको छ । तसर्थ ६ थरी भन्नु वास्तविक रूपमा "क्षेत्री" हुन् र उनीहरू नेवार क्षेत्री हुन् । तिनीहरूले अरू स्यस्य/श्रेष्ठहरूलाई निम्न तहको क्षेत्री भन्ने संकेत गर्न पाँच थरी भनि नामाकरण गरेका हुन् । भनिन्छ गोरखालीहरूले नेपाल उपत्यकाको विजय गरे पश्चात सो ठाउँका तत्कालिन उच्च स्तरीय नेवार परिवारहरूले "हामी पनि क्षेत्री हौं" भनी नयाँ शासकहरूको अगाडी दावी गर्दा नै माथि भनिए झैं क्षेत्री शब्दलाई "छथरी" भनि उच्चारण गरेकोले नै ति परिवारहरूलाई "छः थरी" भनी नामाकरण गरी अन्य नेवार क्षेत्रीहरूलाई पाँच थरी नामाकरण गरिएको थियो । यस्ता "छथरी" श्रेष्ठहरू हुन्, ठाकुर, ठकुरी, अमात्य, जोशी, कायस्थ, पात्रवंश, कर्माचार्य, शिवाचार्य आदि । त्यस्तै पाँचथरी श्रेष्ठहरू हुन्: दियाजु, नायजु, श्यावजी, पाँचबजी, हाकुमुस्या, धौवंजा इत्यादि ।[३९]

- **कर्णाटक वंशीय राजाहरूको भारदारहरूको ६ थरीको रूपमा रूपान्तरण**
  कर्णाटक वंशका राजा हरिसिंहदेव मुसलमानहरूको आक्रमणबाट बच्नको लागि सिम्रौनगढबाट नेपाल आउँदा आफूसँग केही भारदारहरू पनि ल्याएका थिए । ती भारदारहरू हुन् : प्रधान, अमात्य, भँडेल, जोशी, राजवैद्य आदि[४०]। यिनीहरूले आफूलाई उच्च जातको क्षेत्री ठानी आफूलाई ६ थरीका भारदार भन्न थाले र अन्य भारदारहरूको हकमा पाँच थरी नामाकरण गरियो । यसरी यी भारदारहरूको समूहहरू नै छथरी र पाँचथरी स्यस्य/श्रेष्ठहरूमा रूपान्तरित भएका हुन् भन्ने भनाइ रहेको छ ।

- **तत्कालिन गोरखा राज्यको थरघर संस्थाको नेवारी संस्करण**
  तत्कालिन गोरखा राज्यका "थरघर" भन्ने संस्थाले उक्त राज्यको शासन संचालनमा महत्वपूर्ण भूमिका खेल्ने गरेका थिए । सो थरघरमा ६ वटा थरका परिवारहरू (खनाल, बोहरा, पन्थ, पाण्डे, अर्याल, र रानामगर) सदस्य हुन्थ्ये । उनीहरूले भारदारको रूपमा काजी (मन्त्री)

---

३९ माला मल्ल, नेवार्स अफ नेपाल भयाली, कल्चरल स्टडीज, रोलम्वा, २१, अंक १,२ र ३ जनवरी-सेप्टेम्वर २०६५, पृष्ठ १०

४० यी भारदारहरूको साथै एक जना ज्यापू र एकजना कसाहि पनिं आएका थिए । हेर्नुहोस्, पुस्करप्रसाद राजभण्डारीको संकलनमा रहेको राजपुत क्षेत्रीय वंशावली, पृष्ठ २८-३५

भई कार्य गर्दथ्ये र तत्कालिन नेपाल र गोरखाको बीचमा राजनैतिक एवं व्यापारिक सम्बन्ध समेत रहेको थियो । तत्कालिन ललितपुर राज्यसित गोरखाका राजा राम शाहले विधिवत नै सम्झौता गरी ललितपुरबाट व्यापारीहरूलाई गोरखामा व्यापार गर्न लगिएको थियो । त्यस्तै गोरखाका राजाहरूले समय समयमा नेपालको भ्रमण गर्ने गरेका थिए । पृथ्वीनारायण शाहले त भक्तपुरका राजा रणजीत मल्लका छोरा युवराज वीरनरसिंह मल्ल सित मितेरी नै लगाएका थिए । उनी भक्तपुरमा लामो समयसम्म नै बसेका थिए । यस किसिमको अन्तरसम्बन्धबाट नेपाल उपत्यकाका तत्कालिन भारदारहरूमा गोरखाराज्यको थरघरको भूमिका बारेमा ज्ञान प्राप्त गरेको हुनुपर्दछ । उनीहरूले (विशेषत: मल्लकालमा भारो भनिएका स्यस्य/श्रेष्ठहरूले) पनि गोरखाली थरघरको नक्कल गरी आफूलाई उच्च जातिको ठानी ६ थरी नामाकरण गरी अरू श्रेष्ठहरूको हकमा एक अंक घटाइ पाँच थरी भनी सम्बोधन गर्न थालेको हुनु पर्दछ । यस दृष्टिकोणबाट भन्ने हो भने स्यस्य/श्रेष्ठहरूको छ थरी र पाँच थरीको समूहकरण तत्कालिन गोरखा राज्यको थरधरको नेवारी संस्करण हो भन्न सकिन्छ ।

**ग) ६ र पाँच थरीहरूको विभाजनको व्यवहारिक आधारहरू**

यी माथि उल्लेख गरिएका सैद्धान्तिक अवधारणाहरू जेसुकै भएतापनि ६ थरी र ५ थरी स्यस्य/श्रेष्ठहरूको समूहकरण व्यवहारमा मुलत: निम्न दुई वटा आधारहरूमा आधारित भएको पाइन्छ ।

- राज्य शक्ति प्राप्त गर्ने अवसर
- राजा, राजपरिवार र राजदरवारसित सम्बन्धित कार्य क्षेत्रमा संलग्न हुने अवसर

- **राज्य शक्ति प्राप्त गर्ने अवसर**

  शासन व्यवस्थाको अभिन्न अंगको रूपमा रही राज्य संचालनको प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने अवसर प्राप्त गरेका भारो श्रेष्ठहरूलाई राज्यको शक्ति प्राप्त भएको कारणबाट उच्च स्तरका स्यस्य/श्रेष्ठहरूको रूपमा मान्यता प्राप्त हुन गएको हुनु पर्दछ । तसर्थ, "भारो श्रेष्ठ" भन्ने वर्गको विकास मल्लकालमा नै भइसकेको थियो । अर्को शब्दमा भन्ने हो भने तत्कालिन राजा, राजपरिवार र राजदरवारसित निकतम सम्पर्क एवं सम्बन्धमा रही राज्य संचालनमा महत्वपूर्ण भूमिका खेल्ने मौका पाइ राज्यको अधिकार एवं शक्ति समेत प्रयोग गर्ने अवसर प्राप्त गरेका व्यक्तिहरूको परिवारहरूको समूहलाई नै ६ थरी स्यस्य/श्रेष्ठ भनी मान्यता दिइयो ।[४१] र अरू

[४१] मल्ल राजाबाट मध्यपुरको प्रमान (हालको बडाहाकिम/प्रमुख जिल्ला अधिकारी) मा नियुक्ति पाएका तत्कालिन भारदार भाजु नरसिंह जोशीका सन्तान अभयन्द्र मान जोशीको भनाइ अनुसार उहाँहरूको पुर्खाहरूको भक्तपुरको राजदरवारसित घनिप्ट सम्बन्ध रहेको थियो । हेर्नुहोस्,नरसिंह जोशी परिवार कुलदेवता प्रवन्ध समिति, नरसिंह जोशी परिवारको संक्षिप्त वंशावली, काठमाडौं, २०६१, पृष्ठ, ३

स्यस्य/श्रेष्ठहरूलाई केही निम्नस्तरमा झारी ५ थरी स्यस्य/श्रेष्ठ भनी नामाकरण गरियो ।

- **राजा, राजपरिवार र राजदरवारसित सम्बन्धित कार्य क्षेत्रहरूमा संलग्न रहने अवसर**
  तत्कालिन राजा, राजपरिवार र राजदरवारको निकतम रूपले सम्बन्धित विषयवस्तुहरूसित सम्बन्धित कार्य क्षेत्रमा संलग्न हुने अवसर पाएका स्यस्य/श्रेष्ठ समूहका परिवारहरू (जस्तै जोशी/कर्माचार्य,[४२] धौभडेल, बैद्य, लाखे इत्यादि) लाई पनि ६ थरी भित्र समावेश गरिएको आभास मिल्दछ । अर्को शब्दमा भन्ने हो भने राजा, राजपरिवार र राजदरवारलाई आवश्यक पर्ने केही महत्वपूर्ण कार्यहरूमा संलग्न भएका स्यस्य/श्रेष्ठहरूलाई पनि ६ थरी[४३] स्यस्य/श्रेष्ठको रूपमा मान्यता दिइएको कुरा स्पष्ट हुन आउछ ।[४४]

यस किसिमले राज्यका शासन व्यवस्थामा प्रत्यक्ष रूपले भूमिका खेली राज्यको शक्ति एवं अधिकार प्रयोग गरी समाजमा प्रभुत्व कायम गर्ने अवसर पाएका र राजा, राजपरिवार र राजदरवारको लागि आवश्यक पर्ने विषयवस्तुहरूसित सम्बन्धित केही महत्वपूर्ण कार्यक्षेत्रहरूमा संलग्न हुने अवसर पाएका कारणबाट राज्यशक्तिको निकत्तम सम्पर्कमा रही समाजमा आ-आफ्नो प्रभुत्व फैलाउने अवसर पाएका स्यस्य/श्रेष्ठहरूको सिमित परिवारहरू नै ६ थरी स्यस्य/श्रेष्ठको रूपमा रूपान्तरण हुन गएको पाइन्छ । राज्यको शासन व्यवस्थासित निकटत्तम सम्पर्क एवं सम्बन्धमा रहने अवसर नपाइ आ-आफ्नै व्यापार व्यवसाय र केही मात्रामा कृषि क्षेत्रमा[४५] समेत संलग्न रहेका स्यस्य/श्रेष्ठ समूहको अन्य परिवारहरू पाँच थरी स्यस्य/श्रेष्ठको रूपमा रूपान्तरण भएको देखिएको छ ।

सुरू सुरूमा ६ थरी स्यस्य/श्रेष्ठहरूको समूहमा केवल ६ वटा थरका परिवारहरू मात्र समावेश गरिएको हुनु पर्दछ । त्यस्तै पाँच थरी स्यस्य/श्रेष्ठहरूको समूहमा पनि पाँच वटा थरहरूका परिवारहरू मात्र समावेश गरिएको हुनु पर्दछ । ६ थरी

---

४२ जोशीले राजदरवारको लागि अति महत्व राख्ने कार्यहरू-जन्म कुण्डली लेख्ने, फलादेश गर्ने, साइत हेर्ने, जस्तै कार्य गर्दथ्ये भने धौभडेलले राजदरवारको धार्मिक एवं सामाजिक कार्यको लागि अति आवश्यक पर्ने दहीको व्यवस्था गर्दथ्यो । लाखेले साँस्कृतिक रूपले अति महत्वपूर्ण हुने लाखे नाच सम्बन्धी कार्य गर्दथ्यो । कर्माचार्यले तान्त्रिक विधिमा आधारित विभिन्न महत्वपूर्ण कर्मकाण्ड सम्बन्धि कार्यहरूको अतिरिक्त तलेजु भवानी र अन्य महत्वपूर्ण मन्दिरहरूको पुजारीको रूपमा कार्य गर्दथ्यो र गर्दै आएका छन् ।

४३ "थरी" भन्ने थर पनि मध्यकालमा प्रचलनमा रहेको थियो । मंगलाछी टोल महालक्ष्मी देवलको ने.सं. ७७८ को शिलालेखमा सिंह बनाइ प्रतिप्ठा गरिएको कुरा उल्लेख गर्नुको साथै थकाली माधवराज थरी, गुणराज थरी, विराज थरीको नाउ उल्लेख गरिएको पाइन्छ । यहा थरीको मतलव दरवारको पदाधिकारीको रूपमा पनि प्रयोग गरिएको हुनु पर्दछ । हेर्नुहोस्, धनबज्र बज्राचार्य, माथि उल्लेखित पृष्ठ, ११३

४४ यसको अतिरिक्त ६ थरी श्रेप्ठका परिवारहरूसित वैवाहिक सम्बन्ध कायम गर्न सफल भएका अन्य श्रेप्ठहरूलाई पनि कालान्तरमा ६ थरी श्रेप्ठको रूपमा समाजमा क्रमशः मान्यता दिदै लगिएको पाइन्छ । यो एक किसिमको Upward social mobility को प्रक्रिया हो ।

४५ श्रेप्ठ समुदाय अर्न्तगत "पुवा" भन्ने एउटा थर छ र पुवा शब्दको प्रयोग गरिएको शिलालेख समेत पाइएको छ । पाटन सुवहाल गणेश मन्दिर अगाडीको पाटीको ने.सं. ७४६ (वि.सं. १६८२) को शिलालेखमा पात्रवंश रावुत्त शिवराम भारो प्रमुख भइ निजले चपाइ (चपाती) को जिर्णोद्धार गरी ६ रूपैयाँ, २० पाठी पुवा राखी गुठी बनाएको कुरा उल्लेख गरिएको छ । हेर्नुहोस्, धनवज्र बज्राचार्य, माथि उल्लेखित पृष्ठ ६३-६४ । "पुवा" को अर्थ खेत हा ` भन्ने कुरा धनबज्र बज्राचार्यले उल्लेख गर्नुभएको छ तर यस भनाइलाई एकिनका साथ विश्वास गर्न सकिदैन । कारण पुवा भन्नाले एक किसिमको स्वादिलो खानेकुरालाई पनि जनाउँछ । यस सम्बन्धमा अरू थप अध्ययन हुनु जरूरी छ ।

स्यस्य/श्रेष्ठ भित्र समावेश गरिएका सुरूका ६ वटा थरहरूमा- अमात्य, प्रधान, भँडेल, (हाल भण्डारी/राजभण्डारी), राजबैद्य, कायस्थ र भारो श्रेष्ठ (राजदरवारको अड्डामा कार्यरत कर्मचारी) पर्दथ्यो ।. त्यस्तै पाँच थरी स्यस्य/श्रेष्ठमा समावेश गरिएका सुरूका पाँचवटा थरहरूमा: पायवजी, (चामल, चिउरा, दाल, गेडागुडी आदि खानेकुराको पसल राख्ने पसले), चिपालु (नून, अदुवा, जिरा, मरिच आदि मसलाको पसल राख्ने पसले), साख:जु (सक्खर, तमाखु, सूर्ति आदिको पसल राख्ने पसले), धौं (दही, दूध, खुवा, ध्यू आदिको पसल राख्ने पसले) र साहु (कपडाको पसल राख्ने पसले) पर्दछन् ।[४६]

समग्रमा भन्ने हो भने सुरूसुरूमा ६ वटा र ५ वटा थरहरूमात्र सम्मिलित भएका स्यस्य/श्रेष्ठहरूको समूहलाई नै क्रमश: ६ थरी र ५ थरी भनिएको हुनु पर्दछ । पछि पछि क्रमश: ६ थरी स्यस्य/श्रेष्ठका परिवारहरूसित वैवाहिक एवं अन्य सामाजिक सम्बन्ध कायम गर्न सफल भएका स्यस्य/श्रेष्ठहरू पनि ६ थरीमा समाहित हुँदै गएको पाइन्छ । अत: कालान्तरमा ६ थरी स्यस्य/श्रेष्ठ भित्र ६ वटा थरहरूको अतिरिक्त अन्य धेरै थरहरू पनि सम्मिलित भएकोले ६ भन्दा धेरै बढी थरहरू ६ थरी स्यस्य/श्रेष्ठको समूहमा गणना भएको पाइन्छ ।[४७] त्यस्तै छ थरीबाट झरेका स्यस्य/श्रेष्ठ परिवारहरू पनि पाँच थरीमा समावेश हुदै गएकोले पाँचवटा भन्दा बढी थरहरू पाँच थरी स्यस्य/श्रेष्ठ भित्र रहन गएको आभाष मिल्दछ । यस किसिमले एउटै जातीय समूह स्यस्य/श्रेष्ठ भित्र दुई किसिमका जातीय तहहरू श्रृजना भइ अनावश्यक रूपमा प्रतिस्पर्धात्मक भावनाको श्रृजना भएको पाइन्छ । वास्तवमा यो समानता भित्रको विभाजन (horizontal divison) मात्र हो तहगत (vertical) विभाजन होइन ।[४८] वास्तवमा स्यस्य/श्रेष्ठहरूको ६ थरी र पाँच थरी भन्ने विभाजनलाई केवल कृत्रिम समूहकरण भन्न सकिन्छ । कारण:

- यो विभाजन केवल राज्यको शक्ति र अधिकार प्रयोग गर्ने अवसर र अधिकार पाएका वा नपाएका र राज्य शक्तिको सर्वोच्च अधिकारी वर्ग ( तत्कालिन समयमा राजा, राजपरिवार र राजदरवार) को लागि अति आवश्यक पर्ने विषयहरूसित सम्बन्धित कार्यहरूमा संलग्न हुने अवसर पाएका र नपाएका भन्ने कुराको आधारमा मात्र गरिएको हो । वास्तवमा यो कुनै ठोस वर्ण, नश्ल एवं सामाजिक एवं साँस्कृतिक भिन्नताको आधारमा गरिएको विभाजन होइन ।

यस किसिमले स्यस्य/श्रेष्ठहरूको ६ थरी र ५ थरी गरी भएको विभाजन कृत्रिम नै भएतापनि यसले कालान्तरमा समाजमा आफ्नो बलियो पकड कायम गर्न सफल भएको थियो र केहि हदसम्म छ । सुरूसुरूमा (राणाकालिन प्रधानमन्त्री

---

४६ रेवतीरमणानन्द श्रेष्ठ, नेवा:, साहित्यया भुलुखा, ललितपुर, ने.सं. ११२१, पृष्ठ ५६

४७ माला मल्लले ६ थरी श्रेप्ठमा ठाकुर, ठकुनी, जोशी,वादे, अमात्य, कायस्थ, पात्रवंश, ठाकुर, कर्माचार्य, शिवाचार्य, पिठाचार्य आदि समावेश गर्नु भएको छ । त्यस्तै उहाँले नै पाँच थरी श्रेप्ठमा भाजु दियांजु, नायजु, साखकर्मी, श्यावजी, श्रेप्ठ, पायवजी, छ्वयला, हाकुमुस्या, दुवाल, माकुजु, थेमि (मध्यपुरे) श्रेप्ठ, धौ बजार आदि समावेश गर्नु भएको छ । हेर्नुहोस्, माला मल्ल, माथि उल्लेखित, पृष्ठ १०

४८ तहगत (Vertical) रूपमा जातहरूको विभाजन भन्नाले उच्च तहका ब्राह्मण (राजोपाध्याय/उपाध्याय) वर्ग रहेको पाइन्छ । त्यसपछि क्रमश: श्रेप्ठ (क्षेत्रीय वर्ग), ज्यापू लगायत वैश्य वर्गका अन्य समूहहरू र अन्तिममा शुद्रवर्गका जातहरू पर्दछन् ।

वीर शमशेरको समयसम्म पनि) यी दुई किसिमका स्यस्य/श्रेष्ठहरूको विचमा खासै सामाजिक भेदभाव भने थिएन । तर कालान्तरमा श्रेष्ठहरूको बिचमा केही सामाजिक अन्तरसम्बन्ध एवं सम्पर्क (विशेषत वैवाहिक सम्बन्ध, खानपानको चलन, हुक्काको प्रयोग इत्यादि) केही हदसम्म टुट्न गएको आभाष पाइन्छ । तथापि कृत्रिम रूपले गरिएको विभाजनकै कारण ६ थरी वा ५ थरी परिवारको आफ्नो समूहगत वर्ग स्थायी भने हुन सकेको छैन । व्यवहारमा एक पुस्तामा पाँच थरी कहलिएका परिवार अर्को पुस्तामा ६ थरीमा रूपान्तरण हुने र त्यस्तै एउटा पुस्तामा ६ थरी समूहका परिवार अर्को पुस्तामा ५ थरीमा ओरालो लागेको पनि पाइन्छ । यस किसिमको परिवर्तन विशेषत: एउटा खास परिवारको वैवाहिक सम्बन्धको स्वरूप, आर्थिक सम्पन्नताको स्तर, शैक्षिक स्तर जस्ता कुराहरूबाट धेरै मात्रामा प्रभावित हुने गरेको पाइएको छ । हालको सन्दर्भमा यस किसिमको ६ थरी र पाँच थरी जस्ता विभाजनका रेखाहरू क्रमश: मेटिदै गइरहेको पाइन्छ ।

- **क्षेत्रगत** (Area specific) **रूपमा पाइने जातीय समूहकरण** :

नेवार समुदायको स्यस्य/श्रेष्ठहरूमा माथि विवेचना गरिएको ६ थरी र पाँच थरीको रूपमा पाइएका विभाजनको अतिरिक्त क्षेत्रगत रूपमा (Area Specific) मा पनि केही भेदभाव रहेको पाइन्छ । यस्तो क्षेत्रगत रूपमा पाइने भेदभाव स्यस्य/श्रेष्ठहरूको अतिरिक्त केही हदसम्म (ज्यापू/महर्जन) समूहमा पनि पाइन्छ । यहाँ त्यस्तो क्षेत्रगत रूपमा कोरिएका विभाजन एवं भेदभावको बारेमा संक्षिप्त चर्चा निम्न बुँदाहरूको आधारमा गर्ने जमर्को गरिएको छ ।

- ज्यापू/महर्जन समूहमा पाइने क्षेत्रगत समूहकरण एवं भेदभाव
- क्षेत्रगत (Area specific) आधारमा स्यस्य/श्रेष्ठहरूमा पाइने सामाजिक समूहकरण

**क) ज्यापू/महर्जन समूहमा पाइने क्षेत्रगत समूहकरण**

अन्य जातिमा जस्तै ज्यापू/महर्जनहरूकै समूहमा पनि क्षेत्रगत आधारमा जातीय भेदभाव केही हदसम्म विद्यमान रहेको पाइन्छ । काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा ज्यापू (महर्जन) हरूको बाक्लो बस्ती रहेको पाइन्छ । त्यस्तै नेपाल अधिराज्यको विभिन्न स्थानहरूमा पनि महर्जनहरू छरिएर रहेका छन् । ललितपुर जिल्लाको चापागाउँसँगैको प्याङगाउ (चापागाउँ गाउँ विकास समिति वडा नं. ५ अर्न्तगत पर्ने) पूर्ण रूपले महर्जनहरूको नै बस्ती हो । तथापि यो सानो गाउँका महर्जनहरूको र अन्य ठाउँका महर्जनहरूको बीचमा केही हदसम्म सामाजिक भेदभाव रही आएको पाइन्छ ।[४९] यस गाउँका महर्जनहरूले आफूलाई अन्य ठाउँका महर्जनहरू भन्दा सामाजिक दृष्टिकोणबाट उच्चस्तरको ठान्दछन् र उनीहरूले अन्य महर्जनहरूसित वैवाहिक सम्बन्ध नराख्नुको साथै खानपिन र हुक्का समेत नचलाउने

[४९] अर्न्तवार्तामा आधारित

परम्परा समेत विकास गरेका छन् । यस किसिमको भेदभाव श्रृजना हुनुमा मुख्यतया पाँच वटा कारक तत्वहरू रहेको पाइन्छ :

- पहिलो, अन्य महर्जनहरूले बज्राचार्य (गुरूभाजु/गुभाजु) लाई आफ्नो पुरोहितको रूपमा स्वीकार गरेको हुन्छ भने प्याङगाउँका महर्जनहरूले स्यस्य/श्रेष्ठहरूको जस्तै ब्राह्मण (राजोपाध्याय/उपाध्याय) लाई आफ्नो पुरोहित बनाएका छन् ।
- दोस्रो, स्यस्य/श्रेष्ठहरूले जस्तै प्याङगाउँका महर्जनहरूले पनि दिक्षा (नेवारीमा न्हिंक) लिने चलन रहेको छ ।[५०]
- तेस्रो, स्यस्य/श्रेष्ठहरूले जस्तै आँगचको पुजा "आचाजु"बाट गराइन्छ तर त्यस्तो पुजारी प्याङगाउँकै महर्जन समुदायको नै हुन्छन् । उनीहरूलाई सर्वसाधारणले आचाजु (कर्माचार्य) भनि सम्बोधन गर्दछन् । उनीहरूले आफ्नो थर भने आचाजु/कर्माचार्य नलेखी महर्जन नै लेख्ने गरेको पाइन्छ ।[५१]
- चौथो, यहाँका महर्जनहरूले अन्य महर्जनहरूले जस्तै धिमे बाजा बजाउँदैनन् ।[५२]
- पाँचौं, प्याङगाउँका महर्जनहरूले मल्ल राजाहरूको परिवारसित आफ्नो रगतको नाता भएको ठान्दछन् ।[५३] त्यसैले नै पहिले पहिले यस गाउँका बासिन्दाहरूले सिंह (साधारणतया मल्लकालिन भारदारहरू र राजाका मथ्याहापट्टीका सन्तानहरूले प्रयोग गर्ने थर) र "गामल" (गाउँको मल्ल) भन्ने थर समेत प्रयोग गरेका थिए ।[५४]

---

५० प्याङगाउँका महर्जनहरूको आगम (इष्टदेवता) कुलेश्वर महादेवको पुजारी बाबुकाजीले दिक्षा लिनु भएको छ । उहाँलाई उक्त देवताको पुजारीको हैसियतले आचा/आचाजु (कर्माचार्य) भनिएता पनि उहाँ आचा गुंहा (आचाजु गुठी) को होइन । वरू उहाँ वुंगुहा गुठीको सदस्य हुनुहुन्छ ।

५१ आचाजु (प्याङगाउँको नेवारी भाषामा आचा), गुहां (गुठी) का सदस्य लालबहादुर महर्जन, भक्तबहादुर महर्जनले पनि कुलेश्वर महादेवको पुजारीको रूपमा कार्य गर्दछन । उनीहरूले पनि दिक्षा लिएका छन् । भक्तपुरमा पनि परम्परागत रूपमा ज्यापू समुदाय र गैरज्यापू समुदायका व्यक्तिहरूले पनि अष्टमातृका भैरव र गणेश जस्ता देवदेवीहरूको मन्दिरमा कर्माचार्यको रूपमा तान्त्रिक पुजारी भइ कार्यरत रहेका छन् । ज्यापू समुदायका त्यस्ता कर्माचार्यहरूलाई सर्वसाधारणको भाषामा "ज्यापू आचाजु" (कमाचार्य) वा पीठाचार्य भनिन्छ । धेरै समयदेखि तान्त्रिक आचाजुको रूपमा कार्यरत रहेकोले उनीहरूले आफूलाई अन्य कर्माचार्य सरह नै ठान्दछन् । हेर्नुहोस्, तिर्थप्रसाद मिश्र र अन्य, दि कर्माचार्यज रेलिजियस रोल इन भक्तपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, सन् २००४, पृष्ठ, ७७

५२ एक पटक ज्यापू/महर्जनको नक्कल गरेर एकजना व्यक्तिले धिमे वाजा बजाएको र बाजाको पेटी फुस्केर मान्छेलाई लागि निजको मृत्यू नै भएको थियो । त्यसपछि यहाँका महर्जनहरूले त्यसरी नक्कल गरेर समेत धिमे वाजा बजाउन छोडेको कुरा थाहा हुन आएको छ ।

५३ भनिन्छ परापूर्वकालमा भक्तपुरका एक जना मल्लराजा सिकार खेल्दै आउँदा जंगलमा एकजना "भोटेनी" (भोटे जातका स्वास्नी मानिस) सित भेट भएछ र निजसँग शारिरीक सम्बन्ध नै कायम गरेछन् । सो सम्पर्कबाट एक जना छोराको समेत जन्म भयो । बेजातको स्वास्नी मानिसवाट जन्मेको छोरालाई राजदरवारमा राख्न नहुने तत्कालिन मान्यता अनुसार उक्त छोरालाई संगु गाउँ (हाल प्याङ गाउँ/प्याङको मानापाठी इत्यादि वनाउने गाउ भएकोले प्याङगाउ भनिएको) मा राख्ने व्यवस्था गरियो । राजाको मथ्यापट्टीको उक्त छोराका सन्तानहरू नै हालका प्याङगाउँका निवासीहरू हुन भन्ने जनविश्वास रहेको पाइन्छ ।

५४ प्याङगाउ निवासी रूद्रबहादुर र निजको बाबु लोकमानले महर्जन थर नै लेख्ने गरेको पाइन्छ । तथापि तिन पुस्ता अघिका रूद्रवहादुरको बाजे वीरमानले भने "सिंह"थर लेखेको र बीरमानको बाबु (रूद्रबहादुरको जिजुबाजे) काल सिंहले "गामल" भन्ने थर लेखेका थिए । यस किसिमले आजको पुस्ता भन्दा चार पुस्ता अघिसम्म गामल थर लेख्ने र तिन पुस्ता अघिसम्म पनि "सिंह" थर लेख्ने गरेको थाहा पाइएको छ । अपवादको रूपमा केहीले अझैसम्म पनि "सिंह" थर प्रयोग गर्दै आएका छन् । यहाँ स्मरणीय कुरा के छ भने मल्लकालिन समयमा मल्ल राजाहरूका विवाहित रानीवाट जन्मेका छोराहरूले मात्र "मल्ल" थर लेख्न पाउने र मथ्याहा (ल्याइते) पट्टीका रानीहरूबाट जन्मेका सन्तानहरूले केवल "सिंह" थर मात्र लेख्नुपर्ने मान्यता रहेको थियो । भक्तपुरका अन्तिम राजा रणजित मल्लका मथ्याहा पट्टीका सातजना छोराहरू (जसलाई सात वहालिया पनि भनिन्छ) ले "सिंह" थर लेखेका थिए । सायद यही मान्यताको अनुसरण गरेर नै प्याङगाउँका निवासीहरूले पनि कुनै समयमा "सिंह" र "गामल" थर प्रचलनमा ल्याएको हुनु पर्दछ । तथापि हाल सवैले महर्जन थर नै लेखेका छन् । यसरी आफूले कुनै समयमा प्रयोग गरेको "सिंह" र "गामल" थर

उपरोक्त कारणहरूबाट नै प्याङगाउँका महर्जनहरूले आफूलाई अरू महर्जनहरूभन्दा माथिल्लो स्तरको ठान्ने गरेका छन् । फलस्वरूप उनीहरूले अरू महर्जनहरूसित सामाजिक सम्बन्ध ( वैवाहिक सम्बन्ध, खानपीन सम्बन्धी आचरण र हुक्काको प्रयोग) कायम गरेको पाइदैन । करिव १०० परिवारको बसोवास रहेको प्याङगाउँमा करिव एकहजार जति महर्जनहरूले आफूहरू बीचमा मात्र वैवाहिक सम्बन्ध (endogamous marital relation) कायम गर्दै आएका छन् । यसैको प्रतिकृयात्मक रूपमा अन्य ठाउँ/गाउँहरूको महर्जनहरूले पनि प्याङगाउँका महर्जनहरू सित वैवाहिंक सम्बन्ध राख्न छोडेको हुनुपर्दछ । उक्त गाउँबाट १५ मिनेट जतिको पैदल हिडाइको दुरीमा रहेको नजिकैको महर्जनहरूको बस्ती बुलुगाउँ र प्याङगाउँका महर्जनहरूको बीचमा समेत वैवाहिक सम्बन्ध कायम गर्ने प्रवृत्ति रहेको पाइदैन ।[५५] अत: प्याङगाँउका महर्जनहरूले आफ्नो वैवाहिक सम्बन्धलाई आफ्नै गाउँमा नै सिमित राख्दै आएका छन् । त्यसरी सिमित क्षेत्र र परिवारहरूको बीचमा मात्र वैवाहिक सम्बन्ध राख्न विवश भएका प्याङगाउका महर्जनहरूले आ-आफ्नो वैवाहिक सम्बन्ध कायम गर्ने मुख्य आधार गाउमै अस्तित्वमा रहेका गुहाँ ( गुठी)हरूलाई बनाएका छन् । गाउँमा जम्मा ५ वटा गुहाँ ( गुठी)हरू छन् । ती हुन् :

- आचा गुंहा
- वु गुंहा
- ता गुंहा
- पदमा गुंहा
- ओसिका गुंहा

एक गुहांका सदस्य परिवार र अर्को गुहाका सदस्य परिवारको बीचमा मात्र वैवाहिक' सम्बन्ध कायम गर्ने प्रचलन रहेको छ र एउटै गुहां भित्रका परिवारहरूको बीचमा वैवाहिक सम्बन्ध कायम गर्न निषेधित गरिएको छ । कारण, ती परिवारहरू नजिकैको फुकीहरू (बाबुपट्टिको पुस्तौनी दाजुभाइ र दिदीबहिनीहरू) हुन्छन् । तथापि सिमित परिवारहरूको बीचमा नै वैवाहिक

---

त्यागी महर्जन थर नै प्रचलनमा ल्याउनु उनीहरूको (प्याङ गाउँ निवासीहरूको) सोभ्कोपनको द्योतक हो । उनीहरूमा आफ्नो सामाजिक स्तरलाई उकास्ने (upward social mobility) प्रवृत्तिप्रति खासै मोह नभएको पनि स्पष्ट हुन आउछ ।

५५ अपवाद स्वरूप कहीलेकाँही अन्य गाउँ/ठाउँका महर्जनहरूसँग पनि वैवाहिक सम्बन्ध कायम गरिएको पनि भेटिएको छ । आचा गुठीका पूर्णमान सिंहका छोरीले पाटनको महर्जन परिवारसित विवाह गरेका थिए र भान्सा पनि चलाएका थिए । तर त्यसरी विवाह गरेर गएकी छोरीलाई गुठीवाट भने अल्लगै राखिएको थियो । त्यस्तै प्याङगाउकै एउटा केटाले अन्य गाउको महर्जन केटीसित विवाह गरेको थियो । त्यस केटीवाट जन्मेको छोरा आचा वनाउन हुने कि नहुने भन्ने कुरामा ठूलो विवाद भएको थियो । त्यस्तै पाटनबाट विवाह गरी ल्याएको केटीलाई गुंहामा सामेल गर्ने कि नगर्ने भन्ने विवाद पनि उठेको थियो । तर केटी आफै दुलाहाको घरमा नबसी माइतीमा नै वस्न गएकी थिइन् । त्यस्तै एक जना आचाले बनेपाको एकजना केटीसित विवाह गरेर ल्याएका थिए । उनीबाट जन्मेका छोराहरूलाई "आगँछे" भित्र जान दिने कि नदिने भन्ने बारेमा ठूलो विवाद उठ्यो । त्यस्तै दाङवाट पनि एक जना केटीलाई विवाह गरेर ल्याएको र उक्त दुलहीलाई गुहाँमा सामेल गर्न दिइएन । यी सवै अपवादको रूपमा कायम गरिएको वैवाहिक सम्बन्धहरू हुन् र त्यस्तो कुनै पनि वैवाहिक सम्वन्ध विवाद रहित नभएको कुरा स्पष्ट हुन आउछ ।

सम्बन्ध कायम गर्न बाध्य भएकोले नजिकैको नातेदारहरूको बीचमा पनि वैवाहिक सम्बन्ध हुने गरेको पाइएको छ । साथै प्याङगाउका सबै गुंहाहरूमा समावेश भएका महर्जनहरूको कुलदेवता (दिगुद्य) पनि एउटै रहेको छ । उक्त कुलदेवता चापागाउँको बसस्टप नजिकैको क्याम्पस नजिक रहेको छ । यसको पुजारी पनि आगद्यको पुजारी बाबुकाजी महर्जन नै रहेका छन् ।

माथि चर्चा गरिएको आपसी भेदभाव जस्तै सानातिना भेदभावको भावना अन्य ठाउँका महर्जनहरूमा पनि पाइएको छ । पशुपति क्षेत्र देवपत्तनको महर्जनहरूलाई "ज्यापू ग्वलय" भनेर काठमाडौंका अन्य महर्जनहरूले हेयको दृष्टिकोणबाट सम्बोधन गर्ने गरेको पनि पाइन्छ ।[५६] २०६५ साल श्रावण ३ गते आयोजना गरिएको ज्यापू दिवसको उपलक्ष्यमा काठमाडौं महानगरपालिका भित्रका ६३ वटा परम्परागत ज्यापू टोलहरूका मूल गुरूहरूलाई ज्यापू साँस्कृतिक सम्पदा र मौलिकता बचाउने कार्यमा योगदान गरे वापत सम्मान गरिएको र सो को लागि एउटा कार्यक्रमको आयोजना गरिएको थियो । तर देवपत्तन क्षेत्रको मूल गुरूलाई "ग्वलय ज्यापू गुरू" सम्फी निम्तो नै नगरिएको समाचार प्रकाशनमा आएको थियो ।[५७] यस किसिमले क्षेत्रगत आधारमा महर्जनहरूमा केही सामाजिक भेदभावहरू विद्यमान रही आएको पाइएको छ ।

**ख) क्षेत्रगत (Area Specific) आधारमा श्रेष्ठहरूमा पाइने सामाजिक समूहकरण**

नेवार समुदायको स्यस्य/श्रेष्ठहरूमा माथि उल्लेख गरिए जस्तै सामाजिक रूपमा ६ थरी र ५ थरीको रूपमा विभाजन हुनुको साथै स्यस्य/श्रेष्ठहरूमा अन्य धेरै हाँगाविगाहरू समेत रहेका छन् । त्यस्ता अनगिन्ती हाँगाबिंगाहरू मध्ये केही हाँगाविंगाहरूको बीचमा क्षेत्रगत (Area specific) आधारमा केही सामाजिक भेदभावहरू (वैवाहिक सम्बन्ध, खानपिनको व्यवहार, हुक्काको प्रयोग) समेत केही मात्रामा वर्तमान अवस्थामा समेत विद्यमान रहेको पाइन्छ । त्यस्तो सामाजिक समूहकरणको बारेमा निम्न बुँदाहरूको आधारमा चर्चा गर्ने प्रयास गरिएको छ ।

- थकु र अन्य श्रेष्ठहरू
- धुलिखेले श्रेष्ठहरू र अन्य श्रेष्ठहरू
- टोखाले श्रेष्ठहरू र अन्य श्रेष्ठहरू
- मध्यपुरे श्रेष्ठ र अन्य श्रेष्ठहरू

---

५६ हेर्नुहोस, गोरखापत्र, २०६५ श्रावण ४

५७ ऐजन

- **थकु र अन्य श्रेष्ठहरू**

लामो ऐतिहासिक पृष्ठभूमि भएका विशाल एवं असंगठित स्यस्य/श्रेष्ठ समूह भित्रका थकु (नेपालीमा ठकुरी) थरको परिवारहरू पनि छन् । भनिन्छ लिच्छवीकालको अन्त्य र मल्लकालको उदय हुनु पूर्व उत्तर भारतबाट आएका बैश ठकुरीहरूले करिव ३०० वर्ष जति नेपालको शासन संचालन गरेका थिए । यस अवधिमा नेपालको राजनैतिक स्थिति असन्तोषजनक रहेकोले केन्द्रीय सरकार कमजोर रहेको र यस्तो कमजोर केन्द्रीय सरकार भएकोले नै स्थानीय स्तरमा पनि टोल टोलमा नुवाकोटबाट काठमाडौं उपत्यका प्रवेश गरेका वैश्य ठकुरीहरूले नै पुस्तौनी स्थानीय राजा/शासक (थकुजुजु) को रूपमा शासन गरेको थिए ।[५८] काठमाडौं र भक्तपुरमा यिनीहरू थकुजुजुको रूपमा परिचित थिए र छन् भने ललितपुरमा यिनीहरू पात्रवंश, राउत र पालको रूपमा पनि परिचित थिए र छन् ।[५९] कालान्तरमा नेपाल भाषा र नेवार सँस्कृति अंगिकार गरी नेवार समुदायमा संमिश्रण भइ नेवार भएका थुकुजुजु[६०] को परिवारहरूले मल्ल वा थकु वा थकुमल्ल जस्ता थरहरू प्रयोग गर्दछन् र केही दशक अघिसम्म पनि उनीहरूमा ६ थरी लगायत अन्य कुनै पनि स्यस्य/श्रेष्ठहरूसित वैवाहिक सम्बन्ध नै नराख्ने परम्परा समेत रहेको थियो । फलस्वरूप उनीहरूको वैवाहिक सम्बन्धको दायरा निक्कै सिमित भइ केही सामाजिक समस्या उत्पन्न भएकोले उनीहरूले आफूजस्तै सिमित वैवाहिक सम्बन्धको दायरा भएका राजोपाध्याय ब्राह्मणसित समेत वैवाहिक सम्बन्ध राख्न थालेका थिए ।[६१] केही दशक अघिदेखि मात्र यिनीहरूले क्रमश: अरू स्यस्य/श्रेष्ठहरूसित पनि वैवाहिक सम्बन्ध विस्तार गर्दै लगेको पाइन्छ ।

- **धुलिखेले श्रेष्ठहरू र अन्य श्रेष्ठहरू**

परम्परागत रूपमा भन्ने हो भने काँभ्रे जिल्लाको धुलिखेलका स्यस्य/श्रेष्ठहरूको वैवाहिक सम्बन्ध पनि आफ्नै गाउँमा नै सिमित राख्ने परम्परा रहेको छ । अर्को शब्दमा भन्ने हो भने परम्परागत रूपमा धुलिखेले श्रेष्ठहरूको वैवाहिक सम्बन्ध अन्य ठाउँका स्यस्य/श्रेष्ठहरूसँग रहनु हुँदैन । वास्तवमा भक्तपुर र धुलिखेलका स्यस्य/श्रेष्ठहरूमा पारिवारिक थरहरू (ध्वंजु, माकजु इत्यादि) मा धेरै समानता

---

५८ काठमाडौंको भीमसेनस्थानका पन्नामान मल्लका पुर्खाहरूले स्थानीय थकुजुजु (ठकुरी राजा/शासक) को रूपमा शासन गरेका थिए । त्यस्तै काठमाडौं र भक्तपुरको विभिन्न ठाउँहरूमा थकुजुजुहरू (ठकुरी राजाहरू) थिए । हाल भक्तपुरका थकुजुजुका परिवारहरूले "थकु" (ठकुरी) थर लेख्ने गरेका छन् भने काठमाडौंका थकुजुजुका परिवारहरूले "मल्ल" थर लेख्ने गरेका छन् ।

५९ ललितपुरलाई स्थानीय स्तरको शासन/प्रशासन व्यवस्थाको लागि वहालहरूको आधारमा विभाजन गरिएको र त्यसरी विभाजित प्रत्येक क्षेत्रमा पात्रवेश र पालहरूले शासन गर्दथ्ये । यिनीहरू ललितपुरको थकुजुजु थिए ।

६० थकुजुजु भन्नाले ललितपुरको सन्दर्भमा पात्रवंश, राउत र पालहरूलाई पनि जनाउछ ।

६१ थकुहरूको आफ्नो वैवाहिक सम्वन्धको दायरा सिमित भएकोले मामाचेली र फुफुचेलाको वीच समेत वैवाहिक सम्वन्ध कायम गर्न बाध्य भएका थिए । अर्थात राणा र शाहहरूले जस्तै उनीहरूले पनि मामा र फुफुका छोराछोरीहरूको वैवाहिक सम्बन्धको प्रचलन समेत अपनाएका थिए । विस्तृत विवरणको लागि हेर्नुहोस्, कमल प्रकाश मल्ल, पूर्वजत लुमंका, थंनेया थकुजु खल:, काठमाडौं, ने.सं. ११०० पृष्ठ २८-२९ ।

रहेको पाइन्छ । सामाजिक संस्कारहरूको सन्दर्भमा पनि धुलिखेले स्यस्य/श्रेष्ठ र अन्य स्यस्य/श्रेष्ठहरूको बिचमा खास फरकपना रहेको पाइदैन । तथापि धुलिखेले स्यस्य/श्रेष्ठहरू र अन्य ठाउँ/शहरका स्यस्य/श्रेष्ठहरूको बीचमा सामाजिक अन्तरसम्बन्धको अभाव हालसम्म पनि केही हदसम्म विद्यमान रहेको पाइन्छ । फलस्वरूप धुलिखेले स्यस्य/श्रेष्ठहरूमा पनि केही हदसम्म मामा र फुफुका छोराछोरीहरूको बीचमा वैवाहिक सम्बन्ध कायम गर्नु पर्ने (crosss cousin marriages) बाध्यात्मक परिस्थितिको श्रृजना हुन गएको पाइन्छ । यसको साथै धुलिखेलमा ६ थरी र ५ थरी स्यस्य/श्रेष्ठहरूको बीचमा खासै स्पष्ट रेखाङ्कन भएको पाइदैन । उनीहरू सबै एउटै समूहका जस्ता देखिन्छन् । उनीहरूको बीचमा वैवाहिक सम्बन्ध राख्नु हुने वा नुहने भन्ने कुराको निर्धारण गुठीहरूको पारिवारिक सदस्यताको आधारमा गरिन्छ । यस्ता गुठीहरू मध्य "दिगुद्य पुजा गुठी र सी गुठी" प्रमुख छन् ।[६२]

- **टोखाले श्रेष्ठहरू र अन्य श्रेष्ठहरू**

परम्परागत दृष्टिकोणबाट भन्ने हो भने धुलिखेले स्यस्य/श्रेष्ठहरू जस्तै टोखाका स्यस्य/श्रेष्ठहरूको पनि अन्य शहरहरू (भक्तपुर, काठमाडौं इत्यादि) का स्यस्य/श्रेष्ठहरूसित वैवाहिक सम्बन्ध कम मात्रामा भएको पाइन्छ । हुनत: टोखाका स्यस्य/श्रेष्ठहरूको पनि प्रधान, राजभण्डारी, कर्माचार्य, जोशी, लवट प्रधान जस्ता पारिवारिक थरहरू पनि छन् । तथापि व्यवहारमा ति थरहरू भएका अधिकांश परिवारहरूले श्रेष्ठ थर नै प्रयोग गर्दै आएका छन् । राजोपाध्याय ब्राह्मणले स्यस्य/श्रेष्ठ केटीसिट विवाह गरि जन्मेका सन्तानले पनि "कर्माचार्य" थर लेख्ने गरेको पाइएको छ । अन्य स्यस्य/श्रेष्ठहरूले जस्तै टोखाका स्यस्य/श्रेष्ठहरूले पनि राजोपाध्याय ब्राह्मणलाई नै आफ्नो पुरोहित मान्दछन् । उनीहरूले अपनाउँदै आएको सामाजिक संस्कारहरू र अन्य स्यस्य/श्रेष्ठहरूको सामाजिक संस्कारहरूमा पनि धेरै समानता रहँदै आएको पाइन्छ । तथापि व्यवहारमा टोखाले स्यस्य/श्रेष्ठहरूको वैवाहिक सम्बन्ध परम्परागत रूपमा भन्ने हो भने टोखा र वरपरका गाउँहरू (धापासी, फुटुङ्ग, बालाजु, नारायणथान, ग्वंगवु, साङलेखोला र मनमैजु (सामूहिक रूपमा सातसय फेरा भन्ने परम्परा रहेको) का स्यस्य/श्रेष्ठहरू सित मात्र अधिक संख्यामा रहेको पाइन्छ । यस्तो परम्पराको विकास हुनुमा मुलत: अन्य शहर एवं ठाउँहरूका स्यस्य/श्रेष्ठहरूको नजरमा टोखाका स्यस्य/श्रेष्ठहरू "गामा स्यस्य" (गाउँले श्रेष्ठ) हुन् भन्ने भावनाको विद्यमान रहनु हो भन्ने भनाई रहेको छ ।[६३] तथापि केही अपवादको

---

६२ हेर्नुहोस, विस्तृत विवरणको लागि डील्कान क्वीग्ले, श्रेप्ठज: हेटेरोजिनीटी एमोङ्ग हिन्दू पायट्रोन लाइनेजेज, डायभीड एन. गेलनर र डील्कान क्वीग्ले (सम्पादकहरू), कन्टेस्टेड हायरकी, अक्सफोर्ड यूनिभरसिटी प्रेस, कलकत्ता, १९९९, पृष्ठ ८०-१०१

६३ अन्तंवार्तामा आधारित

रूपमा भने स्थानीय निवासी गजराज जोशीको परिवारको वैवाहिक सम्बन्ध भने अन्य शहरहरूका स्यस्य/श्रेष्ठहरूसित पनि कायम हुँदै आएको थाहा पाइएको छ।[६४]

- **मध्यपुरे श्रेष्ठ र अन्य श्रेष्ठहरू**

भक्तपुर जिल्लाको मध्यपुर नगरपालिका अर्न्तगतका ठिमी,बोडे र नगदेश जस्ता ठाउँहरूका स्यस्य/श्रेष्ठहरू (यस पछि प्रस्तुतीकरणको सुविधाको लागि मध्यपुरे स्यस्य/श्रेष्ठ भनिएको) र अन्य ठाउँ/शहरका स्यस्य/श्रेष्ठहरूको बीचमा पनि केही सामाजिक भेदभाव रहेको पाइन्छ। परम्परागत दृष्टिकोणबाट भन्ने हो भने मध्यपुरे स्यस्य/श्रेष्ठहरूको वैवाहिक सम्बन्ध पनि केही हदसम्म आफ्नै गाउँ ठाउँहरू (ठिमी, बोडे र वरपरका क्षेत्रहरू) मै सिमित रहेको पाइएको छ। तर मध्यपुरकै बज्राचार्य, मानन्धर, प्रजापति, महर्जन, कारन्जीत, शाक्य र अन्य विभिन्न जातहरूका परिवारहरूको वैवाहिक सम्बन्ध अन्य ठाउँ/शहरहरूमा पनि हुने गर्दछ। यस किसिमले धेरै हदसम्म धुलिखेले र टोखाले स्यस्य/श्रेष्ठहरू र थकुजुजुहरूको स्थिति/प्रवृत्ति मध्यपुरे स्यस्य/श्रेष्ठहरूमा पनि विद्यमान रहेको महसूस हुन्छ। तथापि तुलनात्मक रूपमा उनीहरूको वैवाहिक सम्बन्ध कायम गर्नु हुने गाउँ ठाउँ/नगर र जनसंख्या धुलिखेले स्यस्य/श्रेष्ठहरू र थकुजुजुहरूको तुलनामा धेरै बढी भएकाले उनीहरूको लागि मामा र फुफुको छोरा छोरी बीचमा वैवाहिक सम्बन्ध (cross-cousin marriages) कायम गर्ने परम्पराको विकास गर्नुपर्ने बाध्यात्मक परिस्थितिको श्रृजना भएन र त्यस्तो सम्बन्ध हालसम्म पनि पूर्णरूपमा निषेधित नै छ।

जे भएता पनि एउटै जातिगत समूहका स्यस्य/श्रेष्ठहरूको बीचमा पनि परम्परागत रूपको यस किसिमको क्षेत्रगत (Area Specific) भेदभावको श्रृजना कसरी हुन गयो ? यो प्रश्नको उत्तर खोज्नु अति रोचक हुन्छ। वास्तवमा भन्ने हो भने भक्तपुरे र मध्यपुरे स्यस्य/श्रेष्ठहरूको पारिवारिक थरहरूमा धेरै समानता रहेको पाइन्छ।[६५] भक्तपुर र मध्यपुर दुवै नगरहरूमा[६६] जोशी, प्रधान, कर्माचार्य, ग्वंग, राजलवट, मास्के, कायस्थ, ताल्चा भंडेल/भंडेल, बादे श्रेष्ठ, प्रधानाङ्ग, लाखे जस्ता ६ थरी भनिएका थरहरू पाइन्छ। त्यस्तै ध्वजु, साहु, ख्वाउजु, धौवन्जा, धौं जस्ता पाँच थरी कहलिएका पारिवारिक थरहरू पनि दुवै शहरहरूमा विद्यमान छन्। तथापि परम्परागत दृष्टिकोणबाट केहिहदसम्म विद्यमान रहिआएका यी दुई किसिमका स्यस्य/श्रेष्ठहरूको

---

६४ ऐजन, ...

६५ हेर्नुहोस्, थरहरूको विस्तृत विवरणको लागि, परिशिष्ट ४.२,४.३ र ४.४

६६ यहाँ प्रस्तुतिकरणको सुविधाको लागि एउटै जिल्ला भएको कारणले भक्तपुर र मध्यपुर नगरहरूको श्रेष्ठहरूको मात्र तुलनात्मक दृष्टि प्रस्तुत प्रयास गरिएको छ। र ललितपुर र काठमाडौंको श्रेष्ठहरूको उल्लेख गरिएको छैन।

बीचमा रहेको सामाजिक अन्तरसम्बन्धको अभावका कारणहरू के के हुन् ? यस प्रश्नको उत्तर खोज्ने यहाँ जमर्को गरिएको छ ।

परिशिष्ट ४.२,४.३ र ४.४ मा दिइएको पारिवारिक थरहरूको अध्ययनबाट निम्न कुराहरू स्पष्ट हुन आउछ :

- पहिलो, दुवै किसिमका स्यस्य/श्रेष्ठहरू (भक्तपुरे र मध्यपुरे स्यस्य/श्रेष्ठहरू) मा पनि केही प्रख्यात ६ थरी स्यस्य/श्रेष्ठहरूका थरहरू (जोशी, कर्माचार्य, कायस्थ, सैजु, मास्के, ग्वंगजु, प्रधान, राजलवट, ताल्चाभडेल इत्यादि) विद्यमान रहेको पाइन्छ ।
- दोस्रो, भक्तपुरे र मध्यपुरे ६ थरी स्यस्य/श्रेष्ठहरूले आफुलाई अन्य स्यस्य/श्रेष्ठहरू भन्दा माथिका नै ठान्दछन् र उनीहरूले (दुवै शहरका स्यस्य/श्रेष्ठहरू) साधारणतया स्यस्य/श्रेष्ठ थर नलेखी केवल पारिवारिक थर मात्र लेख्ने गर्दछन् ।
- तेस्रो, दुवै नगरका ६ थरी स्यस्य/श्रेष्ठहरूमा धेरै हदसम्म वडापनको भावना (अरूको अगाडि आफूलाई सामाजिक, पेशागत एवं आर्थिक दृष्टिकोणबाट उच्चस्तरको दर्शाउन प्रयत्न गर्ने (demonstration) प्रवृत्ति विद्यमान[६७] रहेको पाइन्छ ।
- चौथो, दुवै भक्तपुरे र मध्यपुरे स्यस्य/श्रेष्ठहरूको पारिवारिक थरहरूको बनावटको आधारहरूमा पनि समानता भएको पाइन्छ । यस्ता आधारहरू हुन् :
    - परम्परागत रूपमा अपनाइएको पेशा
    - राज्य व्यवस्थाको सन्दर्भमा खेलिएको भूमिका
    - जनावर र चराचुरूङ्गीहरूको नाम
    - शारिरीक बनावट
    - बस्ने ठाउँ र घरको वनावट एवं स्वरूप इत्यादि
- पाँचौ, केवल केही भक्तपुरे स्यस्य/श्रेष्ठहरूका केही थरहरू (विशेषतः अमात्य, मलेकु इत्यादि) मध्यपुरमा नपाइने र मध्यपुरे स्यस्य/श्रेष्ठहरूका केही थरहरू (विशेषतः थापा श्रेष्ठ,[६८] खत्री श्रेष्ठ इत्यादि) भक्तपुरमा नपाइने कुरासम्म थाहा पाइएको छ । मध्यपुरका सानो गाउँ नगदेशमा प्रधानाङ्गहरूको बसोबास रहेको पाइन्छ ।[६९]
- छैथौ, थर सम्बन्धमा भक्तपुरे र मध्यपुरे स्यस्य/श्रेष्ठहरूको बीचको अर्को एउटा फरकपना पनि पाइएको छ । भक्तपुरे र मध्यपुरे स्यस्य/श्रेष्ठहरू मध्य ६ थरी (जोशी, प्रधान, मास्के, कर्माचार्य, कायस्थ इत्यादि) मा पर्ने दुवै किसिमका स्यस्य/श्रेष्ठहरूले केवल आ-आफ्नो पारिवारिक थरहरू मात्र

---

६७ हेर्नुहोस, बाबुराम आचार्य, नेपाल, नेवार र नेवारी भाषा, नेपाल साँस्कृतिक परिषद् पत्रिका, वर्ष १, अंक १ वैशाख, २००९ पृष्ठ १६

६८ मध्यकालमा ललितपुरमा थरपाजु भन्ने थर थियो तर शुरूमा यिनीहरू खस थापा नै थिए । थापावाट नै अपभ्रंस भइ "थरपा" नेवारी शव्दमा रूपान्तरण भएको वुभिन्छ । ललितपुरवाट नै मध्यपुरमा थापा श्रेष्ठहरूले बसाइ सरी गएको हुन सक्दछ ।

६९ यी प्रधानाङ्गहरू मल्लकालमा नै भक्तपुरवाट मध्यपुरमा वसाइ सरी आएका थिए । यिनीहरूले आफ्नो छुट्टै पहिचान हालसम्म कायम गर्दै आएको वुभिन्छ । हेर्नुहोस, प्रधानाङ्गहरूको वंशावलीको लागि, देवेन्द्र वहादुर मल्ल (संकलक), भक्तपुरका राजा भुवन मल्लको वंशज, अमृतेश्वर लाल मल्ल, काठमाडौं, २०५५

लेख्ने गरेको पाइएता पनि पाँच थरी स्यस्य/श्रेष्ठहरूको हकमा भक्तपुरे श्रेष्ठहरू मध्य अधिकांशले भने केवल पारिवारिक थरहरू मात्र लेख्ने गरेको पाइन्छ भने मध्यपुरे स्यस्य/श्रेष्ठहरूले भने श्रेष्ठ मात्र लेख्ने वा श्रेष्ठमा आफ्नो पारिवारिक थर थप गरी लेख्ने (जस्तै ख्वाउजु श्रेष्ठ, धौं श्रेष्ठ इत्यादि) प्रवृत्ति रहेको पाइन्छ । यी केही फरकपना पाइएता पनि भक्तपुरे र मध्यपुरे दुवै किसिमका स्यस्य/श्रेष्ठहरूको थरहरूमा भने धेरै हदसम्म समानता रहेको पाइन्छ । तथापि परम्परागत रूपमा भन्ने हो भने यी दुवै किसिमका स्यस्य/श्रेष्ठहरूको बीचमा सामाजिक अन्तरसम्बन्धको अभाव अझैसम्म पनि केही हदसम्म रहेको पाइन्छ । यसो हुनमा निम्न चारवटा कारक तत्वहरूलाई औंल्याउन सकिन्छ :

- पहिलो, भक्तपुरे स्यस्य/श्रेष्ठहरू जस्तै मध्यपुरे स्यस्य/श्रेष्ठहरू पनि ६ थरी र ५ थरी स्यस्य/श्रेष्ठमा विभाजित भएको पाइन्छ । मध्यपुरे स्यस्य/श्रेष्ठहरूमा जोशी, कर्माचार्य, सैजू, मास्के, वैद्य, राजलवट, कायस्थ, प्रधान, भडेल (हालको शब्द भण्डारी/राजभण्डारी), ग्वंग, दुवार जस्ता पारिवारिक थरहरू भएका श्रेष्ठहरू ६ थरी स्यस्य/श्रेष्ठ हुन् । त्यस्तै धौंवजा, वजिवन्जा, ख्वाउजु, धौ, गोजा जस्ता थरहरू ५ थरीको समूहमा पर्दछन् ।[७०] तर व्यवहारमा यी ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठहरूको बीचमा खास सामाजिक भेदभाव रहेको पाइदैन ।[७१] दुवै थरीका स्यस्य/श्रेष्ठहरूमा वैवाहिक सम्बन्ध कायम रहँदै आएको पाइन्छ । सायद वैवाहिक सम्बन्धको दायरा फराकिलो गर्न नै यस्तो सामाजिक अन्तर सम्बन्धको विकास भएको हुनु पर्दछ । तर भक्तपुरे स्यस्य/श्रेष्टहरूमा ६ थरी र ५ थरीको बीचमा केहि मात्रामा सामाजिक भेदभाव रहँदै आएको पाइन्छ । परम्परागत रूपमा भन्ने हो भने मध्यपुरमा मात्र होइन काठमाडौंमा समेत भक्तपुरको दाँजोमा पाँच थरी स्यस्य/श्रेष्ठहरूलाई बढी नै महत्व दिइएको पाइन्छ । तर भक्तपुरमा भने ६ थरी स्यस्य/श्रेष्ठहरूलाई मात्र सच्चा स्यस्य/श्रेष्ठको रूपमा लिइन्छ र अरू स्यस्य/श्रेष्ठहरूलाई खास मान्यता दिने प्रवृत्ति रहेको पाइदैन । सायद यस्तो प्रवृत्ति रहेका भक्तपुरे ६ थरी स्यस्य/श्रेष्ठहरूले पाँच थरी स्यस्य/श्रेष्ठहरूसित पनि सामाजिक सम्बन्ध कायम गरेको कारणबाट नै मध्यपुरे ६ थरी स्यस्य/श्रेष्ठहरूलाई समेत इतिहासको कुनै कालखण्डदेखि (राणाकालको मध्यकालिन समयदेखि मात्र) मान्यता दिन छोडेको आभाष पाइन्छ । यसको प्रतिक्रिया स्वरूप मध्यपुरे स्यस्य/श्रेष्ठहरूले पनि भक्तपुरे स्यस्य/श्रेष्ठहरूसित सामाजिक अन्तरसम्बन्ध तोडेको हुनु पर्दछ ।

---

[७०] अन्तर्वार्तामा आधारित

[७१] माला मल्लले ६ थरी र पाँच थरी मध्यपुरे श्रेष्ठहरूलाई अभिल्दो किसिमले केवल पाँच थरी श्रेष्ठको समूहमा मात्र समावेश गर्नु भएको छ । हेर्नुहोस्, माला मल्ल, माथि उल्लेखित, पृष्ठ १०

- दोस्रो, माथि उल्लेख गरिए जस्तै भक्तपुरे स्यस्य/श्रेष्ठहरूमा नपाइने थापा श्रेष्ठ र खत्री श्रेष्ठ जस्तो केही थरहरू मध्यपुरे स्यस्य/श्रेष्ठहरूमा पाइन्छ । वास्तवमा थापा श्रेष्ठ, खत्री श्रेष्ठ इतिहासको कुनै कालखण्डमा खस समुदायको थर नै भएको आभाष पाइन्छ । विभिन्न कारणहरूबाट यी खस थापा, खत्रीहरू मध्यपुरमा बसाइ सरी बसोबास गर्न आएको[७२] र यहाँका स्थानीय स्यस्य/श्रेष्ठहरूसँग वैवाहिक सम्बन्ध कायम गरी नेपाल भाषालाई मातृभाषाको रूपमा स्वीकार गरी यहाँको संस्कृतिलाई अंगिकार गरेकोले उनीहरू नेवार समुदायको स्यस्य/श्रेष्ठ वर्गको अंगको रूपमा रूपान्तरण हुन पुगे र फलस्वरूप तिनीहरू थापा श्रेष्ठ, खत्री श्रेष्ठ भए । त्यस्तै मध्यपुरको बोडेको टिगनीगाउँमा यस्तै एउटा खस समुदायको थरबाट नेवार समुदायको थरमा रूपान्तरण भएको उदाहरण पनि पाइएको छ । तीन पुस्ता अघि मात्र खस समुदायका खड्गबहादुर कार्की अन्यत्रबाट टिगनी गाउँमा बसाइ सरी बसोवास गर्न आएका थिए । उनले स्थानीय नेवार समुदायको "राजवाहक" थरको झ्याउली नामको केटीसित गाउँमा नै विवाह गरेका थिए । अधिकांश नेवार समुदायको (राजवाहक र माक थर भएकाहरूको) बसोवास रहेको सो गाउँमा जन्मेका खड्गबहादुरका छोरा ज्ञानबहादुरले "कार्की" राजवाहक थर लेख्न थाले र ज्ञानबहादुरका छोरा दानबहादुरले भने स्थानीय बहुसंख्यक नेवारहरूको थर "राजवाहक" नै लेख्न थाले । त्यस्तै कान्छा कार्कीले पनि आफूलाई नेवार कार्की भन्छन् र अझसम्म कार्की थर नै लेख्ने गरेका छन् । साथै राजवाहक वा कार्की थर लेख्ने उक्त व्यक्तिहरूको परिवारलाई स्थानीय स्तरमा भने सबैले "कार्की परिवार"/"कार्की खलक" भनेर नै सम्बोधन गर्ने गरेको पाइएको छ । शारिरीक बनोटको दृष्टिकोणबाट भन्ने हो भने खड्गबहादुर र कान्छा कार्कीको परिवारलाई खस समुदायको कार्की नै हो भन्ने भान पर्दछ । त्यस्तै "खत्री श्रेष्ठ" परिवार पनि शारिरीक बनावटको दृष्टिकोणबाट नेवार भन्दा खस खत्री नै भन्न सुहाउँछ । समग्रमा यस किसिमले त्यसबेलाको परम्परागत समाजमा खस समुदायसित वैवाहिक सम्बन्ध र अन्य सामाजिक अन्तरसम्बन्ध कायम गरेका मध्यपुरे स्यस्य/श्रेष्ठहरू भक्तपुरे स्यस्य/श्रेष्ठहरूको नजरमा जातीय शुद्धतामा कमी आएको महसूस हुनु अस्वभाविक थिएन । फलस्वरूप भक्तपुरे स्यस्य/श्रेष्ठहरूले मध्यपुरे स्यस्य/श्रेष्ठहरूसँगको सामाजिक अन्तरसम्बन्धहरूलाई परित्याग गरेको

---

७२ मध्यपुर भुलांखेल निवासी नीरकुमार खत्री श्रेष्ठको भनाइमा उहाँभन्दा १०-१२ पुस्ता अघि मल्ल राजाहरूको समयमा उहाँको पुर्खाहरू साँखु वरपरका कुनै गाउँबाट मध्यपुरमा बसाइ सरी आएका थिए । पहिले पहिले उहाँका पुर्खाहरू खस क्षेत्री नै थिए र कुनै पुर्खाले बाहुनी विवाह गरेको र निजबाट जन्मेको सन्तानले "खत्री" थर प्रयोग गरेको र पछि मध्यपुरमा बसाइ सरी आए पश्चात् यहाँका श्रेष्ठहरूसित वैवाहिक सम्बन्ध कायम हुन गइ जन्मेका सन्तानहरूले "खत्री श्रेष्ठ" थर प्रयोग गर्दै आएको हो । वास्तवमा उनीहरूले नेपाल भाषा बोली नेवारी संस्कृति अंगिकार गरेकोले नै उनीहरू "खत्री श्रेष्ठ" को रूपमा रूपान्तरण हुन गएको हो । त्यस्तै वर्तमान थापा श्रेष्ठहरूका पूर्खाहरू पनि खस थापा क्षेत्री नै थिए र मल्लकालमा नोकरी गर्ने सिलसिलामा उनीहरूको पुर्खाहरू मध्यपुरमा आएको र पछि यहाँ नै बसोवास गर्नु पुगेको थियो । यिनीहरूले नेपाल भाषा र नेवारी संस्कृति अंगिकार गर्नुको साथै स्थानीय श्रेष्ठहरूसित वैवाहिक सम्बन्ध समेत कायम गरेकोले उनीहरूको थर "थापा श्रेष्ठ" हुन गएको भन्ने भनाइ रहेको छ । अर्न्तवार्तामा आधारित । मध्यकालको थरपा थर र वर्तमान थापा श्रेष्ठ थरको अन्तरसम्बन्धको लागि हेर्नुहोस, परिच्छेद ३ ।

हुनु पर्दछ । र मध्यपुरे स्यस्य/श्रेष्ठहरूले पनि प्रतिक्रियात्मक रूपमा आफूलाई भक्तपुरे स्यस्य/श्रेष्ठहरू भन्दा निम्न स्तरको नठानी उनीहरू (भक्तपुरे स्यस्य/श्रेष्ठहरू) सितको सामाजिक अन्तरसम्बन्ध तोडेको हुनु पर्दछ ।

- तेस्रो, भक्तपुर मल्लकालिन नेपालको राजधानीको रूपमा रहेको र मध्यपुर त्यसबेला भक्तपुरबाट टाढा रहेको एउटा ठूलो गाउँ जस्तो मात्र थियो । राज्य संचालनको केन्द्रको रूपमा रहेको भक्तपुरका निवासी भएको नाताले त्यहाँका स्यस्य/श्रेष्ठहरूले राज्य संचालन एवं शासन व्यवस्थाको प्रक्रियामा संलग्न भइ कार्य गर्ने अवसर पाउनु अस्वभाविक होइन । फलस्वरूप भक्तपुरे स्यस्य/श्रेष्ठहरू मध्य धेरैले भारो स्यस्य/श्रेष्ठ भइ काम गर्ने अवसर पाएको हुनु पर्दछ । शासन संचालनको केन्द्रबाट टाढा रहेको कारणबाट मध्यपुरे स्यस्य/श्रेष्ठहरूलाई त्यस्तो अवसर पाउन सजिलो नहुनु पनि अस्वभाविक थिएन । केवल केन्द्रबाट स्थानीय स्तरको शासन/प्रशासन संचालन गर्ने वा धार्मिक कार्य गर्ने सन्दर्भमा खटाइएका सिमित परिवारहरूले मात्र "भारो श्रेष्ठ" हुने मौका पाई ६ थरी स्यस्य/श्रेष्ठ हुने मौका पाएका थिए[७३] र अन्य ६ थरी स्यस्य/श्रेष्ठहरूले समेत व्यापार व्यवसाय र कृषि क्षेत्रमा नै संलग्न हुनुपर्ने बाध्यात्मक परिस्थितिको श्रृजना हुन गएको थियो । फलस्वरूप त्यसरी व्यापार व्यवसाय र कृषि क्षेत्रमा संलग्न ६ थरी स्यस्य/श्रेष्ठहरूसित[७४] भक्तपुरे ६ थरी स्यस्य/श्रेष्ठहरूले परम्परागत रूपमा चल्दै आएको सामाजिक विधि व्यवहार एवं अन्तरसम्बन्धलाई तोडेको आभाष पाइन्छ । मध्यपुरे स्यस्य/श्रेष्ठहरूले पनि माथि उल्लेख गरिए जस्तै जातिगत रूपमा पाइने प्रतिस्पर्धात्मक भावनाबाट प्रेरित भइ प्रतिक्रियात्मक रूपमा भक्तपुरे स्यस्य/श्रेष्ठहरूसितको सामाजिक अन्तरसम्बन्धको परम्परा-लाई तोड्न पुगेको हुनु पर्दछ । फलस्वरूप क्षेत्रगत रूपमा एउटै समूहको स्यस्य/श्रेष्ठहरूको बीचमा पनि सामाजिक भेदभावको सुरूवात हुन पुग्यो ।

वास्तवमा इतिहास पल्टाएर राम्ररी अध्ययन गर्ने हो भने भक्तपुरे र मध्यपुरे स्यस्य/श्रेष्ठहरूको बीचमा पहिले पहिले कुनै पनि सामाजिक भेदभाव नभएको कुरा वास्तविक रूपमा नै स्पष्ट हुन आउछ । राजा विश्वजीत मल्लले मध्यपुर

---

७३ मध्यपुरका कर्माचार्यहरू बालकुमारी मन्दिरको पुजारीको रूपमा कार्य गर्न भक्तपुरका मल्ल राजाबाट खटाइएका थिए । त्यस्तै भक्तपुरका मल्ल राजाबाट मध्यपुरका दुवारको रूपमा कार्य गर्न भाजु नरसिंह जोशीलाई खटाइएको थियो । पछि जोशी प्रमान (हालको वडाहाकिम/प्रमुख जिल्ला अधिकारी) भएका थिए । पुनरसिंह मास्के काठमाडौंबाट मध्यपुरमा बसोबास गर्न जाने पहिलो मास्के परिवार थिए ।

७४ टोखाको श्रेष्ठहरूको सन्दर्भमा प्रयोग गरिएको शब्द "गामा स्यस्य" (गाउँले श्रेष्ठ) व्यापार व्यवसाय र कृषि क्षेत्रमा कार्यरत रहेको मध्यपुरे ६ थरी श्रेष्ठहरूको हकमा पनि धेरै हदसम्म (भक्तपुरे ६ थरी श्रेष्ठहरूको नजरमा) लागू नै हुन्छ ।

पमाननीको गंगादेवीसित विधिवत विवाह गरेका थिए ।[७५] उही गंगारानीबाट तत्कालिन भक्तपुरका युवराजहरू त्रिलोक्य मल्ल (पछि राजा भएको) र भुवन मल्ल जन्मेका थिए । रानीले नायवीका रूपमा समेत भक्तपुर राज्यको शासन संचालन गरेका थिए ।[७६] त्यस्तै भक्तपुरका प्रख्यात तान्त्रिक सिद्ध आचाजु (कर्माचार्य) को श्रीमती पनि मध्यपुरकै थिइन ।[७७] यस्तो वैवाहिक सम्बन्धका केही उदाहरणहरूबाट नै भक्तपुरे र मध्यपुरे स्यस्य/श्रेष्ठहरूको बीचमा रहेको सामाजिक अन्तरसम्बन्ध स्पष्ट हुन आउछ । त्यस्तै मध्यपुरे स्यस्य/श्रेष्ठ समूहका जोशी, कर्माचार्य, प्रधान, भँडेल, मास्के, दुवार जस्तो परिवारहरू मध्ये अधिकांश परिवारहरू पनि इतिहासको विभिन्न कालखण्डहरूमा भक्तपुरबाट नै मध्यपुरमा गएका थिए । कुनै समयमा मल्ल राजाबाट खटाइएका कर्माचार्यका परिवारकै वंशज मध्यपुर दुई पोखरी ताहाननीका कर्माचार्यहरू अहिले पनि बालकुमारीका पुजारीको रूपमा कार्यरत रहेका छन् । नित्य पुजा उनीहरूले नै गर्दै आएका थिए र हाल गुठी संस्थानबाट रकम प्राप्त नभएकोले नित्य पूजा गर्न गाह्रो भएको छ । तर विस्केट जात्रा र दशैंमा यी कर्माचार्यहरूले पुजारीको रूपमा अहिले पनि कार्य गर्दै आएका छन् । उनीहरूलाई आफ्नो पुजारीको कार्य गर्न कायस्थ (कसजु), दुवार र पमा: (प्रधान) हरूले सघाउ पुऱ्याउने कार्य गर्दछन् ।[७८] वास्तवमा भक्तपुरे र मध्यपुरे स्यस्य/श्रेष्ठहरूको बीचमा खास सामाजिक भेदभाव थिएन । राणा प्रधानमन्त्री वीर शमशेरको समयसम्म पनि ६ थरी र पाँच थरी लगायत विभिन्न किसिमका स्यस्य/श्रेष्ठहरूको बिचमा खासै सामाजिक भेदभाव थिएन भन्ने कुराको आभाष परिच्छेद ३ मा चर्चा गरिएको समकालिन भारतीय लेखक श्यामलदासको ग्रन्थबाट पनि पाइन्छ । तथापि माथि उल्लेखित केही व्यवहारिक कारणहरूबाट यी दुई किसिमका स्यस्य/श्रेष्ठहरूको बीचमा रही आएको सामाजिक अन्तरसम्बन्ध इतिहासको कुनै कालखण्डदेखि टुट्न गएको आभाष पाइन्छ । त्यस्तै टोखा र धुलिखेलका स्यस्य/श्रेष्ठहरू र अन्य स्यस्य/श्रेष्ठहरूको बीचमा देखिएको सामाजिक अन्तरसम्बन्धको अभावको सन्दर्भमा पनि माथि विवेचना गरिएका विश्लेषणहरू धेरै हदसम्म सान्दर्भिक हुने देखिन्छ । यस किसिमको सामाजिक भेदभावहरू हालको सामाजिक परिवेशको सन्दर्भमा धेरै हदसम्म असान्दर्भिक भइसकेका छन् । साथै मध्यपुरे र अन्य स्यस्य/श्रेष्ठहरूको बिचमा निम्न कुराहरूमा समानता समेत रहेको पाइन्छ :

---

७५ वैकुण्ठ हरि श्रेष्ठ, गंगा महारानीका कीर्तिहरू, मध्यपुर स्मारिका, मध्यपुर, २०५५, पृष्ठ ८८ -८९ । श्रेष्ठले गंगा महारानीको माइतीको थर "भुलाई" हुनु पर्दछ भन्ने अनुमान गर्नु भएको छ । तर निजको माइतीघर, मध्यपुर इनाय टोलको पपाननी (प्रधानहरूको चोक) मा भएको र सो ठाउँमा अझसम्म पनि पुरानो ऐतिहासिक स्मारकहरूको चिन्ह रहेको बुझिएको र गंगादेवी प्रधानहरूको चोकमा जन्मेकीले निजको माइतीघरको थर "प्रधान" नै हुनु पर्दछ ।

७६ एउटा पुरानो अभिलेखमा गंगा रानीको सन्दर्भमा श्री २ भन्ने सम्मानजनक पदावली प्रयोग गरिएको पाइएको छ । नेपाल भाषामा लेखिएको उक्त अभिलेखको व्यहोरा निम्नानुसारको छ : सं ७६३ अश्विनवदी ५ श्री जयनरेश मल्ल शिवलीन जुवादिन ॥ मदना लक्ष्मी हेलना गौरी हेलन विमला गोपिनी निलार्शि गोपिन हेलुना ॥ ऊँ सम्बत ६९१ आइवीन शुदि ७ सं. श्री २ गंगा रानी त्रिभयत्वँ ॥
श्रोत: इतिहास प्रकाश, अंक २, भाग ३, इतिहास प्रकाश संघ, मृगंस्थली, गोरपपीठ, २०१३, पृष्ठ ५६९ ।

७७ तिर्थप्रसाद मिश्र र अन्य, माथि उल्लेखित, पृष्ठ १४९

७८ अर्न्तवार्तामा आधारित

- पहिलो, परम्परागत रूपमा भन्ने हो भने सवै किसिम र थरीका स्यस्य/श्रेष्ठहरूले मुलतः परम्परागत दायित्व निर्वाह गर्ने (अरू जातका समूह/व्यक्तिहरूलाई संरक्षकत्व प्रदान गर्ने) सन्दर्भमा नै अन्य जातका समूह/व्यक्तिहरूले स्यस्य/श्रेष्ठहरूको लागि आवश्यक पर्ने सेवाहरू प्रदान गर्दछ ।[७९] यस किसिमको संरक्षकत्वको दायित्ववाट सवै किसिमका स्यस्य/श्रेष्ठहरूमा आ-आफ्नो उच्चस्तरीय सामाजिक स्तरको भावना समानरूपले जागृत एवं विकास हुन गएको छ भने अन्य गैर श्रेष्ठ जात एवं समूहको नजरमा सबै किसिम र थरका स्यस्य/श्रेष्ठहरू सामाजिक प्रतिष्ठा र आदर प्राप्त समूहको रूपमा चित्रित भएका छन् । कारण, उनीहरूबाट प्रदान गरिने सेवामा सबै किसिमका स्यस्य/श्रेष्ठहरूको प्रभुत्व (command) कायम रहेको हुन्छ र त्यसरी सेवा प्रदान गरिए वापत उनीहरूले सबै किसिमका स्यस्य/श्रेष्ठहरूबाट आर्थिक लाभ प्राप्त गर्दछन् । यही आर्थिक लाभको कारणले नै साधारणतया स्यस्य/श्रेष्ठहरूलाई अरूहरूले संरक्षकको रूपमा स्वीकार गरेका हुन्छन् ।[८०]

- दोस्रो, आन्तरिक रूपमा स्यस्य/श्रेष्ठहरूमा विभाजनका अनगिन्ती रेखाहरू विद्यमान रहेको पाइन्छ । त्यसरी विभाजित समूहहरू मध्य एकले अर्कोलाई तल्लो स्तरको ठान्ने र आफूलाई उच्च स्तरको ठान्ने मानसिकता रहेको पाइन्छ । अर्को शब्दमा भन्ने हो भने विभिन्न किसिमका स्यस्य/श्रेष्ठहरूको बीचमा सामाजिक स्तरको सन्दर्भमा आपस आपसमा प्रतिस्पर्धात्मक भावना (constested feeling) रहेको पाइन्छ । यस्तो प्रतिस्पर्धात्मक भावना सवै किसिमका स्यस्य/श्रेष्ठहरूमा समूहगत रूपमा विद्यमान रहेको पाइन्छ ।

- तेस्रो, सबै किसिमका स्यस्य/श्रेष्ठहरूको जन्मदेखि मृत्युसम्म गरिने सामाजिक संस्कारहरूमा धेरै हदसम्म समानता रहेको पाइन्छ ।[८१]

यस किसिमका समानताहरू टोखाले श्रेष्ठ, धुलिखेले श्रेष्ठ र अन्य श्रेष्ठहरूको बीचको अन्तरसम्बन्धको सन्दर्भमा पनि सान्दर्भिक हुन्छ ।

समानताको दृष्टीकोणवाट भन्ने हो भने यस किसिमको क्षेत्रगत आधारमा स्यस्य/श्रेष्ठहरूको समूहकरण केवल कृतिम किसिमको हो । यो कुनै नश्ल, वर्ण र साँस्कृतिक एवं सामाजिक भिन्नताहरूको आधारमा गरिएको समूहकरण होइन । र विभिन्न कारणवस इतिहासका पछिल्लो कालखण्डहरूमा उनीहरूमा कृतिम रूपमा विभाजनका रेखाहरू कोरिएका हुन् । वास्तवमा भन्ने हो भने सवै

[७९] उदाहरणको लागि सबै किसिमका श्रेप्ठहरूको लागि नापित समूहले विभिन्न संस्कारगत कार्यहरूको सन्दर्भमा नङ र कपाल काट्ने कार्य गर्दछ भने महर्जन समूहले देवस्थलमा पुजा सामग्री पुऱ्याउने, शुभ-उपनयन र विवाहको सन्दर्भमा विभिन्न किसिमका परम्परागत जिम्मेवारी (बेहुलीलाई बोलाउन जाने कार्य लगायत) र अन्य घरायसी कार्यमा सघाउ पुऱ्याउँदछ । ब्राह्मण वर्गले कर्मकाण्ड लगायत सम्पूर्ण धार्मिक कार्यहरू सम्वन्धी कार्य गर्दछ । र ब्राह्मण वर्गलाई सबै किसिमका श्रेप्ठहरूले अति सम्मानपूर्वक आदर गर्दछन् ।

[८०] हेर्नहोस, विस्तृत विवरणको लागि, डिल्कान क्वीगले, श्रेप्ठजः हिटोरोजिनिटी एमोङ हिन्दू पायट्रोन लाइनेज, डाभीड गेलनर, डिक्लान क्वीगले (सम्पादकहरू), कन्टेसटेड हायरकी, अक्सफोर्ड यूनिभरसिटी प्रेस, कलकत्ता, १९९९, पृष्ठ ८०-१०८

[८१] हेर्नुहोस, यस्तो संस्कारहरूको विवेचनाको लागि, परिच्छेद -५

किसिमका स्यस्य/श्रेष्ठहरू एउटै वर्ग/समूहगत जातका हुन् । त्यस वर्ग/समूह/जात भित्र केवल अनगिन्ती पारिवारिक थरहरू मात्र रहेका छन् र उनीहरूमा खास सामाजिक भेदभाव पहिले पहिले पनि थिएन र हाल पनि परम्परागत भेदभावहरू धरै हदसम्म मेटिइसकेको आभाष मिल्दछ र त्यस्ता परम्परागत सामाजिक भेदभावहरू वर्तमान परिवेशको सन्दर्भमा असान्दर्भिक भइसकेको छ भन्नु अत्युक्ति हुने छैन ।

### ४.३.२.३ बैश्य वर्गमा पर्ने जनसमूहहरू

वैश्य वर्गमापर्ने जनसमूहहरूलाई मोटामोटी रूपमा निम्न दुई समूहहरूमा विभाजन गरिएका छन् :

- ज्यापू वर्ग
- वैश्य वर्गका अन्य समूहहरू

नेवार समुदायको सामाजिक तहगत श्रृंखलामा स्यस्य/श्रेष्ठ समूह पछि बैश्य वर्गका विभिन्न जातीय समूहहरू पर्छन् । ती जातीय समूहहरू हुन 'ज्यापू/महर्जन, मानन्धर, माली इत्यादि । यी सवै समूहहरूको वारेमा विवेचना गरिएमा यस पुस्तकको पृष्ठहरू अनियन्त्रीत हुने देखिएकोले यहाँ केवल ती समूहहरू मध्ये सवभन्दा ठूलो समूह ज्यापू/महर्जन र अन्य केहि समूहहरूको वारेमा मात्र संक्षिप्त रूपमा चर्चा गर्न प्रयास गरिएको छ ।

### क) ज्यापू वर्ग

साधारण रूपमा शाब्दिक अर्थमा परिभाषित गर्ने हो भने 'ज्यापू' को अर्थ हो काम राम्रो गर्न शिपालु । 'ज्या' को अर्थ काम र 'पु' को अर्थ राम्ररी काम गर्ने । स्पष्ट शव्दमा भन्ने हो भने कृषि व्यवसाय शिपमुलक ढंगवाट राम्ररी संचालन गरी कृषि उत्पादनमा अभिबृद्धि गर्ने क्षमता भएका व्यक्तिहरूको समुह नै 'ज्यापू' हो र यस दृष्टिकोणवाट 'ज्यापू'[८२] समूहलाई देशको विकासको प्रकृयाको एउटा महत्वपूर्ण अंगको रूपमा लिन सकिन्छ । यस समुदायको सामुहिक थर हो 'महर्जन' ।[८३] यस समुदायका अनगिन्ती थरहरू छन् । भनिन्छ, वर्तमान समयमा नेवार समुदाय भित्र पाइएका ६ सय २१ थरहरू मध्ये ४११ थरहरू यस समुदायको रहेको छ र वाँकी स्यस्य/श्रेष्ठहरूको थरहरू हुन् । डंगोल, सिंह, सुवाल, अवाल, साप, मेपु केही प्रख्यात थरहरू हुन् ज्यापू समुदायको । यिनीहरू नै यहाँका वास्तविक आदिवासी हुन् ।

काठमाडौ उपत्यकाका सवभन्दा पुरांना वासिन्दाहरू हुन 'ज्यापू' समुदाय । नेपालको प्रारम्भिक गोपालवंशी र महिषपालवंशी शासकहरूको सन्ततीहरू (हाल सा:पु र मेपु भनिएकाहरू) यसै समुदायमा समिश्रण भइसकेका छन् । किरातहरूलाई सत्ताबाट विस्थापित भएपछि सत्ता प्राप्त गर्ने लिच्छवीहरूले उनीहरूलाई शासन व्यवस्था एवं सैनिक सेवाबाट अलग्ग गरि खेतिपातीको कार्यहरूमा मात्र संलग्न हुनु पर्ने बाध्यात्मक परिस्थितिको

---

८२ नेपाल सम्वत् ७६३-७९३ को अवधिमा राजा भएका भक्तपुरका राजा जगत प्रकाश मल्लले मध्यपुरको नगरहरूमा मञ्चन गरिएको नाटकको लागि रच्नु भएको गीतमा "ज्यापूचा" भन्ने शब्द प्रयोग गरिएको पाइन्छ । त्यस्तै जयस्थिति मल्लको मन्त्रि जयत वर्मांद्वारा लेख्न सुरू गरिएको र लुन्तम बज्राचार्यद्वारा लेख्ने काम पुरा गरिएको "न्याय विकासिनी" नामक ग्रन्थमा पनि "ज्यापो" भन्ने शब्द प्रयोग गरिएको छ ।

८३ वाबुराम आचार्यको विचारमा 'महर्जन' शव्द 'महाजन' शव्दवाट आएको हो ।

श्रृजना गरेका थिए र सत्ताबाट विस्थापित भएपछि किरातहरू ज्यापू समुदायमा समाहित भएका थिए । त्यस्तै लिच्छवीहरूलाई वैश ठकुरीहरूले शासन व्यवस्थावाट विस्थापित गरेपछि पनि ति नयाँ शासकहरूले उनीहरूलाई (लिच्छवीहरूलाई) कृषि क्षेत्रमा मात्र कार्यरत रहन बाध्य तुल्याएका थिए र उनीहरू पनि ज्यापू समुदायमा समाहित भएका थिए ।

ज्यापू समुदायमा डंगोल र महर्जन निक्कै प्रख्यात थरहरू हुन् । इसाई सम्वत १४८० (ने.सं.६००) तिर प्रयोगमा रहेको 'दंगुलिक' भन्ने शव्दवाट नै 'डंगोल' शव्द बनेको बुभिन्छ ।[८४] धेरै समय अघिदेखि नै जग्गा नापी जस्तो समाजको लागि अति आवश्यक पर्ने कार्य गर्ने भएकोले र तुलनात्मक रूपमा बढी शिक्षित भएकोले 'डंगोल' समूहको बढी प्रतिष्ठा भएको पाइन्छ ।

त्यस्तै कृषिको साथसाथै व्यापार व्यवसायमा पनि संलग्न भएका ज्यापू/महर्जनहरू पनि तुलनात्मक रूपमा बढी प्रख्यात नै छन् । माटोको भांडाकुंदा बनाउने कार्यमा विशेष शिप एवं दख्खल भएका प्रजापतिहरू पनि 'ज्यापू' सरह नै भनिएता पनि उनीहरू आफूलाई यस समूहवाट अलग्गिएको छुट्टै समूहको रूपमा परिचित गराउन चाहन्छन् । 'राजथला'[८५] थरका व्यक्तिहरूले पनि आफूलाई 'प्रजापति' समूहसित बढी नजिक ठान्छन् । 'सुवाल' अर्को प्रख्यात' थर हो । यस थरका व्यक्तिहरूले साधारणतया सिंह सुवाल लेख्ने गर्दछन् ।[८६] यस्तै ज्यापू /महर्जन समूहका अन्य केही थरहरू हुन् :

| | |
|---|---|
| बोस्यो | - बनजंगलमा पुरानो रूख काटी नयां रूख लगाउने । |
| बाला | - बनको पुरानो रूख काट्नेहरू । |
| व्य | - बनको रूख काटी काठ सम्वन्धित ठाउंमा पुऱ्याउनेहरू । |
| व्यथी | - मन्दिर, धारा, पाटी, पोखरी आदि ठाउंमा उम्रेको घांस काटेर फाल्नेहरू । |
| घाल्पा | - धारा ढलको हेरविचार र रेखदेख गर्नेहरू |
| घांसी | - बनजंगलमा घांस काट्नेहरू |
| मांहा | - राजकीय सांस्कृतिक पर्वहरूमा ध्वायं वोक्नेहरू |
| पहरी | - रतिं र कुसा लप्ते पैकुस वा सिनाज्या कुसा बनाउनेहरू |
| प्याङ | - बांसका पिंला, वाकस, व्यद्यां, हासा, डाला आदि बनाउनेहरू |
| साङमि | - चाकुसालमा काम गर्नेहरू |
| सापु[८७] | - गाई पालेर दुध बेच्नेहरू |
| मेपु | - रांगा भैसी पालेर दुध बेच्नेहरू |
| फैपु | - भेडाँ पाल्नेहरू |

---

८४ डिल्लीरमण रेग्मीको भनाइमा "ज्यापू" समुदाय नेवारहरूको सामाजिक तहगत श्रृंखलामा तेस्रो तहमा पर्दछ । हेर्नुहोस्, डिल्लीरमण रेग्मी, आयनसियन्ट नेपाल, फर्मा के एल मुखोपाध्याय, कलकत्ता, १९६७, पृष्ठ १५,

८५ "राजथलाहरू"को पुर्ख्यौली थलो हो दधिकोटको चित्रपुर (पहिले पहिले चोपुर भनिने) गाउँ । भनिन्छ मल्लकालमा कुनै राजाको ल्याइतेपट्टिको सन्तानलाई उक्त गाउँमा राखिएको र त्यही राजाका सन्तानको सन्तानहरूनै आजका "राजथला" भएका हुन् । राजथलाको मतलव हो राजाको नाता पर्ने ।

८६ प्राचिन नेपालमा महिपपाल बंशका राजाहरूले पनि "सिंह" थर प्रयोग गर्दथे। सोही बंशलाई आफ्नो पुर्खा सम्झी सिंह सुवाल थर लेख्ने गरेको हुनु पर्दछ । श्रेष्ठहरूमा पनि "सिंह" थर भएका समूह पाइन्छ । प्रख्यात प्रजातन्त्रवादी नेता गणेशमान सिंह "श्रेष्ठ" समूहका हुन् ।

८७ ज्यापू समुदायको सापु र मेपु जातिको सम्वन्ध अहिर/आभीर जातिको यादव र थारूहरू सित रहेको विचार विद्वानहरूले व्यक्त गरेका छन् । कारण, सापु, मेपुहरू परापूर्वकालमा मधेश/तराइको यादव र थारूसित आफ्नो हाडनाताको सम्वन्ध त्यागी मकवानपुरको चितलाङ्ग टिप्टुङ्ग भेगतिर बसाइसरी आएका थिए भनिन्छ । त्यहाँवाट नेपाल उपत्यका भित्र प्रवेश गरेका थिए । र याहां आफ्नो (गोपालबंसी शासन) कायम गरे । गोपालवंशी पछि महिपपाल बंशी राजाहरूले राज्य गरेका थिए । यी दुवै वंशका सन्तानहरू नै ज्यापू समूदायमा समाहित भएका थिए । अत: आजका ज्यापू (विशेपत: सापु/मेपु) नै प्रारम्भिक नेवार जाति हुन् भन्ने कुरामा कुनै शंका छैन ।

**ख) वैश्य वर्गका अन्य समूहहरू**

नेवार समुदायमा अन्य अनगिन्ती जात/थरहरू पनि बैश्य वर्ग भित्र पर्दछन् । यस्ता केहि जात/थरहरू हुन् :

- तुलाधर
- शिल्पकार
- ताम्राकार
- गथा (वनमालाकार)
- भां (कारन्जीत, महाब्राह्मण पनि भनिने)[८८]
- कता: (सुद्धकार)
- कलान (दिवाकर)
- खुस: (तण्डुकार)
- नौं (नापित)
- कौं (नकर्मी)
- पुं (चित्रकार)
- सायमी (मानन्धर)
- छीपा (रन्जीतकार)

उक्त थरहरू मध्य पछिल्लो दशवटा थर/जातहरू (गथा, भा, कता, खुस:, कलान, नौं, कौं, पुं, सायमी र छिपा) अन्य उच्चस्तरीय जात/थरका (विशेषत: ब्राह्मण, श्रेष्ठ) परिवारहरूको दृष्टिमा एउटै वर्गमा पर्दछन् । तर उनीहरूले आपस-आपसमा प्रतिस्पर्धात्मक दृष्टिकोण (contensted approach) अपनाइ एकले अर्कोलाई तल्लो स्तरको ठान्ने र आफूलाई उच्चस्तरको ठान्ने गर्दछन् । तसर्थ परम्परागत रूपमा भन्ने हो भने उनीहरूको बिचमा सामाजिक अन्तरसम्बन्ध (खानपान, वैवाहिक सम्बन्ध, हुक्काको प्रयोग इत्यादि) केहि हदसम्म अभाव नै रहेको पाइन्छ । तथापि बर्तमान सामाजिक परिवेशमा यस्तो भेदभावहरू पूर्ण रूपमा असान्दर्भिक भइसकेको छ भन्नु अत्युक्ति हुने छैनन् ।

४.३.३.४ **शुद्रवर्गमा पर्ने जनसमूहहरू**

शुद्र वर्गमा पनि अनेक जात/थरहरू छन् । तिनीहरू पनि दुई वर्गमा विभाजित छन् । स:त वर्ग र अ:सत वर्ग ।[८९] स:त वर्गमा निम्न जातहरू पर्दछन् :

- रजक (धोवी)
- डुंइ
- जोगी
- कसाई इत्यादि ।

असत (अछुट/unpure) वर्गमा निम्न जातका थरहरू पर्दछन् ।

- पोडे

---

[८८] "भा" भन्ने जातलाई महाब्राह्मण पनि भनिन्छ । कारण परम्परागत रूपमा भन्ने हो भने मृत्यू संस्कारको सन्दर्भमा चोख्याउने कार्यमा उनीहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

[८९] सत वर्गका जातहरूलाई परम्परागत रूपमा असुद्ध मात्र मानिन्छ अछुट मानिदैन । उनीहरूले छोयमा केही वार्नु वा प्रायश्चित गर्नु आवश्यक छैन । उनीहरूले छोएको पनि खानु हुन्छ । तर असत जातहरू परम्परा अनुसार अछुट नै मानिन्छ । उनीहरूले छोएमा सुनपानी छर्की शुद्धता पुन: प्राप्त गर्नुपर्ने हुन्छ भन्ने परम्परागत मान्यता रहेको पाइन्छ । उनीहरूले छोएको पानी पनि पिउन नहुने परम्परागत धारणा रहेको पाइन्छ ।

- च्यामे
- हाराहुरे इत्यादि

## ४.४ जातीय परम्पराका केही विशेषताहरू:-

नेवार समुदायको जातिय परम्पराका केही विशेषताहरू हुन् :

- लामो इतिहास
- जातिय व्यवस्थाको पेचिलो सञ्जाल
- बौद्ध धर्मावलम्वीहरूको सरल जातिय सञ्जाल
- वर्तमान जाति प्रथाको केही व्यवहारिक पक्षहरू

- **लामो इतिहास**

माथि विवेचना गरिएजस्तै किरांतकाल र सो भन्दा पहिले गोपालबंशी, महिषपालवंशीय र किरात वंशीय राजाहरूको समयमा खासै जातीय भेदभाव थिएन । तर लिच्छवीहरूको आगमनसंगै चार वर्ण, अठार जातको समाजको विकास भयो । फलस्वरूप समाजमा जातीय भेदभावको सुरूवाट भयो । यसरी लिच्छवीहरू नै पछि गएर नेवार समुदायमा रूपान्तरित हुन पुगे र तत्पश्चात जातीय भेदभाव सहितका नेवार समुदायको विकास हुन पुग्यो । मध्यकालमा राजा जयस्थिति मल्लले नेवार समुदायको जातीय व्यवस्थाको पुनसंरचना गरी यसलाई आधिकारिक रूपमा नै मान्यता दिएका थिए । तत्पश्चात ज्योतिर मल्ल र सिद्धिनरसिंह मल्लले पनि यसको स्वरूपमा केही परिवर्तन गरेका थिए ।

प्रथम राणा प्रधानमन्त्री जंगबहादुरद्धारा जारी गरिएको 'मुलुकी ऐन' मा पनि नेवार समुदायको जातीय ब्यवस्था वारेमा उल्लेख गरिएको पाइन्छ । चन्द्र शम्शेर र जुद्ध शम्शेर जस्ता राणा प्रधानमन्त्रीहरूले पनि नेवार समाजको सामाजिक परम्परामा सुधार गर्ने उद्देश्यले इस्तिहारहरू समेत जारी गरेका थिए । वर्तमान अवस्थामा पनि नेवार समुदायमा धेरै हदसम्म जातीय परम्परा विद्यमान नै रहेको पाइन्छ । केवल यसको कट्टरपनाको चरित्रमा केही लचकताको अभिवृद्धि मात्र भएको पाइन्छ । आजकाल छ थरी र पांच थरी स्यस्य/श्रेष्ठहरूमा पाइने भेदभाव र क्षेत्रगत आधारमा समूहकृत भएका मध्यपुरे, धुलिखेले, टोखाले स्यस्य/श्रेष्ठहरू जस्ता विभिन्न किसिमका स्यस्य/श्रेष्ठहरूको बीचको भेदभावको मानसिकतामा धेरै हदसम्म कमी आएको आभास पाइन्छ । तथापि जातिगत भावना अझै पनि केहि हदसम्म विद्यमान रहँदै आएको पाइन्छ । समग्रमा नेवार समुदायको जातिय परम्पराको आफ्नै लामो इतिहास रहेको छ ।

- **जातीय व्यवस्थाको पेचिलो सञ्वाल** (complex र complicate network)

नेवार समुदायको जातिय व्यवस्थाको संजाल अरू जातिहरूको भन्दा बढी पेचिलो (Complex र Complicated) किसिमको छ । सांचै भन्ने हो

भने यसको जातीय संजाल (network) अन्य जातीका व्यक्तिहरूका लागि बुझ्न पनि सजिलो हुदैन । चार वर्ण ब्राम्हण, क्षेत्री, बैश्य, शुद्र र अनेक जात र थरहरूमा विभाजित नेवार समाजका स्यस्य/श्रेष्ठको जातीय संजाल सबभन्दा बढी पेचिलो (complicated) रहेको छ । क्षेत्रीय वर्गका यी स्यस्य/श्रेष्ठहरूको छ थरी र पांच थरीको रूपमा भएको समूहकरण र क्षेत्रगत (Area specific) आधारमा गरिएको स्यस्य/श्रेष्ठहरूको समूहकरणको कारण यस जातीय संजाललाई अझ बढी पेचिलो (Complex) बनाएको छ । वास्तवमा सामाजिक दृष्टिकोणवाट भन्ने हो भने स्यस्य/श्रेष्ठहरूको जातीय संजाल बढी "असंगठित" रूपमा विद्यमान रहेको पाइन्छ । अरू समुदाय/जातिका समूहहरू र विदेशीहरूको लागि समेत यस्तो जातिगत संजाल बुझ्न गाह्रो हुनु अस्वभाविक होइन ।

- **बौद्ध धर्मालम्वीहरूको सरल जातीय संजाल**

सैद्धान्तिक आधारमा भन्ने हो भने साधारणतया बौद्धधर्मावलम्वीहरूको समाजमा जातिय व्यवस्था र सो अन्तर्गत हुने सामाजिक भेदभावको खासै मान्यता रहनु हुँदैन । तथापि हिन्दू धर्मावलम्वी नेवार समाजको प्रभावमा परी बौद्ध धर्मावलम्वी नेवार समाजमा पनि केही हदसम्म जातीय व्यवस्थाको विकास भएको पाइन्छ । तथापि त्यस्तो व्यवस्थाको संजाल भने तुलनात्मक रूपमा धेरै हदसम्म सरल किसिमको नै पाइएको छ । सवभन्दा माथिल्ला स्तरमा व्राम्हण स्तरको बज्राचार्यहरू रहन्छन भने त्यस पछि क्रमश: शाक्य, उदास इत्यादि रहन्छन् ।

- **बर्तमान जाति प्रथाको व्यवहारिक पक्ष**

नेवार समुदायको जाति प्रथाको वर्तमान स्वरूपको, केही व्यवहारिक पक्षहरूको वारेमा विवेचना गर्ने प्रयास यहाँ गरिएको छ । त्यस्तो व्यवहारिक पक्षहरूको विवेचना गर्दा मूलत: निम्न पक्षहरूमा ध्यान केन्द्रित गरिएको छ ।

- भौगोलिक पक्ष
- राजनैतिक/शासकीय पक्ष
- आर्थिक पक्ष
- सामाजिक साँस्कृतिक एवं धार्मिक पक्ष

**क) भौगोलिक पक्ष**

भूगोलले कुनै पनि सामाजिक समुदायको संरचना, विधि व्यवहार, संस्कार र अन्तर सम्वन्धमा प्रभाव पारेको हुन्छ । नेवार समुदाय पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र भारतको विभिन्न स्थानहरू (विशेषत सिक्कीम, दार्जिलिङ, सिलगुढी, बेतीया, रामनगर इत्यादि) मा बसोवास गर्दै आइरहेका छन् । विशेषत: गोरखाको तत्कालिन राजा पृथ्वीनारायण शाहले अठारौ शताव्दीको उत्तरार्द्धमा नेपाल उपत्यकाको विजय गरे

पश्चात नै नेवारहरूले नेपाल र भारतको विभिन्न ठाउँहरूमा बसाई सर्ने गरेको पाइन्छ।

तत्कालिन मल्ल राजपरिवारका सदस्यहरू, तिनिहरूका नातेदारहरू लगायत अन्य भारदारहरू र सर्वसाधारणहरूलाई समेत बसाइ सराइ गर्नुपर्ने वाध्यात्मक परिस्थितिको सृजना हुन गएको थियो । कारण उनीहरूमा नेपाल उपत्यकाको नियन्त्रण गरी सत्ता प्राप्त गरेका नयाँ शासकहरूवाट एक किसिमको डर एवं त्रासको श्रृजना भएको थियो । यसरी बसाई सराइ गर्नेका सन्तानहरू अहिले पनि कास्की, डोटी, पाल्पा, धनकुटा जस्ता विभिन्न जिल्लाहरूमा पाइन्छ । उनीहरूले आफ्नो पहिचान लुकाउन वास्तविक थर समेत लुकाएका थिए। यसको साथै नयाँ ठाउँहरूमा बसाई सर्ने अवसर उनीहरूले पाउन थाले र व्यापार व्यवसाय संचालन गर्न समेत उपत्यका वाहिरका विभिन्न स्थानहरूमा र भारतका विभिन्न स्थानहरूमा समेत उनीहरूले बसोवास गर्न थाले। त्यस्तै क्रिश्चियन धर्म अवलम्वन गरिरहेका नेवार परिवारहरूलाई पृथ्वीनारायण शाहले देशवाट निष्कासन गरेको र तिनिहरूले भारतको विहार राज्यको वेतिया र रामनगर जस्ता ठाउँहरूमा बसोवास गरेका थिए र तिनिहरूका सन्तानहरूको बस्तीहरू नै उक्त स्थानहरूमा अहिले पनि पाउन सकिन्छ । यसको अलावा गोरखाली शासन कायम भए पछि माथि उल्लेख गरिए झैं नेवारहरूको स्वामित्वमा रहेका जग्गा जमिनहरू क्रमश: नयाँ आगन्तुकहरूको नियन्त्रणमा सर्दै गएको थियो । फलस्वरूप कैयौं नेवार परिवारहरूको आर्थिक अवस्था कमजोर हुँदै गयो र त्यस्ता परिवारहरूलाई नेवारहरूको विभिन्न सामाजिक रितिरिवाजहरू (विशेषत: चाड, पर्वहरू) सम्बन्धि जिम्मेवारी समेत वहन गर्न पनि गाह्रो हुन गएको थियो । यस्तो अवस्थाबाट मुक्ति पाउन पनि आफ्नो आदिभूमि परित्याग गरि नेपालको अन्य भागहरूमा बसाइ सर्न पुगेका थिए।[१०]

यसरी नेपाल उपत्यका वाहिर विभिन्न भौगोलिक क्षेत्रहरूमा छरिएर बसोवास गर्दै आइरहेका नेवारहरूमा केही मात्रामा स्थानिय सामाजिक वातावरणको प्रभाव परेको पनि पाइन्छ । स्थानिय रहनसहन, वोलीचाली र भेषभूषावाट उनीहरूको जीवन शैलीमा नै केही प्रभाव पर्नु अस्वभाविक होइन । थारू समुदायको वाहुल्यता भएको ठाउंमा बसोवास गर्ने नेवारहरू थारूहरूको जीवन शैलीवाट केही मात्रामा प्रभावित हुनु अस्वभाविक होइन। त्यस्तै नेवार ब्राह्मण नभएको ठाउँमा बसोबास गर्ने नेवारहरूले खस ब्राह्मणहरूबाट आफ्नो गर्नुपर्ने सामाजिक विधिव्यवहार एवं कर्मकाण्ड सम्बन्धी कार्यहरू गराउनु कुनै आश्चर्यको कुरा होइन। नेवारहरूको जनघनत्व कम भएका भौगोलिक

---

[१०] अर्न्तवार्तामा आधारित

क्षेत्रहरूमा बस्ने नेवारहरूले कालान्तरमा आफ्नो मातृभाषा नबोल्ने प्रवृत्ति पनि अस्वभाविक होइन । तथापि तिनिहरूले आफुलाई नेवारको रूपमा नै पहिचान दिन्छन् र तिनिहरूले नेवार "थर" नै प्रयोग गर्दछन् । उनीहरूको विहावारी पनि उपत्यका भित्र वा वाहिरका नेवारहरूसित हुन्छ । तथापि उनीहरूले विस्तारै आफ्ना केही मौलिक परम्पराहरूलाई परित्याग गर्ने गरेको भने पाइन्छ । खस वाहुनलाई आफ्नो पुरोहित बनाउनुको साथै जनै लगाउने जातका व्यक्तिहरूले विभिन्न कारणवस[९१] जनै नलगाउने प्रवृत्ति समेत देखिन्छ । तथापि नेपाल उपत्यका भित्रको आफ्नो पुस्तौनी सम्वन्ध कायम रही रहोस् भन्ने चाहना नेपाल उपत्यकाका वाहिरका नेवारहरूमा अझसम्म पनि विद्यमान रहेको भने पाइन्छ ।[९२]

**ख) राजनैतिक/शासकीय पक्ष**

नेवार समुदायको उत्पत्ति र विकास नेपाल उपत्यकाको उत्पत्ति र विकाससित घनिष्ट रूपले सम्बन्धित रहेको छ । र स्वर्गीय इतिहासकार एवं विद्वान योगी नरहरिनाथबाट पश्चिम नेपालको खस राज्यको इतिहास सम्बन्धी अनुसन्धान कार्य हुनु पूर्व वास्तवमा नेवार समुदाय र यसको आदि भूमि नेपाल उपत्यकाको इतिहासलाई नै नेपालको इतिहासको रूपमा प्रस्तुत गर्ने प्रवृत्ति इतिहासकारहरूमा रहेको थियो ।[९३] अठारौं शताब्दीको उत्तरार्धमा तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहले विजय गर्नु पूर्व नेपाल उपत्यकामा शासक र शासित वर्ग दुवै नेवारहरू नै थिए ।

वास्तवमा नेवार एउटा यस्तो समुदाय हो जसको आफ्नै राजकीय सत्ताको लामो इतिहास रहेको छ । नेपालको इतिहासको सुरूवाटको बिन्दूदेखि अठारौं शताब्दीको उत्तरार्धसम्म नेपालमा राज्य संचालन गरेका सबै राजवंशहरू-गोपाल र महिषपाल वंश, किरात, लिच्छवी, बैश ठकुरी, ठकु, मल्ल सबै नेवार समुदायको अभिन्न अंगको रूपमा हालसम्म पनि विद्यमान रहेका छन् । पृथ्वीनारायण शाहले नेपाल उपत्यकाको विजय गर्नु अधिसम्म जति पनि वंशज एवं जातीय समुदायहरूले नेपाल उपत्यका भित्र प्रवेश गरेका थिए ति सबै नेवार समुदायमा बिलिन (assimilation) भएका थिए । अर्को शब्दमा भन्ने हो भने पृथ्वीनारायण शाहको गोरखा राज्यको विस्तृतिकरण पश्चातको नेपालमा विभिन्न जातजातिहरूले आ-आफ्नै पहिचान सहित वर्तमान

९१ यस्ता कारणहरू मध्ये एउटा प्रमुख कारण हो जनै लगाउने जातका परिवारले आफु भन्दा निम्न स्तरका परिवारसित (जनै लाउन नपर्ने जात) वैवाहिक सम्वन्ध कायम गर्ने र त्यस्तो वैवाहिक सम्वन्धवाट जन्मेका सन्तानले जनै लगाउने गरेको पाइएको छैन । चितवन नारायणगढ निवासी मदन मोहन जोशीसितको अन्तरवार्तामा आधारित ।

९२ पर्वत जिल्लाको सदरमुकाम कुश्मा निवासी नारायणप्रसाद जोशीले आफ्नो परिवारको पुस्तौनी जरो नै थाहा नपाइने सम्भावनावाट चिन्तित भइ ७४ बर्षको उमेरमा पनि आवश्यक खोजतलास र अनुसन्धान गरी आफ्नो परिवारको वंशावली नै तयार गर्नु भएको थियो । हेर्नुहोस, नारायण प्रसाद जोशी, तेखापुखु जोशीको वंशावली र नेवारी संस्कार, लेखक, काठमाडौं, २०४३ ।

९३ हेर्नुहोस, उदाहरणको लागि, डिल्लीरमण रेग्मी, आयनसियन्ट नेपाल, मेडियभल नेपाल (भाग १,२,३,४), फर्मा के.एल मुखोपाध्याय, कलकत्ता, २०६९, १९६५ र १९६६

नेपाली समाजको अंगको रूपमा रही आएका छन् (accomodation not assimilation) भने पृथ्वीनारायण शाहको गोरखाको विस्तृतिकरण पूर्व नेपाल उपत्यका भित्र प्रवेश गरेका सबै जातजातिहरूले नेवार समुदायमा पूर्ण रूपले बिलिन (assimilation) नै भएका थिए । उनीहरूले आफ्ना पहिलेको जातीय पहिचान सहित नेवार समुदायमा मिलेको थिएन । वास्तवमा नेपाल उपत्यकाले त्यस बेला एउटा समिश्रण/स्खलनको भाँडो (melting pot) को रूप लिएको थियो । अत: इतिहासको सुरूदेखि अठारौं शताब्दीको उत्तरार्धसम्म नेपाल राज्य संचालन गर्ने मौका हालको नेवार समुदायले पाएका थिए । फलस्वरूप नेवार समुदाय राजनैतिक दृष्टिकोणबाट निकै चेतनशील समुदाय हुन पुगेको छ । पृथ्वीनारायण शाहले नेपाल उपत्यकामा आक्रमण गरी विजय प्राप्त गरेको तत्कालै भक्तपुरको चोपुर (हाल चित्रपुर) गाउँको जनताले उनको सत्ताको विरूद्धमा विद्रोह गरेका थिए र विद्रोहीहरूको हात र नाक समेत काटिएको थियो भन्ने कुरा माथि उल्लेख भइसकेको छ ।[९४] त्यस्तै राणा शासनको विरूद्धमा विद्रोह गरे वापत १९९७ सालमा सहिद भएकाहरू मध्ये अधिकांश नेवार समुदायका नै थिए । २००७ सालको क्रान्तिमा गणेशमान सिंह लगायत कैयौं नेवारहरूले सक्रिय सहभागिता जनाएका थिए । २०४६ सालको सफल जनआन्दोलनको नेतृत्व स्वयं सर्वोच्च नेता गणेशमान सिंहले गरेका थिए । २०६२।६३ को जनआन्दोलनमा सकृय भूमिका खेलेका नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) को नेतृत्व वर्गमा समेत नेवारहरू[९५] रहेका थिए र छन् । नेपाल कम्यूनिष्ट पार्टीका संस्थापक सदस्यहरू मध्ये अधिकांश नेवारहरू नै थिए ।[९६] यस किसिमले विगतको राजकीय पृष्ठभूमिबाट मूलत: दुइवटा सकारात्मक पक्षहरूको विकास नेवार समुदायमा भएको पाइन्छ :

- पहिलो, माथि उल्लेख गरिए झैं राजनैतिक रूपले निकै चेतलशील समाजको रूपमा नेवार समुदायको विकास हुन गएको छ ।
- दोस्रो, विगतको शासन/प्रशासनको अनुभवबाट उनीहरूमा शासन/प्रशासन संचालन गर्ने क्षमताको पनि विकास भएको पाइन्छ ।

उपरोक्त सकारात्मक पक्षको साथै अठारौं शताब्दीको उत्तरार्धमा नेवार राज्यहरू (नेपाल उपत्यकाको भक्तपुर, ललितपुर र कान्तिपुर र वरपरका क्षेत्रहरू र दोलखा) को अन्त्य हुनुको साथै नेवार मल्ल राजाहरू पनि नेपालको राजकीय सत्ताबाट विस्थापित हुन पुगे ।

---

[९४] धनबज्र बज्राचार्य (सम्पादक), पण्डित सुन्दरानन्द विरचित त्रिरत्न सौन्दर्यगाथा, नेपाल साँस्कृतिक परिपद, काठमाडौं, २०१९, पृष्ठ ३८

[९५] हिसिला यमी, हितमान शाक्य, रविन्द्र श्रेष्ठ (हाल नेकपा माओवादी परित्याग गरी नेकपा एमालेमा सम्मिलित हुन भइ हाल मन्त्री समेत हुन भएको) आदि केन्द्रिय स्तरका माओवादी नेवार नेतृ/नेताहरू हुन् ।

[९६] पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य जस्ता नेताहरू संस्थापकहरूमा पर्दथ्यो ।

फलस्वरूप सम्पूर्ण नेवार समुदाय नै सत्ताबाट विस्थापित हुन पुगे । सिमित संख्याका केही नेवारहरूले (जसले नेपाल उपत्यकामा विजय प्राप्त गर्न पृथ्वीनारायण शाहलाई सघाउ पुऱ्याएका थिए) मात्र केही प्रशासकीय पदहरूमा रहिरहने अवसर प्राप्त गरेका थिए । सैनिक सेवा लगायत अन्य महत्वपूर्ण पदहरूबाट पनि नेवारहरूलाई पूर्ण रूपमा विस्थापित गरियो । यसरी सत्ताबाट विस्थापित भए पश्चात नेवारहरूलाई तत्कालिन शासकहरूले राजनैतिक दृष्टिकोणबाट उपेक्षित मात्र गरेनन् बरू उनीहरूलाई विभिन्न किसिमबाट लामो समयसम्म दवाउने कार्य गरियो । शासकहरूको यस्तो व्यवहारबाट नेवार समुदायमा मुख्यतया तिनवटा नकारात्मक असरहरू पर्न गएको पाइन्छ ।

- पहिलो, राजनैतिक दृष्टिकोणबाट सम्पूर्ण नेवार समुदाय केवल "रैती" को रूपमा रहि रहनुपर्ने बाध्यात्मक परिस्थितिको श्रृजना भयो । राज्य संचालनको सन्दर्भमा उनीहरूको कुनै खास निर्णायक भूमिका रहेनन् । राज्यको कुनै पनि निर्णय प्रक्रिया र राजनैतिक क्षेत्रमा धेरै लामो समय सम्म उनीहरूको खासै भूमिका रहन सकेन । केवल खस समुदायको ब्राह्मण, क्षेत्री र ठकुरीहरू मात्र राज्य संचलानमा हर्ताकर्ता हुन पुगे र उनीहरूले सम्पूर्ण राज्य संचालन प्रक्रियामा निर्णायक भूमिका खेल्नुको साथै एकाधिकार समेत कायम राखे र हालसम्म पनि त्यस्तो एकाधिकार धेरै हदसम्म कायम रहिआएको पाइन्छ ।

- दोस्रो, नेवारहरूलाई सेनामा कुनै पनि स्थान नदिइ पूर्णरूपले नै विस्थापित गरियो । कारण, नयाँ गोरखाली शासकहरूलाई चुनौती दिन सक्ने समुदाय त्यस बेला केवल नेवार समुदाय मात्र थियो । तसर्थ उनीहरूलाई सैनिक सेवाबाट पूर्ण रूपमा नै अलग्याइयो । यसबाट एकातिर नेवारहरूमा क्षेत्रीयत्वको गुणमा ह्रास आयो भने अर्को तिर नयाँ खस शासकहरूले सम्पूर्ण नेवार समुदायलाई नै वैश्यकरण गर्ने प्रयास गरे । यसै सन्दर्भमा मुलरले भन्नु भएको छ । "although the leading Newar classes joined together as Kshetriya warrior varna during the Malla period, the corresponding castes are now a days extinct in Newar society, the reason for this is that, since the conquest of the Parbatia i.e. Gorkhas, the Newars as the defeated, are not allowed to join the military services."[९७]

९७ उल्लरीक मुलर, ठिमी: सोसियल आयण्ड इकोनोमिक स्टडिज अन ए नेवार सेटलमेन्ट इन दि काठमाडौं भ्याली, जिसेन, १९८१, पृष्ठ २४

- तेस्रो, समग्रमा नेवार समुदाय शासकीय दृष्टिकोणबाट अति कमजोर अवस्थामा रहनु पर्ने बाध्यात्मक परिस्थितिको श्रृजना हुन गयो । फलस्वरूप नेवार राज्यहरू पतन भएको समयदेखि २००७ सालसम्मको लामो कालखण्डमा नेवारहरूले शासन व्यवस्थामा निर्णायक एवं महत्वपूर्ण भूमिका खेलने अवसरबाट बञ्चित रहनु पर्ने बाध्यताको श्रृजना भयो । केवल राणाहरूको बैठके, हुक्के र कारिन्दाको रूपमा मात्र उनीहरूले जागिर खानुपर्ने बाध्यता रह्यो । केही अपवादको रूपमा केही व्यक्तिहरूले मात्र मुन्सी/काजी जस्ता महत्वपूर्ण पद राणाहरूको विशेष कृपाले प्राप्त गरेका थिए ।[१८] समग्रमा शासन संचालनमा नेवारहरूको खासै भूमिका रहेनन् । २००७ सालको राजनैतिक परिवर्तन पश्चात मात्र नेपालको प्रशासनमा कार्यरत रहने अवसर उनीहरूले पाएका थिए । यस्तो उपस्थिति धेरै वा थोरै मात्रामा २०४६ सालसम्म पनि, कायमै रहेको थियो । तर उक्त वर्षको राजनैतिक परिवर्तन पश्चात पुर्नस्थापित प्रजातान्त्रिक व्यवस्था अर्न्तगत भने शासन/प्रशासनमा नेवार समुदाय क्रमश: सीमान्तकृत हुने श्रृंखलाको सुरूवाट भयो । हाल पहिलेको तुलनामा शासन/प्रशासनमा नेवारहरूको संख्यामा निकै कमी आएको महसूस गरिएको कुरा माथि उल्लेख भइसकेको छ । प्रस्तावित संघीय व्यवस्था अर्न्तगत नेवार राज्यको स्थापना भएमा यस्तो राज्यको सत्ता र प्रशासनमा नेवार समुदायको उपस्थितिमा अभिवृद्धि हुन जाने वातावरणको श्रृजना हुने आशा गर्न सकिन्छ । साथै त्यस्तो राज्यको सत्ता र प्रशासनमा कुनै भेदभाव विना सहभागी हुने अवसर राज्य भित्रका अन्य समुदायहरूलाई पनि दिइने व्यवस्था गरिनु पर्ने कुरा पनि स्वभाविकै हुनेछ ।

### ग) आर्थिक पक्ष

नेवारहरूको आदि थलो नेपाल उपत्यकाका अति उब्जाउ योग्य उर्वराभूमि भएको कारणबाट कृषि उपज अति राम्रो हुने वातावरण भएकोले ऐतिहासिक कालदेखि नै नेवार समुदाय आर्थिक दृष्टिकोणबाट सुसम्पन्न रहँदै आएका थिए । साथै पृथ्वीनारायण शाहबाट आफ्नो भूमि विजय गरे पश्चात यिनीहरूलाई खेतीपाती र व्यापार व्यवसायमा अघिक रूपमा सिमित हुनु पर्ने बाध्यात्मक परिस्थितिको श्रृजना गरियो र यिनीहरू विस्तृतिकरण गरिएको नेपालका विभिन्न स्थानहरूमा गइ व्यापार व्यवसायमा संलग्न भए । फलस्वरूप यिनीहरू मध्य अधिकको आर्थिक अवस्था सवल नै हुन पुगेको पाइन्छ । वर्तमान अवस्थामा पनि नेवार जाति आर्थिक दृष्टिकोणबाट अन्य समुदायहरूको तुलनामा त्यतिको

[१८] जंगबहादुरको शासनकालमा सिद्धिमान सिंह राजभण्डारी वडाहाकिम भएका थिए भने मरिचमान सिंह प्रधान चन्द्रशमशेरको शासनकालमा मुन्सीखानाका प्रमुख थिए । नारायण भक्त माथेमा काजि भएका थिए भने नारायण भक्त श्रेष्ठ सुब्बा भएका थिए । यी सबै केवल उपवादका उदाहरणहरू मात्र हुन् ।

कमजोर छैन । तथापि ऐतिहासिक दृष्टिकोणबाट भन्ने हो भने गोरखाली विजय पश्चात नेवारहरूको जग्गाजमीन क्रमशः हर्डापिने कार्य तत्कालिन शासकहरूबाट सुरू गरिएको थियो । त्यस्तै राणाकालमा पनि ठूलठूला दरवारहरू निर्माण गर्न नेवारहरूको जग्गा अधिग्रहण गर्ने कार्य शासकहरूबाट गरिएका थिए ।[९९] पंचायतकालिन समयमा पनि होटल निर्माणदखि नयाँ बसोबासको लागि नेवारहरूकै जग्गा अधिग्रहण गरिएको थियो ।[१००] हालसम्म पनि यो श्रृंखला रोकिएको छैन । वर्तमान अवस्थामा पनि विभिन्न जिल्लाहरूबाट काठमाडौं उपत्यकामा बसाइ सरी आएका अन्य समुदायका मानिसहरूले नेवारहरूको जग्गा खरिद गर्दै बसोबास गर्दै आइरहेको छ । फलस्वरूप नेवार समुदाय आफ्नै आदि भूमिमा विस्थापित हुने स्थितिमा पुगिसकेको छ । साथै आफ्नो सामाजिक साँस्कृतिक परम्पराको तडक-भडकका कारण पनि नेवारहरूले आफ्नो जग्गा जमीन बेच्नु पर्ने बाध्यात्मक परिस्थितिको श्रृजना भइरहेको छ । यस्तो परिस्थितिबाट मुख्यतया आर्थिक पक्षमा दुईवटा नकात्मक असरहरू परिरहेको पाइन्छ ।

- पहिलो, नेवारहरू क्रमशः आफ्नै आदि भूमिबाट विस्थापित हुने स्थितिमा पुगिसकेका छन् ।
- दोस्रो, नेवारहरू आर्थिक दृ टिकोणबाट कमजोर हुँदै जाने सम्भावनाको अभिवृद्धि भइरहेका छन् ।

### घ) सामाजिक, साँस्कृतिक एवं धार्मिक पक्ष

सामाजिक दृष्टिकोणबाट भन्ने हो भने नेवार समुदायको आफ्नै समृद्ध भाषा, लिपि, साहित्य, सामाजिक संरचना एवं परम्परा रहेको छ । अठारौं शताब्दीको उत्तरार्द्धसम्म नेपाल भाषाको साहित्य दक्षिण एशियामा नै विकसित साहित्यहरूमा गणना हुन्थ्यो । यसको आफ्नो सामाजिक संरचना एवं परम्परा (जातीय व्यवस्था, सामाजिक विधि व्यवहार, संस्कार इत्यादि) धेरै समय अघिदेखि हालसम्म विद्यमान रहेको छ । त्यस्तै साँस्कृतिक दृष्टिकोणबाट भन्ने हो भने नेवार समुदाय अति समृद्धशाली समुदाय हो । नेपालका अनगिन्ती मठमन्दिरहरू र धार्मिक साँस्कृतिक चाडपर्वहरू नेवार समुदायको नै सृजना हुन् । विश्व सम्पदा सूचीमा सूचिकृत १० वटा सम्पदाहरू मध्य ७ वटा सम्पदाहरू नेपाल उपत्यकामा रहेका छन् । धार्मिक दृष्टिकोणबाट नेवारहरू विशेषतः हिन्दू र बौद्धमार्गीहरूमा विभाजित

---

[९९] भनिन्छ महाराजगञ्जदेखि जावलाखेलसम्म मात्र दरवारहरू बनाउन नेवारहरूको मात्र १०००० रोपनी जग्गा जवरजस्ति राणाहरूले लिएका थिए । हेर्नुहोस, नाति महर्जन, स्वनिगः या संस्कृति जाति व इतिहासया दुवाला, लेखक, काठमाडौं, नेपाल सम्वत, १११७, पृष्ठ १३

[१००] पंचायतकालमा कुलेश्वर आवास योजनाको लागि मात्र ५२१ रोपनी जग्गा अधिग्रहण गरिएको र अधिकांश जग्गा नेवारहरूको नै थियो । त्यस्तै सिंहदरवार अगाडिको "पता:बुं" र "फि बुं" नाम गरिएको जग्गाको फाँटहरू पनि अधिग्रहण गरिएको थियो । हेर्नुहोस, रामभक्त श्रेष्ठ र अन्य, ए स्टडी अफ कुलेश्वर हाउसिङ्ग प्रोजेक्ट, नेपाल एडमिनिट्रेटिभ स्टाफ कलेज, काठमाडौं, १९८५, पृष्ठ ६ र नाति महर्जन, ऐजन

छन् । तथापि यी दुवै धार्मिक समूहहरूको बीचमा खास भेदभाव रहेको पाइदैन । हिन्दूहरूले भगवान बुद्धलाई आफ्नै भगवान ठान्दछन् भने बौद्ध धर्मावलम्वीहरू पशुपतिनाथलाई आफ्नै देवता ठान्छन् । त्यति मात्र होइन, नेपाल उपत्यकामा हिन्दू मन्दिर र बुद्धको मूर्तिहरू (चिवहा:) सँगसँगै नै स्थापना गरिएका अनेकौं उदाहरणहरू पाइन्छ । अत: नेवार समुदायमा लामो समय देखि धार्मिक सह अस्तित्व र धार्मिक सहिष्णुता रही आएको पाइन्छ । नेवार उपाध्याय ब्राह्मण र बौद्ध पुरोहित गुरूभाजु/गुरूजुहरूलाई एकै ठाउँमा राखी धार्मिक अनुस्थानको कार्यहरू गराई दान दक्षिणा दिइएका धेरै उदाहरणहरू इतिहासबाट थाहा पाउन सकिन्छ ।

नेवार समुदाय सामाजिक, साँस्कृतिक दृष्टिकोणबाट निकै समृद्धशाली रहनुको साथै मल्लकालिन नेपालमा कृषि र घरेलु उद्योगको निकै विकास हुनुको साथै भन्सार र तिब्वतको लागि छापिने टकबाट समेत निकै आम्दानी हुन्थ्यो । फलस्वरूप तत्कालिन नेपाल आर्थिक दृष्टिकोणबाट निकै मजबूत रहेको थियो । निकै मठ मन्दिरहरूको निर्माण हुनुको साथै ति मठमन्दिरहरूको व्यवस्था गर्न गुठीहरूको समेत व्यवस्था गरिएको हुन्थ्यो । साथै ति मठमन्दिरहरू सम्बन्धी साँस्कृतिक गतिविधिहरूको पनि श्रृजना गरिन्थ्यो । फलस्वरूप विभिन्न किसिमको जात्रा चाडपर्वहरूको पनि विकास हुनुको साथै विभिन्न सामाजिक रितिथिति र चालचलनहरूको पनि विकास हुन गयो । फलस्वरूप सामाजिक साँस्कृतिक रूपमा निकै समृद्ध हुन पुग्यो नेवार समुदाय । तर वर्तमान परिप्रेक्ष्यमा ती सामाजिक साँस्कृतिक गतिविधिहरू निकै तडक भडकपूर्ण भएकोले आर्थिक बोझ निकै बढ्न गएको पाइन्छ । यसले गर्दा नेवारहरूमा आफ्नो जग्गा जमीन बेचेर पनि इज्जत बचाउने नाममा अनावश्यक खर्च गर्ने प्रवृत्ति विद्यमान रहिआएको पाइन्छ । विभिन्न समयमा त्यस्तो तडक भडकलाई नियन्त्रण गर्न आधिकारिक रूपमा नै कदमहरू समेत चालिएको कुरा इतिहासबाट थाहा पाइन्छ । तथापि ति कदमहरू सफल हुन सकेन । फलस्वरूप आर्थिक दृष्टिकोणबाट परम्परागत सामाजिक साँस्कृतिक चालचलन र रितिथितिबाट नकारात्मक असर नेवार समुदायमा परिरहेको पाइन्छ । यो एउटा प्रमुख कमजोरी हो । नेवारहरू विभिन्न वर्ण र जातहरूमा विभाजित हुनुको साथै आपस आपसमा आ-आफ्नो जातीय स्तरको सन्दर्भमा प्रशस्त मात्रामा प्रतिस्पर्धात्मक भावना रहेको पाइन्छ । उनीहरू आफ्ना सामाजिक तहगत श्रृंखला सम्बन्धमा सधैं प्रतिस्पर्धात्मक रहेका छन् । स्यस्य/श्रेष्ठहरूमा विद्यमान रहेका अनेकौं हाँगाविगाँहरू यसका उदाहरणहरू हुन् । केही मात्रामा यस्तो प्रतिस्पर्धात्मक भावना महर्जनहरू र अन्य जातिय समूहहरूमा पनि पाइन्छ । यस किसिमको भावनाबाट नेवार समुदायमा एकताको भावना अभिवृद्धि गर्न गाह्रो भइरहेको महसूस भइरहेको छ । यो नेवार समुदायको एउटा प्रमुख कमजोरी हो ।

### ४.५ जाति प्रथाको सवल र दुर्वल पक्षहरू:

नेवार समुदायमा परम्परागत रूपमा कायम रही आएको जाति प्रथाको सवल र दुर्वल पक्षहरू निम्नानुसार छन् :-

#### ४.५.१ सवल पक्षहरू:

जातिय प्रथाको परम्पराको सवल पक्षहरू मुख्यतया निम्न दुईवटा छन्:-

- व्यवसायिकरणको विकास
- आफैमा पूर्णता भएको समाज

- **व्यवसायिकरणको विकास**

  परम्परागत दृष्टिकोणवाट भन्ने हो भने जयस्थिति मल्लले बनाएको स्थिति (Code) मा व्यवस्था गरिएको जातिय व्यवस्थावाट तत्कालिन नेवार समाजमा व्यवसायिकरण (professionalism) को धेरैहदसम्म विकास भएको थियो । यसैको फलस्वरूप तत्कालिन राजाहरूले कलात्मक ढंगका दरवार, मठ, मन्दिर, मूर्तिहरू बनाउन सफल भए । नेपालीहरू संस्कृति, कलाको दृष्टिकोणवाट धनी हुन पुगे र माथि उल्लेख गरिए झैं विश्वसम्पदामा सूचिकृत १० वटा सम्पदाहरू मध्ये ७ वटा नेपाल उपत्यकामा नै श्रृजित भएका थिए । सायद व्यवसायिकरणको विकास नभएको भए मध्यकालिन विभिन्न मठ मन्दिर र दरवारहरू बन्ने सम्भावना कम नै हुन्थ्यो होला । त्यस्तै राणाकालिन समयमा बनेका सिंहदरवार देखि हालको राष्ट्रपति भवण शीतलनिवास समेत सायद निर्माण गर्न गाह्रो हुन्थ्यो होला ।[१०१] वास्तवमा नेवार समुदायको जाति प्रथासित सम्वन्धित व्यवसायिकरणको फलस्वरूप नै सवै भव्य इमारतहरूको निर्माण कार्य सम्भव भएको थियो । यी इमारतहरूबाट नै पर्यटन विकासमा टेवा पुग्न गएको पाइन्छ । यस अर्थमा आजको पर्यटन विकासमा नेवार समुदायको महत्वपूर्ण योगदान रहेको कुरालाई स्वीकार गर्नै पर्ने हुन्छ । आजसम्म पनि नेवार समुदायका विभिन्न समूहहरूले आ-आफ्नै जात अनुसारको पेशा अपनाई कलाकौशलको विकासमा योगदान गरी आउनुको साथै कृषि लगायत अन्य विभिन्न क्षेत्रहरूको उत्पादन बृद्धि गर्ने कार्यमा समेत योगदान गरिआएको पाइन्छ ।

- **आफैमा पूर्णता भएको समाजको विकास**

  जाति प्रथासित व्यवसायलाई घनिष्टतम रूपमा सम्वन्धित गरिएवाट नेवार समुदाय एउटा आफैमा सामाजिक दृष्टिकोणवाट पूर्णता प्राप्त समुदाय भएको छ । शिक्षादिक्षा दिने, धार्मिक कार्यहरू गर्ने, अध्ययन अध्यापन गर्ने ब्राम्हण वर्ग यस समुदायमा यथावत विद्यमान रहेको छ । मल्ल राजाहरूका राजपुरोहित र राजगुरूको रूपमा उनीहरूले मल्लकालिन नेपालमा महत्वपूर्ण

---

१०१ हेर्नुहोस्, राणाकालमा निर्माण भएका दरवारहरूको विवरणको लागि, पुरूषोत्तम शमशेर जवरा, राणाकालिन पुराना ऐतिहासिक दरवारहरू, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०६४

भूमिका खेलेका थिए । त्यस्तै हालसम्म पनि मल्ल र अन्य स्यस्य/श्रेष्ठ वर्गका पुरोहितको रूपमा उनीहरू कार्यरत रहेका छन् । त्यस्तै देशको रक्षा गर्ने, समाजमा अमनचैन कायम गर्ने, शासन प्रशासन संचालन गर्ने क्षेत्रीवर्गका स्यस्य/श्रेष्ठहरूले आ-आफ्नो कार्यक्षेत्रमा मध्यकालिन नेपालमा महत्वपूर्ण भूमिका खेल्ने गरेका थिए । खेतीपाती, उद्योगधन्दा र व्यापार व्यवसाय जस्ता कार्यहरू गर्ने अनगन्ती बैश्यवर्गका समुहहरू पनि थिए र छन् । समाजलाई अति आवश्यक पर्ने अन्य सेवा सम्वन्धी कार्यहरू गर्ने शुद्र वर्गका समुहहरू पनि थिए र केही हदसम्म हाल पनि छन् । हाल पनि यी सवै ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र वर्गहरू धेरै वा थोरै मात्रामा यथावत रहेका छन् । कुनै पनि सामाजिक विधि व्यवहार गर्ने सन्दर्भमा अझसम्म पनि नेवार समुदायका धार्मिक अनुस्थान र कर्मकाण्ड सम्बन्धि कार्य गर्ने ब्राम्हणदेखि कपाल खौरने, नङ्ग काट्ने कार्यको लागि समेत आफ्नै समुदायका विभिन्न समूहहरूको सहभागिता रहेको हुन्छ । यस किसिमले नेवार समुदायका विभिन्न समूहहरूको वीचमा सामाजिक कार्यहरू गर्ने सन्दर्भमा आपसी सहयोग, सद्भाव एवं सहभागिता रहेको हुन्छ ।

तथापि हालै विस्तारै देखिएको आधुनिकरणको सन्दर्भमा नेवार समुदायका विभिन्न समुदायहरूले आ-आफ्नो परम्परागत पेशालाई छोड्दै जाने प्रवृति पनि बढदै गइरहेको पाइन्छ । फलस्वरूप परम्परागत रूपमा सामाजिक दृष्टिकोणवाट आफैमा पूर्णता भएको समाज (self contained society) को स्वरूपमा क्रमशः परिवर्तन हुदै आइरहेको महसूस भने गरिएको छ । तथापि धेरै हदसम्म यो स्वरूप अहिले पनि विद्यमान रहेको पाइन्छ ।

### ४.५.२ दुर्वल पक्षहरूः

नेवार समुदायको परम्परागत जाति प्रथाको दुर्वल पक्षहरू निम्न छन् :

- सामन्ती संस्कारको अत्याधिक प्रभाव
- खर्चालु एवं तडक भडक किसिमको सामाजिक विधिव्यवहार
- कृत्रिम किसिमका सामाजिक विभाजनका रेखाहरू

- **सामन्ती संस्कारको अत्याधिक प्रभाव**

  नेवार समुदायको जाति प्रथामा सामन्ती संस्कारको अत्याधिक मात्रामा प्रभाव रहेको छ । फलस्वरूप तल्लो वर्गको समुहहरू माथिल्लो वर्गका समुहहरूवाट शोसित र पिडित हुँदै आएको पाइन्छ । त्यस्तै सामन्ती संस्कारकै प्रभाव स्वरूप माथिल्लो र तल्लो वर्गको बिचमा सामाजिक दृष्टिकोणवाट निकै भेदभाव रहदै आएको पाइन्छ । अझैसम्म पनि उच्च जातका समूहका व्यक्तिहरूले तल्लो जातका समूहहरूलाई हेप्ने व्यवहार पद्धति केहिहदसम्म कायम नै रहिआएको पाइन्छ । त्यस्तै माथिल्लो स्तरको समूहलाई धेरै मात्रामा सम्मान गर्ने प्रवृत्ति पनि रहेको छ । ब्राम्हण/पुरोहितलाई अझैसम्म पनि स्यस्य/श्रेष्ठहरूले आउनुस् भन्नुको

लागि साधारण नेवारी शव्द 'भ्कासं' शब्द प्रयोग गर्नुको सट्टा अति सम्मानजनक नेवारी शव्द 'बिज्याहु' भन्ने शव्द प्रयोग गर्दछन् । त्यस्तै अझसम्म पनि 'ज्यापू' समुदायका परम्परागत संस्कार भएका पुरानो पुस्ताका व्यक्तिहरूबाट स्यस्य/श्रेष्ठहरूलाई 'काजी' भनेर सम्वोधन गर्ने चलन धेरै वा थोरै मात्रामा अझ सम्म पनि विद्यमान रहेको पाइन्छ । साथै शारिरीक परिश्रम गरी उत्पादनशिल कार्य गरी उत्पादनमा अभिवृद्धि गरि देशको विकास कार्यमा ठोस योगदान पु-याउने तुलनात्मक रूपमा तल्लो तहका सामाजिक स्तरका व्यक्तिहरूलाई शारिरीक परिश्रम नगर्ने तर राज्यका शक्ति प्रयोग गर्ने व्यक्तिहरूले केहि हदसम्म निम्न सामाजिक स्तरको ठानेर नै व्यवहार गर्ने चलन हालसम्म पनि कायम रही आएको पाइन्छ । वास्तवमा यो विकास विरोधी एवं सामन्ती संस्कार सहितको प्रवृत्ति हो ।

- **खर्चालु एवं तडकभडक किसिमको विधि व्यवहार पद्धति**

  नेवार समुदायको सामाजिक विधि व्यवहार अति खर्चालु र तडकभडक किसिमको रहेको छ । यसवाट नेवारहरूको समाजमा देखाउनै लागि पनि अनावश्यक रूपले आफ्नो क्षमता भन्दा वढी खर्च गर्ने प्रवृति रहेको पाइन्छ । सामाजिक कार्यहरू गर्न जग्गाजमिन नै बेचेर भएपनि अनावश्यक खर्च गर्ने प्रवृत्ति रहेको पाइन्छ । यसबाट नेवार समुदायको आर्थिक स्थितिमा नकारात्मक असर परिरहेको छ भन्नु अत्युक्ति हुने छैन ।

- **कृत्रिम किसिमका सामाजिक विभाजनका रेखाहरू**

  नेवार समाज सामाजिक दृष्टिकोणबाट विभिन्न तह र तप्काहरूमा कृत्रिम किसिमले विभाजित भएका छन् । विभिन्न जातका समूहहरूको आ-आफ्नै सामाजिक स्तरहरू परम्परागत रूपमा निर्धारण गरिएको छ र एउटै समूह/जात भित्र पनि अनेक उपजात/समूहहरूमा कृत्रिम तरिकाले ( विशेषतः स्यस्य/श्रेष्ठहरूमा) परम्परागत रूपमा विभाजित भएका छन् । साथै उनीहरूमा सामाजिक दृष्टिकोणबाट को भन्दा को ठूलो र को भन्दा को सानो भन्ने प्रतिष्पर्धात्मक भावना प्रचुर मात्रामा रहेको पाइन्छ र एकले अर्कोलाई जातिय दृष्टिकोणबाट होच्याउने जस्ता अवान्छित व्यवहार पद्धति समेत केही मात्रामा हालसम्म पनि विद्यमान रहेको पाइन्छ । यसबाट नेवार समाजलाई सामाजिक दृष्टिकोणबाट एउटा विभाजित समाजको रूपमा चित्रण गर्न सकिन्छ र सामाजिक-विभाजनका अनेक रेखाहरू कोरिएका छन् । फलस्वरूप समाजको विभिन्न सामाजिक तह र तप्काहरूको बिचमा एकताको भावना श्रृजना गर्न गाह्रो महसूस गरिएको छ ।

## ४.६ उपसंहार

अघिल्लो परिच्छेद ३ मा नेवार समुदायको जाति प्रथाको विकास सम्बन्धि पृष्ठभूमिको विवेचना गरिएको र यस परिच्छेदमा हालको परिवेशमा विद्यमान रहँदै आएको जातिय प्रथाको परम्पराको विश्लेषण गरिएको छ । यस्तो विश्लेषणको सन्दर्भमा विशेषतः

स्यस्य/श्रेष्ठहरूको बारेमा विस्तृत चर्चा गर्ने प्रयास गरिएको छ । यस समूह भित्रका राज्य शक्तिको आधारमा समूहकृत भएका ६ थरी र पाँच थरी स्यस्य/श्रेष्ठहरू र क्षेत्रगत आधारमा कृत्रिम तरिकाबाट विभाजित धुलिखेले, मध्यपुरे, टोखाले स्यस्य/श्रेष्ठहरूको बारेमा विशेष चर्चा गरिएको छ । यसको अलावा राजोपाध्याय ब्राह्मण, ज्यापू/महर्जन र अरू जातहरूको बारेमा पनि संक्षिप्त रूपमा चर्चा गरिएको छ । त्यस्तै नेवार समाजको जातिय प्रथाको केही विशेषताहरूको विश्लेषण गर्नुको साथै यसका केही सवल र दुर्वल पक्षहरूको पनि विश्लेषण गर्ने प्रयास गरिएको छ । समग्रमा नेवार समुदायको वर्तमान परिवेशमा कायम हुँदै आएको जातिय परम्पराको विभिन्न पक्षहरूको चित्रण यस परिच्छेदमा गर्ने प्रयास गरिएको छ । अघिल्लो परिच्छेदमा नेवार समाजमा विद्यमान रही आएको केहि सामाजिक संस्कारहरको बारेमा चर्चा गर्ने प्रयास गरिनेछ ।

# ५

# सामाजिक संस्कार

## ५.१ पृष्ठभूमि

साधारणतया सामाजिक संस्कार भन्नाले कुनै पनि मानव समुदायमा मनुष्यको जन्मदेखि मृत्युको अवस्थासम्म गरिने परम्परागत सामाजिक विधि व्यवहारहरूलाई जनाउछ । त्यस्ता सामाजिक संस्कारहरूलाई समष्टीगत रूपमा मानव जीवन चक्र (Life Cycle) को जीवन संस्कार पनि भनिन्छ । त्यस्तो जीवन चक्र मानवको जन्मबाट सुरू भइ मृत्युबाट अन्त्य हुन्छ । यस किसिमको मानवजीवनको दुईवटा साश्वत सत्य जन्म र मृत्युको बीचमा प्रत्येक व्यक्तिले तीन वटा अवस्थाहरू आफ्नो जीवनमा पार गर्नु पर्ने हुन्छ । ती अवस्थाहरू हुन् :

- बाल्यकाल
- युवा अवस्था र
- प्रौढ/बृद्ध अवस्था

उक्त तिनवटै अवस्थाहरूमा विभिन्न किसिमका परम्परागत सामाजिक विधि व्यवहारहरू सम्बन्धी विभिन्न कार्यहरू गर्नुपर्ने परम्परा नेवार समुदायमा परापूर्वकालदेखि नै चल्दै आएको पाइन्छ । नेवार समुदायको विभिन्न समूहहरूको सामाजिक संस्कारहरू धेरै वा थोरै मात्रामा केही भिन्नताहरू पाइन्छ । त्यस्तो सबै भिन्नताहरूको विवेचना यस सानो पुस्तकमा गर्नु सहज हुने नदेखिएकोले यस परिच्छेदमा नेवार समुदायको स्यस्य/श्रेष्ठ समूहमा प्रचलनमा रहेको केही प्रमुख सामाजिक संस्कारहरको मात्र संक्षिप्त रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यसरी विश्लेषण गर्ने प्रयास गरिएका सामाजिक संस्कारहरू हुन् :

- बच्चाको जन्मको सन्दर्भमा गरिने संस्कारहरू
- जन्को/पास्नी
- शिक्षाको प्रारम्भ
- इही (वेल विवाह) र बाह्र तयगु (गुफा राख्ने)
- शुभ उपनयन
- विवाह पद्धति
- बुढो जन्को
- मृत्यु संस्कार

## ५.२ संस्कारहरू

### ५.२.१ बच्चाको जन्मको सन्दर्भमा गरिने संस्कारहरू

#### ५.२.१.१ धौवजि नकेगु

धौ: (दही) लाई नेवार समुदायले उत्तम सगुनको रूपमा मान्दै आएको पाइन्छ । कुनै पनि शुभ कार्यमा दही चिउरा खुवाउने चलन नेवारहरूमा रही आएको छ । यसै परम्परा अनुरूप नै विवाहित महिला गर्भवती भएको नौ महिना पश्चात बच्चा जन्मने समय नजिक आएपछि माइतिघरको तर्फबाट "धौ:वजिनक: वनेगु" (दहि चिउरा खुवाउन जाने) कार्य गरिन्छ । यसरी दही, चिउरा खुवाउन जानको लागि दही, चिउरा, मिठाइ, फलफूल

इत्यादिको साथै पुजाको थाली समेत लगिन्छ । यसरी "दही चिउरा" खुवाउन जानुको प्रमुख उद्देश्य हो विना विघ्नबाधा शिशुलाई जन्म दिन सकियोस् भनि गर्भवती महिलालाई माइतिघरको तर्फबाट शुभकामना सहित "सगुन" (विशेषत: दही र चिउरा) अर्पण गर्नु ।

उक्त दही चिउरा खुवाउन जाँदा गर्भवती महिलाको आमाले क्रमैसँग निम्न कार्यहरू गर्ने चलन रहेको छ :-

- सुकुन्दामा बत्ती बाल्ने
- सुकुन्दामा रहेको गणेशको मूर्तिमा पूजा गर्ने[1]
- धर्तिमा पदार्पण गर्नको लागि तयारीको अवस्थामा रहेको शिशु र गर्भवती महिलाको कुशलमंगल होस् भन्ने कामना गर्दै सगुन (दही र चिउरा) गणेशलाई चढाउने,
- विजय र सफलताको शुभ संकेतको प्रतिक स्वरूप गर्भवती महिलालाई रातो टिका लगाइदिने,
- गर्भवती महिलालाई संगुन (दही चिउरा र अन्य सम्पूर्ण सामग्रीहरू) अर्पण गर्ने र
- अन्त्यमा विघ्नबाधाको सामना गरी सफलता प्राप्त गर्न सकोस् भन्ने कामना गर्दै अविर, माला, फूल र अक्षताले गर्भवती महिलाको पूजा गर्ने ।

यसरी माइतिघरको तर्फबाट दही चिउरा खुवाउने कार्य गरिए पश्चात माइतिघर तर्फको आफन्तहरूले पनि दही चिउरा खुवाउन जाने चलन छ । उनीहरूले आ-आफ्नो गच्छे अनुसार दही चिउरा र अन्य सामग्रीहरू लिएर जान्छन् र गर्भवती महिलालाई शुभकामना सहित सगुन दिने गर्दछन् । यसरी दही चिउरा खुवाउन आउने सबैलाई भोजन गराइन्छ ।

दही चिउरा खुवाउने कार्य जीवन संस्कारको प्रारम्भिक रूप हो । यसको दार्शनिक र तान्त्रिक पक्षहरू रहेका छन् । यसको दार्शनिक पक्षका विशेषताहरू हुन् :

- मातृत्व र आफन्तहरूको आत्मियताको प्रदर्शन,
- पारिवारिक मानमर्यादा र सामाजिक व्यवहारको स्पष्ट झलक,
- धार्मिक, साँस्कृतिक, आध्यात्मिक एवं आत्मीय चिन्तन थाहा पाउने, र
- जीवन संस्कारित र सुसंस्कृत भएको कुराको अनूभूति हुने

दही चिउरा खुवाउने कार्यको तान्त्रिक पक्षको विशेषता हुन्:

- गर्भवती महिलालाई दिइने पंचमाकारयुक्त सगुन जसमा "मद्य" (रक्सी), मासु, मत्स्य (माछा), मुद्रा (बारा), मैथुन (फुल/अण्डा) पर्दछन् ।[2]

**५.२.१.२ मचाबु व्यंकेगु (शिशु जन्म चोख्याउने)**

पहिले पहिले प्रशुतिको लागि अस्पतालमा खासै सुविधा उपलब्ध थिएन । त्यसैले घरमा नै शिशु जन्माउने कार्य दिदी अर्जी (अनुभवी र पाको सुदिनी) को सहयोगले

---

१ सिद्धि विनायकको रूपमा गणेशलाई पुजिन्छ नेवार समाजमा । त्यस्तै विघ्नबाधा हटाउने देवताको रूपमा पनि गणेशको पूजा गरिन्छ । सिद्धि विनायकलाई नेपाल भापामा "इनाय द्यः" भनिन्छ । त्यसरी नै जन्मनुभन्दा केही दिन पूर्व गर्भमा बच्चा चलबलाउछ र त्यसरी वच्चा चल्बलाउने क्रियालाई पनि नेपाल भापमा "मचाइनायलुगु" भनिन्छ । बच्चाले धर्तिमा पर्दापण गरेको दिनमा बालिने बत्तीलाई इनायमत (सिद्धि दिने बत्ती) भनिन्छ । तसर्थ जुनसुकै शुभ कार्य गर्दा पनि गणेशको पूजा गर्ने परम्परा नेवार समुदायमा रही आएको पाइन्छ ।

२ **बद्रीलाल श्रेष्ठ**, नेवार समुदायमा श्रेष्ठ जातिको जीवन संस्कार, तिलक प्रकाश र अन्य (सम्पादकहरू), नेवा: संस्कृति र संस्कार, **जगतलक्ष्मी** स्मृति समाज, भक्तपुर, २०६३, पृष्ठ १२०-१२२

गरिन्थ्यो । शिशु जन्मेपछि "पि छिके" कार्य भइसकेपछि मामाघरमा शिशुको जन्म भएको खवर पठाउनु पर्दछ । त्यसरी खवर पठाउँदा केही सामानहरू (सिंगो सुपारी, चाकु, अदुवा, तामाको पैसा इत्यादि) पनि पठाउनु पर्दछ । शिशुको जन्म भएको छैठौं दिन (छोरी जन्मेको भए चौठौं दिन) मा[३] मचाबु व्यंकेगु कार्य (शिशु जन्म चोख्याउने) कार्य गरिन्छ ।[४] यस ६ दिनको अवधिमा देवी देवताको नित्यपूजा र अन्य पूजा केही गर्नु हुँदैन । सुत्केरी महिलालाई यस अवधिमा ध्यू, चाकु, भात र ज्वानोको झोल खान दिइन्छ । त्यस्तै खाजाको रूपमा पनि दिउसो ध्यू, चाकु र चिउरा खान दिइन्छ । माइतिघरको तर्फबाट घिउ, चिउरा खुवाउन जाने पनि चलन रहेको छ र शिशु जन्म चोख्याउने कार्यको सन्दर्भमा निम्न कार्यहरू गरिन्छ :

- तातोपानीले सुत्केरी महिलाको पुरै शरिर नुहाइ दिने,
- "नौनी" (नापित थरको नङ्ग काट्ने महिला) बाट हात खुट्टाको नङ्ग काट्न लगाइ "अल:" (परम्परागत रातो रंग) खुट्टाको औंलाहरूमा लगाउने ।
- दिदी अजीले शिशुलाई राम्ररी नुहाइ दिने,
- आमा र शिशुलाई दिदी अजीले राम्ररी शुद्ध तोरीको तेल मालिस गरिदिने ।
- आमा र शिशु दुवैलाई दिदी अजीले "गाजल" (बत्तीको ध्वांसोमा तोरीको तेल मिसाइ बनाएको) लगाइदिने,
- दिदी अजीबाट अजिमा देवीको पूजा गराइने,
- माइतीघरको तर्फबाट पठाइएको सगुनहरू (दही, माछा, मासु, अण्डा, लुगा इत्यादि) क्रमवद्ध तरिकाले मिलाउने र शिशुको आमा र बाबुलाईसंगै राखी उक्त सगुनहरू अर्पण गर्ने[५]
- नजिकको नातेदारहरू र माइतिघरका तर्फबाट आएका पाहुनाहरूलाई भोजन गराउने[६]

### ५.२.१.३ न्हायपं प्वा खनेगु (कान छेड्ने कार्य)

"न्हायपं प्वा खनेगु" (कान छेड्ने) कार्य दिदी अजीबाट नै गरिन्छ । यसको लागि दिदी अजीलाई पाटको टपरीमा चामल राखेर अर्पण गर्नुको साथै दक्षिणा पनि दिइन्छ । तत्पश्चात निम्न कार्य विधि अपनाइ दिदी अजीबाट कान छेड्ने कार्य गरिन्छ ।

- सवभन्दा पहिले अजीमा देवीको पूजा गरिन्छ,
- कालो रंग लगाएको कपासको धागो भएको सियो आगोमा पोलिन्छ,
- सियोलाई सेलाउन लगाइन्छ र सियो सेलाए पछि कानमा प्वाल पर्ने गरी छेड्ने कार्य गरिन्छ ।
- शुद्ध तोरीको तेलमा बेसार मिसाएर कान छेडेको प्वालमा राख्ने गरिन्छ ।

---

३ यदि बच्चाको मृत्यु छैठौ दिन भन्दा अगावै भएमा लास जलाउनुको सट्टा मचाकुगा (बच्चाको लास गाड्ने मैदान) मा लगेर गाड्ने गरिन्छ ।

४ मचाबु व्यंकेगु (शिशु जन्म चोख्याउने) कार्यलाई "छैठी वा जयगुर्ली व्यंकेगु" पनि भनिन्छ ।

५ पहिलो शिशु जन्मेको भए मात्र माइतिघरको तर्फबाट यस्तो सगुनहरू पठाइन्छ । अन्य पटक शिशुको जन्म भएमा यस्तो सगुन पठाउनु अनिवार्य हुँदैन । साथै पहिले पहिले छोराको जन्म भएमा सिंगै राँगोको टाउको पठाउने चलन थियो । हाल यो चलन प्राय: लोप भइ सकेको छ ।

६ कसैकसैले शिशु जन्म चोख्याउने दिनमा नै न्वारान पनि गर्ने गरेको पाइन्छ ।

### ५.२.१.४ मचाबु लहिके यंकेगु (सुत्केरी पालिन जाने)

सुत्केरी भएको एक महिना पश्चात माइतिघरबाट सुत्केरी महिलालाई मचाबु लहिके यंकेगु (सुत्केरी पाल्न लाने) को लागि लगिन्छ । सुत्केरी पाल्नको लागि लगेको १५ दिन पश्चात सासु, ससुरा, देउरानी, जेठानी र इष्टमित्र सुत्केरी हेर्न जान्छन् । त्यसरी सुत्केरी हेर्न जानेहरूले सुत्केरीको लागि विभिन्न सामग्रीहरू (मासुको परिकार, चिउरा, चाकु, फलफूल, मिठाई इत्यादि) लिएर जाने गर्दछन् । सुत्केरीलाई तिन महिनासम्म विशेषत: क्वांटी, गुदंपाख, घिउ, चाकु, चाकुवास, फाकुवास, इत्यादि खुवाउन दिइन्छ । र प्रत्येक दिन शरिरमा तोरीको तेल मालिस गराइ जति सक्दो त्यति शरिरलाई गर्मी हुने गरी राख्ने गरिन्छ । सुत्केरी पाल्ने अवधि सकिए पश्चात सुत्केरीलाई आफ्नै घरमा लगिन्छ ।

### ५.२.२ मचा जन्को (अन्नप्राशन/पास्नी)

छोरी भए चार महिना पुरा भंइ ५ महिना लागेपछि र छोरा भए पाँच महिना पुरा भइ ६ महिना लागेपछि मचा जन्को (अन्न प्राशन/पास्नी) गरिन्छ । यसरी अन्नप्राशन गर्नलाई जोतिषबाट उत्तम साइत जुराई दिनुको साथै कुन चाहि दिशातिर फर्काएर शिशुको अन्न प्राशन गर्नु पर्दछ भन्ने कुराको समेत निर्क्यौल गरि लिखितमा नै साइत जुराइदिने चलन रहेको छ । साथै जोतिषबाट नै जन्मकुण्डली (चिना) समेत तयार गरिन्छ । त्यस्तो कुण्डलीमा शिशुको राशी, लग्न, नाम (जन्म कुण्डलीको विशेष नाम) समेत उल्लेख गर्नुको साथै ग्रह सम्बन्धी अन्य विस्तृत कुराहरू उल्लेख गरिएको हुन्छ । अन्नप्राशनको दिनमा नै कुण्डलीको नाम शिशुलाई सुनाइ नामाकरण गरिने भएकोले त्यस्तो संस्कारलाई "न्वारान" पनि भनिन्छ । अन्नप्राशनको लागि शिशुको मामाघरबाट "कु" (सगुनको लागि आफ्नो गच्छेअनुसार मामाघरको तर्फबाट लगिने सामग्रीहरूको सामुहिक नाम) लानु पर्ने भनिन्छ । त्यस्तो "कु" मा विशेषत: अन्य सामग्रीहरूको अलावा, खीर बनाउन आवश्यक सामग्रीहरू, सगुन (अण्डा, माछा, दही, रक्सी इत्यादि), शिशुको लागि लुगा, सुनको रिंङ्ग, चाँदीको कलि इत्यादि समावेश गरिएका हुन्छन् ।

अन्नप्राशनको सम्पूर्ण कार्यहरू दुई दिनमा गरिन्छ । पहिलो दिनमा घरको सरसफाइ गरिन्छ र दोस्रो दिनमा ज्योतिषबाट प्राप्त साइत अनुसारको उत्तम समयमा पुरोहित (राजोपाध्याय ब्राह्म्ण) बाट अन्नप्राशन सम्बन्धी निम्नानुसारको सम्पूर्ण कार्यहरू क्रमैसँग गराइन्छ:

- सबभन्दा पहिले शिशुलाई नुहाइ दिने कार्य गरिन्छ ।
- तासको वा अन्य किम्मती किसिमको बस्त्र लगाइ दिने ।
- खीर लगायत विभिन्न किसिमको परिकारहरू (चौरासी व्यञ्जन) तयार गर्न लगाउने ।
- गणेश, इष्टदेवता र कुलदेवताको पूजा गर्ने ।
- असर्फी (सुनको सिक्का) वा चाँदीको सिक्का वा चम्चाले परिवारको सबभन्दा "थकाली" (सबभन्दा जेष्ठ पुरूष)[७] बाट शिशुलाई उसको जीवनमा नै पहिलो पटक अन्नको रस्वादन गराउन खीर खुवाउन लगाउने ।
- पालैपालोसँग परिवार र कुल परिवारको सबैदाजुभाइ बहिनीहरूबाट शिशुलाई खिर खुवाउन लगाउने ।

---

[७] कुम परियारहरू (१३ दिने दाजुभाइ खलक, नेवारीमा सामुहिक रूपमा फुकी भनिने) को थकाली र उनको श्रीमती (नकी) बाट खीर खुवाउन कार्य सुरू गर्ने पनि चलन रहेको पाइन्छ ।

- तत्पश्चात मामाघरबाट आएकाहरू सबैबाट (हजुरवा, हजुरआमा, मामा, माइजु र अन्य) क्रमैसँग (जेष्ठताको आधारमा) खीर खुवाउन लगाइन्छ ।
- खीर खुवाउने कार्य समाप्त भए पश्चात शिशुको हजुर वा, हजुर आमा, बाबु, आमा, फुफु लगायत परिवारका सबैलाई मामाघरबाट ल्याइएको सगुन दिन लगाउने ।
- नयाँ लुगा, गरगहना, खेलौना, माटो (घरखेतको प्रतिक स्वरूप), ईटा, कलम, पुस्तक आदि सामानहरू राखिएको ठूलो किस्ती शिशुलाई देखाउने र शिशुले जुन चिज प्रति आकर्षित भएर छुन्छ वा छुने प्रयास गर्दछ, भविष्यमा शिशुले त्यहि चिज सम्बन्धी कार्यमा दक्षता हासिल गर्दछ भने जनविश्वास रहेको पाइन्छ ।
- शिशुलाई स्थान गणेश (स्थानीय टोलको गणेश) मन्दिरमा लगि गणेशको दर्शन गराउन लगिन्छ र शिशुको साथमा घर परिवारका सदस्यहरू र मामा घरबाट आएका सवै पनि मन्दिरमा जाने गर्दछन् र विधि पूर्वक गणेशको पूजा गरि शिशुलाई गणेश ढोग गराइन्छ ।

यस किसिमले शिशुलाई पहिलो पटक अन्न खुवाउने कार्य गर्न गरिने अन्नप्राशनको सम्पूर्ण विधि व्यवहार सकिएपछि सबै पाहुनाहरूलाई भोजन गराइन्छ । आजकाल इष्टमित्र, नाताकुटुम्वहरू सबैलाई "डिनर" खुवाउने र त्यसको लागि लाखौं रूपैया खर्च गर्ने प्रवृत्ति समेत देखा पर्न थालिसकेको छ । जे होस् शुभ अन्न प्राशन्नको दिन देखिनै शिशुलाई दिन दिनै अन्न खुवाउने कार्य सुरू हुनुको साथै यसै समयदेखि शिशुको जन्ममिति अनुसार जन्म दिन पनि मनाइन्छ । शिशु दुई वर्ष भएपछि "योमरी" (तिल मिसाइएको चाकु वा खुवा भित्र राखी चामलको पिठोको बाफबाट बनाइने एक किसिमको लाम्चो रोटी) को माला लगाउन दिई शिशुको दोस्रो जन्म दिन भव्य रूपमा मनाउने चलन रहेको छ ।

### ५.२.३ आःख स्यनेगु (शिक्षा प्रारम्भ गर्ने)

वर्षको एक दिन आउने श्री पंचमीको दिनलाई नेवार समुदायले शुभ दिनको रूपमा मान्दै आएका छन् । यस दिनमा विवाह गर्न समेत साइत हेर्नु नपर्ने मान्यता रहँदै आएको छ । यसैले यस्तो शुभ दिनमा नै बालक बालिकालाई सरस्वतीको मन्दिरमा लगि शिक्षाको देवी सरस्वतीको पूजा गर्न लगाई केही अक्षर लेख्न लगाइ उनीहरूको शिक्षाको प्रारम्भ गरिन्छ ।

### ५.२.४ कयता पूजा (शुभ उपनयन कर्म)

कयतापुजा (शाब्दिक अर्थमा लगुटीको पूजा) लाई नेपालीमा शुभ उपनयन कर्म भनिन्छ । ब्रतबन्ध पनि भनिने यस शुभ उपनयन संस्कार छोराहरूको सन्दर्भमा मात्र गरिन्छ । २,३ जना दाजुभाइहरू भएमा उनीहरू सबैको एकै पटक यो संस्कारको कार्य गर्ने प्रचलन पनि रहेको छ ।[८] साधारणतया केटा ५ वर्ष देखि ८ वा ९ वर्षको उमेर सम्ममा यो शुभ उपनयन संस्कारको कार्य गरिन्छ ।

शुभ उपनयन संस्कारको लागि पनि अन्य संस्कारहरूको सन्दर्भमा जस्तै ज्योतिषबाट उत्तम समयको साइतको निर्क्यौल गराइन्छ । तत्पश्चात यस संस्कारको सम्पूर्ण कार्यहरू पुरोहित ब्राह्मण (राजोपाध्याय ब्राह्मण) र कर्माचार्य (आचाजु) बाट गराइन्छ ।

---

[८] आर्थिक मितव्ययिता गर्नको निमित्त आजकाल सामुहिक रूपले शुभ उपनयन/ब्रतबन्ध गर्ने प्रचलन पनि सुरू भएको छ ।

वैदिक पद्धति अनुसार गरिनु पर्ने सम्पूर्ण कार्यहरू राजोपाध्याय ब्राह्मणबाट गराइन्छ भने तान्त्रिक विधि अनुसार गरिनु पर्ने सम्पूर्ण कार्यहरू कर्माचार्यबाट गराइन्छ । शुभ उपनयन संस्कार सम्बन्धी गरिने प्रमुख कार्यहरू क्रमैसँग निम्नानुसार छन् :

- शुभ उपनयन संस्कार गर्ने दिनको अघिल्लो दिनमा चोख्याउने कार्य गरिन्छ । साथै सोही दिनमा पिण्डको सट्टामा वयर प्रयोग गरी स्वर्गवासी सबै पुर्खाहरूको सम्भनामा राजोपाध्याय ब्राह्मणबाट श्राद्ध गराइन्छ । यस्तो श्राद्धको माध्यमबाट स्वर्गवासी सबै पुर्खाहरूलाई शुभ उपनयनको उपलक्ष्यमा आमन्त्रण गरिएको मानिन्छ । यस्तो श्राद्ध सम्बन्धी कार्य घरको मुली व्यक्तिले गर्दछ ।
- उक्त श्राद्धकै दिनमा बेलुका शुभउपनयन कार्य गर्ने बटुकको कपालको मध्यभागमा नवरत्न जडित एउटा औठीलाई मामाले धागोले बाँधी दिने गर्दछ । यस कार्यलाई "आङसा चियगु" (टुपी बाँध्ने) कार्य भनिन्छ ।
- भोलिपल्ट शुभ उपनयनको दिनमा "नौ" (नापित परिवारको कपाल खौंरने गर्ने पुरूष व्यक्ति) बाट ज्योतिषले दिएको उत्तम साइतको समयमा बटुकको कपालको बीच भागमा केही रौं बाँकी राखी अन्य सम्पूर्ण कपाल खौरन लगाइन्छ । र उक्त बाँकी रहेको कपालको बीचको भागको रौं लाई नै टुपी भनिन्छ । कपाल खौरदा आउने सम्पूर्ण रौं बटुकको फुफुले एउटा थालमा थाप्ने गर्दछ । कपाल खौरने "नौ" लाई एउटा ठूलो लडडु (करिव ५०० ग्रामको) र अन्य दस्तुरहरू दिनु पर्दछ ।
- बटुकलाई पिताम्वरको बस्त्र पहिऱ्याइन्छ र लंगुटी लगाइन्छ । साथै बाघको छाला, धनुष, एउटा लौरो, भिक्षा माग्ने दानपात्र, झोला, खराउ आदि बटुकलाई दिइन्छ ।
- तत्पश्चात वैदिक विधि अनुसार पुजा गर्ने कार्य राजोपाध्याय ब्राह्मणबाट गरिन्छ । र आमाबुबालाई तिन पटक घुमी बटुकले ढोग्छ र त्यस पछि भिक्षा स्वरूप अक्षता (चामल), फलफूल, बस्त्र इत्यादि बटुकलाई दिइन्छ । साथै ब्राह्मणबाट मन्त्र सुनाइ जनै लगाउन दिइन्छ (यो प्रचलन विशेषत: ६ थरी श्रेष्ठहरूमा रहेको पाइन्छ) ।
- बटुकलाई "स्थान गणेश" परिक्रमा गराउन स्थानीय टोलको गणेश मन्दिरमा लगिन्छ र उनको साथमा सबै आफन्तहरू पनि जाने गर्दछन् । गणेशको पूजा गर्नुको साथै गणेशको दर्शन एवं ढोग बटुकबाट गराइन्छ । तत्पश्चात वटुकलाई सात पाइला विस्तारै टेक्न लगाइ भाग्ने जस्तो गर्न लगाउँछ । र मामाले समातेर केही रूपैया दिने चलन रहेको छ ।
- तान्त्रिक विधि अनुसार इष्टदेवता (पीठ) को पूजा कर्माचार्यबाट गराइन्छ । यसरी पूजा गर्दा पंचवली दिने वा एउटा बोका बलि दिने चलन पनि रहेको छ । यस्तो पूजा गर्दा परिवारजनको अतिरिक्त मामा खलक र दाजुभाईहरूको पनि उपस्थिति रहेको हुन्छ । इष्टदेवताको पूजा समाप्त भएपछि बोकाको गर्दनको मासुको छ्वयला बनाइ समयबजी खुवाउने गरिन्छ ।
- नाताकुटुम्वहरू विशेषत: मामाघरबाट[१] आएकाहरू, फुफु, विवाहिता दिदी बहिनीहरूले बटुकलाई सगुन (दही, अण्डा, माछा, बारा, लसुन, अदुवा, मासु, मिठाइ, बस्त्र आदि) सबै अर्पण गर्दछन् ।

---

[१] मामाघरको तर्फबाट बटुकलाई विशेष किसिमको सगुन दिन "कु" नै लानु पर्ने हुन्छ । यस्तो "कु" लैजाँदा लुगा (आजकाल कोट, पाइट, कमिज) जुत्ता, टोपी लगायत अन्य सगुनका सामानहरू हुन्छन् ।

- आमन्त्रित पाहुनाहरूलाई भोज खुवाइन्छ । आजकाल धेरै पैसा खर्च गरेर बेलुका भव्य "डिनर" दिने प्रचलन बढ्दै आएको पाइन्छ ।
- अन्तिममा बेलुका नै कुल परिवारको नजिकको नाता पर्ने दाजुभाइहरू (कर्माचार्य र बटुकलाई समेत सामेल गराइ) "सिकाय भ्वय" भनिने विशेष किसिमको भोज खुवाइन्छ । यस भोजको लागि इष्ट देवतामा बलि चढाइएको बोकाको टाउकोको विभिन्न भागहरू (आँखा, कान, जिब्रो, नाक, आदि आठ भाग र पुच्छर समेत ९ भाग) राम्ररी पकाइन्छ र सिकाय भ्वय को अन्त्यमा दायाँ आँखा बटुकलाई दिइन्छ, जिब्रो नकी (कुल परिवारको दाजुभाइहरू मध्य सबभन्दा जेष्ठ पुरूषको पत्नी) मा समर्पण गरिन्छ र अन्य भागहरू क्रमैसँग अन्य दाजुभाइहरूलाई दिइन्छ ।
- सिकाय भ्वयको अन्तिम चरणमा बटुक र थकाली नायोको केही जुठो नकीं माजुले एउटा बाटामा राखी घर बाहिर छ्वासय (फोहर सेलाउने चौबाटो/दोबाटो) मा लगेर फ्याकी बाटा पखालेर त्यसमा चोखो पानी राखेर ल्याउनु पर्दछ । र सो पानी सबैलाई पिउन दिइन्छ । बाटालाई घोप्त्याएर पूजा गरिन्छ ।
- तत्पश्चात शुभउपनयन संस्कारको सम्पूर्ण कार्यहरू विधिवत रूपमा नै समाप्त भएको मानिन्छ ।

शुभ उपनयनको संस्कार भइसके पश्चात बटुक/केटाले सम्पूर्ण सुतक, आशौच बार्ने कार्य अनिवार्य रूपले गर्नुपर्ने हुन्छ । कारण शुभ उपनयनको संस्कार भइसकेको बटुकलाई वयस्क व्यक्ति मानिन्छ । र सबै सामाजिक नियमहरू उसले पालना गर्नुपर्ने हुन्छ ।

### ५.२.५ इही (वेल विवाह) र बाह्र तयगु (गुफा राख्ने)

#### ५.२.५.१ इही (वेल विवाह)

नेवार समुदायको बालिकाहरूको "इही" (बेल विवाह) गर्ने संस्कार आर्य संस्कृति अनुरूप प्रचलनमा ल्याइएको बुझिन्छ । कारण, आठ वर्ष नपुग्दै पार्वतीको विवाह शिवजी सित भएको थियो भन्ने कथनलाई दृष्टिगत गरी आठ वर्षको उमेर भित्र नै वेललाई शिवजीको प्रतिक मानी बालिकाको बेलसित विवाह गर्ने प्रचलन रहेको छ । कहिले पनि केही नहुने शिवजीको प्रतिक बेलसित विवाह भइसके पछि बालिका कहिले पनि विधवा हुँदैन भन्ने जनधारणा नेवार समुदायमा रहेको छ । पूर्णरूपले वैवाहिक संस्कारको विधि अनुरूप नै गरिने यस बेलविवाहमा पनि राजोपाध्याय ब्राह्मण, आचाजु (कर्माचार्य) र ज्योतिषको आ-आफ्नै भूमिका रहेको हुन्छ । "इही" गर्दा क्रमैसँग निम्न कार्यहरू गरिन्छ :-

- इहीको दिनको अघिल्लो दिनमा चोख्याउने कार्य गरिन्छ । यसको लागि खुट्टाको नङ काट्न लगाइ नुवाइ धुवाइ गराइ सफा सुग्घर गर्ने कार्य गर्दछ ।
- इहीको दिनमा बालिकालाई विवाह गर्दा बेहुलीलाई जस्तै श्रृंगार गराइ "इही" पटासी (विशेष किसिमले विशेष जातका व्यक्तिले विहान केही नखाइ बुनेको सारी) लगाउन दिनुको साथै अन्य गरगहनाहरू समेत लगाउन दिइन्छ ।
- बैदिक पद्धति अनुरूप होम/यज्ञ गराइन्छ ।
- बालिकाको बाबुबाट कन्यादान दिइन्छ ।

यस किसिमले होम/यज्ञ गरी बेलसित विवाह गरिने कारणबाट नै वास्तविक विवाह गर्दा नेवार समुदायमा होम/यज्ञ गर्नु नपर्ने संस्कारको विकास हुन गएको हो भन्ने भनाइ रहेको पाइन्छ ।

"इही" पछि "इही" गर्दाको समयको पटासी र अन्य गरगहनाहरू समेत लगाउन दिई कन्यालाई कुलदेवताको दर्शन एवं पूजा गर्न लगाइन्छ । एउटा बोका वा हाँसको कुलदेवतामा बलिदिइ सो को मासु राखी कुलदेवताको पूजामा सहभागी हुने सबैलाई बेल विवाह गरेको कन्याको तर्फबाट "समय बजी" खुवाइन्छ । यसरी विधिवित रूपमा कुलदेवता कहाँ पुजा गराइए पछि मात्र कन्यालाइ कुलपुत्रीको रूपमा मान्यता दिइन्छ । यसरी वेलविवाह भइसकेको कन्याले जुठो बार्ने, सुतक बार्ने, जुठो नछुने जस्तो सामाजिक प्रचलनहरूको पालना गर्नुपर्ने हुन्छ ।

### ५.२.५.२ बाह्र तयगु (गुफा राख्ने)

"इहि" गरि सकेपछि र रजस्वला हुनु पूर्व (रजस्वला भएको खण्डमा रजस्वला भएकै दिन देखि) नेवार समुदायको प्रत्येक बालिकालाई "बाह्र तयगु" (गुफा राख्ने) संस्कार गर्नुपर्छ । यसको लागि सुर्यको प्रकाश र लोग्ने मानिसको अनुहार नदेखिने गरी सबै झ्याल ढोका बन्द गरी एउटा कोठामा १२ दिनसम्म बालिकालाई राख्ने गरिन्छ । यसरी कोठा भित्र भित्र्याईसकेपछि क्रमशः निम्न कार्यहरू गरिन्छ :

- कोठा भित्र राख्दा एउटा "किशली" (एउटा सलिंचामा चामल, एउटा गेडा सुपारी र पैसा राखिएकोलाई किशली भनिन्छ) बालिकालाई ढोगाउनु पर्दछ ।
- बालिकाका साथीहरू आई बाह्र दिन सम्म कोठा भित्रै विभिन्न परम्परागत खेलहरू खेल्ने गर्दछन् । यसको लागि विभिन्न सामानहरू (गट्टा, पुतली, इत्यादि) राखिएको हुन्छ ।
- बाह्र राखिएको अवधिको छैथौ दिनमा आमा, अजी, फुफु लगायतका आफन्तहरूले "छुस्यामुस्या नकेगु" (भुटेको गहुँ र भटमास खुवाउने) कार्य गर्नु पर्दछ । यसको लागि भुटेको गहुँ, भट्मास, बदाम, बकुला, केराउ, चना, दही, चिउरा, इत्यादि लिएर गई बालिकालाई खुवाउनु पर्दछ ।
- "बाह्रा" राखिएको सातौं दिनमा "कोचिंक सायकेगु" कार्य गरिन्छ । यसको लागि चामलको पिठो, पिना, जौको पिठो, तिलको तेल मुख र शरिरको अन्य भागमा दल्न लगाइ श्रृंगार गराइन्छ ।
- बाह्रौं दिनमा "बाह्र पिकायगु" कार्य गरिन्छ । यसको लागि सवभन्दा पहिला नौनीबाट बालिकाको हातखुट्टाको नङ्ग काट्न लगाइ "अलः" (एक किसिमको रातो रंगको परम्परागत पालिस) राख्न लगाइन्छ र नुवाइ धुवाई गराइ शुद्ध पारिन्छ । तत्पश्चत "ज्वाला न्हायक" (परम्परागत लीः तामाको ऐना) देखाइन्छ । राजोपाध्याय ब्राह्मणबाट बालिकालाई सुर्यको पूजा गराइ दर्शन गर्न लगाइन्छ । तत्पश्चात बालिकालाई बाबु, आमा, फुफुहरूबाट सगुन (दही, माछा, मासु, रक्सी, फलफूल इत्यादि) दिन लगाइन्छ । त्यस्तै आफन्तहरूबाट पनि दुई हात भरी चामल दिइ तीन चोटी ढोग्न लगाइ बस्त्र, चोलो, आदि पनि बालिकालाई दिइन्छ । यस कार्यलाई "बाह्र छुकेगु" भनिन्छ ।

- सुर्य दर्शन गराइ "बाह्र पिकायगु कार्य" समाप्त भएपछि बालिकालाई नजिकका केही नातेदारहरू र "बाह्र" राखेको समयमा खेल्न आउने साथीहरूलाई भोज खुवाइन्छ।[१०]
- अन्त्यमा बालिकालाई "थायभू" (विशेष किसिमको परिकारहरू तयार गरी विशेष किसिमको थालमा राखी खुवाउने) खुवाउने कार्य गरिन्छ । बालिकाले जुठो गरी केही खाइसकेपछि बाँकी रहेको खानेकुराहरू बालिकाको बुवा वा दाजु जस्ता घरमुलीले कुकुरले नछुने गरी खाली खुट्टामा छ्वासय (फोहोर/कसिंगर फ्याक्ने दोबाटो वा चौबाटो) मा फ्याक्न लानु पर्दछ । यसपछि विधिवत रूपमा नै "बाह्र तयगु" कार्यको सम्पूर्ण कार्यहरू समाप्त भएको मानिन्छ ।

कथंकदाचित गुफा बसेकी बालिकाको गुफा बसेकै अवस्थामा मृत्यु भएमा मृत्यु भएकै कोठाबाट घरको तल्लाहरू भत्काएर भएपनि तल छिडीमा लास ल्याइ गाड्नु पर्छ भन्ने मान्यता रही आएको छ । जे भएता पनि वयस्क हुँदै आएपछि यौनक्रियाकलापप्रति होसियार भइ आफ्नो अस्मिता प्रत्येक केटीले जोगाउनु पर्ने कुराको सन्देश यस गुफा राख्ने परम्परामा लुकेको पाइन्छ ।

### ५.२.६ इहिपा (विवाह)

नेवार समाजमा केटा र केटीको इहिपा (विवाह) गर्ने सम्बन्धी सम्पूर्ण कार्यहरूलाई मोटामोटी रूपमा निम्न तिन भागमा विभाजन गर्न सकिन्छ :

- खं कोछिइगु (कुरा छिन्ने)
- ग्वय यंकेगु (सुपारी लाने)
- विवाहया संस्कार यायेगु (विवाहको संस्कार सम्पन्न गर्ने)

#### ५.२.६.१ खं कोछियगु (कुरा छिन्ने)

विवाहको लागि केटी खोज्ने र प्रस्ताव लाने कार्य दुई किसिमबाट हुन सक्दछ । पहिले केटा पक्षका आफन्तहरूले विवाहको लागि उपयुक्त केटी चयन गरी विवाहको लागि प्रारम्भिक कुराकानी गर्दछ । दोस्रो, कुनै "लमी" (मध्यस्तकर्ता) मार्फत पनि केटाको लागि उपयुक्त केटी चयन गरी प्रारम्भिक कुराकानीको सुरूवाट गरिन्छ ।

यि माध्यमहरू मध्ये जुनसुकै माध्यम अपनाएर प्रारम्भिक कुराकानी सुरूवाट गरिएको भएतापनि विवाहको लागि औपचारिक प्रस्ताव भने केटा पक्षबाट नै राख्नु पर्ने हुन्छ । त्यस्तो प्रस्ताव केटी पक्षबाट स्वीकार गरिएमा गम्भीरतापूर्वक कुरा छिन्ने कार्यको सुरूवाट गरिन्छ । जन्मकुण्डली भिडाउने भएमा केटा पक्षले केटीको जन्म कुण्डली लिएर जाने र ज्योतिषबाट जन्मकुण्डली भिडाइ हेरेर मिल्ने भएमा विवाहको कुरा अघि बढाउछ र यदि जन्मकुण्डली नमिल्ने भएमा विवाहको प्रस्ताव त्यसै टुंगिन्छ । आजकाल जन्मकुण्डली भिडाइ विवाह गर्ने परम्परामा कमि आइरहेको छ । यसको सट्टामा केटा र केटीको भेट गराइ आपसी कुराकानी गराइ दुवैलाई मन परेमा विवाहको कुरा अघि बढाइने प्रवृत्ति धेरै बृद्धि भइरहेको पाइन्छ । यसरी केटा र केटीको भेट गराउने समयमा दुवै पक्षका आफन्तहरू पनि

[१०] आजकाल सबै नातेदारहरू लगायत साथीहरूलाई आमन्त्रीत गरी धेरै पैसा खर्च हुने गरि भव्य डिनर खुवाउने प्रवृत्ति बढ्दै आएको पाइन्छ ।

गएका हुन्छन् । यस्तो कार्यलाई "म्हः स्वयगु" (केटी हेर्ने कार्य) पनि भनिन्छ । केटा र केटी दुवैले एक अर्कालाई मन पराएमा र आफन्तहरू (विशेषतः बाबु आमाहरू) लाई पनि विवाहको प्रस्ताव मन परेमा वैवाहिक कार्य गर्नको लागि विशेषतः निम्न विषयवस्तुहरूमा केन्द्रित रही गम्भीरतापूर्वक दुवै पक्षहरूको बीचमा कुराकानी (प्रत्यक्ष रूपमा वा लमी मार्फत) गरिन्छ :

- विवाह कहिले गर्ने ?
- स्वयम्भर कहिले गर्ने ?
- सुपारी कहिले लाने ?
- गहना, लुगा, बाजा कस्तो राख्ने ?

उक्त बुँदाहरूमा विस्तृत रूपमा कुराकानी भइ सबै कुराको निक्यौल भएपछि नै "खं कोछियगु" (कुरा छिन्ने कार्य) समाप्त हुन्छ ।

### ५.२.६.२ ग्वय यंकेगु (सुपारी लाने)

"खं क्वछियगु" कार्य समाप्त भएपछि औपचारिक रूपमा नै विवाह कार्यको सिलसिला सुरू हुन्छ र यसै सन्दर्भमा सवभन्दा पहिले "ग्वयं यंकेगु" (सुपारी लाने) कार्य गरिन्छ ।[११]

सुपारी लानको लागि लाखा, गहना, लुगा (दोपट्टा सारी, ओढ्ने दोसल्ला), फलफूल, दही, माछा, उखु, मिठाइ, रातो सिन्दुर, सुकुन्दा, सिगो सुपारी, अण्टी (नेवार समाजमा अति नै महत्व राख्ने एक किसिमको रक्सी राख्ने चाँदी वा धातुको कलात्मक तरिकाले बनाइएको लामो भाँडो) मा राखिएको रक्सी, सोमा (जाँड राख्ने एक किसिमको माटोको भाँडो) मा राखिएको जाँड, उसिनेर राखेको अण्डा, सिसीमा राखिएको सानो जिउदो माछा, फलफूल, केक, पुजाको थाली इत्यादि विभिन्न किस्तीहरूमा राम्ररी सजाएर राखी पठाइन्छ । यसरी सुपारी लैजाँदा केटाको तर्फबाट केही आफन्त (दाजुभाइ, मामा, माइजु, दिदी-बहिनी इत्यादि) र साथीहरू समेत पनि जाने चलन रहेको पाइन्छ । सुपारी भित्र्याइ सकेपछि केटीको आमाले निम्न कार्यहरू गर्नुपर्ने हुन्छ :

- सुकुण्डामा बत्ती बाल्ने र सुकुन्दामा रहेको गणेशको पूजा गर्ने,
- केटीलाई टिका लगाइ दिने,
- सिन्दुर लगाइ दिने
- सगुन दिने (दही, माछा, मासु, अण्डा आदि)
- बस्त्र लगायत अन्य सामानहरू अर्पण गर्ने,
- केक काटी केटीलाई खुवाउने र केटीबाट पनि केक लिइ आफू पनि खाने
- केक भेला भएका सबै आफन्तहरूलाई पनि खुवाउने ।

उपरोक्त सवै कार्यहरू समाप्त भएपछि सुपारी लिएर आउने केटा पक्षका सबैलाई भोज खुवाइन्छ । आजकाल "लन्च वा डिनर" नै खुवाउने प्रवृत्तिमा बृद्धि भइरहेको पाइन्छ । यसरी सुपारी ग्रहण गरिसकेपछि केटी पूर्णरूपमा केटाको नै हुन्छ र कथंकदाचित विवाह

[११] सुपारी लाने कार्यलाई "लाखा बिगु" (लाखा दिने) पनि भनिन्छ । "लाखा" भन्नाले चिनीको चास्नीमा दुवाएर बनाएको धर्मचक्र नामको पिठोको रोटीलाई जनाउछ । सुपारी लादा यस्तो "लाखा" का विभिन्न किसिमका रोटीहरू राख्नु अनिवार्य भएकोले यस लाखाको ठूलो महत्व रहेको बुझिन्छ ।

संस्कार पुरा हुन अगावै केटी वा केटाको मृत्यु भएमा विवाह भइसकेको जस्तै गरी मृत्यु सम्बन्धी सम्पूर्ण कर्मकाण्डहरूको पालना गर्नु पर्ने हुन्छ।

### ५.२.६.३ विवाह सम्बन्धी मुख्यमुख्य कार्यहरू

**- स्वयंवर**

ज्योतिषबाट प्राप्त उत्तम साइतमा स्वयंवर गर्न केटीको घरमा केटा जानु पर्दछ। राजोपाध्याय ब्राह्मणले यस्तो स्वयम्भर गराइ दिन वैदिक विधि अनुसार गर्नुपर्ने सबै धार्मिक कार्यहरू गर्दछन्। अन्तिममा केटीले केटालाई तिन पटक परिक्रमा गरि माला लगाइ दिन्छ[१२] र केटाको पाऊ ढोग्ने गर्दछ। केटाले सुनको औंठी, सिक्री केटीलाई लगाइ दिन्छ। यसरी स्वयंवरको कार्य समाप्त भएपनि केटासँग गएका केही आफन्त वा साथीहरूलाई भोजन गराइन्छ। यस किसिमले स्वयंवरको कार्य समाप्त भए पछि केही दिन भित्र नै विवाहको सम्पूर्ण कार्य समाप्त गरिन्छ।[१३]

**- वरियात (जन्त) जाने**

वरियात (जन्त- दुलही लिन जाने) जाने कार्य सम्पूर्ण विवाह पद्धतिको एक अति महत्वपूर्ण पक्ष हो। यसको लागि दुलाहा पक्षका नजिकका आफन्तहरू र मित्रहरू विहान दुलाहाको घरमा जम्मा हुन्छ।[१४] वरियात जाने सबैलाई रातो टिका लगाइ दिइ रातो फुल समेत दिने चलनको विकास भएको छ। साथै जम्मा भएका सबैलाई बिहानको नास्ता समेत गराइ पान मसला समेत दिइन्छ। त्यसपछि राम्ररी सिंगारिएको गाडी[१५] वा बग्गीमा बसेका दुलाहा सहित बैण्ड बाजाको टोली लिएर वरियात बेहुलीको घरमा जान्छ। त्यसरी बरियात जाँदा पुजाको सामानहरू राखिएको कोत: (ठूलो थाली जस्तो परम्परागत भाँडो), ठूलो पानसमा राखिएको ठूलो ठूलो रातो रंगको मैनवत्ती, दुफांगा (दुलही लिएर आउँदा गाडी वा बग्गीमा छोप्ने विशेष किसिमको कपडा), सिंगो सुपारी सहितको लिबाटा इत्यादि पनि साथै लिएर जानु पर्दछ।[१६]

केटीको घरमा पुगेपछि वरियात आउनेहरूको भव्य रूपमा केटी पक्षका आफन्तहरूबाट स्वागत गरिन्छ। वरियात आउनेहरू मध्य दुलाहाका नजिकका मुख्य मुख्य व्यक्तिहरूलाई कोठा भित्र राखी सम्मान गरिन्छ र अन्यलाई बाहिर कुर्सीमा बस्न लगाइन्छ। पहिले पहिले वरियात आउनेहरूलाई पान, मसला, चुरोट आदि दिइ स्वागत गरिन्थ्यो भने आजकाल उक्त पान, मसलाको अतिरिक्त विभिन्न किसिमको मिठाइहरू खुवाएर स्वागत गर्ने चलन पनि विकास भएको छ। तत्पश्चात विहानको खानाको रूपमा वरियात आएका सबैलाई "लन्च" खुवाउने चलन पनि प्रचलनमा आइसकेको छ। यसरी वरियात आउनु अगावै नै बेहुलीको घरमा आफन्तहरू र साथी भाइ र छिमेकीहरू सबैलाई आमन्त्रण गरी भोज खुवाइन्छ। आमन्त्रित सबैले दाइजो वा नगद नै उपहार स्वरूप बेहुलीलाई दिने चलन रहेको छ।

---

[१२] आजकाल सुनको वाला समेत केटीले केटालाई लगाइ दिने प्रवृत्तिको पनि विकास भइसकेको छ।

[१३] जन्त जाने दिनमा नै स्वयंवर गर्ने चलन पनि छ। तर उपयुक्त साइत जुराउनु पर्दछ।

[१४] पहिले पहिले राती वरियात जाने चलन थियो र रातभरी दुलहीको घरमा नै वरियात जानेहरू बस्ने गर्दथ्यो र भोलि विहान दुलही लिएर फर्कने गर्दथ्यो। तर आजकाल यो चलन धेरै मात्रामा लोप भइसकेको छ।

[१५] पहिले पहिले वरियात जाँदा दुलाहा जाने चलन थिएन। तर आजकाल दुलाहा जाने चलन अनिवार्य जस्तै भइसकेको छ।

[१६] पहिले पहिले यी सबै सामग्रीहरू "ज्यापू" समुदायका व्यक्तिहरूलाई बोकाएर लाने चलन थियो। आजकाल त्यस्तो व्यक्तिहरू पाउन गाह्रो भइसकेकोले भरियाहरूलाई बोकाएर लाने चलनको विकास भएको पाइन्छ।

**- भम्चा पितवियगु (बेहुलीलाई बिदा गरी पठाउने)**

वरियातलाई स्वागत गरिए पश्चात बेहुलीलाई बिदाइ गरि दुलाहाको घरमा पठाउने प्रक्रियाको सुरूवाट हुन्छ । सर्वप्रथम विशेष किसिमले सिंगारिएको बेहुली र दुलाहालाईसँगै राखी दुवै पक्ष (दुलाहा र दुलही) को पुरोहितहरू (राजोपाध्याय ब्राह्मण) बसी दुवैका बाबुहरूलाई सामुन्ने राखी केही धार्मिक अनुस्थानका कार्यहरू (ज्योतिषबाट प्राप्त साइत अनुसारको समय र दिशा तर्फ बसी) गरिन्छ । त्यसपछि विदाइको प्रतिक स्वरूप बेहुलीले आफ्नो बाबुआमा र आफन्तहरूलाई सुपारी दिने कार्य गर्दछ । तत्पश्चात दुलाहा र दुलहीसँगै राखी "थायभु" (सिन्का सहितको विभिन्न परिकारहरू राखिएको विशेष किसिमको थाली) खुवाइन्छ ।

"थायभू" खुवाउने कार्य समाप्त भएपछि मामाले दुलहीलाई बोकेर गाडीमा राख्न लाँदा दुलहीको बहिनीहरूले बाटो छेक्ने जस्तो गर्दछन् र दुलहाले तिनीहरूलाई केही रूपैयाँ दक्षिणाको रूपमा दिइ बिदाइ गर्ने चलन रहेको छ । गाडीलाई तिन पटक परिक्रमा गराइ मामाले बेहुलीलाई गाडी भित्र राखिदिन्छ र दुलाहा पनि गाडी भित्र बस्छ । तत्पश्चात दुलाहाको बाबुले दुफांगा (गाडीलाई छोप्ने विशेष किसिमको बाक्लो कपडा) ले गाडीलाई छोप्ने गरि ओढाइदिन्छ ।

त्यसपछि वरियात आएकाहरू बेहुला बेहुली बसेको गाडीको पछि पछि लागि दुलाहाको घर तर्फ विस्तारै अघि बढ्दै जान्छ र स्थान गणेश (स्थानीय स्तरको गणेश) को मन्दिर पुगेपछि एक छिन गाडी रोकिन्छ र बेहुला र बेहुलीपक्षका केही प्रमुख व्यक्तिहरू (विशेषत: दुवै पक्षका पुरोहित ब्राह्मण र बाबुहरू) को बीचमा आपसी कुराकानी हुन्छ । यसरी कुरा गर्दा बेहुलीलाई छोरी जस्तै सम्झी माया गरि राख्ने बचन दिई पिर नमान्न बेहुला पक्षले बेहुली पक्षलाई अनुरोध गर्दछ । त्यस्तै बेहुली पक्षले पनि आफ्नो छोरी अझसम्म पनि परिपक्व भइ नसकेकोले उनबाट केही भूल हुन गएमा माफ गरिदिन बेहुलापक्षलाई अनुरोध गर्दछ । यस्तो कुराकानी गणेशलाई साक्षी राखि गरिएको मानिन्छ । यसपछि चाँदीका केही सामानहरू बेहुलीको बाबुले बेहुलाको बाबुलाई उपहार स्वरूप दिइ विदा गरि पठाउँछ । यस पछि वरियात बेहुलाको घरतर्फ अघि बढ्दै जान्छ । वरियात दुलाहाको घर पुगेपछि सवभन्दा पहिले भौमचा दुकायगु कार्य (दुलही भित्र्याउने कार्य) गरिन्छ ।

**- भौमचा दुकायगु कार्य (दुलही भित्र्याउने कार्य)**

- बेहुलीलाई घर भित्र भित्र्याउनको लागि निम्न कार्यहरू गर्नु पर्दछ ।
  - मूल ढोकाको दायाँ-बायाँ पानी भरिएको तामा, पित्तल वा चाँदीको गाग्री राख्नु पर्ने,
  - गाग्री माथि रातो अविर छरिएको दहीको कटारो सगुन स्वरूप राख्नु पर्ने,
  - बेहुला र बेहुली दुवैलाई उभ्याइ पुरोहित (राजोपाध्याय ब्राह्मण) बाट केही धार्मिक अनुस्थानका कार्यहरू गराउनु पर्ने,
  - चामल वा चिउरा भिजाइ बेहुला बेहुलीको टाउकोमा छुवाइ फ्याक्ने कार्य गरी भूतप्रेत पन्छाउन लगाउने ।

- सासु हुनेले भोटे तालाको लामो ताल्चा समाउन लगाइ घर भित्र "लसकुश" (स्वागत/अभिवादन) गरी भित्र्याउने,

यसरी घर भित्र बेहुली र बेहुलालाई भित्र्याइ सकेपछि निम्न कार्यहरू गरिन्छ :-

**- "होकेंगु"**

- दुलाहा दुलहीलाईसँगै राखी स्वयंम्वर गर्दा कै जस्तो विधि अपनाइ विधि व्यवहार गरिन्छ । यसैलाई "होंकेगु" भनिन्छ ।

**- सुपारी लिने**

- परिवारका सदस्यहरू र अन्य आफन्तहरूबाट क्रमैसँग दुलहीका हातबाट सुपारी लिइ आ-आफ्नो गच्छे अनुसार दाम राख्ने,
- त्यसरी दाम राखी सुपारी लिने प्रत्येक व्यक्तिलाई दुलही सित नाता सम्बन्धि परिचय दिने,

**- सगुन दिने**

- आफन्तहरू (विशेषत: विवाहिता दिदी बहिनीहरू, मामा, फुफु इत्यादि) बाट बेहुला बेहुलीलाई सगुन (दही, अण्डा, माछा, बारा, रक्सी, वस्त्र, फलफूल इत्यादि) दिनुको साथै उपहार स्वरूप केही वस्त्रहरू पनि दिइन्छ ।

**- थायभू खुवाउने**

- विभिन्न किसिमको परिकारहरू एउटा ठूलो "थायभू" भनिने परम्परागत थालमा राखी दुलाहा दुलहीलाई खुवाइन्छ । यस कार्यलाई नै "थायभू खुवाउने" भनिन्छ ।

**- इष्टदेवताको पूजा**

- यसरी सगुन लिने कार्य सकिएपछि इष्ट देवता (पीठ) कहाँ बोका बलि दिइ पूजा गरिन्छ । त्यसपछि आमन्त्रित सबैलाई बेलुका भोज (आजकाल डिनर) खुवाइन्छ ।

**- सिकाय भ्वय:**

यसको अतिरिक्त बेलुका "सिकाभ्वय" (पीठ पूजा गरी बलि दिइएको बोकोको टाउकोको अंगहरू अर्पण गरि खाने भोज) गरिन्छ । यस भोजमा बेहुला बेहुली र नजिकको दाजुभाइहरू सामेल हुन्छन् । बेहुला र बेहुलीको जुठो नकिमाजुले "छ्वासय" (दोबाटो वा चौबाटो) मा फ्याँक्न लगिन्छ । बाटा पखालेर ल्याइन्छ र बाटा घोप्ट्याएर बाटामा पूजा गरिन्छ । यस पश्चात विधिवत विवाहको भोजको कार्य सम्पन्न भएको मानिन्छ ।

**- सपप्याकेगु**

दुलही भित्र्याई सकेपछिको चौथो दिन "सपप्याकेगु" कार्य गर्नु पर्दछ । सो कार्यको लागि माइती घरबाट तेल, कों, ठकुपिचा जस्ता श्रृंगारका परम्परागत

सामानहरूको अतिरिक्त फलफूल, सिंगो सुपारी, पुजाको थाली र सगुनका सामानहरू (अण्डा, दहि इत्यादि) जस्ता विभिन्न सामग्रीहरू सहितको "कु" पठाउनु पर्ने हुन्छ। आजकाल यो चलन प्रायः लोप भइसकेको छ। केही जोशी परिवारहरूले मात्र यस परम्परालाई निरन्तरता दिइ आएको पाइन्छ।

**- ख्वास्ववनेगु र जिलाजं दुचायगु (मुख हेर्न जाने र ज्वाई भित्र्याउने)**
विवाह भएको दुइ चार दिन पश्चात अनुकुल परेको दिनमा दुवै पक्षको सहमतीमा माइतीतर्फबाट "ख्वास्ववनेगु" (मुख हेर्न जाने) कार्य गरिन्छ। यसरी मुख हेर्न जाँदा दुलहाको तर्फबाट पठाइएको सुपारी लाँदाको सामानहरूमा केही थपघट गरी फिर्ता लिएर आउँछन्। यी सवै सामानहरू दुलहीको मुख हेर्ने ठाउँमा सजाएर राखिन्छ। दुलहीको बाबुले पूजा गरी छोरीलाई सगुन दिने, गरगहनाहरू लगाइ दिने र बस्त्र आदि दिने कार्य गर्नुको साथै छोरीलाई बाबुले आफ्नो गच्छे अनुसार नगद रूपैयाँ पैसा पनि दिनु पर्दछ (आमा भने मुख हेर्न आउँदा अनुपस्थित रहन्छ)। तत्पश्चात मुख हेर्न आउने माइतीघर तर्फका सबैले क्रमैसँग दाम/रूपैयाँ राखी दुलही बनेकी आफ्नी छोरीको मुख हेर्ने गर्दछ। त्यसपछि मुख हेर्न आउने सबैलाई भोज (आजकाल डिनर) खुवाइन्छ। अन्तिममा मुख हेर्न आउनेहरूले छोरी र ज्वाईलाई आफ्नो घरमा लिएर जान्छन् र त्यहाँ "जिलाजं दुचाकेगु" (ज्वाइलाई भित्र्याउने) कार्य गरी दुलाहा दुलहीलाई भोज खुवाइन्छ। साथै माइती तर्फका सबैसित ज्वाईको परिचय गराइन्छ। त्यसरी परिचय गराउन पनि ज्वाईको तर्फबाट सुपारी दिने चलन छ।

**- कुलदेवताको दर्शन गराउने**
विवाह भएको आठ दिनपछि (आजकाल अनुकूल पर्ने गरी) दुलहीलाई कुलदेवताको दर्शन गराउन दुलाहा पक्षका नजिकको केही आफन्तहरूको साथमा दुलहीलाई कुलदेवता स्थानमा लगिन्छ। कुलदेवताको पूजा गरी दुलहीलाई कुलदेवताको दर्शन गराइन्छ र सबै आफन्तहरूलाई प्रसादको रूपमा केही खाने कुरा खुवाइन्छ। यसरी कुलदेवताको दर्शन गराइ दुलहीलाई कुल भित्र मिलाएपछि विवाहको सम्पूर्ण कार्य समाप्त भएको मानिन्छ।

### ५.२.७ बुढो जन्को (भीमरथारोहण)

नेवार समुदायमा बृद्धहरूलाई सम्मान गर्ने परम्परा रही आएको पाइन्छ। यस परम्परा अनुरूप बढीमा ३ पटकसम्म बृद्धहरूको जन्को (बृद्ध पास्नी) गर्ने चलन रहेको छ। भीमरथारोहण भनिने बृद्ध जन्को (पास्नी) पहिलो पटक ७७ वर्ष ७ महिना ७ दिन र ७ घडीको समयमा गरिन्छ। देवरथारोहन/चन्द्ररथारोहन भनिने दोस्रो पटकको जन्को ८८ वर्ष ८ महिना ८ दिनमा गरिन्छ भने महारथारोहन/दिव्यरथारोहन भनिने तेस्रो पटकको जन्को ९९ वर्ष ९ महिना ९ दिनमा गरिन्छ। जन्को भइसकेको पुरूष वा महिलालाइ देवता वा देवी सरह मानिन्छ। तसर्थ तिनीहरूको चित्त दुख्ने गरी केही भन्न नहुने र तिनीहरूले दिएको आशिष वा सराप दुवै लाग्छ भन्ने जनविश्वास रहेको छ।

पहिलो पटक जन्को गर्दा खटमा राखी टोलमा परिक्रमा गराइन्छ ।[१७] दोस्रो पटक ??मा राखी टोल परिक्रमा गराइन्छ भने अन्तिम पटक जन्को गरिने व्यक्तिलाई झ्यालबाट ?िकाली खट्मा राखी टोल/शहर घुमाइन्छ । तर आजकाल धेरैजसोले घरमा नै खट वा ??मा राखी घुमाइन्छ ।

ज्योतिषले दिएको साइतको समयमा वैदिक विधि अनुरूप राजोपाध्याय ब्राह्मणले धार्मिक अनुस्थानका कार्यहरू गर्दछन् । र आफन्तहरूले जन्को गरेको व्यक्तिलाई सगुन दिने कार्य गर्दछ । तत्पश्चात आमन्त्रित सबैलाई भोज (आजकाल डिनर) खुवाइन्छ । लोग्ने र स्वास्नी दुवै जिवित भएमा स्वास्नी चाहिँको उमेर नपुगे पनि लोग्नेको उमेर गणना गरी दुवैको जन्को गर्ने चलन रहेको छ ।

## ५.२.८ सिज्या (मृत्यु संस्कार)

सिज्या (मृत्यु संस्कार) लाई मुख्यतया निम्न तिन भागमा विभाजन गर्न सकिन्छ :-

- जीवनको अन्तिम क्षणमा गरिने संस्कार
- दाहा संस्कार
- दाहा संस्कार पश्चात गरिने संस्कारहरू

### ५.२.८.१ जीवनको अन्तिम क्षणमा गरिने संस्कारहरू

**- गोवर लिपिएको भूइमा राख्ने (अर्द्धजलय तयगु)**

जीवनको अन्तिम क्षणमा पुगिसकेको व्यक्तिको शरिरलाई घरको मूल ढोका अगाडि गोवरले लिपिएको भूईमा तिलकुश छरी राखिन्छ । प्राण त्याग हुनु अघि नदि/कुण्ड/इनारको पवित्र जललाई एउटा बाटा वा थालमा राखी खुट्टा चोपल्ने गरिन्छ । यसरी खुट्टा पानीमा चोपल्ने कार्यलाई "अर्धजलय तयगु" भनिन्छ । यसै स्थानमा "सा-दान" (गाई दान/गौदान) गर्ने पनि चलन छ । यदि मृत्युवरण कुनै घाटमा हुने भए खुट्टालाई नदिमा दुवाइ राखिन्छ ।[१८] प्राण त्याग भइसकेपछि मृत आत्मा फर्किएर नतर्कियोस् भन्ने हेतुले मृत शरिरको छातीमा एउटा फलामको चक्कु राख्ने चलन रहेको छ ।

### ५.२.८.२ दाह संस्कार

**- गुठीयारहरूलाई भेला गराइ शवयात्राको तयारी गराउने**

दाह संस्कारमा गुठीयारहरू (सी गुठी/सनागुठी/मलामी गुठीका सदस्यहरू)[१९] को प्रमुख भूमिका रहेको हुन्छ । मृत्युवरण हुने बित्तिकै गुठीको पालो परेको व्यक्तिलाई मृत्यु भएको कुराको जानकारी दिइन्छ । त्यसरी गुठीको पालो परेको गुठीयारले मृत्युवरणको बारेमा सबै गुठीयारहरूलाई खवर गर्ने कार्य गर्नु पर्दछ । तत्पश्चात सबै गुठीयारहरू भेला भइ सामान्य भलाकुसारी र मृत्यु सम्बन्धी कुराकानी

---

१७ पहिले पहिले आफ्नो टोलमा नै परिक्रमा गराइन्थ्यो । तर आजकाल कोठा भित्र नै परिक्रमा गराइन्छ ।

१८ आजकाल धेरै जसो मृत्युवरण अस्पतालमा हुने भएकोले यी विधिहरू पूरा गर्न गाह्रो हुन्छ । तसर्थ गीता जस्ता धार्मिक ग्रन्थ, पवित्र जल र तिलकुश अन्तिम क्षणमा मृतवरण गर्ने व्यक्तिको टाउकोमा राख्ने चलन छ ।

१९ यस्तो गुठीका गुठियारहरू सबै एउटै स्वजातीय हुन्छ । अन्तरजातीय "सी गुठी" साधारतया वनाउने गरिदैन । जात नमिल्ने कोही विवाह गरी ल्याएमा त्यस्तो केटीको मृत्यु भएमा उनको दाहा संस्कार गुठियारहरूले गर्न अस्वीकार गर्ने परम्परा समेत रहेको छ ।

गरिन्छ । तत्पश्चात गुठियारहरूले शवयात्राको लागि निम्न तयारीका कार्यहरू गर्दछन् :-

- बाँसको खट् बनाउने,
- नदिको जलले लासको मुख धुने,
- लुगा सबै फुकाली पहेंलो वस्त्र पहराइ दिने,
- महिला भएमा विवाहमा प्रयोग हुने सिन्दुर, टिका, गाजल, लोग्ने भए लोग्नेले र लोग्ने नभए गुठियारहरू मध्ये एक जनाले लगाइ दिने र हातखुट्टा धोइदिने । पुरूष भए हातखुट्टा धोइदिने, टिका लगाइदिनु पर्दछ । यसलाई "म्हगेकेगु" भनिन्छ ।
- सीः फांगा (लासलाई ओढाउने ठूलो विशेष किसिमको बाक्लो कपडा । यो कपडा गुठीको नियन्त्रणमा रहन्छ) ओढाउने ।
- खटमा लास राख्ने र छोरीबेटीलाई पहेंलो कात्रो लाश माथि राख्न लगाउने र त्यसरी कात्रो राख्नु भन्दा पहिले उनीहरूलाई रोएर घर आँगनमा भित्र बाहिर गर्न लगाउने र यसलाई "दुख्यये सिख्वयगु" भनिन्छ ।
- मृतकको एउटा लुगा र तीनवटा काँचो ईटा काँचो धागोले बेरी घर बाहिरको छ्वासयमा फाल्न लगाउने र यसलाई "छ्वासय वायगु" भनिन्छ ।
- मसानमा दागवत्ती दिन आगो घरबाटै लिएर जाने र त्यस्तो आगो चालं[२०] भन्ने जातको मानिसलाई बोक्न लगाउने

**- शवयात्रा**

गुठियारहरू मध्य शव बोक्ने पालो परेकाहरूले शब उठाउने र बोक्ने कार्य गर्दछन् । उनीहरूले धोती मात्र लगाएर शब बोक्नु पर्दछ । तत्पश्चात शबयात्रा सुरू हुन्छ । शवमा चामल अविर, फुल आदिले पूजा गरी शवयात्रालाई बिदा गरिन्छ । छोराहरू र अन्य इष्टमित्रहरू लाम लागि मलामी जान्छन् । त्यसरी मलामी जानेहरू खाली खुट्टामा जानु पर्दछ । छोराहरूले सेतो खास्तो ओढेर रोएर जाने चलन छ ।[२१] शबयात्राको सन्दर्भमा निम्न कार्यहरू गरिन्छ :

- बाटोको दोबाटो र चौबाटोमा घण्टी बजाउँदै जाने ।
- गरूडपुराण अनुसार शवयात्रा गर्दा बाटोमा बसिराखेको भूतप्रेत, पिशाच आदिलाई पिण्डदान स्वरूप अविर, फुल, पैसा छर्दै जाने,
- माटोको भाँडामा गोवरको सुकेको गुइठा बालेर लाने,
- बाँसको दुईवटा भाँडोहरू मध्य एउटामा गंगाजल र अर्कोमा गाइको दुध राख्ने र लिएर जाने,
- टपरीमा घिउ, श्रीखण्ड, फुश्रो चामल, सिन्का, धुपदिप लिएर जाने,

---

[२०] आजकाल "चालं" भन्ने जातका मानिस नपाइने भएकोले गुठियारहरू मध्य नै एकजनाले यस्तो आगो बोक्ने गर्दछ । तर व्यवहारमा यो चलन पनि प्रायः लोप भइसकेको छ ।

[२१] आजकाल साधारतया (विशेपतः शहरी क्षेत्रमा) मृत्युवरण अस्पतालमा हुने हुँदा मृतकका शबलाई शबवहानमा राखी घाटसम्म लगिन्छ । र घाटमा नै माथि उल्लेखित सबै विधि पुऱ्याइ शव यात्रा गरिन्छ ।

- मृतकको मृत्यु पंचक तिथिमा परेको भएमा रातो, कलेजी, पहेंलो, सेतो र निलो पंचरंगी पुतली बनाएर दिपमा लिएर जानु पर्छ । यदि पुतली पाउन नसकिएमा पाँचवटा कुखुराको अण्डा राखी लाससित दाहसंस्कार गर्नुपर्छ । अन्यथा मृत्यु हुनेको परिवारका सदस्यहरू मध्य पाँच जना नै क्रमैसँग मृत्यु हुने जनविश्वास रहेको छ ।
- विवाह भइसकेको छोरी/चेलीहरू "छ्वास फ्याक्ने" ठाउँसम्म मात्र शबयात्रामा सामेल भइ घर फर्कनु पर्छ र छोराहरू, गुठियारहरू र अन्य पुरूष मलामीहरू घाटसम्म नै शबयात्रामा सहभागी हुनु पर्छ ।
- बुहारी र छोरीले मृतकको लुगा र निजले प्रयोग गरेको परालका चकटी छ्वासमा फ्याक्नु पर्दछ । यसकार्यलाई "छ्वासय वायगु" भनिन्छ ।
- शवयात्रामा मृतकको लास अगाडि अगाडि नायखिं बाजा बजाउनेहरू, गुइठाको आगो समात्नेहरू, चिराग समाउने र मन्त्रोचारण गर्ने व्यक्तिहरू हुन्छन् भने पछाडि अरूहरू हुन्छन् ।
- शवयात्रा सुरूभइसकेपछि घर भित्रदेखि बुहारीले कुचो लगाइ "पिखालखु" सम्म धुलोलाई बटुलेर छ्वासयमा फ्याक्ने गरिन्छ । यस कार्यलाई "पिखावायगु" भनिन्छ ।
- कृयापुत्रले "काँचो इट्टा माथि बत्ति बालेर "छ्वासय" देवता कहाँ रूवावासी गरेर फाल्न जानु पर्छ ।
- शबयात्रामा अविर, फुल, धान, पैसा छर्दै चिराग बाली शबयात्रा गरिन्छ ।

**- मी:तयगु (दाहसंस्कार)**

मृतकको शवलाइ घाटमा पुऱ्याइ सकेपछि शवयात्रा टुंगिन्छ । गुठियारहरूले दाउराको तिनतल्ले चिता बनाउछ ।[२२] तत्पश्चात लाशलाई चितामा राखिन्छ र निम्न कार्यहरू गरिन्छ : -

- अन्तिम विदाइ स्वरूप सबै नातेदार, गुठियार र मलामी आउनेहरूले क्रमैसँग गंगाजल खुवाउने,
- दागबत्ती दिने व्यक्तिले असारे छाताको पात (कुसा लप्ते) मा चिउराको भुसको पिण्ड दिने । यो प्रथा आजकाल प्राय: लोप भइसकेको छ ।
- मृतक बाबु भए जेठो छोराले र आमा भए कान्छा छोराले मुखमा अग्नी राखी अग्नि संस्कारको (दागबत्ती दिने) कार्य गरिन्छ ।[२३] लासको मुख अथवा शिरमाथि कपुर, ध्यू, श्रीखण्ड राखी दागबत्ती दिई, कृयापुत्रले आगो हालिसकेपछि कृयापुत्रले मृतकको खुट्टामा ढोग्ने कार्य गर्दछ ।
- तत्पश्चात गुठियारहरूले लास जलाउने कार्य गर्दछन् ।[२४]
- दागबत्ती दिने व्यक्तिले कसैलाई छुनु हुँदैन ।

---

[२२] गुठीको गों (ज्यापू समुदायबाट गुठीको सहायकको रूपमा राखिएकाहरू) हरूले पनि चिता बनाउछ ।

[२३] छोरा नभएमा दाजुभाइ र भतिजाहरूले पनि अग्नि संस्कारको कार्य गर्ने चलन छ ।

[२४] आजकाल गुठीको गोंहरूले पनि लास जलाउने कार्य गर्दछन् । साथै पशुपति घाटमा लास जलाउने खस ब्राम्मणहरूको सेवा पनि उपलब्ध रहेको छ ।

- लास पूर्णरूपले जलिसकेपछि भष्म भएको खरानीको मान्छेको आकृति बनाइन्छ र रिट्ठाको दुइवटा आँखा र कौडाको मुख बनाइन्छ र सो मूर्तिलाई नदिमा बगाइन्छ ।
- अस्तु "पाला" भित्र राखी नदिमा दबाइन्छ ।
- चिताको आगोमा गाईको दूध चढाइन्छ र चिताको सबै खरानी, काठ इत्यादि नदिमा फ्याँक्ने कार्य गरिन्छ ।
- खाली चितामा अविर अक्षताले पूजा गरिन्छ ।
- घर फर्कनु अघि घाटमा सबैले नुहाइ धुहाई गर्नुपर्छ ।
- च्यो (लास जलाउने जातका मानिस) ले आगो र पानी हातले समाती घर भित्र लाने चलन छ ।[२५]
- घरमा आउनेहरू सबैलाई चिउरा, नून, अदुवा, मिठाइ राखी खुवाउन छोरीहरू आउछन् । यसलाई "चिर्पथिकेगु" भनिन्छ ।

### ५.२.८.३ दाहासंस्कार पश्चात गरिने कार्यहरू

**- बिचा हनेगु (सान्त्वना/समवेदना दिन आउनेको कुरा सुन्ने)**

सबै गुठियारहरू भोलिपल्ट बिहान नै मृतकको घरमा गइ मृत्यु हुनाका कारणको बारेमा सोधपूछ गर्नुको साथै मृतकको सम्पूर्ण परिवारलाई सान्त्वना एवं समवेदना प्रकट गर्दछन् । त्यस्तै अन्य नातेदारहरू र मित्र एवं साथीहरू पनि सान्त्वना एवं समवेदना दिन आउने गर्दछन् । गुठियारहरू बाहेक अन्यले १० दिन भित्र जहिले गएर सान्त्वना र समवेदना दिन गए पनि हुन्छ ।[२६]

**- दुःखय च्वनेगु वा क्रिया च्वनेगु (दुःखमा बस्ने वा दशक्रियामा बस्ने)**

मृत्तकका छोराहरूले दुइवटा संस्कारहरू (दुःखमा बस्ने वा क्रिया बस्ने) मध्य एउटा संस्कारको कार्य गर्नुपर्दछ । साधारतया सबै राजोपाध्याय ब्राह्मणहरू र स्यस्य/श्रेष्ठहरू (विशेषतः ६ थरी श्रेष्ठहरू) को हकमा क्रियामा अनिवार्य रूपले मृतकका छोराहरू बस्नु पर्ने परिपाटी रही आएको छ । अन्य श्रेष्ठहरूले क्रियाबस्नु गाह्रो हुने भएकोले दुःखमा बस्ने कार्य गर्दछन् । परम्परा अनुसार भन्ने हो भने तिनीहरूले पनि क्रियामा बस्नु अनिवार्य छ । दुःखमा बस्ने कार्य गर्दा निम्न कार्यहरू गर्नु पर्दछ :

- १० दिनसम्म कसैले नछुने गरी धोती लगाइ अलग्गै बस्ने,
- कसैले पनि छोएको नखाने र आफैले पकाइ खाने वा फलफूलहरू मात्र खाने,
- १० दिनसम्म कपाल नखौरी सेता कपडाले कपाललाई बेरेर राख्ने । नङ्ग पनि नकाट्ने, (यसबाट दुःख प्रकट गरेको संकेत जनाउछ)

---

२५ आजकाल "च्यो" भन्ने जात नै लोप भइसकेकोले यो चलन प्रायः लोप भइसकेको छ ।

२६ आजकाल समवेदना दिन मृतकको फोटो सहित समवेदना दिनेहरूको नाम उल्लेख गरि पत्रपत्रिकामा प्रकाशित गर्ने परिपाटीको पनि विकास भएको पाइन्छ ।

**- क्रिया बस्ने कार्य गर्दा निम्न कार्यहरू गर्नुपर्दछ :**

- प्रत्येक दिन क्रियापुत्रले खालि खुट्टामा नदिमा गएर नुहाउने र भात पकाइ भातको सीताको पिण्ड बनाइ श्राद्ध गर्ने,
- श्राद्ध गर्नको लागि राजोपाध्याय ब्राह्मणलाई नदिमा नै बोलाउने,
- नुहाइ धुवाइ गरिसकेपछि "टाँफ" (पानी राख्ने घडा) मा पानी भरेर बाटोमा छर्कंदै घर फर्कने
- कृयापुत्रले कसैले नछुने गरी अलग्ग बस्ने,
- आफैले पकाएर खानुपर्ने र भाँडाकुँडा सबै आफैले सफा गर्नुपर्ने अरू कसैले छुन नहुने,
- नुन वार्नु पर्ने
- कपाल सेतो कपडाले बेरेर राख्ने,
- १६ अध्यायमा विभक्त गरिएको गरूडपुराण ब्राह्मणबाट वाचन गराउने ।[२७]

**- "लोकचा" भ्वय खुवाउने**

मृत्यु भएको चौथो दिनमा साँझ नजिकका नातेदार, दाजुभाइहरूलाई बोलाइ सामान्य खालको भोज खुवाउने चलन छ । यस भोजमा चिउरा, दही, एकथोक तरकारी, साग, केराउको बारा, केराउ भिजाइ पिसेर बनाइएको अचार (क:सु अचार) र केही मिठाइहरू मात्र खुवाइन्छ । यस लोकचा (जनजिब्रोमा लोचा पनि भनिने) भ्वय भनिन्छ ।

उक्त दिन देखि ९ दिनसम्म छोरीबेटीहरू र अन्य आफन्तहरूले बिचा जाने भन्ने व्यवहार गर्दछन् । यसको लागि चिउरा (२ देखि ४ पाठी), सागसब्जी, केराउ वा बोरी (१ देखि २ माना) चिनी, सख्खर (१ पाउ जति), केराउको बारा (१५ वटा जति), केराउकै अचार, दही लिएर विशेषत: छोरीबेटीहरू जान्छन् । आजकाल विचा वनेगुको लागि आवश्यक पर्ने सामानको सट्टामा नगद नै दिने चलन पनि चलिसकेको छ ।

**- न्हैन्हुम्हा**

आ-आफ्नो कुलको चलन अनुसार सातौं (कसैकसैले पाँचौ दिन गर्ने गरिएको)[२८] दिनमा न्हैन्हुम्हाको कार्य गर्नुपर्दछ । यस दिनमा विवाहिता छोरी वा छोरीहरूले नुहाइ धुवाइ गरी चोख्याएर भात, थरिथरिका दाल, तरकारी, माछा, (जिउँदो तारेको), मासु, सातवटा अण्डा, मिठाइ, मासु, फलफूल, दही आदि तयार गर्दछन् । त्यसरी तयार गरिएको सामानहरूलाई टपरीमा राखी सात भाग बनाइन्छ । एक भाग खोलामा कागको लागि समर्पण गरिन्छ । यसलाई "को:जा"

[२७] मृत्यु हुने व्यक्ति शुभ उपनयन, इही गरिसकेको भए १३ दिन सम्म गरिने सम्पूर्ण किसिमका कार्यहरू गर्नुपर्दछ । शुभ उपनयन वा इही नगरेको भए चौथौं दिनमा नै किरिया सकिन्छ ।

[२८] पाँचौं दिनमा गरिएमा न्यान्हुम्हा भनिन्छ । साधारणतया मानगोत्रकाहरूले पाँच दिनमा न्यान्हुम्हा गर्दछन् भने शिव गोत्रकाहरूले सात दिनमा न्हैन्हुम्हा गर्दछन् ।

तयेगु भनिन्छ । अर्को भाग राती घरको छानामा नांग्लोमा राखेर, बती बालेर डोरीमा झुन्ड्याइन्छ । र यसलाई "पाखाजा तयगु" भनिन्छ । र बाँकी पाँच भागहरू ढोका अगाडि एउटा घैंटोमा पूजा गरी चढाइन्छ । यो पुजा गर्न राजोपाध्याय ब्राह्मणले कृयापुत्रद्वारा संकल्प गराइन्छ र सबै भागहरू कुश्ले (कपाली) लाई दिने चलन छ । साथै केही बस्त्रहरू पनि कुश्लेलाई दिनु पर्छ ।[२९]

**- दुव्यन्केगु (चोख्याउने कार्य)**

मृत्यु भएको दसौं दिनमा चोख्याउने कार्य गरिन्छ । यसको लागि निम्न कार्यहरू गर्नुपर्दछ ।

- गोवरले घरको भूई लिप्ने कार्य गर्ने ।
- महिलाहरूले घरमा नै नुहाइ धुवाइ गरी घरमा सरसफाइ गर्ने कार्य गर्दछन् ।
- महिला नापितबाट नङ्ग काट्ने वा छुवाउने कार्य गरिन्छ ।
- सबै दाजुभाइहरू घाटमा गइ नापितद्धारा कपाल खौरने गर्दछन् । सबैले नदिमा नुहाउँछन् ।
- किरियापुत्रद्वारा भातको पिण्ड र माटोको महादेव बनाइ पुरोहितबाट श्राद्ध गराइन्छ । पिण्डको सरजाम जुटाई माटोको महादेव बनाइ दिने काम भाः जातले गरिदिन्छ । यस्तो महादेव राखी पिण्ड दान गर्ने चलन रहेको छ ।[३०]
- यसपछि सबैले कपाल खौरने र नङ्ग काट्ने कार्य गरी नुहाइधुवाइ गरे पश्चात नापितले ज्वाला न्हायक (एक किसिमको परम्परागत पितलको ऐना) देखाइन्छ ।[३१]
- सबै छोराहरूलाई बरखीको पोशाक (सेतो कपडाको लुगा) लगाउन दिइन्छ । यसपछि सबै घर फर्कन्छन् ।
- घरमा सबैलाई चिउरा, अदुवा, नून, मिठाइ राखी साधारण खाना खुवाइन्छ ।

**- स्वाने तःवनेगु (भऱ्याङ्ग राख्न जाने) र एकादशा जोड्ने**

दशौं दिनमा नै साँझपख आफन्त दाजुभाइहरू सहित खोलामा जानु पर्दछ । सानो सानो कपडामा चामल, चिउरा पोका पार्नु पर्दछ । साथै एउटा नरकटको भऱ्याङ्ग बनाइ एउटा भाँचेको सियो त्यसमा राख्नु पर्दछ । खोला पारी गएर भऱ्याङ्ग, चामल र चिउराको पोकाहरू बत्ती बालेर छोडी दिनु पर्दछ । सोही दिन बेलुका घरमा आइसकेपछि "एकादशा" जोड्ने भनेर छिंडीमा एउटा मानिसलाई चाहिने सम्पूर्ण सामग्रीहरू- खात, झुल, लुगा फाटो, छाता, जुत्ता, भाँडावर्तन, अन्न, दाल, तरकारी, दाउरा आदि जम्मा गरेर राखिन्छ । यसलाई "एकादशा" जोड्ने कार्य

---

[२९] कुश्लेहरूले प्रायः यस्तो सामानहरू आजकाल लिन छोडिसकेका छन् । अतः नदिमा नै उक्त सबै कार्यहरू गरी सबै सामानहरू अर्पण गर्ने चलन वढेर गएको छ । पाखाःजा राख्ने चलन पनि लोप हुँदै गइरहेको छ ।

[३०] आजकाल "भा" हरूले यस्तो काम छोडिसकेका छन् । अतः केवल भातको पिण्ड मात्र बनाइ श्रद्धा गर्ने चलन छ ।

[३१] यस दिनदेखि सबैले ऐना हेर्नुहोस् भन्ने सन्देश यस कार्यले दिन्छ ।

भनिन्छ । भोलिपल्ट बिहान सबेरै यी सबै सामानहरू भां:[३२] जातका व्यक्तिलाई दान दिइन्छ । यो प्रथा पनि आजकाल प्राय: लोप भइसकेको छ ।

**- घ:सु कार्य**

एघारौं दिनमा आचाजु (कर्माचार्य) बाट् होम गराइन्छ । र घरलाई शुद्ध गरिन्छ । आफन्तहरू सबैलाई होमको आगोमा घिउ अलि कति लिइ हत्केलामा दलि हात ताप्न लगाईन्छ । यसलाई "ल्हा पनेगु" भनिन्छ । त्यसपछि समयबजी (कालो भटमास र अदुवा सहित) सबैलाई खान दिइन्छ । र पवित्र जल छर्कने कार्य गरिन्छ । यो सम्पूर्ण कार्यहरूलाई घ:सु भनिन्छ । यसपछि आसौच चोखिएको मानिन्छ ।

**- बाह्रौ दिनको सपिण्ड श्राद्ध र सय्या दान**

बाह्रौ दिनमा राजोपाध्याय ब्राह्मणबाट सपिण्ड श्राद्ध गराइन्छ । यस श्राद्ध गर्नुको तात्पर्य हो मृत आत्मालाई आफ्ना पुर्खाहरूसित मिलन गराउनु । श्राद्धको कार्य सकिएपछि नकी थकालीलाई श्राद्ध गराउने ब्राह्मणले काँसको सिन्दुर बट्टा दिइ सबैलाई दहीमा मुछेको टिका र श्राद्धको प्रसाद वितरण गर्न लगाइन्छ । त्यसबेला ब्राह्मण,जोशी, कर्माचार्यले वेद पढेर फूल प्रसाद वितरण गर्दछ । त्यसपछि घरका थकाली नकीले आफूलाई दिएको सिन्दूर वट्टा खोलेर सबैलाई टिका लगाइ दिन्छ । यसै दिन "सय्या दान" पनि गरिन्छ । एउटा व्यक्तिलाई चाहिने सबै सामानहरू पलङ्ग, झुल, दसना, जुत्ता, सुनको औंठी, सिक्री, चामल, दाल, इत्यादि दान दिइन्छ । क्रियापुत्रद्वारा ब्राह्मणले संकल्प गराइ दान दिन लगाइन्छ । त्यस्तो दान पुरोहित ब्राह्मण र निजको पत्नी दुवैलाई राखि दिइन्छ ।

**- तेह्रौ दिनमा गरिने श्राद्ध र पिण्डवनेगु कार्य**

यस दिनमा राजोपाध्याय ब्राह्मणबाट श्राद्ध गरिन्छ । तत्पश्चात सबै दाजुभाइहरू सहित मृतकको परिवारका सदस्यहरू टोलको देवस्थलमा जान्छन् र देवताको दर्शन गर्दछन् । यस दिन देखि पूजापाठ गर्नु हुने हुन्छ । यस्तो कार्यलाई "पिण्डवनेगु" भनिन्छ । बेलुका सबै दाजुभाइहरू, इष्टमित्रहरू, छोरी/चेलीहरू सबैलाई प्रसाद दिइ केही दक्षिणा दिने चलन छ र सबैलाई भोज खुवाइन्छ । भोज खुवाउने कार्य समाप्त भएपछि नकीले "पिखालखी" (घरको मूल ढोकामा राखिने देवता) मा जुठो फाल्न लाने गर्दछन् । जुठो भाँडा मस्की सफा गरेर चोखो गरेपछि त्यसमा कुलदेवताको जल ल्याई सो जल सबैलाई वितरण गरिन्छ । सो जल सेवनबाट पेट सम्बन्धी रोग निको हुने जनविश्वास गरिन्छ ।

**५.२.८.५ बर्खी बार्ने**

क्रिया कार्य समाप्त भएपछि एक वर्षसम्म सेतो लुगा लगाई मृतकका छोराहरूले बरखी बार्ने चलन रहेको छ । यसरी बरखी बारनेले आमाको मृत्यु भएकोमा दूध

[३२] भा: भाई महाब्राह्मण पनि भनिन्छ ।

र बाबुको मृत्यु भएकोमा दही खान नहुने चलन रहेको छ। बरखी बारेको वर्ष र त्यस पछिको एक वर्षसम्म मृतकको घरमा निम्न कार्यहरू गरिन्छ।

- प्रत्येक महिना मासिक श्राद्ध गर्नु पर्दछ र प्रत्येक पटक श्राद्ध गर्दा ब्राह्मणलाई केही बस्तु दान र दक्षिणा दिनु पर्छ।
- मृत्यु भएको ४५ दिनमा लत्याको श्राद्ध गरिन्छ।
- ६ महिनामा पनि श्राद्ध गरिन्छ। त्यसरी श्राद्ध गर्दा नातेदारहरूलाई भोज खुवाउनु पर्दछ।
- एक वर्ष पछि गरिने श्राद्धलाई दकिला भनिन्छ। सोही दकिलाको दिनमा सेतो लुगाको सट्टा अन्य साधारण लुगाहरू छोराहरूलाई लगाउन दिइन्छ। आफन्तहरूलाई भोज खुवाइन्छ।
- दुई वर्षको श्राद्ध समाप्त भएपछि'पितृहरू आ-आफ्नो लोक तर्फ देवता भएर जान्छन् भन्ने जनविश्वास रहेको छ। अत: दोस्रो वर्षको श्राद्धलाई पनि अति महत्वपूर्ण कार्यको रूपमा लिइन्छ।

माथि उल्लेखित सबै कार्यहरू गर्नुको प्रमुख उद्देश्य हो मृत्यु भएर देह छोडेको आत्मा ईश्वरमा लीन हुन पाओस् भन्ने कामना गर्नु हो। आजकाल नेवार समुदायमा मृत्यु सम्बन्धी संस्कारहरू गर्न निकै कठिन हुँदै गइरहेको छ। च्यो, चालं, कुश्ले, नाउ, भा: जस्ता जातका मानिसहरूले आ-आफ्नो परम्परागत कार्य प्राय: छोडिसकेका छन्। त्यस्तै पितृ सम्बन्धी कार्यमा ब्राह्मण, जोशी र आचार्यहरूले पनि त्यतिको चासो लिदैन। साथै धेरै पटक भोज खुवाउनु पर्ने भएकोले आर्थिक दृष्टिकोणबाट समेत निकै कठिनाइ हुँदै आइरहेको छ।

नेवारहरूमा एक आपसमा सहयोग गर्नुपर्ने संस्कारमा मृत्यु संस्कार पनि पर्दछ। माथि उल्लेख गरिए झै मृत्यु संस्कारमा विभिन्न जातका मानिसहरूको सहभागिता रहने परम्परा छ। यस्तो परम्पराको जग मध्यकालिन नेपालका एक जना प्रख्यात राजा जयस्थिति मल्लले राखेका थिए। उनले जातिय व्यवस्था गरी प्रत्येक व्यक्तिले आफ्नो जात अनुसारका पेशा अपनाउनु पर्ने र जात अनुसारकै कर्म गर्नुपर्ने र नेवार समाजमा मृत्यु हुने बेलामा विभिन्न जातका मानिसहरूले सहयोग गर्नुपर्ने व्यवस्था समेत गरेका थिए र त्यसरी सहयोग नगर्नेलाई दण्ड सजाय गर्ने व्यवस्था समेत गरिएको थियो। हाल यस व्यवस्थाको व्यवहारिकरणमा धेरै शिथिलता आइसकेको छ। यो एउटा यथार्थता हो। तथापि मृत्यु संस्कारहरू सम्बन्धी परम्परा धेरै हदसम्म वर्तमान अवस्थामा पनि पालना गरिदै आइएको पाइएको छ।

## ५.३ उपसंहार

नेवार समुदायमा एउटा व्यक्तिको जन्मदेखि मृत्युको समयसम्म विभिन्न किसिमका संस्कारहरू गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ। यस्ता संस्कारहरू मध्य कुनै खुसियालीसित सम्बन्धित संस्कारहरू (जन्म, विवाह इत्यादि) छन् भने कुनै दु:खको समयमा गरिने (विशेषत: मृत्यु हुँदाको सभय) गरिने संस्कारहरू छन्। समग्रमा ति सबै संस्कारहरूको सुक्ष्म विश्लेषण गरिएमा ति सबैमा प्रशस्त मात्रामा औचित्यता पाउन

गाकिन्छ । तथापि वर्तमान समयको परिवेशमा ति संस्कारहरू अति खर्चालु किसिमको हुनुको साथै निकै समय लाग्ने किसिमको रहेको पाइन्छ । अतः यस पक्षलाई दृष्टिगत गरी आवश्यक परिमार्जन एवं सुधार गर्दै लानु पर्ने आवश्यकता पनि तड्कारो रूपमा रहेको छ भन्न सकिन्छ । समग्रमा भन्ने हो भने यस परिच्छेद लगायत अघिल्लो सबै परिच्छेदहरूमा नेवार समुदायको पहिचान एवं पृष्ठभूमि विस्तृत रूपमा विश्लेषण गरिएको छ । नेवार एउटा आदिवासी र जनजाति मात्र नभइ एउटा "राष्ट्र" कै रूपमा विद्यमान रहेको र यसको आफ्नै जातिय व्यवस्थाको परम्परा कायम रहनुको साथै आफ्नै लामो इतिहास र सत्ता एवं शासन सञ्चालनको अनुभव रहेको छ । यसको अलावा यसको आफ्नै भाषा, लिपि, साहित्य, कला, संस्कृति, सभ्यता र आफ्नै जीवन संस्कारहरू समेत हालसम्म पनि प्रचलनमा रहेका छन् । यस्तो प्राचिन समुदायको सन्दर्भमा प्रस्तावित संघीय व्यवस्था अर्न्तगत के कस्तो किसिमको राज्य/प्रदेश हुनु पर्दछ ? र त्यस्तो राज्य/प्रदेश किन र कसरी आवश्यक छ भन्ने विषय वस्तुबारेमा अर्को परिच्छेदमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

# ६

# संघीय व्यवस्थाको सन्दर्भमा नेवार समुदाय

## ६.१ बिषय प्रवेश

तत्कालिन राजा ज्ञानेन्द्रको प्रत्यक्ष एवं निरंकुश शासनको विरूद्धमा २०६२ सालको अन्त्यतिर सुरू भइ २०६३ सालको सुरूमा सफलताका साथ टुंगिएको जनआन्दोलन-२ पश्चात संसदको पुर्नस्थापना हुनुको साथै तत्कालिन राजाको प्रत्यक्ष शासनको अन्त्य समेत भएको थियो । तत्पश्चात नेपालको अन्तरिम संविधान, २०६३ जारि गरियो । यस संविधानमा अन्य कुराहरूको अतिरिक्त मूलत: निम्न तिनवटा मान्यताहरूलाई स्वीकार गरिएका छन् ।

- पहिलो, दुई शय चालिस वर्षदेखि नेपालको शासन सत्ताको केन्द्र बिन्दूमा रहँदै आएको राजतन्त्रको विधिवत अन्त्य गरिएको;
- देशको विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक असमानताहरूसित सम्बन्धित समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्न संकल्प गरिएको; र
- तेस्रो, राज्यको पुर्नसंरचना गर्दा नेपाललाई एक संघीय राज्यको रूपमा रूपान्तरण गर्ने व्यवस्था गरिएको[१]

समग्रमा भन्ने हो भने सिद्धान्तत: नेपाललाई "संघीय लोकतान्त्रिक" गणतन्त्रात्मक राज्यको रूपमा रूपान्तरण गर्ने कुरालाई नेपालको अन्तरिम संविधानले मान्यता दिइसकेको छ । यसै सैद्धान्तिक पक्षलाई जनताबाट निर्वाचित संविधान सभाबाट तर्जुमा गरी लागू गरिने नयाँ संविधानमा व्यवहारिकरण गरिने छ । हाल संघीय राज्य व्यवस्था सहितको नयाँ संविधान बनाउने कार्यमा संविधान सभा कार्यरत रहेको छ । यसै सन्दर्भमा नेवार समुदायको लागि के कस्तो राज्य/प्रदेश हुनुपर्छ र यसबाट नेवार समुदायमा के कस्तो सकारात्मक असर पर्दछ भन्ने कुराको संक्षिप्त विश्लेषण यस परिच्छेदमा गर्ने प्रयास गरिएको छ । यस्तो विश्लेषण विशेषत: निम्न बूँदाहरूको आधारमा गरिनेछ ।

- संघीय व्यवस्थाको लक्ष्य, उद्देश्य र औचित्यता
- नेवार समुदायको सन्दर्भमा राज्य/प्रदेश निर्माणको अवधारणा
- सम्भावित सकारात्मक प्रभावहरू

## ६.२ संघीय व्यवस्थाको लक्ष, उद्देश्य र औचित्यता

### ६.२.१ लक्ष्य : विविधतामा एकता

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक, बहु धार्मिक एवं बहु-राष्ट्रिय मुलुक हुनुको साथै भौगोलिक संरचना एवं हावापानीको दृष्टिकोणबाट समेत यो देश विविधतापूर्ण रहेको छ । फलस्वरूप आर्थिक दृष्टिकोणबाट पनि विभिन्न भौगोलिक क्षेहरूमा

[१] नेपाल सरकार, नेपालको अन्तरिम संविधान, २०६३ (संशोधनहरू सहित), कानून किताव व्यवस्था समिति, कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय, काठमाडौं, २०६५, पृष्ट १

बसोबास गर्दै आएका जातिय समूहहरूको बीचमा धेरै मात्रामा असमानता विद्यमान रहिआएको पाइन्छ । यस्तो जातिय, साँस्कृतिक, धार्मिक, आर्थिक एवं सामाजिक दृष्टिकोणबाट विविधतायुक्त समाजका विभिन्न समुदायहरूको बिचमा राष्ट्रिय एकताको भावना श्रृजना गरी त्यस्तो भावनालाई सुदृढ गर्नु आवश्यकता छ । यस्तो आवश्यकताको पूर्ति गर्नु नै संघीय संरचनाको लक्ष्य हुनु पर्दछ । अर्को शब्दमा भन्ने हो भने नेपाली समाजमा विद्यमान रहेको विविधताको बिचमा एकता कायम गर्नु नै प्रस्तावित संघीय व्यवस्थाको लक्ष्य हुनु पर्दछ ।

### ६.२.२ उद्देश्य : सबैलाई सत्तामा पहुँच प्राप्त हुने अवसर दिने

अठारौं शताब्दिको उत्तरार्धमा गोरखाका तत्कालिन राजा पृथ्वीनारायण शाहले तथाकथित "एकीकरण"को नाउमा आफ्नो राज्यको विस्तारिकरण गर्ने सन्दर्भमा नेवार समुदाय लगायत अन्य विभिन्न समुदायहरूको साना साना तर स्वतन्त्र राष्ट्र-राज्यहरू (nation-states) बिजय गरी आफ्नो नियन्त्रणमा राखेका थिए । त्यस्तो विस्तारित राज्यको शासन संचालन गर्न केन्द्रीकृत एवं एकात्मक शासन व्यवस्थाको संरचना लागू गरिएको थियो ।

हुनत पृथ्वीनारायण शाहले विस्तारित नेपाललाई "सबैजातको फूलवारी हो"[२] भनि भनेका थिए र यस कुराको बारेमा "सबैलाई चेतना भया"[३] भन्ने समेत अभिव्यक्ति उनले दिएका थिए । तर पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूले उक्त सबै जातको फूलवारीको सिद्धान्तलाई व्यवहारिकरण गर्ने प्रयास गम्भीर रूपमा कहिले पनि गरेनन् । बरू विस्तारित नेपालको इतिहासको सुरूवाटदेखि नै नेपाललाई पृथ्वीनारायण शाहले "असिल हिन्दुस्थानां" (खास हिन्दूस्थान, शुद्ध आर्यहरूको निवास्थान) हो भनी घोषणा गरि हिन्दू धर्म लाद्ने कार्य गरे । यसको साथै उनले "आफ्नो कुलधर्म नछोड्नु, स्वामित (राजा) को नूनको उधार गर्नु, कालु कवर्दारका सन्तानलाई कवर्दारी नछुटाउनु, दषिनको घाहा शिवराम बस्न्यातका सन्तानलाई नछुटाउनु, भोटको घाहा कालुपाडेको सन्तानलाई नछुटाउनु । पाँडे, बस्न्यात, पंथ, मैयाद मंग्रलाई मारातप (अधिकार) दिदां आलोपालो गरी सान दिनु"[४] भन्ने आदेश दिएका थिए । यसबाट मूलतः तिनवटा निष्कर्षहरू निकाल्न सकिन्छ :

- पहिलो, "सबै जातको फूलवारी" को सिद्धान्तको व्यवहारिकरण गर्नुको सट्टामा व्यवहारमा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूले नेपाललाई खस समुदायको "फूलवारी" को रूपमा मात्र रूपान्तरण गरेका थिए । गोरखालीहरूबाट विजित नेवार लगायत अन्य सबै समुदायहरू (vanquished races) केवल शासित र उत्पीडित वर्गका रूपमा रहन बाध्य बनाइए ।

- दोस्रो, विस्तारित नेपालको शासन सत्तामा केवल खस समुदायका केही प्रमुख समूहहरूको हालीमुहाली मात्र हुन गयो र नेवार लगायत सबै विजित समुदायहरू शासनसत्ताबाट विस्थापित हुनुको साथै राष्ट्रिय जीवनको महत्वपूर्ण अंगहरूबाट अल्लगिनु पर्ने बाध्यात्मक परिस्थितिको श्रृजना गरियो ।

---

[२] योगी नरहरिनाथ (सम्पादक), दिव्य उपदेश, योगप्रचारिणी महासभा, बाराणसी, २०१६, पृष्ठ १४

[३] ऐजन ..

[४] ऐजन, पृष्ठ १४-१५

- तेस्रो, बिजय प्राप्त गरेका खस गोरखालीहरूबाट श्रृजित केन्द्रिकृत, एकात्मक एवं सामन्ती शासन व्यवस्था अर्न्तगत अन्य समुदायहरूको कुनै भूमिका नै रहेनन् । अर्को शब्दमा भन्ने हो भने नेपाल रूपी फुलवारीमा खस समुदाय बाहेक अरू फुलरूहरूले राम्ररी फुल्ने हुर्कने अवसर नै पाउन सकेनन् ।

उपरोक्त निष्कर्षहरू अनुरूपको शासन व्यवस्था केही साधारण परिवर्तनहरू सहित मूलत: हालसम्म पनि कायम रही आएको पाइन्छ । वर्तमान अवस्थामा पनि धेरै हदसम्म सत्ता, शासन र प्रशासनमा खस समुदायका बाहुन, क्षेत्रीहरूको बर्चश्व कायम रही आएको छ । साथै संचार क्षेत्र लगायत राष्ट्रिय जीवनको विभिन्न क्षेत्रहरूमा समेत खस समुदायको (विशेषत: बाहुन, क्षेत्री) को नै हालीमुहाली रहेको पाइन्छ । फलस्वरूप अन्य जातजातीका समुदायहरूको सत्तामा पहुँच ज्यादै कम हुन पुगेको छ । यसबाट देशको राष्ट्रिय एकताको भावनामा कमी आउनु स्वभाविकै हो । यस्तो अवान्छीत परिस्थितिको अन्त गरी सबै जातजाति र समुदायहरूको लागि पनि सत्ता, शासन, प्रशासन लगायत राष्ट्रिय जीवनको सबै पक्षहरूमा समान रूपले पहुँच प्राप्त हुने वातावरणको श्रृजना गर्नु संघीय शासन व्यवस्थामा मात्र सम्भव हुन्छ । कारण, संघीय व्यवस्था अर्न्तगत श्रृजना हुने विभिन्न राज्य/प्रदेशहरूको शासन/प्रशासन भित्र आफ्नो पहुँच प्राप्त गर्न हालसम्म सत्ताको पहुँचबाट टाढा रहेका जनजाति, जातजाती र वर्गहरूले पनि अवसर प्राप्त गर्न सक्ने धेरै सम्भावना रहन्छ । यसबाट एक किसिमको समावेशी शासन व्यवस्थाको संयन्त्र श्रृजना हुन्छ र सवैमा देश मात्र होइन हामी सबैको राज्य पनि हो भन्ने धारणाको विकास हुन जान्छ । फलस्वरूप राष्ट्रिय एकता सुदृढ हुन जान्छ । अत: सत्ता, शासन, प्रशासन र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरूमा खस समुदाय लगायत अन्य सबै जातजाति, जनजातिका समुदायहरूको पहुँच हुने वातावरणको श्रृजना गर्नु संघीय व्यवस्थाको मूल उद्देश्य हुनु पर्दछ । यसबाट सबै समुदायहरूले आ-आफ्नो भाषा, साहित्य, संस्कृति, धर्म, कलाको विकास गर्ने अवसर प्राप्त गर्न समर्थ हुने अपेक्षा गर्न सकिन्छ र यसबाट पनि राष्ट्रिय एकताको भावना सुदृढ गर्न पनि सघाऊ पुग्न जान्छ ।

### ६.२.३ औचित्यता

नेपालको सन्दर्भमा संघीय व्यवस्थाको औचित्यता निम्न बुँदाहरूको विश्लेषणबाट पुष्टि गर्न सकिन्छ :

- विविधतायुक्त समाजको सक्षमतापूर्वक व्यवस्थापन गर्ने ।
- आर्थिक श्रोत बढी से बढि मात्रामा परिचालन गर्ने ।
- शान्ति सुव्यवस्था कायम गर्न सघाउ पुऱ्याउने ।
- रोजगारीको अवसरमा बृद्धि हुन जाने ।
- विकासको गतिमा तिब्रता ल्याउने ।

#### ६.२.३.१ विविधतायुक्त समाजको सक्षमतापूर्वक व्यवस्थापन गर्ने

माथि विभिन्न ठाउँहरूमा चर्चा गरिए जस्तै नेपाल आकारमा सानो/मध्यमस्तरको देश भएतापनि सामाजिक, साँस्कृतिक, भाषिक एवं भौगोलिक विविधताको दृष्टिकोणबाट भने यस देशलाई सानो/मध्यम स्तरको देश मान्न सकिदैन । भौगोलिक दृष्टिकोणबाट हिमाल, पहाड र तराइमा विभाजित रहेको नेपालको प्रत्येक भौगोलिक क्षेत्रमा आ-आफ्नै किसिमको सामाजिक, साँस्कृतिक एवं आर्थिक परिवेश रहेको पाइन्छ ।

विभिन्न जनजाती, जाती र जातहरूको बसोवास रहेको नेपाल प्रत्येक जातजातीको आ-आफ्नो सामाजिक एवं साँस्कृतिक परम्परा रही आएको छ । त्यस्तै उनीहरूको आ-आफ्नो भाषा, साहित्य, संस्कृति रहेको छ । यस्तो विविधतापूर्ण देशमा एकात्मक शासन व्यवस्था रहिरहँदा प्रत्येक क्षेत्र र जातजाति एवं जनजातीले फष्टाउने मौका नपाउनु स्वभाविकै हो । वास्तवमा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूबाट तत्कालिन गोरखा राज्यको विस्तृतिकरण पश्चात खस भाषा र संस्कृतिलाई राज्य स्तरबाट नै विविधतायुक्त समाजका "राष्ट्रिय एकता" कायम गर्ने नाममा लाड्ने निरन्तर प्रयत्न गरियो । फलस्वरूप खस समुदाय बाहेक अन्य जातजाति एवं जनजातीको भाषा, साहित्य र संस्कृतिले फष्टाउनुको सट्टामा संकुचित हुँदै जानुपर्ने वातावरणको श्रृजना भयो । शासनमा हालीमुहाली जमाइ बसेका खस समुदाय अन्य जातजातीको संस्कृति, भाषा, साहित्य प्रति संवेदनशील भएनन् । फलस्वरूप संयुक्त राष्ट्र संघीय शैक्षिक, बैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को) बाट २०६५ फाल्गुनमा (फेव्रुरी, २००९) मा प्रकाशित गरिएको प्रतिवेदनमा दर्शाइए जस्तै नेपालका मातृभाषाहरू मध्य ९१ वटा भाषाहरू जोखिममा पर्न गएका छन् । १२ लाख भन्दा बढी जनसंख्या भएका नेवार समुदायको ८ लाख २२ हजार नेवारहरूले मात्र आफ्नो मातृभाषा बोल्ने गरेका छन् ।[५] उक्त प्रतिवेदनमा दर्शाइए अनुसार यसरी भाषा लोप हुँदै जानुको ९ वटा कारणहरू मध्य घरमा मातृभाषा नबोल्ने प्रवृत्ति पनि एउटा प्रमुख कारण हुन् । यस्तो हुनुमा केन्द्रीकृत एवं एकात्मक शासन व्यवस्था अर्न्तगत एउटै भाषाले मात्र राज्य स्तरबाट नै प्रोत्साहन पाइ अन्य भाषाहरूलाई खास महत्व नदिने प्रवृत्ति नै हो भन्नु अत्युक्ति हुने छैन । कारण यस्तो व्यवस्थामा खस (नेपाली) भाषालाई बाहेक अन्य भाषाहरूलाई कार्यमूलक भाषाको रूपमा विकास गर्ने प्रयत्न कहिले गरिएन । सरकारी कामकाज र लोकसेवा आयोग र शिक्षण प्रशिक्षणको कार्यको लागि खस/नेपाली भाषालाई मात्र माध्यमको रूपमा प्रयोग गरिने गरी आधिकारिक रूपमा मान्यता दिइयो । यस्तो अवान्छित परिस्थितिको अन्त्य गरी खस समुदाय लगायत अन्य सबै जातजातिहरूको भाषा, साहित्य र संस्कृतिको समेत विकास गर्न संघीय व्यवस्थाको आवश्यकता पर्दछ । कारण यस्तो संघीय व्यवस्था अर्न्तगत राज्य स्तरमा नै भए पनि विभिन्न मातृभाषाहरूलाई कार्यात्मक भाषा (functional language) को रूपमा रूपान्तरण गर्नुको साथै सबै जातजातिहरूको संस्कृति, साहित्य इत्यादिले फस्टाउने अवसर प्राप्त हुने सम्भावना अधिक मात्रामा रहने हुन्छ । यसको अलावा केन्द्रिय स्तरमा पनि सबै जातजातिको भाषा, साहित्य र संस्कृतिलाई मान्यता दिनुपर्ने वातावरणको श्रृजना हुन जान्छ । यसबाट सबै किसिमका भाषा, साहित्य र संस्कृतिले फष्टाउने मौका पाउने हुन्छ । यसबाट सामाजिक, साँस्कृतिक दृष्टिकोणबाट विविधतायुक्त नेपाली समाजको सक्षमतापूर्वक व्यवस्थापन हुन जाने आशा एवं विश्वास गर्न सकिन्छ ।

### ६.२.३.२ आर्थिक श्रोत बढी से बढी मात्रामा परिचालन गर्ने

केन्द्रीकृत शासन व्यवस्थामा केन्द्रसरकारले देशका विभिन्न क्षेत्रहरूमा छरिएर रहेका आर्थिक श्रोतहरू परिचालन एवं व्यवस्थापन गर्ने कार्यमा यथेष्ट मात्रामा ध्यान पुऱ्याउन गाह्रो पर्दछ । नेपालका जडिबुटीका अपार श्रोतहरू सक्षम व्यवस्थापन एवं परिचालनको अभावका कारण त्यसै खेर गइरहेको अनुभूति भइरहेको पाइन्छ । केही दशक

[५] कान्तिपुर, २०६५ फाल्गुन १७

अघिसम्म पनि "यार्चागुम्बा" जस्तो अति उपयोगी जडिबुटी समेत टिप्ने कार्य निषेध गरिएको थियो । हाल पनि सो जडिबुटीको परिचालन एवं व्यवस्थापन सक्षमतापूर्वक भइरहेको पाइदैन । तर संघीय व्यवस्था अर्न्तगत श्रृजना हुने राज्य/प्रदेश सरकारलाई आर्थिक श्रोत परिचालन बिना आ-आफ्नो राज्य/प्रदेश शासन व्यवस्था संचालन गर्न र आर्थिक विकासका विभिन्न परियोजनाहरू समेत कार्यान्वयन गर्न गाह्रो पर्न जाने हुन्छ । अत: संघीय व्यवस्था अर्न्तगत राज्य/प्रदेशका सरकारहरूले आ-आफ्नो क्षेत्रमा आर्थिक श्रोत परिचालन गर्नुपर्ने बाध्यात्मक परिस्थितिको श्रृजना हुन जान्छ र उनीहरूले आ-आफ्नो क्षेत्रमा रहेका आर्थिक श्रोतहरू परिचालन गर्न यथेष्ट मात्रामा ध्यान पुऱ्याउने आशा गर्न सकिन्छ । यसबाट प्राकृतिक वरदान स्वरूप प्राप्त भइरहेको विभिन्न किसिमका श्रोतहरूको परिचालन एवं व्यवस्थापन गर्नु सट्टा सधैं गरिबीको नाउमा अर्काको सहयोग/दान मात्र प्राप्त गर्ने हालको जस्तो अवान्छित सरकारी प्रवृत्तिको पनि धेरै हदसम्म अन्त्य हुने अपेक्षा गर्न सकिन्छ । समग्रमा नेपालमा प्रशस्त मात्रामा उपलब्ध भइरहेको जलश्रोत र जडिबुटि लगायत अन्य विभिन्न प्राकृतिक श्रोतहरूको पर्याप्त मात्रामा परिचालन एवं व्यवस्थापन गर्न पनि संघीय व्यवस्थाबाट धेरै हदसम्म सघाउ पुग्न जाने कुरामा शंका गर्नु आवश्यक पर्दैन भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

**६.२.३.३ शान्ति सुव्यवस्था कायम गर्न सघाउ पुऱ्याउने**

केन्द्रीकृत शासन व्यवस्था अर्न्तगत सम्पूर्ण देशमा शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी केन्द्रीय सरकारमा नै निहित रहेको हुन्छ । केवल केन्द्रीय सरकारको तर्फबाट स्थानीय स्तरमा कार्यरत जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय जस्ता निकायहरूले नै स्थानीय स्तरमा शान्ति सुरक्षा कायम गर्ने कार्य गरिरहेका हुन्छन् । तर संघीय शासन व्यवस्था अर्न्तगत प्रत्येक राज्य/प्रादेशिक सरकारको आफ्नै प्रहरी संगठन हुने भएकोले प्रत्येक राज्य/प्रदेशमा शान्ति सुव्यवस्था कायम गर्न सघाउ पुग्न जाने हुन्छ । केन्द्रीय सरकारले आवश्यकता अनुसार राज्य सरकारको अनुरोधमा मात्र आफ्नो प्रहरी संगठन प्रयोग गर्ने गर्दछ । फलस्वरूप देशको सम्पूर्ण भागमा शान्ति सुव्यवस्थाको स्थितिमा सुदृढ हुन जाने आशा एवं विश्वास गर्न सकिन्छ ।

**६.२.३.४ रोजगारीको अवसरमा बृद्धि हुन जाने**

प्रत्येक राज्य/प्रदेशमा आ-आफ्नो निजामती प्रशासनको स्थापना हुनुपर्ने र राज्य/प्रादेशिक सरकारले आ-आफ्नो क्षेत्रमा उद्योगधन्दा एवं व्यवसायको विस्तार गर्ने कार्य गर्नु पर्ने हुन्छ । साथै विभिन्न राज्य सरकारहरूले विश्वविद्यालय लगायत अन्य शैक्षिक संस्थानहरू र विभिन्न स्वास्थ्य संस्थाहरूको समेत स्थापना गर्न अग्रसरता लिनुपर्ने हुन्छ । यसबाट नयाँ नयाँ रोजगारीको अवसरमा बृद्धि हुन जान्छ । फलस्वरूप दुई वटा सकारात्मक असरहरू पर्न जाने सम्भावना रहन्छ ।

- पहिलो, काठमाडौं उपत्यकामा देशका विभिन्न भागहरूबाट भइरहेको अनियन्त्रित बसाई सराइमा कमी हुन जाने आशा गर्न सकिन्छ । कारण आ-आफ्नै राज्यमा काम गर्ने अवसर पाएमा मोफसलका व्यक्तिहरूको लागि राजधानीमा बसाइ सर्नुपर्ने बाध्यात्मक परिस्थितिमा कमी हुन जान्छ ।
- दोस्रो, अनियन्त्रित किसिमले भइरहेको बसाइ सराइबाट हाल गाउघरमा देखा परिरहेको जनशक्तिको कमी हुने क्रममा नियन्त्रण भइ गाउँघरको विकास गर्न सघाउ पुग्ने जाने हुन्छ ।

**६.२.३.५ विकासको गतिमा तिब्रता ल्याउने**

नेपालले हाल सम्ममा १० वटा आवधिक योजनाहरू कार्यान्वयन गर्ने कार्य गरिसक्दा पनि आजसम्म नेपाली जनताको जीवनस्तरमा खासै उल्लेखनीय किसिमको अभिवृद्धि भएको पाइएको छैन । धनी र गरिव वर्गको बीचको फासल पहिलेभन्दा अझ बढी हुन गएको छ । यस्तो हुनुमा हालसम्म अपनाइदै गरेको एकीकृत शासन व्यवस्था पनि (अन्य कारणहरूको अतिरिक्त) जिम्मेवार रहेको छ भन्नु अत्युक्ति हुने छैन । कारण विकास प्रक्रियालाई तिब्रता दिने दृष्टिकोणबाट एकीकृत शासन व्यवस्थामा मुलत: तिनवटा कमजोरीहरू रहेका हुन्छन् :

- पहिलो, नेपाल जस्तो विविधतायुक्त देशमा एकै किसिम विकास नीति, योजना एवं कार्यक्रमहरू लागू गर्नुपर्ने हुन्छ र व्यवहारमा त्यस्तो नीति, योजना र कार्यक्रमहरू स्थानीय परिस्थितिको आवश्यकता अनुरूप नहुने पनि सम्भावना रहने भएकोले विकास कार्यले आवश्यक गति लिन नसक्ने हुन जान्छ ।
- दोस्रो, केन्द्रिकृत शासन व्यवस्थामा राजनैतिक तहका एकजना शासन संचालक सक्षम वा इमान्दार नहुने बित्तिकै त्यसको नकारात्मक असर सम्पूर्ण देशको विकास प्रक्रियामा नै पर्न जाने हुन्छ । फलत: देशको विकास कार्यले तिब्रता लिन नसक्ने हुन्छ । विभिन्न किसिमका प्राकृतिक श्रोतहरूको उपलब्धताको बाबजुद पनि नेपाल हालसम्म पनि विश्वको अति गरिव मुलुकहरूको समूहमा रहिरहनुको एक प्रमुख कारकतत्व नै केन्द्रिकृतशासन व्यवस्थाको उक्त कमजोरी नै हो ।
- तेस्रो, संघीय व्यवस्थामा जस्तो विभिन्न राज्य सरकारहरूले आ-आफ्नो परिवेश अनुरूप विभिन्न किसिमका विकास सम्बन्धि नीति, योजना र कार्यक्रमहरूको प्रारूपहरू (models) लागू गर्ने अवसर एकीकृत शासन व्यवस्थामा प्राप्त हुँदैन । तर संघीय व्यवस्था अर्न्तगत भने राज्यहरूले कार्यान्वयन गर्ने विभिन्न किसिमका विकास कार्य सम्बन्धि प्रारूपहरूको कार्यान्वयनको सफलता र असफलताको तुलनात्मक अध्ययन गरी भविष्यको लागि उपयुक्त विकासको प्रारूपको विकास गर्ने अवसर समेत प्राप्त हुनुको साथै राज्यहरूको बिचमा विकास कार्यहरूको सन्दर्भमा एक किसिमको प्रतिस्पर्धात्मक प्रवृत्तिको विकास हुने सम्भावना समेत रहेको हुन्छ । यसबाट सम्पूर्ण विकास प्रक्रियामा सकारात्मक असर पर्न जाने हुन्छ ।

समग्रमा भन्ने हो भने केन्द्रीकृत शासन व्यवस्थाका उपरोक्त सबै कमीकमजोरीहरूबाट विकास कार्यमा हालसम्म रहिरहेको नकात्मक असरहरूलाई समाप्त गरी विकासको गतिमा तिब्रता ल्याउनु नै संघीय शासन व्यवस्थाको औचित्यता एवं आवश्यकता हो भन्नु अत्युक्ति हुने छैन ।

## ६.३ नेवार समुदायको सन्दर्भमा राज्य/प्रदेश निर्माणको अवधारणा

नेवार समुदायको सन्दर्भमा निर्माण गरिने राज्य/प्रदेश निर्माणको अवधारणाको विश्लेषण निम्न बुँदाहरूको आधारमा गर्ने जमर्को गरिएको छ :

- राज्य निर्माणको औचित्यता एवं आधारहरू
- राज्यको नामाकरण
- राज्यको भौगोलिक क्षेत्र
- राज्यको लक्ष्य र निर्देशक सिद्धान्तहरू
- शासकीय स्वरूप र लोकतान्त्रिक शासन व्यवस्था
- संवैधानिक रूपमा प्रदत्त गरिनु पर्ने अधिकारहरू
- आत्म निर्णयको अधिकार र स्वशासितता
- समावेशीकरण र अग्राधिकार सम्बन्धी नीति
- राज्यको राजधानी र केन्द्रीय/राष्ट्रिय राजधानीको स्थानान्तरण
- संघीयता सम्बन्धि केहि भ्रमपूर्ण सोचहरू र भ्रम निवारण

### ६.३.१ राज्य/प्रदेश निर्माणको औचित्यता एवं आधारहरू

नेवार समुदायको सन्दर्भमा संघीय व्यवस्था अर्न्तगत छुट्टै राज्य/प्रदेश निर्माणको औचित्यता एवं आधारहरूलाई मोटामोटी रूपमा निम्न दुई वर्गमा विभाजन गर्न सकिन्छ ।

- आधारभूत आधारहरू (Basic criteria)
- साधारण आधारहरू (General criteria)

#### ६.३.१.१ आधारभूत आधारहरू

नेवार समुदायको सन्दर्भमा संघीय व्यवस्था अर्न्तगत छुट्टै राज्य/प्रदेश निर्माण गर्ने कार्य निम्न दुईवटा आधारभूत आधारहरूमा आधारित गर्न सकिन्छ :

- पहिचान
- वर्तमान बसोवासको स्थिति

**- पहिचान**

काठमाडौं उपत्यकाका र वरपरका क्षेत्रहरूका आदिवासी नेवारहरूको पहिचान दुई किसिमबाट अभिव्यक्त गर्न सकिन्छ : पहिलो, ऐतिहासिक पहिचान र दोस्रो, राष्ट्रको रूपमा रही आएको पहिचान

- **ऐतिहासिक पहिचान** (Historical Identity)

नेवार समुदायको आफ्नै लामो ऐतिहासिक पहिचान रहेको छ ।[६] इतिहासको प्रारम्भिककालमा नै सत्ता सम्हालेका गोपाल, महिषपाल र किरातवंशी राजाहरूका सन्तानहरू लगायत लिच्छवीवंश, वैश ठकुरी, मल्ल वंशका सन्तानहरू यस समुदायमा समाहित भएका छन् । त्यस्तै इतिहासका विभिन्न कालखण्डहरूमा दक्षिण र उत्तरबाट आएका विभिन्न मानव समुदाय/ समूहहरू ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र, शाक्य, कोली, धोवी, दुसार, ह्नुवार इत्यादि पनि आजको नेवार समुदायमा समाहित भएका छन् । अतः नेवारहरू नेपाल उपत्यकाको आदिवासी एवं भूमिपुत्र हुन् । पृथ्वीनारायण शाहको १७७० को विजय पूर्व यहाँ

[६] हेर्नुहोस, यस सम्बन्धी विस्तृत चर्चा एवं विश्लेपणको लागि, अघिल्लो परिच्छेदहरू

प्रवेश गरेका सबैले आ-आफ्नो छुट्टै पहिचान परित्याग गरी नेपाल भाषा, नेवारी संस्कृति र सभ्यतालाई अंगिकार गरी नेवार समुदायमा पूर्णरूपमा बिलिन (assimilation not accomodation) भएका थिए । यस दृष्टिकोणबाट नेपाल उपत्यका र वरपरका क्षेत्रहरूले एउटा समिश्रण/स्खलन गराउने भाँडो (melting pot) को रूप लिएको थियो । नेवार समुदायको आफ्नै भाषा, साहित्य, कला, संस्कृति र साँस्कृतिक सम्पदाहरू छन् । यस समुदायले आफ्नै छुट्टै एउटा विशिष्ट खालको सभ्यताको समेत विकास गरेका थिए । यस किसिमको आफ्नै छुट्टै ऐतिहासिक पहिचान भएका समुदाय हो नेवार । गोरखा राज्यको विस्तृतिकरण पूर्व नेवारहरूको आफ्नै स्वतन्त्र राज्यहरू थिए र तत्कालिन नेपालको नेपालीहरू उनीहरू नै हुन् । यस किसिमको विशिष्ट एवं लामो ऐतिहासिक पहिचान भएको समुदाय भएकोले सोही ऐतिहासिक पहिचानको आधारमा नै उनीहरूको सन्दर्भमा छुट्टै राज्य/प्रदेश निर्माण गरिनु आवश्यकता पर्दछ । र यस्तो करिव ३ हजार वर्षको इतिहास बोकेको समुदाय भएकोले नेवार समुदायको संघीय व्यवस्था अर्न्तगत छुट्टै राज्य/प्रदेश निर्माण गर्नुपर्ने कुराको औचित्यता एवं आधारको पुष्टि हुन आउछ ।

- **राष्ट्रको रूपमा रहेको पहिचान**

वर्तमान नेपाल बहुजातिय, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक मात्र नभइ बहुराष्ट्रिय मुलुक पनि हो । यहाँ विभिन्न राष्ट्रहरू/उपराष्ट्रियताहरू (sub-nationalities) विद्यमान रहेका छन् । त्यस्तै एक राष्ट्र (उप-राष्ट्रियता) हो नेवार । नेवार नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) र वरपरका क्षेत्रहरूको एउटा सशक्त समुदाय, आदिवासी र जनजाति मात्र नभइ एउटा राष्ट्रको रूपमा नै रही आएको कुरा माथि नै चर्चा भइसकेको छ । यसको आफ्नै साझा पुर्ख्यौली भौगोलिक क्षेत्र, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक व्यवस्था र साझा मनोवैज्ञानिक सामुहिक धारणा रहेको पाइन्छ । साथै अघिल्लो परिच्छेदहरूमा चर्चा गरिए जस्तै नेपालको राष्ट्रियताको विकासक्रममा नै नेवार समुदायले उल्लेखनीय रूपमा नै योगदान गरेका थिए । अत: नेवारहरूको आफ्नै राष्ट्रियता/उपराष्ट्रियता (sub-nationality) को पहिचान पनि नेवार राज्य निर्माणको अर्को आधार हुनु पर्दछ । र त्यस्ता पहिचानबाट नै नेवारहरूको छुट्टै राज्य/प्रदेश निर्माणको औचित्यता पुष्ट्याइ पनि गर्न सकिन्छ ।

- **वर्तमान बसोवासको स्थिति** (Current settlement Pattern)

नेवार राज्यको श्रृजनाको अर्को आधारभूत आधार हो नेवारहरूको बसोवासको वर्तमान स्थिति । नेपाल उपत्यकाका वर्तमान तिनवटै जिल्लाहरूमा तुलनात्मक रूपमा (relatively) अन्य समुदायहरूको दाँजोमा नेवारहरूको नै बाहुल्यता (relative strength) भएकोले उक्त तिनवटा जिल्लाहरू नेवार राज्य भित्र स्वत: पर्नुपर्ने हुन्छ । साथै नेवारहरूको बसोवास रहेको वरपरका जिल्लाहरूको क्षेत्रहरू (उदाहरणको लागि मकवानपुरको चित्लाङ्ग, पालुङ्ग, टिष्टुङ्ग इत्यादि) काभ्रेको नाला, साँगा, पनौती, धुलिखेल, खड्पु इत्यादि, नुवाकोटको त्रिशुली, दोलखाको चरिकोट इत्यादि) को सर्वेक्षण गरी ती क्षेत्रहरूलाई पनि नेवार राज्य निर्माणको प्रक्रियामा प्रयोग गर्नुपर्ने हुन्छ । यस किसिमले नेवारहरूको सघन वस्ती भएको ठाउँहरूको आधारमा नै नेवारहरूको राज्य निर्माणको औचित्यता एवं आधारको पुष्टि गर्न सकिन्छ ।

### ६.३.१.२ साधारण आधारहरू

नेवार राज्य/प्रदेशको निर्माण गर्न र औचित्यता पुष्टि गर्नको लागि ध्यान दिनुपर्ने केही साधारण आधारहरू निम्न छन् :

- **प्राकृतिक श्रोतहरूको उपलब्धता र पहिचान**
- **प्रशासकीय सुविधा**
- **भौगोलिक स्वरूप**

\- **प्राकृतिक श्रोतहरूको उपलब्धता र पहिचान**

काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूमा विभिन्न किसिमका प्राकृतिक श्रोतहरू पनि उपलब्ध हुने सम्भावना रहेको छ । साथै पर्यटन विकासको सम्भावना प्रचुर मात्रामा रहेको पाइन्छ । वास्तवमा काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूलाइ अन्तर्राष्ट्रिय स्तरको पर्यटन केन्द्रको रूपमा नै बिकास गर्न सकिन्छ । यसको अतिरिक्त नेवार समुदायको राज्यलाई शैक्षिक, आर्थिक एवं व्यापारिक केन्द्रको रूपमा विकास गर्नुको साथै यहाँ उपलब्ध हुन सक्ने खनिज पदार्थहरूको पनि सदुपयोग गर्न सकिन्छ । यसको अतिरिक्त यहाँको सिमित तर उर्वरा भूमिको पनि अधिक मात्रामा सदुपयोग गर्न सकिन्छ । अत: आर्थिक दृष्टिकोणबाट नेवार राज्य बनाउन सकिने बलियो आधार रहेको पाइन्छ । र यसको औचित्यता पनि सजिलैसित पुष्टि गर्न सकिन्छ ।

\- **प्रशासकीय सुविधा**

नेवार राज्य श्रृजना गर्दा प्रशासकीय सुविधालाई पनि केही मात्रामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यसको लागि राज्य भित्र के कति वटा जिल्लाहरू श्रृजना गर्नुपर्ने हुन्छ ? र के कस्तो आधारहरूमा जिल्लाहरू श्रृजना गर्ने हो ? सो कुराहरूलाई पनि दृष्टि पुऱ्याउनु पर्ने हुन्छ । हालको जिल्लाहरूको श्रृजना मुख्यतया निरंकुश निर्दलीय पंचायत व्यवस्थाको प्रवर्धनको दृष्टिकोणबाट गरिएको हुँदा ती जिल्लाहरूको आधारमा मात्र वर्तमान समयका विविध पक्षहरू (जनसंख्या, जातजातिको उपस्थिति, जिल्लाको सीमा, स्थानीय निकायहरूको श्रृजना इत्यादि) को विश्लेषण गर्नु त्यतिको सान्दर्भिक हुँदैन । उक्त विषयहरूको बारेमा साधारण जानकारीको लागि मात्र वर्तमान जिल्लाहरूको बिभाजनलाई प्रयोग गर्नु पर्दछ । साथै के कस्तो किसिमको राज्यस्तरीय प्रशासन व्यवस्थाको श्रृजना गर्नुपर्ने हुन्छ र के कस्तो किसिमको मानव संसाधनको आवश्कयता पर्दछ भन्ने पनि विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । समग्रमा भन्नुपर्दा प्रशासकिय सुविधाको दृष्टिकोणबाट ३ वटा कदमहरू चाल्नु पर्ने आवश्यकता पर्दछ ।

- पहिलो, नेवार राज्यको भौगोलिक क्षेत्रको निर्धारण गर्दा प्रशासकीय सुविधालाई पर्याप्त मात्रामा ध्यान पुऱ्याउनु नितान्त आवश्यकता पर्दछ ।
- दोस्रो, जिल्लाहरूको विभाजन गर्दा प्रशासकीय सुविधाको अतिरिक्त बसोबासको स्थितिलाई पनि ध्यानमा राख्नु पर्ने हुन्छ ।
- तेस्रो, स्थानीय निकायहरू (वडाहरूको क्षेत्र लगायत) को क्षेत्र निर्धारण गर्दा प्रशासकीय विभाजनको (जिल्लाहरूको सीमाना) अतिरिक्त बसोबासको विशेषताहरूलाई ध्यानमा राख्नु पर्दछ । नेवार समुदाय बाहेक अन्य समुदायको बाहुल्यता भएको क्षेत्रहरूलाई छुट्टै गाउँ विकास समिति, नगरपालिका, जिल्ला

विकास समिति वा वडाहरूको रूपमा निर्धारण गरी ति समुदायहरूको सशक्तिकरण (community empowerment) गर्नु पर्दछ । यसबाट नेवार राज्य भित्रको विभिन्न जातिय समूहहरूमा मनोवैज्ञानिक रूपमा सकारात्मक प्रभाव पर्न जाने हुन्छ । यस किसिमको व्यवस्थाबाट नेवारहरूको राज्य निर्माणको औचित्यता पुष्टि गर्न सघाउ पुग्न जान्छ ।

- **भौगोलिक स्वरूप**

नेवार राज्य निर्माण गर्दा भौगोलिक स्वरूपलाई महत्वपूर्ण आधारको रूपमा लिनु पर्दछ । विशेषत: भौगोलिक दृष्टिकोणबाट त्यस्ता राज्यको सबै क्षेत्र एवं इलाकाहरूको बिचमा भौगोलिक सम्बन्ध टुट्ने किसिमको हुनु हुँदैन । उदाहरणको लागि नेवारहरूको बाहुल्यता भएको दोलखा क्षेत्रलाई नेवार राज्यमा गाभिएमा काठमाडौं र दोलखा बीचको भौगोलिक सम्बन्ध हुने व्यवस्था गर्नुपर्ने हुन्छ । यस्तो सम्बन्धको अभावमा प्रशासन संचालनमा नकारात्मक असर पर्न जाने हुन्छ । अत: भौगोलिक स्वरूपलाई राज्यको निर्माण र औचित्यपूर्ण बनाउने आधारको रूपमा लिनुपर्ने हुन्छ ।

### ६.३.२ राज्यको नामाकरण

नेपालको प्रस्तावित संघीय शासन व्यवस्था अर्न्तगत विभिन्न जनजाति/आदिवासी एवं समुदायहरूले आ-आफ्नै राज्य/प्रदेशको निर्माण गर्ने चाहना गरे जस्तै एउटा राष्ट्र भएको नाताले नेवारहरूले पनि आफ्नो छुट्टै राज्य/प्रदेशको निर्माण गर्ने चाहना गर्नु पनि स्वभाविकै हो । नेवारहरूको यस्तो राज्यको नामाकरण गर्ने सर्न्दभमा मूलत: निम्न तिनवटा विकल्पहरू (options) को बारेमा सोच्नु पर्ने हुन्छ ।

- नेवा: राज्य
- नेपा: मण्डल
- नेपाल मण्डल

"नेवा: राज्य" भन्ने नाम प्रत्यक्ष रूपमा नै नेवार राष्ट्र/उपराष्ट्रियता (sub-nationality) सित सम्बन्धित हुन्छ र यस नामबाट नेवारहरूको राज्यको नामाकरण गरिएमा उनीहरूमा सकारात्मक प्रभाव पर्नु स्वभाविकै हुन जान्छ । "नेपाल मण्डल" नेवारहरूको पुर्ख्यौली भूमिको ऐतिहासिक नाम भएकोले यस नामबाट नेवारहरूको राज्य/प्रदेशको नामाकरण गर्नु पनि उपयुक्त नै हुन्छ । र यसबाट पनि नेवारहरूमा सकारात्मक मनोवैज्ञानिक असर पर्ने आशा गर्न सकिन्छ । तर यस्तो नाम राखिएमा माथि चर्चा गरिए जस्तै हालको १२ वटा जिल्लाहरू समावेश गर्नुपर्ने हुन्छ र यस विषयमा व्यापक रूपमा सरोकारवालाहरू (विशेषत: सरकारी पदाधिकारीहरू, विभिन्न दलहरूको नेतृत्व वर्ग, प्रस्ताविक तामसालिङ्ग, राज्य/प्रदेशको नेतृत्व वर्ग) सित छलफल गरी टुंगोमा पुग्नुपर्ने हुन्छ ।

अर्को नाम हुन सक्छ नेपा: मण्डल । यो नाम "नेपाल मण्डलको नेवारीकरण गरिएको शब्दबाट बनेकोले यसप्रति पनि नेवारहरूको सकारात्मक सोच नै हुने अपेक्षा गर्न सकिन्छ । साथै नेवार समुदायको सन्दर्भमा श्रृजना गरिने राज्यमा पुस्तौं पुस्तादेखि बस्दै आएका अन्य समुदायहरूको दृष्टिकोणबाट पनि यो नाम उपयुक्त नै हुने आशा गर्न सकिन्छ । कारण नेपा मण्डल भन्नु नै देशको "नेपाल" भन्ने नामसित निकटम रूपले सम्बन्धित रहेको हुन्छ ।

समग्रमा भन्ने हो भने नेवार समुदायको सन्दर्भमा श्रृजना गरिने राज्य/प्रदेशको नामाकरण गर्दा पहिलो, दोस्रो र तेस्रो प्राथमिकता क्रममा क्रमशः नेवा राज्य, नेपा मण्डल र नेपाल मण्डल राख्नु उपयुक्त देखिन्छ। तथापि यस विषयमा अझ व्यापक रूपमा छलफल गरी निष्कर्षमा पुग्नु उपयुक्त हुन्छ। तथापि यस पुस्तकको सन्दर्भमा नेवाः राज्य भन्ने नाम नै प्रयोग गरिएको छ।

**६.३.३ राज्यको भौगोलिक क्षेत्र**

साधारणतया अधिकांश विशेषज्ञहरू र राजनैतिक दलहरूमा समेत नेवार राज्य भित्र केवल काठमाडौं उपत्यकाका तिनवटा जिल्लाहरू मात्र समावेश गर्ने प्रवृत्ति देखिएको छ।[७] वास्तवमा ऐतिहासिक दृष्टिकोणबाट भन्ने हो भने यो प्रवृत्ति सत्यताबाट धेरै टाढा रहेको पाइन्छ। प्राचिनकालिन नेपाल मण्डल भित्र वर्तमान १२ वटा जिल्लाहरू पर्ने र त्यस्तो नेपाल मण्डलको जम्मा भौगोलिक क्षेत्रले १८७४२ वर्ग किलोमिटर ओगट्ने देखिन आएको कुरा माथि चर्चा भइसकेको छ।[८] मल्लकालिन नेपाल अर्न्तगत दोलखा जिल्लाको अतिरिक्त काभ्रे जिल्लाको बनेपा, (नेपाल भाषामा भोतं:), धुलिखेल (नेपाल भाषामा धौख्य) र सिन्धुपाल्चोकको केही इलाका समेत पर्दथ्यो। त्यस्तै नुवाकोट र रसुवाको केरूङसम्म र मकवानपुरको केही क्षेत्रहरू समेत तत्कालिन नेपाल अर्न्तगत पर्दथ्यो। त्यस्तै दोलखा पनि कुनै समयमा स्वतन्त्र नेवार राज्यको रूपमा र कुनै समयमा कान्तिपुरको अंगको रूपमा रहेको थियो। तसर्थ काठमाडौं उपत्यकाका तिन जिल्लाहरू मात्र नेवार राज्यमा समावेश गर्नु न्यायोचित हुँदैन। जे भएतापनि मल्लकालिन नेपालको भौगोलिक क्षेत्रको विस्तृत अध्ययन गरी ऐतिहासिक दृष्टिकोणबाट नेवार राज्यको भौगोलिक क्षेत्रको निर्धारण गर्नु अति आवश्यक छ। साथै हालको नेवारहरूको बस्तीहरूलाई पनि ध्यानमा राख्नु पनि आवश्यक पर्दछ। समग्रमा प्रस्तावित नेवार राज्यको भौगोलिक क्षेत्रको निर्धारण वैज्ञानिक ढंग (राज्यको सबै भागहरू बीचमा भौगोलिक सम्पर्क हुने, प्रशासन संचालनमा सुविधा पुग्न जाने, ऐतिहासिक तथ्य र वर्तमान वस्तीको विश्लेषण, सामुदायिक सशक्तिकरण गर्न सघाउ पुग्ने इत्यादि) बाट गर्नु आवश्यकता पर्दछ।

**६.३.४ राज्यको लक्ष र निर्देशक सिद्धान्तहरू**

**६.३.४.१ लक्ष्य**

नेपालको वर्तमान अन्तरिम संविधानमा व्यवस्था गरिए अनुरूप संघीय शासन व्यवस्थाको संरचना निर्माण गर्दा अन्य विभिन्न राज्य/प्रदेशहरूको अलावा नेवार राज्यको श्रृजना गर्नु पनि अनिवार्य हुन्छ। नेवार राज्यको आदिवासी नेवारहरू र सो राज्यमा बसोबास गर्ने अन्य सबै समुदायहरूको हक हितको संरक्षण एवं प्रवर्धन गर्नु र उनीहरू सबैको जीवनस्तरमा अभिवृद्धि गर्नु नै नेवार राज्यको लक्ष्य हुनु पर्दछ।

**६.३.४.२ निर्देशक सिद्धान्तहरू** (guiding principles)

नेवार समुदायको सन्दर्भमा श्रृजना हुने राज्य/प्रदेशको शासन सञ्चालनको केही निर्देशक सिद्धान्तहरू (guiding principles) निम्नानुसार हुनु पर्दछ :

[७] हेर्नुहोस, विस्तृत विवरणको लागि विभिन्न राजनैतिक दलहरूका संविधान सभाको निर्वाचन सम्वन्धि घोपणापत्रहरू

[८] हेर्नुहोस, विस्तृत विवरणको लागि, काशीनाथ टमोट, नेपाल मण्डल, नेपाल मण्डल अनुसन्धान गुथि, ललितपुर, २०६४, पृष्ठ १८

- सत्ताबाट लामो समयदेखि विस्थापित हुनु परेका काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूका आदिवासी नेवारहरूलाई सत्तामा पहुँच प्राप्त हुने अवसर प्रदान गरि उनीहरूको भाषा, साहित्य, कला, संस्कृति र साँस्कृतिक निधि एवं सम्पदाहरूको संरक्षण एवं प्रवर्धन गर्ने
- सत्तामा पहुँच प्राप्त गर्न असमर्थ रहेका नेवार राज्यमा बसोबास गरिरहेका अन्य जातिय समुदायहरूलाई पनि सत्तामा पहुँच प्राप्त हुने समान अवसर प्रदान गर्ने
- नेवार राज्यको आर्थिक विकासको माध्यमबाट नेवारहरू र सो राज्यमा बसोबास गर्ने अन्य सबै समुदायहरूको जीवनस्तरमा अभिवृद्धि गर्ने,
- नेवार राज्यमा बसोबास गर्ने अन्य समुदायहरूप्रति कुनै किसिमको भेदभावको नीति नअपाइ समान व्यवहार गर्नुपर्ने,
- राज्य भित्रको शासन/प्रशासन व्यवस्थामा समावेशीकरणको नीति अपनाउनु पर्ने ।
- राज्य भित्रका पिछडिएका वर्ग/समूहहरूको राजनैतिक, सामाजिक एवं आर्थिक स्थितिमा सुधार ल्याउन आवश्यक नीतिहरू (सकारात्मक विभेद लगायत) राज्य सरकारबाट तर्जुमा गरी सशक्त रूपमा कार्यान्वयन गराउनु पर्ने र
- एउटा स्वशासित राज्यको हैसियतले संविधान प्रदत्त सबै अधिकारहरू केन्द्रको कुनै हस्तक्षेप बिना प्रयोग गर्न पाउने व्यवस्था गर्नुपर्ने ।

### ६.३.५ शासकीय स्वरूप र लोकतान्त्रिक शासन व्यवस्था

नेवार राज्यको शासकीय स्वरूपको निर्धारण एउटा अति महत्वपूर्ण पक्ष हो । यस्तो राज्यको शासकीय स्वरूपको सन्दर्भमा मुख्यतया दुई किसिमको शासन व्यवस्थाको अवधारणा प्रस्तुत गर्न सकिन्छ । पहिलो, राष्ट्रपतिय शासन पद्धति लागू गरिएमा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने गर्भनर शक्तिशाली हुन्छ र उसले आफ्नै मन्त्रिपरिषद गठन गर्दछ । मन्त्रीहरू राज्यको व्यवस्थापिकाको सदस्य हुँदैन । व्यवस्थापिका र कार्यपालिका (गर्भनर र मन्त्रीपरिषद) को बीचमा शक्ति सन्तुलनको व्यवस्था गरिएको हुन्छ । संसदीय पद्धति लागू गरिएमा राज्यको संसदमा बहुमत प्राप्त दलको नेता मुख्य मन्त्री हुने छ र उनले राज्यको सांसदहरू मध्यबाट राज्य स्तरको मन्त्रीपरिषदको गठन गर्दछ । व्यक्तिगत एवं सामुहिक रूपमा मुख्य मन्त्री र मन्त्रीहरू राज्यको संसद प्रति उत्तरदायी हुन्छ । दुवै पद्धतिमा राज्यको आफ्नै कार्यपालिका, व्यवस्थापिका र न्यायापालिका रहने हुन्छ र शक्ति प्रथकीकरणको सिद्धान्त (Theory of seperation of powers) लागू गरिनु पर्ने हुन्छ । उक्त दुईवटा शासकीय पद्धतिहरू मध्य नेवार राज्यको लागि कुन चाहिँ पद्धति उपयुक्त हुन्छ भन्ने कुराको सन्दर्भमा निम्न दुईवटा प्रमुख बूँदाहरूको आधारमा विचार गर्नु पर्दछ ।

- पहिलो, नेपालको आफ्नै विगतको शासकीय पद्धतिको संचालनको अनुभव ; र
- दोस्रो, केन्द्रीय स्तरको शासकीय पद्धतिको प्रारूप (Model)

पहिलो बूँदाको सन्दर्भमा २००७ साल देखि हालसम्म पनि नेपालले संसदीय शासन व्यवस्था (नेपालमा भ्रमपूर्ण तरिकाले प्रधानमन्त्रिय पद्धति पनि भन्ने गरिएको छ जुन अन्य कुनै पनि मुलुकमा भन्ने गरिएको पाइदैन) अर्न्तगत नै शासन चल्दै आएको छ । नेपालको यस पद्धति सम्बन्धी एउटा कटु अनुभव रहेको छ । त्यो हो निरन्तर रूपमा गणतीय राजनैतिक खेल खेल्ने प्रवृत्ति र यसबाट अटुट रूपमा हालसम्म पनि राजनैतिक

अस्थिरताबाट देश गुज्रनु परेको अवस्था जसबाट विकासको गति र जनताको दैनिक जीवनमा नकारात्मक असर परिरहेको पाइएको छ । साथै यसै पद्धति अन्तर्गत निरकुश निर्दलीय शासन पद्धति लाड्ने स्वर्गीय राजा महेन्द्रले मौका पाएका थिए र उनले तिन दशकसम्म आफ्नो अधिनायकवादी शासन संचालन गरेका थिए । त्यस्तै तत्कालिन राजा ज्ञानेन्द्रले पनि यसै संसदीय व्यवस्था अन्तंगत नै आफ्नो निरंकुश शासन लाड्ने असफल प्रयास गरेका थिए । अत: इतिहासबाट पाठ सिक्ने हो भने राजनैतिक स्थिरता कायम गरी विकासको गतिलाई तिब्रता दिई राज्यका सम्पूर्ण जनताका सामाजिक आर्थिक स्थितिमा सुधार ल्याउनको निमित्त नेवार राज्यले राष्ट्रपतीय शासन पद्धति नै अंगाल्नु उपयुक्त हुन्छ ।

दोस्रो, माथि उल्लेख गरिए झैं नेवार राज्यको लागी राष्ट्रपतीय शासन व्यवस्था उपयुक्त हुने भएता पनि केन्द्रीय स्तरको शासन पद्धतिलाई पनि ध्यान दिनुपर्ने हुन्छ । यदि केन्द्रमा संसदीय शासन पद्धति लागू गरिएमा नेवार राज्यमा मात्र राष्ट्रपतीय शासन लागू गर्नु उपयुक्त हुँदैन । अत: केन्द्रमा कुन किसिमको शासन पद्धति लागू हुन्छ भन्ने कुराले पनि नेवार राज्यको शासकीय पद्धतिको स्वरूप निर्क्यौल गर्न महत्वपूर्ण भूमिका खेल्ने कुरालाई नर्कान सकिदैन । कारण केन्द्रमा एक किसिमको शासन पद्धति हुनु र राज्यमा अर्को किसिमको शासन पद्धतिको व्यवस्था हुनु व्यवहारिक दृष्टिकोणबाट उपयुक्त हुदैन । तथापि माथि उल्लेख गरिए झैं ऐतिहासिक दृष्टिकोणबाट विचार गर्ने हो भने केन्द्रीय स्तरमा पनि राष्ट्रपतीय शासन पद्धति नै लागू गर्नु उपयुक्त ठहरिन्छ ।

जे भएतापनि उपरोक्त दुवै बुँदाहरूलाई दृष्टिगत गरी नेवार राज्यको शासकीय स्वरूपको निर्धारण गर्नुपर्ने हुन्छ र जुनसुकै किसिमको शासकीय स्वरूप भएतापनि राज्यको आफ्नै मन्त्रिपरिषद, संसद र न्यायपालिकाको व्यवस्था हुनु पर्दछ र संसद सानो तर राज्य भित्रका नेवार लगायत सबै जातजाति एवं समुदायहरूको प्रतिनिधित्व हुने किसिमको एक सदनात्मक (unicameral) सदन हुनु पर्दछ । साथै नेवार राज्यको सम्पूर्ण शासन व्यवस्था लोकतान्त्रिक मूल्य र मान्यताहरूमा आधारित हुनु पर्दछ । ति मूल्य र मान्यताहरू मूलत: दुई किसिमका छन् ।

- पहिलो, नेवार राज्यको शासन व्यवस्था पूर्णरूपले विधिको शासन (Rule of Law) मा आधारित हुने व्यवस्था गरिनु पर्दछ । त्यस्तै प्रेस स्वतन्त्रता लगायत अन्य सबै मानव अधिकारहरूको पूर्ण रूपले प्रत्याभूति दिइने व्यवस्था हुनु पर्दछ ।
- दोस्रो, नेवार राज्य लोककल्याणकारी सिद्धान्तको आधारमा संचालन हुने र सामाजिक न्यायको मूल्यलाई व्यवहारिकरण गरिने व्यवस्था हुनु पर्दछ । यस्तो सिद्धान्त र मूल्यको आधारमा सबै जातजाति र समूहहरूको पिछडिएका वर्गको उत्थान गर्नु पर्दछ र कुनै खास जाति माथिको शोषणको अन्त्य गरिनुको साथै वर्गीय, लैंगिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक शोषणहरूको समेत अन्त्य गरिने व्यवस्था हुनु पर्दछ । र राज्य भित्रका सबै जातजाति एवं समुदायहरूको लागि राज्यका हरेक क्षेत्रमा समान अवसर प्राप्त हुने व्यवस्था गर्नु पर्दछ ।

### ६.३.६ संवैधानिक रूपमा प्रदत्त गरिनु पर्ने अधिकारहरू

साधारणतया संघीय शासन व्यवस्था भन्नाले संविधानबाट नै केन्द्रीय र राज्य/प्रादेशिक सरकारहरूको विचमा शासन संचालन सम्बन्धि अधिकारहरू बाँडफाँड गर्नुको साथै त्यसरी बाँडफाँड गरिएका अधिकारहरूको प्रयोगको प्रक्रियालाई जनाउँछ । यस

सन्दर्भमा नेवार राज्यको अधिकार के कस्तो किसिमको हुने हो भन्ने प्रश्न अति महत्वपूर्ण रहेको हुन्छ ।

साधारणतया संघीय व्यवस्थाको शासन पद्धति भएका मुलुकहरूमा रक्षा, परराष्ट्र, मौद्रिक नीति र संचार, ठूला-ठूला राष्ट्रियस्तरका परियोजनाहरू (जलस्रोत सम्बन्धि ठूलठूला परियोजनाहरू लगायत रेलमार्गहरू, राजमार्गहरू जस्ता विषयहरू) केन्द्रीय सरकारका अधिकार क्षेत्रमा राखिएको हुन्छ । यी बाहेक अन्य सबै विषयहरू (भूमिसुधार, स्थानीय निकाय एवं स्थानीय स्वायत्त शासन सम्बन्धि कार्य लगायत) साधारतया राज्य सरकारहरूको कार्य क्षेत्रमा राखिने गरिन्छ । साथै भारत जस्तो देशमा संविधानमा नपरेका विषय वस्तुहरू सम्बन्धि अधिकार (residuary powers) केन्द्रिय सरकारको कार्य क्षेत्रमा नै समावेश गरिएको पाइन्छ । जे भएता पनि संघीय व्यवस्थामा मुलत: संविधानमा नै केन्द्रीय र राज्य सरकारहरूको काम, कर्तव्य र अधिकारहरू स्पष्ट रूपमा नै बाँडफाँड गरिएको हुन्छ । भारतको संविधानमा त्यस्तो काम, कर्तव्य र अधिकारहरूको बाँडफाँड सम्बन्धी तिनवटा छुट्टाछुट्टै लिष्टहरू केन्द्रीय लिष्ट, राज्य सम्बन्धी लिष्ट र केन्द्र र राज्य दुवैसँग सम्बन्धित लिष्ट दिइएका छन् । नेपालको सन्दर्भमा पनि यस्तो लिष्टहरूको व्यवस्था गर्नु उपयुक्त नै हुन्छ । यसको अलावा मोटामोटी रूपमा संघीय व्यवस्था भएका विभिन्न मुलुकहरूमा केन्द्रीय र राज्य/प्रदेश सरकारहरूको बीचमा शक्ति/अधिकार सम्बन्धि सम्बन्ध (power relation) को बारेमा निम्न दुईवटा प्रारूपहरू प्रचलनमा रहेको पाइन्छ :

- पहिलो, भारत, मलेशिया जस्ता मुलुकहरूमा केन्द्र बढी शक्तिशाली र राज्य केन्द्रको तुलनामा केही मात्रामा कम शक्तिशाली हुने व्यवस्था गरिएको पाइन्छ । त्यहाँ विशेष परिस्थितिमा केन्द्रीय सरकारले राज्य सरकार भंग गरी राज्यको शासनको सम्पूर्ण अधिकार केन्द्रीय सरकारले प्रयोग गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ । यस्तो अवस्थालाई नै राष्ट्रपतिय शासन लागू गरिएको भनिन्छ ।
- दोस्रो, केन्द्र र राज्यहरूको बीचमा करिव करिव बराबर मात्रामा शक्ति सन्तुलन गरिएका संघीय व्यवस्था भएका अमेरिका जस्ता मुलुकहरू पनि छन् । तथापि अमेरिका लगायत अष्ट्रेलिया र क्यानाडा जस्ता मुलुकहरूमा पनि केहि मात्रामा केन्द्रीय सरकारलाई बढी शक्तिशाली बनाउने प्रवृत्तिको विस्तारै विकास भइरहेको पाइन्छ ।[१]

नेपालको सन्दर्भमा मुलत: निम्न दुइवटा कारणहरूबाट पहिलो अवधारणा बढी व्यवहारिक हुने देखिन्छ ।

- पहिलो, नेपाल जस्तो सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक दृष्टिकोणबाट विविधतायुक्त देशमा राष्ट्रिय एकता कायम गर्न केहि मात्रामा केन्द्रिय सरकारलाई विशेष परिस्थितिमा राज्य/प्रादेशिक सरकारको सिफारिसमा मात्र प्रयोग गर्न सकिने केहि विशेष अधिकारहरू दिनु उपयुक्त देखिन्छ ।
- दोस्रो, दुइ विशाल मुलुकहरू भारत र चीनको विचमा अवस्थित नेपालको भूराजनीति अति संवेदनशील किसिमको छ भन्ने कुरा सर्वविदितै छ । यस्तो

[१] हेर्नुहोस, विस्तृत विश्लेपणको लागि, कौशर जे, आजाम (सम्पादक), फेडरलीजम आयण्ड गुड गभरनायन्स : इस्यूज एक्रोस कल्चर्स, साउण्ड एशिया पब्लिसर्स, न्यू दिल्ली, १९९८

भू-राजनैतिक संवेदनशीलताको दृष्टिकोणबाट राष्ट्रिय सुरक्षा एवं हितको प्रवर्धन गर्न पनि माथि उल्लेख गरिएझैं विशेष परिस्थितिमा मात्र प्रयोग हुने किसिमको केहि अधिकारहरू केन्द्रमा निहित रहने व्यवस्था गर्नु आवश्यक पर्दछ।

समग्रमा भन्ने हो भने उपरोक्त किसिमको विशेष परिस्थितिमा मात्र प्रयोग गर्न सकिने किसिमको केहि सिमित अधिकार बाहेक केन्द्र र राज्य सरकारहरूको विचको अधिकार क्षेत्रहरूको बाँडफाँड सन्तुलित किसिमको हुनु नितान्त आवश्यक छ। राज्यस्तरमा प्रदत्त गरिएका अधिकारहरूको प्रयोग गर्ने सन्दर्भमा राज्य सरकारलाई पूर्ण स्वायत्तता र स्व-निर्णयको अधिकार प्रदान गरिनु पर्दछ।

### ६.३.७ आत्मनिर्णयको अधिकार र स्वशासितता

भ्लादिमिर लेनिनको अवधारणा अनुसार तत्कालिन सोभियत संघ अर्न्तगतका राज्यहरूलाई आ-आफ्नो आवश्यकता अनुसार छुट्टिएर अलग्ग राज्यको रूपमा रहन पाउने गरी आत्म निर्णयको अधिकार दिइएको र त्यस्तो अधिकारलाई नै संघीय व्यवस्था अर्न्तगत राज्यहरूको आत्म निर्णयको अधिकारको रूपमा परिभाषित गरिएको थियो। त्यस्तै पूर्व अमेरिकी राष्ट्रपति उड्रो विलसनको विचारमा आत्म निर्णयको अधिकारले कुनै पनि राष्ट्रले औपनिवेशिक शासन (colonial rule) बाट मुक्त हुन पाउने अधिकार र सार्वभौम राष्ट्र/राज्य माथिको बाह्य हस्तक्षेप विरूद्धको अधिकारलाई जनाउँछ। त्यस्तै आदिवासी जनजातिको अधिकार सम्बन्धि अर्न्तराष्ट्रिय श्रम संगठनको महासन्धि अनुसार आत्मनिर्णयको अधिकार भन्नाले स्वतन्त्रापूर्वक बिना बाह्य हस्तक्षेप राष्ट्र र जनताले आफ्नो राजनीतिक, आर्थिक सामाजिक, साँस्कृतिक विकास गर्ने अधिकार र आफ्नो क्षेत्र भित्र नियन्त्रण गर्ने अधिकारलाई जनाउँछ।[१०] तर आत्म निर्णयको अधिकार अर्न्तगत उक्त महासन्धीले राज्यलाई छुट्टिने अधिकार भने प्रदान नगरि केवल एउटै देश भित्र स्वशासन, स्वायत्तता लगायतका राजनीतिक, आर्थिक, साँस्कृतिक अधिकार प्राप्त गर्ने सीमासम्म मात्र समावेश गरेको पाइन्छ।[११] त्यस्तै उक्त महासन्धि अनुसार आत्म निर्णयको अधिकार प्रयोग गर्दा आन्तरिक र स्थानीय रूपमा संस्कृति, धर्म, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोवास, रोजगार, सामाजिक कल्याण, आर्थिक क्रियाकलाप, बाणिज्य, भूमि तथा श्रोत साधन परिचालन, वातावरण सम्बन्धी अधिकार र यी कार्यका लागि आर्थिक श्रोत जुटाउन स्वायत्तता र स्वशासनको अधिकार समेत प्राप्त हुन्छ।[१२]

नेपालको सन्दर्भमा पनि आत्म निर्णयको अधिकार सहितको संघीयताको माग चर्को रूपमा नै उठिरहेको पाइन्छ। यसै मागलाई ध्यानमा राखि सविधान सभा अर्न्तगतको राज्यको पुनसंरचना र राज्य शक्तिको बाँडफाँड समितिले छुट्टिन नपाउने गरी राज्य/प्रदेशहरूले आत्म निर्णयको अधिकार प्रयोग गर्न पाउने व्यवस्थामा सहमति जनाएको छ। अर्को शब्दमा भन्ने हो भने देशको सार्वभौमसत्ता, एकता र क्षेत्रीय अखण्डतालाई आत्मसात गरेर मात्र आत्म

१० गोरखापत्र, २०६६, भदौ ३०
११ ऐजन,
१२ ऐजन,

निर्णयको अधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ । अतः नेपालको सन्दर्भमा आत्म निर्णयको अधिकार भन्नाले राज्य/प्रदेशहरूले आ-आफ्नो राजनैतिक एवं आर्थिक क्रियाकलाप, बाणिज्य, भूमि तथा श्रोत साधन, वातावरण जस्ता विषयवस्तुहरू सम्बन्धी अधिकारको प्रयोग र यी कार्यका लागि आर्थिक श्रोत जुटाउने सम्बन्धि स्वायत्तता र स्वशासनको अधिकारलाई जनाउने व्यवस्था गरिएको छ भन्नु अत्युक्ति हुने छैन । स्वायत्त थारू राज्य परिषदका अध्यक्ष लक्ष्मण थारूले पनि आत्म निर्णयको अधिकार भन्नाले देश टुक्राउने अर्थमा नलिइ केवल जल, जमिन जंगल माथि आदिवासी जनजातिका अधिकारको रूपमा मात्र अर्थ्याउनु भएको छ ।[१३] वास्तवमा आत्म निर्णयको अधिकारलाई राज्य/ प्रदेशहरूको स्वायत्तता र स्वशासन (operational freedom) को अधिकारको रूपमा नै हेरिनु पर्ने हुन्छ । आजामले भन्नु भए जस्तै आत्म निर्णयको अधिकार भन्नाले व्यक्ति/नागरिकहरूको आफ्नो पुर्ख्यौली थलोको शासन संचालनमा सहभागी हुन पाउने अधिकारलाई नै जनाउँछ । (self-determination is understood as the right of the individuals to participate in the governace of the areas which they perceive as their native land)[१४] र नेवार राज्यको सन्दर्भमा यस्तो अधिकारका मुख्यतया चारवटा पक्षहरू छन् :

- पहिलो, साधारणतया नेवार राज्यको शासन संचालन गर्ने अधिकार नेवार समुदाय र सो राज्यमा धेरै समयदेखि बस्दै आएका अन्य सबै समुदायहरू (जसले नेवार राज्यको भौगोलिक क्षेत्रलाई आफ्नै पुर्ख्यौली थलो मान्दै आएका छन्) लाई हुनेछ ।
- दोस्रो, नेवार राज्यले संवैधानिक रूपमा प्रदत्त आफ्नो अधिकारको प्रयोग र काम, कर्तव्यको पालना गर्ने सन्दर्भमा बिना केन्द्रीय हस्तक्षेप पूर्ण रूपले स्वतन्त्रतापूर्वक निर्णय गर्ने अधिकार हुने व्यवस्था गर्नु पर्दछ । अर्को शब्दमा संविधान अर्न्तगत प्रदान गरिएका अधिकार एवं कार्य क्षेत्रमा नेवार राज्य आफैले पूर्णरूपले स्वतन्त्रतापूर्वक निर्णय गर्न सक्ने स्व-निर्णय (Self-decision making authority) को अधिकार प्राप्त हुने व्यवस्था गर्नु पर्दछ ।
- तेस्रो, आफ्नो कार्यक्षेत्र भित्र केन्द्रको कुनै हस्तक्षेप बिना आफ्नो सम्पूर्ण शासकीय/ प्रशासकीय व्यवस्थापन राज्य सरकार आफैले गर्ने अधिकार (Self-management) हुने व्यवस्था हुनु पर्दछ ।
- चौथो, साधारणतया राज्य सरकारका विभिन्न अंगहरूलाई केन्द्रबाट कुनै किसिमको नियन्त्रण हुनु हुँदैन । बरू आफ्नै आन्तरिक रूपले राज्य सरकारको विभिन्न अंगहरूको बीचमा Check and balance को व्यवस्था गरी स्वनियन्त्रण (Self Control) को संयन्त्रको विकास हुने

[१३] दि राइजिङ्ग नेपाल, २०६६, असोज ५

[१४] काउजर जे आजाम, फेडरलिज्म आयण्ड गुड गभरनायन्स : इस्यूज एक्रोस कल्चर्स, काउजर जे. आजम (सम्पादक), फेडरलिज्म आयण्ड गुड भरनायन्सः इस्यूज एक्रोस कल्चर्स, साउथ एसियन पब्लिसर्स, न्यू दिल्ली, १९९८, पृष्ठ २७४

व्यवस्था गर्नु पर्दछ । यस किसिमको आत्मनिर्णय र स्वशासितता (autonomy) को व्यवस्था नेवार राज्यको लागि हुनु पर्दछ ।

समग्र एवं संक्षेपमा भन्ने हो भने आत्मनिर्णयको अधिकार (right to self determination) भन्नाले मुलतः दुइवटा कुराहरूलाई जनाउछ ।

- पहिलो, नेवार राज्यको शासन संचालन गर्ने अधिकार प्राप्त गरेका नेवार र अन्य समुदायहरूको लागि सो राज्यको शासन संचालनको सन्दर्भमा बिना कुनै केन्द्रीय हस्तक्षेप पूर्णरूपको कार्यात्मक स्वायतत्ता (operational freedom) प्राप्त हुनु पर्दछ भन्ने कुरालाई जनाउछ ।
- दोस्रो, नेवारहरू र नेवार राज्यमा पुस्तौदेखि बसोवास गर्दै आएको अन्य समुदायहरूको आफ्नो पुर्ख्यौली थलो (नेपाल उपत्यका र वरपरका क्षेत्रहरू) को शासन व्यवस्थामा प्रभावकारी किसिमले सहभागी हुन पाउने अधिकारलाई जनाउछ ।

### ६.३.८ समावेशीकरण र अग्राधिकार सम्बन्धी नीति

नेवार राज्यमा नेवार समुदायको सापेक्ष रूपमा (relatively) बाहुल्यता हुँदाहुँदै पनि अन्य समुदायहरूले पनि धेरै समयदेखि बसोबास गर्दै आएका छन् । अतः राज्य सत्तामा र राज्यको विभिन्न अंगहरू एवं प्रशासकीय व्यवस्थामा समेत उनीहरूको पनि उचित प्रतिनिधित्व हुने व्यवस्था गर्नु आवश्यक पर्दछ । यसको लागि राज्य सरकारले समावेशीकरणको नीति अनिवार्य रूपले अपनाउने व्यवस्था गरिनु पर्दछ । साथै विगत २४० वर्षदेखि निरन्तर रूपमा शासन सत्ताबाट विस्थापित भइ अटुट रूपमा पिडित र शोषित हुँदै आएको जनजाति भएको नाताले केही सिमित अवधिको लागि केहि सिमित पदहरूको (विशेषतःमुख्यमन्त्री/गभरनर, राज्यस्तरिय संसदको सभामुख र राज्यको लोकसेवा आयोगको अध्यक्ष) सर्न्दभमा नेवार समुदायलाई अग्राधिकार दिने नीति अपनाउनु पर्दछ । अन्य पदहरूको सन्दर्भमा त्यस्तो अग्राधिकारको अधिकारको व्यवस्था गर्नु आवश्यक देखिदैन ।

### ६.३.९ राज्यको राजधानी र केन्द्रिय/राष्ट्रिय राजधानीको स्थानान्तरण

काठमाडौं नेवार राज्यको राज्य स्तरीय राजधानी हुनेछ । हालैको स्थितिमा काठमाडौं राष्ट्रिय स्तरको राजधानी पनि हुनेछ । राज्य सरकारको लागि आवश्यक पर्ने प्रशासनिक सचिवालय (Administrative Secretareat) को लागि विभिन्न किसिमका भवनहरूको निर्माण गर्नुपर्ने हुन्छ । यस अवस्थामा काठमाडौंमा जनघनत्व र सिमेन्टको जंगलको चाप अरू बढ्न गइ हाल आवश्यक सेवाहरू (पानी, बिजुली, ढल, व्यवस्थित शहरीकरण, फाहोरमैला व्यवस्थापन इत्यादि) को अति कमी भइरहेको काठमाडौं शहर र काठमाडौं उपत्यकामा अझ बढि ती सेवाहरूको कमी हुन गइ जनतामा व्यापक रूपमा असन्तोष बढ्न जाने सम्भावना रहन्छ । साँच्चै भन्ने हो भने हाल भइरहेको द्रुतगतिको बसाइ सराइको प्रवृत्तिको कारण काठमाडौं उपत्यकामा आवश्यक सेवाहरूको ठूलो मात्रामा कमी भइ यस उपत्यकाका तिनवटै शहरहरू मृत शहरको रूपमा परिणत हुने सम्भावना टड्कारो रूपमा देखिन्छ । साथै यहाँका अति बहुमूल्य साँस्कृतिक सम्पदाहरू नष्ट हुने, चोरी हुने र विलिन हुने प्रवृत्तिले अझ बढी प्रश्रय पाउने छ । यसबाट पर्यटकीय दृष्टिकोणबाट महत्वपूर्ण राष्ट्रिय सम्पतिको ठूलो क्षति हुन जाने छ र भइरहेको पनि छ । अतः संघीय व्यवस्था अर्न्तगत नेवार राज्य स्थापना भए पश्चात तत्कालै केन्द्रीय/राष्ट्रिय राजधानी अन्यत्र उपयुक्त स्थानमा स्थानान्तरण गर्ने नीति तय गरी सो नीति लागू गर्न आवश्यक

कार्यहरू तत्कालै सुरू गर्नु पर्दछ । यसबाट प्रमुख रूपमा चारवटा सकारात्मक असरहरू पर्न जाने छन् :

- पहिलो, काठमाडौं उपत्यकामा हाल धान्नै नसक्ने गरी भइरहेको बसाइ सराइको अवान्छित प्रवृत्तिमा नियन्त्रण हुन जाने छ । र उपत्यकालाई एउटा अन्तर्राष्ट्रिय स्तरको पर्यटकीय आकर्षण केन्द्रको रूपमा विकसित गर्ने अवसर प्राप्त हुनेछ । वास्तवमा काठमाडौं उपत्यकालाई राष्ट्रिय राजधानी होइन एउटा अर्न्तराष्ट्रिय साँस्कृतिक राजधानीको रूपमा नै विकास गर्नु आवश्यक छ । यहाँको पुराना नगर क्षेत्रहरूको प्रत्येक मठमन्दिर, गल्ली, चोक र ईंटाहरूमा पर्यटकीय सम्भावना लुकेर रहेकोले त्यस किसिमको बिकास गर्ने सम्भावना पनि रहेको छ । यसबाट राष्ट्रिय अर्थतन्त्रमा नै ठूलो टेवा पुग्न जाने सम्भावना रहन्छ ।
- दोस्रो, माथि उल्लेख गरिए झैं राजधानी अन्यत्र सार्ने नीति अपनाइएमा राज्य सरकारको सचिवालयको लागि पुन: छुट्टै भवनहरू बनाइ राख्नु आवश्यक नपर्ने हुन्छ । हाल नेपाल सरकारले प्रयोग गर्दै आएको भवनहरू नै राज्य सरकारले प्रयोग गर्न सक्ने छन् । यसबाट आर्थिक मितव्ययिता हुन जाने छ ।
- तेस्रो, हाल अति आवश्यक सेवा एवं सुविधाहरू (विशेषत: पानी, ढल, इत्यादि) को कमि भएबाट अति पिडित भइरहेको काठमाडौं उपत्यकाले केही हदसम्म भएपनि राहत पाउने आशा गर्न सकिन्छ ।
- चौथो, उपत्यका बाहिरबाट आवश्यक सामग्रीहरू उपत्यकामा ढुवानी गर्न ठूलो धनराशी ढुवानी खर्चको रूपमा खर्च हुने गरेको पाइन्छ । यस्तो खर्चको बचत हुन जाने छ ।

सायद उपरोक्त सकारात्मक पक्षहरूलाई दृष्टिगत गरेर नै होला केहि स्थानीय जिल्ला स्तरीय राजनैतिक दलहरूले सर्वसम्मतिबाट नै काठमाडौंबाट राजधानी चितवनमा स्थानान्तरण गर्ने अभियान नै चलाउने निर्णय गरेका छन् ।[१५] यस बिषयमा जनचेतना जगाउने देखि अभियान नै चलाउन कार्यालय समेत स्थापना गरेको कुरा पत्रपत्रिकामा प्रकाशित भएको पाइएको छ ।[१६] त्यस्तै एउटा राजनैतिक दलको घोषणापत्रमा पनि राष्ट्रिय राजधानी काठमाडौंबाट नारायणगढ (चितवन) मा सार्नु पर्ने प्रस्ताव गरिएको छ ।[१७] त्यस्तै हालसालै मात्र एकजना राजनीतिज्ञले राष्ट्रिय राजधानी काठमाडौंबाट दाङ्ग उपत्यकामा स्थानान्तरण गर्नुपर्ने सुझाव दिनु भएको छ । अर्को एक जना लेखकले पृथ्वी राजमार्गको नजिक, मुग्लिङ्गबाट २२-२४ कि.मी जति पश्चिममा मर्स्याङ्गदी नदि पारी गोरखा जिल्लाको च्याङ्गलिङ्गमा राजधानी सार्नु उपयुक्त हुने सुझाव दिनु भएको छ ।[१८] त्यस्तै हालसालै मात्र नेपाली काँग्रेसको एक जना प्रभावशाली नेताले राजधानी काठमाडौंबाट चितवनमा सार्नुपर्ने अभिव्यक्ति दिनु भएको छ ।[१९] जेहोस्, राजधानी सार्ने ठाउँमा केही आधारभूत कुराहरू (स्वच्छ र स्वस्थ्य वातावरण, देशका सबै भू-भागका जनतालाई पायक पर्ने, धेरै घर एवं भवनहरू निर्माण गर्न आवश्यक वन्जर

---

१५ हेर्नुहोस्, परिशिष्ट, ६.१

१६ हेर्नुहोस्, परिशिष्ट ६.२

१७ हेर्नुहोस्, नेपाल राष्ट्रिय विकास पार्टी, एक सम्वृद्ध राज्य निर्माण गर्ने लक्ष्यका साथ (घोषणा पत्र), ललितपुर, २०६३

१८ सुदर्शन प्रधान, सार्नुपर्छ राजधानी, नयाँ पत्रिका, २०६६ असार २८

१९ शोभाकर पराजुली, संघीयता र राजधानीको सम्बन्ध, गोरखापत्र, २०६६ असोज २१

जमीन धेरै उपलब्ध भइ उर्वरा भूमिको क्षति नहुने व्यवस्था गर्न सकिने, पानी, बिजुली, यातायात र सडक जस्तो सेवा एवं सुविधाहरू विकास भएको वा विकास गर्न सकिने, अर्न्तराष्ट्रिय विमानस्थल विकास गर्न पर्याप्त स्थान भएको इत्यादि) विद्यमान रहेको हुनु पर्दछ । र यी सबै कुराहरूलाई ध्यानमा राखी विभिन्न बैकल्पिक स्थानहरूको विश्लेषण गरी उपयुक्त स्थानको छनौट गरी राष्ट्रिय राजधानी काठमाडौंबाट सार्नु नितान्त· आवश्यक छ । समग्रमा राष्ट्रिय राजधानी अन्यत्र स्थानान्तरण गर्नुपर्ने आवश्यकताको महसूस विस्तारै तर शसक्त रूपमा भइरहेको आभाष पाइन्छ ।[२०] र यस आवश्यकतालाई वास्तविकतामा रूपान्तरण यथासक्य शिघ्र गर्नु अति आवश्यक छ र यसरी राष्ट्रिय/केन्द्रिय राजधानी अन्यत्र सारिए पछि हालको काठमाडौंलाई कान्तिपुर नामाकरण गरि सो शहरलाई राज्यको राजधानीको रूप दिई जिल्लाको नाम मात्रै काठमाडौं राख्ने व्यवस्था गरिनु पर्दछ ।

### ६.३.१० संघीयता सम्बन्धी केही भ्रमपूर्ण सोचहरू र भ्रम निवारण

नेपालको प्रस्तावित संघीयता र त्यस अर्न्तगत श्रृजना गरिने राज्य/प्रदेशहरूको बारेमा केही भ्रमपूर्ण सोचहरू नेपाली समाजको विभिन्न तह एवं तप्काहरूमा प्रवाह भइरहेको पाइन्छ । यहाँ त्यस्तो केही प्रमुख भ्रमपूर्ण सोचहरू सम्बन्धी भ्रमहरू निवारण गर्ने प्रयास गरिएको छ । जुन निम्नानुसार छन् :

### ६.३.१०.१ सानो देश भएकोले संघीयता आवश्यक नभएको भन्ने सोच

नेपाल जस्तो सानो देशमा संघीय व्यवस्था लागू गर्नु आवश्यक छैन र केवल विकेन्द्रीकरणको माध्यमबाट स्थानीय निकायहरू (गाउँ विकास समिति, जिल्ला विकास समिति र नगरपालिकाहरू) लाई सवल बनाइ स्थानीय स्वायत्त शासनको अवधारणालाई मात्र कार्यान्वयन गरिएमा नै पर्याप्त हुन्छ भन्ने एंउटा सोच नेपाली समाजमा प्रवाह भइरहेको पाइन्छ । वास्तवमा यो भ्रमपूर्ण सोच नै हो भन्ने कुरा निम्न ३ वटा तर्कहरूबाट पुष्टि हुन आउछ :

- पहिलो, नेपाल एउटा सानो देश नभइ एउटा मध्यमस्तरीय मुलुक हो भन्ने कुराको विश्लेषण परिच्छेद १ मा भइसकेको छ र सामाजिक-आर्थिक विविधताको दृष्टिकोणबाट भन्ने हो त नेपाल एउटा ठूलै देश हो । यस किसिमको विविधतायुक्त मध्यस्तरीय आकारको देश नेपालमा संघीयताको आवश्यक पर्दैन भन्नु उपयुक्त हुने देखिदैन ।
- दोस्रो, संघीय व्यवस्था भन्नु पनि एक किसिमको विकेन्द्रीकरणको अवधारणामा आधारित हुने शासन व्यवस्था नै हो । केवल स्थानीय निकायहरू भन्दा माथिल्लो स्तरमा (राज्य/प्रदेशस्तर) मा राजनैतिक इकाइ श्रृजना गरी ति इकाइहरूमा विकेन्द्रीकरणको माध्यमबाट नै राज्य शक्तिको विभाजन/वितरण गरी देशको शासन व्यवस्था संचालन गर्ने पद्धति हो -संघीय व्यवस्था । अतः संघीय व्यवस्थामा विकेन्द्रीकरणको अवधारणा लागू नहुने होइन । साथै विकेन्द्रीकरणको

[२०] हालैमात्र एकीकृत नेकपा माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराईले पनि केन्द्रिय राजधानी अन्य ठाउँमा सार्नुपर्ने जिकीर गर्नु भएको छ । हेर्नुहोस्, गोरखापत्र, कार्तिक २२, २०६६ ।

माध्यमबाट स्थानीय स्वायत्त शासनको व्यवस्था संघीयता अर्न्तगत पनि अनिवार्य रूपले गरिएको हुन्छ । केवल विकेन्द्रीकरण र स्थानीय निकायहरूको स्वायत्त शासन राज्य सरकारको कार्य क्षेत्र अर्न्तगत रहने व्यवस्था गरिन्छ र राज्यको आवश्यकता अनुसार गाविस, जिविस र नगरपालिकाहरूको भौगोलिक क्षेत्र र संख्या निर्धारण गरिनु पर्ने हुन्छ ।

- तेस्रो, विकेन्द्रीकरणको माध्यमबाट स्थानीय निकायहरूको प्रवर्धन गरी स्थानीय स्वायत्त शासनको व्यवस्था गर्न नेपालले अटुट रूपमा विगत पाँच दशक भन्दा बढीको अवधिसम्म अथक प्रयास एवं प्रयत्न गरिसकेको छ । तर ति सबै प्रयास एवं प्रयत्नहरूबाट खास सकारात्मक परिणाम केहि पनि देखिएन र वास्तवमा ति सबै प्रयास एवं प्रयत्नहरू असफलसिद्ध भएका छन् । साँच्चै भन्ने हो भने गत: पाँच दशक भन्दा बढीको अवधिमा ·एक किसिमका "केन्द्रिकृत विकेन्द्रिकरण" (Centralized decentralization) को प्रारूप मात्र विकास हुन गएको छ ।[२१] अत: यसरी असफल प्रमाणित भएको विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको विकल्पको रूपमा नै संघीय शासन व्यवस्थाको अंगिकार गर्नु वास्तविकतामा आधारित सहि दिशा तर्फको सहि कदम नै मान्नु पर्ने हुन्छ ।

### ६.३.१०.२ संघीयताले देश टुक्राउँछ भन्ने सोच

संघीयताले देश टुक्राउँछ भन्ने अर्को भ्रमपूर्ण सोचको पनि समाजमा प्रवाह भइरहेको पाइन्छ । वास्तवमा संघीयताले देशलाई टुक्राउने होइन देशलाई टुक्रिनबाट बचाउँछ । यस भनाइको पुष्टि निम्न कारणबाट हुन आउछ ।

- सामाजिक, साँस्कृतिक, धार्मिक, भौगोलिक एवं आर्थिक दृष्टिकोणबाट विविधतापूर्ण नेपाल जस्तो देशका २४० वर्षदेखि अपनाइदै आएको केन्द्रिकृत एवं एकात्मक शासन व्यवस्था अर्न्तगत केवल खास केही सिमित समूहहरूले मात्र शासन व्यवस्थामा एकाधिकार कायम गर्ने मौका पाइ अन्य समूहहरू एवं जातजातिहरूले राज्य संचालनको प्रक्रियाबाट अल्लगिनु पर्ने बाध्यताको वातावरणको श्रृजना हुन गएको छ । फलस्वरूप उनीहरूमा राष्ट्रप्रति समर्पण हुने भावनाको कमी हुनु अस्वभाविक होइन । "देश हाम्रो हो राज्य हाम्रो होइन" भन्ने नकारात्मक सोचको विकास उनीहरूमा भएको पाइन्छ । यस्तो सोच नै कालान्तरमा राष्ट्र बिखण्डनको आधार बन्न जान्छ । १९७१ मा भएको तत्कालिन पाकिस्तानको विखण्डन र बंगलादेशको जन्म यस्तो सोचको परिणामको ज्वलन्त उदाहरण हो ।[२२] तर संघीय व्यवस्थामा विभिन्न राज्य/प्रदेशहरू निर्माण हुने हुँदा शासन संचालनमा विभिन्न जातजाति एवं समुदायहरूलाई शासन प्रक्रियामा समावेशीकरण गर्न सजिलो हुन जान्छ । फलस्वरूप उनीहरूमा "देश मात्र होइन राज्य पनि हाम्रो हो"

---

[२१] हेर्नुहोस्, यस सम्बन्धी विस्तृत विश्लेपण एवं चर्चाको लागि, तुलसी नारायण श्रेष्ठ, दि इम्प्लीमेन्टेशन अफ डिर्सेन्ट्रलाइजेसन स्कीम इन नेपाल : आयन आयसेस्मेन्ट आयण्ड लेसन्स फर फ्यूचर, जोशी पब्लिकेशन, काठमाडौं, १९९९

[२२] हेर्नुहोस्, विस्तृत विश्लेपणको लागि सुरेन्द्रनाथ कौशिक, फेडरल एक्सपिरेन्स इन पाकिस्तान, मिठ आयन्ड रियलिटी र वाइ. रफिक अहमद, सिसेसन आयण्ड फेडरल पोलिटी, कौउशर जे. आजम, (सम्पादक), फेडरलीजम आयण्ड गुड गभरनायन्स: इस्यूज एक्रोस कल्यर्स, साउथ एशियन पब्लिसर्स, न्यू दिल्ली, १९९८ ।

भन्ने भावनाको विकास हुन जान्छ र यस्तो सकारात्मक सोच नै राष्ट्रिय एकताको आधारशिला बन्न जान्छ । अत: देशलाई बिखण्डन गर्ने होइन, देशलाई विखण्डन हुनबाट संघीयताले बचाउँछ । यसको ज्वलन्त उदाहरण हो भारतको संघीय व्यवस्था । भारतीय नेताहरूले भाषा, संस्कृति र जातिको आधारमा राज्यहरू श्रृजना गरी संघीय शासन व्यवस्थाको कायम नगरेको भए सायद आज अखण्डित एवं सुदृढ भारतको रूप पाउन मुश्किल हुन्थ्यो होला ।[२३] तसर्थ जातीय, भाषिक, साँस्कृतिक, भौगोलिक दृष्टिकोणबाट भारतजस्तै विविधतायुक्त नेपालमा संघीयताले मुलुकलाई टुक्राउँछ भन्ने सोच भ्रमपूर्ण छ र वास्तवमा संघीयताले विखण्डन होइन राष्ट्रिय एकतालाई सुदृढ बनाउन सघाउ पुऱ्याउँछ ।

### ६.३.१०.३ हिमाल, पहाड, तराइको भूभाग मिलाएर मात्र राज्य/प्रदेशहरू निर्माण गर्नुपर्छ भन्ने सोच

संघीयताको व्यवहारिकरण गरिएमा पनि राज्य/प्रदेशहरूको श्रृजना वर्तमानको पाँच वटा विकास क्षेत्रहरू जस्तै हिमाल, पहाड तराइका भू-भागहरू मिलाएर मात्र राज्य/प्रदेशहरूको श्रृजना गर्नु पर्छ भन्ने एउटा सोच सशक्त रूपमा प्रवाह भइरहेको पाइएको छ । यस सोंचमा अर्न्तनिहित प्रमुख सैद्धान्तिक कारण हो त्यस्ता राज्य/प्रदेशहरूमा आर्थिक रूपमा तराई, पहाड र हिमाली क्षेत्रहरूको विविध आर्थिक श्रोतहरूको परिचालन गरी प्रत्येक राज्य/प्रदेशले आर्थिक लाभ लिन पाउने र विविध क्षेत्रहरूमा बसोबास गर्ने विविध जातजातिहरूको समुदायहरूको बीचमा मानसिक रूपमा नजिकपना आइ राष्ट्रिय एकतामा सुदृढपना ल्याउन सघाउ पुग्न जाने विश्वास । केही हदसम्म यस्तो सोच र भनाइमा सत्यता नरहेको होइन । वास्तवमा यस्तो प्रदेश/ राज्यहरूले विभिन्न जातजातिका समुदायहरूको मनमा मिलान (meeting of minds) ल्याउन सक्छ ।[२४] तर वर्तमान परिवेशमा त्यस्तो प्रारूप व्यवहारिक हुन सक्दैन । कारण एक दशकको जनयुद्ध र तत्पश्चातका राजनैतिक घटनाक्रमहरूबाट नेपाली समाजमा सामाजिक, राजनैतिक, जातीय चेतनाको अभिवृद्धि निकै मात्रामा भएको छ । र यस्तो चेतनाको अभिवृद्धिको परिवेशमा मधेशी, थारू, लगायत कुनै पनि जनजातिका समुदायहरू हिमाल, पहाड, तराईको भौगोलिक क्षेत्रहरू समाहित गरिएको राज्य/प्रदेशहरू स्वीकार गर्न मानसिक रूपले तयार हुने स्थितिमा देखिदैन र जवरजस्ति त्यस्तो प्रारूप लादिएमा त्यस्को नकारात्मक असर मात्र पर्ने हुन्छ । अत: उक्त किसिमको राज्य/प्रदेशहरूको कल्पना गर्नु हालको परिवेशमा व्यवहारिक हुँदैन र त्यस्तो सोच सायद निरंकुश पंचायत व्यवस्थामा उपयुक्त हुन्थ्यो होला तर हाल सो सोच केवल मिट्थ्याहा कल्पना मात्रै हुन्छ, वास्तविक हुन सक्दैन । अत: यसलाई पनि केवल भ्रमपूर्ण सोच नै मान्न सकिन्छ ।

### ६.३.१०.४ भुरेटाकुरे राज्यहरू निर्माण हुन्छ भन्ने सोच

---

[२३] हेर्नुहोस्, सुधिर जे. जर्ज, सिपरेटिप्ट टेन्डेन्सीज इन नर्थ इप्ट इन्डीया आयण्ड दि फेडरल रेस्पोन्स, र प्रदिपकुमार, इन्डियन फेडरलिज्म इस्यूज आयण्ड च्यालेन्जेज इन दि कन्टेक्स अफ डेमान्डस फर न्यू स्टेट्स, काउशर जे. आजम (सम्पादक), फेडरलिज्म आयण्ड गुड गभरनायन्स : इस्यूज एक्रोस कल्चर्स, साउठ एशियन पब्लिसर्स, न्यू दिल्ली, १९९८ ।

[२४] हेर्नुहोस्, यस सम्बन्धि विस्तृत विश्लेपणको लागि तुलसी नारायण श्रेष्ठ, दि कन्सेप्टस अफ लोकल गभरमेन्ट आयण्ड डिसेन्ट्रिलाइजेसन, रत्न पुस्तक भण्डार, काठमाडौं, १९९६

एक सयभन्दा बढी जातजातिहरूले बसोबास गरेको देशमा जातियताको आधारमा राज्य/प्रदेशहरू निर्माण गरिएमा तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहबाट गरिएको (तथाकथित) एकीकरण हुनुभन्दा पहिले जस्तै पुनः नेपालमा थुप्रै भुरेटाकुरे साना साना राज्यहरूको रूपमा बाइसे-चौविसे राज्यहरूको पुर्नस्थापना हुन्छ भन्ने एउटा भ्रमपूर्ण सोच पनि प्रवाह भैरहेको पाइन्छ । वास्तवमा यस्तो सोच वास्तविकबाट निकै टाढा छ भन्ने कुराको पुष्टि निम्न २ वटा बुँदाहरूको आधारमा गर्न सकिन्छ ।

- पहिलो, राष्ट्र/उपराष्ट्रियताको आधारमा राज्य/प्रदेश श्रृजना गर्नुको मतलव एक सय भन्दा बढी राज्य/प्रदेशहरूको निर्माण गर्नु होइन । वास्तवमा समान भाषा, पुर्ख्यौली थलो, संस्कृति, मनोवैज्ञानिक एकता जस्ता विशेषताहरूयुक्त राष्ट्रको स्थितिमा रहेका जातिहरूको नाममा मात्र राज्य/प्रदेश निर्माण हुन सक्छ । दुई चार सय वा दुई चार हजार जनसंख्या भएका “जात”को समुदायको लागि छुट्टै राज्य/प्रदेश गर्नु व्यवहारिक हुँदैन । अतः भुरे टाकुरे राज्यहरूको पुर्नस्थापना हुने होइन बरू वर्तमान परिवेशको आवश्यकता अनुसार नेपाल राज्य-राष्ट्र भित्रका विभिन्न राष्ट्रहरू/उपराष्ट्रियताहरूको आधारमा मात्र सवल एवं उपयुक्त राज्य/प्रदेशहरू निर्माण गर्नुपर्ने हुन्छ ।

- दोस्रो, राज्य/प्रदेश भित्र साना साना जात/जातिका समुदायहरू ( राष्ट्र/राष्ट्रियताको परिभाषा भित्र समाहित हुन नसक्ने चेपाङ्ग जस्ता समूहहरू लगायत) को लागि छुट्टा छुट्टै स्थानीय निकायहरू र त्यस्ता निकायहरूको वडाहरू समेत श्रृजना गर्न सकिन्छ । हाल गोरखा, धादिङ्ग, मकवानपुर, चितवन जस्ता जिल्लाहरूमा छरिएर रहेको चेपाङ्गहरूको जनसंख्यालाई ध्यानमा राखी राज्य भित्र उनीहरूको लागि छुट्टै जिल्ला श्रृजना गरि उनीहरूको छुट्टै जिल्ला विकास समिति गठन गर्न सकिन्छ र स्थानीय स्तरमा उनीहरूलाई स्वशासनको अवसर दिने व्यवस्था गर्नुपर्ने हुन्छ । त्यस्तै कुनै जातिको बाहुल्यता भएको कुनै सानो क्षेत्रलाई स्थानीय निकायको एउटा वडा श्रृजना गरी उनीहरूलाई आफ्नो वडा स्तरमा स्वशासन संचालन गर्ने अवसर प्रदान गरिनु पर्दछ । यसबाट स्थानीय स्तरमा “समुदायको सशक्तिकरण” (community empowermet) हुने जाने गुन्जाइस रहन्छ । यस किसिमले सबै जातजातिका समुदायहरूलाई कुनै न कुनै किसिमले राज्य/प्रदेशको शासन व्यवस्थामा संलग्न गराउने वातावरणको श्रृजना हुन जाने छ ।

**६.३.१०.५ संघीयता अर्न्तगतका राज्यहरूको स्थिति** (position/status) **बारेको भ्रमपूर्ण सोच**

संघीयता अर्न्तगत श्रृजना हुने राज्य/प्रदेशहरू करिव करिव स्वतन्त्र जस्तै हुने हुन की ? भन्ने केही भ्रमपूर्ण सोच पनि केही मात्रामा नेपाली समाजमा प्रवाह भइरहेको पाइन्छ । वास्तवमा यस्ता सोच पूर्णरूपमा भ्रमपूर्ण छन् भन्ने कुराको पुष्टि निम्न बुँदाबाट हुन आउँछ ।

- संघीयता अर्न्तगत श्रृजना हुने राज्य/प्रदेशहरू स्वतन्त्र हुन सक्दैन र हुँदैनन् पनि । वास्तवमा देशको शासन, संचालन प्रभावकारी ढंगले होस, सबै राष्ट्र/उपराष्ट्रिय समूहहरू र जातजातिहरूको लागि शासन संचालनको प्रक्रियामा सजिलैसित पहुँच (access) प्राप्त होस, शासन संचालनको कार्य

सुविधाजनक होस् र विकासको गतिमा तिब्रता आवोस भन्ने हेतुले मात्र संघीयता अर्न्तगत राज्य/प्रदेशहरू श्रृजना गरिने हुन् । यिनीहरूको स्थिति (Status) व्यवहारमा केवल माथिल्लो स्तरको राजनैतिक एवं प्रशासकीय इकाईहरूको रूपमा मात्र रहेको हुन्छ । यिनीहरू न त पूर्णरूपले स्वतन्त्र राज्य हुन्छन् न त यिनीहरूको भौगोलिक क्षेत्रहरू नै अपरिवर्तनीय हुन्छन् । भारतमा सुरू सुरूमा १४ वटा राज्यहरू थिए भने हाल २९ वटा राज्यहरू अस्तित्वमा रहेका छन् । विहार, उत्तर प्रदेश र मध्य प्रदेशका भौगोलिक क्षेत्रबाट नै क्रमश: झारखण्ड, उत्तराञ्चल र छत्तिसगढ जस्ता नयाँ राज्यहरू केही वर्ष अघि मात्र श्रृजना गरिएका हुन् । हाल पश्चिम वंगालको भौगोलिक क्षेत्रबाट नै छुट्टै गोरखाल्याण्ड श्रृजना गर्ने समेत प्रयत्न भइरहेको छ । यस दृष्टिकोणबाट भन्ने हो भने राज्य राज्यहरूको बीचमा यातायात, दैनिक उपभोग्य सामानहरूको ढुवानी लगायत अन्य सामानहरूको ढुवानी, जलश्रोत लगायत अन्य प्राकृतिक श्रोतहरूको प्रयोग जस्ता विभिन्न बिषयहरूमा कुनै किसिमको अवरोध आउनु हुँदैन र यस्तो अवरोध नआउने व्यवस्था गर्न केन्द्रिय सरकारले प्रभावकारी रूपमा समन्वयकारीको भूमिका खेल्नु पर्ने हुन्छ र खेल्ने गर्दछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । त्यस्तै राज्य सरकार अर्न्तगत सेना रहने व्यवस्था पनि गरिएको हुँदैन । अत: कुनै पनि राज्य पूर्णरूपले स्वतन्त्र हुन सक्दैन ।

## ६.४ सम्भावित सकारात्मक प्रभावहरू

प्रस्तावित संघीय व्यवस्था अर्न्तगत नेवार राज्यको श्रृजनाबाट नेवार समुदायमा पर्न सक्ने सम्भावित सकारात्मक प्रभावहरू निम्न छन् :

- सत्तामा पहुँच र नेतृत्व विकास
- रोजगारीको अवसरमा बृद्धि
- नेपाल भाषा, साहित्य र संस्कृतिको विकास
- साँस्कृतिक सम्पदाहरूको संरक्षण एवं प्रवर्धन र पर्यटनको विकास
- व्यवस्थित किसिमको शहरी विकास हुने
- आर्थिक विकासमा तिब्रता आउने

### ६.४.१ सत्तामा पहुँच र नेतृत्व विकास

संघीय व्यवस्था अर्न्तगत नेवार राज्यको स्थापना भए पश्चात हाल सत्ताबाट पूर्णरूपमा विस्थापित (विशेषत: २०४६ साल पश्चात निजामती सेवामा समेत तुलनात्मक रूपमा पहिले भन्दा निकै बढी मात्रामा सीमान्तकृत हुँदै गइरहेको) नेवार समुदायले राज्य स्तरमा भएपनि सत्तामा पहुँच प्राप्त गर्न समर्थ हुने छ । त्यस्तै किसिमले प्रस्तावित संघीय व्यवस्था अर्न्तगत श्रृजना हुने नेवार राज्यमा बसोबास गर्ने अन्य समुदायहरूले पनि समानुपातिक हिसावले सत्तामा पहुँच प्राप्त गर्न समर्थ हुनेछन् । यसबाट नेवार लगायत नेवार राज्यमा बसोवास गर्ने सबै समुदायहरूमा नेतृत्वको गुणको विकास हुन जानेछ । फलस्वरूप उनीहरूले केन्द्रीय स्तरको सत्तामा समेत भविष्यमा आफ्नो पहुँच प्राप्त गर्न सक्नेछन् । यसको साथै हाल तिब्रगतिमा आफ्नो व्यापार, व्यवसाय र भू-स्वामित्वबाट विस्थापित हुनुपर्ने बाध्यात्मक परिस्थितिको सामना गर्नु परिरहेका नेवारहरूले त्यस्तो परिस्थितिबाट केही हदसम्म भएपनि मुक्ति पाउने आशा गर्न सकिन्छ ।

**६.४.२ रोजगारीको अवसरमा बृद्धि हुने**

नेवार राज्यको आफ्नै छुट्टै राज्य सरकार हुनुको साथै आफ्नै निजामती र प्रहरी सेवा हुनेछ । साथै राज्य सरकारले विभिन्न किसिमका विकास कार्यहरू समेत गर्नुपर्ने परिस्थितिको श्रृजना हुन जान्छ । फलस्वरूप राज्यमा विभिन्न क्षेत्रमा रोजगारीको श्रृजना हुन जान्छ र नेवार लगायत अन्य सबै समुदायहरूको लागि रोजगारीको बढी अवसर बृद्धि भइ उनीहरू सबै बढि मात्रामा लाभान्वित हुनेछन् ।

**६.४.३ नेपाल भाषा, साहित्य र संस्कृतिको विकास**

नेपाल भाषा, साहित्य र नेवारी संस्कृतिको विकास गर्नु नेवार राज्य सरकारको एउटा प्रमुख कर्तव्य एवं दायित्व हुन जाने छ र नेपाल भाषालाई पनि राज्यको सरकारी कामकाजको एउटा भाषाको रूपमा मान्यता दिनुपर्ने हुन्छ । फलस्वरूप हालसम्म उत्पीडनको मारमा पर्दै आएको नेपाल भाषा, साहित्य र नेवारी संस्कृतिले फल्ने फुल्ने मौका पाउने छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । त्यस्तै नेवार राज्यभित्रको अन्य समुदायहरूको भाषा, साहित्य र संस्कृतिले पनि फल्ने फुल्ने अवसर प्राप्त गर्ने छ भन्ने कुरामा पनि आश्वस्त हुन सकिन्छ ।

**६.४.४ सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रर्वधन**

नेवार समुदायले हजारौं वर्ष अधिदेखि विभिन्न किसिमका साँस्कृतिक सम्पदाहरू श्रृजना गर्दै आएका छन् । तर ती सबै साँस्कृतिक सम्पदाहरूको उचित संरक्षण र प्रवर्धन हुँदै आएको पाईदैन । नेवार राज्यमा त्यस्ता सम्पदाहरूको उचित संरक्षण र प्रवर्धन हुने कुरामा पूर्ण विश्वास गर्न सकिन्छ । कारण, त्यस राज्यको सरकार सम्पदाहरूको संरक्षण र प्रवर्द्धनप्रति बढी संवेदनशील हुनुपर्ने हुन्छ । साथै यस्तो साँस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धनबाट नेवार राज्य भित्र पर्यटन विकास गर्ने कार्यमा प्रशस्त मात्रामा सघाउ पुग्न जाने कुरामा पनि आशा गर्न सकिन्छ र यसबाट पर्याप्त आर्थिक श्रोतको परिचालन हुने आशा गर्न सकिन्छ ।

**६.४.५ व्यवस्थित किसिमको शहरी विकास**

काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूमा हाल देशको विभिन्न ठाउँहरूबाट अनियन्त्रित र अव्यवस्थित किसिमले बसाइ सर्ने प्रवृत्तिको तिव्र गतिमा विकास भइरहेको कुरा माथि चर्चा भइसकेको छ । यसबाट काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूमा नकारात्मक प्रभावहरू (विशेषत: वातावरणीय प्रदुषण, पानी, ढल, यातायात, जस्ता अत्यावश्यक सेवा एवं वस्तुहरूको कमि, मूल्य वृद्धि, इत्यादि) परिरहेका छन् । साथै काठमाडौं उपत्यकामा अति अनियन्त्रित किसिमले अव्यवस्थित शहरी विकासको गतिविधिहरू द्रुतगतिमा बढिरहेको पाइन्छ । संघीय व्यवस्था अर्न्तगत नेवार राज्यको श्रृजना भए पश्चात उपरोक्त नकारात्मक प्रभाव एवं गतिविधिहरूमा केही हदसम्म भएपनि कमि हुने आशा गर्न सकिन्छ । कारण :

- देशका अन्य राज्यहरूमा आ-आफ्नै सरकारको गठन हुनुको साथै आ-आफ्नै निजामती सेवाको श्रृजना हुनेछ । त्यस्तै विभिन्न विकास कार्यहरू संचालन हुनुको साथै राज्यहरूको आ-आफ्नै राजधानीहरू (State Capitals) समेत विकास

हुन जाने र ती राज्यहरूका जनताले आ-आफ्नै राज्यहरूमा कामको अवसर प्राप्त हुने वातावरण बन्न जाने छ । फलस्वरूप उनीहरूले कामको लागि बाध्य भइ आफ्नो ठाउँ परित्याग गरी काठमाडौं उपत्यकामा बसाइ सराइ गर्ने हालको प्रवृत्तिमा धेरै हदसम्म कमी हुन जाने छ र काठमाडौं उपत्यकामा व्यवस्थित किसिमले नगर/शहरहरूको विकास गर्ने सम्भावनाको अभिवृद्धि हुन जाने छ ।

- माथि उल्लेख गरिए झैं केन्द्रीय सरकारको राजधानी समेत अन्यत्र सारिएमा पनि काठमाडौं उपत्यकामा अनियन्त्रित किसिमले बढिरहेको जनसंख्याको चाप धेरै हदसम्म घट्न जाने सम्भावना रहन्छ । यसबाट काठमाडौं उपत्यकालाई व्यवस्थिति किसिमले विश्वका पर्यटकीय एवं सांस्कृतिक केन्द्रको रूपमा विकास गर्ने दृष्टिकोणबाट विकास गर्ने सम्भावना रहन्छ । वास्तवमै सुन्दर र व्यवस्थित शहरको रूपमा काठमाडौं उपत्यकालाई विकास गर्न सकिने छ र यसले विश्वको साँस्कृतिक एवं पर्यटकीय राजधानीको रूप लिन सक्नेछ । यसबाट प्रशस्त मात्रामा विदेशी मुद्रा आर्जन हुन गइ राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्न सघाउ पुग्न जाने विश्वास गर्न सकिन्छ ।

### ६.४.६ आर्थिक विकासमा तिव्रता आउने

देशको शासन सत्तामा पहुँच विना कुनै पनि समुदायले आफ्नो क्षेत्रको विकास गर्न सक्दैन । कारण त्यस्तो समुदायमा आफ्नो क्षेत्रको विकासको लागि आवश्यक पर्ने दुरदृष्टि (vision), नीति र योजना/कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न र विकासको लागि आवश्यक पर्ने श्रोतहरूको उचित तरिकाले परिचालन गर्ने अधिकार समेत हुँदैन । राज्यको सत्ता आफ्नो नियन्त्रणमा रहेको कारणले नै नेवार समुदायले मल्लकालिन नेपाललाई तत्कालिन समयसापेक्ष रूपमा प्रशस्त मात्रामा विकास गरी आफ्नो आर्थिक स्थिति सुदृढ बनाउन समर्थ भएका थिए । वास्तवमै सुदृढ आर्थिक दृष्टिकोणबाट मल्लकाललाई नेपालको इतिहासमा "स्वर्णयुग" नै भनिन्छ ।[२५] तर पृथ्वीनारायण शाहले नेवार राज्यहरूको विजय गरे पश्चात नै सत्ताबाट विस्थापित नेवार समुदायले हालसम्म पनि आफ्नो क्षेत्रको लागि खास विकास गर्न सकेका छैनन् । तथापि प्रस्तावित संघीय व्यवस्था अर्न्तगत नेवार राज्यको स्थापना पश्चात यहाँका सरकारले यस राज्यको आर्थिक विकास गर्न आवश्यक दूरदृष्टि (Vision), लक्ष्य (Goal), उद्देश्य, नीति एवं कार्यक्रमहरू[२६] तर्जुमा गरी सशक्त रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । यस्तो विकासको प्रक्रियामा नेवार लगायत अन्य सबै समुदायहरूलाई सहभागी बनाउनु पर्ने हुन्छ र बिना कुनै भेदभाव सबै समुदायहरूलाई विकासको फल प्राप्त हुने बातावरणको श्रृजना गर्नु पनि नितान्त आवश्यक हुन जान्छ । यसबाट नेवार राज्यको आर्थिक विकासमा तिव्रता आउने विश्वास गर्न सकिन्छ ।

## ६.५ उपसंहार

---

२५ हेर्नुहोस, यस सम्बन्धी चर्चाको लागि, मुक्ति प्रधान, नेवार जाति उत्पीडन र स्वशासन, अर्थ प्रकाशन प्रा.लि. काठमाडौं, २०६४

२६ विशेपत: यस्ता नीति तथा कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गर्दा राज्यसरकारले सबै जात जातिका धनी र गरिव वर्गको विचमा रहेको फासललाई कम गर्ने प्रयत्न गर्नुको साथै उत्पादशील क्षेत्रमा बढी ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ ।

गत दुई सय चालिस वर्षदेखि प्रयोगमा आइरहेको केन्द्रीकृत एवं एकात्मक शासन व्यवस्थाबाट नेपाली समाजमा मूलतः २ वटा नकारात्मक प्रभाव परिरहेको पाइन्छ ।

- पहिलो, नेपाल सबै जात/जातिको फूलवारी हो भन्ने सिद्धान्तको व्यवहारिकरण हुन नसकि सम्पूर्ण शासन व्यवस्थामा सिमित समुदाय/समुदायहरूको मात्र हालिमुहाली हुन गएको थियो र हालसम्म पनि धेरै हदसम्म त्यस्तै स्थिति विद्यमान रहेको पाइन्छ । यसबाट विविधतायुक्त समाजमा विभिन्न समुदायहरूको बिचमा एकताको भावना अभिवृद्धि गर्न गाह्रो महसूस गरिएको छ । फलस्वरूप नेपाली समाजका सबै तह र तप्काका समुदायहरूमा वान्छित मात्रामा राष्ट्रियताको भावनाको विकास हुन सकेको पाईदैन ।

- दोस्रो, विभिन्न समुदायहरूको चाहनाहरू अनुरूप नीति योजना/कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न केन्द्रीकृत एवं एकात्मक शासन व्यवस्था अर्न्तगत सम्भव नहुने भएकोले विकास प्रक्रियामा वान्छित मात्रामा तिव्रता आउन सकेको छैन । फलस्वरूप नेपाली समाजकै सबै तह तप्काका समुदायहरूको जनसमूहहरूको जीवनस्तरमा अभिवृद्धि हुन सकेको छैन ।

वर्तमान शासन व्यवस्थाको उपरोक्त नकारात्मक प्रभावहरूको अन्त्य गरी सामाजिक, आर्थिक विकासको गतिमा तिब्रता ल्याउन संघीय शासन व्यवस्था अपनाउनु नितान्त आवश्यक भएकोले नै वर्तमान अन्तरिम संविधानले वर्तमान नेपाली समाजलाई सोही दिशा तर्फ उन्मुख गर्ने जमर्को गरेको छ । यसै संवैधानिक भावना अनुरूप यस परिच्छेदमा नेपालको प्रस्ताविक संघीय शासन व्यवस्थाको लक्ष, उद्देश्य र औचित्यताको विवेचना गरिएको छ । साथै प्रस्तावित संघीय व्यवस्था अर्न्तगत नेवार समुदायको छुट्टै नेवार राज्यको अवधारणाको संक्षिप्त रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ र त्यस्तो अवधारणाको विश्लेषण गर्ने सन्दर्भमा नेवार राज्यको नामाकरण, यसको लक्ष र यसको निर्देशक सिद्धान्तहरूको विवेचना गरिएको छ । साथै नेवार राज्य निर्माणका आधारहरू, नेवार राज्यको भौगोलिक आकार, शासकीय स्वरूप, नेवार राज्यको सवैधानिक रूपमा प्रदत्त हुनुपर्ने अधिकार र कार्य क्षेत्रहरू, आत्मनिर्णय र अग्राधिकारको अधिकार र स्वशासितता, समावेशीकरणको नीति, लोकतान्त्रिक शासन व्यवस्था, राष्ट्रिय राजधानीको स्थानान्तरण, नेवार राज्यको निर्माणबाट पर्ने सम्भावित सकारात्मक प्रभावहरू र संघीय व्यवस्था सम्बन्धी केही भ्रमपूर्ण सोचहरू जस्ता विभिन्न पक्षहरूको बारेमा चर्चा गरिएको छ । समग्रमा प्रस्तावित संघीय शासन व्यवस्था अर्न्तगत नेवार राज्यको निर्माणबाट नेवार समुदाय लगायत सो राज्यमा बसोवास गर्ने अन्य सबै समुदायहरूको राजनैतिक, सामाजिक, साँस्कृतिक एवं आर्थिक अवस्थामा व्यापक रूपमा सुधार हुने आशा एवं विश्वास गर्न सकिन्छ ।

# ७

# सारांश र निष्कर्षहरू

## ७.१ सारांश

सात परिच्छेदहरूमा विभाजित यस अध्ययनको पहिलो परिच्छेदमा बिषय-प्रवेश, अध्ययनको उद्देश्य, विधि (methodology) र संगठनात्मक स्वरूपको चर्चा गरिएको छ । नेवारहरूको पहिचान र पृष्ठभूमिको विश्लेषण गर्ने सन्दर्भमा नेवार समुदायको केही प्रमुख पक्षहरूको बारेमा संक्षिप्त रूपमा विवेचना, विश्लेषण एवं चर्चा गर्नु नै समग्र उद्देश्य (overall objective) रहेको यस अध्ययनको खास उद्देश्यहरू चार वटा छन् । ति हुन् :

- नेवार समुदायको पहिचान र पृष्ठभूमिको विवेचना गर्ने
- नेवार समुदायको जातिय परम्पराको विकास र यसको वर्तमान स्वरूपको बारेमा विश्लेषण गर्ने
- नेवार समुदायको सामाजिक संस्कारहरूको चर्चा गर्ने र
- प्रस्तावित संघीय व्यवस्थाको सन्दर्भमा श्रृजना हुनुपर्ने नेवार राज्यको विभिन्न पक्षहरू माथि प्रकाश गर्ने ।

दोस्रो परिच्छेदमा नेवार समुदायको पहिचान र पृष्ठभूमिको बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ। यस्तो प्रयास गर्ने सन्दर्भमा मूलतः चारवटा बुँदाहरूमा प्रकाश पारिएको छ। ति हुन् :

- "नेपाल" र "नेवार" को अन्तरसम्बन्ध
- "नेवार" शब्दको उत्पत्ति र विकास
- "नेवार" समुदायको बनावट र पृष्ठभूमि
- नेवार समुदायको नश्ल, सभ्यता, संस्कृति, भाषा एवं साहित्य र शासन व्यवस्था

नेवार र नेपाल घनिष्ट रूपले अति प्राचिनलकालदेखि नै अन्तर सम्बन्धित हुँदै आएको कुरा औंल्याइएको छ । नेपाल शब्दको उत्पत्ति र विकास प्रक्रियामा नै नेवार समुदायको गहिरो संलग्नता रहेको पाइएको छ । जातिवाचक नेवार नाम वास्तवमा देश/राष्ट्रवाचक नेपाल कै अर्को रूप हो भन्ने कुरा दर्शाइएको छ । त्यस्तै नेवार शब्दको उत्पत्ति र विकाससित सम्बन्धित विभिन्न सिद्धान्तहरूको चर्चा गरिएको छ । "नेवार" नेपाल उपत्यकाको आदिवासी र जनजाति हुनुको साथै "नेवार" वास्तवमा एउटा राष्ट्र नै हो भन्ने कुराको पुस्ट्याइ पनि गरिएको छ ।

नेवार समुदायको बनावटको सन्दर्भमा वास्तवमा नेवार कुनै जात नभइ यसमा विभिन्न जातीय समूहहरूको समिश्रण रहेको कुराको चर्चा गरिएको छ । प्राचिनकालदेखि अठारौं शताब्दिको उत्तरार्धसम्ममा नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) भित्र प्रवेश गरेका गोपाल, महिषपाल, किरात, लिच्छवी, वैश ठकुरी, ठकुजुजु, मल्ल, सिंह वंशका सबै राजाहरू र तत्कालिन निवासीहरू सबैले नेपाल भाषालाई आफ्नो मातृभाषाको रूपमा अगिंकार गर्नुको साथै उपत्यकामा विकास भएको संस्कृति र सभ्यतालाई आफ्नो जीवन पद्धतिको अभिन्न अंग बनाइ आफूलाई नेवार समुदायको रूपमा रूपान्तरण गरेका थिए ।

अत: अठारौं शताब्दिको उत्तरार्ध सम्ममा नेपाल उपत्यका भित्र प्रवेश गरी यहाँको नेपाल भाषा, संस्कृति र सभ्यतालाई अंगिकार गरेका जातजाति एवं वंशजहरूका व्यक्तिहरूको समूहहरू नै सामुहिक रूपमा नेवार भएका थिए । त्यस्ता विभिन्न जातजाति एवं वंशजहरूको व्यक्तिहरूले आ-आफ्नो पुरानो पहिचानहरूलाई पूर्णरूपले परित्याग गरि नेवारको रूपमा आफ्नो नयाँ पहिचान दिएका थिए । फलस्वरूप नेवार एक मिश्रित जातिको रूपमा विकास हुन गएको र यसमा आर्य र मंगोलियन, बौद्ध र हिन्दू धर्मावलम्वीहरूको समिश्रण पाइनुको साथै विभिन्न संस्कृति र सभ्यताहरूको समिश्रणबाट नेपाल उपत्यकामा नेवारहरूको आफ्नै किसिमको एउटा नयाँ समृद्ध संस्कृति र सभ्यताको विकास हुन गएको थियो । यसै सन्दर्भमा नेवार समुदायले भारतीय सभ्यता, संस्कृति र जीवन पद्धतिबाट अल्लगिएको छुट्टै सभ्यता, संस्कृति र जीवन पद्धतिको विकास गरेका थिए र यसबाट नै अन्तत: नेपालको छुट्टै राष्ट्रिय पहिचानको विकास हुन गएको थियो भन्नु अत्युक्ति हुने छैन । तसर्थ नेपाली राष्ट्रियताको विकासको क्रममा नेवार समुदायले उल्लेखनीय योगदान दिएका थिए भन्ने कुराको पुष्ट्याइ परिच्छेद दुइबाट हुन आउछ । यसको अलावा नेवार समुदायले आफ्नो भाषा, साहित्यको प्रशस्त विकास गर्नुको साथै आफ्नै किसिमको शासन व्यवस्थाको पनि विकास गरेको कुरा औल्याइएको पाइन्छ ।

नेवार समुदायले आफ्नै किसिमको आन्तरिक रूपले स्वायत्त जातीय प्रथाको समेत विकास गरेका थिए । त्यस्तो जातीय प्रथाको विकासको पृष्ठभूमि बारेको विश्लेषण परिच्छेद ३ मा गरिएको पाइन्छ । इतिहासको सुरूसुरूको कालखण्डमा खासै जातिय भेदभाव नभएता पनि विशेषत: प्राचिनकालमा लिच्छवीहरूको आगमन पश्चात ४ वर्ण १८ जातको विकास भएको र मध्यकालमा ४ वर्ण, ६४ जात र ७२५ थरहरूको विकास हुन गएको कुराको चर्चा गरिएको छ ।

यी हिन्दू धर्मावलम्वीहरूको जातीय प्रथाको प्रभावमा परि बौद्ध धर्मावलम्वीहरूमा समेत विभिन्न जातहरूको विकास हुन गएको थियो । तथापि हिन्दूहरूको जातीय संरचनाको तुलनामा बौद्ध धर्मावलम्वीहरूको जातीय संरचना निकै साधारण खालको रहेको थियो । नेवार समुदायको यस किसिमको जातीय संरचनाहरूको विकास गर्ने क्रममा जयस्थिति मल्ल, ज्योतिर मल्ल, र सिद्धिनरसिंह मल्ल जस्ता राजाहरूले उल्लेखनीय भूमिका खेलेका थिए । नेवार समुदायको जातीय संरचनाको विकासको प्रमुख विशेषताहरू हुन् :

- चार वर्ण, ६४ जात र ७२५ थरहरूको श्रृजना भएको ।
- उक्त वर्ण र जातहरूको तहगत सामाजिक श्रृंखलाको विकास भएको
- जात अनुसारको कर्म गर्न पाउने अधिकारको व्यवस्था गरिएको
- अन्तर जातीय समूहहरूको वैयक्तिक व्यवहार पद्धतिको विकास भएको
- जातीय व्यवस्थाबाट नै वैवाहिक सम्बन्धको निर्धारण हुने व्यवस्था हुन गएको
- जातीय व्यवस्थालाई राजा प्रजा सबैले पालन गर्नुपर्ने र सो व्यवस्थालाई उलंघन गर्ने व्यक्ति सजायको भागिदारी हुने व्यवस्था गरिएको ।

मध्यकालिन समाजमा व्यवहारिकण भइरहेको केही प्रमुख जात/थरहरूको पनि चर्चा गरिएको छ । विशेषत: तत्कालिन समाजमा जात/थरहरू वर्णमा आधारित थिए र ५ किसिमका ब्राह्मणहरू- उपाध्याय ब्राह्मण, द्रविद भट्ट ब्राह्मण, मैथिल ब्राह्मण, बंगाली ब्राह्मण र खस ब्राह्मण तत्कालिन समाजमा थिए र उनीहरू सबैले समाजमा महत्वपूर्ण भूमिका खेल्ने गरेको थिए ।

जोशी, कर्माचार्य, धनवन्तरी (वैद्य) हरूलाई व्यवसायी समूहको रूपमा स्यस्य/श्रेष्ठहरूको स्तरको मान्यता दिइएको थियो । त्यस्तै राजपरिवारका सदस्यहरू र स्थानीय पुस्तौनी शासकहरू (थकुजुजु) को सामाजिक स्तर पनि उच्च रहेको थियो । सिंह, कुम्हर, रावल थर भएका उच्च स्तरीय नेवार क्षेत्रीहरू पनि तत्कालिन समाजमा थिए भने "भारो" (उच्चस्तरीय भारदारहरू) र "भावो" (तुलनात्मक रूपमा केहि निम्न स्तरका भारदारहरू) जस्ता सामूहिक थरहरू पनि भारदार वर्गमा प्रचलनमा रहेको थियो । राजनैतिक र प्रशासनिक पदहरूबाट श्रृजना भएका थरहरू (अमात्य, प्रधान, भण्डारी, दुवार, कायस्थ, थरी इत्यादि) धरै मात्रामा प्रचलनमा रहेका थिए । महिलाहरूले "मयी" भन्ने विशेष किसिमको थर/उपनाम पनि प्रयोग गर्ने चलन रहेको थियो । त्यस्तै अन्य विविध किसिमका थरहरू (गथा, शिल्पकार, सिजकर्मी, गोपारिक, प्रजापति, भरी, वनमालाकार इत्यादि) पनि प्रचलनमा रहेको थियो । तत्कालिन नेवार समाजमा जातिय संरचनाको सामाजिक स्तर उकास्ने प्रवृत्ति रहेको थियो । साथै उच्च स्तरका जातीय समूहहरूमा सती जाने प्रथा पनि कायम रहेको थियो तर त्यस्तो प्रथा अनिवार्य नभइ ऐच्छिक किसिमको थियो ।

तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहबाट नेपाल उपत्यकाको विजय गरिए पश्चात सम्पूर्ण नेवार समुदाय सत्ताबाट विस्थापित भइ "खस" समुदायको दवावमा पर्न गएको थियो । साथै सम्पूर्ण नेवार सामाजिक संरचनालाई वैश्यकरण गर्ने प्रयास गरियो । राणाकालमा "रैती" को स्तरमा पुऱ्याइएका सम्पूर्ण नेवार समुदायलाई केवल एउटा जातको रूपमा मात्र व्यवहार गरिन थालियो । तथापि श्यामलदास नामक एकजना तत्कालिन मेवाड राज्यका दरवारिया कविले चर्चा गर्नु भएको तत्कालिन नेवारी समाजको सामाजिक संरचनाका निम्न विशेषताहरू थिए :

- तिन किसिमका नेवार ब्राह्मणहरू (उपाध्याय, लवरजु र देवभाजु ब्राह्मण) को उल्लेख गरिएको;
- जोशी, कर्माचार्य र भन्नी (हाल राजभण्डारी)लाई अमिल्दो किसिमले वैश्य वर्गमा समावेश गरिएको;
- हाल लोप भइसकेका केहि जातहरू (गावक आचार्य, माखी शुद्र, लखीपाट शुद्र, वाघासा शुद्र इत्यादि) को पहिचान गरिएको
- स्यस्य/श्रेष्ठहरू (सियासु क्षेत्री, शारिस्ता क्षेत्री, निकखु क्षेत्री भनिएको) लाई क्षेत्रीको रूपमा मान्यता दिइएको
- तिन किसिमका धर्मावलम्वीहरू (हिन्दू, बौद्ध र हिन्दू र बौद्ध दुवैलाई मान्ने समूह) को उल्लेख गरिएको
- सामाजिक अन्तरसम्बन्धको चर्चा गर्ने सन्दर्भमा विभिन्न किसिमका स्यस्य/श्रेष्ठहरूमा आपसी सामाजिक भेदभाव नभएको कुरा स्पष्ट पार्नुको साथै केवल एक वर्ण र अर्को वर्णका समूहहरू (बाहुन, क्षेत्री, वैश्य र शुद्र) को बिचमा मात्र सामाजिक भेदभाव रहेको कुरा उल्लेख गरिएको ।
- तत्कालिन समाजमा पनि जात र पेशा/शिप बिचमा अन्तरसम्बन्ध रहेको ।

राणा प्रधानमन्त्री चन्द्र शमशेरले नेवार समुदायको भाषा, साहित्य, संस्कृति र इतिहासलाई नष्ट गर्ने प्रयास गरेका थिए । नेपाल सम्वतको सट्टा विक्रम सम्वतलाई आधिकारीक सम्वतको रूपमा मान्यता दिइएको थियो । साथै वि.सं. १९५८ मा नेवार

समाजमा विद्यमान रहेको सामाजिक विधि व्यवहार सम्बन्धी तडक-भडकपनामा सुधार ल्याउन इस्तिहार नै जारी गरिएको थियो । त्यस्तै किसिमको इस्तिहार वि.सं. १९९३ सालमा जुद्ध शमशेरले पनि जारी गरेका थिए । उक्त जुद्ध शमशेरको इस्तिहारमा स्यस्य/श्रेष्ठहरूलाई "क्षेत्री" को रूपमा स्वीकार गरिएको थियो । समग्रमा सन् १८४६ देखि १९५१ सम्मको नेवारहरूको सामाजिक स्थितिको निम्न तिनवटा विशेषताहरू थिए :

- सत्ताबाट अलग्गिएको परिस्थिति ।
- नेवार समुदायको सामाजिक विधिव्यवहार सम्बन्धि निर्णय गैर नेवारहरूबाट गरिने व्यवस्था ।
- धर्म र जातीय व्यवस्था सत्ताको लागि प्रयोग गर्ने प्रवृत्ति र सो को लागि नेवार समाजमा विभाजनका रेखाहरू कोर्ने प्रयास गरिएको ।

२००७ सालमा राणा शासनको अन्त्य भइ प्रजातान्त्रिक व्यवस्थाको सुत्रबाट भयो र २०१७ सालमा त्यस्तो प्रजातान्त्रिक व्यवस्थाको ठाउँमा निर्दलीय निरंकुश पंचायत व्यवस्थाको सुत्रपाट गरियो र सो निर्दलीय व्यवस्थाको अन्त्य २०४६ सालमा मात्र भएको थियो । संक्षेपमा २००७ सालदेखि २०४६ सम्म नेवार समुदायको सन्दर्भमा निम्न विशेषताहरू उल्लेख गर्न सकिन्छ ।

- २००७ साल पश्चात नेवारहरूले निजामती सेवाको विभिन्न पदहरूमा रही कार्य गर्ने अवसर प्राप्त गर्न समर्थ भएका थिए । त्यस्तो अवसर पंचायत व्यवस्था अर्न्तगत पनि नेवारहरूको लागि प्राप्त भएको थियो ।
- सामाजिक विभाजनका रेखाहरू कोर्ने कार्य (विशेषत: पंचायत व्यवस्था अर्न्तगत) जारी नै रहेको थियो ।
- नेपाल उपत्यकामा देशको विभिन्न भागहरूबाट बसाई सराइ गर्ने व्यक्तिहरूको संख्या अधिक मात्रामा बढन गएकोले (विशेषत: पंचायत शासनकाल र तत्पश्चात) नेवारहरूको आफ्नो आदिभूमिमा आफ्नो भूस्वामित्वको न्यूनिकरण भएको परिस्थितिको सामना गर्नुपर्ने बाध्यात्मक परिस्थिति श्रृजना हुन गएको थियो ।

२०४६ साल पश्चात एकातिर निजामती सेवामा नेवार समुदायको उपस्थितिमा अत्याधिक मात्रामा न्यूनिकरण हुन गएको थियो भने अर्कोतिर उनीहरूको आफ्नै पुर्ख्यौली थलोमा आफ्नो भूस्वामित्वको न्यूनिकरण हुन गएको थियो । यसको अलावा राष्ट्रिय जीवनको विभिन्न क्षेत्रहरूमा उनीहरूको भूमिकामा अधिक मात्रामा न्यूनिकरण हुन गएको महसूस गरिएको छ । सायद प्रस्तावित संघीय व्यवस्थाको व्यवहारिकरण पश्चात केही मात्रामा यसको असन्तोषजनक भूमिकामा सकारात्मक परिवर्तन आउने आशा गर्न सकिन्छ ।

परिच्छेद ४ मा वर्तमान जातिप्रथाको स्वरूपको बारेमा चर्चा गरिएको छ.। वर्तमान सन्दर्भमा नेवार हिन्दू समाज चार वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र र अनगिन्ती जात/थरहरूमा विभाजित रहेका छन् । ब्राह्मण वर्गमा मुलत: राजोपाध्यायहरू पर्दछन् र यिनीहरूले उच्चस्तरीय नेवारी जाति (विशेषत: हिन्दू श्रेष्ठहरू) को पुरोहितको रूपमा कार्य गर्दै आइरहेका छन् । त्यस्तै बज्राचार्यहरूले बौद्ध धर्मावलम्वीहरूको पुरोहितको रूपमा कार्य गर्दै आइरहेका छन् । झा, मिश्र र भट्ट थरका नेवार ब्राह्मणहरू विशेषत: मन्दिरहरूको पुजारीको रूपमा कार्यरत रहेको पाइन्छ । तत्पश्चात क्षेत्री समूहका विशेषत: स्यस्य भनिने श्रेष्ठहरू पर्दछन् भने वैश्यमा महर्जन, मानन्धर, माली लगायत अन्य विभिन्न जातिय

समूहहरू पर्दछन् । शत र अशत समूहहरूमा विभाजत शुद्र वर्गमा च्यामखल लगायत विभिन्न जातीय समूहहरू पर्दछन् ।

श्यामलदासले चर्चा गरेका लवरजु ब्राह्मण र मध्यकालमा विद्यमान रहेका चक्रवर्ति, भट्टाचार्य, राय जस्ता वंगाली ब्राह्मणहरू नेवार समाजबाट विलिन भइसकेका छन् । सायद उनीहरू राजोपाध्याय ब्राह्मण र श्रेष्ठ समूहहरूमा विलिन भइसकेको हुनु पर्दछ । नेवार क्षेत्रीको रूपमा परिचित "स्यस्य" भनिएका श्रेष्ठहरूको मुख्यतया निम्न तिनवटा विशेषताहरू छन् :

- पहिलो, "स्यस्य" भनिने "श्रेष्ठ" थर कुनै पारिवारिक थर नभइ एउटा सामुहिक थर (राजोपाध्याय ब्राह्मण भन्दा मुनि अरूहरू भन्दा माथिको समूह) मात्र हो ।
- दोस्रो, मध्यकालका भारो र भावो नै आजकालका स्यस्य/श्रेष्ठहरू हुन् र श्रेष्ठ भन्नाले भारदार वर्गलाई जनाउछ । यो अन्य जातीय समूहहरूको "संरक्षक वर्ग" हो ।
- तेस्रो, वर्तमान नेवार समाजमा स्यस्य/श्रेष्ठहरू दुई समूहहरू (छ थरी र पाँच थरी) मा विभाजित भएका छन् । यसरी छ थरी र पाँच थरी स्यस्य/श्रेष्ठहरूको समूहकरण सम्बन्धि सिद्धान्तहरू मुलतः निम्न पाँचवटा छन् :
    - भारतबाट धेरै पहिला आएका उच्चस्तरीय क्षेत्रीहरूको मानसिकताको उपज
    - मल्ल राजाहरूको उच्च स्तरीय भारदारहरूको मानसिकताको उपज
    - "क्षेत्री" शब्दको अप्रभ्रमित शब्दको रूपमा विकास भएको शब्द "छ थरी"
    - कर्णाटक वंशीय राजाहरूको भारदारहरूको छ थरी को रूपमा रूपान्तरण र
    - तत्कालिन गोरखा राज्यको "थरघर" संस्थाको नेवारी संस्करण

यी सैद्धान्तिक पक्षहरू जे सुकै भएतापनि व्यवहारिक दृष्टिकोणबाट भन्ने हो भने "छ थरी" र "पाँच थरी" स्यस्य/श्रेष्ठहरूको समूहकरणको मुख्यतया दुइवटा आधारहरू छन् :

- राज्यशक्ति प्राप्त गर्ने अवसर र
- राजा, राजपरिवार र राजदरवारसित सम्बन्धित कार्य क्षेत्रमा संलग्न हुने अवसर ।

यी आधारहरूलाई दृष्टिगत गरि भन्ने हो भने राज्यको शासन व्यवस्थामा प्रत्यक्ष रूपले भूमिका खेली राज्यको शक्ति एवं अधिकार प्रयोग गरी समाजमा प्रभुत्व कायम गर्ने अवसर पाएका र राजा, राजपरिवार र राजदरवारको लागि आवश्यक पर्ने विषयवस्तुहरूसित सम्बन्धित केहि महत्वपूर्ण कार्य क्षेत्रहरूमा संलग्न हुने अवसर पाएका कारणबाट राज्यशक्तिको निकत्तम सम्पर्कमा रही समाजमा आ-आफ्ना प्रभुत्व फैलाउने अवसर पाएका स्यस्य/श्रेष्ठहरूको सिमित परिवारहरू नै ६ थरी श्रेष्ठको रूपमा रूपान्तरण हुन गएको पाइन्छ । राज्यको शासन व्यवस्थासित निकत्तम सम्पर्क एवं सम्बन्धमा रहने अवसर नपाइ आ-आफ्नै व्यापार व्यवसाय र केही मात्रामा कृषि क्षेत्रमा समेत संलग्न रहेका स्यस्य/श्रेष्ठ समूहको अन्य परिवारहरू पाँच थरी श्रेष्ठको रूपमा रूपान्तरण भएको देखिएको छ । छ थरी स्यस्य/श्रेष्ठ भित्र समावेश गरिएका सुरूका छ वटा थरहरूमा अमात्य, प्रधान, भँडेल (भण्डारी/राजभण्डारी), राजवैद्य, कायस्थ र भारो श्रेष्ठ (राजदरवारको अड्डामा कार्यरत

कर्मचारी) पर्दथ्यो । त्यस्तै पाँच थरी स्यस्य/श्रेष्ठमा समावेश गरिएका सुरूका पाँचवटा थरहरू हुन् : पाँयवजी (चामल, चिउरा, दाल, गेडागुडी आदि खानेकुराको पसल राख्ने पसले), चिपालु (नून, अदुवा, जिरा, मरिच, आदि मसलाको पसल राख्ने पसले) साखःजु (सक्खर, तमाखु, सूर्ति आदिको पसल राख्ने पसले), धौं (दहि, दूध, खुवा, घ्यू आदिको पसल राख्ने पसले) र साहु (कपडाको पसल राख्ने पसले) । तर कालान्तरमा वैवाहिक सम्बन्धबाट दुवै थरीका श्रेष्ठहरूमा छ र पाँचवटा भन्दा बढी थरहरू समावेश हुन गएको थियो भन्न सकिन्छ । तथापि यस किसिमको विभाजनबाट अनावश्यक रूपमा कृत्रिम तरिकाले विभाजनका रेखाहरू कोरिन गएका छन् र यो विभाजन पनि तहगत (vertical) नभइ समानता भित्रको विभाजन (horizontal divison) मात्र हो । यो कुनै नश्ल, वर्ण एवं सामाजिक एवं साँस्कृतिक भिन्नताको आधारमा गरिएको विभाजन नभएकोले यसलाई एउटा कृत्रिम विभाजनको रूपमा चित्रण गर्न सकिन्छ ।

क्षेत्रगत आधार (Area specific) मा पनि नेवारहरू (विशेषतः महर्जन र स्यस्य/श्रेष्ठहरू) विभाजित भएका छन् । ललितपुर जिल्लाको चापागाउँ अर्न्तगतका थाङगाउँको महर्जनहरू र अन्य ठाउँगाउँका महर्जनहरूको बिचमा सामाजिक अन्तरसम्बन्ध (खानपिन, वैवाहिक सम्बन्ध, हुक्काको प्रयोग) को अभाव रहेको पाइन्छ । त्यस्तै धुलिखेले श्रेष्ठ, टोखाले श्रेष्ठ, मध्यपुरे श्रेष्ठ, थकु र अन्य श्रेष्ठहरूको बिचमा पनि सामाजिक अन्तरसम्बन्धको अभाव केहि हदसम्म अझै रहिआएको पाइन्छ । यस्तो क्षेत्रगत (Area specific) आधारमा गरिएका समूहकरण पनि वास्तवमा कृत्रिम किसिमका नै हुन् । हाल बिस्तारै यस्तो समूहकरणका रेखाहरू मेटिदै गइरहेको पाइन्छ र वर्तमान परिवेशमा यस्तो समूहकरण वास्तवमै असान्दर्भिक भइसकेको छ भन्नु अत्युक्ति हुने छैन ।

स्यस्य भनिने श्रेष्ठहरूको समुह बाहेक वैश्य वर्गमा समूहकृत भएका विभिन्न जातीय समूहहरू मध्य केही प्रमुख समूहहरू हुन् : ज्यापू/महर्जन, तुलाधर, शिल्पकार र ताम्राकार । त्यस्तै मानन्धर (सायमी), गथु (वनमालाकार), भा (कारन्जित), कताः (शुद्धकार), कलान (दिवाकर) खुसः (तण्डुकार), नौ (नापित), कौं (नकर्मी), पुं (चित्रकार) र छिपा (रञ्जितकार) जस्ता जातीय समूहहरू पनि वैश्य वर्गमा पर्दछन् । शुद्र वर्गमा पर्ने केहि प्रमुख जातीय समूहहरू हुन् : रजक (धोवी), डुंई, जोगी, कसाई, पोडे, च्यामे र हाराहुरे । यिनीहरू मध्य अघिल्लो चार समूहहरू तथाकथित सत वर्गमा पर्दछन् भने पछिल्लो तिनवटा समूहहरू तथाकथित अःसत वर्गमा पर्दछन् । समग्रमा नेवार समुदायको जातीय परम्पराका केही प्रमुख विशेषताहरू निम्न छन् :

- लामो इतिहास
- जातीय व्यवस्थाको पेचिलो संजाल (complex and complicated network)
- बौद्धधर्मावलम्वीहरूको सरल जातीय संजाल.र
- भौगोलिक, राजनैतिक/शासकीय, आर्थिक, सामाजिक, साँस्कृतिक एवं धार्मिक आयामहरू जस्ता व्यवहारिक पक्षहरूबाट प्रभावित जातीय प्रथा

नेवार समाजको जातीय प्रथाको केहि सवल र दुर्वल पक्षरू पनि छन् । मुलतः दुईवटा सवल पक्षहरू निम्न छन् :

- व्यवसायीकरणको विकास र
- आफैमा पूर्णत भएको समाज

नेवार समुदायको जातीय प्रथाका केही दुर्वल पक्षहरू निम्न छन् :

- सामन्ती संस्कारहरूको अत्याधिक प्रभाव
- खर्चालु एवं तडक-भडक किसिमको सामाजिक विधि व्यवहार
- कृत्रिम किसिमका सामाजिक विभाजनका रेखाहरू

परिच्छेद ५ मा नेवार समुदायको सामाजिक संस्कारहरू विश्लेषण गरिएका छन् । मुलतः बच्चाको जन्मको सन्दर्भमा गरिने संस्कारहरू, जन्को/पास्नी, शिक्षाको प्रारम्भ गर्ने संस्कार, ईही (बेल विवाह) र बाह्र तयगु (गुफा राख्ने), शुभ उपनयन, विवाह पद्धति, बुढो जन्को र मृत्यु संस्कार जस्ता विभिन्न संस्कारहरूको बारेमा चर्चा गरिएका छन् । समग्रमा जन्मदेखि मृत्युसम्म गरिने सबै प्रमुख संस्कारहरूको बारेमा विश्लेषण एवं चर्चा गर्ने प्रयास यस परिच्छेदमा गरिएको छ ।

परिच्छेद १ देखि परिच्छेद ५ सम्म विभिन्न दृष्टिकोणहरूबाट नेवार समुदायको पहिचान र पृष्ठभूमि प्रस्तुत गरिएका छन् र समग्रमा नेवार समुदाय एउटा "राष्ट्र" को रूपमा हालसम्म पनि विद्यमान रही आएको पाइएकोले प्रस्तावित संघीय व्यवस्था अर्न्तगत उनीहरूको लागि पनि एउटा राज्य/प्रदेश श्रृजना गर्नु अनिवार्य नै हुन्छ । अतः छैठौं परिच्छेदमा प्रस्तावित संघीय व्यवस्थाको सन्दर्भमा नेवार समुदायको लागि श्रृजना गरिने नेवार राज्यको बारेमा विस्तृत रूपमा विश्लेषण एवं चर्चा गरिएको छ । यस सन्दर्भमा विशेषतः निम्न पक्षहरूमा प्रकाश पार्ने प्रयास गरिएको छ :

- प्रस्तावित संघीय व्यवस्थाको लक्ष, उद्देश्य र औचित्यता
- नेवार समुदायको सन्दर्भमा राज्य/प्रदेश निर्माणको अवधारणा
- राष्ट्रिय राजधानीको स्थानान्तरण
- संघीयता सम्बन्धी केहि भ्रमपूर्ण सोचहरू र तिनको निवारण र
- नेवार राज्यको श्रृजनाबाट नेवार समुदायमा पर्ने सम्भावित सकारात्मक प्रभावहरू

अन्तिम परिच्छेदमा यस अध्ययनका सारांश र निष्कर्षहरू प्रस्तुत गरिएका छन् ।

## ७.२ केहि निष्कर्षहरू

यस अध्ययनका केहि प्रमुख निष्कर्षहरू निम्न छन् :

- "नेवार" र "नेपाल" शब्दहरू घनिष्ट रूपले अन्तर सम्बन्धित रहेका छन् । वास्तवमा नेपाल शब्दको उत्पत्ति र विकासको प्रक्रियामा नेवार समुदायको गहिरो संलग्नता रहेको छ ।
- नेवार समुदाय नेपाल उपत्यका (हाल काठमाडौं उपत्यका) र वरपरका क्षेत्रहरूको विशेष उपज हो । नेपाल उपत्यका एउटा ठूलो तलाउबाट मानववस्तिको रूपमा परिणत भएको समयदेखि अठारौं शताब्दिको उत्तरार्धमा तत्कालिन गोरखाका राजा पृथ्वीनारायण शाहबाट नेपाल उपत्यकाको विजय गरेको समय सम्ममा यस उपत्यका र वरपरका क्षेत्रहरूमा विकास भएको नेपाल भाषा, संस्कृति र सभ्यतालाई अंगिकार गरी यहाँको शासन व्यवस्था संचालन गर्ने वंशजहरू र तत्कालिन निवासीहरूका सबै सन्तानहरूको सामुहिक रूप नै आजको नेवार समुदाय हो भन्नु

अत्युक्ति हुने छैन । समग्रमा भन्ने हो भने नेपाल उपत्यका र वरपरका क्षेत्रहरूको आदिवासी नै नेवारहरू हुन् । उनीहरू वास्तवमै यहाँका भूमिपुत्र हुन् ।

- नेवार समुदाय आदिवासी एवं भूमिपुत्र मात्र होइन, एउटा जनजाति पनि हो । कारण उनीहरू सबैको पुर्ख्यौली थलो नेपाल उपत्यका र वरपरका क्षेत्रहरू हुन् र उनीहरूको आफ्नै सर्वमान्य साँस्कृतिक परम्परा (common cultural heritage) रहिआएको छ ।
- "नेवार" आदिवासी, भूमिपुत्र र जंनजाति मात्र होइन एउटा आफैमा "राष्ट्र" पनि हो । कारण यसमा राष्ट्रको लागि हुनुपर्ने विशेषताहरू (साझा पुर्ख्यौली थलो, साझा भाषा, साझा आर्थिक सम्बन्ध, साझा संस्कृति, साझा मनोवैज्ञानिक भावना) विद्यमान रहेका छन् । साथै ऐतिहासक दृष्टिकोणबाट भन्ने हो भने नेवार नेपालको राष्ट्रियताको पुरातात्विक पहिचान हो । कारण, नेवारहरू नै तत्कालिन नेपाली थिए र नेवारहरूले नै भारतीयहरूको सँस्कृति, सभ्यता र जीवन पद्धतिबाट अल्लगिएका आफ्नै मौलिक संस्कृति, सभ्यता र जीवन पद्धतिको विकास गरी छुट्टै राष्ट्रियताको विकासको क्रम सुरू गरेका थिए । अझ परम्परागत हिन्दू सामाजिक संरचनाको दृष्टिकोणबाट भन्ने हो भने विभिन्न जातजातिका वर्ण र कर्मका समूहहरू सहितका समाजले  मात्र राष्ट्रको रूप धारणा गर्न सक्ने भन्ने भनाइ रहेको र नेवार समाज पनि त्यस्तै किसिमको समाज हो भन्नु अत्युक्ति हुने छैन ।
- नेपाल उपत्यका र वरपरका क्षेत्रहरूको आदिम पुर्खाहरू (गोपाल र महिषपालहरू), किरात नेवार/नेपारहरू, लिच्छवी, वैश ठकुरी, थकुजुजु, मल्ल, सिंह जस्ता वंशजहरू र तत्कालिन निवासीहरूका सन्तानहरूबाट नै नेवार समुदायको निर्माण भएको हो । अतः नेवार समुदायले बहुनश्लीय समुदायको रूप धारण गरेको पाइन्छ ।
- नेवार समुदायले नेपाल उपत्यका र वरपरका क्षेत्रहरूमा आफ्नै सभ्यता, संस्कृति, भाषा, लिपि र साहित्यको प्रचुर मात्रामा विकास गरेका छन् भन्ने कुरा इतिहासको अध्ययनबाट नै प्रमाणित गर्न सकिन्छ । विशेषतः नेवार समुदायले विकास गरेको सभ्यता र संस्कृतिका निम्न तिनवटा मौलिक गुणहरू छन्:
    - आफ्नो सामाजिक प्रतिष्ठा कायम गरी उत्तरी भारतको आर्यावर्तबाट अल्लगिएको छुट्टै सभ्यताको विकास
    - आफ्नै मौलिक संस्कृति र जीवन पद्धतिको विकास
    - नेवार समुदायको देनको रूपमा रहि आएको साँस्कृतिक उपलब्धता
- नेवार समुदायको आफ्नै किसिमको शासन पद्धतिको विकास गरि तत्कालिन समाजमा शान्ति सुव्यवस्था कायम गर्न, तत्कालिन आवश्यकता अनुरूपको सामाजिक संरचनाको विकास गर्न र तत्कालिन समय अनुरूपको आर्थिक विकास गरी सर्वसाधारणको जीवन स्तर समेत उकास्ने कार्य गर्न समेत सफल भएका थिए ।

- नेवार समुदायको जातीय प्रथाको विकास र पृष्ठभूमिको लामो इतिहास रहेको छ । यस्तो विकासको क्रममा जयस्थिति मल्ल, ज्योतिर मल्ल र सिद्धिनरसिंह मल्ल जस्ता राजाहरूले ठोस योगदान गरेका थिए । यस्तो विकासकै सन्दर्भमा नै नेवार समाजमा चार वर्ण, विभिन्न जातीय समूहहरू र अनगिन्ती थरहरूको समेत विकास हुन गएको पाइन्छ र यस्ता जातीय समूहहरू र थरहरू धेरै हदसम्म वर्तमान अवस्थामा पनि विद्यमान रहिआएको र यस्तो जातिय समूहहरू सहितको नेवार समुदायको आफ्नै समृद्ध सामाजिक संस्कारहरू पनि रहेका छन् ।
- पृथ्वीनारायण शाहबाट काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूको विजय गरेको समय (सन् १७७०) देखि हालसम्म पनि सत्ताबाट पूर्णरूपमा विस्थापित भएका नेवारहरू धेरै वा थोरै मात्रामा शोषित र पिडित समुदायको रूपमा हालसम्म पनि रहिआएको छ भन्नु अत्युक्ति हुने छैन । यसै सन्दर्भमा नै प्रस्तावित संघीय शासन व्यवस्था अर्न्तगत नेवार राज्य/प्रदेशको श्रृजना गर्नु अत्यावश्यक छ भन्ने कुराको महसूस गरिएको छ ।
- प्रस्तावित संघीय व्यवस्था अर्न्तगत नेवार राज्य/प्रदेशको श्रृजनाबाट नेवार समुदायलाई सत्तामा पहुँच प्राप्त गर्न र आफ्नै नेतृत्व विकास गर्न समेत सघाउ पुग्न जाने कुरामा विश्वास गर्न सकिन्छ । त्यस्तै रोजगारीको अवसरमा बृद्धि हुनुको साथै नेपाल भाषा, साहित्य र संस्कृतिको विकास गर्न, साँस्कृतिक सम्पदाहरूको संरक्षण एवं प्रवर्द्धन गर्न, पर्यटनको विकास गर्न, व्यवस्थित किसिमको शहरिकरण गर्न र आर्थिक विकासमा तिब्रता ल्याउन समेत सघाउ पुग्न जाने आशा गर्न सकिन्छ । समग्रमा नेवार समुदायको भविष्य प्रभावकारी रूपमा लागू गरिने संघीय व्यवस्था अर्न्तगत श्रृजना गरिने नेवार राज्य र राष्ट्रिय/केन्द्रीय राजधानी काठमाडौंबाट अन्य ठाउँमा गरिनु पर्ने स्थानान्तरणसित घनिष्ट रूपले सम्बन्धित रहेको छ भन्नु अत्युक्ति हुने छैन ।

# सन्दर्भ सामग्रीहरु

**क) पुस्तकहरु**


१) अमात्य, साफल्य, काठमाडौं नगरायण, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, २०५३

२) अलेन, मिचेल, रिच्यूयल पावर आयण्ड जेण्डर, एक्स्प्लोरेशन्स इन दि इथ्नोग्राफी अफ भानुवाटु, नेपाल आयण्ड आयरलायण्ड, मनोहर पब्लिशर्स आयण्ड डिष्ट्रीब्यूटर्स, न्यु दिल्ली, सन् २००४

३) आचार्य, बाबुराम, नेपालको साँस्कृतिक परम्परा, श्री कृष्ण आचार्य, काठमाडौं, वि.सं. २०५४

४) आजाम, काउजर जे (सम्पादक), फेडरलीज्म आयण्ड गुड गभरनायन्सः इस्यूज एक्रोस कल्चर्स, साउथ एशिया पब्लिशर्स, न्यू दिल्ली, सन् १९९९

५) उक्याब, ताम्ला र अधिकारी, श्याम, नेपालका आदिवासी जनजातिहरु, नेपाल जनजाति विकास समिति, स्थानीय विकास मन्त्रालय, काठमाडौं, वि.सं. २०५७

६) कर्कपायट्रिक, कोलोनेल, आयन एकाउन्ट अफ दि किङडम अफ नेपाउल, मन्जूश्री पब्लिशिङ्ग हाउस, न्यू दिल्ली, सन् १९६९

७) कपिल प्रधान, लव बहादुर, न्हूच्छे प्रधान परिवारको वंशावली, लेखक, काठमाडौं, वि.सं. २०२५

८) कायस्थ, छत्रबहादुर (संकलक), थिमि देशय च्वंगु मल्लकालिन निपुवाखं, नेपाल संस्कृति लयपौ, ललितपुर, वि.सं. २०५७

९) ........................ श्री ५ रणबहादुर शाहया म्ये मुना, साहित्यया मुलुखा, ललितपुर, ने.सं. ११०५

१०) गुरुङ्ग, हर्क, सोसियल डेमोग्राफी अफ नेपाल (सेन्सस, २००१), हिमाल बुक्स, ललितपुर, सन् २००३

११) .................... इथ्नीक डेमोग्राफी अफ नेपाल, नेपाल फाउन्डेसन फर एड्भान्स स्टडीज (नेफास), काठमाडौं, (प्रकाशन मिति उल्लेख नगरिएको)

१२) गेलनर, डायभीड एन, र क्वीग्ले, डि क्लान (सम्पादकहरु), कन्टेस्टेड ह्यारकीज, अक्सफोर्ड यूनिभरसिटी प्रेस, कलकत्ता, सन् १९९९

१३) चटर्जी, सुनिति कुमार, किराँत जनकृति, दि एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९७४

१४) छोटा, प्रेम, नेवारको साँस्कृतिक परम्परा: सिंह (श्रेष्ठ) पसःखल को वंशावली, पुष्पमान श्रेष्ठ र प्रकाशमान श्रेष्ठ, काठमाडौं, वि.सं २०६१

१५) जवरा, पुरुसोत्तम शमशेर, राणाकालिन प्रमुख ऐतिहासिक दरवारहरु, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, वि.सं. २०६४

१६) जुजु, बलदेव, मृत्यु संस्कारः नेवा संस्कृति कथं, वैदिक प्रतिष्ठान, कान्तिपुर, वि.सं. २०६१

१७) जोशी, नारायण प्रसाद, तेखापुखु जोशीको वंशावली, लेखक, काठमाडौं, वि.सं. २०४३

१८) जोशी, मदनमोहन, जोशी वंशावली, जोशीलो प्रकाशन, चितवन, वि.सं. २०६१

१९) जोशी, श्रीधर, जोशी वंशावलीका केही पृष्ठ, शारदा प्रकाशन, वि.सं. २०५७

२०) जोशी, हरिराम, त्रिदेव स्वरुप ब्राह्मण, कर्माचार्य, जोशी, जोशी रिसर्च इन्स्टीच्यूड, काठमाडौं, वि.सं. २०६१

२१) ज्यापू, पंच, भावो (तलिजजि), कुतः पिकाक, भक्तपुर, वि.सं. २०५७

२२) तमोट, काशीनाथ, नेपाल मण्डल, नेपालमण्डल अनुसन्धान गुथी, ललितपुर, वि.सं. २०६४

२३) ................ शंङखधरकृत नेपाल सम्वत्, नेपाल मण्डल अनुसन्धान गुथि, ललितपुर, ने.सं. ११२९

२४) तत्कालिन श्री ५ को सरकार, श्री ५ सुरेन्द्र विक्रम शाहको शासन कालमा बनेको मुलुकी ऐन, कानून तथा न्याय मन्त्रालय, काठमाडौं, वि.सं. २०२२

२५) ..................... नयाँ मुलकी ऐनको विशेषता, तत्कालिन पंचायत मन्त्रालय, प्रचार विभाग, काठमाडौं, वि.सं. २०२०

२६) ................. नयाँ मुलुकी ऐन, कानून तथा न्याय मन्त्रालय, काठमाडौं, वि.सं. २०६०

२७) ................. नेपालको मध्यकालिन कला, सूचना तथा प्रसार मन्त्रालय, काठमाडौं, वि.सं. २०२७

२८) तामाङ्ग, परशुराम, हाम्रो नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र, मूल्याङ्कन प्रकाशन गृह, काठमाडौं, वि.सं. २०६५

२९) टोफिन, गेरार्ड, नेवार सोसाइटी : सीटी, भिलेज आयण्ड पेरीफेरी, हिमाल बुक्स, ललितपुर, सन् २००७

३०) ढुंगेल, रमेश र प्रधानाङ्ग, ऐश्वर्यलाल, काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, वि.सं. २०५६

३१) नकर्मी, डिल्लीराम, नकर्मी नालीबेली, रमेशराम नकर्मी र महेशराम नकर्मी, काठमाडौं, वि.सं. २०५९

३२) नरसिंह जोशी परिवार कुलदेवता प्रवन्ध समिति, नरसिंह जोशी परिवारको संक्षिप्त वंशावली, काठमाडौं, वि.सं. २०६१

३३) नाथ, योगीनरहरि, इतिहास प्रकाश भाग १, अंक २, इतिहास प्रकाश संघ, मृगस्थली, काठमाडौं, वि.सं. २०१३

३४) ........ इतिहास प्रकाश, अंक २, भाग २, इतिहास प्रकाश संघ, मृगस्थली, काठमाडौं, वि.सं. २०१३

३५) ......... इतिहास प्रकाश, अंक २ भाग ३, इतिहास प्रकाश संघ, मृगस्थली, काठमाडौं, वि.सं. २०१३

३६) .......... (सम्पादक र अनुवादक), दिव्य उपदेश, योग प्रचारिणी महाशाखा, बाराणसी, वि.सं. २०१६

३७) नाथ, योगीनरहरि र बस्नेत, नरेन्द्रमान सिंह (संकलक), इतिहास प्रकाशमा संन्धि पत्र संग्रह, (प्रकाशक उल्लेख नगरिएको), काठमाडौं, वि.सं. २०२१

३८) नेवाः स्वायत्त राज्य मंका (साझा) संघर्ष समिति, राजनीतिक अवधारणा, काठमाडौं, ने.सं. ११२९

३९) नेवाः राष्ट्रिय मुक्ति मोर्चा केन्द्रिय समिति, नेवाः राष्ट्रिय मुक्तिमोर्चा नेपालको दोस्रो राष्ट्रिय सम्मेलनद्वारा पारित विधान र प्रतिवेदन, काठमाडौं, वि.सं. २०६३

४०) नेवाः देय् दवु, नेवा समाज, काठमाडौं, ने.सं. ११२७

४१) नेपाल राष्ट्रिय विकास पार्टी, समृद्ध राज्य निर्माण गर्ने लक्ष्यका साथ, ललितपुर, वि.सं. २०६३

४२) नेपाल सरकार, मुलुकी सवाल, काठमाडौं, वि.सं. १९९३

४३) नेपाल, ज्ञानमणि, नेपाल निरुक्त, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, वि.सं. २०४०

४४) नेपाली, गोपालसिंह, दि नेवार्सः आयन इथ्नोसोसियोलजिकल स्टडी अफ ए हिमालयन कम्यूनिटी, एशियन पब्लिकेशन्स, न्यू दिल्ली, सन् १९६५

४५) नेपाली, चित्तरन्जन, भीमसेन थापा र तत्कालिन नेपाल, नेपाल साँस्कृतिक संघ, काठमाडौं, वि.सं. २०१३

४६) पारिस, स्टेभेन्स एम, ह्यारकी आयण्ड इट्स डिस्कन्टेन्टस, कल्चर आयण्ड पोलिटिक्स अफ कन्ससनेस इन काष्ट सोसाइटी, अक्सफोर्ड यूनिभरसिटी प्रेस, कलकत्ता, सन् १९९७

४७) प्रजापति, सुभाषराम, नासःद्यः परम्परा र दर्शन, नेवाटेक इन्कर्पोरेटेड, वाशिङ्गटन (अमेरिका), वि.सं. २०६४

४८) ............... पुंलागु नेपालभाषा नाटकया संगीत पक्ष, नेवाटेक इन्कर्पोरेटेड, वाशिङ्गटन (अमेरिका), ने.सं. ११२६

४९) ............... मल्लकालिन रणभूमि वाभु, नेवाटेक इन्कपोरेटेड, वाशिङ्गटन (अमेरिका), ने.सं. ११२६

५०) ................. संस्कृति भित्र, नेवाटेक इन्कर्पोरेटेड, वाशिङ्गटन (अमेरिका), वि.सं. २०६४

५१) प्रकाश, तिलक र अन्य (सम्पादक), नेवाः संस्कृति र संस्कार, जगतलक्ष्मी स्मृति समाज, काठमाडौं, वि.सं. २०६३
५२) प्रधान, मुक्ति, नेवार जाति (उत्पीडन र स्वशासन), अर्थ प्रकाशन प्रा.लि., काठमाडौं, वि.सं. २०६४
५३) पौडेल, नयराज (सम्पादक), भाषा वंशावली, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं, वि.सं. २०२०
५४) बज्राचार्य, गौतम बज्र, हनुमानढोका राजदरवार, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, वि.सं. २०३३
५५) बज्राचार्य, चुन्दा, जितामित्र मल्लकालिन धरःपौ, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, वि.सं. २०५३
५६) ................ मल्लकालया छुं घट्नावलीः छगु अध्ययन, सफुधुकु, काठमाडौं, ने.सं. ११०७
५७) ............... मध्यकालया छुं संस्कृति, नेपाल भाषा अध्ययन व अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, ने.सं. ११०५
५८) ............. रणजित मल्लया इहिपा यात भम्चा काः वंगुया धरःपौ, रामभक्त भोमि, काठमाडौं, ने.सं. ११०९
५९) बज्राचार्य, धनबज्र (सम्पादक), पण्डित सुन्दरानन्द विरचित त्रिरत्न सौन्दर्यगाथा, नेपाल साँस्कृतिक परिषद, काठमाडौं, वि.सं. २०१९
६०) बज्राचार्य, धनबज्र, गोपालराज वंशावलीको ऐतिहासिक विवेचना, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, वि.सं. २०६४
६१) ................... लिच्छवीकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, वि.सं. २०३०
६२) .................... मध्यकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, वि.सं. २०५६
६३) बज्राचार्य, धनबज्र र नेपाल, ज्ञानमणि (सम्पादक), जय रत्नाकर नाटक, शक्ति बल्लभ अर्ज्याल विरचित, नेपाल साँस्कृतिक परिषद, काठमाडौं, वि.सं. २०१४
६४) बज्राचार्य, धनबज्र, र राणा, हेमन्त, टिस्टुङ्ग-चित्लाङ भेकका ऐतिहासिक सामग्री, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर, काठमाडौं ।
६५) बज्राचार्य, शान्तहर्ष (सम्पादक), जुजु रणजित मल्लया कृष्ण चरित्र (प्याखं), विमला बज्राचार्य, काठमाडौं, ने.सं. ११०३
६६) वस्ती, प्रकाश (सम्पादक), कानून सम्बन्धि केहि ऐतिहासिक अभिलेखहरु, कानून व्यवसायी क्लव, काठमाडौं, वि.सं. २०६३

६७) ब्राउन, पर्सी, पिक्चर्सक्यू नेपाल, टुडे आयण्ड टुमारोज प्रिन्टर्स आयण्ड पब्लिसर्स, नयाँ दिल्ली, सन् १९१२
६८) वैद्य, जनकलाल, सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, वि.सं. २०६१
६९) विष्ट, डोरबहादुर, पिपुल अफ नेपाल, रत्न पुस्तक भण्डार, काठमाडौं, सन् १९७२
७०) बुढाथोकी, चन्द्रविक्रम (सम्पादक तथा परिचय लेखक), जयस्थिति मल्लको सुधार, साझा प्रकाशन, वि.सं. २०३९
७१) भण्डारी, ढुण्डीराज, नेपालको आलोचनात्मक इतिहास, प्रकाश प्रकाशन, काठमाडौं, वि.सं. २०२७
७२) मल्ल, कमलप्रकाश, पूर्वज लुमंका, थ: नेया: थकुजु खल: काठमाडौं, ने.सं. ११००
७३) मल्ल, के. सुन्दर, समावेशी तथा स्वायत्त शासनको मान्यताको संघीय नेपाल, नेवा देय दबु, काठमाडौं, ने.सं. ११२८
७४) ............ नेवा म्हसिका, सेवा प्रिन्टिङ्ग प्रेस, काठमाडौं, ने.सं. ११२०
७५) मल्ल, देवेन्द्रकुमार, (संकलक), भक्तपुरका राजा भुवन मल्लको वंशज, अमृतेश्वरलाल मल्ल, काठमाडौं, वि.सं. २०५५
७६) महर्जन, नाति, स्वनिग:या संस्कृति, जाति व इतिहास दुवाला, लेखक, ने.सं. १११७
७७) मिश्र, तिर्थप्रसाद र अन्य, दि कर्माचार्यज रिलिजियस/सेकुलर रोल इन भक्तपुर सिटी, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं, सन् २००४
७८) मुलर, उल्रीक, ठिमी: सोसियल आयण्ड इकोनोमिक स्टडिज अफ ए नेवार सेटलमेन्ट इन दि काठमाडौं भ्याली, जिसेन, सन् १९८१
७९) मुनकर्मी, लीलाभक्त, मल्लकालिन नेपाल, रत्नपुस्तक भण्डार, काठमाडौं, वि.सं. २०२५
८०) ........ नेपालको ऐतिहासिक परिचय, बुक्स एण्ड बुक्स, काठमाडौं, वि.सं. २०४४
८१) यादव, राम प्रकाश, काष्ट/इथ्नीक रिप्रेजेन्टेशन आयट पोलिसिमेकिङ्ग लेभल्स इन नेपाल, नेपाल सेन्टर फर कन्टेम्पोररी स्टडिज, काठमाडौं, सन् २००५
८२) योङ्ग, किम्वाल र मायक, रेमण्ड डव्लु, सिस्टेमेटीक सोसियोलजि, एफिलियटेड इष्टवेष्ट प्रेस प्राइभेट लिमिटेड, नयाँ दिल्ली, सन् १९७२
८३) राइट, डेनियल, हिष्ट्री अफ नेपाल, रन्जन गुप्ता, कलकत्ता, सन् १९६६

८४) राज, प्रकाश ए., बहुजातिय, बहुभाषिक नेपाल, नवीन पब्लिकेशन्स्, काठमाडौं, वि.सं. २०५६

८५) रेग्मी डी, आर., आयन्सीयन्ट नेपाल, फर्मा के.एल. मुखोपाध्याय, कलकत्ता, सन् १९६९

८६) मेडियभल नेपाल, पार्ट १, फर्मा के एल., मुखोपाध्याय, कलकत्ता, सन् १९६५

८७) ................. मेडियभल नेपाल, पार्ट २, फर्मा के.एल. मुखोपाध्याय, कलकत्ता, सन् १९६६

८८) रेग्मी, जगदीश चन्द्र, नेवारी संस्कृतिको रुपरेखा, अफिस अफ नेपाल एण्टीक्वरी, काठमाडौं, वि.सं. २०३५

८९) राजभण्डारी, पुस्करप्रसाद (संकलक), राजपुत क्षेत्रीय वंशावली, काठमाडौं, (मिति उल्लेख नगरिएको)

९०) लम्साल, देवीप्रसाद (सम्पादक), भाषा वंशावली, भाग २, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं, वि.सं. २०२३

९१) लावती, महेन्द्र (सम्पादक), कन्सेन्सीयस पोलिटिक्स आयण्ड डेमोक्रयाटाइजेसन्स इन नेपाल, सेज पब्लिकेसन्स, न्यू दिल्ली, सन् २००७

९२) लायण्डन, पर्सिभल, नेपाल, भोलुम १ र २, रत्नपुस्तक भण्डार, काठमाडौं, सन् १९७६

९३) लेभी, रवर्ट आई., मेसोकोजमः हिन्दूइजम आयण्ड दि अर्गनाइजेसन्स अफ ए ट्रायडिश्नल नेवार सीटी इन नेपाल, मोतिलाल बनारसी दास पब्लिसर्स प्राइभेट लिमिटेड, दिल्ली, सन् १९९२

९४) वल्डफिल्ड, एच. आयम्ब्रोस, स्केचेज फ्रम नेपाल, भोलुम १ र २, कस्मो पब्लिकेशन्स, दिल्ली, सन् १९७४

९५) सायमी, विनोद, आलः नेवा तथ्याङ्क व नेपाल मण्डल लागा, इलोह प्रकाशन, काठमाडौं, ने.सं. ११२९

९६) सुब्बा, टीबी, पोलिटिक्स अफ कल्चर ए स्टडी अफ थ्रि किरात कम्यूनिटिज इन दि इष्टर्न हिमालयज, ओरियन्ट लंगमायन लिमिटेड, न्यू दिल्ली, सन् १९९९

९७) शंकरमान राजवंशी, नेपाली लिपी विकास, श्याम सुन्दर राजवंशी, काठमाडौं, वि.सं. २०५९

९८) शर्मा, बालचन्द्र, नेपालको ऐतिहासिक रुपरेखा, कृष्ण कुमारी देवी, बाराणसी, वि.सं. २०२७

९९) शर्मा, पिताम्बर र खनाल, नरेन्द्र, संघीय नेपाल, खण्ड- १, हिमाल किताव, ललितपुर, सन् २००९

१००) शर्मा, जनकलाल, हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, काठमाडौं

१०१) शेरचन, संजय, रिमेकिङ्ग दि नेपलिज स्टेट, सफावन पी, काठमाडौं, सन् २००७

१०२) शाक्य, नरेशवीर, जिं छु च्वया, इलोन पब्लिकेशन, काठमाडौं, ने.सं. ११२७

१०३) शाक्य, रवि, यलया महापात्र जुजु पिनि इतिहास, न्हुहिसु पुचः, ललितपुर, ने.सं. ११२८

१०४) शाह, ऋषिकेश, मडर्न नेपाल, भोलुम १ र २, मनोहर पब्लिसर्स आयण्ड डिष्ट्रीव्यूटर्स, न्यू दिल्ली, सन् २००१

१०५) श्रेष्ठ, तुलसी नारायण, दि कन्सेप्टस अफ लोकल गभरमेन्ट आयण्ड डिसेन्ट्रलाइजेसन, रत्न पुस्तक भण्डार, काठमाडौं, सन् १९९६

१०६) ...............दि इम्प्लिमेन्टेसन अफ डिसेन्ट्रइलाजेसन स्कीम इन नेपाल, आयन आयसेसमेन्ट आयण्ड लेसन्स फर फ्यूचर, जोशी पब्लिकेशन, काठमाडौं, सन् १९९९

१०७) .............. नेपलिज एडनिष्ट्रेशनः ए हिस्टोरिकल परस्पेक्टिभ, रत्नपुस्तक भण्डार, काठमाडौं, सन् २००५

१०८) श्रेष्ठ, डी.बी र अन्य, इथ्नीक ग्रुप्स अफ नेपाल आयण्ड दियर वेज अफ लिभिङ्ग, लेखकहरु, काठमाडौं, सन् १९७२

१०९) श्रेष्ठ, पद्म, नेवार, स्यस्य समाज, काठमाडौं, ने.सं. ११२६

११०) श्रेष्ठ, पुरुषोत्तम लोचन, सिद्ध पोखरी : एक ऐतिहासिक विश्लेषण, भक्तपुर नगरपालिका, भक्तपुर, वि.सं. २०५४

१११) श्रेष्ठ, रामभक्त र अन्य, ए स्टडी अन कुलेश्वर हाउसीङ्ग प्रोजेक्ट, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर, सन् १९८५

११२) श्रेष्ठ, रेवतीरमानन्द, नेवाः (जाति, भाषा, लिपी, संस्कृति, राष्ट्रिय व्यक्तित्व सम्बन्धि छुं लेख), साहित्यया मुलुखा, ललितपुर, ने.सं. ११२१

११३) श्रेष्ठ, सूर्यराम (सम्पादक), ऐतिहासिक शहर बोडे : एक परिचय, भ्री पुचः सफूधुकु, बोडे, भक्तपुर, वि.सं. २०५७

११४) श्रेष्ठ मल्ल, शिवराज, मिथिलाका कर्णाटकवंशीहरु र नेपालमण्डलमा उनीहरुको प्रभाव, शैलेश राज, ललितपुर, सन् २००४

११५) श्रेष्ठ, ज्ञानलाल, श्रेष्ठ, जीतलाल, नालादेशको परिचय, हाम्रा पुर्खाहरु र हामी (श्रेष्ठ परिवारको वंशावली), श्रीमती द्वारिका श्रेष्ठ र श्रीमती सावित्री श्रेष्ठ, काठमाडौं, वि.सं. २०५०

११६) हाडा, दिव्यरत्न, दिव्यदृष्टि, श्रीमती जयालक्ष्मी हाडा, काठमाडौं, वि.सं. २०६२

११७) हायमीलटन, फ्रायन्सीस वुचानान, आयन काउन्ट अफ दि किङदङ अफ नेपाल, मन्जुश्री पब्लिशिङ्ग हाउस, न्यू दिल्ली, सन् १९७२

११८) होफर, आयन्ड्रास, दि काष्ट ह्यायरकी आयण्ड दि स्टेट इन नेपाल : ए स्टडी अफ दि मुलुकी ऐन अफ १८५४, हिमाल बुक्स, ललितपुर, सन् २००५

११९) हेमन्डर्फ, क्रिस्टोफर भोन फुरर (सम्पादक), काष्ट आयण्ड कीन इन नेपाल, इन्डीया आयण्ड सिलोन, एशिया पब्लिशिङ्ग हाउस, न्यू दिल्ली, सन् १९६६

१२०) हेगेन, टोनी, नेपालः दि किङ्गदम अफ दि हिमालयाज, अक्सफोर्ड आयण्ड आइ वी एच पब्लिशिङ्ग कम्पनी, नयाँ दिल्ली, सन् १९७१

## ख) लेखहरु

१) आचार्य, निर्मलकुमार, थर फेर्ने धुनमा, गोरखापत्र दैनिक, पौष २५, २०६५

२) आचार्य, बाबुराम, नेपाल, नेवार र नेवारी भाषा, नेपाल साँस्कृतिक परिषद पत्रिका, वर्ष १ अंक १, वैशाख, २००९

३) कर्णिकार, पुष्पराज, नेवा स्वायत्त गणराज्य भित्रको पहिचान र उपयोगको रणनीति (कार्यपत्र), नेवार राष्ट्रिय राजनीतिक सम्मेलन, नेवाः देय् दवु, काठमाडौं, ने.सं. ११२७

४) कार्की, पूर्ण, नेपालमा संघीयताः संभावित खतराहरु, जनभावना साप्ताहिक, श्रावण १३, २०६५

५) के. एम. वीरेन्द्र, मधेश एक राष्ट्र हुनुका आधारहरु, घट्ना र विचार साप्ताहिक, फागुन ८, २०६४

६) के.सी. सुरेन्द्र, नेवार जातिः पहिचान र इतिहास, गरिमा, पुष, २०५७

७) .................. आदिवासी जनजाति को ? गोरखापत्र दैनिक, कार्तिक २५, २०६६

८) कौडिन्यायन, समोदवर्धन, वर्ण, जाति र गोत्र, कान्तिपुर, फागुन १७, २०६४

९) क्वीग्ले, डेक्कान, श्रेष्ठजः हेटेरोजिनिटी एमोङ्ग हिन्दू पायट्रोन लाइनेजस, गेलनर डायभीड एन. (सम्पादक), कन्टेस्टेड ह्यारकी, अक्सफोर्ड यूनिभरसिटी प्रेस, कलकत्ता, सन् १९९९

१०) खड्का, नारायण, संघीयताको वैकल्पिक धारणा, नागरिक दैनिक, श्रावण २१, २०६६

११) खाइजु, इश्वरकाजी, नगरको सुरक्षा गर्ने भक्तपुरका देवीहरु, अन्नपूर्णपोष्ट, (शैली), असोज ७, २०६६

१२) गिरी, सरिता, मधेश स्वायत्तको सन्दर्भ, कान्तिपुर, असार २९, २०६५

१३) घर्तिमगर, झकेन्द्र, संघीयताका मौलिक आधार, गोरखापत्र दैनिक, वैशाख १०, २०६६

१४) चोङ्गवोङ्ग, हकराज, क्षेत्रीय स्वरुपको संघीयता, गोरखापत्र दैनिक, असोज ३०, २०६५

१५) चौधरी, महेश, तराइमा पाँच प्रदेश, कान्तिपुर दैनिक, असार २०, २०६५

१६) जीवन, जैनेन्द्र, थारु आन्दोलन र संघीयताका पूर्वसंकेत, नेपाल समाचारपत्र दैनिक, फागुन ३०, २०६५

१७) जुजु, बलदेव, हाम्रा इष्टदेवता, अभिवादन, वर्ष १, पूर्णाङ्क ३, २०५५

१८) जोशी, सुष्मा, डाइङ्ग सिटी, दि काठमाडू पोष्ट, फागुन २४, २०६५

१९) जोशी, हिरण्य बहादुर, कौशीक गोत्रीय धालामांछे जोशी, श्रमिक, फागुन ११, २०६१

२०) झा, अमरकान्त, भाषिक आधारमा संघीय संरचना, गोरखापत्र दैनिक, असार ८, २०६४

२१) झा, अनिलकुमार, आत्मनिर्णयको अधिकार, अन्नपूर्ण पोष्ट, दैनिक, फागुन १२, २०६५

२२) तिवारी, मधुनिधि, संघीय शासन व्यवस्थामा तहगत प्रणालीको सान्दर्भिकता, गोरखापत्र दैनिक, माघ ८, २०६५

२३) टोफिन, गेरार्ड, दि सोसियल अर्गनाइजेसन अफ राजोपाध्याय ब्राह्मण, गेलनर, डायभीड एन र क्वीग्ली, डिल्कान (सम्पादकहरु), कन्टेस्टेड ह्यारकी, अक्सफोर्ड यूनिभरसिटी प्रेस, कलकत्ता, सन् १९९९

२४) थापा, गगन र शर्मा, सुमित, रिइन्भेन्टीङ नेपाल, दि काठमाडू पोष्ट दैनिक, चैत्र १७, २०६५

२५) डंगोल, हरिकृष्ण, नेपाल भाषाः दैनिक पत्रिकाको ५४ वर्षे इतिहास, गोरखापत्र दैनिक, असोज १६, २०६५

२६) धिताल, विष्णुकुमार र जोशी, कृष्णबाबु, राज्य पुर्नसंरचना बारे केही कुरा, नेपाल समाचार पत्र दैनिक, पुष २५, २०६५

२७) नकर्मी, सुदिप, नेवार भित्र समावेशीकरणको आवश्यकता, कान्तिपुर दैनिक, असोज ६, २०६६

२८) नेपाली, भरत, दलित र गैर भौगोलिक संघीय इकाइ, गोरखापत्र दैनिक, साउन १९, २०६६

२९) नेपाली, राजेश्वर, मधेश, मधेशी र संघीयता, गोरखापत्र दैनिक, वैशाख ८, २०६६

३०) पन्त, रघु, राज्यको पुर्नसंरचना के का लागि, रोडम्याप साप्ताहिक, जेष्ठ १७, २०६४

३१) पराजुली, सोभाकर, संघीयता र राजधानीको सम्बन्ध, गोरखापत्र दैनिक, असोज, २१, २०६६

३२) ............... नेवार सभ्यता र राजधानी, नयाँ पत्रिका दैनिक, कार्तिक २५, २०६६

३३) पाण्डे, देवेन्द्रराज, परम्पराको अर्थ राजनीति र नयाँ नेपाल, कान्तिपुर, भदौं ११, २०६५

३४) पिटर, नरेन्द्रजंग, साँस्कृतिक रुपान्तरणको एक दशक, गोरखापत्र दैनिक, फागुन ३०, २०६४

३५) प्रसाई, दिर्घराज, नेपाल सम्वतको ऐतिहासिक महत्व, राजधानी दैनिक, असोज २६, २०६६

३६) प्रधान मुक्ति, नेवार स्वायत्त संघीय राज्यमा अन्य जातिको हक अधिकारको सुनिश्चितता (कार्य पत्र), नेवार राष्ट्रिय राजनीतिक सम्मेलन, नेवा देयदवु, काठमाडौं, ने.सं. ११२७

३७) प्रधान, सुदर्शन, सार्नुपर्छ राजधानी, नयाँ पत्रिका दैनिक, आषाढ २८, २०६६

३८) पोखरेल, राजकुमार, के हो ब्राह्मणवाद, गोरखापत्र दैनिक, भदौं २६, २०६६

३९) प्याकुरेल, विश्वम्भर, संघीय नेपालको आर्थिक अनुहार, नयाँ पत्रिका दैनिक, वैशाख १, २०६५

४०) बराल, भवानी, समावेशी, स्वायत्तता र आत्मनिर्णय, नयाँ पत्रिका दैनिक, फागुन २८, २०६४

४१) अन्तरविरोध अन्त्यका लागि संघीयता, गोरखापत्र दैनिक, भदौं ८, २०६६

४२) संघीयताः भूगोल कि जनतालाई, गोरखापत्र दैनिक, साउन २६, २०६६

४३) ........... संघीयता अझै धरापमा, कान्तिपुर दैनिक, वैशाख १, २०६६

४४) बराल, दिपकराज, विविधता भित्रको नेवार समाज, तिलक प्रकाश र अन्य (सम्पादकहरु), नेवाः संस्कृति र संस्कार, जगतलक्ष्मी स्मृति समाज, काठमाडौं, वि.सं. २०६३

४५) बज्राचार्य, धर्म सुन्दर, थिमी नगरः विहार र बज्राचार्यहरु, कलश, वर्ष १, अंक ३ र ४, असोज-कार्तिक, २०५६

४६) थिमी सम्बन्धी ऐतिहासिक शिलालेख एक सिहावलोकन, ल्याय्म्हः पुचः मध्यपुर थिमी म्हसिका, ने.सं. ११२०

४७) वीसी, गोरख बहादुर, केन्द्रिय खसानलाई उपेक्षा किन ?, गोरखापत्र दैनिक, फागुन ९, २०६४

४८) वीकिपोडिया (दि फ्रिइन्साइकलोपेडिया), दि नेवार काष्ट सिष्टम, बिकीपोडिया अर्क, विकी, नेवार काष्ट, सन् २००१

४९) वैद्य, तुलसीराम, नेपाल मण्डलया ऐतिहासिकता (कार्यपत्र), नेवाः राष्ट्रिय राजनीतिक सम्मेलन, नेवा दे दवु, काठमाडौं, ने.सं. ११२७

५०) बुढाथोकी, सोभाकार, दि वे एहेड, दि काठमाण्डू पोष्ट, जेष्ठ २, २०६६

५१) भट्ट, भीमदेव, समावेशीकरणको वैकल्पिक उपाय, गोरखापत्र दैनिक, भदौं १, २०६६
५२) भट्टचन, कृष्ण, जनजातिको आँखामा अबको नेपाल, नयाँ पत्रिका, वैशाख १, २०६५
५३) ……… आत्मनिर्णयले विखण्डन ल्याउँदैन, नयाँ पत्रिका दैनिक, फागुन १४, २०६५
५४) भण्डारी, शशिधर, को हुन् खस ? गोरखापत्र दैनिक, फागुन २४, २०६५
५५) भाँदगाउँले, अमृत, सिक्किममा मिनि काठमाडौं, नागरिक दैनिक (धुमफिर), जेष्ठ २, २०६६
५६) मल्ल, माला, नेवार्स अफ नेपाल भ्याली: कल्चरल स्टडीज, रोलम्वा, २१, नं. १,२ र ३, जनवरी-सेप्टेम्वर, सन् २००१
५७) महत: रामशरण, संघात्मक व्यवस्थाका चुनौती, नागरिक दैनिक, भदौं ८ र ९, २०६६
५८) महर्जन, राजेन्द्र, ब्राजिल जहाँ छ सहभागितामुलक लोकतन्त्र, गोरखापत्र दैनिक, माघ १४, २०६५
५९) मानन्धर, सुरेश, प्रस्तावित नेवा: राज्य, कान्तिपुर दैनिक, फागुन १४, २०६५
६०) मिश्र, प्रमोद, मल्टीइथ्नीक फेडरलीज्म, दि काठमाडू पोष्ट, जेष्ठ १३, २०६६
६१) मिश्र, रमणराज, आइडेन्टीटी आयण्ड स्टायटस अफ कास्टस: ए कन्सेपच्यूयल फ्रेमवर्क, (अप्रकाशित लेख), ललितपुर, सन् १९८५
६२) यादव, रामवरण, छुट्टै राज्य खोज्नेलाई मधेशी जनताले लखेट्छन्, साँधु साप्ताहिक, असार १८, २०६४
६३) राई साम्पाङ, खगेन्द्र, संघीय राज्य तथा सरकारी संरचना, गोरखापत्र दैनिक, कार्तिक ७, २०६५
६४) ……… खोइत आदिवासीको वास्तविक पहिचान, गोरखापत्र दैनिक, भदौं ८, २०६६
६५) राई, पद्म, बहुभाषिक विश्वविद्यालयको बहस, गोरखापत्र दैनिक, साउन २७, २०६६
६६) राई, टेक बहादुर, भाषिक नीति : आदिवासी जनजातिको जिम्मेवारी, गोरखापत्र दैनिक, जेष्ठ २६, २०६६
६७) राई, प्रकाश, जातिय स्वशासन र अग्राधिकारबारे, जनएकता साप्ताहिक, जेष्ठ २८, २०६४
६८) राज, प्रकाश ए, मेजोरिटिज आयण्ड माइनोरिटिज, दि काठमाडू पोष्ट, फागुन १७, २०६५

६९) राज, योगेन्द्र, थिमि बालकुमारी मन्दिर सम्बन्धी केही कागजात, प्राचिन नेपाल, संख्या १२०, वैशाख २०६३

७०) रानामगर, उजीर, राज्यको पुनसंरचनाको आधार, गोरखापत्र दैनिक, साउन २४, २०६६

७१) रानामगर, भेक बहादुर, अविष्मरणीय व्यक्तित्व : प्रथम सहिद लखनथापा, गोरखापत्र दैनिक, वैशाख २५, २०६६

७२) राजेन, रेन, नेवाः को साँस्कृतिक जीवन चक्र, मध्यपुर स्मारिका, पौष, २०५५

७३) रोक्का, हरि, बित्तीय संघीयताका आधारहरु, कान्तिपुर दैनिक, फागुन १६, २०६५

७४) रोकाया, केवी, संघीयतामा धर्म निरपेक्षता, नयाँ पत्रिका दैनिक, वैशाख १, २०६५

७५) रोजर, कलिन, सोसियल मोविलिटी इन नेवार काष्ट सिष्टम, हेमन्दर्फ, क्रिस्टोफर भोन फुरर (सम्पादक), काष्ट आयण्ड कीन इन नेपाल, इन्डिया आयण्ड सिलोन, एशिया पब्लिसिङ्ग हाउस, बम्वे, सन् १९६६

७६) लेखी, राजकुमार, तराइका भूमिपुत्र आदिवासी, कान्तिपुर, असार २६, २०६५

७७) लोहनी, प्रकाशचन्द्र, वैद्य, बालगोपाल, समावेशीकरण गरिनु पर्ने समुदायको पहिचान, कान्तिपुर, साउन २७, २०६६

७८) सम्पादकीय, काठमाडौं कसले जोगाउने हो ? गोरखापत्र दैनिक, पौष ७, २०६५

७९) स्वाँर, टि.एम., खस जाति र स्वायत्तता, राजधानी दैनिक, पुष २०, २०६५

८०) साइज अफ दि इकोनोमि, विश्व बैक प्रतिवेदन, २००९, अन्तरराष्ट्रिय मंच, वर्ष २५, अंक ४, पूर्णाङ्क २३८, माघ, २०६५

८१) सुब्वा, नवीन, राज्यको पुनरसंरचनाको निश्चित, नयाँ पत्रिका दैनिक, वैशाख १, २०६५

८२) सुवेदी, नवराज, आत्मनिर्णय र संघीयताको बहस, अन्नपूर्ण पोष्ट दैनिक, चैत्र २१, २०६५

८३) स्टेभेन्स, स्टायन, न्यू फेडरल मायप ह्येयर दु हिमाली पिपुल आयपियर ? हिमालयन टाइम्स दैनिक, फागुन २१, २०६४

८४) शर्मा, पिताम्बर, संघीयताको तीन चुनौती, नयाँ पत्रिका दैनिक, असार १२, २०६५

८५) शर्मा वन्दी, गोविन्द प्रसाद, संघीय संरचनामा न्यायपालिका, अन्नपूर्ण पोष्ट, दैनिक फागुन ९, २०६५

८६) शेर्पा, श्याम सुन्दर, आदिवासी बनेका गैर आदिवासीको चकचर्की, राजधानी दैनिक, जेष्ठ २५, २०६६

८७) शाह, सुरतबहादुर, संघीय संरचना र प्रशासनिक स्वरुप, गोरखापत्र दैनिक, वैशाख, २८, २०६६
८८) श्रेष्ठ, कविताराम, के नेवारहरु साँच्चै कातर हुन त ? समकालिन साहित्य, वर्ष १०, अंक ३
८९) श्रेष्ठ, गंगागाल, थिमिया इतिहासय खनेदुपिं बुभन्द्रि, मध्यपुर स्मारिका, पौष, २०५५
९०) श्रेष्ठ, विष्णुकुमार, राज्यको पुर्नसंरचना तथा शक्तिको बाँडफाँड, अन्नपूर्ण पोष्ट दैनिक, चैत्र ११, २०६५
९१) श्रेष्ठ, दिपक कृष्ण, संघीय राज्यहरुमा आर्थिक व्यवस्थापन, गोरखापत्र दैनिक, साउन २१, २०६६
९२) संघीय राज्यहरुमा भाषिक व्यवस्थापन, गोरखापत्र दैनिक, साउन २१, २०६६
९३) श्रेष्ठ, बद्री, नेवार समुदायमा श्रेष्ठ जातिको जीवन संस्कार, तिलक प्रकाश र अन्य (सम्पादकहरु), नेवा: संस्कृति र संस्कार, जगतलक्ष्मी स्मृति समाज, काठमाडौं, वि.सं. २०६३
९४) श्रेष्ठ, बैकुण्ठहरि, गंगा महारानीका कीर्तिहरु, मध्यपुर स्मारिका, पौष, २०५५
९५) श्रेष्ठ, माणिकलाल, हिन्दूकरण: इतिहासको साँस्कृतिक भूल, मूल्याङ्कन, पूर्णाङ्क १७५, असोज, २०६६
९६) ............ राजतन्त्रले धर्म र जातिको आडमा गरेका अन्यायहरु, मूल्याङ्कन, भदौं-असोज, २०६५
९७) ........... नेपालको सन्दर्भमा जातिय स्वशासन, हाँक साप्ताहिक, फागुन ७, २०६५
९८) ........... नेवार जातिको स्वरुपबारे केही कुरा, जनजाति, वर्ष १, अंक १-२, २०५६
९९) श्रेष्ठ, संजिव, बोडे : एक परिचय, श्रेष्ठ, सूर्यराम (सम्पादक), ऐतिहासिक शहर बोडे : एक : परिचय, भीपुच: सफुधुकु, बोडे, भक्तपुर, वि.सं. २०५७
१००) श्रेष्ठ, शिवराज, नेपाल मण्डल बाहिर बस्ने नेवारहरुको राजनीतिक आवश्यकताका माग र इच्छा आकांक्षाहरु (कार्यपत्र), नेवा: राष्ट्रिय राजनीतिक सम्मेलन, नेवा देयदवु, काठमाडौं, ने.सं. ११२७
१०१) श्रेष्ठ, श्याम, दलितका लागि कस्तो संघीय स्वरुप, नयाँ पत्रिका दैनिक, फागुन २९, २०६५
१०२) ................. नेपालमा संघीय राज्य प्रणालीको सम्भावित स्वरुप र संरचना, जन एकता साप्ताहिक, साउन १३, २०६५

१०३) हाडा, नरेन्द्र भक्त, नेवार स्वायत्त संघीय गणराज्य नेपाल मण्डल (कार्यपत्र), नेवार राष्ट्रिय राजनीतिक सम्मेलन, नेवा दे दवु, काठमाडौं, ने.सं. ११२७
१०४) ज्ञवाली, प्रदिप, स्वायत्तता: मधेश र बिर्सिएका मुद्दा, कान्तिपुर दैनिक, असार २०, २०६५

*द्रष्टव्य :*
*वि.सं. = विक्रम सम्वत्*
*ने.सं. = नेपाल सम्वत्*
*सन् = इसाई सम्वत्*

परिशिष्ट-१.१

## तीनलाख वा सो भन्दा बढि जनसंख्या भएको जातजातिहरू

| क्र.सं. | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १) | खस क्षेत्री | ३५,९३,४९६ | १५.८ |
| २) | खस बाहुन | २८,९६,४७७ | १२.७ |
| ३) | मगर | १६,२२,४२१ | ७.१ |
| ४) | थारू | १५,३३,८७९ | ६.७ |
| ५) | तामाङ | १२,८२,३०४ | ५.६ |
| ६) | नेवार | १२,४५,२३२ | ५.५ |
| ७) | मुसलमान | ९,७१,०५६ | ४.३ |
| ८) | यादव | ८,९५,४२३ | ३.९ |
| ९) | राई | ६,३५,१५१ | २.८ |
| १०) | गुरूङ्ग | ५,४३,५७१ | २.४ |
| ११) | लिम्बु | ३,५९,३७९ | १.६ |

*श्रोत: केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २००१, काठमाडौं ।*

**परिशिष्ट- १.२**

## सिक्किममा मिनी काठमाडौं

*- अमृत भादगाउँले*

***आफ्नो जातीय भाषा र संस्कृतिप्रति जागरूक बन्दैछन् सिक्किमका नेवारहरू। नेपाली गुरूहरूलाई आफ्नै आगँनमा निम्त्याएर नेवार सभ्यता सिक्दैछन् उनीहरू।***

दुई हात जोडेर नमस्कार गरिरहेकी थिइन् उनी। टक्क अडिएँ म। हाकु पटासी (नेवार महिलाको परम्परागत कालो साडी) कपडाबाट बनेको चोली र स्कर्ट खुबै खुलेको थियो उनको आङ्गमा। गोलो अनुहारकी यस्ती उज्याली युवतीसँग केही नबोली कार्यक्रम स्थल पस्नु कसरी ?

"नमस्कार !" मैले खल्तीको क्यामरा झिक्दै सोधें, "बहिनीको नाम ?" "प्रज्वला प्रधान", आफ्ना पातला ओंठ खोलेर हिउँ जस्ता दन्त प्रदर्शन गर्दै उनले भनिन्। मैले क्यामरा सोझ्याएँ, उनले अपठ्यारो मानिनन्।

छब्बीस वर्षीया यी सुन्दरी नेपाल भाषा केन्द्रीय विभागकी एम.ए. दोस्रो वर्षकी विद्यार्थी रैछिन्। पाटन क्याम्पस पढ्दै गरेकी। भन्नेहरूले त भनिहाल्छन्, अँग्रेजीको जमानामा किन नेपाल भाषा पढ्न थालेको ? अर्थस्थास्त्रमा एम.ए गरिसकेकी प्रज्वलालाई नेपाल भाषा र संस्कृतिको मोहले नेपाल डोऱ्यायो। हाम्रो (नेवारको) आफ्नो भाषा-संस्कृति छ भन्ने थाहा पाएदेखि, लेप्चा आमा र नेवार बाबुकी कृस सन्तान उनी भन्दै थिइन्, "गहिरो अध्ययन गर्न मन लाग्यो।"

तपाईले पढिरहनु भएको यो कथा हो दक्षिण सिक्किमस्थिति नामथाङ्गको। सन् २००५ मा गाउँकै नेवा: भाय व संस्कृति विद्यालयमा नेपाल भाषा सिक्न थालेपछि मात्रै प्रज्वलाले नेपाल भाषा, हाकुपटासी, छोइला, कचिला, चतामरी आदि जानेकी रैछिन्। जति बुझ्दै गयो त्यति मोहनी लगायो नेवार संस्कृतिले।

प्रज्वलाले जस्तै सिक्किमका सबै नेवारले नामको पछाडि "प्रधान" थर लेख्छन्। त्यहाँ उनीहरू प्रधान जाति भनेर चिनिएका छन्। म नेवार हुँ भन्ने सबैलाई थाहा भए पनि कतिलाई त आफ्नो खास थरै थाहा छैन। प्रज्वलाको थरचाहिँ कर्माचार्य। तर, शैक्षिक योग्यता र नागरिकताका प्रमाणपत्रहरूमा उनको जस्तै सबैको थर लेखिएको हुन्छ -प्रधान।

अचम्म नमान्नुस्, नेपाल भाषा राम्ररी बोल्न जान्ने नेवार मुस्किलले भेटिन्छन् भारतको सिक्किम राज्यमा। भाषा नजाने पनि अधिकांश नेवारले दैनिक जीवनमा नेवार शब्द अजा, अजि, पाजु र निनि प्रयोग गर्दै आएका छन्। पाँच लाख ७५ हजार जनसंख्या भएको सिक्किममा करिव २० हजार नेवार छन्। सन् २००० मा खुलेको नेवा: भाय व संस्कृति विद्यालयबाट ९७ जनाले नेपाल भाषा सिकिसकेको शिक्षक विकास प्रधानले बताए। कसैले नबुझ्ने भएपछि प्रज्वला आफ्नो घरमा नेपाल भाषामा कुरा गर्न सक्दिनन्। मंगलबजार (पाटन) मा बसेर पढ्दै गरेकी उनलाई यहाँचाहिँ समस्या परेको छैन। भन्छिन्-"नेवार बोल्ने थुप्रै साथी बनाएको छु।"

गाउँको विद्यालयमा उनले भाषा मात्रै सिकिनन्, नेवार लोक नृत्य, र ज्यापू नाचको कक्षा पनि लिइन्। नेपाल आएपछि पहिलो पटक थिमिमा भोज खाँदा उनी छक्कै परिन्। सुकुलमा लहरै बसेर थरिथरिका परिकार खाँदा उनलाई लाग्यो "खानपिन संस्कृतिमा पनि हामी धनी रहेछौं।"

काठमाडौं बसाईमा इन्द्र, बिस्केट, जिब्रो छेड्ने लगायत थरिथरिका जात्रामा रमाउँदैछिन् उनी। उनीसँगै विकास, तारादेवी, हरिमाया पनि सिक्किमदेखि आएर यहाँ नेपाल भाषा पढ्दैछन्। उनको समूहले सिक्किममा "नेवार भोज" चिनाइसकेको छ।

सिक्किमबाट फर्केपछि एक दिन मध्यान्ह प्रज्वलासँग काठमाडौंको एउटा रेष्टुँरामा भेट भयो। आधुनिक पहिरनमा चिटिक्क ठाँटिएर आएकी थिइन् उनी।

"पढाइ सकेपछि के गर्छौ नि ?", मैले यो सोढ्दा उनले ओठबाट कोकको बोतल टेबुलमा झार्दै भनिन्-"सिक्किम फर्केर भाषा सिकाउँछु।" परिवारको खर्चमा जातीय संस्कृति अध्ययन गर्न आएकी यी सुन्दरीलाई शुभकामना।

यतिबेला सिँगै सिक्किमका नेवार, नेपाल भाषा र संस्कृतिप्रति जागरूक बनेका छन्। प्रधान थर लेख्दैमा नेवार भइन्न, त्यसका लागि भाषा र संस्कृति अनुकरण गर्नुपर्छ भन्ने उनीहरूलाई लागेको छ। सन् १९९५ मा सिक्किम सरकारले नेपाल भाषालाई राज्य भाषाको मान्यता दियो। मान्यता पाए पनि भाषा जान्ने

र बोल्नेको संख्या औंलामा गन्न सकिने मात्रै भएकाले सिक्किम नेवार संगठनको आँखा खुल्यो । संगठनले नेपालबाट भाषा र संस्कृतिका गुरूहरू झिकाएर प्रशिक्षण दिन थाल्यो ।

मध्यपुर कला परिषद् थिमीका पूर्व अध्यक्ष गणेशराम लाछीको नेतृत्वमा हाम्रो टोली सिक्किमको नेवार संगठनको अधिवेशनमा भाग लिन त्यहाँ गएको थियो । अधिवेशनस्थलमा संगठनका अध्यक्ष खगेन्द्र प्रधानको भाषण सुन्दा सिक्किमका ८ वटा विद्यालयमा कक्षा ७ सम्म नेपाल भाषामा पढाइ हुन थालिसकेको थाहा पाइयो । नेपाल भाषा पढाउन १४ जना शिक्षक नियुक्त भइसकेका रहेछन् ।

सय नेवार परिबार बस्छन् नामथाङ्गमा । उनीहरूले सन् २००४ देखि इन्द्रजात्रा मनाउन पनि थालेका छन् । २००१ मा पहिलो पटक म्हपूजा गरे । काठमाडौंका बज्राचार्य झिकाएर कन्याको बेलविवाह र कुमारको ब्रतबन्ध गर्ने चलन बसाइएको सुनाए पश्चिमी सिक्किमबाट अधिवेशनमा आएका केपी प्रधानले । सबैले नगरे पनि चलनचाहिँ भित्रिएकोमा खुसी मान्नुपर्छ । केही युवा लाखे नाच निकाल्न सक्षम भैसकेका छन् । उनीहरू यति हौसिएका छन् कि, भन्दै थिए- "हामी सिक्किम कला परिषद् स्थापना गर्दैछौं ।"

सिक्किमेली नेवारको आदिभूमि काठमाडौं उपत्यका नै हो । उनीहरू आफ्नो ठाउँमा काठमाडौंको नेवार सभ्यता झल्कने साँस्कृतिक केन्द्र निर्माणमा जुटेका छन् । हामी पुगेकाबेला गएको फागुन १५ गते नामथाङ्ग पाखोमा केन्द्र शिल्यान्यास गरियो । नेपाल भाषा, लिपी, संगीत र संस्कृति सिक्ने विद्यालय, संग्राहालय र एक हजार मान्छे अटाउने हल बन्नेछ नामथाङ्गमा । काँकडभित्ताबाट १ सय ७० किलोमिटर दूरीमा छ यो ठाउँ ।

त्यस्तै काठमाडौं, भादगाउँ, थिमी (मध्यपुर), बुङमती, कीर्तिपुर, पाटन, साँखुलगायत १२ ठाउँको नेवार जनजीवन झल्काउने घर बन्नेछन् यहाँ । यी छुट्टाछुट्टै ठाउँको नाममा छुट्टछुट्टै घर बनाइनेछ । अनि तिनलाई गेष्ट हाउसका रूपमा विकास गरिनेछ । त्यो बनेपछि कलात्मक बुट्टे ईंट्टा प्रयोग गरेर बनेका घर, मन्दिर, ढुंगेधारा र चैत्य हेर्नेहरूको चहलपहल बढ्ने छ । त्यहाँ मध्यपुर कला परिषद्ले आफ्नै खर्चमा एउटा मन्दिर बनाइदिने घोषणा गरेको छ । त्यसबाहेक नेपाल संम्वतका प्रर्बतक शंखधर साख्वा:, भृकुटी, महिन्द्र मल्ल र सुरूमा सिक्किम पुग्ने तीनजना नेवारको सालिक हेर्न पाइनेछ ।

कति वर्ष लाग्ला केन्द्र झकिझकाउ हुन ? पाँच वर्षको समयसिमा राखेका छन् उनीहरूले । जातीय उत्थानमा राज्यले सघाउ पुऱ्याएकोले तोकिएकै समयमा पाँच करोडभन्दा बढी भारतीय रूपैयाँ खर्चेर केन्द्र बनिसक्ने विश्वास लाग्यो मलाई । जग्गा किन्नलाई मात्रै सरकारले ५० लाख भारू दिएको रहेछ । संगठनका अध्यक्ष खगेन्द्रका अनुसार मुख्यमन्त्री पवन चाम्लिङ्गले निर्माणका लागि आवश्यक रकम राज्यले दिने बचन दिइसकेका छन् । त्यसो त हामी सहभागी भएको अधिवेशनका लागि पनि सरकारले ५ लाख भारू दिएको रहेछ ।

सिक्किमका आदिवासी लेप्चा जाति हुन् । साँझ मध्यपुर कला परिषद्का कलाकारहरूको प्रस्तुति, भैरव, महाकाली, चर्या, ज्यापू, आर्यतारा लगायतका नृत्य देख्दा सिक्किमेली नेवार मात्रै होइन, अन्य जातजातिले पनि रमाइलो माने । बीचबीचमा इमेज च्यानलसँग सम्बद्ध गायक सुलिन्द्र शाक्यले नेपाल भाषाको र नेपाली गीत गाएर माहौल तताए । स्थानीय नेवार बालिकाको नृत्य र लेप्चा भाइबहिनीको गीतले पनि हाम्रो मन चोऱ्यो ।

तल टिष्टा नदी सुसाइरहेको थियो । राती हामी लाग्यौं टेन्टतिर । साथमा थिए इमेज च्यानलका क्यामरापर्सन रक्षा बज्राचार्य । उनी भन्दै थिए- "साँस्कृतिक केन्द्रको शिल्यान्यासमा पनि आइयो, यसको उद्घाटनमा पनि आउनु पर्छ है ।"

**महागुरू गणेशराम**

सिक्किमेली नेवारलाई बाटो देखाउने गुरू हुन् -गणेशराम लाछी । सिक्किम नेवार संगठनका अध्यक्ष खगेन्द्र प्रधानका शब्दमा "महागुरू" हुन् उनी । मध्यपुर (थिमी)मा बसेर साँस्कृतिक कर्ममा जुटिरहेका लाछीले घरमै नेवारी बाजागाजा र कला संस्कृति झल्कने संग्राहालय "आखा छें" खालेका छन् ।

सिक्किमसँग उनको नाता सन् १९९९ मा जोडिएको रहेछ । त्यो बेला सिक्किमका नेवार अगुवाहरू पुर्खाको आदिभूमि खोज्दै काठमाडौं आएका थिए । सिक्किमे नेवारहरू भाषा र संस्कृतिप्रति अनभिज्ञ भएको बुझेपछि उनीहरूलाई सिकाउने अग्रसरता देखाए उनले । र सन् २००० मा उनको मध्यपुर कला परिषद्ले सिक्किममा नेपाल भाषा, लिपी र गीत सिकाउन सुभाषराम लाछी (उनकै छोरा), नृत्य र बाजा सिकाउन क्रमश: सन्तकुमार प्रजापति र कृष्णबहादुर प्रजापतिलाई पठायो । उनीहरूले तीन महिना सिक्किममा बसेर यी सब सिकाए । त्यसपछि त कुनै कार्यक्रम गर्नुपऱ्यो कि सिक्किमेहरू गणेशरामकै मुख ताक्छन् । उनी पनि सकेसम्म जान्छन्, नसके साथीभाइलाई पठाउँछन् ।

हामी नामथाङ्ग पुगेका बेला सिक्किम नेवार संगठनले उनलाई "महागुरू" उपमा दिएर सम्मान गऱ्यो । कार्यक्रममा ज्यादै भावुक बने उनी । उनले आफ्नो संग्राहालय "आखा छें" का सबै सामान सिक्किममै हस्तान्तरण गर्ने घोषणा गरे । भन्दै थिए- म्यूजियम यहाँ सार्न पाए उचित संरक्षण हुने थियो ।

सिक्किममा इन्द्रजात्रा सुरू भैसकेको छ । अर्को वर्षदेखि जिउँदो कुमारी स्थापना गर्ने सोचमा छन् उनी । सिक्किममा मिनी काठमाडौंको सोच कसरी आयो त ? उनी भन्छन्-"केही वर्ष अघि हामीले मध्यपुरमै "एकेडेमी अफ नेवा डान्स एन्ड म्यूजिक" खोल्न निकै पहल गरेका थियौं । तर, कसैले सहयोग गरेन । त्यत्तिकै थन्किएको त्यही योजना पूरा हुँदैछ सिक्किममा । उताका मित्रले चासो देखाए, त्यहाँको सरकार पनि सहयोगी बन्यो ।

सिक्किमका मित्रहरूले जतिसक्दो छिटो आउन निम्तो गरिरहेका छन् । उनीहरूसँग साँस्कृतिक केन्द्र बनाउने इच्छा र धन छ, कालीगढाहरू भने यतैबाट लानुपर्नेछ । ५९ वर्षिय गणेशरामका जेठा छोरा सन्तोषरामको दम्पत्ति चीनमा बस्छन्, कान्छो छोरा सुभाषराम अमेरिकामा । उनलाई घर छोड्न गाह्रो छ । तैपनि इञ्जिनियरको टोलीसहित केही दिनमै उनी फेरी सिक्किम जानेछन् । अस्ति भर्खरै हो अध्यक्ष खगेन्द्रले फोनमा उनलाई भनेको-गणेशरामजी तपाई बूढाबुढी नै ३-४ वर्ष यतै (सिक्किम) बस्ने गरी आउनुस् । साँस्कृतिक केन्द्र बनेपछि फर्कनुहोला ।"

**नेवार प्रवेशको इतिहास**

सिक्किममा नेवारहरू कसरी भित्रिए होलान् ? यसको जवाफ खोज्न हामी लाग्यौं नामथाङ्ग कोठीतिर । सिक्किम प्रवेश गर्ने पहिलो नेवार लक्ष्मीदास कसजूका सन्तानले बनाएको कलात्मक भवन कोठीका रूपमा चिनिएको छ । सन् १८६० तिर बनेको । नयाँ भवनचाहिँ १९२९ मा बनेको ।

कोठीको आँगनमा भेटिए धीरज कसजू (लक्ष्मीदासका छैठौं पुस्ता) सुनौं उनकै मुखबाट नेवार आगमनको कथा: हाम्रा पुर्खा भक्तपुरबाट यता आएका हुन् । नेपालमा वि.सं. १९०३ मा कोतपर्व भयो । त्यो बेला जंगबहादुरले हत्या गर्ने व्यक्तिको सूचीमा लक्ष्मीदासको पनि नाम रहेछ । लक्ष्मीदास त्यतिबेला व्यापार गर्नुहुन्थ्यो । रातारात भागेर दार्जिलिङ्ग आई उहाँले गुन्द्रुकको व्यापार गर्नुभएछ । त्यतिबेला सिक्किममा नामग्याल राजा थिए । सिक्किमेली जनताको साथ लागेर उहाँ यता आउनुभयो र, राजाको विश्वासिलो पात्र बन्नुभयो । राजाले उहाँलाई कुत उठाउने जिम्मा दिएछन् । पछि उहाँले काठमाडौंबाट अरू नेवारहरू पनि यहाँ झिकाउनु भएछ ।

आफ्नो थर प्रधान लेख्नुमा पनि रमाइलो कारण रहेछ । त्यो बेला नेपाल सरकारले नेवारहरूलाई फिर्ता पठाइदिन सिक्किमका राजासँग आग्रह गरेछ । फिर्ता जानुपर्ने भयले लक्ष्मीदासहरूले एउटा उपाय रचेछन्, र सबै नेवारलाई भनेछन् "नेवार खोज्दै आए सबैले हामी त प्रधान हौं, नेवार होइन भन्नु है ।" नभन्दै सबैले त्यसै गरेछन् । त्यही बेलादेखि थरस्वरूप प्रधान लेख्न थालियो ।

कोठीमा पुग्दा नेवारकै घरमा पुगेको अनुभव भयो हामीलाई । म बाहेक टोलीका सबै सदस्य नेवार थिए । कोठीमा पुग्नासाथ दुर्गा कसजुले लाखामरीले स्वागत गरिन् । उनको माइती काठमाडौं रहेछ । उनले नेपाल भाषामा कुरा गर्न थालेपछि हामीसँगै गएका नविन मानन्धर दाइ भन्दै थिए- बल्ल नेवारको घर आएको अनुभव भयो ।

•

*- श्रोत: अमृत भाँदगाउँले, सिक्किममा मिनी काठमाडौं, नागरिक (घुमफिर), जेष्ठ २, २०६६*

*द्रष्टव्य : अमृत भादगाउँलेको "सिक्किममा मिनी काठमाडौं" शिर्षकको यो लेख निकै रोचक लागेकोले पुरैलेख यथावत यस परिशिष्टमा समावेश गरिएको छ । यस पुस्तकका लेखक अमृत भादगाउँले प्रति आभार एवं साभार व्यक्त गर्न चाहन्छु ।*

परिशिष्ट- १.३

# नेपालभन्दा ठूला र साना देशहरूका नामावली र क्षेत्रफल

नेपालको क्षेत्रफल : १,४७,१८१ वर्ग किलोमिटर

## क) नेपालभन्दा ठूला देशहरू

| क्र.सं. | नाम | क्षेत्रफल (हजार वर्ग कि.मी.मा) |
|---|---|---|
| १ | अफगानिस्तान | ६५२ |
| २ | अलजेरिया | २३८२ |
| ३ | अन्गोला | १२४७ |
| ४ | अरजेन्टीना | २७८० |
| ५ | अष्ट्रेलिया | ७७४१ |
| ६ | बेलारूस | २०८ |
| ७ | बोलिभिया | १०९९ |
| ८ | वोत्सवाना | ५८२ |
| ९ | ब्राजिल | ८५१५ |
| १० | बुर्राकिना फासो | २७४ |
| ११ | क्याम्बोडिया | १८१ |
| १२ | क्यामरून | ४७५ |
| १३ | क्यानाडा | ९९८५ |
| १४ | सेन्ट्रल अफ्रिकन रिपब्लिक | ६२३ |
| १५ | चाड | १२८४ |
| १६ | चिली | ७५७ |
| १७ | चाइना | ९६३५ |
| १८ | कोलाम्विया | ११४२ |
| १९ | कंगो (प्रजातान्त्रिक गणतन्त्र) | २३४५ |
| २० | कंगो (गणतन्त्र) | ३४२ |
| २१ | कोटे दि लभोरी | ३२२ |
| २२ | इक्वेडोर | २८४ |
| २३ | इजिप्ट | १००१ |
| २४ | इथोसिया | ११०४ |
| २५ | फिनल्याण्ड | ३३८ |
| २६ | फ्रान्स | ५५२ |
| २७ | गायवोन | २६८ |
| २८ | जर्मनी | ३५७ |
| २९ | घाना | २३९ |
| ३० | गायनिया | २४६ |
| ३१ | इन्डिया/भारत | ३२८७ |
| ३२ | इन्डोनेसिया | १९०५ |
| ३३ | इरान (इस्लामिक गणतन्त्र) | १७४५ |
| ३४ | इराक | ४३८ |
| ३५ | इटाली | ३०१ |
| ३६ | जापान | ३७८ |
| ३७ | काजख्स्तान | २७२५ |
| ३८ | केन्या | ५८० |
| ३९ | कार्गज गणतन्त्र | २०० |
| ४० | लाओस (जनप्रजातान्त्रिक गणतन्त्र) | २३७ |

| | | |
|---|---|---|
| ४१. | लिबिया | १७६० |
| ४२. | मायडागास्कर | ५८७ |
| ४३. | मलेशिया | ३३० |
| ४४. | माली | १२४० |
| ४५. | मौरीतानिया | १०३१ |
| ४६. | मेक्सिको | १९६४ |
| ४७. | मंगोलिया | १५६७ |
| ४८. | मोरोक्को | ४४७ |
| ४९. | मोजाम्बिक | ७९९ |
| ५०. | म्यान्मार | ६७७ |
| ५१. | नार्मिबिया | ८२४ |
| ५२. | न्यूजिल्याण्ड | २६८ |
| ५३. | नाइजर | १२६७ |
| ५४. | नाइजेरिया | ९२४ |
| ५५. | नर्वे | ३२४ |
| ५६. | वमान | ३१० |
| ५७. | पाकिस्तान | ७९६ |
| ५८. | पापुवान्यूगिनी | ४६३ |
| ५९. | पाराग्वे | ४०७ |
| ६०. | पेरू | १२८५ |
| ६१. | फिलिपिन्स | ३०० |
| ६२. | पोल्याण्ड | ३१३ |
| ६३. | रूमानिया | २३८ |
| ६४. | रसियन फेडरेशन | १७०९८ |
| ६५. | साउदी अरव | २००० |
| ६६. | सेनेगल | .१९७ |
| ६७. | सोमालिया | ६३८ |
| ६८. | साउथ अफ्रिका | १२१९ |
| ६९. | स्पेन | ५०५ |
| ७०. | सुडान | २५०६ |
| ७१. | स्वीडेन | ४५० |
| ७२. | सिरियन अरव गणतन्त्र | १८५ |
| ७३. | तान्जानिया | ९४७ |
| ७४. | थाइल्याण्ड | ५१३ |
| ७५. | ट्यूनिसिया | १६४ |
| ७६. | टर्की | ७८४ |
| ७७. | टर्कमेनिस्तान | ४८८ |
| ७८. | युगाण्डा | २४१ |
| ७९. | यूक्रेन | ६०४ |
| ८० | युनाइटेड किङडम (संयुक्त अधिराज्य) | २४४ |
| ८१. | युनाइटेड स्टेट्स (संयुक्त राज्य अमेरिका) | ९६३२ |
| ८२. | उरूग्वय | १७६ |
| ८३. | उज्वेकिस्तान | ४४७ |
| ८४. | भेनेजूयला | ९१२ |
| ८५. | भियतनाम | ३२९ |
| ८६. | यमन गणतन्त्र | ५२८ |
| ८७. | जाम्विया | ७५३ |
| ८८. | जिम्बावे | ३९१ |
| ८९. | ग्रीनल्याण्ड | ४१० |

| | | |
|---|---|---|
| ९० | गायना | २१५ |
| ९१ | सुरिनाम | १६३ |

**नेपालभन्दा साना देशहरू**

| क्र.सं. | नाम | क्षेत्रफल (हजार वर्ग कि.मी.मा) |
|---|---|---|
| १ | अलवानिया | २९ |
| २ | अरमेनिया | ३० |
| ३ | अष्ट्रिया | ८४ |
| ४ | अजरवैजान | ८७ |
| ५ | बंगलादेश | १४४ |
| ६ | बेल्जियम | ३१ |
| ७ | बेनिन | ११३ |
| ८ | बोस्नीया हर्जगोविना | ५१ |
| ९ | बल्गेरिया | १११ |
| १० | बुरूण्डी | २८ |
| ११ | हङकङ (चाइना) | १ |
| १२ | कोष्टारिका | ५१ |
| १३ | क्रोयसिया | ५७ |
| १४ | क्यूवा | १११ |
| १५ | चेक गणतन्त्र | ७९ |
| १६ | डेन्मार्क | ४३ |
| १७ | डोमिनीकन गणतन्त्र | ४९ |
| १८ | एल साल्भाडोर | २१ |
| १९ | इरिटिया | ११८ |
| २० | इस्टोनिया | ४५ |
| २१ | ग्याम्वीय, | ११ |
| २२ | जर्जीया | ७० |
| २३ | ग्रीस | १३२ |
| २४ | ग्वाटेमाला | १०९ |
| २५ | गीनीविसाउ | ३६ |
| २६ | हाइटी | २८ |
| २७ | होन्डुरस | ११२ |
| २८ | हंगेरी | ९३ |
| २९ | आयरल्याड | ७० |
| ३० | इजराइल | २२ |
| ३१ | जमाइका | ११ |
| ३२ | जोर्डन | ८९ |
| ३३ | कोरिया (प्रजातान्त्रिक गणतन्त्र) | १२१ |
| ३४ | कोरिया (गणतन्त्र) | ९९ |
| ३५ | कुवेत | १८ |
| ३६ | लाट्भीया | ६५ |
| ३७ | लेवनान | १० |
| ३८ | लेसोथो | ३० |
| ३९ | लाइवेरिया | १११ |
| ४० | लिथुनिया | ६५ |
| ४१ | मायसीडोनिया | २६ |
| ४२ | मलावी | ११८ |
| ४३ | मौरीसियस | २ |

| | | |
|---|---|---|
| ४४. | मोल्डोभा | ३४ |
| ४५. | नेडरल्याण्ड | ४२ |
| ४६. | निकारागुआ | १३० |
| ४७. | पानामा | ७६ |
| ४८. | पोर्चुगल | ९२ |
| ४९. | प्यूरटोरिका | ९ |
| ५०. | सरबीया | ८८ |
| ५१. | सिरायालोन | ७२ |
| ५२. | सिंगापुर | १ |
| ५३. | स्लोभाक गणतन्त्र | ४९ |
| ५४. | स्लोभेनिया | २० |
| ५५. | श्रीलंका | ६६ |
| ५६. | स्वाजील्याण्ड | १७ |
| ५७. | स्वीट्जरल्याण्ड | ४१ |
| ५८. | ताजिकीस्तान | १४३ |
| ५९. | टिमोरलेस्टे | १५ |
| ६०. | टोगो | ५७ |
| ६१. | ट्रिनीडायड टोवागो | ५ |
| ६२. | युनाइटेड अरव इमिरेट्स | ८४ |
| ६३. | वेष्ट बैंक एण्ड गाजा | ६ |
| ६४. | अमेरिकन सायम्वाइ | ०.२ |
| ६५. | आयडोरा | ०.५ |
| ६६. | आन्टिगुवा बारबुडा | ०.४ |
| ६७. | अरूबा | ०.२ |
| ६८. | बाहामाज | १३.९ |
| ६९. | वहराइन | ०.७ |
| ७०. | वारबोडोस | ०.४ |
| ७१. | बेलिजे | २३ |
| ७२. | वरमुडा | ०.१ |
| ७३. | भूटान | ४७ |
| ७४. | ब्रुनाइ डायरूसयम | ५.८ |
| ७५. | केप भरदे | ४ |
| ७६. | केमायन आइल्याण्डस | ०.३ |
| ७७. | च्यानेल आइल्याण्डस | ०.२ |
| ७८. | कोमोरोस | १.९ |
| ७९. | साइप्रस | ९.३ |
| ८०. | जीवुती | २३.२ |
| ८१. | डोमिनिका | ०.८ |
| ८२. | इक्वेटोरियल गाइनिया | २८.१ |
| ८३. | फाइरो आइल्याण्डस | १.४ |
| ८४. | फिजी | १८.३ |
| ८५. | फ्रेन्च पोलिनिसिया | ४ |
| ८६. | ग्रेनेडा | ०.३ |
| ८७. | गुआम | ०.५ |
| ८८. | आइसल्याण्ड | १०३ |
| ८९. | आइल्स आफ मायन | ०.६ |
| ९०. | किरोवाटी | ०.८ |
| ९१. | लिचटेनस्टिन | ०.२ |
| ९२. | लक्जेम्वर्ग | २.६ |

| | | |
|---|---|---|
| ९३. | मकाउ (चाइना) | ०.० |
| ९४ | माल्दिभ्स | ०.३ |
| ९५ | माल्टा | ०.३ |
| ९६. | मारसली आइल्याण्डस | ०.२ |
| ९७. | मायोटी | ०.४ |
| ९८. | माइक्रोनेसीम | ०.७ |
| ९९. | मोनाको | ०.० |
| १००. | मन्टेनेग्रो | १४ |
| १०१. | नेडरल्याण्डस आन्टीलेज | ०.८ |
| १०२. | न्यू क्यालिडोनिया | १८.६ |
| १०३. | नरदर्न मारियना आइलायण्डस | ०.५ |
| १०४. | पालउ | ०.५ |
| १०५. | कतार | ११ |
| १०६. | समोअ | २.८ |
| १०७. | सान मारिनो | ०.१ |
| १०८. | साओ टोभी आयण्ड प्रिन्सिपि | १.० |
| १०९. | सेचेलिस | ०.५ |
| ११०. | सोलोमोन आइल्याण्डस | २८.१ |
| १११. | सेन्ट किट्स आयण्ड नेमीज | ०.३ |
| ११२. | सेन्ट लुसिया | ०.६ |
| ११३. | सेन्ट मिनसेन्ट आयण्ड ग्रानाडाइन्स | ०.४ |
| ११४. | टोन्गा | ०.८ |
| ११५. | भानुवाटु | १२.२ |
| ११६. | भरजीन आइल्याण्ड (यू.एस.) | ०.४ |

*श्रोत: विश्व बैंक प्रतिवेदन, २००९, उद्धृत, अन्तर्राष्ट्रिय मञ्च, वर्ष २५, अंक ४, पूर्णाङ्क २३८, २०६५ माघ (जनवरी ४, २००९), पृष्ठ १५-१८*

**परिशिष्ट- १.४**

## स्थलगत अध्ययनको सन्दर्भमा छलफलको लागि तयार गरिएको खुल्ला रूपको प्रश्नावली
## (Open Ended Questionare/Checklist/Guidelines for discussion)

१. **भूमिका**
- १.१ नाम
- १.२ थर
- १.३ ठेगाना
- १.४ पेशा

२. **पुर्ख्यौली थलो**
- २.१ तपाईको पुर्ख्यौली थलो कहाँ हो ...
- २.२ तपाई वा तपाईको पुर्खाले कहिले बसाई सर्नु भएको हो ?
- २.३ के कस्तो परिस्थिति र के कस्तो कारणहरूबाट तपाई वा तपाईको पुर्खाले बसाई सर्नु भएको थियो ?

३. **भाषा**
- ३.१ के तपाई नेपाल भाषा, (नेवारी भाषा) बोल्न सक्नु हुन्छ ?
- ३.२ यदि सक्नु हुन्छ भने तपाईको परिवारमा नेपाल भाषाबाट कुराकानी गर्ने चलन छ ?
- ३.३ यदि त्यस्तो छैन भने नेपाल भाषा सिक्नु पर्छ जस्तो लाग्छ वा लाग्दैन ?

४. **नेवार समाजका संस्कारहरू**
- ४.१ नेवार समाजका विभिन्न संस्कारहरू मध्य कुन कुन संस्कारहरू अपनाइ आउनु भएको छ ?
- ४.२ त्यस्तो संस्कारहरू अपनाउने कार्यमा के कस्ता अपठ्याराहरू आउछ ?

५. **जाति प्रथा**
- ५.१ तपाईको बसोवास रहेको ठाउँमा नेवार समुदायहरूको कुन कुन जातका समूहहरू छन् ?
- ५.२ विभिन्न जातिय समूहहरूको बिचको आपसी सम्बन्ध कस्तो रहेको छ ?

६. **संघीय व्यवस्थाको सन्दर्भमा नेवार राज्य**
- ६.१ संघीय व्यवस्थाको सन्दर्भमा के कस्तो किसिमको नेवार राज्यको स्थापना हुनु पर्दछ ।
- ६.२ नेवा राज्य भित्रका गैर नेवार समुदायहरू प्रति के कस्तो नीतिहरू अपनाउनु राम्रो हुन्छ ?

७. **दुर्वल र सवल पक्षहरू**
- ७.१ नेवार समुदायका केही प्रमुख दुर्वल र सवल पक्षहरू के के हुन् ? कृपया बताउनु होस् ।

८. **अन्तिम प्रश्न**
- ८.१ तपाईलाई भन्नुपर्ने अरू केही कुरा भए कृपया बताउनु होस् ।

परिशिष्ट- १.५

## अर्न्तवार्ता लिइएका प्रबुद्ध व्यक्तिहरू

१ कान्छा कार्की, टिगनी गाउँ, बोडे, मध्यपुर (भक्तपुर)
२ गजराज जोशी, टोखा, काठमाडौं ।
३ गणेशराम लाछी, मध्यपुर (भक्तपुर)
४. गोविन्दकृष्ण जोशी, भक्तपुर
५. जीतबहादुर भारी, सन्धिखर्क, अर्घाखाँची
६. ज्योतिमान दुवार श्रेष्ठ, मध्यपुर (भक्तपुर)
७. तारामान जोशी, सातदोबाटो, ललितपुर
८. ठाकुरप्रसाद श्रेष्ठ, सन्धिखर्क, अर्घाखाँची
९. दानबहादुर कार्की (राजवाहक), बोडे, मध्यपुर, (भक्तपुर)
१०. नीरबहादुर खत्री श्रेष्ठ, मध्यपुर, (भक्तपुर)
११. पूर्णप्रसाद श्रेष्ठ, सन्धिखर्क, अर्घाखाँची
१२. बाबुकाजी श्रेष्ठ, मध्यपुर, (भक्तपुर)
१३. बाबुकाजी महर्जन, प्याङगाउ, ललितपुर
१४. बाबुकाजी कर्माचार्य, मध्यपुर, (भक्तपुर)
१५. बालकृष्ण भारी, सन्धिखर्क, अर्घाखाँची
१६. बासुदेव कर्माचार्य, चापागाउँ, ललितपुर
१७. विन्दुप्रताप जोशी, मध्यपुर, (भक्तपुर)
१८. भरत प्रधान, मध्यपुर, (भक्तपुर)
१९. मथुरा श्रेष्ठ, सन्धिखर्क, अर्घाखाँची
२०. मदनकृष्ण श्रेष्ठ, मध्यपुर (भक्तपुर)
२१. मदनमोहन जोशी, नारायणगढ, चितवन
२२. माहिला महर्जन, प्याङगाउ, ललितपुर
२३. मित्रलाल बज्राचार्य, तानसेन, पाल्पा
२४. राजकुमार श्रेष्ठ, बन्दिपुर, तनहुं
२५. राजेन्द्र श्रेष्ठ, तम्घास, गुल्मी
२६. राधाकृष्ण जोशी, नयाँ बानेश्वर, काठमाडौं
२७. रामकृष्ण जोशी, बोडे, मध्यपुर, (भक्तपुर)
२८. रामभक्त था श्रेष्ठ, बोडे, मध्यपुर, (भक्तपुर)
२९. रूद्रबहादुर महर्जन, प्याङगाउँ, ललितपुर
३०. लक्ष्मण जोशी, पखिलेख, भक्तपुर
३१. लालबहादुर महर्जन, प्याङगाउँ, ललितपुर
३२. सन्तलाल जोशी, मध्यपुर, (भक्तपुर)
३३. सुकुराम महर्जन, प्याङगाउ, ललितपुर
३४. शरणजी जोशी, मध्यपुर, (भक्तपुर)
३५. हरिमान कर्माचार्य, मध्यपुर, (भक्तपुर)
३६. हिरण्यबहादुर जोशी, भक्तपुर
३७. ज्ञानबहादुर महर्जन, प्याङगाउ, ललितपुर

परिशिष्ट- २.१

## जनजाति (Ethnic group), समुदाय (community) र जात (caste) सम्बन्धि सैद्धान्तिक परिभाषाहरू

**Enthic group :**
"A number of people originally associated with a particular geographic area and sharing a common culture heritage."

**Community :**
"A group living in a given locality or region under the same culture and having a distinctive geographical focus for their major activities."

**Caste :**
"A closed, endogamous category resulting from stratification in which status in a hierarchy of power relation in defined and permanently fixed by ancestry."

*Source : Kimball young, and Raymond W. Mack, Sociology and Social Life, Affilated East-West Press Pvt. Ltd., New Delhi, second edition, 1972, PP. 489-491*

परिशिष्ट-२.२

## "राष्ट्र" को परिभाषा बारेमा काउजरको विचारधारा

राष्ट्रिय आत्मनिर्णयको अधिकारको सन्दर्भमा काउजरले "राष्ट्र"लाई यसरी परिभाषित गर्नु भएको छः
"In terms of culture, it (national self-determination), defines nation as a cultural community - sharing a language, a tradition and a historical national conscionsness and seeks a preservation of the cultural uniqueness of a nation. In its democratic version, it defines nation as the governed - the group of individuals living under the same rule and in the context of federalism under a federal constitution. Within this format, self determination is understood as the right of the individuals to participate in the governance of the areas which they perceive as their native land."

*Source : Kouzer J. Azam, Federalism ans good Governance: Issues Across cultures, South Asian Publisher, New Delhi, 1998, P. 273-274.*

परिशिष्ट-२.३

## खस भन्नाले के जनाउँछ र क-कसलाई जनाउँछ ?

केहि वर्ष अघिसम्म पनि "खस" शब्द नेपाली भाषालाई मातृभाषाको रूपमा ग्रहण गरिरहेका समुदाय (विशेषत: पर्वतिया बाहुन र क्षेत्रीहरू) मा लोकप्रिय थिएनन् । उनीहरूलाई "खस" शब्दले एउटा हेयको (derogative) अवस्था जनाउने कुराको भान हुन्थ्यो । तर नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रको रूप लिन तयारी गरिरहेको स्थितिमा सबै जातजातिहरूले आ-आफ्नो पहिचान एवं पृष्ठभूमिहरूको बारेमा बहस चलाइरहेकोले नेपाली मातृभाषा भएका समूहहरूले पनि विस्तारै आफूहरूलाई खस समुदायको रूपमा आफ्नो पहिचान प्रस्तुत गर्न थालेका छन् र यसै सन्दर्भमा विभिन्न लेखकहरूले "खस" शब्द र खस समुदायको बारेमा समेत विश्लेषण गरी लेखहरू समेत लेख्न थालेका छन् । वास्तवमा मध्यकालमा छुट्टै बृहत खस राज्यको अस्तित्व नै हालको पश्चिम नेपालमा रहेको थियो । त्यसको राजधानी "सिंजा" नै नेपाली भाषाको उत्पत्ति एवं विकासको स्थल रहेको थियो । अत: "खस" शब्द कुनै नराम्रो शब्द (derogative term) होइन । तथापि यस सम्बन्धि विस्तृत जानकारी होस् भने हेतुले यस विषयमा बाबुराम आचार्यको विचार वहाँकै शब्दमा यहाँ प्रस्तुत गरिएको छ :

"आर्य जाति कै नामबाट उनीहरू (आर्यहरू) बसेको उत्तरी भारतको मैदान "आर्यवर्त" को नामले प्रसिद्ध रहेको छ । स्वयं आर्य जाति पनि "आर्य", "ऐर्य" र "ऐड" गरी तिन शाखामा विभक्त रहेको पाइन्छ । अग्लो शरिर, गोरो वर्ण र सुलुत्त परेको लामो नाक आर्य जातिको सामान्य लक्षण हो । मध्यकालको आरम्भसम्म खस आर्यहरू वर्तमान नेपालको सुदूर पश्चिममा व्यापक रूपमा आवाद भैसकेको देखिन्छ । खस जातिको उल्लेख महाभारत, मनुस्मृति, पुराण आदि भारतीय संस्कृत वाङमयमा प्रशस्त पाइन्छ । "मनुस्मृति" सनातन धर्मावलम्वी हिन्दूहरूको मानव धर्मशास्त्र मानिन्छ । यसको रचना गंगा र यमुनाको मैदानमा अर्थात आर्यावर्तमा भएको थियो । यसैले यस ग्रन्थले हिमाली क्षेत्रमा रहेका खसहरूलाई "ब्रात्य" अर्थात असंस्कृत" आर्य जातिको रूपमा होच्याएको पाइन्छ । स्वयं खसहरूले भने आर्यावर्तिय आर्यहरूको भावनाको कुनै पर्वाह नगरी आफूलाई "खस" को रूपमा नै गर्व गर्ने गरेका थिए ।

वर्तमान समयको राष्ट्र भाषा नेपाली केहि दशक अघिसम्म "पर्वतिय बोली" र त्यस भन्दा अगाडि "खस कुरा" को नामले प्रसिद्ध रहेको थियो । सल्यान र प्यूठानको बीचमा पर्ने साखेको लेकभन्दा पारिपट्टिबाट आएका खस आर्यहरू आवाद भइ पन्धौं शताब्दीको अन्त्यतिर कालिगण्डकी नदिको किनारामा "पर्वत" राज्य खडा भएपछि त्यहि नै स्थानीय अन्य आग्नेयदेशी भाषाहरूसँगको सम्पर्कले गर्दा खस कुरामा पर्याप्त परिष्कार आएर यस भाषाले "पर्वतीय भाषा" को रूपमा ग्रहण गरेको र त्यतिबेला यस भाषाको यो नाम सार्थक पनि रहेको थियो ।

नेपालमा आवाद रहेको पहाडि प्रदेशका किरातेतर जातहरू "ऐड" वा खसहरूको प्राध्यान्य रहेको .... छ । कर्णाली र गण्डकी नदिका प्रस्तव क्षेत्रका हिमाली र पहाडि प्रदेशहरूमा आजभोलि पनि प्राय: खसहरूको नै आवादी रहेको पाइन्छ । खस कुरा, पर्वतिया बोली वा नेपाली भाषा आफ्नो मातृभाषा भएको नेपाली जनसमुदाय यदि ऊ आफूलाई आग्नेयदेशी वा किरातवर्गको सम्फदैन भने त्यस समुदायलाई "खस" भन्न सकिन्छ । प्रचलित सामाजिक व्यवस्था अनुसार खस जाति पनि मुख्य गरी ब्राह्मण, क्षेत्रीय र शुद्र गरी तीन वर्गमा विभक्त रहेको पाइन्छ । खस आर्यहरूमा बैश्यहरूको उपस्थिति रहेको पाइदैन । उपयुक्त तीन वर्गमा अघिल्ला दुई वर्ग तागा (जनै) लाउने हुनाले तागाधारी कहिन्छन् भने पछिल्लो वर्ग "मद" खाने हुनाले "मतवाली" कहिन्छ ।

संस्कृत वाङमयको आधारमा भारतीय आर्यहरूले किरात, हुन, यवन र शकहरूलाई जस्तै खस आर्यहरूलाई पनि आफूभन्दा तल्लो तहमा राख्ने गरेकाले त्यसैको प्रभावमा परी पछि पछि बाइसी र चौविसी राज्यका खस राजाहरूले पनि आफूहरूलाई खस भन्न आनाकानी गरी "ठाकुर" वा "ठकुरी" भनाउन थालेको स्पष्ट देखिन्छ । यहि नै अवस्था राजवंश भन्दा बाहिरका अन्य खसहरूको पनि रहेको पाइन्छ । प्रधानमन्त्री जंगबहादुर कुँवरले भने आफ्नो परिवारलाई मात्र होइन, परिवार बाहेकका आफ्ना नातेदार थापा, बस्नेत, कार्की, आदि अन्य क्षेत्रीयहरूलाई पनि अब आइन्दा "खस" नभन्नु क्षेत्रीय भन्नु भन्ने आदेश जारी गरी दिएको हुनाले हालसम्म खस शब्दमा हिनताको अनुभव हुन थालिसकेको छ ।" (हाल यो स्थितिमा परिवर्तन आइसकेको कुरा सुरूमा नै उल्लेख भइसकेको छ ।)

*श्रोत: बाबुराम आचार्य, नेपालको साँस्कृतिक परम्परा, श्री कृष्ण आचार्य, २०५४, पृष्ठ ५०-५५*

**परिशिष्ट- ३.१**

## जयस्थिति मल्लको सामाजिक सुधार अर्न्तगत व्यवस्था गरिएका चार वर्ण र ६४ जातहरूको विवरण

**चार वर्ण**

. चार वर्ण (ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र) र ६४ जात र ७२५ थरहरूको व्यवस्था गरिएको ब्राह्मणले देवदेवीको पूजा गर्ने, क्षेत्रीले राजकाज सम्बन्धी काम गर्ने र देशको सुरक्षा गर्ने कार्य गर्ने, बैश्यले व्यापार र खेतीपातीको कार्य गर्ने र शुद्रले चारै वर्णको सेवा गरी समाजमा स्वच्छ वातावरणको श्रृजना गर्ने ।

**चौसाठी जात**[1]

| | | | |
|---|---|---|---|
| १. | चर्मकार | ३३. | कास्यकार |
| २. | मातंगी (छालाको काम गर्ने) | ३४. | कर्निक |
| ३. | नियोगी | ३५. | तुलाधर |
| ४. | रन्जित (छिपा) | ३६. | कुम्भकार |
| ५. | धोवी (लुगा धुने) | ३७. | क्षेत्रीकार |
| ६. | क्षेत्रकार | ३८. | स्रिखरी |
| ७. | लोहंकार | ३९. | तक्षक |
| ८. | कुण्डकार | ४०. | दारूकार |
| ९. | नादि छेडी | ४१. | लेपित |
| १०. | तन्कार | ४२. | नापित (नाउ) |
| ११. | धान्य भारो | ४३. | भारिक |
| १२. | बदी | ४४. | शिल्पकार (लोहकर्मी) |
| १३. | किरात | ४५. | मरिकार |
| १४. | कसाई (मासु बिक्री गर्ने) | ४६. | चिछक |
| १५. | माली | ४७. | सुपिक |
| १६. | व्यञ्जनकार (भोजन बनाउने) | ४८. | सुजिकार (भुजिकार) |
| १७. | मानधुर | ४९. | सिचान्ते |
| १८. | नटिजीव | ५०. | अलम |
| १९. | सुरावीज | ५१. | दैवज्ञ (पत्रज्याक/जोशी) |
| २०. | चित्रकार (पुं) | ५२. | गणिक (गृहज्याक/ जोशी) |
| २१. | गाइने (बाजा बजाउने) | ५३. | ज्योतिषि (दशाफल ज्याक जोशी) |
| २२. | वाथहोम | ५४. | गृहचिन्तक (गृहज्याक/जोशी) |
| २३. | नतेवरूड | ५५. | आचार्य |
| २४. | सुरप्पकार | ५६. | देवचिन्त |
| २५. | विमारी | ५७. | पूजित |
| २६. | टंकधारी | ५८. | अमात्य (महान, सैनिक काम गर्ने) |
| २७. | तयोरूत | ५९. | सचिव |
| २८. | कोजीकार | ६०. | मन्त्री |
| २९. | मायला चन्चु | ६१. | कायस्थ (कसजु)[2] |
| ३०. | गोपक (ग्वालाहरू) | ६२. | लेखक |
| ३१. | ताम्रकार | ६३. | भुप, राजा, नरेन्द्र, क्षेत्री |
| ३२. | सुवर्णकार | ६४. | द्विज, विप्र अथवा ब्राह्मण |

*श्रोत: लीलाभक्त मुनंकर्मी, मल्लकालिन नेपाल, रत्नपुस्तक भण्डार, काठमाडौं, २०२५ पृष्ठ १६,१८*

1 ६४ जातको तालिका भित्र नै पर्ने ६ थरी जातका ६ वटा जात/थर हुन् : १) हाडा (बिजुक्छे) २. होरा (बिजुक्छे) ३. रायठोर (उमाथांछे) ४. चलादेव (जोंछें) ५. भण्डेल (भारी) ६. देव (चोछेवहाल)

2 कायस्थ ६ प्रकारका छन् । डाबुकस, भेपुकस, इनाचोकस, भारवाचोकस (भाजुकस), चिलंकस र क्वाच्छेकस

परिशिष्ट - ३.२

# जयस्थिति मल्लको सामाजिक सुधारको संक्षिप्त विवरण

- चार वर्ण छत्तीस जातको निर्णय गरी पृथक पृथक जातिको भेद छुट्याइ जात अनुसारको कर्मकाण्ड गर्नुपर्ने नियम बनाएको

- नेवारलाई छत्तीस जातको भेद गरी श्रेष्ठ भन्ने नाउ भएको नेवार जात प्रसिद्ध गरे । यस्तै अरूहरूको जातको पनि पृथक पृथक भेद गरे जस्तो जैसीको ८ जात, आचारको जात ८, र वैद्यको जात ४ इत्यादि ।

- श्रेष्ठको ३६ जात मध्य तागाधारी जात १३ चन्देरी, सुवेदी, भण्डारी, आचार, दैवज्ञ आदि । व्राहमणको जात: पन्चगौड, पन्चद्रवीद यति १० मुल जात हुन् । इनैबाट व्राहमणको जातको नाउ धेरै हुन गयो । जैसी ब्राह्मणलाई अपुज्य गरे ।

- ज्यापूको जात वत्तीस (३२), कुमालको जात ८, षसको जात चौसाथी (६४), कसाहीले नड कातने जात ७२, वाडाको जात ४, कुसलेको जात ४, पोडेको जात ४ चर्मकार कुलुको यती सवजात जम्मा गरी सातसय पचीस (७२५) जात (थर) ठहऱ्याएको ।

- व्राह्मणले आफ्नो पूजा पाठ र यजमानी काम गर्नु । काम गर्न वीराय व्राहमणलाई तु हजार १००० दण्ड गर्नु । त्यस्तै आचारले काम वीराम आचारलाई पांच शय । त्यस्तै गुमाललाई ५०० । ज्यापूलाई २५, सुढीनीलाई २५, पीछीनीलाई १२, नाउलाई १२, भाटलाई १२, कहारलाई १२, कुहमाललाई १२, चीत्रकारीलाई १२, कसायीलाई १२, पोढेलाई १२ दण्ड गर्नु । यजमानले वीराय तु रू १००० हजार यजमानलाई दण्ड गर्नु । राजाले पनि सवैजातको कुलचार कार्यहरूको परापूर्वमा चलेबमोजिम गरी थीति बाधी बराबर प्रवृती गराउनु भन्ने स्थिती गरे ।

- अव जात जातले गर्ने र गर्न नहुने कृतिका विषयको व्यवस्था- व्राहमणको यजमानी/ क्षत्रीयको राज्यकाजको /स्थिति/श्रुद्धमारको व्यापार यति अरूले गर्नु हुदैन उसै उसै जातले गर्नु भन्ने १

- त्यस्तै चित्रकारको चित्रकार काम गर्नु । सालमीले तेल पेलनु । छीपाले रंगाउनु । भाट जातले नबुर गराउनु । गठरमाली जातले फूल बेच्नु । खुसलले डोली बोक्नु । योगी भेखधारीले मागी खानु । लोहकर्मीले ढुंगाको काम गर्नु । ज्योतिषिले ज्योतिष विषयको काम गर्नु । कुमालले माटाको भाँडा बनाउनु । टतीजातले कात्रो बुन्नु । कसायीले राँगो मार्नु, मासु बेच्नु । नाउले कपाल खौरनु, नङ्ग काट्नु । भंडेलले पाक गर्नु । कसतले कासाको काम गर्नु । तमोटले तामाको काम गर्नु, बाँडाहरूले सुनचाँदीको काम गर्नु, बौद्धाचार्य गुमालले चित्रकारी, साल्मी, छीपा, भाट, गठ, लोहकर्मी, कुमाल, नाउ, बाँडा यिनै जातको यजमानी गर्नु ।

  अब जातको गर्ने जात जातको बीसेख बीशेख कार्यको व्यवस्था सानु थुलो जात छुतीने गरी तल्ला जातदेखि क्रमै लेखिन्छ :

१) **कुलु जातले गर्ने काम व्यवस्था :**
आफ्ना जातका हातबाट कपाल खोरनु नड कातनु फेरी बृधी सुतक मृती सुतकहरूको कर्म पनि आफुआफुले गर्नु आसौच १० दिन वार्नु फेरी पैतालिस डिन पींड कर्म सपीण्ड कर्महरू पानी आफ्ना जातका नाइकेका बचनले आफ्ना जातका जान्ने मानीसका मुषबाट वाक्य पढी गराउनु छालाका कुवा गांग्रो थैला थैली आडी गरेका मालाहरू बनाउनु फेरी बाजा पेटाराका गोलामा छाला लगाउनु आफ्नो जातले गर्ने छालाको रकम छोडी अरू जातका इलम गरे त्यस कुलुलाई तुरू १२० दण्ड गर्नू । यस जातले आफ्ना जातमा बिहा गर्न पाएन भने आफ्नो जात नदबाई स्वास्नीलाई राजी गराई श्रेष्ट देषी कुसलेनीसम्मका स्वास्नी ल्याउनु बात लाग्दैन ।

२) **अब पोडे जातले गर्ने कामको व्यवस्था :**
आफ्ना जातका हातबाटै कपाल खौरनु नङ कातनु, आफू आफूले बचन पढी सुतक पीण्डहरू गर्नु जाट पोसाक जोडी नलगाउनु सुनको गहना नलगाउनु, बीना कामले सूर्य नारायण अष्ट भएपछि सहर भीत्र नपसनु पीठदेवताका समीपमा बसी डेवताका गहनाको संभार गरी नैबेड मागी षानु माछा मारी भगेरा समाती बेची षानु आफूभन्दा थुला जातलाई नछुनु गाई नखानु, सूगुर षानु मुर्दाका लुगाहरू बटोली लिनु श्मशानको दस्तुर एक दाम लीनु पोडेनीले सती जाने स्वास्नीसंग धुप प्रेम पूर्वक मागी जोर पोसाक लिनु सती जाने स्वास्नीले लोग्नेसंग नमरी चीताबाट झरी जान्न भनी भने त्यस स्त्रीले पोडीनीसँग मीली सोही जात भइ बस्नु ।

३) **डुम जातको व्यवस्था :**
कुसले जातसँग भई ढोलक बजाउनु स्वास्नी नचाई कमाई गरी खानु सुतक मृत्तीक कमै रत्रै पछीक कर्महरू आफैले गर्नु : ॥

४) **टटी जातको व्यवस्था :**
यो जातले प्रजाहरू मरेपछि श्मशानमा लैजाने बखतमा चाहिने कात्रो बुनी टका एक मोल लिई बिक्री गर्नु सतिका कात्रोको मोल भने दुई तका लिनु सुतक ६ दीन जुथो १० दिन बार्नु पुरोहित गुबाल गर्नु :॥

५) **कुसले जातको व्यवस्था :**
यस जातले सबै प्रजाहरूका मंगल कार्य गर्दामा बाजा बजाउनु दस्तुरका हकमा सामान्य कार्य गर्दामा भए बाह्र दाम लिनु बिवाह कार्यमा भए जनही रू.// दस्तुर लिनु पास्नी ब्रतबन्ध चुदाकर्महरूमा भए दस्तुर जनही दाम ६।६ को हीसापले लीनू ।

६) **कुलुकुलु जातका व्यवस्था :**
दुनियाहरूका मृतकलाई श्मशान घाटमा लैजादा अघि अघि लागि मजुरा आरती बजाई आफ्नो डस्तुर चार दाम र यक कुरूवा चावल लीनु-कसात्रीबाट कपाल नङ वणाउनु सुतक जुथो गैपछीक पुरोहित माथि लेखीये बमोजिम गर्नु । मंगल कार्य गर्नेले इनहरूलाई पेटभरी षुवाउनु, यस जातले दाकदा नआई काम अड्काए तु रू. १२ दण्ड गर्नु, आफ्नो साविकको कुसलेलाई छोडी अरूलाई डाकी काम लगाउनेलाई तु रू.१२ दण्ड गर्नु फेरी टोलटोलमा दुनियाँको चोकहरू बढारी खानु, फेरी कपालिक भेष भइ दमरू बजाइ मागी खानु, सुतक ६ मृतक ७ दिन बार्नु, मृतक गाडनु, पुरोहित आफ्नो जातको हुनु मरे मात्रै पछीक कार्यगर्नू खेतवारी कमाउनु ।

७) **कसाही जातको व्यवस्था :**
आफ्ना जातका हातले नङ केस बनाउनु दुनियाको सबलाई श्मशानघाटमा लैजादा सतिको बाजा बजाएकोमा एक एक टका र अरूमा भया तीन तिन दाम दस्तुर लीइ बाजा बजाउनु दुनियाका काममा रागा काट्दा यक दाम वा एक पैसा दस्तुर लिई रागा कातनु भित्र तीका बाल रागा न काटी बाहिर रागा न काट्नु भला मानिसलाई त्यो मासु नबेचनु चौरमा प्रजाहरूको रागो कातनु परे राज दस्तुर एक पैली मात्र रागो काट्नु मासुको बेपार गर्नेले राज दस्तुर डोबर डीनु डुनियाले बडेल काट्नु पऱ्यो भने सर्कारमा टाउको चढाई आफ्नो दस्तुर आथ पैसा लिई मासु छुत्याई डीनु आफुभन्दा थुला जातलाई दही दुद नबेच्नु, ध्यू पनि नदिनु, सुतक ६ दीन जुथो बार्नु रत्रं पछी उकर्महरू माथि लेखिएकै सहर खेती गर्नु पुरोहित गुबाल गर्नु ।

८) **नरी जातको व्यवस्था :**
भीतामा चीत्रकार लेषनु फेरी फरमायसी चीत्र पनि लेखनु, कसाई बाट नङ कटाउनु, च्यूरा कुटने मुसल नसमाटनु सुतक ६ दीन जुथो डस डीन बार्नु त्रै पछिक कर्म गर्नु पुरोहित गुबाल गर्नु ।

९) **माली जातको व्यवस्था :**
फूल बेची साटी षानु, सुतक जुथो पुरोहितहरू नरी जातका बमोजिम गर्नु ।

१०) **छीपाको व्यवस्था :**
नीर आडी रङले धाका कपडाहरू रगाउनु कसाहीबाट कपाल खौराउनु, नङ कटाउनु, सुतक जुथो त्रै पछीक उप्रेतहरू नरी जातका बमोजिम गर्नु ।

११) **नकर्मी जातको व्यवस्था :**
फलामको काम गर्नु सुतक ६ दीन बार्नु नापित कसाई गर्नु, जुथो तैपछिक पुरोहित माथिकै सदर गर्नु ।

१२) **पीछीनीको व्यवस्था :**
दुनियाको बालख जन्मदा बढीया दीनमा नाल काटी नाल फाली डोबातमा लगी गाड्नु, सुधिनीले पाउने दस्तुरको आढा दस्तुर लीनु सुतक ६ दीन जुथो १० दिन बार्नु पुरोहित गुभाल गर्नु, त्रैपछीक गर्नु नाउ कसायी गर्नु षेत कमाउनु ।

१३) **सघत जातको व्यवसथा :**
दुनियाहरूको लुगा धोई वर्ष वर्ष डीनको कबुल बमोजिम वाली वा महिनावारी खानू सुतक जुथो परेमा त्यो परेका बीष्टाबाट ६।६ कुरूवा च्यूरा १६।१६ दाम दस्तुर भाग लिई खानु खेत कमाउनु जुथो सुतक प्रोहितहरू माथि कै सदर ।

१४) **नाउको व्यवस्था :**
ब्राह्मण देषी ज्यापू पर्यन्तका जातको कपाल खौरनु, नङ काट्नु सुतक जुथो परेमा ६।६ कुरूवा च्यूरा दस्तुर लीनु, अरू कार्यमा बीष्टले जोडिएको भाग लिनु, फेरी माहुर लाउनु ऐना देषाउनु चूडा कर्म ब्रतबन्धहरूमा भने १२।१२ दाम दस्तुर लिई भोज षानु, फेरी खेत कमाउनू, सुतक जुथो १० दीन बार्नु त्रै पछीक लत्याकर्म पनि गर्नु पुरोहित माथी कै सदर ।

१५) **कोनालको व्यवस्था :**
नेपाले धुप बनाई काथ कुंडी बेची खानु अरू कार्य माथी कै सदर ।

१६) **माहा ब्राहृमण (भात) जातको व्यवस्था :**
पाखी पतुकाहरू रगाउनु, मृतक परेमा यकादसाहका दीन दिएको भोजन गर्नु फेरी खेत कमाउनु, पसल नराखनु, जुथो सुतकहरू माथि कै सदर ।

१७) **चीत्रकारी व्यवस्था :**
देवताको चीत्र लेख्नु, गुबालसँग दीक्षा ग्रहण गर्नु, रक्सी जाँडहरू बेच्नु, खेत नकमाउनु, नाउ कसायी गर्नु, जुथा सुतकहरू माथी लेषीकै सडर ।

१८) **साल्मीको व्यवस्था :**
तेल पेली बेच्नु, बाबीयाले खत बाधनु, अरू कर्म माथी कै सडर ।

१९) **मुसल जातको व्यवस्था :**
कसायीले मासु बेच्ने ठाउँमा मासु पोका पारी डीई दिएको आफ्नो डस्तुर लीई खानू, सुतक जुथो माथि कै सदर ।

२०. **टेपोट जातको व्यवस्था :**
पालुगाको साग रोपी व्यवस्था सीत बेचनु, बेचदा श्री ५ सरकारमा दस्तुर डीनू, काहार बाजा बजाउनु, खेटी गर्नु, सुतक गैह्र माथी कै सडर ।

२१) **खुसल जातको व्यवस्था :**
काहार बाजा बजाउनू, षत बाधदा साल्मी जातले नपुगे गुहार गर्नु षेती गर्नु, सुतक गैह्र माथी कै सडर ।

२२) **सीकर्मीको व्यवस्था :**
काथको काम गर्नु, सुतक ६ दीन जूथो १० दिन बार्नु त्रैपछीक गर्नु पुरोहित समेत माथि कै सडर ।

२३) **ग्वाल हेलको व्यवस्था :**
गाई पालनू, दुद दही घीउहरू बेचनू श्री ५ सरकारलाई अरू प्रजाहरूलाई कार्य गर्दा चाहीयेका गाईहरू तयार गरी मोल लीई डीनू सुतक १० दीन जुथो १२ डीन बार्नु त्रैपछीक पुरोहित ब्राह्मणहरूका हकमा माथि कै सडर ।

२४) **कहमाल जातको व्यवस्था :**
माताका भाडा बनाई सर्कारलाई दस्तुर डिई बेचनु, सुतक १० दिन गर्नु, जुथो १० त्रैपक्षीक माथि कै सडर प्रोहित गुबाल अचार गर्नु ।

२५) **उदास जातको व्यवस्था :**
लासामा कोठी थापी बेपार गर्नू, सुतक ६ डीन जुथो १० डीन बार्नु त्रैपछीक गर्नु प्रोहित गुबाल गर्नु ।

२६) **तती जातको व्यवस्था :**
कात्रो बुन्नु जनै बनाई बेचनु सुतक जुथो १० डीन बार्नु, त्रैपछीक गर्नु पूरोहित ब्राह्मण गर्नु ।

२७) **तमोत जातको व्यवस्था :**
टामा कासा आडी गरेका धातुका भाडा बनाउनु सुनाचाडीको जलप् सार्नु सुतक ६ डीन जुथो १२ डीन बार्नू त्रैपछीक कर्म माथी कै सडर उप्रेतका हकमा ब्राह्मण जोसी आचारहरूमा गर्नु यजमान बुद्धमार्गी भए प्रोहित गुबाल गर्नु ।

२८) **मुलमी श्रेष्टको व्यवस्था :**
रानीका माईतीजन भए माइतीले गर्नै काम त्यसले गर्नु बेपार गर्नू, सुतक जुथो त्रैपक्षीकहरू माथी कै सडर ।

२९) **कीसानीको व्यवस्था :**
देवदेवताका पुजासामग्रीहरू बोक्नु, बली फाल्नु, प्रोहित गुवाल गर्नु, खेत कमाउनु, जुथो सुतक त्रैपछीकहरू माथी कै सदर ।

३०) **बैडयको व्यवस्था :**
दूनियाँको नडी हेरी व्यथातहटाई औषधी गरी व्यथानीबारन गर्नु, असाध्य भई जाने थहरेकालाई बैतरनी आडीदानहरू गराई तीर्थ पुऱ्याउनु औषड षुवाउदा अनुपाम पथय मनासीव बिचार गरी प्रयोग गर्नू, डस्तुर एकतका लीनु ।

३१) **लोहकमीको व्यवस्था :**
सास्त्रोक्त प्रमाणपूर्वक देवदेवताहरूको मूर्तिहरू बनाउनु सुमेरू षोली ढुन्हु फार्नु सुतक १० डीन जुथो १२ डीन बार्नु, त्रैपछिक कर्म गर्नू उप्रेट गुभाल गर्नु ।

३२) **बराही जातको व्यवस्था :**
काटको फरमायसी काम गर्नू, चरषाउयींटा धुप आडी काठका मालहरू बनाई बेची षानू सूतक जुथाहरू माथीकै सडर प्रोहित ब्राह्मण गर्नु बुद्ध मार्गी भए गुभाल गर्नू ।

३३) **हलवायीको व्यवस्था :**
रोती बनाउनु गुभालसंग मंत्र सुन्नू सुतक १० डीन जुथो १२ डीन बार्नु त्रैपक्षीक कर्म पनि गर्नु ।

३४) **बीषुबाडाको व्यवस्था :**

मूला अदुवाको षेती गरी बेचनू पन्च पटाका डीनू शीषा मुंण्डन गर्नु, गुभालसँग मंत्र सुन्नु सुतक १० डीन जुथो १२ डीन बार्नु त्रैपछीक कर्म पनि गर्नु पुरोहित गुबाल गर्नु ।

३५) **बाडाको व्यवस्था** : सुनचाँडीको गहना बनाउनु, ढलवत धातुको भाडा बनाउनु, धातुको बुता काट्नु, सुनचाडीको जलपसार्नू कासाका कचउरा बनाउनु पुरोहित गुभाल गर्नु, सुतकाडी कार्यहरू माथी कै सडर ।

३६) **बज्राचार्यको व्यवस्था** :
यी गुभाल जातले श्रेष्ट, ज्यापू, हलवायी, बरहि, सीकर्मी, लोहकर्मी, चीत्रकारीसम्मका अघी देषीन आफूले मंत्र डीईआएका बुद्ध मार्गीलाई मंत्र डीनू सुतक ६ डीन जुथो ७ डीन बार्नु, प्रोहित गुभाल गर्नु, पैतालीश डीने कार्य गर्नू ।

३७) **कसालको व्यवस्था** :
काशो कुतिपीटी भाडा बनाउनु सुतक १० डीन जुथो १२ डीन बार्नु पैतालिस डिने कार्य पनि गर्नू ।

३८) **पीथाचार्यको व्यवस्था** :
पीठ पीठमा डेबताको पूजाहरू गर्नू, आफूले अघी डेषी गरी आएका अधीकार पाएका महाबली आडी गरेका बली बीधानहरू गर्नू, ब्राह्मणबाट मंन्त्र सुन्नु, जनै धारणा गर्नु, बीधीकाहरमा आफ्ना जातका शीष्ट पुरूषले गर्नू, सुतक १० डीन जुथो १२ डीन बार्नु पैतालिस डीने कार्य पनि गर्नू, बीवाह कार्यमा भ्रष्ट जात दुनीयाको घर पबीत्र गर्नू ।

३९) **शिवाचार्यको व्यवस्था** :
सीबलीन्हुको पूजा गर्नू आफ्ना अधीकार भएका जातसम्ममा यजमानी गरी यज्ञाडी कर्म गर्नु फेरी गृह सुधी कर्म पनि गर्नु, ब्राह्मणबाट मंन्त्र सुन्नु, जनै धारना गर्नु, आफ्ना जातका कर्महरू आफ्ना जातका शीष्टका हातबाट गर्नु, सुतकाडी माथी कै सडर प्रोहीत ब्राह्मण गर्नु, श्रेष्ट जातसँग बीवाहाडी व्यवहार चलाउनू ।

४०) **कर्माचार्यको व्यवस्था** :
श्रीतलेजुको तहल गरी चौकी बस्नु, ब्राह्मणबाट मन्त्र सुन्नु, जनै धारना गर्नू, बीधी आफूले नै गर्नु, आफ्ना अधिकार भएका जातसम्ममा यजमानी गर्नू, प्रोहित ब्राह्मण गर्नू, सुतकाडीमाथि कै सडर ।

४१) **गुबाचार्यको व्यवस्था** :
श्रेष्ठलाई डीक्ष्या सुनाउन ब्राह्मणबाट मन्त्र सुन्नू, आफ्ना अधीकार भएका जातमा यजमानी कार्य गर्नू, सुत्र कार्यमा होम गर्नू, प्रोहित ब्राह्मण गर्नू सुतक जुथा माथी कै सडर ।

४२) **देबाचार्यको व्यवस्था** :
आफ्ना जातका शीष्टबाट मंत्र सुन्नु आफ्ना सुभ कार्यमा होम गर्नू, यजमानी पनि गर्नू प्रोहित सुतकहरू माथि कै सडर ।

४३) **पात्रबंशथकुलवत्का व्यवस्था** :
ब्राह्मणबाट मंत्र सुन्नू, ढालतरवार भीरनू, राजसेवामा नीरंन्तर रहनू प्रोहित सुतकहरू माथी कै सडर ।

४४) **राजलवतको व्यवस्था** :
ब्राह्मणबाट मंत्र सुन्नु, ढाल तरबार भीरनू राजासेवामा रहनू पुरोहितहरू माथी कै सडर ।

४५) **कायस्थ जातको व्यवस्था** :
सर्कारको दस्कटर मोहर लेषनु फेरी राज दुनीया सबैमा डान पत्र सुक्री बीक्री पत्र तमसुक भाषापत्र गैह्र व्यवहारिक लेखत जति लेखनू त्यो लेख लेखेको डस्तुर लीनु ब्राह्मणसँग मंत्र सुन्नू प्रोहित सुतकहरू माथी कै सडर ।

४६) **भारो श्रेष्ट व्यवस्था :**
शीवमार्गीले ब्राह्मणसँग मंत्र सुन्नू, बुद्धमार्गीले गुभाजुसंग मंत्र सुन्नु बेपार कार्य गर्नू, पुरोहीतका हकमा शीवमार्गीको ब्राह्मण, बुद्धमार्गीको गुभाल गर्नु अरू सुतकाडीहरू माथि कै सडर ।

४७) **अमात्य माहाजुहरूको व्यवस्था :**
ब्राह्मणसँग मंत्र सुन्नु उत्तम श्रेष्टसँग बीवाह गर्नू, राज्यकार्य गर्नू, प्रोहीत सुतकहरू भारो श्रेष्ट कै सडर ।

४८) **जोसीको व्यवस्था :**
ब्राह्मणसँग मंत्र सुन्नू, जनै शीखा गायत्री धारणा गर्नू, संकल्प वाक्य पढीनीत्य कर्महरू गर्नू, उत्तम श्रेष्ठसँग विवाह गर्नू, जोतीषसास्त्र पढ्नू पात्रो बनाउनू, ग्रहण ग्रहयोग स्नानदान प्रासस्त्य योग ग्रहको मेलक सुभा सुभ योग इत्यादि ठीक ठीक निर्नय गरी प्रजाहरूलाई कहनू जन्म पत्री चीना लेषनू साईत हेर्नू लेषनू यस डेषी उपल्ला श्रेणिका ब्रह्मकर्महरू नगर्नू आफ्ना अधीकारसम्मको यजमानी कार्य गर्नू, प्रोहीत सुतकहरूमा माथि कै सडर ।

४९) **थकुरीको व्यवस्था :**
ब्राह्मणसँग मंत्र सुन्नू, जनै धारणा गर्नू, सीव मार्ग बुद्ध मार्ग मान्नू ढालतरबार भीरनू राजकाज गर्नू अरू माथी कै सडर ।

५०) **थाकुरको व्यवस्था :**
ब्राह्मणबाट दस कर्म गराउनू, जनै धारणा गर्नू मंत्र स्वीकार गर्नू, ढालतरबार भीरीसदा राजकाजमा रहनू, वाणिज्य बेपार गर्नू, प्रोहीत सुतकाडी माथी कै सदर ।

५१) **श्री ५ सर्कार राजाको व्यवस्था :**
ब्राह्मणबाट दस कर्म गरी गायत्री जनै धारणा गर्नू, दीक्ष्या मंत्र स्वीकार गर्नू, ढालतरवार भीरनू आफ्ना नीतीमा रहनू, अरूलाई पनि चलाउनू, प्रोहीत सुतकाडी माथी कै सदर ।

५२) **देव ब्राह्मणको व्यवस्था :**
स्वजात बक्त मंत्र सुन्नू सुनाउनू राजालाई मंत्र डीनू श्रेष्टसम्मका जातमा यजमानी कार्य गर्नू, बेद मंत्र स्मृती पुराणाडीबाट कृत्यमागनती भएका कार्यहरू गर्नू गराउनू, नीषेध गरेका कार्यहरू नगर्नू नगराउनू राजगुरू घरेल पुराण नवाचनू राजगूरूले अरूलाई मंत्र नसुनाउनू, प्रोहीत स्वजातीय ब्राह्मण गराउनु सुतक १२ डीन जुथो १२ डीन बार्नु पैतालिस डीनमा गर्नेमा सीक श्राद्ध समीडीकरण श्राद्धहरू पनि गर्नू ।

ब्राह्मणजातका छोरा नभई ब्राह्मण परलोक भएमा तीनकी ब्राह्मणीले स्वधर्ममा रहुनजेल जो भएको चल अचल धनहरू षान बेहोर्न पाउछीन ति ब्राह्मणी छंन्जेल अपुताली भनी दाज्यू भाइले लीन पाउडीनन् कार्यहरू पनि अरूले गर्न हुँदैन ती ब्राह्मणीको अधिकार छ ।

यस्ता हीसाबले यी राजा जयस्थिति राजमल्लदेवले स्थीती बन्दोबस्त बाधी सबै प्रजाहरूलाई वर्तनगराई आफू पनि त्यसै स्थीतीमा रहे यो स्थीतीपछि हुने राजा र प्रजाहरूमा जसले जसले नासगलौ उसलाई पाप लाग्ला जसले थामी उन्तर उन्तर उन्नती गराउला उसलाई पुन्ये हुनेछ भनि श्लोक समेत लेखी प्रचार गराए ।

*श्रोत: चन्द्रविक्रम बुढाथोकी (सम्पादक तथा परिचय लेखक), जयस्थिति मल्लको सुधार, साझा प्रकाशन, ललितपुर २०३९*
*द्रष्टव्य : यस परिशिष्टका मूलश्रोतको भाषामा केहि परिवर्तन नगरी यथावत राखिएको छ ।*

**परिशिष्ट- ३.३**

## बुढाथोकीको पुस्तकको विभिन्न ठाउँहरूमा उल्लेख गरिएका परिशिष्ट ३.२ मा उल्लेख गरिएको जातहरूको अतिरिक्त अन्य १५ वटा जातहरू

१. बलामी (काठ काटेर बेच्न लानेहरू)
२. माझी (माछा मारेर बेच्नेहरू)
३. माहती (हात्तीलाई हेरविचार गर्नेहरू)
४. मार्ति (च: ला, मातंगी)
५. सवल सव:
६. च्यामखल (बाटो, चोक, चर्पी सफा गर्नेहरू)
७. दंगुल (क्षेत्रकार, हातले जग्गा नाप्नेहरू)
८. पीछुं (तक्षकार, घरको नापी गर्नेहरू)
९. भनी (भोज बनाई खुवाउनेहरू)
१०. बौद्धाचार्य गुभाजु (नौ, नापित वरे(शाक्य) हरूको जजमानी गर्नेहरू
११. जैशी (बाबु ब्राम्हण आमा विधवा राजपुत्रीवाट जन्मीएका जैशीले जनै लाउने, गायत्री संकल्प पाठ गर्ने, श्रेष्ठ जातसित विवाह गर्ने, जोतिष शास्त्र पढ्ने, पात्रो बनाउने, गृह योग स्थान आदि योग बताउने, चिना लेख्ने, मुर्ति काम गर्नु हुने तर ब्राम्हणले गर्ने अन्य काम गर्नु नहूने । )

*श्रोत: चन्द्र विक्रम बुढाथोकी (सम्पादक), माथि उल्लेखित*

परिशिष्ट- ३.४

## सिद्धिनरसिंह मल्लले बाध्याको थिति:

**च्यामषलकको व्यवस्था :**
दुनियाको कुशल्यालाई दिन्या कुलुको लिनु दुनियाको जुठो षानु, सुतक ४ दिन जुठो ७ दिन पुरोहित नाउ आफैं लट्या मान्नु -१

**पोद्याको व्यवस्था :**
जोर लुगा नलगाउनु, पिठ देवताको पिवाल वसी भाडा गहनाको जिम्माली पूजा गर्ने आउन्यासँग भागमागी षानु, माछामारी बेच्नु, पिचाडी निगालो बेच्नु, सुतक ४, जुठो ७ लट्या मान्नु पुरोहित नाउ आफैं सुनका गहना नलगाउनु -२

**डोमको व्यवस्था :**
छोरीबेटी नचाई माग्नु, ढोलक बजाउनु पुरोहित नाउ आफैं सुतक ७ जुठो ७ -३

**दुगम कुसल्याको व्यवस्था :**
कुशल्याको नङ काटिदिनु, कपाल खौरी दिनु, कुसल्याको ७ दिनको पिडको भाग मागी षानु, पुरोहित नाउ आफैं सुतक ४ जुठो ७ मुर्दा गाड्नु -४

**कपाली कुसुल्याको व्यवस्था :**
कपाली गहना लुगा लगाई दमरू बजाई भिक्षा माग्नु, सुतक ४ जुठो ७ पुरोहित नाउ आफैं मूर्दा गाड्नु -५

**कसाहिको व्यवस्था :**
बाहुलो भयाको ज्मान लाउनु, चडाक हुन्या जुत्ता नलगाउनु, राँगा काटि दिनु, दस्तुर भाग लिनु, टिका हुन्या राँगा नदि पारजाइ काट्नु, बाजा बजाई दस्तुर भाग लिनु, पुरोहित गुवाहाल नाउ आफैं सुतक ४ जुठो १० -६

**टटिको व्यवस्था :**
मुर्दालाई कात्रोपरि वनाउनु, घाम छदै मूर्दा नउठाउनु, सुतक ४ जुठो १० नाउ कसाई पुरोहित गुवाहाल लट्या मान्नु - ७

**षुसलको व्यवस्था :**
कोहाल बाजा बजाई दस्तुर भाग लिनु, षेत कमाउनु, सुतक ४ जुठो १० पुरोहित गुवाहाल लट्या मान्नु -८

**छिपाको व्यवस्था :**
कपडा रंगाई ज्याला लिनु, सुतक ४, जुठो १० नाउ कसाही पुरोहित गुवाहाल लट्या मान्नु -९

**केपैको व्यवस्था :**
सागपात बनाई बेच्नु, काहाल बाजा बजाई दस्तुर लिनु भागलिनु सुतक ४ जुठो १० नाउ कसाई पुरोहित गुवाहाल लट्या मान्नु -१०

**डुंयाको व्यवस्था :**
वनका झार जरिबुटिले चामल साटी माग्नु षेत कमाउनु, तेलपिनाले चामल साटी लिनु, पुरोहित गुवाहाल सुतक ४ जुठो १० लट्या मान्नु - ११

**सवलको व्यवस्था**
जुकालाई रगत विगार झिक्नु, षेत कमाउनु सुतक ४ जुठो १० पुरोहित गुवाहाल लट्या मान्नु - १२

**बलिको व्यवस्था :**

दाल बनाउनु, षिपत बाँध्नु, पिजरा बनाउनु, षेत कमाउनु, सुतक ४ जुठो १० पुरोहित गुवाहाल नाउ कसाहि लट्या मान्नु -१३

**संघटको व्यवस्था** : दुनियाको लुगा ढोइ वाली दस्तुर लिइ षेत नकमाउनु, सुतक ४ जुठो १० पुरोहित गुवाहाल लट्या मान्नु -१४

**गठको व्यवस्था** :
वनको फूलसाटी चामल लिनु षेत नकमाउनु, सुतक ४ जुठो १० पुरोहित गुवाहाल लट्या मान्नु - १५

लोहारको व्यवस्था :
फलामका भाडा हातहतियार बनाउनु, षेत कमाउनु, सुतक ४ जुठो १० पुरोहित गुवाहाल लट्या मान्नु -१६

**नाउको व्यवस्था** :
ज्यापूदेखि ब्राह्मणसम्मलाई मात्र नङ काटी दिनु, षेत नकमाउनु, चिउरा नकुट्नु, सुतक ४ नाउ आफैं पुरोहित गुवाहाल लट्या मान्नु -१७

**मलीको व्यवस्था** :
फर्माइसी चित्रकार लिषनु, ज्यालावाली मागिषनु, षेत नकमाउनु, सुतक ४ जुठो १० चिउरा नकुट्नु, पुरोहित गुवाहाल लट्या मान्नु -१८

**चित्रकारी व्यवस्था** :
चित्रकार लेषनु, देव देवता लेषनु, चिउरा नकुट्नु, मद्यसुरा बेची कमाउनु, षेत नकमाउनु, सुतक ४ जुठो १० पुरोहित गुवाहाल नाउ कसाहि लट्या मान्नु -१९

**आवालको व्यवस्था** :
झिगटी बनाउनु, पोल्नु दुनियाँको छाना बनाउनु, सुतक १० जुठो १० षेत नकमाउनु, पुरोहित गुवाहाल लट्या मान्नु -२०

**कुमालको व्यवस्था** :
माटाका भाडा बमाउनु, बेची षानु, विवाह ब्रतबन्धमा भाडा दि दस्तुर भाग लिनु, षेत कमाउनु, सुतक १० जुठो १० पुरोहित गुवाहाल लट्या मान्नु -२१

**मालीको व्यवस्था** :
दुनियाँलाई फूल साटी चामल लिनु, षेत नकमाउनु, सुतक १० जुठो १० पुरोहित गुवाहाल लट्या मान्नु -२२

**ब्रह्म टटीको व्यवस्था** :
नागधारीलाई जनै लगाई दिनु, शुद्ध गरी बनाई बेच्नु, सुतक १० जुठो १० पुरोहित ब्राह्मण लट्या मान्नु -२३

**तवतको व्यवस्था** :
तामा पितलको भाडा बमाउनु, सुतक १० जुठो १० उप्रेत ब्राह्मण गुवाहाल लट्या मान्नु -२४

**किसानी जातको व्यवस्था** :
देवताको पूजाको सामान बोक्नु, बली फाल्नु, सुतक १० लट्या जुठो १५ लट्या पिंड उप्रेत गुवाहल षेत कमाई जिव पाल्नु हल नजोत्नु -२५

**धन्वतरी भनी वैद्यको व्यवस्था** :
दुनियाको नाडी हेरी व्यथा ठहराई औषध दिनु, लोकोत्तर हन्या ठहऱ्या वैतरणी दिलाउनु, लोकोत्तर हुन्या वषतमा विधिगरी लवंगरि षुवाउनु दस्तुर लिनु तीर्थ पुऱ्याउनु -२६

**लोहोकर्मीको व्यवस्था** :
प्रमाणले देवदेवताको मूर्ति बनाउनु ढुंगाको ज्या रकम ६ सो गर्नु सुतक १० जुठो १२ उप्रेत ब्राह्मण लट्या पिण्ड -२७

**बौहैको व्यवस्था :**
काठको बुट्टा फर्माइसी काम गर्नु, चर्याऐद्या धूप बनाउनु सुतक १० जुठो १२
पुरोहित गुवाहाल लट्या पिण्ड -२८

**हलवाईको व्यवस्था :**
पकवान रोटी बनाउनु, गुवहालसँग मन्त्र सुन्नु सुतक १० जुठो १२ पुरोहित गुवाहाल लट्या पिण्ड -२९

**विषुवाडाको व्यवस्था :**
माल बनाई बेच्नु पंचपटाका कर्णपताका अदुवाल बनाई बेच्नु, शिखा मुंडल गर्नु,
गुवाहालसँग मन्त्र सुन्नु सुतक ६ जुठो ७ लट्या मान्नु उप्रेत गुवहाल -३०

**साधारण वाडाको व्यवस्था :**
सुनचाँदीको गहना कमाउनु, ढलवट्टक कमाउनु सुतक ६ जुठो ७ लट्या मान्नु उप्रेत गुवाहाल -३१

**बज्राचार्य भनी गुवाहलको व्यवस्था :**
गुंवाहाल श्रेष्ठ ज्यापू हलवाई, वरहि, सिकर्मी, लोहकर्मी, चित्रकारीलाई मन्त्र सुनाउनु,
सुतक ६ जुठो १२ लट्या मान्नु पुरोहित गुवाहाल -३२

**कसाल जातिको व्यवस्था :**
कुसकुटीपिटी भाँडा कमाउनु सुतक १० जुठो १२ लट्या मान्नु पुरोहित गुवाहाल -३३

**पिठाचार्यको व्यवस्था :**
पिठपिठमा देवता पूजा गर्नु आफ्ना आधिकारीसम्मको महावली आदि वली विधान गर्नु,
ब्राम्हणबाट मन्त्र सुन्नु, जनै पाउनु विधि आफैं आफैंले गर्नु सुतक १२ जुठो
१२ लट्या मोनु पुरोहित ब्राम्हण विवाह श्रेष्ठ सित गर्नु -३४

**शिवचार्यको व्यवस्था :**
शिवलिङ्ग पूजा गर्नु, आफ्ना अधिकारसम्मको जजमानी चलाउनु, सुतक १२ जुठो
१२ पुरोहित ब्राम्हण जजमानी प्रत यज्ञ गर्नु ब्राम्हणबाट मन्त्र सुनाउनु जनै पाउनु विधि आफ्नै -३५

**कर्माचार्यको व्यवस्था :**
श्री तलेजुको तहल गर्नु, पीवाल बस्नु, ब्राम्हणबाट मन्त्र सुन्नु, जनै बाँध्नु विधि आफैंले गर्नु, आफ्ना
अधिकारसम्मको जजमानी चलावनु, सूतक १२, जुठो १२ लट्या पिंड पुरोहित ब्राम्हण जैसी अचार -३६

**गुरूवाचार्यको व्यवस्था :**
श्रेष्ठलाई दिक्षा सुनाउनु, ब्राम्हणबाट मन्त्र सुनी जनै पाउनु, आफ्ना अधिकारसम्म
जजमानी चलाउनु, सुतक १२ जुठो १२ लट्या पिंड पुरोहित् ब्राम्हण सुकार्यमा होम गर्नु -३७

**देवाचार्यको व्यवस्था :**
आफ्ना नाथकालीसँग मन्त्र सुन्नु, आफ्ना सुकार्यमा होम गर्नु यजमान चलाउनु, सुतक
१२ जुठो १२ लट्या मान्नु पुरोहित ब्राम्हण -३८

**पात्रवंश ठाकुरवंशको व्यवस्था :**
ब्राम्हणबाट मन्त्र सुन्नु ढाल तरवार बाँध्नु, सुतक १२ जुठो १५ लट्या मान्नु उप्रेत ब्राम्म्मण -३९

**राजलवतको व्यवस्था :**
ब्राम्हणबाट मन्त्र सुन्नु ढालतरबाट बाछनु, राजसेवामा रहनु, सुतक १२
जुठो लट्या मान्नु उप्रेत ब्राम्हण -४०

**जोशीको व्यवस्था :**
ब्राह्मणबाट मन्त्र सुन्नु, जनैशिखा गायत्री पाउनु, तसले उपदगी संकल्प अगाडि बोल्नु, श्रेष्ठसँग विवाह गर्नु ज्योतिषशास्त्र पढ्नु, पात्रो ग्रहण ग्रह जागाडि स्नान दान मेलाको जोग कहनु चिटा (ना) लेखनु ग्रहण सक्रान्ती सायेत लेखनु तेतीदेखि ब्रम्हकर्ममा नचलाउनु आफ्ना अधिकारसम्मको जजमानी चलाउनु, सुतक १२ जुठो १२ लट्या मान्नु ब्राह्मण पुरोहित ३ -४१

**कायष्ठ भनी कसजूको व्यवस्था :**
मोहर लेषनु दान पत्र सुक्रि विक्रीको पत्र तमसुक भाका पत्र इत्यादि लेषि दस्तुर लिनु
ब्राह्मणसित मन्त्र सुन्नु, सुतक १२ जुठो १२ लट्या मान्नु उप्रेत ब्राह्मण -४२

**भारो भनी श्रेष्ठको व्यवस्था :**
शिवमार्गीले ब्राह्मणसित मन्त्र सुन्नु, बुद्धमार्गीले गुवाहालसित मन्त्र सुन्नु,
वाणिज्य व्यापार गर्नु सुतक १० जुठो २१ लट्या मान्नु उप्रेत ब्राह्मण बुद्धमार्गीको गुवाहाल -४३

**अमात्य भनि महात जातको व्यवस्था :**
ब्राह्मणसँग मन्त्र सुन्नु, व्यापार गर्नु, राजकाज पनि गर्नु सुतक १० जुठो २१ मान्नु,
प्रेतकर्मदोषन लट्यासम्म गुवाहाल उप्रेत ब्राह्मण -४४

**ठकुरजातिको व्यवस्था :**
ब्राह्मणबाट जनै मन्त्र पाउनु शिव बुद्ध दुई मार्ग मान्नु, ढाल तरवार बाधनु,
राजकाजमा रहनु वाणिज्य व्यापार नगर्नु, सुतक १२ जुठो १५ लट्या मान्नु पुरोहित उप्रेत ब्राह्मण -४५

**ठाकुरको व्यवस्था :**
ब्राह्मणबाट दशकर्म गराउनु जनै मन्त्र पाउनु ढाल तरवार बाढनु,
राजकाजमा रहनु वाणिज्य व्यापार गर्नु सुतक १२ जुठो १२ लट्या मान्नु उप्रेत ब्राह्मण ३ -४६

**श्री ५ राजाको व्यवस्था :**
ब्राह्मणबाट दशकर्म गरी गायत्री जनै पाउनु ढाल तरबार बाधनु आफ्ना नीतिमा चलनु चलाउनु,
सूतक १२ जुठो १२ लट्या मान्नु उप्रेत ब्राह्मण ३ -४७

**देव ब्राहृमणको व्यवस्था :**
स्वजातीलाई मन्त्र दिनु राजालाई मन्त्र दिनु श्रेष्ठसम्ममा जजमानी चलाउनु, वेदतन्त्र स्मृतीपुराणडि कर्ममा चलनु चलाउनु, राजगुरूधरले पुराण बाचनु राजगुरू हुन्याले अर्कालाई मन्त्र नसुनाउनु सुतक १२ जुठो १२ मान्नु पुरोहित ब्राह्मण -४८

*श्रोत: भद्र रत्न बज्राचार्य, सिद्धिनरसिंह मल्लले बाँधेको स्थिति, कलश, वर्ष १, अंक २, २०५६ पृष्ठ १-४*

परिशिष्ट-३.५

## धर:पौमा आधारित जात/थरहरू

**बौद्धमार्गी नेवारमा देखापरेका जात र उपजाति यस प्रकारका छन् :-**

**१. तुलाधर जातको उपजाति जातीय पेशा अनुसार**

| | जाति | | पेशा |
|---|---|---|---|
| क) | तमोट | - | तामाको काम गर्ने |
| ख) | कंसाकार | - | कांसको काम गर्ने |
| ग) | लिइकर्मी | - | पित्तलको काम गर्ने |
| घ) | मरीकर्मी | - | रोटी बनाउने काम गर्ने |
| ङ) | लोहँकर्मी | - | ढुङ्गाको मूर्ति र अरू ढुङ्गाको मालसामान बनाउने काम गर्ने |
| च) | सिकर्मी (स्थापित) | - | काठको काम गर्ने |
| छ) | अवाले | - | इंटाभट्टा राख्ने । |

**२. ज्यापू जातिमा उल्लेख भएका जाति र उपजाति यस प्रकारका छन् –**

| | | | |
|---|---|---|---|
| क) | ज्यापू | - | खेती गर्ने । |
| ख) | सुवाल | - | भोजमा खाना बनाउने । |
| ग) | दुवाल | - | दुवाः ल्य (विवाहमा दुलही भित्र्याउन पुजामा राख्ने एक प्रकारको बस्तु) बनाउने । |

| | | | |
|---|---|---|---|
| ३. | माली | - | फूलको काम गर्ने । |
| ४. | नापित | - | कपाल खौरने र नङ काट्ने काम गर्ने । |
| ५. | चित्रकार | - | चित्र लेख्ने । |
| ६. | नकर्मी | - | फलामको काम गर्ने । |
| ७. | दल्ली | - | भरियाको काम गर्ने । |
| ८. | कसाई | - | मासु बेच्ने । |
| ९. | कुलु | - | मान्द्रो बनाउने । |
| १०. | जोगीं (जुगि) | - | म्वायली बाजा बजाउने । |
| ११. | सालमी | - | तेल बनाउने जात । |
| १२. | कुमाल (प्रजापति) | - | क) हाकु ज्या याक कुमाल ।<br>ख) सियु ज़्या याक कुमाल । |

**शिवमार्गी नेवार जातिहरू यस प्रकारका छन् :-**

क) मल्ल
ख) जोशी
ग) श्रेष्ठ
घ) राय
ङ) वैद्य
च) गंगोल-पूर्वरूप गोगल हुन् । ग्रन्थमा पनि गोगल नै लेखिएको छ ।

**अरू जातिहरू**

| | | |
|---|---|---|
| ब्राह्मण | लामा | साज |
| दुय ब्राह्मण | लवत | मिश्र आदि |
| भट्ट | पर्वति | |
| उझा | सार्की | |
| खस ब्राह्मण | कामी | |

| | |
|---|---|
| उपाध्याय | दमायी |
| अधिकारी | तवोरी |
| रजपूत | राउत |
| खनाल | सूचीकार |
| कुमायी | कस्त |
| वेहावल ब्राह्मण | मौची |
| आचार्य | गुजराती |
| खत्री | माभी |
| क्षेत्री | पहिल |
| माउत | आगरि |
| थापा | भैमाल |
| कालक | गोरो |
| राजा | अमल |
| खंगा | मगर |
| ध्ववी | गायन |
| तातालि | वायन |
| जोगी | राना |
| धरवारी जोगी | कार्की |
| अहल्या | खेरो |
| चुलवादार | वाला |
| वैरागी | बुधा |

*श्रोत : चुन्दा वज्राचार्य, जितामित्र मल्लकालिन धर:पौ, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५३, पृष्ठ १८-१९*

परिशिष्ट- ३.६

## दुईजना ओझा ब्राह्मणहरूको राजनीतिक षडयन्त्रबाट भृजित नकारात्मक प्रभावको सामना गर्न गरिएको मूलचोकको योगनरेन्द्र मल्लको अभिलेखमा समाहित गरिएको सन्धिः
## मूलपाठ

कल्याण होस् । श्रीश्रीजययोगनरेन्द्रमल्लदेव श्रीश्रीजयभूपालेन्द्रमल्लदेव श्रीश्रीजय भूपतीन्द्रमल्लदेव (हामी) तीन राजाले नेपालमा अन्याय भएको तथा राजाहरूको गाथ ताकेको देखेर श्रीश्रीश्रीतलेजुमाई कहाँ ताम्रपत्र टाँसेर राख्यौं ।

यसको व्यहोरा- कंतुका बाबु महादेव ओझाले अनेक किसिमका विष दवाएर सिध्यायो । विना अपराधमा पाटनमा पठाई थुन्न लगाई सिध्यायो, भीममल्लको कुरा (नरदेव) मयासिङद्वारा चुक्लीलाई भीममल्ललाई सिध्यायो, अनेक राजाहरूमा फुट पारिदियो, अनेक श्रेष्ठलाई सिध्यायो, अनेक देवताहरूको मन्य बिगाऱ्यो, बालस्त्रीलाई करणी गरी माऱ्यो । यस्तो महादेव ओझाको छोरो कन्तु ओझा पहिले बदल ओझाको सेवा गरी (जागीर खाई) बस्यो । अनि बदल ओझा र जयकृष्ण दुवैले (कन्तुलाई)मान्धाताकहाँ जागिरे गराइदिए । ध्वराजलाई पनि मारिदिए । बदल ओझालाई निकालिदिए । त्यसपछि त्यो ओझाले (कंतुले) फकाई आफू अघि सरी मान्धातालाई मार्न खोज्यो । त्यो कुरा थाहा पाएर मान्धाताले कन्तुलाई निकालिदिए । यसपछि चिकुटिलाई मिलाएर (कन्तुले) मान्धातालाई माऱ्यो । त्यसपछि फेरि (कन्तुले) चिकुटिको उपरमा दगा धऱ्यो । राजा श्रीश्रीनृपेन्द्रमल्लले (कन्तुलाई) निकालिदिनु भयो । त्यसपछि फेरिपनि चिकुटिले (कन्तुलाई) बोलाएर राखे । (कन्तुले) फेरि चिकुटिको उपरमा दगा धरी चिकुटिलाई भगायो । त्यसपछि श्रीश्रीपार्थिवेन्द्रमल्ल श्रीश्रीभूपतीन्द्रमल्ल दुवैमा फाटो पारिदियो, वंशीधर बाओत किसिम यिनीहरूको ज्यानमा दगा धऱ्यो । यो थाहा पाएर श्रीश्रीजयपार्थिवेन्द्रमल्लले (कन्तुलाई) निकालिदिनु भयो । उसको कर्तव्यले श्रीश्रीमहिपतीन्द्रमल्ल भाग्नु भयो । गुणी ओझाले सुँगुरको माला लाए (मुडिए) श्याम ओझा गंगाधर ओझालाई देश-निकाला भयो, (तिनीहरूले) अरू अनेक किसिमका दुःख पाए । उसको कर्तव्यले श्रीश्रीजयपार्थिवेन्द्रमल्ल श्रीश्रीजययोगनरेन्द्रमल्ल दुवैमा फाटो पऱ्यो । त्यसपछि यो कुपुत्र हो भनी थाहा पाएर (कन्तुलाई) राज्यमा पस्न नदिनू भनी मुलचोकमा ताम्रपत्र राखियो । यो थाहा पाएर लक्ष्मीनारायणलाई आड दिई श्रीश्रीजयपार्थिवेन्द्रमल्ललाई सिध्यायो, सपरिवार चिकुटिलाई सिध्यायो, श्रीश्रीमहीपतेन्द्रमल्ललाई पनि सिध्यायो । मूलचोकमा टाँसिराखेका तामपत्रलाई वास्ता नगरी (कन्तुलाई) बोलाएर राख्ने लक्ष्मीनारायणलाई पनि सिध्यायो । त्यसपछि थुनेर राखिएको कन्तुले मरिरायसँग जगन्नाथलाई मिलाइदियो । जगन्नाथ मरेपछि उसको दाजु दण्डपाणिद्वारा प्रयोग गराई औषधी खुवाएर मणिरामलाई माऱ्यो । त्यसपछि श्रीश्रीजययोगनरेन्द्रमल्ललाई एक्लै पारेर श्रीश्री जयभूपालेन्द्र मल्लको गाथ ताक्न लागेको हुनाले (हामी) तीन राजाले, विचार गरी ताम्रपत्र लेखी राख्यौं । यसकारण कुनै राजाले कुनै राजाको वंशले कुनै काजीले कुनै रानीले (वा) अरू कसैले महादेव ओझाको वंशलाई भित्र पस्न दिए भने उसँग कुराकानी गरे भने आगो पानी अन्न पैसा वस्त्र आदि कुनै वस्तु दिए भने पनि श्रीश्रीश्रीतलेजुमाईको कुदृष्टि (तिनीहरूमा) परोस् । श्रीश्रीश्रीपशुपति आदि नेपालका सबै देवताको कुदृष्टि परोस् । कोटि पंचमहापाप लागोस् । कोटि शिवलिङ्ग बिगारेको पाप लागोस् । कोटि अभक्ष्य खाएको पाप लागोस् ।

उप्रान्त यो ताम्रपत्र कसैले झिके भने, थिचोमिचो गरे भने, झिक भनी बचन दिए भने, झिक्न लाए भने पनि सम्पूर्ण देवताको कुदृष्टि परोस् । पंचमहापापको फल लागोस् । यस बेहोराका दृष्टसाक्षी .... श्रीश्रीश्रीचन्द्र सूर्य, श्रीश्रीउग्रमल्ल, श्रीश्रीजयभास्करमल्लदेव, श्रीविश्वम्भर उपाध्याय, श्रीविद्यानन्द उपाध्याय, श्रीजयन्त उपाध्याय, श्रीकृष्णभट्ट भाजु, श्रीमहेश्वर भट्ट भाजु श्रीहरि शंकर भट्ट भाजु, नवमी सिंह झा, ग्वगल झा ॥ यस ताम्रपत्रमा लेखेका जति कुरा मानेन भने यो ताम्रपत्रमा लेखे जति हत्या लागोस् । ने.सं. ८१८ (वि.सं.१७५५) ॥ शुभ ॥

*श्रोतः धनबज्र बज्राचार्य, मध्यकालका अभिलेख, नेपाल र एशियाली अध्ययन केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, २०५६, पृष्ठ ३०५-३०६*
*द्रष्टव्य : हेर्नुहोस् मूलपाठको व्याख्याको लागि, धनबज्र बज्राचार्य, माथि उल्लेखित पृष्ठ ३०६-३११*

**परिशिष्ट- ३.७**

## नेवार जातको ऐन

ई. १९३५ (अर्थात् सं. १९९२) सम्ममा अघिदेखि प्रचलित मुलुकी ऐनलाई ई. १९४८ (सं. २००५) सम्म भएका थपघट जतिलाई सोही अनुसार मिलाई छापी पुनः ई. १९५२ (सं. २००९) मा त्यसको प्रकाशन भएको मुलुकी ऐनको पुरानो किताव हेर्दा थाहा पाइन्छ । नयाँ मुलुकी ऐन जारी हुनुअघि यही मुलुकी ऐन प्रचलित रहेको थियो । यो मुलुकी ऐन ५ भागमा नेपाली कागजमा प्रकाशित छ । त्यसको पाँचौं भागमा ७५ देखि ८२ पृष्ठसम्म यो नेवार जातको ऐन छापिएको छ । त्यसैलाई यहाँ केही सम्पादनगरी विषय बुझ्नको लागि उदधृत गरिएको छ ।

१) नेवार जातले ब्राह्मण, रजपुत बाहेक अरू तागाधारी जातकी कन्या विधवा जारी गरी ल्याएको र तागाधारी जातकी तागाधारी जातैसित बिग्रेकी आफू तेस्रो लिङ्ग परी ल्याइराखेकी स्वास्नी र यिनबाट जन्मेका सन्तान बाबुका जातमा मिल्छन् । विवाहिता सरह अंश पाउँछन्, यिनै जातकी चौथोदेखि उँभो परी ल्याएकी र तागाधारी जातका तागाधारी जातभन्दा कम जातमा बिग्रेकी स्वास्नी राखी जन्मेका सन्तान पर्वते, ४० रूपैयाँदेखि घटी वा बढी विवाह खर्च पाउने मतवालीकी कन्या विधवा जारी गरी ल्याई उनबाट जन्मेका सन्तान लवट हुन्छ ।

२) नेवार जातले आफूभन्दा कम नेवारै जातकी स्वास्नी ल्याई उनबाट जन्मेका सन्तानले आमाको जातपट्टि लागिरहेका भए त्यस्ताले खतबात गरेमा आमाकै जातको ऐनबमोजिम सजाय गर्नू, आमाको जातमा मिलेको रहेनछ बाबुका जातभन्दा कम मात्र भएको रहेछ भने त्यस्ता लवटलाई बाबुकै जातको ऐनबमोजिम दण्ड सजाय गर्नू ।

३) नेवार जातको जतिफेरा विवाह गरी वा विवाहको रीत पुऱ्याई लैजान्छ, उतिपल्ट विवाहिता स्वास्नी सरहको ऐन बमोजिम गर्नू, विवाहको रीत नपुऱ्याई ल्याएको र कन्या विधवा आफू दोस्रो लिङ्ग परी घरमा ल्याई भत्ताहाले भात खाएको भए पनि विवाहखर्च पाउँदैन, विवाह खर्चको ऐन बमोजिम दण्ड मात्र हुन्छ, चौथो लिङ्गदेखि उँभो परी घरमा ल्याइराखेको स्वास्नीको करणी गर्नेलाई विवाह खर्चको ३ खण्डको १ खण्ड दण्ड हुन्छ ।

४) नेवार जातका ११ वर्ष नाघेका स्वास्नीहरूको करणी सम्बन्धबाट भातमा बोरियो भनी कराउन आए भने जुन जातको भातमा बोरिएको छ, उसै जातका विवाह खर्चको ३ खण्डको २ खण्ड दण्ड हुन्छ, गलंज्याको पतिया भई भातमा लिने रहेछ भने करणी लिनेलाई दण्ड हुँदैन ।

५) करणीको आशयले फकाउन लाउनेलाई जुन जातकी स्वास्नी फकाउन लाएछ, करणी हुन पाएको रहेनछ भने जुन जातकी स्वास्नी फकाउन लाएको छ, यसै जातको विवाह खर्चका ऐन बमोजिम सधवा फकाउन लाएको भए ३ खण्डको १ खण्ड, विधवा भए ६ खण्डको १ खण्ड, कन्या भए १२ खण्डको १ खण्ड दण्ड गर्नू, फकाउन जाने लमीलाई फकाउन लाउनेलाई हुने सजायको आधा सजाय गर्नू, फकाई करणी चुकाइदिएछ भने त्यस्ता लमीलाई करणी गर्नेलाई हुने दण्डको आधा दण्ड हुन्छ ।

६) नेवार जातकी स्वास्नीलाई करणीका आशयले हातपात गऱ्यो भनी स्वास्नी कराउन आई भने हातपात गर्नेलाई जुन जातकी स्वास्नीलाई हातपात गरेको छ, उही जातकीलाई लेखेको विवाह खर्चको ३ खण्डको १ खण्डका हिसावले दण्ड गर्नू, पानी नचल्ने र छिटो हाल्नु पर्ने जातले पानी चल्ने जातकी स्वास्नीलाई हातपात गरेको भए १॥ वर्ष कैद गर्नू, पानी नचल्ने र छोए छिटो हाल्नु पर्ने जातले हातपात गरेमा प्रायश्चित गराइदिनू, भात पानी चल्छ, हातपात गर्दा लोग्नेले वा स्वास्नीका माइतीले हात हाल्नेलाई कुटपित गऱ्यो भने अङ्गभङ्गको ऐन बमोजिम सजाय गर्नू, अङ्गभङ्ग भएको रहेनछ भने वात लाग्दैन ।

७) नेवारजात गैह्रकी विवाह गरी ल्याएकी र विवाहको रीत पुऱ्याई ल्याएकी स्वास्नी करणीमा बिग्रेमा उसको लोग्नेले करणी गरेको देखी उसै थलामा करणी गर्नेलाई कूटपिट गैह्र गऱ्यो र जीउ जखम भयो भने करणी लिन लागेका थलैमा जीउ जखम गराएको हुनाले त्यस्तालाई कूटपिटको आधा सजाय गर्नू ।

८) नेवार जातमा जङ्गीमा अफिसरसम्मकी र निजामतीमा अड्डाका हाकिम भएका मानिसकी विवाह गरी ल्याएकी र विवाहको रीत पुऱ्याई ल्याएकी स्वास्नीको कसैले जारी गऱ्यो भने त्यस्तालाई विवाह खर्च वापत कैद गरिदेऊ भने महिनाका ५ रूपैयाँका दरले कैद गरी म्याद पुगेपछि छाडिदिनू ।

९) नेवार जातकी सधवा स्वास्नी पोइल गएमा स्वास्नी लैजानेसित विवाह खर्च लिई वा खत माफ गरी छाड्न हुन्छ, कचहरीमा फिराद परेपछि कायलनामा नहुँदासम्म माफ दिन्छु भने दिन पाउँछ, कायलनामा भइसकेको भए विवाह खर्च मात्र माफ दिन पाउँछ, दण्ड माफ हुँदैन ।

१०) नेवार जातको विवाह गरी ल्याएकी र विवाहको रीत पुऱ्याई ल्याएकी सधवा स्वास्नीको राजीखुशीसँग कसैले करणी गऱ्यो भने ऐनबमोजिम विवाह खर्च भराई विवाह खर्च बमोजिम दण्ड गर्नू ।

११) नेवार जातमा
- क) नेपाली मल्ल जातको ८० रूपैयाँ
- ख) थरघर र असल श्रेष्ठ जातको भए ७० रूपैयाँ
- ग) असल श्रेष्ठदेखि मुनि अरू श्रेष्ठ जातको र बाँडा उदास लगायत ज्यापूदेखि माथिका जातको भए ६० रूपैयाँ
- घ) ज्यापू जात र ज्यापूसरहका अरू गैह्र जातको भए ४० रूपैयाँ
- ङ) साल्मी, नकर्मी, छिपा, माली, खुसल, मुसल, डुँयाँ, चित्रकारी गैह्र यी ७ जात र यिनै सरहका अरू गैह्र जातको भए ३५ रूपैयाँ विवाह खर्च भराउनू ।

१२) क) कसाई, कुस्ले, कुलु, दोङ गैह्र पानी नचल्ने छिटो हाल्न नपर्ने जातको भए १५ रूपैयाँ
- ख) पोडे, च्यामाखलक लगायत गैह्र छिटो हाल्नु पर्ने जातको भए १० रूपैयाँ विवाह खर्च भराई ५ रूपैयाँ दण्ड गर्नू ।

१३) अर्कासित बिग्रेकी स्वास्नी लैजान्छु भन्यो भने विवाह खर्चको ४ खण्डको १ खण्ड पशुवन तिराई लैजान दिनू, विवाह खर्च पाउँदैन, यस्ती स्वास्नी पछि पोइल गएमा लैजानेलाई दण्ड, विवाह खर्च केही लाग्दैन ।

१४) विवाह खर्च तिरी ल्याएकी स्वास्नी पोइल गइ भने अघिल्लाले तिरे बमोजिमको विवाह खर्च भराई विवाह खर्च बमोजिम दण्ड गर्नू ।

१५) गर्भ, जायजन्म भएपछि र गर्भ रहेपछि गलंज्या ठहर्छ, गलंज्या भएपछि जात भातमा आउँदिन, गलंज्या भएको रहनेछ र गलंज्याको पतिया परी जातमा लिई आएको जात रहेछ, उसका भताहाहरूले आफूभन्दा घटी जातमा बिग्री तापनि गलंज्याको पतिया भए हामी भातमा लिन्छौं भनी मुचुल्का लेखिदिन्छन् भने लेखाई लिई भातको पतिया गराइदिनू लिदैनौं भने घटी जुन जातमा बिग्रेकी छ, उही जात हुन्छे ।

१६) पहिलोलाई दोस्रो, तेस्रोलाई पहिलो भनी बोल्ने वा करणी नै नगर्नेलाई पोलेको ठहरे त्यस्ती स्वास्नीलाई उसै जातका विवाहखर्चको आधा दण्ड गर्नू ।

१७) लाखा सुपारी लाएका केटीमाथि अर्को विवाह गऱ्यो वा अरू स्वास्नी घरमा ल्यायो भने रीत दस्तुर भएको भए पनि त्यस केटीलाई केटाको कर लाग्दैन, लिएको दस्तुर फिर्ता पनि गर्नुपर्दैन, लाखा लाएको हो भनी उजुर गर्नेलाई उसै जातकालाई लखेको विवाह खर्चको ४ खण्डको १ खण्ड दण्ड गर्नू ।

१८) नेवार जातकी विवाह नभई माइत रहेकी छोरीवेटी अरूसित बिग्रेकी रहिछ, सो कुरा आमाबुवा माइतीले थाहा पाएको रहेछ वा करणी लिने दिनेले जाहेर गरे भनेको रहेछ र अर्का कसैले त्यही केटी माग्न आउँदा सो बिग्रेको कुरा थाहा दिई थाहा पाई विवाह गरी लगेछ भने, माइती पनि अघि करणी गर्नेलाई पनि बात लाग्दैन, सो कुरा थाहा नदिई माग्न आउनेलाई रीत दस्तुर खाई विवाह गरिदिएछ र विवाह गर्नेले पछि सो कुरा थाहा पाई केटी छाड्यो भने माइतीबाटै ऐन बमोजिमको विवाह खर्च भराई आधि दण्ड गर्नू, केटी माइतीकै सपुर्द गरिदिनू, बिग्रेकी हो तापनि मै लैजान्छु भनी केटी लग्यो भने विवाह खर्च भराउनु पर्दैन, माइतीलाई दण्ड पनि हुँदैन ।

१९) एकालाई विवाह गरी दिइसकेकीलाई उसको हक नछुटाई अर्कालाई दिनेलाई त्यसै दिनेबाट ऐनबमोजिम विवाह खर्च भराई दण्ड समेत गर्नू, दिई लैजानेलाई बात लाग्दैन ।

२०) बलामी जातकी विवाह गरी ल्याएकी र विवाहको रीत पुऱ्याई कन्या ल्याएकी सधवा स्वास्नीको कसैले जारी गऱ्यो भने अघि पिता पुर्खादेखि जार हानी आएकोले जार काट्न पाउँछ, नभए पाउँदैन, जार नहान्ने जात भए ६० रूपैयाँ विवाह खर्च भराई ६० रूपैयाँ डण्ड गर्नू, जारी काटी आएकोले जार काट्दिन, विवाह खर्च लिन्छु भन्यो भने ६० रूपैयाँ विवाह खर्च भराई दिनू, दण्ड पर्दैन, अरू कुरा परी आएमा यही महलमा लेखिएका ऐन बमोजिम गर्नू ।

२१) नेवार जातका गलंज्याको पतिया लिई आएको जातकी गर्भिणी स्वास्नी आफूभन्दा कम जातका अर्कासँग बिग्री भने गर्भ पैदा भएपछि सो बालक मेरा वीर्यले गर्भ रहेको बालक हो, पतिया भए बालक जातभातमा लिन्छौं भनी भताहाले समेत मुचुल्का लेखिदिए भने भातको पतिया दिनू । अरूसँग बिग्रेपछि हामी भातमा लिन्नौं भने कर लाग्दैन, आमाको जातमा जान्छ ।

२२) नेवार जातकी विवाह गरेकी र विवाहको रीत पुऱ्याइ ल्याएकी स्वास्नीमाथि सौता हाल्यो, खान लाउन नदिई घरबाट निकाला गरिदियो वा बेश्या राखी विवाहितालाई हेरेन अथवा लोग्ने चोरी गर्ने, दामल हुने, खतबात गरी वा घर जहान छाडी भागी जानेका स्वास्नीहरू पाचुके गरिदेऊ भनी कराउन आए भने अदालत, ठाना अदालतबाट पाचुके गराइदिनू ।

२३) नेवार जातको लोग्ने फकिर भयो, जातदेखि पतित भयो वा लोग्ने महारोगी, लुलो, कुँजो, अन्धो, लंगडो, नपुंसक, लाटो रहेछ भने त्यस्ताको स्वास्नी पाचुके नभए पनि माइतीले अरूलाई दिन र पोइल भए पनि लैजाने दिनेलाई खतपात लाग्दैन, विवाह खर्च पनि पाउँदैन ।

२४) आफ्ना काजले भोट मधेश परदेश जानेकी स्वास्नीलाई खान लाउनको बन्दोबस्त नगरी जानेका र विवाह मात्र गरी पछि डाक्न नपठाई हेरविचार पनि नगरी ३ वर्षसम्म दुःख काटी बसेका स्वास्नीहरूले ३ वर्ष नाघेपछि पाचुके गराइदेऊ भन्न आए र सो कुरो ठहऱ्यो भने पाचुके गराइदिनू ।

२५) लोग्ने बिरामी साह्रो भयो भनी वा स्वास्नीका ग्रहदशाले पिऱ्यो छाड्छु भनी दुवैको मञ्जुरी बिना पार पाचुके गराउन हुँदैन ।

२६) पाचुके नहुने मुद्दामा पाचुके गराइदिनेलाई जुन जातकी स्वास्नी हो, उसै जातको विवाह खर्चको ३ खण्ड १ खण्ड दण्ड गर्नू । अड्डाबाट पाचुके गराइदिदा १ रूपैयाँ दस्तुर लिई पाचुके गराइदिनु ।

२७) मोसाखतमा दण्ड हुने कुरामा र ऐनले पार पाचुके हुने मुद्दामा पिला भराउँदा दशौंद लिनू, बीशौंद लाग्दैन, नलिनू ।

२८) पोली सावित गर्न नसक्ने पोलाहालाई पोलाइमाग्नेलाई हुने सजायको आधा सजाय गर्नू ।

२९) भराएको दशौंद लिनू, दण्ड हुनेमा बिशौंद लाग्दैन, नलिनू ।

३०) जित्नेसँग २ रूपैयाँ सलामी लिइ जितापत्र गरिदिनू ।

३१) यसमा १४ वर्षदेखि बढ्ता कैद नगर्नू ।

३२) जारीखतको सजाय गर्न नपाउनेमा पाउनु पर्छ भनी उजुर गर्नेलाई ज्यान जात लिन पाऊँ भनेको भए ११ महिना, अरू थोक गर्न पाऊँ भनेको भए ६ महिना कैद गर्नू, विवाहखर्चमा भने नपाउनेमा पाउनु पर्छ भनी पक्रनेलाई त्यसले पक्रेका बिगोको र आफूले लिनुपर्नेभन्दा बढ्ता पक्रनेलाई बढ्ता पक्रे जतिको र आफूले दिनुपर्ने भन्दा घटी भन्नेलाई घटी भनेजतिको बिगोको आधि दण्ड गर्नू ।

३३) नेवार जातको व्यवहार चलाउने विषयमा स्थितिको इस्तिहार भएकोले सो विषयमा सोही इस्तिहारबमोजिम व्यवहार चलाउने गर्नुपर्छ, इस्तिहार भन्दा बढि लिने दिनेलाई लिइसकेको भए बढी लिएको फिर्ता गराई लिनेदिने दुवैलाई लिइसकेको भए बढी लिएको फिर्ता गराई लिने दिने दुवै थरलाई बढी लिएका बिगोको आधि आधिका दरले दण्ड गर्नू, दिन पठाएको रहेछ, लिन भने पाएको रहेनछ भने दिन पठाउनेलाई बढी ठहरेका बिगोको ३ खण्डको १ खण्ड दण्ड गर्नू, लेखिए बाहेक इस्तिहार बरखिलाप गरी अरू कुरा गरेको भए हाकिमका तजबीजले ११ देखि २० रूपैयाँसरम्म दण्ड गर्नू ।

*श्रोत: जगदीश चन्द्र रेग्मी, नेवारी सँस्कृतिको रूपरेखा, अफिस अफ नेपाल एण्टीक्वेरी, काठमाडौं, २०३५, पृष्ठ २१-२८*

परिशिष्ट- ३.८

## पाचुके

नेवार समाजमा प्रचलित पाचुके (Divorce) को चलन निकै पुरानो हो । यस सामाजिक व्यवस्थालाई प्राचिन कालदेखि मान्यता भै आएको देखिए पनि यसको बैधानिक रूपले लिखित र स्वीकृत नियमको सर्वप्राचिन रूप ई. १८५३ को ऐनमै पाइन्छ । सो मुलुकी ऐनमा पाचुके गर्न्या शीर्षकमा ९ दफा रहेका छन् । पाचुकेको सर्वप्राचिन रूप देखिने हुँदा त्यो खण्ड तल सारिएको छः–

१) नेवार जातका स्वास्नीलाई लोग्नेले खान लाउन दिदादिदै र सौता हालि घरबाट निकाली वा राजकाजले देस पर्देश टाढा जान्याका स्वास्नीको वा ऐनले पाचुके नहुन्या अरू कुरामा पाचुके गराइ देउ भनी अदालत ठाना अमालमा भन्न आया सुपारी फर्काइ पाचुके गराइ जान पाउदिन, कसैले यस्तामा पाचुके गराया भन्या पाचुके गरि दिन्यालाई जौन जातका स्वास्नीको पाचुके गरिदियाको छ उसै जातकालाई लेख्याका विहा खर्चका ३ खण्डको १ खण्ड यस्तामा पाचुके गराउन लैजान्यालाई ६ खण्डको १ खण्डका दरले दण्ड गरि लोग्न्याका सपुर्त गरिदिनु, स्वास्नीले छाडि जान पाउदिन ।

२) नेवार जातका गैह्रका विहा गऱ्याका र विहाको रित पुऱ्याइ ल्यायाका स्वास्नीहरूमा लोग्न्या आफ्ना सर्कारका राजकाजमा टाढा गया बाहेक आफ्ना काजले भोट मध्येस् पर्देस जाँदा स्वास्नीलाई खाना लाउनाको बन्दोबस्त केही नगरि जान्याका र स्वास्नी विहा गरि आफ्ना घर नल्याइ लोग्न्याले षान लाउन नदि ३ वर्ष सम्म दुःख काटि अनेत्रै वस्याका र विराना राजमा बसै जान्याका स्वास्नीहरूले हामी तेस् लोग्न्यासित बस्तौन पाचुके गराइ देउ भंन आया भन्या अदालत ठाना अमालबाट पाचुके गराइदिनु ।

३) नेवार जातका चोरी गर्न्या दामल हुन्या खत वात गरी घर जहान छाडि भागि जान्याका स्वास्नीले हामी तेस लोग्न्यासित बस्तौन पाचुके गराइ देउ भन्न आया अदालत ठाना अमालबाट पाचुके गराइ दिनु ।

४) नेवार जातका विहा गऱ्याका र विहाको रित पुऱ्याइ ल्यायाका स्वास्नी माथि सौता हाल्यो खान लाउन नदि, घरबाट निकाल गरिदियो वा वेस्या राखी बिहाइतालाई हेरेन र स्वास्नी कराउन आइ भन्या अदालत ठाना अमालबाट पाचुके गराइदिनु ।

५) नेवार जातका लोग्न्या फकिर भयो जातदेखि पतित भयो भन्या पाचुके गराउनु पर्दैन माइतिले अनेत्र विहा गरिदिनु हुन्छ, खतवात लाग्दैन ।

६) नेवार जातका विहा गरिसक्या पछि लोग्न्या महारोगी लुलो, कुन्जो, अन्धो लगडो नपुंसक लाटो रहेछ स्वास्नीले पाचुके गरिदेउ भन्न आया अदालत ठाना अमालबाट पाचुके गरिदिनु, लोग्न्याको कर लाग्दैन ।

७) नेवार जातका विहा गर्न्या र विहाको रित पुऱ्याइ लैजान्या लोग्न्या बिरामी भै साह्रो भयो भनी स्वास्नी तर्फबाट सुपारी फकाई छाडि जान पाउँदैन, स्वास्नीका ग्रहदशाले पिऱ्याको रहेछ यो स्वास्नी छाड्छु भनी लोग्न्याका तर्फबाट पनि पार भइस् भनि पार दिन पाउँदैन, बेरामीका वखतमा सुपारी फर्कायाको बदर हुन्छ यस्ता पाचुके गरि दिन्यालाई उसै जातका विहा खर्चको ३ खण्डको १ खण्ड पाचुके गराउन लैजान्यालाई विहा खर्चका ६ खण्डको १ खण्ड दण्ड गरि स्वास्नी जस्कि हो उसैका जिम्मा गरिदिनु ।

८) नेवार जातका स्वास्नीका ऐनले पाचुके हुन्या मुद्दामा पाचुके गरिदिदा अदालत ठाना अमालबाट १ रूपैयाँ दस्तुर लिइ पाचुके गरि दिनु, बढता नलिनु ।

९) नेवार जातका मिसा खत्मा दण्ड कुरामा र ऐनले पार पाचुके हुन्या मुद्दामा पिरा भराउदा दसौद लिनु विसौद लाग्दैन, नलिनु ।

*श्रोतः जगदीश चन्द्र रेग्मी, नेवारी संस्कृतिको रूपरेखा, अफिस अफ नेपाल एण्टीक्वेरी, काठमाडौं, २०३५, पृष्ठ ४६-४८*

परिशिष्ट- ३.९

## श्यामलदाशको भनाइ अनुसारको नेवार समुदायको हिन्दू समूहको जातिप्रथा

| शिवमार्गी | | | बौद्धमार्गी | |
|---|---|---|---|---|
| जात | सुविधा र कार्यक्षेत्र | टिप्पणी/कैफियत | जात | सुविधा र कार्यक्षेत्र |
| • ब्राम्हण<br>१.उपाध्याय | • पुजारीको कार्य गर्ने ।<br>• तलेजु भवानीको मन्दिर भित्र जान पाउने | सबभन्दा उच्च जातको ब्राम्हण | • वोडा<br>• उदास | यिनीहरूको कार्यहरू हुन् : व्यापार, दस्तकारी, हिसाव, किताब राख्ने |
| २.लवरजु | • पुरोहित्याई गर्ने र पुजारीको रूपमा कार्य गर्ने ब्राह्मण | उपाध्याय भन्दा तल्लो स्तर | | |
| ३.देवभाजु ब्राम्हण | • मानिस विरामी हुंदा आत्मा सम्वन्धी शिक्षण ज्ञान दिने तर बैद्यको काम नगर्ने | लवरजुको तुलनामा एक स्तर उच्च | | |
| **क्षेत्री**<br>४.थकुजुमल्ल क्षेत्री | • 'असली' राजाको जात सैनिकको रूपमा कार्य गर्ने ।<br>• व्यापार र अरूको नोकरी नगर्ने । | उच्चस्तरको क्षेत्री/राजपुत | | |
| ५.निक्खु क्षेत्री | • धार्मिक जात्राहरूको चित्रहरू (painting) तयार गर्ने । देवताको मूर्तिहरूमा रंग लगाउने तर यिनीहरू साधारण "पुं" (चित्रकार) भने होइन | असली राजाको वर्ण /जात भन्दा निम्न स्तर | | |
| ६.शियाशू क्षेत्री* | • सेनामा नोकरी गर्ने | यी सवै किसिमका क्षेत्रीहरूका बीचमा खानपान र विहावारीको व्यवहार चल्ने । | | |
| ७.शरिस्ता क्षेत्री** | • ऐजन | ऐजन | | |
| • बैश्य<br>८.जोशी | - ब्राम्हण पनि होइन पुजारी पनि होइन । यिनको काम ज्योतिषशास्त्र सम्वन्धी ज्ञान दिने हो । | | | |
| ९.आचार्य | - काठमाडौ र भक्तपुरको तलेजु मन्दिरहरूको पुजारीको रूपमा कार्य गर्ने तर ब्राम्हण होइन | | | |
| १०. भन्नी | - तलेजुको मन्दिरको लागि नैबेद्यको सामानहरू तयार गर्ने | | | |
| ११.गावक आचार्य | - सानो सानो मन्दिरहरूको पुजारीको रूपमा कार्य गर्ने यस्तो मन्दिरहरूमा गरिने श्राद्ध कार्यमा सहयोगीको भूमिका खेल्छन् तर वास्तविक श्राद्ध कार्यसित यिनीहरू सम्वन्धित हुदैन । | | | |
| **शुद्र**<br>१२.मांखी शुद्र | सवै तहका मानिसहरूको लागी भोजन तयार गरी खुवाउने कार्य गर्ने ( साधारण भन्नी) | | | |
| १३.लखिपर शुद्र | मांखी जस्तै भोजन तयार गरी खाना खुवाउने तर यिनीहरूले घरको नोकरको रूपमा पनि कार्य गर्ने । त्यसैले यिनीहरू | यिनीहरूको जात मांखीसित मिल्छ । तर यिनीहरूलाई | | |

| | | | | |
|---|---|---|---|---|
| | मांखी शुद्र भन्दा निम्न स्तरका हुन् । | अलिकति तल्लो स्तरको मानिन्छ । माथिल्लो जातको केही हिन्दुहरूले यिनीहरूको हातवाट खाना खान्छन् । | | |
| १४.वोधोशा शुद्र | भोजन बनाउने र खुवाउने कार्य वाहेक अरू घरको सवै कार्य गर्ने घरेलु नोकर | | | |

*श्रोत: थियोडोर रिकार्डी, आयन आयकाउन्ट अफ नेपाल फ्रम दि वीर विनोद अफ श्यामलदास, कैलाश ए जर्नल अफ हिमालयन स्टडीज, भोलुम ३, नम्वर ३, १९७५, पृष्ठ २०२-२०३, २१६-२१८*

*द्रष्टव्य:*

1. *वर्णहरू (ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र) बीचमा आपसी सामाजिक भेदभाव हुने भएता पनि प्रत्येक वर्ण अर्न्तगतका जातहरूको बीचमा खासै सामाजिक भेदभाव रहेको नदेखिएको ।*
2. *शियाशु क्षेत्री र शरिस्ता क्षेत्रीलाई हालको ६ थरी र पाँच थरी श्रेष्ठहरूको पूर्वरूप मान्न सकिन्छ ।*

परिशिष्ट- ३.१०

## श्यामलदासको दृष्टिमा तल्लो स्तरको नेवार जातहरू

| - मध्यम स्तरको तल्लो जात | कार्य क्षेत्र | टिप्पणी/कैफियत |
|---|---|---|
| १.पुतुवार<br>२.ज्यापू<br>३.साल्मी<br>४.नाउ | उल्लेख नभएको | यिनीहरूको हातवाट अन्य माथिल्लो स्तरका जातका सवै मानिसहरूले पानी पिउछन् । |
| -कनिष्ठ/निम्न स्तरको जात<br>१.कसाइ | - मासु बेच्ने | |
| २.कुशले | - मन्दिरहरूमा वाजा बजाउने र लुगा सिउने | |
| ३.कुलु | ढोल डम्फु आदि बाजाहरूमा खालं राख्ने | |
| -सवभन्दा तल्लो स्तरको जात<br>१.पोडे | अपराधीहरूलाई फांसी दिने र मसानमा गरिने चांडालको कार्य गर्ने | |
| २.च्यामखल | सरसफाईको कार्य गर्ने | -यी जातका मानिसहरूलाई अछुट (Untouchable) हुन् । |

*श्रोत: थियोडोर रिकार्डी, माथि उल्लेखित, पृष्ठ २१६-२१७*

परिशिष्ट- ३.११

## श्यामलदासको दृष्टिमा बौद्धमार्गीहरूको जातिय संरचना

| जात र उपजाति | तह | कार्य क्षेत्र | टिप्पणी/कैफियत | |
|---|---|---|---|---|
| जात<br>सच्चा वंधया वा वंधड<br>उपजाति<br>१.घगरजु (गुरूजु वज्राचार्य) | सभन्दा उच्च तह/जात | बौद्ध गुम्वा/ मन्दिरको पुजारी र पुरोहित्याई | यितीहरू मध्ये कसैकसैले खेतीपाती नोकरी र दस्तकारी (हस्तकला) सम्वन्धी कार्य पनि गर्ने गरेका छन्। | यी सबै ९ वटा उपजातिहरूको बीचमा खानपिन र वैवाहिक सम्बन्ध चल्दछ। |
| २.वर्हजु (बरेजु)<br>३.विक्खु<br>४.भिक्षु<br>५.नेभर | उच्च स्रतको जात/तह | सुनारको काम गर्ने | यी चारै उपजातिका व्यक्तिहरूले धेरै वा थोरै मात्रामा एउटै किसिमको काम गर्दछन्। | |
| ६.निभरभरही | " | पितल र फलामको भांडावर्तन बनाउने, देवी देवताको धातुका मूर्तिहरू बनाउने र भांडावर्तनमा चमक दिने। | | |
| ७.टकरमी भरावे | " | फलाम, पित्तल र अन्य धातुको तोप वन्दुक बनाउने कार्य गर्ने। | | |
| ८.गंगस भरही<br>९.चिवर भरही | "<br>" | घर बनाउदा चुना र आराइश लगाउने | | |
| जात:<br>सच्चा बौद्ध<br>उपजाती<br>१.उदास | मध्यम स्तर | -महाजनको कार्य गर्ने<br>-तिव्वत र भुटानमा गइ सौदागरी (व्यापार व्यवसाय) गर्ने | | यी सबै सातवटै उपजातिहरूको विचमा आपसी खानपिन र वैवाहिक सम्बन्ध राख्न हुने। वंधड जातिले पकाएको खाना यिनीहरूले खान्छन्। तर यिनीहरूले पकाएको खाना वंधडले खाँदैनन्। त्यस्तै वंधड जातिले यिनीहरूसित वैवाहिक सम्बन्ध राख्दैनन्। |
| २ कसारे या ठठेरे | " | उल्लेख नैभएको | | |
| ३.लोहार कर्मी/संगतराश | " | ढुंगाको मूर्ति, मन्दिर, मकान बनाउने | | |
| ४.शिकर्मी या वढाइ | " | उल्लेख नभएको | | |
| ५.थम्वत | " | -पितल तांवा र जस्ताको वर्तन र वगैरह बनाउने। | | |
| ६.अवाल/खपरेल | " | -खपरेल/केलू (टायल) झिंगटी बनाउने | | |
| ७.मध्यकर्मी | " | -रोटी मिठाई बनाउने | | |

*श्रोत: थियोडोर रिकार्डी, माथि उल्लेखित पृष्ठ २१८-२१९*

**परिशिष्ट-३.१२**

## श्यामलदाशको दृष्टिमा शिव र बुद्ध दुवैलाई समानरूपमा माल्ने बौद्ध धर्मालम्वीहरूको जातहरू

(आफूलाई शिवमार्गी र बौद्धमार्गी ठान्ने बौद्ध धर्मावलम्वीहरूको जातहरू)

| जात | कार्य क्षेत्र | कैफियत |
|---|---|---|
| १. मू (एक प्रकारको माली) | मालीको रूपमा कार्य गर्ने | यी ६ वटा जातिहरू मध्य प्रत्येक जातिका व्यक्तिहरूले धैरै वा थोरै मात्रामा खेतिपातीको कार्य गर्दछन् र उनीहरूको बीचमा भोजन र वैवाहिक सम्बन्धमा रोकावट छैन । |
| २. डुंगल/डंगोल | जमिन नाप्ने कार्य गर्ने • | |
| ३. ज्यापू (किसान) | किसानी कार्य गर्ने | |
| ४. कुम्हार | उल्लेख नगरिएको | |
| ५. करबुभा | मृत्यु संस्कारको सन्दर्भमा बाजा बजाउने कार्य गर्ने | |
| ६. वोनी | खेत जोत्ने कार्य गर्ने | |
| ७. चित्रकार | उल्लेख नगरिएको | |
| ८. भट्ट | ऊनी कपडामा रंग लगाउने | |
| ९. छीपा | उल्लेख नगरिएको | |
| १०. कव्वा या नकर्मी | तरवार छुरा जस्ता फलामको हतियार बनाउने | |
| ११. नाइ | उल्लेख नगरिएको | |
| १२. साल्मी (तेली) | उल्लेख नगरिएको | |
| १३. टिप्या | शाक भाजी वोनेवाले | |
| १४. पुलपुल | मृत्यु संस्कार गर्दा मृत्यु शरिर जलाउने | |
| १५. कौसा | शीतलाको टीका लगाउने जात | |
| १६. कोनार | चरखा बनाउने खाती | |
| १७. गठठो (माली) | मालीको रूपमा कार्य गर्ने | |
| १८. कठार/जरांह | उल्लेख नगरिएको | |
| १९. ताती | कफनको लागि कपडामा कपास भर्ने | |
| २०. बलहेजी | उल्लेख नगरिएको | वलहेजी र युगवार दुवै एक प्रकारको खाती हुन् । |
| २१. युगवार | उल्लेख नगरिएको | |
| २२. बाल्ला | उल्लेख नगरिएको | |
| २३. लाम् | पालकी उठाउने कहार | |
| २४. दल्ली | एक किसिमको सिपाही | |
| २५. पीहीटोकरी (गांछे) | उल्लेख नगरिएको | |
| २६. गौवा | उल्लेख नगरिएको | यी दुवै (गौवा र नन्दगौवा) चवाहे हुन् । यिनीहरूले आपसमा भोजन गर्छन् र वैवाहिक सम्बन्ध पनि राख्नछन् । |
| २७. नन्दगौवा | उल्लेख नगरिएको | |
| २८. बल्लहमी | काठ काट्ने काम गर्ने | यी तिस प्रकारका बौद्धधर्मावलम्वीहरू बंधड र सच्चे बौद्धहरू भन्दा निम्न स्तरका हुन् । तथापि यिनीहरूको हातवाट सबै हिन्दूहरूले पानी पिउछन् । अत: यिनीहरूलाई धैरै तल्लो जातको मानिदैन । यिनीहरू मध्यम स्तरका जातहरूका हुन् । |
| २९. गवकव | उल्लेख नगरिएको | |
| ३०. नल्ली | उल्लेख नगरिएको | |
| ३१. कसाई (जसलाई स्थानीय मानिसहरूले नाय भन्ने गर्दछन्) | | यी आठ किसिमका जातका व्यक्तिहरूको हातबाट कुनै पनि हिन्दूले पानी पिउँदैनन् । तसर्थ यिनीहरूको जात निम्न स्तरका हुन् ।<br>- नेवारहरू मध्य हिन्दू ब्राह्मण र क्षेत्रीले मध्यपान बिल्कुलै गर्दैनन् ।<br>- सन्यासी, कुशल्या, जोगी, कुँवरहरूले मृत शरीर गाड्ने गर्दछन् भने अरू सबैले (शिवमार्गी र बौद्धमार्गी दुवै) आगोमा त्यस्तो शरीरलाई जलाउने गर्दछन् । |
| ३२. जोगी | | |
| ३३. धूंत नेवार | त्यवहारो (तिहार) मा बाजा बजाउनेहरू | |
| ३४. धैवी | लकडी/काठ काट्ने र कोइला (गोल) बनाउने | |
| ३५. कुलु | छाला सम्वन्धी काम गर्ने | |
| ३६. पुरिया | माछा मार्ने र जल्लादको कार्य गर्ने | |
| ३७. च्यामखल (भंगी) | | |
| ३८. संघर (धोवी) | | |

*स्रोत : थियोडोर रिकार्डी, माथि उल्लेखित, पृष्ठ २१६-२२०*

परिशिष्ट-३.१३

## द्यौभाजु ब्राह्मण र श्रेष्ठको रीतिथिति बारेमा प्रधानमन्त्री जुद्ध शमशेरद्वारा जारी गरिएको वि.सं. १९९३ सालको इस्तिहार

चौभाजु ब्राह्मण श्रेष्ठ जातहरूका व्यवहारको किताब -श्री श्री श्री महाराज जुद्ध शमेशर जङ्गबहादुर राणाका हुकुम र क्म्याण्डर इन चिफ जनरल पद्म शमशेर जङ्गबहादुर राणाका मर्जि मुताविक कौसल मार्फत् जारी भएको । सं. १९९३ पशुपति छापाखाना ।

### इस्तिहार

उप्रान्त हाम्रा रैति दुनियाँहरूले विवाह ब्रतबन्ध समेत इत्यादि बेवहार गर्दा मुनासिव माफीकको गर्नुपर्ने काम चलाउने आवश्यकीय काम मात्र नगरी अनेक किसिमबाट भडक बढाई कामकाज गरेबाट ज्यादा खर्च हुन गई कोही दुनियाँको हालत कम हुने र खर्च गर्न नसक्ने दुनियाँले व्यवहार चलाउन नसकी मडका पीर रहेको व्यहोरा जाहेर भएको र अफिसर हाकिमहरूले पनि सो बारेमा खर्च घटाई व्यवहार चलाउन पाए हुँदो हो भनी बिन्ति चढाएकोले समेत सबै दुनियाँमा सुविस्ता हवस भन्ना निमित्त गर्नु पर्ने विवाह ब्रतबन्ध समेत व्यवहार गर्दा मुनासिव माफिककोसम्म खर्च गरी काम चलाउने गर्नालाई ठालु इज्जतदारहरू र अरूको समेत जजस्को राय झिकाउनुपर्छ झिकाई बन्दोबस्त मिलाई चाँडो जाहेर गर्नु भन्या हामी श्री ३ महाराजबाट हुकुम बक्सेबमोजिम बिहाबारी समेतको व्यवहारमा साविक गर्ने गरी आएको रीत चलन खर्चमा कति कतिसम्म गर्ने गर्दा मुनासिव माफिक भै व्यवहार नरोकी काम चल्ने र पैसामा किफायत हुने हुन्छ साविक गरी चलिआएकोमा घटाउने छोट्याउने समेत तजबीज गरी कौसलै मार्फत जाहेर गर्नु भन्या ३ शहरका ब्राह्मण चौभाजु ब्राह्मण, क्षेत्री श्रेष्ठ जातहरू समेत इज्जतदार ठालु भलादमीहरूको नाउँमा १ छाप भै गये बमोजिम आफ्ना आफ्ना जातमा गरी चली आएकामा घटाई छोटकिफायत साथ काम गरे पनि कर्मकाण्ड नछुट्ने भनी राय लेखि जाहेर गरेकोमा कुनैको कुनै किसिम कुनैको कुनै किसिमसँग लेखिएको र सवै काम कुराको सबै रायमा पनि नपरेको सबैको मिलान भएको देखिएन तापनि व्यवहारमा खर्च घटाई काम गर्न गराउनमा सबैको राय मिलां भएको देखिनाले रायमा एकै मिलान गर्न ब्राह्मण चौभाजु, क्षेत्री श्रेष्ठ जातहरू जातपिच्छे १०/८ जनालाई कौसलमा राखी छलफल गर्दा आफ्ना आफ्ना जातमा गर्नु चलाउनु पर्ने देखासिखिले भडक बढाई आएका तपसिलका कुरामा तपसिल बमोजिम छोट्याई किफायत गरी गर्ने भएमा पनि कर्म काण्डमा नछुट्ने अरू साविकै गरी चलि आए बमोजिम गरे हुने भन्या एकै राय कायम भएको व्यहोरा कौसल मार्फत जाहेर भयो तसर्थ हाम्रा रैती दुनियाँहरूलाई सुविस्ता हवस भन्या खातिर तपसिलमा लेखिए बमोजिम चौभाजु र श्रेष्ठ जातहरूले अव उप्रान्त व्यवहार गर्नेमा तपसिलमा चौभाजु र श्रेष्ठ जातहरूले अब उप्रान्त व्यवहार गर्नेमा तपसिलका कुरामा तपसिल बमोजिम र अरू कुरामा साविक गरी चलि आए बमोजिम गर्नु तपसिलका कुरामा तपसिल बमोजिम भन्दा बढाई काम गर्न पाउँदैनौ सो भन्दा बढाई काम गरे गराएमा अदलका अैन बमोजिम साजए हुनेछ तपसिलमा लेखिएका काम काममा र सोदेखि बाहेक अरू कामकाज गर्दा समेत कर्मकाण्ड नटुट्ने गरी भरसख किफाएत गरी व्यवहार छोट्याई गर्ने गरी पाऊँ भनी हाकिम अफिसरले जाहेर गरेको र छोट्याई काम चलाउने राय समेत लेखिदिए बमोजिम हुन सकेसम्म छोट्याइ घटाई गर्ने गरी बक्सकेको छ अव उप्रान्त चौभाजु श्रेष्ठ जातहरूले कामकाज गर्दा गराउँदा यो इस्तिहारमा लेखिएकोमा नबढाई भरसख घटाइ काम चलाउनु यो भन्दा बढाई कामकाज गरे गराएको ठहरे अदलका अैन बमोजिम सजाय हुनेछ ।

### तपसिल
### द्यौभाजु ब्राहमणको

१) बालखको छैटौं गर्दा फुपुले सगुन सराजामसम्म ल्याउनु फुपुलाई चोलो १ र नून कुरूवा १ मात्र दिने गर्नु

२) बालखलाई पास्नी गर्दा स्थान गणेश दर्शन गराई ल्याउनु बाजा बजाई जात्रा गरी लैजान हुँदैन ।

३) सो पास्नीको र छेवर ब्रतबन्धको समेत नींतो गर्दा आमापट्टि आमाको दिदी बहिनी मावलीघर र बाबुका घरको छोरी दिदी बहिनीहरूलाई चुल्है र अरू दाजूभाइहरूको छोरीबेटी २/२ जना अरू नातादारमा १/१ जनासम्म नींतो गर्नु ...

४) बाखकको जुनसुकै उत्सवमा पनि पैला एक पटक बालखलाई र बालखको आमालाई लुगा जोर १ बाबुलाई बस्त्र १ टुक्रा सगुन सम्म पठाई दिनु दोस्रो बालखदेखिलाई बालखलाई मात्र दिनु आमाबाबुलाई दिनु पर्दैन ।

५) छेवर गर्दा बालकलाई मावली घर १ ले पोसाक १ जोर दहि सहितको सगुन पठाउनु अरू केही पठाउनु पर्दैन ।

६) ब्रतबन्धको पुर्वाङ्गको दिनमा गुरू पुरोहित र आफ्ना छोरीबेटी ज्वाईसम्म राखी काम चलाउनु अरूलाई डाकी खुवाउनु हुँदैन ।

७) ब्रतबन्ध गर्दा ब्रह्मचर्य्यमा रहने बालखलाई भोजन गराउना निमित्त हवीष्यको सराजाम र होम गर्नालाई चरूको सराजाम समेत ब्रह्मचर्य्यमा रहेकाले मावली र सो बालखको आमाको दिदी बहिनी र आफ्ना घरका छोरीबेटीहरूले मात्र पठाउनु अरूले पठाउनु हुँदैन समावर्तनमा निमंत्रणा गर्दा भीक्षा पठाउने जतीलाई चुल्है र अरू नातादार ११ जनासम्म निमन्त्रणा गर्नु सो भन्दा बढी निमन्त्रणा गर्नु हुँदैन ।

८) ब्रतबन्ध गर्दा सगुन पठाउनेमा मावली घर १ ले मात्र बालखलाई लुगा जोर १ दही सहितको पुजाभाग १ र अरू चुल्है निम्तो भएकोले दही कतहरा १ धोती १ पुजाभाग लगी सगुन दिनु अरूले सगुन पठाउनु हुँदैन ।

९) बिहेको सुपारी दिँदा सुपारी गोटा १० दही कतहरा १ केरा कांग्यो १, सुनको टिका १, जनैजोर १, रूमालमा पोका पारी दिनु सो देखि बढी पठाउनु हुँदैन ।

१०) कल्लेह्याके गर्न पठाउदा लड्डु २४ कलेजो र तास कींखाप् कोइचीन् बाहेक अरू साधारण लुगा जोर १ दुलहीलाई खुवाउने भाग १ दही कतहरा २ सम्म पठाउनु सो भन्दा बढी पठाउनु हुँदैन ।

११) बिवाह गर्नालाई काम कुरौं छिनो वागदान भै सकेपछि लगनका अघिल्ला दिन पुर्वाङ्गका दिन अरू नातादार बोलाई खुवाउनु पर्दैन पुरोहित ब्राह्मण १ आफ्ना जवाई छोरी बेटी मात्र बोलाई ख्वाउनु

१२) विवाहमा दुलहीलाई गहना दिदा सुन तोला २. सम्मको आफ्ना गच्छे अनुसारको तिलहरी वा अरू गहना कन्यादान सिधिएपछि दिनु लुगालाई तास किन्खाप कोयचिन बाहेक अरू दुलहीले लाउन हुने लायकको १ जोरसम्म दिनु सो देखि बढी दिनु हुँदैन

१३) साईपाटा पठाउदा जातजातको रोटी किस्ती ४ फलफूल मसला किस्ती ४ उखु लाक्रा ४ लड्डु गोटा २४ सम्म राखी २ जना मानिसलाई बोकाई पठाउनु सोभन्दा बढी पठाउनु हुँदैन ।

१४) जन्त जाँदा बाजा भरिया लाने बाहेक आफ्ना नाता कुटुम्व र इष्टमित्र समेत गरी १०० जवान भन्दा बढी लैजान र चाँदीको सामादान कनाट कार्नेस बाजा बजाउन लगाई लैजान हुँदैन जन्त जाँदा भरसख दिऊसै जाने गर्नु राति भएमा डेलायत ४ सम्म मैनबट्टी ४ र चिराक २५ सम्म बाली गुजराति रोसमको बाजासम्म बजाउन लगाई लैजाने गर्नू ...

१५) बिहेको भोजमा निम्तो गर्दा आफ्ना घरको छोरीबेटी र बिहे गर्नेको मावली र आमाको दिदी बहिनीहरूलाई चुल्है र अरू नातादार इष्टमित्र समेतलाई १,१ जना निमन्त्रणा गर्नू ...

१६. विवाहको चतुर्थिका दिनमा मावली घरबाट दही कहतरा १ लड्डु २५ छोरीबेटीलाई पोशाक १ जोर ज्वाईलाई कपडा १ मात्र राखी सगुन पठाउनु सो देखि पठाउनु हुँदैन ।

१७) माथि लेखिए देखि बाहेक अरू कर्म काण्ड नटुट्ने गरी किफायत साथ साविक गरी चली आया बमोजिम गर्नु ......

**श्रेष्ठ जातको**

१) छोरीबेटीको गर्भ रहदा पहिलो पटक मात्र माइत घरबाट दही च्यूरा खुवाउन लैजानेमा दही १ च्यूरा पाथी १ रोटी मोरू १ फलफूल किस्ती १ सम्म लैजाने गर्नु सो भन्दा बढी लैजान पठाउन हुँदैन ।

२) सुत्केरी भएका ४ दिनपछि माइत घरबाट ध्यूच्यूरा खुवाउन पठाउन हुँदैन ।

३) बालख पैदा भएपछि माइतिघरलाई खवर पठाउँदा सिन्दुर सुपारी ल्वाडमात्र पठाउने गर्नु अरू सामान पठाउन हुँदैन ।

४) छैठीका दिन मनसुवा हुनेले रात जाग्राम गर्न हुन्छ फुपुले सो दिन आई बालख र आमालाई जथाश्रद्धा भेटीसम्म राखी घरबाट जोरेकैबाट गर्नुपर्ने काम गरी आसिष दिने गर्नु फुपुले अरू व्यवहार लैजानु हुँदैन फुपुलाई चोलो १ र नूनसहितको सिसापालु दिने गर्नु ।

५) छोरीबेटीका पहिला छोरी वा छोरा १ को न्वारान गर्दा मावलीघरबाटसम्म देहायमा लेखिएसम्मको सरजाम मात्र पठाउने गर्नु भोजको सरजाम समेत र अरू केहि पठाउनु हुँदैन । पहिला छोरा पाई

लेखिए बमोजिम व्यवहार भएपछि छोरी पायो भने पठाउनु पर्दैन । पुजा भाग १ दहि कतहरा १, सरूवा चावल करूवा १ गाजलको बट्टा १ मासु सेर १ तेल सहितको वटुको १ च्यूरा पाथी १ सुत्केरीको देछाय वस्त्र १ बालखके मिमिचाल १ घोटी चौथी बट्ट १ चम्चा १ चाँदिको अंगुठी १ इचाके कपडा टुक्रा १ डसना १ सिरक १ सानु सुकुल १ मचाकठी नरकटको १ सुनको अंगुठी १ तोरी भरेको तकिया १, पहिला सुत्केरी भएका छोरीबेटीलाई दिनेले तलमा लगाउने लुगा जोर १

६) बालखको मुख हेर्न जानेमा र अंगुचा विचार जानेमा समेत मावली मुख्य १ घरको लोग्ने मानिस स्वास्नी मानिससम्म जाने गर्नु बालखलाई जथाश्रद्धा भेटीसम्म चढाउनु अरू दाजूभाई इष्टमित्र नाता कुटुम्व पनि नलानू नजानू, ज्वाईका घरबाट पनि सो मुख हेर्न आउने मुखे मावली घरलाई समेत नून दिनु पर्दैन ।

**बालखको पास्नीमा**

७) बालखको भाइबहिनी तर्फ भए दाजूभाइ जम्मै मावली घर गरि र दाजूभाइ तर्फको छोरी भए छोरीका धनी मावली गर्ने गरी बालखको पास्नीमा निम्तो गर्दा मावली घर चुल्है र अरू भिन्न भएका दाजूभाई छोरी ज्वाई भान्जाभान्जी समेतलाई माचाछि म्हछी निम्तो गर्ने गर्नु चुल्है निम्तो जानेले दहि समेतको पूजा सराजाम १ बालखलाई लुगा वा कपडा गज १ मा लैजाने गर्नू सो भन्दा बढी र अरू लैजानु हुँदैन सो पास्नी हुने बालखलाई स्थान गणेशको दर्शन गराउन लैजाँदा बाजा राखी लैजानु हुँदैन ।

**बालखको चूडाकर्म ब्रतबन्धमा**

८) दाजुभाइ बहिनी तर्फ भए दाजूभाइ जम्मै मावली घर गरी र दाजूभाइ तर्फको छोरी भए छोरीका धनी मावली हुने हुनाले ब्रतबन्ध चूडाकर्म गर्दा मावली घर चुल्है र अरू भिन्न भएका दाजुभाइ र छोरी ज्वाई भान्जा भान्जीलाई म्हछी, माचाछी निम्तो गर्ने गर्नू चुल्है निम्तो जानेले कपडाको १ जोर मयलपोस सुरूवाल टोपी र सगुन दही समेतको पुजासराजाम १ मात्र लैजाने गर्नु मावलीघरले सो देखि बढी अरूले सगुन केही लैजान हुँदैन ।

**बालखको पहिला जन्मोत्सवमा**

९) मावली घरबाट दहि समेतको पूजा भाग १ र कपडा गज १ मात्र पठाइदिने गर्नु सो भन्दा बढी पठाउनु हुँदैन, ज्वाई घरले पनि सो ल्याउनेलाई १ छाक खुवाएर पठाए पनि हुन्छ अरू केही पठाउनु हुँदैन ।

**इहि गर्दा**

१०) तास किनखाप कोयचिन रेसम बाहेक अरू लुगासम्म गच्छे अनुसार लगाई कर्म चलाउनु सो कर्म चलाउँदा जग्गेमा विधि गर्ने बाहेक मावली घरबाट सम्म बारां छुके गर्न पठाउनु अरू कुनै नाताले पनि बारांछुयके गर्न पठाउनु पर्दैन ।

**कन्या गुफा राख्दा**

११) छोरीबेटी बारांतय गर्दा दुलहाको घर बसेमा माइती घरबाट माइती घर बसे दुलहाका घरले गर्ने सो जानु पठाउनु पर्ने घरले सरूवा चामल पाथी १ चोलो १ दही सहितको पूजाभाग १ मात्र लैजाने गर्नु सो आउनेलाई भोज पनि खुवाउनु दसाहा दाजुभाइ बाहेक अरू कुनै नाता निम्तो र भोज खुवाउनु समेत पर्दैन ।

**विवाहको कुरा छिनी सुपारी दिदा**

१२) देहाय बमोजिम मात्र लैजाने पठाउने गर्नु सो भन्दा बढी लैजान पठाउन हुँदैन ।

| | |
|---|---|
| सिंगो सुपारी १० | मोरू १ |
| माछा गोटा १० | मिठाई किस्ती १ |
| फलफूल किस्ति १ | दही सहितको पुजा भाग १ |

१३) सो पठाउँदा लमि साथैमा जाने हुँदा भरिया जवान १ सम्म मात्र लैजाने गर्नु सो जवानसम्मलाई भोज पनि खुवाउने गर्नू ।

**लाखा दिदा**

१४) लाखा दिदा लाखामढी १ एक सेरसम्मको अघि जति जति थान् लिनेदिने गरी आएको छ उति उति थान र लाखामढी जति थान् छ उति गोटा केरा, माछा र खावा माना २ दही कतहरा १ मात्र चलन अनुसार पठाउनु पर्नेले पठाउनु भरिया ४ जनासम्मलाई बोकाई पठाउनु अरू केही पठाउनु हुँदैन ।

१५) दुलही हुनेलाई कल्यान्ह्याके गर्न पठाउँदा देहायमा लेखिएसम्मको सराजाम मात्र पठाउनु अरू केही पठाउनु पर्दैन, क्ल्यान्ह्याके गर्न आउने मानिसलाई केटिका तर्फबाट जो चाहिने दस्तुर दिइ निजलाई र लमी भरियाहरूलाई समेत खुवाई पठाउनु ।

| | |
|---|---|
| सगुन समेतको पूजा भाग | १ |
| कल्या जोर | १ |
| दही कतहरा | १ |
| घ्यू रिकापी | १ |
| पाउ आधासम्मको कल्लेमढि गोटा २४ को मढि कसी | १ |
| चिनीको रिकापी | १ |
| च्यूरा पाथी | १ |

**दुधङ्गे छोए गर्दा**

१६) दुको मिसालाई गहना लगाइ पठाउनु हुँदैन ।

**जन्त जानेमा**

१७) देहाय बमोजिम मात्र गर्ने गर्नु सो भन्दा बढी गर्न हुँदैन :–

क) चाँदीको सामादान लैजान हुँदैन
ख) जन्त जाँदा बाजा भरिया बाहेक जम्मा मानिस बढीमा १०० एकशय जवानसम्म लैजाने गर्नु
ग) जन्तमा चुरोट बाँड्नु हुँदैन ।
घ) कनाट कार्णेशको बाजा राख्नु हुँदैन ।
ङ) दुलही तर्फ मसला बाँड्ने चलन नभएकोले दुल्हा तर्फबाट जन्तमा बाँड्ने र दुवै तर्फ बाँडी दिनेमा दुल्हा तर्फकाले घरैमा बाँड्ने गर्नु दुलही तर्फबाट जन्तमा बाँडी दिने गर्नु ।
च) दुल्हा लैजानेले दुल्हा लैजान पाउँछ ।
छ) दुल्हा लैजान पर्नेले बाहेक अरूले म्याना लैजान हुँदैन ।
ज) मोटर बगी कसैले पनि लैजान हुँदैन ।
झ) जन्त जाँदा मैनबत्ती ४ सम्म र चिराखमा २५ सम्म र प्याट्रोल लाल्टेन ४ वटा सम्म बाली वलिन्काठ वा डोली मात्र लैजाने गर्नु ।

**गोए साएके गर्दा**

१८) दुलही हुनेलाई तास किन्खाप कोयचीन कारचोपी सितरा वा सल्मा भरेको लुगा पछ्यौरा र गहना बालगिरी लिई लाउन दिन हुँदैन ।

१९) दुलही हुने डोलिमा राखी ल्याउँदा डोलीमाथि तास बढाई लैजान ल्याउन हुँदैन ।

**गोड् धुवाको निम्तो गर्दा**

२०) निम्तो दिदा दाजूभाइ बहिनी भए दाजू भाइ जम्मै मावली घर गरी र दाजूभाइ तर्फको छोरी भए छोरीका धनीतर्फ मावली गर्ने गरी मावली घर चुल्है र अरूमा भिन्न भएका दाजू भाइ छोरी ज्वाई भान्जा भान्जि र अरू नभै नहुनेसम्म माचाछि म्हछि निमन्त्रणा गर्ने गर्नु सो निम्तोमा आएकोले श्रद्धा गर्छे अनुसार गोड्धुवा राख्ने गर्नु ।

२१) छोरीबेटीलाई दाइजो दिनेमा पनि सेप आल्माडी दिन हुँदैन अरू दाइजो मालहरू पनि सन्दुस भित्र हाली भरसक भारी घटाई पठाउने गर्नु सो भारी बोक्नेहरूलाई ज्याला दिने वा भोज खुवाउने जे गरे पनि हुन्छ अरू देहायका माल दिने गर्नु :-

क) चाँदीको भाँडा र हस्तिहारको बट्टा सामानहरू बाहेक ढलौटे पितले वा तामाको भाडावर्तन जोर १

ख) काट्को सन्दुस र ट्रंक दिनु हुन्छ ।
ग) चर्खा वइटा धनुष धातुको दिनुहुँदैन ।

**दुल्हातर्फ भोज खुवाउनेमा**

२२) निम्तो दिदा दाजूभाइ बहिनी तर्फ भए दाजूभाइ जम्मै मावली घर गरी र दाजूभाइ तर्फको छोरी भए छोरीका धनितर्फ मावली गर्ने गरी अरूमा भिन्न भएका दाजूभाइ छोरी ज्वाई भान्जा भान्जी र नभै नहुने किसिमका इष्टमित्रसम्म निम्तो गर्ने गर्नु सो निम्तो गर्दा मावली चुल्है र अरू माचाहि, म्हछि निमन्त्रणा गर्नु । चुल्है निम्तोवालाले बाहेक अरूले सगुन केही लैजान पर्दैन मुख्य मावली घरले कपडा गज ३ र सगुन मात्र लैजानु अरू केही लैजानु पर्दैन

२३) विवाहको भोजमा भोज खाइसकेपछि मुखसुद्धि मात्र दिने गर्नु टामढी भनी रोटी बाँडिने गरी आएको अब दिनु पर्दैन ।

**सप्याके छोए गर्दा**

२४) देहाय बमोजिम मात्र पठाउने गर्नु सो भन्दा बढी लैजान हुँदैन :-

| | | |
|---|---|---|
| क) | छुस्यामुस्या सहितको तौमक | १ |
| ख) | कल्ल्येमरी सहितको मढिकसी | १ |
| ग) | ठकुपिचा र ठकु | १ |
| घ) | सिन्दुर बट्टा पाट् बस्त्र टुक्रा | १ |
| ङ) | अैना दुम्सिको काँढा मजुरको प्वाख | १ |
| च) | दहि सहितको पुजाजोल | १ |
| छ) | गोटा १ के १ सेर सम्मको कोंखोला चिकं खोला ज्वलान्हेकं सिह्मुं र सो राख्ने थाल समेत | १ |
| ज) | लुगा जोर एक | १ |
| झ) | फलफूल किस्ती | १ |
| ञ) | भत्तु नत्तु | १ |
| ट) | चीनि रिकापी | १ |
| ठ) | घ्यू रिकापी | १ |
| ड) | च्यूरा पाथी | १ |
| ढ) | सो माल बोकि जाने भरीया ३ देखी बढी पठाउनु हुँदैन ....... | |
| ण) | ४ दिनभित्र फलफूल मसलाहरू पठाउनु र विचाकु पठाउनु समेत हुँदैन ... | |

**मुख हेर्न जाँदा**

२५. मामा र दसाहा दाजु भाई जुवाञी भानिजसम्म र सो देखि बाहेक अरूमा २० विस जना सम्म लैजान हुन्छ सो भन्दा बढी लैजान जान हुँदैन ...

**लैजाने सराजाम :**

| | | |
|---|---|---|
| १. | बाहि जोर | १ |
| २. | पुजा भाग | १ |
| ३ | दहि | १ |
| ४ | मुख्ये घरले जडाउबाहेक सुनको औंठी | १ |
| ५ | तास किन्खाप क्वयचिन् रेसम र कारचोपी सितरा सल्मा भरेको बाहेक अरू कपडाको लुगा जोर | १ |
| ६ | लाखामरी गोटा दुई | |
| ७ | अरू रोटि किस्ती | ४ |
| ८ | उखु लाक्रा १२ सम्मको मुठा | १ |
| ९ | जातजातको मसला किस्ती | १ |
| १० | पान किस्ती | १ |
| ११ | देसि बाहेक अरू फलफूल किस्ती | ४ |

१२ अरूले मुख हेर्दा श्रद्धा गछे अनुसार राखी मुख हेर्ने गर्नु । असर्फि गीनी नोट कसैले पनि राख्न हुँदैन सो जानेहरूलाई ज्वाई तर्फबाट पान मसलाको सनमान् गर्नु चुरोट बाँड्नु हुँदैन ।

१३ मामातर्फबाट लुगा सगुन लैजाने चलन् भै आएकालाई अब लैजान पाउँदैन
१४ मुख हेर्न निम्तो गरेका मानिसलाई दुल्हातर्फबाट पान मसाला सम्म दिनु दुवै तर्फबाट भोज खुवाउन र भाग दिने समेत हुँदैन ॥
१५) स्वास्नी मानिसले मुख हेर्न जान र कुनै किसिम गरी पठाउन समेत हुँदैन ।
१६) दुचाके गर्दा ज्वाईलाई नैनसुत खापीको २॥ X३ गज सम्मको पछ्यौरा १ मात्र दिनु, सोदेखि बढी दिन हुँदैन ।

**छोरीबेटीले दिक्षामन्त्र सुन्दा पठाउने**

२६) सुन चाँदीको बाहेक अरू न्हिकबह सहितको पूजा सामान र बोका १ मात्र पठाउनु अरू केही पठाउनु हुँदैन ।

**देवालिमा**

२७) पूजा सहितको बोका १ मात्र पठाउनु अरू केही पठाउनु पर्दैन ।

**चाडबाँडमा पठाउँदा**

२८) विवाहको कुरा छिनी सुपारी दिइ सकेको विवाह नहुँदै पर्ने चाडवाडमा ह्मपुजा समेत कुनै व्यवहार गरी पठाउनु हुँदैन ।

**भाइटिकाको कुछोए गर्दा**

२९) देहाय बमोजिम मात्र पठाउने गर्नु सो भन्दा बढी पठाउनु हुँदैन ।

| | | |
|---|---|---|
| १) | दहि सहितको पूजा भाग | १ |
| २) | फूलको माला सगुन | १ |
| ३) | तेलमा भिजाएको लामो बत्ती मुठा | १ |
| ४) | रोटी किस्ती | १ |
| ५) | विमिरा केरा फलफूल किस्ती | १ |

६) सो पूजा गरे बापत दिदी बहिनीलाई दक्षिणा गच्छे अनुसार दिनू ।
७) भाइपुजा पछि माइतिबाट मार्ग सुदी १५ मा पठाउने लिकु पठाउने गर्नु हुँदैन नपठाउनू

३०) कुशे औंसी र मातातिर्थ औंसीमा आमाबुवाको मुख हेर्न असल हुनाले पान मसला लिइ दर्शन गरी आउने गर्नु अरू रोटी माल सामान समेत केही लैजान हुँदैन ।

**तीर्थ भोज गर्दा**

३१) देश परदेशबाट आउँदा मुगी रहर लिइ हेर्न जान पर्दैन तिर्थ गरी आउनेले जलपसाद बाँडनु अैना बट्टा कपडाअरू समेत केही राखी बाड्नु पर्दैन, तिर्थ श्राद्ध गरी छोरीबेटी ज्वाई भान्जा भान्जी दसाहा भाइ र ब्राह्मणसम्म भोजन गराउनु हुन्छ अरूलाई बोलाउनु पर्दैन सो भोजमा जानेले केही लिइ जान पठाउन हुँदैन ।

**गुठी पालो गर्दा**

३२) नातेदारहरू कसैले पनि मढितोपुये भनी रोटीहरू पठाउन र सगुन इत्यादि केही लैजान हुँदैन ।

**पौह जानके गर्दा**

३३) मावली घर १ र गुरू पुरोहित सहोदर दाजूभाइले मात्र बोलाई खान दिनु चोलो दिनू र अरूले बोलाई खुवाउन पर्दैन ।

**बुढाबुढिको जङ्गो गर्दा**

३४) खाटमा राखि थान गणेशका स्थानसम्म लैजान हुन्छ खटमा तास किनखापले मोर्नु हुँदैन पोंगा बाजा पञ्च बाजा बाहेक अरू बाजा राख्न हुँदैन सो निम्तोमा जानेहरूले केही सगुन लैजान हुँदैन

**व्रत सांगे गर्दा**

३५) पुरोहित ब्राह्मणहरू बोलाई घरैमा जो गर्नुपर्ने विधि गरी साँगे गर्नु अरू नातेदारहरूलाई डाकी भोज खुवाउन र नातेदारबाट पालं जोलं लान समेत हुँदैन ।

**मानिस मर्दा विचार जानेमा**

३६) मर्नेको छोरीबेटी बाहेक अरू कसैले बाहिरबाट आईमाईहरू रोइ जान हुँदैन ।

३७) विचार जाँदा नाता बाहेक अरूले जानु हुँदैन नातागोता जानेले पनि भरसक नरोई सम्फाउने बुफाउने गर्नु

३८) दागबत्ती सिधिएपछि फूकिहरूलाई खानु खुवाउनु पर्दैन लोकाचारमा दसाह भाइदेखि बाहेक अरूलाई र घरसुद्धिका दिन दसाहा दाजुभाइहरूलाई र मुर्दा बोक्ने गुठीयार सम्म खुवाउनु अरूलाई खुवाउनु पर्दैन ।

**व्यवहार पठाउनेमा**

३९) गुरूपुरोहित दसाहा दाजूभाइ र सोही घरको आफ्ना छोरीबेटी र माइती मावलीले मात्र व्यवहार पठाउनु सोदेखि बाहेक अरूले व्यवहार मढी विचा समेत पठाउनु हुँदैन ।

**सपिण्ड ६ मैन्हे बर्खिक २ वर्ष श्राद्धको निम्तो गर्दा**

४०) व्यवहार आउने जतिलाई चुल्है निमन्त्रणा र अरू नातादार १, १ जना र कामको मानिसदेखि बाहेक अरूलाई भोज खुवाउनु हुँदैन ।

**घर देवालय बनाउँदा**

४१) घर देवालय पाटी, पौवा, सतल बनाउँदा कसैले पनि पान मसला र अरू खाने सराजम समेत केही लगी खुवाउन पर्दैन

४२) बाहाल वाला मेजर कप्तान मिर सुब्बासम्मका जागिरदारले आफ्नू वा भाइ छोरा छोरी नाती नातिनी समेतको बिहेमा मन्सुवा हुनेले फलरवाला छाता म्याना मोटर लैजान र दुलहा दुलहीलाई समेत लुगा दिनेमा आफूसँग भएको जुनसुकै लुगा लगाउन दिन औं कनाठ कार्नेश बाजा बजाउन लगाई लैजान हुन्छ ।

४३) लेखिए देखि बाहेक अरू कुरामा साविक गरी चली आए बमोजिम गर्नु

४४) माथि दफा दफामा लेखिएका कांमा र सो देखि बाहेक अरू कामकाज गर्दा समेत व्यवहार छोट्याई गर्ने गरी पाऊ भनी हाकिम अफिसरहरूले बिन्ती गरेको र ठालु भलादमीहरूले लेखिदिएको रायमा पनि व्यवहार छोट्याई पाऊ भनी लेखेकोले समेत व्यवहार गर्दा कर्मकाण्ड नटुट्ने गरी हुन सकेसम्म छोट्याई घटाई गर्ने गरी बक्सेको छ माथि दफा दफाका कुरामा दफा दफा बमोजिममा नबढाई र अरू कुरामा समेत हुन सकेसम्म छोट्याई घटाई गर्ने गर्नु ।

४५) चौभाजु ब्राह्मण र श्रेष्ठ जातले माथि दफा दफामा लेखिएका काम कुरामा दफा दफामा लेखिए भन्दा बढी किसिमसँग भडक बढाई कामकाज गर्नेलाई अदलका ऐन बमोजिम सजाय हुनेछ सो सजाय गर्नालाई एकदम जाँच गर्ने गर्दा काम रोकिदिने पनि सम्भव भएकोले तिन शहर भित्रकालाई पुलिसहरूले पाहाडकालाई अड्डाखानाहरूले देखिने कुरामासम्म हेरदेख गरी रूल भन्दा बढाई भडक बढाई काम गरेको देखिएमा सो कामको मुख्य मानिसलाई सुनाई काम चलाउन लगाई बढी काम गरेमा काम सकेपछि फिकाई अदलका ऐन बमोजिम सजाय गर्नेछन् कामै रोकिने गरी जाँच गर्न नपाउने गरी बक्सेकोले काम रोकन र बन्द भएका संदुस बाकसहरू खोली जाँचबुझ गर्न गराउन हुँदैन ।

*इति सम्वत् १९९३ साल गते रोज शुभम् ।*

परिशिष्ट-४.१

## भक्तपुरको नेवार समुदायको जात र थरहरू

*- प्रेमनारायण कर्माचार्य*

मानिस सबै एकै जातका हुन् । पृथ्वीको भौगोलिक बनौटको आधारमा मानिसको बसोवास भौगोलिक क्षेत्र अनुसार भएको पाइन्छ । मध्य एशियाको दक्षिण, पश्चिम तिर हामी नेपाली जनजातियहरूको बसोबास भएको पाइन्छ । अझ भनौं हामी नेपाली जनजातिहरूको अत्थान र उत्पत्ति पश्चिमी भारत, दक्षिणी भारत देखि मंगोलियासम्मका संमिश्रित प्रवाहबाट भएको म ठान्दछु । त्यस मध्ये नेपालमा रहेको विभिन्न भाषा भाषिक र जनजातिहरू मै पनि नेवार जातिको विषयमा अध्ययन गर्दा नेवारी जातिको बोलाइने थर लेखाइने थर प्रकृति, पेशा, ब्यापार, आर्थिक समुन्नती, सामाजिक आवश्यकता, अन्तरजातिय वैवाहिक सम्बन्ध, साँस्कृतिक गतिविधि र तत्कालिन शासकहरूको नीति र स्वार्थ, यी माथिका निम्न आधारहरूबाट क्रमशः ३ थरे जाति अलि निम्न वर्गको, ४ थरे जाति अलि माथि, ५ थरे र ६ थरे अन्य वर्गको जातिहरूको प्रतिपादन र स्थापित भएको देखिन्छ । नेपाल एकीकरण हुनुभन्दा अगाडि काठमाडौं उपत्यकाका तत्कालिन नेवार शासकहरूको पालामा नेवार जातको थरहरूको बर्गिकरण निम्न वर्ग र उच्च वर्ग क्रमशः ३-४-५-६ थरे जातिको थर बर्णानुक्रम अनुसार छुत्याएर लेख्ने जमर्को गरेको छु । अज्ञानताको कारणले त्रुटी बिहिन भन्न मिल्दैन र पूर्णता रूपमा प्रयास जारि नै रहनेछ । त्रुटि भएमा सुधार गरिदिनु होला । सुधार गर्ने जो कोहि पनि विद्वानहरूको सहयोगको अपेक्षा राख्दछु ।

| | | | | | |
|---|---|---|---|---|---|
| **क** | | | किमीसुकु | - | ४ |
| कुसी | - | ४ | किमीसुकुवाङका | - | ४ |
| कोजू | - | ४ | कुम्पाखा | - | ४ |
| कर्माचार्य | - | ६ | कवां | - | ४ |
| किसी | - | ४ | कवां | - | ४ |
| कुटुवा | - | ४ | कुम्ह | - | ४ |
| कायष्ठ | - | ६ | कुस्ले | - | ३ |
| कुटुवजू | - | ४ | कालु | - | ५ |
| कुस्म | - | ४ | कुलु | - | ५ |
| किसीजु | - | ४ | कपाली | - | ४ |
| कासीछ्वा | - | ४ | कसले | - | ४ |
| कसलवट | - | ४ | कजीश्रेष्ठ | - | ४ |
| कुछें | - | ४ | कोण्डा | - | ४ |
| कसाही | - | ४ | कुवाल | - | ४ |
| कुछेश्रेष्ठ | - | ५ | कसै | - | ३ |
| कमी | - | ४ | **ख** | | |
| कुसाखा | - | ४ | खोजु | - | ४ |
| कुसाथ्वा | - | ४ | खेधौं | - | ५ |
| कासुला | - | ४ | खुजू | - | ४ |
| काचीश्रेष्ठ | - | ५ | खयगुली | - | ६ |
| कोङगास्यो | - | ६ | खोतेजा | - | ४ |
| कक्षपती | - | ५ | खाईजू | - | ४ |
| कर्निकार | - | ४ | ख्वाजू | - | ४ |
| कारंञ्जीत | - | ४ | खिचाजू | - | ४ |
| कपतग्व | - | ६ | ख्याजू | - | ६ |
| कस | - | ६ | खाएमली | - | ४ |
| केसीजु | - | ५ | खागी | - | ५ |
| कौ | - | ४ | खाखीजू | - | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| खिंजू | - | ४ | धौभारी | - | ६ |
| खिंबन्जा | - | ५ | धौगोरा | - | ६ |
| खुजू | - | ४ | ध्योला | - | ३ |
| खुस | - | ४ | ध्योपात् | - | ३ |
| खाइत | - | ४ | धुंजू | - | ४ |
| खानचोक | - | ५ | धौबन्जा | - | ४ |
| खड्गी | - | ३ | धटवा | - | ४ |
| खोइनी | - | ४ | ध्याको | - | ४ |
| खुसू | - | ४ | द | | |
| खीख्व | - | ४ | दथेपुठे | - | ४ |
| खैची | - | ४ | दुव | - | ४ |
| ग | | | देअबंज | - | ४ |
| गौईजु | - | ४ | दिवाकर | - | ४ |
| गौइसी | - | ४ | दयोजू | - | ४ |
| गुसाँई | - | ४ | दयोला | - | ४ |
| ग्वाछ्रा | - | ४ | देवरंजीत | - | ४ |
| गोर्खाली | - | ५ | दृष्ती | - | ५ |
| गणे | - | ४ | दुमरू | - | ४ |
| गणेस | - | ४ | दर्शनधारी | - | ४. |
| गोजू | - | ४ | दथुछें | - | ४ |
| गुरूडश्रेष्ठ | - | ४ | दण्डेखु | - | ४ |
| ग्वंग | - | ६ | दण्डगुठी | - | ४ |
| गोजा | - | ४ | देवी | - | ४ |
| गोठे | - | ४ | ढ | | |
| गोराजू | - | ४ | ढुकुछुं | - | ४ |
| गोरा | - | ६ | ढुकुबंज | - | ४ |
| गाठा | - | ४ | ज | | |
| गुभाजू | - | ४ | ज्याख्व | - | ४ |
| गपी | - | ४ | जले | - | ४ |
| ग्वायमरू | - | ४ | जुसी | - | ४ |
| अ | | | ज्यापूआचाजू | - | ४ |
| अव | - | ४ | जमुना | - | ४ |
| आचाजू | - | ६ | जधारी | - | ४ |
| अमात्य | - | ६ | जताधारी | - | ४ |
| आगंञ्जा | - | ४ | ज्यापूसा | - | ४ |
| ध | | | जि | - | ४ |
| धुख्या | - | ४ | झ | | |
| धुख्व | - | ६ | झाँगजू | - | ४ |
| धुख्याल | - | ४ | न | | |
| धँयगो | - | ४ | न्हूछेश्रेष्ठ | - | ४ |
| धायजू | - | ४ | न्हूछे | - | ४ |
| धयगाजू | - | ४ | न्हेमाफुकी | - | ४ |
| धौबन्जार | - | ५ | नागा | - | ४ |
| धिगो | - | ४ | न्याईच्याई | - | ४ |
| ध्वंजू | - | ६ | नकमी | - | ४ |
| ध्वंजू | - | ४ | नायजू | - | ५ |
| धौभडेल | - | ६ | नायमा | - | ४ |
| धौवडेल | - | ५ | नौचा | - | ४ |
| न्याकमी | - | ४ | पकाण्डोल | - | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| नायत्वा | - | ४ | पांती | - | ४ |
| नायोमारी | - | ४ | पाक | - | ४ |
| <u>फ</u> | | | पां श्रेष्ठ | - | ४ |
| फैजू | - | ४ | पिला श्रेष्ठ | - | ४ |
| फैजू | - | ५ | प्याकुं | - | ४ |
| फाँजू | - | ५ | पेअ | - | ५ |
| फसी | - | ४ | पोटाली | - | ४ |
| <u>य</u> | | | <u>छ</u> | | |
| यालानासा | - | ४ | छुकां | - | ४ |
| <u>ड</u> | | | छिपा | - | ४ |
| डाजू | - | ४ | छुस्याबाग | - | ४ |
| <u>च</u> | | | छिपी | - | ४ |
| चिपालु | - | ५ | छुंजु | - | ४ |
| चिकंवंजा | - | ४ | छुंकी | - | ४ |
| चौजू | - | ४ | <u>ब</u> | | |
| चक्रबती | - | ४ | बाइजू | - | ४ |
| चौगुठी | - | ४ | बासुकला | - | ४ |
| चोकामीनी | - | ४ | बासी | - | ४ |
| चोलेख्व | - | ४ | बखाय | - | ४ |
| चालं | - | ४ | बैध्य | - | ६ |
| चक्रधर | - | ५ | बासु | - | ४ |
| चाडी | - | ५ | बोंहजु | - | ४ |
| चोवा | - | ४ | बनमारा | - | ४ |
| चुईचुइ | - | ४ | बोंयजू | - | ४ |
| च्याङग्रापती | - | ४ | बोजु | - | ४ |
| च्याङगाथली | - | ४ | बहाला | - | ४ |
| चित्रकार | - | ४ | बढ़ाचार्य | - | ४ |
| <u>प</u> | | | बिंजुक्छें | - | ६ |
| प्रजापती | - | ४ | बैजनी | - | ४ |
| प्याथ | - | ४ | बनेपाली | - | ५ |
| प्रधानांग | - | ६ | बेंको | - | ४ |
| पछी | - | ४ | बनमाला | - | ४ |
| पंच | - | ४ | ब्याँजू | - | ५ |
| प्रधान | - | ५ | बरायजू | - | ५ |
| पवछी | - | ४ | बाताजू | - | ६ |
| पसखल | - | ४ | बारेहाजू | - | ४ |
| पालीख्य | - | ६ | बोडेलश्रेष्ठ | - | ४ |
| पालुवंजा | - | ४ | बाग | - | ४ |
| पुलांछें | - | ५ | बखुंछे | - | ५ |
| पक्वाँ | - | ५ | बापांश्रेष्ठ | - | ४ |
| पुंजू | - | ४ | बजु | - | ६ |
| पमां | - | ५ | बजीकों | - | ४ |
| पन्दा | - | ५ | बजीमय | - | ४ |
| पों | - | ३ | बुद्धाचार्य | - | ४ |
| पिया | - | ६ | बल्ल | - | ४ |
| वमनु | - | ४ | मायके | - | ६ |
| बिकुछें | - | ६ | मूल | - | ६ |
| <u>त</u> | | | मारिखु | - | ४ |
| तिमला | - | ६ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| त्वानाबासु | - | ४ | महन्त | - | ४ |
| ताहा | - | ४ | मोरापाता | - | ४ |
| त्वाना | - | ४ | मलेख्व | - | ४ |
| त्वींत्वी | - | ४ | मातांगुलु | - | ४ |
| तुसीबाख्या | - | ४ | मुस्याख्व | - | ४ |
| तम | - | ४ | र | | |
| तिनीं | - | ४ | राइठोर | - | ६ |
| त्वंजू | - | ४ | रान्चल | - | ४ |
| तसी | - | ४ | राय | - | ४ |
| तमखु | - | ४ | राजथला | - | ४ |
| तुकंजन्जा | - | ४ | राजथेला | - | ४ |
| तको | - | ४ | रंजित | - | ४ |
| तकुबंज | - | ४ | वं | | |
| त्वाती | - | ४ | वासींछ्याक | - | ६ |
| भ | | | वाख्या | - | ४ |
| भैल | - | ४ | बाडिच | - | ४ |
| भुजु | - | ४ | वल | - | ४ |
| भेले | - | ४ | बाटजोन्छे | - | ५ |
| भजू | - | ६ | वन्त | - | ५ |
| भौकाजी | - | ५ | ल | | |
| भां | - | ४ | लावाजू | - | ४ |
| भलजू | - | ४ | लातीव | - | ४ |
| भेनात्वा | - | ४ | लवजु | - | ४ |
| भारी | - | ६ | लाहीमरू | - | ४ |
| भाता | - | ४ | लाखेमरू | - | ४ |
| भैलआचा | - | ४ | लौंहला | - | ४ |
| भी.सी | - | ४ | लाखे | - | ४ |
| भा.पाखैजी | - | ४ | लाखा | - | ४ |
| भण्डारी | - | ६ | लागे | - | ४ |
| म | | | लाकौल | - | ५ |
| मानन्धर | - | ४ | लाकमी | - | ४ |
| मन | - | ४ | लकांजु | - | ४ |
| मल्ल | - | ६ | लोहंकमी | - | ४ |
| मलेपती | - | ६ | लिबि | - | ४ |
| मैनापोक | - | ४ | लिग | - | ४ |
| मैना | - | ४ | लामाजू | - | ४ |
| मारीकमी | - | ५ | लोहरा | - | ५ |
| मुनंकमी | - | ६ | लायल | - | ४ |
| मानसी | - | ४ | लथु | - | ४ |
| माकजू | - | ४ | लोग्जू | - | ४ |
| मालाका | - | ४ | ह | | |
| मल्काजू | - | ४ | ह्यंगो | - | ४ |
| मुस्याजू | - | ४ | हाडा | - | ६ |
| मास्के | - | ५ | हामो | - | ४ |
| | | | हाछेथु | - | ४ |
| ह्योजू | - | ६ | ऊ | | |
| हयौंमिखा | - | ४ | ऊलक | - | ४ |
| होरा | - | ५ | अदय | - | ४ |
| होसोकोसो | - | ४ | अजाड | - | ४ |

| | | | |
|---|---|---|---|
| हाथुसुवाल | - | ४ | |
| होना | - | ४ | |
| होडा | - | ४ | |
| ह्यँगोजु | - | ४ | |
| स | | | |
| श्रेष्ठ | - | ४ | |
| साँयजू | - | ४ | |
| साँयजू | - | ६ | |
| सुव | - | ४ | |
| सिनिखु | - | ४ | |
| सयगुली | - | ६ | |
| स्यामा | - | ४ | |
| सत्यासनी | - | ४ | |
| सम्सेर | - | ४ | |
| साँध | - | ४ | |
| साख | - | ४ | |
| साखकाजी | - | ४ | |
| श्रेष्ठवैद्य | - | ४ | |
| साखकर्मी | - | ४ | |
| समी | - | ४ | |
| सिल्पकार | - | ४ | |
| सिकमी | - | ४ | |
| सिन्ताकल | - | ४ | |
| साँगाछें | - | ५ | |
| सिपकमी | - | ४ | |
| साँजव | - | ४ | |
| साँछेश्रेष्ठ | - | ४ | |
| सिजख्व | - | ४ | |
| सुक | - | ४ | |
| सुकुमन्त | - | ५ | |
| सालिके | - | ६ | |
| सत्येजू | - | ४ | |
| साम्य | - | ४ | |
| सकमी | - | ४ | |
| सेर | - | ४ | |
| सेस्सुव्वा | - | ४ | |

परिशिष्ट- ४.२

## भक्तपुरे र मध्यपुरे श्रेष्ठहरूको ६ थरी भित्र पर्ने थरहरूको विवरण (उदाहरणको रूपमा)

**भक्तपुरे ६ थरी श्रेष्ठ**

जोशी
मल्ल
प्रधानाङ्ग
हाडा/विजुक्छे
होडा
राइथोर
अमात्य (महाजु)
भौ (भाजु)
कसजु (कायस्थ)
ताल्चाभडेंल
मुनकर्मी
मुलेपति
भारी
उजन्थाछें
जोन्छे
ग्वंग:
साँगामी
धौभारी (धौभडेल)
पकवान
तिमला
सैजु
कोन्नास्यो
खेंधौमाकु
वैद्य
राय
पालिखेल
खाइगुली (खयरगोली)
कपतागो
पिया
ख्वाखाली
वसी
पुलाँछे
कर्माचार्य
मास्के
वाटा
राजलवट
राजभण्डारी
प्रधान

**मध्यपुरे ६ थरी श्रेष्ठ**

जोशी
लाखे
प्रधानाङ्ग
ध्वंजु
कसजु (कायस्थ)
सैजु/संयाजु
दुवार
राजलवट
ग्वंग
ताल्चाभडेल
वैद्य
वसी
कर्माचार्य/आचार्य
मास्के
प्रधान
नायजु (नाइजु)
भण्डारी
थापा
खत्री
वाटाजु

*श्रोत:*

*१) रवर्ट आइ लेभी, मेसोकोजम: हिन्दूइजम आयण्ड दि अर्गनाइजेशन अफ ए ट्रयडिशनल नेवार सिटी इन नेपाल, मोतीलाल बनारसीदास पब्लिशर्स प्राइभेट लिमिटेड, दिल्ली, १९९२, पृष्ठ ६३५-६२६ र प्रेम नारायण कर्माचार्य, भक्तपुरको नेवार समुदायका जात र थरहरू, (परिशिष्ट ४.१ मा पूर्ण विवरण दिइएको)*

*२) सुभाषराम प्रजापति, संस्कृति भित्र ..... नेवाटेक इन्कर्पोरेड, वासिङ्गटन, अमेरिका, २०६३ पृष्ठ ४७-५२*

*३) अन्तंवार्तामा आधारित (विशेषत: मध्यपुरे ६ थरी श्रेष्ठहरूको परिप्रेक्ष्यमा)*

**परिशिष्ट- ४.३**

## भक्तपुरे र मध्यपुरे पाँच थरी श्रेष्ठहरूका थरहरू (उदाहरणको रूपमा)

| भक्तपुरे पाँच थरी श्रेष्ठहरूको थरहरू | मध्यपुरे पाँच थरी श्रेष्ठहरूको थरहरू |
|---|---|
| माक | माक |
| व्राह्मलवट | वुढा |
| अनु | व्यांजु |
| वोछे | धौवजि |
| जयकमा | दहि |
| खुमजय | भुइ |
| झांगा | फसि |
| उलक | पुंवा |
| शसीन्य | ग्वजा |
| भद्रा | वखुं |
| वदीय | वाग: |
| पासकलट | साहु |
| मधिकर्मी | गोरखाली |
| भारी (चांगुभारी, पुजा भण्डारी, भण्डारी) | पाँयवजी |
| नाइजु | था |
| फैजु | दुगु |
| दृष्टि | लाखपति |
| भाजु | काचि |
| होडा | कमी |
| विजुक्छे | कसुवंजा |
| गोग: | किर्सी |
| हेजु | जयना |
| पिया | ग्वजा |
| राजवंशी | ग्वयमरू |
| मुल्मी | जगुलु |
| तपोल | झाङ्ग |
| मास्के | तु वंजा |
| काचीपति | पति |
| धौवंजार | वजिवंजा |
| साख: | लुंवंजा |
| | सिइछ्यं |
| | सामा |
| | जयखु |
| | धौवन्जा |
| | जाकीवंजा |

*श्रोत:*

*१) रवर्ट आइ लेभी, मेसोकोजम: हिन्दूइजम आयण्ड दि अर्गनाइजेशन अफ ए ट्रयडिशनल नेवार सिटी इन नेपाल, मोतीलाल बनारसीदास पब्लिशर्स प्राइभेट लिमिटेड, दिल्ली, १९९२, पृष्ठ ६२५-६२६*

*२) सूर्यराम श्रेष्ठ (प्रधान सम्पादक), ऐतिहासिक शहर बोडे: एक परिचय, भी पुच: सफु धुकु, बोडे, २०५७, पृष्ठ १०-१३*

*३) सुभाषराम प्रजापति, संस्कृति मित्र ....... नेवाटेक इन्कर्पोरेटेड, वाशिङटन (अमेरिका) २०६३, पृष्ठ ४७-५२*

*४) अन्तर्वार्तामा आधारित (विशेषत: मध्यपुरे ५ थरी श्रेष्ठहरूको सन्दर्भमा)*

**परिशिष्ट- ४.४**

## मध्यपुरे श्रेष्ठको ६ थरी र पाँच थरी समूहका थरहरू (उदाहरणको रूपमा)

| **६ थरी** | **५ थरी** |
|---|---|
| जोशी | माक |
| लाखे | व्याजु |
| कसजु (कायस्थ) | धौवजि |
| प्रधान | भुइ |
| प्रधानाङ्ग | फसि |
| ध्वंजु | पुवा |
| सैजु | बखु |
| दुवार | बाग: |
| राजलवट | साहु |
| ग्वग: | गोरखाली |
| तालचाभँडेल | पाँयवजी |
| वैद्य | था |
| बसी | दुगु |
| कर्माचार्य | लरूपति |
| मास्के | कान्चि |
| बाटाजु | कमी |
| नायजु/नाइजु | कसुवंजा |
| भण्डारी | किसी |
| थापा श्रेष्ठ | ग्वजा |
| खत्री श्रेष्ठ | ग्वायमरू |
| प्रधान | लाभा |
| | जगुलु |
| | बुढा |
| | भ्काङ्ग |
| | तुवंजा |
| | थिकु/थिके |
| | पति |
| | बजिवंजा |

***स्रोत:*** *अन्तर्वार्तामा आधारित*

***द्रष्टव्य:***

*१) यी ६ थरी र पाँच थरीको समूहकरण केवल प्राविधिक रूपमा मात्र गरिएको हो । व्यवहारिक रूपमा भन्ने हो भने मध्यपुरे श्रेष्ठहरूमा ६ थरी र पाँच थरी श्रेष्ठहरूमा खासै सामाजिक भेदभाव (खानपिन, वैवाहिक सम्बन्ध र हुक्काको चलन)रहेको पाइदैन ।*

*२) भक्तपुरमा पाँच थरीमा समूहकृत गरिएका नाइजु/नायजु मध्यपुरमा ६ थरीमा समूहकृत छन् र यस थरका परिवारले जनै पनि लाउने गरेका छन् ।*

परिशिष्ट- ६.१

## चितवनलाई राजधानी बनाउन दलहरू सहमत

चितवनलाई गणतन्त्र नेपालको नयाँ राजधानी बनाउन अभियान थाल्न जिल्लामा क्रियाशील राजनीतिक दलहरू एकजुट भएका छन् । एकीकृत नेकपा माओवादी चितवनले राखेको प्रस्तावप्रति सहमति जनाउँदै अन्य दलहरू एकजुट भएका हुन् ।

माओवादी कार्यालय भरतपुरमा मंगलबार भएको सर्वदलीय छलफलपछि एकीकृत नेकपा माओवादीले जारी गरेको विज्ञप्तिमा चितवनका सम्पूर्ण भू-भाग, नवलपरासी, तनहुँ, धादिङ्ग, मकवानपुर र पर्साका केही भाग समेटेर राजधानी बनाउन प्रस्ताव गरिएको छ ।

त्यसका लागि गणतन्त्र नेपालको नयाँ राजधानी स्थापना पहल समिति पनि गठन गर्ने निर्णय बैठकले गरेको छ । एकीकृत नेकपा माओवादीका जिल्ला इन्चार्ज सूर्य सुवेदी "पथिक" का अनुसार बैठकले जिल्लाको समग्र विकासका लागि नयाँ योजना बनाउने र सीमा अतिक्रमणको विरोधमा सबै दल एकजुट हुने निर्णय समेत गरेको छ ।

बैठकमा इन्चार्ज पथिक, सह-इन्चार्जद्वय ठाकुर ढकाल, शोभा कट्टेल, कांग्रेसका जिल्ला उपसभापति ऋषिराज पाण्डे, एमाले सचिव विजय सुवेदी, उपसचिव कृष्ण खनाल, माले सचिव कपिल पोखरेल लगायतको सहभागिता रहेको बैठकपछि जारी विज्ञप्तिमा उल्लेख छ ।

एकीकृत (माओवादी) का जिल्ला इन्चार्ज पथिकका अनुसार नयाँ राजधानीका लागि चितवनको सम्पूर्ण एक हजार आठ सय २२ वर्ग किलो मिटर र अन्य जिल्लाको केही भू-भाग जोडेर तीन हजार पाँच सय वर्ग किलोमिटर क्षेत्रफल समेटिने छ ।

चितवन लगायत छिमेकी जिल्लाहरू भौगोलिक, आर्थिक, सामाजिक, ऐतिहासिक, मनोवैज्ञानिक दृष्टिकोणले राजधानी बनाउन उपयुक्त भएकोले प्रस्ताव गरिएको माओवादीका जिल्ला सेक्रेटरी धनश्याम दाहाल (अविनास) को भनाइ छ ।

नारायणी र राप्ती जस्ता ठूला र स्थायी नदी बग्ने ठाउँमा जलमार्ग निर्माण गर्न सकिने, भारत र चीनलाई जोड्न छोटो रेलमार्ग निर्माण गर्न सकिने, पूर्व-पश्चिम राजमार्गको मध्यविन्दू भूकम्पीय तथा प्राकृतिक जोखिम कम हुने, विश्वकै पर्यटकीय आर्कषण केन्द्र भएको र मुलुककै केन्द्र भाग लगायतका विशेषताहरू बोकेको चितवनलाई राजधानी बनाउन उपयुक्त हुने दलहरूको साझा मत छ ।

यस विषयमा सर्वदलीय र सर्वपक्षीइ रूपमा जिल्लामा व्यापक छलफल, गोष्ठी र बहस गर्ने तयारीमा जुटेको नेकपा (एमाले) का जिल्ला सचिव विजय सुवेदीले बताए ।

एक साताभित्रमा राजधानी स्थापना पहल समिति गठन गर्ने तयारीमा रहेको नेपाली कांग्रेसका जिल्ला सचिव देवेन्द्र गुरूङ्गको भनाइ छ । उनका अनुसार सो समितिमा सबै दलका तीन/तीनजना प्रतिनिधिहरू रहनेछन् ।

*श्रोत: राजधानी दैनिक, २०६६ वैशाख १७*

परिशिष्ट - ६.२

# चितवनलाई राजधानी बनाउन जुटे पाँच दल

चितवनका पाँच राजनीतिक दलले चितवन र छिमेकी जिल्लाका भूभागहरू समेटेर एक राजनीतिक क्षेत्रको सीमांकन गरी त्यसलाई नेपालको नयाँ राजधानी बनाउने प्रयास थालेका हुन् ।

एकीकृत नेकपा (माओवादी), नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माले) र राष्ट्रिय जनमोर्चा नेपालका जिल्ला नेताहरूले शुक्रबार भरतपुरमा पत्रकार सम्मेलन गरी "गणतन्त्र नेपालको नयाँ राजधानी स्थापना पहल समिति" गठन भएको घोषणा गरेका छन् । समितिमा यी पाँच दलका जिल्ला नेताहरू र चितवनबाट संविधानसभामा प्रतिनिधित्व गर्ने १५ सभासद गरी २९ जना सदस्य छन् ।

एकीकृत (माओवादी) का जिल्ला इन्चार्ज सूर्यप्रसाद सुवेदी "पथिक" संयोजक रहेको समितिले जिल्ला विकास समिति चितवनको एउटा कोठामा आफ्नो कार्यालय भवन पनि स्थापना गरेको छ । पाँचवटै पार्टीका जिल्ला प्रमुखहरू रहने गरी समितिको सचिवालय समिति पनि बनाइएको जानकारी शुक्रबार कार्यालय उद्घाटनका अवसरमा दिइयो ।

समितिले चितवन, मकवानपुर र धादिङ्गका सबै क्षेत्र, नवलपरासीको दाउन्नेदेखि पूर्वका सबै गाविस, तनहुँको देवघाट गाविस र आसपासका क्षेत्र, पर्साको ठोरी, सुवर्णपुर तथा निर्मलबस्ती गाविस तथा गोरखाको चेपाङ्ग बाहुल्य गाविसहरू समेटेर एउटा राजनीतिक इलाका निर्धारण गरी त्यसलाई नेपाल गण ( तन्त्र) राज्यको नयाँ राजधानी बनाउने लक्ष्य राखेको छ । यसका लागि असार २० गते बृहद भेला बोलाइएको छ । भेलापछि हालको पहल समिति विस्तार गरिने छ ।

काठमाडौंको तुलनामा फराकिलो, प्राकृतिक स्रोतसाधन सम्पन्न, भौगोलिक रूपमा सुगम, यातायातको सुविधा र देशकै केन्द्र विन्दूमा अवस्थित हुनुजस्ता कारणहरूले प्रस्तावित क्षेत्र नयाँ राजधानीको लागि उपयुक्त हुने पहल समितिका संयोजक पथिकले बताए ।

समितिका सचिवालय सदस्य एवं नेपाली काँग्रेसका जिल्ला सभापति रामकृष्ण घिमिरे काठमाडौंलाई नेवार जातिले आफ्नो प्रान्तीय राजधानी बनाउनुपर्ने माग राख्न थालेका कारण पनि गणतान्त्रिक नेपालको केन्द्रीय राजधानीका लागि नयाँ ठाउँ खोज्नुपरेको बताउँछन् ।

नेपालको नयाँ राजधानी कहाँ बनाउने भन्ने बिषयमा अहिलेसम्म छलफल नै नभएकोले त्यसको शुरूआत चितवनबाट गरिएको पहल समितिका अर्को सदस्य एवं एमालेका जिल्ला सचिव विजय सुवेदीले बताए । यस विषयमा देशव्यापी बहस चलाई जनमतसंग्रहबाट निर्णय लिनुपर्ने विचार उनले राखे ।

संघीयता विरोधी एकमात्र पार्टी राष्ट्रिय जनमोर्चा नेपाल पनि राजधानी बदल्ने अभियानमा सहभागी छ । यो अभियान र संघीयता अलग-अलग भएकोले यसमा सामेल भएको मोर्चाका नारायणी अञ्चल इन्चार्ज एवं पहल समितिका सदस्य डम्मर पुरीले बताए ।

प्रस्तावित क्षेत्रलाई नेपालको नयाँ राजधानी बनाउनुपर्ने कारणहरू तथा पूर्वाधार निर्माणको सम्भावित गुरूयोजना समेटेर छिट्टै एउटा पुस्तक निकाल्ने र त्यसलाई स्थानीय तहदेखि संविधानसभा, संसद र सरकारसम्म बहसमा ल्याउने योजना समितिले बनाएको छ ।

*श्रोत: नेपाल समाचार पत्र दैनिक, २०६६, असार ६*

## पुस्तकको संक्षिप्त परिचय

नेवार समुदाय कुनै एउटा जाति, आदिवासी, भूमिपुत्र र जनजाति मात्र नभई एउटा 'राष्ट्र'को रूपमा नै परिचित भएर हालसम्म विद्यमान रहिआएको छ। यस पुस्तकमा यसरी 'राष्ट्र'को रूपमा नै विद्यमान रहिआएको नेवार समुदायको पहिचान र पृष्ठभूमिको बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ। यस्तो अध्ययन गर्ने परिप्रेक्ष्यमा नेवारहरूको संक्षिप्त परिचय, पहिचान र पृष्ठभूमि, जाति प्रथाको विकासको पृष्ठभूमि, वर्तमान जाति प्रथाको स्वरूप, सामाजिक संस्कार, सङ्घीय व्यवस्थाको सन्दर्भमा नेवार समुदाय जस्ता विभिन्न विषयवस्तुहरूको बारेमा विश्लेषण एवं विवेचना गरिएको छ। अन्त्यमा अध्ययनको सारांश र निष्कर्षहरू प्रस्तुत गरिएका छन्। यस पुस्तकबाट नेवार समुदायको अलावा अन्य सबै समुदायहरू समेत लाभान्वित हुनेछन् भन्ने कुरामा विश्वास एवं आशा गर्न सकिन्छ।

## लेखकको संक्षिप्त परिचय

काठमाडौंको चिकँमुगलमा जन्मनुभएका **डा. तुलसी नारायण श्रेष्ठ**ले भारतको राजस्थान विश्वविद्यालयबाट पीएच.डी. (जनप्रशासन) को उपाधि प्राप्त गर्नुभएको छ। हाल अध्ययन र अनुसन्धानमा नै व्यस्त रहनुभएका डा. श्रेष्ठले निजामति सेवा, शिक्षण/प्रशिक्षण र परामर्श सेवामा लामो अनुभव हासिल गर्नुभएको छ। उहाँले उच्चस्तरीय प्रशिक्षण कार्यक्रमहरूमा सहभागी हुने सन्दर्भमा अष्ट्रेलिया, जापान, संयुक्त अधिराज्य, फिलिपिन्स, मलेसिया, सिंगापुर जस्ता विभिन्न मुलुकहरूको भ्रमण गर्नुभएको छ। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पत्रिकाहरू (Journals) मा अनुसन्धानमुलक लेखहरू प्रकाशित गराइसक्नु भएका डा. श्रेष्ठका प्रकाशित पुस्तकहरू हुन् :

- **नेपालमा उत्तरी सीमा क्षेत्रीय प्रशासन : एक विश्लेषण**, लेखक, काठमाडौं, २०६४ (वि.सं.)
- **नेपालको प्रशासनमा उत्तरदायित्व : एक विश्लेषण**, लेखक, काठमाडौं, २०६४ (वि.सं.)
- **पब्लिक एडमिनिष्ट्रेसन**, रत्न पुस्तक भण्डार, काठमाडौं, २००७
- **नेपलिज एडमिनिष्ट्रेशन : ए हिस्टोरिकल परस्पेक्टीभ**, रत्न पुस्तक भण्डार, काठमाडौं, २००५
- **दि इम्प्लीमेन्टेसन अफ डिसेन्ट्रलाइजेसन स्कीम इन नेपाल : आयन एसेसमेन्ट आयन लेसन्स फर फ्युचर**, जोशी पब्लिकेशन, काठमाडौं, १९९९
- **दि कन्सेप्ट्स अफ लोकल गभरनमेन्ट आयण्ड डिसेन्ट्रलाइजेसन**, रत्न पुस्तक भण्डार, काठमाडौं, १९९६
- **डिस्ट्रिक एडमिनिष्ट्रेशन इन नेपाल : इस्यूज एण्ड आइडियाज**, नेपाल एडमिनिष्ट्रेटिभ स्टाफ कलेज, ललितपुर, १९८५
- **ए स्टडी अफ पञ्चायत ट्रेनिङ इन नेपाल**, तालिम सामग्री उत्पादन केन्द्र, स्थानीय विकास प्रशिक्षण केन्द्र, ललितपुर, १९८२
- **नेपलिज एडमिनिष्ट्रेशन आयन इमेज**, साझा प्रकाशन, ललितपुर, १९८१

ISBN 978-9937-2-2069-9

9 789937 220699

अनुसन्धान तथा विकास संस्था
INSTITUTE FOR RESEARCH AND DEVELOPMENT (IFRD)
काठमाडौं, नेपाल
फोन : ४२७६६२५, ४२७२६२६

मूल्य : रू.३३५/-

आवरण चित्र साभार : नेपाल समाचारपत्र, २०६६ पौष १२